# नबीहरूका सरदार (मुखिया)

## (हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको जीवन चरित्र)

लेखक

**मिर्ज़ा बशीरुद्दीन महमूद अहमद**

प्रतिश्रुत मसीहका द्वित्तीय उत्तराधिकारी (प्रतिश्रुत सुधारक)

| | | |
|---|---|---|
| पुस्तकको नाम | : | नबीहरूका सरदार (मुखिया)<br>(हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको जीवन चरित्र) |
| लेखक | : | मिर्ज़ा बशीरुद्दीन महमूद अहमद<br>प्रतिश्रुत मसीहका दित्तीय उत्तराधिकारी<br>(प्रतिश्रुत सुधारक) |
| अनुवादक | : | अताउर्रहमान ख़ालिद (H.A) |
| प्रकाशन वर्ष | : | प्रथम बार 2014 ई. |
| संख्या | : | 1000 |
| प्रकाशक | : | वकालत-ए-तब्शीर, तहरीक जदीद |

बिस्मिल्लाहिर्रमानिर्रहीम

# भूमिका

अल्लाह तआलाले हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलाई समस्त मानवजातिका निम्ति उत्तम आदर्श बनाएका छन। अतः यसबारे पवित्र कुरआनमा अल्लाह तआलाको वाणी यसप्रकार रहेको छ :-

لَقَدْ كَانَ لَكُمْ فِيْ رَسُوْلِ اللّٰهِ اُسْوَةٌ حَسَنَةٌ لِّمَنْ كَانَ يَرْجُوا اللّٰهَ وَالْيَوْمَ الْاٰخِرَ وَذَكَرَ اللّٰهَ كَثِيْرًا ○

अर्थात निस्सन्देह अल्लाहका रसूल (हज़रत मुहम्मद)मा तिमीहरूका निम्ति उत्तम आदर्श रहेको छ प्रत्येक त्यस व्यक्तिका लागि जसले अल्लाहको र अन्तिम दिन (प्रलय)को आशा राख्छ तथा अल्लाह तआलालाई अत्यधिक स्मरण (र गुणगान) गर्छ।

(सूरः अल्-अहज़ाब - 22)

उहाँको उत्तम आदर्शलाई अपनाएर नै हामीले खुदातआलाको प्रेम र सामिप्य प्राप्त गर्न सकनेछौं र आफ्नो जीवनलाई सार्थक बनाउन सक्षम हुनेछौं। त्यसैले उहाँका जीवनका घटनाहरू तथा उहाँको परम चरित्र र आचरणको ज्ञान र जानकारी हाम्रा निम्ति अत्यन्त आवश्यक छ जसबाट हामीले उहाँको उत्तम आदर्शको अनुसरण गर्न सकौं। हज़रत मुहम्मद (सल्लम) को परम चरित्र र जीवनीका विषयमा असंख्य पुस्तकहरू उपलब्ध छन परन्तु यो पुस्तक 'नबीयोंका सरदार' (नबीहरूका मुखिया)को एउटा अनौठो विशेषता के रहेको छ भने उक्त पुस्तकका लेखक हज़रत मिर्ज़ा बसीरुद्दीन महमूद अहमद साहेब प्रतिश्रुत मसीहका द्वितीय खलीफा (उत्तराधिकारी)ले अत्यन्त संक्षिप्तरूपया इतिहास र पवित्र कुरआनका ठोस उद्धरणहरूका साथ प्रभावपूर्ण र भनभावक रूपमा

हज़रत मुहम्मद (सल्लम)को पवित्र जीवनका विशेष घटनाहरू र उहाँको महान चरित्र तथा आचरणहरू वर्णन गर्नुभएको छ। फलतः यसबाट अति थोरै समयमा सहज र सरल पूर्वक उहाँको महान चरित्र र आचरणहरूको जानकारी प्राप्त हुनसकछ।

वकालत तबशीर तहरीक जदीद भारतलाई यस महान पुस्तकको पहिलो पटक नेपाली अनुवाद प्रकाशित गर्ने सौभाग्य प्राप्त भएको छ। उक्त पुस्तकको नेपाली अनुवाद गरेवापत यो वकालत श्रीमान अताउर रहमान खालिदको आभारी रहेको छ। अल्लाह तआलाले उहाँलाई उत्तम प्रतिदान प्रदान गरुन। उक्त अनुवाद पाठकवर्गका लागि लाभदायक होस र अधिक भन्दा अधिक पाठकहरू यसबाट लाभान्वित हुन भन्ने अल्लाह तआलाको चरणमा हाम्रो हार्दिक प्रार्थना रहेको छ।

इति

**मुहम्मद इस्माईल ताहिर**

वकीलुत्तब्शीर तहरकी-ए-जदीद, भारत

# विषय सूचि


| | | |
|---|---|---|
| | भूमिका | iii |
| | विषय सूचि | v |
| 1. | नबीहरूका सरदार | 1 |
| 2. | हज़रत मुहम्मद (सल्लम)को आगमनका समयमा अरबको स्थिति - मूर्तिपूजा | 4 |
| 3. | मदपान र जुवाखेल | 7 |
| 4. | व्यपार | 7 |
| 5. | अरबीहरूका अन्यान्य अवस्थाहरू तथा स्वभाव र बानी व्यहोराहरू | 8 |
| 6. | हज़रत मुहम्मद (सल्लम)को जन्म | 11 |
| 7. | हिल्फुल फज़ूल नामक समितिमा उहाँको सहभागिता | 12 |
| 8. | हज़रत खदीजासित हज़रत मुहम्मदको विवाह | 14 |
| 9. | दासहरूको मुक्ति र ज़ैद (रज़ि.)को चर्चा | 16 |
| 10. | हिरा नामक गुफामा खुदाको उपासना | 17 |
| 11. | क़ुर्आनको पहिलो वह्यी (ईशवाणी) | 18 |
| 12. | हज़रत मुहम्मद (सल्लम) प्रति हज़रत अबूबकर (रज़ि.)ले ईमान (विश्वास) स्थापना गरेको घटना | 20 |
| 13. | मोमिन (विश्वासी) हरूको सानु जमात (समाज) | 21 |
| 14. | मक्काका मुखियाहरूको विरोध | 22 |
| 15. | मोमिन (विश्वासी) दासहरूमाथि मक्काका अविश्वासीहरूको उत्पीडन र अत्याचार | 24 |
| 16. | स्वाधीन मुसलमानहरूमाथि अत्याचार | 28 |
| 17. | हज़रत मुहम्मद (सल्लम)माथि अत्याचार | 30 |
| 18. | इस्लामको सन्देश | 33 |

| | | |
|---|---|---|
| 19. | मक्काका अविश्वासीहरूको अबू तालिबसित गुनासो र हज़रत मुहम्मद (सल्लम)को दृढकदम | 35 |
| 20. | हब्शातर्फ हिजरत (प्रस्थान) | 37 |
| 21. | हज़रत उमर (रज़.)को इस्लाम ग्रहण गरेको घटना | 41 |
| 22. | मुसलमानहरूसित सम्बन्धविच्छेद | 45 |
| 23. | हज़रत खदीजा र अबू तालिबको मृत्युपश्चात (इस्लाम) प्रचारमा अवरोध तथा हज़रत मुहम्मद (सल्लम.)को ताइफ यात्रा | 47 |
| 24. | मदीनावासीहरूको इस्लाम ग्रहण | 55 |
| 25. | इस्रा (आध्यात्मिक यात्रा) | 58 |
| 26. | रोमीहरूको विजयप्राप्ति बारे भविष्यवाणी | 59 |
| 27. | मक्काबाट मदीनातर्फ हिजरत (प्रवास) | 67 |
| 28. | सुराक़ाको पीछा र त्यसका बारेमा हज़रत मुहम्मद (सल्लम.)को एउटा भविष्यवाणी | 70 |
| 29. | हज़रत मुहम्मद (सल्लम.)को मदीनामा आगमन | 74 |
| 30. | हज़रत अबू अय्यूब अन्सारीको घरमा ठहर्ने निर्णय | 77 |
| 31. | हज़रत मुहम्मद (सल्लम.)का सेवक हज़रत अनस (रज़ि.) को साक्ष | 78 |
| 32. | मक्काबाट परिवार झिकाउनु-मस्जिद नबवीको नीव राख्नु | 79 |
| 33. | मदीनाका मुश्रिक (मूर्तिपूजक) समूहहरूको इस्लाम ग्रहण | 80 |
| 34. | मक्कावासीहरूको मुसलमानहरूलाई पुन: दुखदिने योजना | 82 |
| 35. | अन्सार र मुहाजिर (मक्काबट आएका र मदीनाका निवासी मुसलमानहरू) हरूका बीचमा भातृत्व | 83 |
| 36. | मुहाजिर र अन्सार तथा यहूदीहरूका बीचमा सन्धि | 85 |
| 37. | मक्कावासीहरूका तर्फबाट पुन: उपद्रव आरम्भ | 88 |

| | | |
|---|---|---|
| 38. | हज़रत मुहम्मद (सल्लम.)का प्रतिरक्षाका उपायहरू | 89 |
| 39. | मदीनामा इस्लामी शासनको नीव | 91 |
| 40. | कुरैशको व्यापारी क़ाफिलाको आगमन र बदरको युद्ध | 92 |
| 41. | एउटा महान भविष्यवाणी पूरा भएबारे | 100 |
| 42. | बदरका बन्दीहरू | 103 |
| 43. | उहदको युद्ध | 105 |
| 44. | विजय पराजयमा परिवर्तित | 108 |
| 45. | उहदको युद्धबाट फर्किएर मदीना आगमन तथा मदीनावासीहरूको निछावरको भावना | 117 |
| 46. | मद्यपान निषेध भएको आदेश र त्यसको प्रभाव | 121 |
| 47. | उहदको युद्धपछि कुफ्फारका समूहरूका अन्यायपूर्ण योजनाहरू | 124 |
| 48. | सत्तरीजना कुरआनका हाफ़िज़ (कन्ठस्थकारी)हरूको हत्याको घटना | 129 |
| 49. | बनी मुस्तलक़को लडाई | 131 |
| 50. | मदीनामाथि अरबवासीहरूको संयुक्त आक्रमण ख़न्दक़ (खाडल) को युद्ध | 135 |
| 51. | खन्दक़ (खाडल)को युद्धको अवसरमा इस्लामी लश्करको वास्तविक संख्या के थियो | 139 |
| 52. | बनू कुरैज़ाको गद्दारी (विश्वासघात) | 143 |
| 53. | मुनाफिक़ (ढोंगी)हरू र मोमिन (विश्वासी)हरूको अवस्थाबारे चर्चा | 148 |
| 54. | इस्लाममा मुर्दा लाशको सम्मान | 151 |
| 55. | संयुक्त सेनाहरूको मुसलमानहरूमाथि आक्रमण | 152 |
| 56. | बनू कुरैज़ाको मुश्रिक (अनेकेश्वरवादी) हरूसित मिलेर आक्रमणको तयारी र त्यसमा असफलता | 154 |
| 57. | बनू कुरैजालाई तिनीहरूको गद्दारी (विद्रोह)को दण्ड | 158 |

| | | |
|---|---|---|
| 58. | बनू कुरैज़ाले नियुक्त गरेका आफ्ना निर्णायक सअद बिन मआज़को निर्णय तौरात (यहूदीहरूको धर्मग्रन्थ) अनुसार थियो | 161 |
| 59. | मुसलमानहरूको विजय अभियानको थालनी | 166 |
| 60. | यहूदी धर्म र ईसाई धर्मको युद्ध सम्बन्धी शिक्षा | 170 |
| 61. | युद्धसम्बन्धी इस्लामको शिक्षा | 173 |
| 62. | कुफ्फार (मक्काका अविश्वासीहरू)का तर्फबाट खन्दक़ (खाड्ल)को युद्धपछि मुसलमानहरूमाथि आक्रमण | 189 |
| 63. | पंद्रह सय सहाबा (सहचरहरू)का साथ हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को मक्का प्रस्थान | 191 |
| 64. | हुदैवियाको सन्धिका शर्तहरू | 196 |
| 65. | सम्राटहरूका नाममा पत्राचार | 200 |
| 66. | कैसरे रोम (रोमी सम्राट) हर्किलको नाममा पत्र | 201 |
| 67. | हज़रत मुहम्मद (सल्लम) साँच्चा नबी (सन्देशवाहक) हुनुहुन्छ भन्ने कैसरे रोम (रोमी सम्राट)को निर्णय | 204 |
| 68. | हरक़िलको नाममा हज़रत मुहम्मद (सल्लम)को पत्रको विषयवस्तु | 206 |
| 69. | फारस (इरान)को सम्राटको नाममा पत्र | 208 |
| 70. | हब्शा (अफ्रिका)को समाट नजाशीको नाममा पत्र | 212 |
| 71. | मिस्र (इजिप्त)का सम्राट मकोकसका नाममा पत्र | 215 |
| 72. | बहरीनको प्रमुखका नाममा पत्र | 218 |
| 73. | खैबरको किल्ला (दूर्ग) विजय | 219 |
| 74. | तीनवटा अचम्भका घटनाहरू | 222 |
| 75. | का'बाको तवाफ (परिक्रमा) | 226 |
| 76. | हज़रत मुहम्मद (सल्लम)को बहुविवाह प्रति आपत्तिको उत्तर | 228 |

| | | |
|---|---|---|
| 77. | खालिद बिन वलीद र उम्रुबिन अल्आसको इस्लाम ग्रहण | 229 |
| 78. | मूताको युद्ध | 230 |
| 79. | मक्का विजय | 237 |
| 80. | हुनैनको युद्ध | 259 |
| 81. | मक्का र हुनैनको विजयपछि | 267 |
| 82. | तबूकको युद्ध | 269 |
| 83. | हज्जतुल विदा र हज़रत मुहम्मद (सल्लम)को एउटा खुत्बा (प्रवचन) | 275 |
| 84. | हज़रत मुहम्मद (सल्लम)को स्वर्गवास | 280 |
| 85. | हज़रत मुहम्मद (सल्लम)को मृत्युपछि सहाबाहरूको स्थिति | 287 |
| 86. | हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को चरित्र | 291 |
| 87. | हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को बाहिरी र भित्री स्वच्छता | 292 |
| 89. | खान पिनमा सादगी र संयम | 294 |
| 90. | पहिरन र गहना प्रयोगमा सरलता र संयम | 300 |
| 91. | बिस्तरमा सादगी (सरलता) | 302 |
| 92. | घर गृहस्थीमा सादगी | 302 |
| 93. | खुदा तआलासित प्रेम र उनको उपासना | 303 |
| 94. | अल्लाह तआलामाथि भरोसा | 309 |
| 95. | हज़रत मुहम्मद (सल्लम) को मानवजाति सित व्यवहार | 317 |
| 96. | परमाचरण | 319 |
| 97. | सहनशीलता | 321 |
| 98. | न्याय | 323 |
| 99. | भावनाको आदर | 326 |

| | | |
|---|---|---|
| 100. | दुखी दरिद्रहरूको सहानुभूति र तिनीहरूका भावनाहरूको आदर सम्मान | 326 |
| 101. | गरीबहरूको धन सम्पत्तिको सुरक्षा | 331 |
| 102. | दासहरूसित नम्रव्यवहार | 333 |
| 103. | महिलाहरूसित उत्तम व्यवहार | 335 |
| 104. | मृत्युप्राप्त मानिसहरूप्रति उहाँको व्यवहार | 340 |
| 105. | छिमेकीहरूसित उत्तम व्यवहार | 341 |
| 106. | माता-पिता र अन्य नातेदारहरूसित उत्तम व्यवहार | 343 |
| 107. | सुसंगत | 347 |
| 108. | मानिसहरूको ईमान (अस्था)को सुरक्षाको चिन्ता | 348 |
| 109. | अरूका अवगुणहरू लुकाउनु | 349 |
| 110. | ध्यैर्य | 353 |
| 111. | परस्पर सहयोग | 354 |
| 112. | त्रुटिमार्जना | 356 |
| 113. | सत्य | 356 |
| 114. | टोहो र जासूसी गर्न मनाही तथा सद्भावना राख्ने आदेश | 358 |
| 115. | सौदा र लेन देनका सम्बन्धमा धोकाबाजी र ठगीप्रति घृणा | 359 |
| 116. | निराशा | 360 |
| 117. | पशुहरूसित सद्व्यवहार | 361 |
| 118. | धार्मिक सद्भावना र सम्मान | 362 |
| 119. | बहादुरी | 362 |
| 120. | कमबुद्धि रहेका मानिसहरूसित स्नेहपूर्ण व्यवहार | 363 |
| 121. | वचनवद्धता | 364 |


***

# नबीहरूका सरदार

ख़ुदा तआला (परमेश्वर)को एउटा महान चिह्न र इस्लामको सत्यताको एउटा ठूलो प्रमाण के रहेको छ भने अल्लाहका रसूल हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमका जीवनका घटनाहरू जति स्पष्ट छन अन्य कुनै नबी (सन्देशवाहक)का जीवनका घटनाहरू त्यति स्पष्ट छैनन। यही स्पष्टताका कारण अल्लाहका रसूल हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमप्रति जति आरोपहरू लगाइएका छन त्यति आरोपहरू अन्य कुनै नबीको व्यक्तित्वप्रति लगाइएका छैनन भन्ने कुरोप्रति केही सन्देह छैन। परन्तु यी आरोपहरू (आपत्तिहरू)को निवारण भएपश्चात जुन खुल्ला हृदय र श्रद्धाका साथ एउटा मानिसले मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको व्यक्तित्वसित जति प्रेम गर्नसक्छ अन्य कुनै मनुष्यको व्यक्तित्वसित कदापि त्यति प्रेम गर्न सक्दैन भन्ने कुराप्रति पनि कुनै सन्देह हुनसक्दैन। वस्तुत: जसका जीवनका घटनाहरू अस्पष्ट र अव्यक्त हुन्छन तिनीहरूको प्रेममा बाधा पुग्ने सदा आशंका रहन्छ। हज़रत मुहम्मद (सल्लम.)[1]को जीवन त एउटा खुल्ला किताब (स्वरूप) थियो। शत्रुका आपत्तिहरूको निवारण भएपश्चात कुनै यस्तो कोण शेष रहदैन जहाँबाट फर्किएर उहाँको जीवनबारे एउटा नयाँ दृष्टिकोण हाम्रो सामुन्ने आउन सकोस। न त कुनै पक्ष यस्तो शेष रहन्छ जसको स्पष्टिकरण पश्चात अन्य कुनै प्रकारको रहस्य हाम्रा सामुन्ने प्रकट होस। ईश्वरीय पुस्तकलाई यथार्थमा मानिसहरूको मस्तिष्कमा स्थापन गर्नका लागि त्यसका साथ उच्च आदर्श हुनु

1. "सल्लम" शब्द सल्लल्लाहु अलैहि व सल्लमको संक्षिप्त रूप हो। यसको अर्थ उहाँमाथि अल्लाहको शान्ति र करुणा वर्षण होस।

पनि आवश्यक छ। अतः सबैभन्दा श्रेष्ठ आदर्श त्यही हुनसकछ जसप्रति त्यो किताब (धर्मग्रन्थ) अवतीर्ण भएको छ। यो गम्भीर तथा दार्शनिक तथ्य हो जसको वास्तविकतालाई धेरैजसो धर्महरूले बुझ्नै सकेनन। अतः हिन्दु धर्मले वेद प्रस्तुत गर्छ परन्तु वेद लिएर आउने ऋषिहरू र मुनिहरूको इतिहासका बारेमा भने पूर्णतः मौन छ। हिन्दुधर्मका विद्वानहरूले यसको आवश्यकतालाई आजसम्म पनि बुझ्न सकेनन। यसैप्रकार ईसाई तथा यहूदी विद्वानहरू र पादरीहरू अत्यन्त निर्लज्जतापूर्वक बनी इस्राईलका फलाना नबीमा फलानो दोष थियो र फलाना नबीमा फलानो दोष थियो भन्छन। परन्तु तिनीहरूले के बुझ्न सकदैनन भने जुन व्यक्तिलाई ख़ुदा तआलाले आफ्नो वाणी प्रदान गर्नका लागि निर्वाचित गरे त्यस वाणीले जब उसको सुधार गर्न सकेन भने अन्य कसैको सुधार कसरी गर्ला र यदि त्यो व्यक्ति त्यस्तो थियो जसको सुधार सम्भव थिएन भने खुदा तआलाले त्यसलाई किन निर्वाचित गरे? कुनै अन्य व्यक्तिलाई किन निर्वाचित गरेनन? ज़बूर (धर्मग्रन्थ)का लागि दाऊदलाई निर्वाचित गर्नुमा खुदा तआलाको के वाध्यता थियो? उनले बनी इस्राईलबाट (इस्राईलका वंशज) बाट कुनै अर्को व्यक्तिलाई निर्वाचित गर्न सकथे। अतः यही दुबै कुराहरू तर्कहीन रहेका छन। खुदा तआलाले जसमाथि आफ्नो वाणी अवतीर्ण गरे त्यस वाणीले त्यसको सुधार गर्न सकेन भन्ने धारणा राख्नु अथवा खुदा तआलाले एउटा यस्तो व्यक्तिलाई निर्वाचित गरे जसको सुधार सम्भव थिएन भन्ने धारणा राख्नु, यी दुईवटै कुराहरू पूर्णतः विवेकका विपरीत रहेका छन। जे होस, भिन्न भिन्न धर्महरूमा तिनीहरू आफ्नो मूलबाट टाढिएकाले गर्दा यसप्रकारका भूल धारणाहरू उत्पन्न भएका छन। अथवा मानवीय सोचको पूर्ण प्रगति नभएकाले गर्दा प्राचीन कालमा ती कुराहरूको महत्वलाई ध्यान दिइएन पनि भन्न

सकिन्छ। परन्तु इस्लाममा भने प्रारम्भबाट नै यसकुराको महत्व बुझिएको थियो। अल्लाहका रसूल हज़रत मुहम्मद (सल्लम.) की पत्नी हज़रत आईशा (रज़ि.)[1]को तेरह-चौदह वर्षको आयुमा उहाँसित विवाह भयो र प्राय: सात वर्षसम्म उहाँको सङ्गतमा रहीन। जब हज़रत मुहम्मद (सल्लम)को मृत्यु भयो उनको आयु 21 वर्षको थियो। उनी पढे लेखेकी पनि थिइनन परन्तु त्यस स्थितिमा पनि उनलाई उक्त कुराको ज्ञान थियो। एक पटक उनीलाई हज़रत मुहम्मद (सल्लम) को चरित्रका बारेमा केही त बताऊ भनी कसैले प्रश्न गऱ्यो तब उनले ''काना खुलुकुहुल क़ुर्रान'' अर्थात उहाँका सद्‌गुणहरूका बारेमा के प्रश्न गर्छौ उहाँले जे जति भन्ने र गर्ने गर्नुहुन्थ्यो तिनै कुराहरूको पवित्र कुर्रानमा आदेश दिइएको छ। तथा पवित्र कुरआनको लिखित शिक्षा उहाँको आचार व्यवहारबाट भिन्न छैन। प्रत्येक आचरण जुन पवित्र कुर्रानमा वर्णित छ त्यस अनुरूप उहाँको आचार व्यवहार थियो तथा प्रत्येक त्यो कार्य जुन उहाँले गर्नुहुन्थ्यो त्यसैको पवित्र कुर्रानमा आदेश दिइएको छ। यो कस्तो गूढतत्वपूर्ण कुरो रहेको छ। हज़रत मुहम्मद (सल्लम)का आचरणहरू यस्ता विस्तृत र उत्तम थिए जसले एउटी यस्ती युवती जो शिक्षित पनि थिइनन्, तिनको त्यहाँसम्म ध्यानाकर्षण गर्न सफल भए। हिन्दु, ईसाई, यहूदी र सृष्टियान दार्शनिकहरूले जुन कुराको रहस्यलाई बुझ्न सकेनन हज़रत आइशा (रज़ि.)ले त्यस कुराको यथार्थलाई प्राप्त गरीन र एउटा सानु वाक्यमा उनले त्यो गूढतत्वपूर्ण दर्शनलाई वर्णन गरिदिइन। अर्थात एकजना सत्यनिष्ठ र निष्ठावान पुरुष जसले मानिसहरूलाई भने एउटा शिक्षा दिन्छ परन्तु त्यसअनुरूप स्वयं चल्दैन अथवा स्वयं भने एउटा पुण्य आचरण गर्छ र मानिसहरूबाट त्यसलाई गुप्त राख्छ, यस्तो कदापि हुनै सक्दैन।

1. ''रज़ि'' अर्थात अल्लाह उनीप्रति प्रसन्न रहुन।

त्यसकारण तिमीहरूले हज़रत मुहम्मद (सल्लम)को चरित्र र आचरणहरू बारे जानकारी प्राप्त गर्नका निम्ति कुनै इतिहासको आवश्यक पर्दैन। उहाँ एकजना सत्यनिष्ठ र धर्मनिष्ठ पुरुष हुनुहुन्थ्यो। जुन कुरो गर्नुहुन्थ्यो त्यसमाथि स्वयं चल्नुहुन्थ्यो। तथा जुन कार्य गर्नुहुन्थ्यो त्यही कार्य गर्ने आदेश दिनुहुन्थ्यो। हामीले उहाँलाई देख्यौं र पवित्र कुर्आनलाई बुझ्यौं। र तिमीहरू जो पछि आयौ कुर्आन पढ र हज़रत मुहम्मद (सल्लम)लाई चिन र बुझ।

اَللّٰهُمَّ صَلِّ عَلٰى مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلٰى اِبْرَاهِيْمَ وَعَلٰى اٰلِ اِبْرَاهِيْمَ وَبَارِكْ وَسَلِّمْ اِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ۔

(अल्लाहुम्मा सल्ले अला मुहम्मदिन कमा सल्लैता अला इब्राहीम व अला आले इब्राहीम व बारिक व सल्लिम इन्नका हमीदुन् मजीदुन्।)

अर्थात - हे मेरा अल्लाह! हज़रत मुहम्मदप्रति र उहाँका वंशजप्रति त्यसरी नै शान्ति र करूणा वर्षण गर जसरी तिमीले हज़रत इब्राहीम र उहाँका वंशजप्रति शान्ति र करूणा वर्षण गरेका थियौ। तिमी निस्सन्देह परम प्रशंसनीय र परम प्रतिष्ठावान रहेका छौ।

## हज़रत मुहम्मद (सल्लम)को आगमनका समयमा अरबको स्थिति – मूर्तिपूजा

हज़रत मुहम्मद (सल्लम) जुन युगमा जन्मिए त्यस जमानाका घटनाहरूलाई पनि उहाँका जीवनका घटनाहरूको एउटा अंश मान्नु पर्छ किनभने त्यसै पृष्ठभूमिलाई ध्यानमा राखी उहाँका जीवनका घटनाहरूको वास्तविकतालाई मानिसले राम्ररी बुझ्न सक्छ। उहाँ मक्काको पवित्र भूमिमा जन्मनु भयो। उहाँको जन्म

खृष्टाब्द अनुसार अगस्त 570 खृष्टाब्द बन्छ। उहाँको जन्मपश्चात उहाँको नाम मुहम्मद राखिएको थियो। यसको अर्थ ''प्रशंसा गरिएको'' हो। जब उहाँको जन्म भयो त्यससमय समस्त अरब केही अपवाद छाडि अनेकेश्वरवादी (मूर्तिपुजक) थियो। तिनीहरू आफूलाई इब्राहीमका वंशज घोषित गर्थे र इब्राहीम अनेकेश्वरवादी थिएनन भन्ने कुरालाई पनि स्वीकार्थे। परन्तु त्यसो भएतापनि तिनीहरू भने खुदा तआलालाई छाडि अन्य वस्तुहरूलाई पुज्ने गर्थे। तथा केही मानिसहरू आध्यात्मिक उन्नति साधन गरी खुदा तआलाका अत्यन्त निकट पुग्छन जसको 'शफाअत' (सिफारिस) खुदा तआलाको दरबारमा अवश्य स्वीकार्य हुन्छ किनभने खुदा तआलाको सत्ता अत्यन्त महान प्रतिष्ठावान रहेको छ उनीसम्म पुग्नु प्रत्येक मानिसका निम्ति सम्भव छैन। पूर्णपुरुषहरू मात्र उनीसम्म पुग्छन त्यसकारण साधारण मानिसहरूका निम्ति कुनै न कुनै मध्यस्थकर्ता (बिचौलो) बनाउनु आवश्यक छ जसद्वारा खुदा तआलाको प्रसन्नता र सहयोग प्राप्त हुनसकोस भन्ने तर्क प्रस्तुत गर्थे। उक्त अचम्भको आस्थानुसार तिनीहरू हज़रत इब्राहीम (अलै.)[1] लाई एकेश्वरवादी मानेर पनि आफ्ना लागि शिर्क (अनेकेश्वरवाद) लाई उचित ठान्थे। इब्राहीम अत्यन्त स्वच्छ हृदयी र सत्यनिष्ठ थिए उनी खुदासम्म स्वयं सीधै पुग्न समर्थ थिए परन्तु मक्काका मानिसहरू त्यस दर्जाका थिएनन त्यसकारण केही महान व्यक्तिहरूलाई मध्यस्थकर्ता बनाउन तिनीहरू बाध्य थिए। जुन उद्देश्य प्राप्तिका निम्ति तिनीहरू ती व्यक्तित्वहरूका मूर्तिहरूको उपासना गर्थे र यसप्रकार आफ्नो धारणानुसार उनीहरूलाई प्रसन्न गरी खुदा तआलाको दरवारमा आफ्ना मध्यस्थकर्ता बनाउँथे। उक्त आस्थामा जुन त्रुटिहरू र बेजोड कुराहरू छन तिनीहरूको समाधानतर्फ तिनीहरूको ध्यान कहिल्यै

1. ''अलै'' अर्थात अल्लाहको उहाँमाथि कृपा होस।

गएको थिएन किनभने कुनै ऐकेश्वरवादी गुरु तिनीहरूलाई प्राप्त भएको थिएन। जब कुनै जातिमा शिर्क (अनेकेश्वरवाद) आरम्भ हुन्छ तब त्यो बढ्दै जान्छ। एउटाबाट दुईवटा र दुईवटाबाट तीनवटा। अतः हज़रत मुहम्मद (सल्लम) को जन्म भएको समयमा ख़ाना का'बा (जुन वर्तमान मुसलमानहरूको पवित्र मस्जिद रहेको छ र हज़रत इब्राहीम र हज़रत इस्माईल (अलै.)ले निर्माण गरेको उपासना गृह हो)मा इतिहासकारहरूको वर्णनानुसार तीन सय साठ्ठीवटा मूर्तिहरू थिए। मानौ चन्द्रमामा आधारित महीनानुसार प्रत्येक दिनका लागि एउटा भिन्न मूर्ति थियो। ती मूर्तिहरूबाहेक निकटवर्ती क्षेत्रहरूका ठूला ठूला नगरहरूमा र ठूला ठूला जातिहरूका मुख्यालयहरूमा अलग्गै मूर्तिहरू थिए। मानौ अरब देशको कुना कुना शिर्क (अनेकेश्वरवाद)मा व्यस्त थियो। अरबवासी हरूमा भाषाको शिष्टाचार र सुधारको अत्यधिक चिन्ता थियो। तिनीहरूले आफ्नो भाषालाई अधिक भन्दा अधिक शिक्षामूलक बनाउने प्रयास गरे परन्तु त्यो बाहके तिनीहरूका निकट ज्ञानको अर्को अर्थ नै थिएन। इतिहास, भूगोल र गणित इत्यादि ज्ञानहरूमध्ये कुनै एउटा ज्ञानपनि तिनीहरूलाई प्राप्त थिएन। मरुभूमिको बसोबास र त्यसमा लगातार यात्रा गर्नाले खगोल विद्यामा भने तिनीहरू निपुण थिए। समस्त अरबमा एउटा विद्यालय समेत थिएन। पवित्र मक्का भूमिमा केवल केही सीमित मानिसहरू मात्र पढे लेखेका थिए भनिन्छ। चरित्रको आधारमा अरबीहरू एउटा अचम्भको र अनौठो जाति थियो। तिनीहरूमा केही अत्यन्त भयानक दोषहरू थिए भने अर्कोतर्फ केही यस्ता सद्‌गुणहरू पनि तिनीहरूमा पाइन्थे जसले तिनीहरूको जातिय स्तरलाई उच्च तुल्याएको थियो।

# मदपान र जुवाखेल

अरबीहरू मदपानका अत्यन्त अभ्यस्त थिए। मदपानको नशामा बेहोश हुनु र बकवास गर्नु तिनीहरूका निकट कुनै दोष होइन बरु गुण थियो। एउटा भद्र मानिसको भद्रताको पहिचान आफ्ना मित्रहरू र छिमेकीहरूलाई प्रस्वस्त मद पिलाउनु पनि थियो। धनीहरूका निम्ति प्रत्येक दिन पाँच पटक मदपानको सभा बोलाउनु आवश्यक थियो र जुवा तिनीहरूको जातिय खेल थियो। परन्तु त्यसलाई तिनीहरूले एउटा कला बनाएका थिए। तिनीहरू आफ्नो धन बढाउनका लागि जुवा खेल्ने गर्थे। यसैगरी जुवालाई तिनीहरूले दान र बडाइको साधन बनाएका थिए। उदाहरणतः जुवा खेल्नेहरूमध्ये जसले जित्छ त्यसले आफुले जितेको धनबाट आफ्ना मित्रहरू र आफ्ना जातिका मानिसहरूको निमन्त्रण गर्नुपर्छ भनी वाचा लिने गर्थे। युद्धको समयमा जुवालाई नै धन जम्मा गर्ने साधन बनाउँथे। युद्धका समयमा वर्तमान कालमा पनि लाटरीको चलन बढ्दै गएको छ। परन्तु यूरोप र अमेरिकाका लाटरी खेलाउने व्यक्तिहरूलाई उक्त आविष्कारप्रति प्रकृत प्रशंसाका अधिकारी अरबीहरू हुन भन्ने कुराको ज्ञान हुनु आवश्यक छ। जब जब युद्ध हुने गर्थ्यो अरबका प्रजातिहरू परस्पर जुवा खेल्ने गर्थे र जसले जित्थयो उसले युद्धका अधिकतर खर्चहरू वहन गर्ने गर्थ्यो। अतः सांसारिक सुख सुविधाबाट वञ्चित रहनु परेको बदला अरबीहरूले मदीरा र जुवाद्वारा लिएका थिए।

# व्यपार

अरबीहरू व्यपारी थिए र तिनीहरूका व्यापारका टोलिहरू टाढा टाढासम्म जाने गर्थे। अबेसीनिया (अफ्रिका) सित पनि

तिनीहरू व्यपार गर्थे। सिरिया, पेलेस्टाइनसित पनि तिनीहरू व्यपार गर्ने गर्थे। भारतसित पनि तिनीहरूको व्यपारिक संबंध थियो। तिनीहरूका धनाढय व्यक्तिहरू भारतमा बनेका तलवारलाई विशेष मन पऱ्याउँथे। कपडा अधिकतर यमन र सिरियाबाट आउँथ्यो। यी व्यपारहरू अरबका शहरहरूका अधिकारमा थिए। शेष रहेका अरबीहरू यमन र केही उत्तरी क्षेत्रहरूबाहेक अघरी जीवनयापन गर्ने गर्थे। न तिनीहरूका कुनै शहरहरू थिए न तिनीहरूका कुनै गाउँहरू नै थिए। केवल ती समूहहरूले देशका भूभागहरू विभाजित गरेका थिए। ती क्षेत्रहरूमा तिनीहरू चक्कर लगाउने गर्थे। जहाँको पानी समाप्त हुन्थ्यो त्यहाँबाट स्थान परिवर्तन गर्थे र जहाँ पनि प्राप्त हुन्थ्यो त्यहाँ डेरा लगाउँथे। भेडा, बाख्रा, उँट तिनीहरूका पूँजी हुन्थे। तिनको रेश र ऊनबाट कपडा बुन्थे र तिनीहरूको छालाबाट तम्बू तयार गर्थे र जुन अंश शेष रहन्थ्यो त्यसलाई हाटमा लगेर बेच्थे।

## अरबीहरूका अन्यान्य अवस्थाहरू तथा स्वभाव र बानी व्यहोराहरू

सुन र चाँदी के हो भन्ने कुरो तिनीहरूले न जानेको होइन परन्तु सुन र चाँदी तिनीहरूका लागि अत्यन्त नगण्य वस्तु थियो। तिनीहरूका साधारण नागरिक र गरीबहरूका गहनाहरू कौडी र सुगन्धित मसालाहरूबाट बनाइन्थे। लोंग र खरबूज़ा तथा काँक्राहरूका बीजहरूबाट र यसैप्रकारका अन्य वस्तुहरूबाट तिनीहरू हार तयार गर्थे र तिनीहरूका महिलाहरू ती हार र मालाहरू लगाएर गहनाहरूबाट निस्फिक्री हुन्थे। दुष्कर्म र दुराचार अत्यधिक हुने गऱ्थ्यो। चोरी कम हुन्थ्यो तर डाका अत्यधिक

हुन्थ्यो। एकले अर्कालाई लुटनु तिनीहरू एउटा जातिय अधिकार मान्दथे। परन्तु यसका साथै वचन र वाचा पूरा गर्ने सद्‌गुण जति अरबीहरूमा पाइन्छ त्यति अन्य कुनै जातिमा पाइँदैन। यदि कोही व्यक्तिले कुनै शक्तिशाली मानिसका अथवा जातिका सामुन्ने आएर म तिम्रो शरणमा आएको छु भनी विन्ती गरेमा त्यो मानिस अथवा जातिका निम्ति त्यस व्यक्तिलाई शरण दिनु अनिवार्य हुन्थ्यो। यदि त्यस जातिले शरण नदिएमा समस्त अरबमा त्यो अपमानित हुन्थ्यो। कविहरूलाई अत्यन्त ठूलो मान र मर्यादा प्राप्त थियो मानौ तिनीहरू जातिका मुखिया मानिन्थे। नेताहरूका लागि वाकशक्ति र सम्भव भए कवि हुनु अत्यन्त जरूरी हुन्थ्यो। अतिथि सेवाको चलन अत्यधिक थियो। जंगलमा बाटो हराएको यात्री यदि कुनै गुट अथवा समूहका निकट गएर म तिमीहरूको अतिथि हुँ भनेमा तिनीहरूले निसंकोच खसी र भेडो र उँट मारेर सेवा गर्थे। तिनीहरूका निकट अतिथिको व्यक्तित्वको कुनै मूल्य थिएन अपितु अतिथि आउनु नै तिनीहरूका लागि जातिको सम्मान र मर्यादा बढाउने (कुरो) मानिन्थ्यो र उक्त जातिमाथि त्यस व्यक्तिको सम्मान गरी आफ्नो सम्मान बढाउनु अनिवार्य हुन्थ्यो। महिलाहरूलाई कुनै अधिकार उक्त जातिमा प्राप्त थिएन। केही समूहहरूमा त पिताले आफ्नी पुत्रीको हत्या गर्ने कार्यलाई सम्मानको कार्य मानिन्थ्यो। समस्त अरबमा बालिकाहरूको हत्या गर्ने चलन थियो भनी इतिहासकारहरूले लेखेको कुरा भूल हो। स्वाभाविक रूपमा यो चलन समस्त देशमा हुनै सक्दैन किन भने यदि समस्त देशमा यो चलन जारी रहेमा त्यो देशको वंश कसरी अघि बढ्न सक्छ। वास्तविक कुरो के हो भने अरब र भारतवर्ष तथा अन्य देशहरूमा जहाँ-जहाँ त्यो चलन पाइन्छ त्यसको वास्तुस्थिति के रहेको छ भने केही परिवारहरूले स्वयंलाई ठूलाठाला मानी अथवा केही परिवारहरूले स्वयंलाई अत्यन्त बाध्य पाएर

ती बालिकाहरूका निम्ति तिनीहरूको दर्जा र स्थिति अनुरूप वर पाइदैन भनी बालिकाहरूको हत्या गर्ने गर्छन। उक्त चलनको दोष त्यसको अत्याचारमा छ न त समस्त जातिबाट बालिकाहरूलाई समाप्त गरिन्छ भन्ने कुरामा। अरबीहरूका केही जातिहरूमा भने बालिकाहरूलाई जीवित चिहानमा पुरेर मार्ने चलन थियो र अन्य केहीमा तिनीहरूको गर्धन दबाएर मार्ने (चलन थियो)। अरूहरू अन्य प्रकारले हत्या गर्ने गर्थे। सहोदर आमा बाहेक अन्य आमाहरूलाई अरबीहरू आमा मान्दैनथे। तथा तिनीहरूसित विवाह गर्नुलाई अनुचित ठान्दैनथे। अतः पिताको मृत्युपश्चात कतिपय युवकहरू सौतेली आमासित विवाह गर्ने गर्थे। बहुविवाहको प्रथा प्रचलित थियो। विवाहका निम्ति कुनै संख्या निश्चित थिएन। एउटा व्यक्तिले एउटी भन्दा अधिक बहिनीहरूसित पनि विवाह गर्थ्यो। लडाँइमा अत्यधिक अत्याचार गर्थे, जहाँ अधिक शत्रुता हुन्थ्यो, घायलहरूको पेट चिरेर तिनीहरूको कलेजो चबाउँथे। नाक र काट काटिदिन्थे। आँखाहरू निकालिदिन्थे। दासप्रथा पनि सार्वजनिक रूपमा प्रचलित थियो। छेउछाउका दुर्बल कबीला (समूह)हरूका मानिसहरूलाई पक्रिएर ल्याउँथे र तिनीहरूलाई दास बनाउँथे। दासलाई कुनै अधिकार प्राप्त थिएन। प्रत्येक मालिकले आफ्नो दाससित मनमाफिक व्यवहार गर्थ्यो उसका विरुद्ध कुनै पकड़ थिएन। यदि उसले हत्या गरेतापनि उसमाथि कुनै आरोप लाग्दैनथ्यो। यदि कुनै अन्य मानिसको दासलाई मारि दिएको खण्डमा पनि त्यो व्यक्ति मृत्युदण्डबाट सुरक्षित मानिन्थ्यो। मालिकलाई केही हर्जाना दिएर मुक्त हुन्थ्यो। दासीहरूलाई आफ्नो कामवासना पूर्ति गर्ने साधन बनाउनु मालिकको एउटा कानूनी अधिकार मानिन्थ्यो। दासीहरूका सन्तानपनि पछिगएर दास नै हुनैगर्थे। सन्तान रहेकी दासीहरूपनि दासी नै रहन्थे। अतः जहाँसम्म शिक्षा र प्रगतिको प्रश्न छ अरबीहरू अति पिछडिएका थिए।

यसैगरी आर्न्तजातिय सहानुभूति र सद्व्यवहारका क्षेत्रमा पनि तिनीहरू पिछडिएका थिए। महिलाहरूप्रतिको व्यवहारका सम्बन्धमा पनि अरबीहरू अन्य जातिहरूभन्दा धेरै पिछडिएका थिए। परन्तु केही व्यक्तिगत र साहसिक आचरणहरू तिनीहरूमा अवश्य पाइन्थे र ती आचरणहरू यति उच्चरूपमा पाइन्थे जसको उदाहरण त्यस युगका अन्य जातिहरूमा पाइँदैन।

## हज़रत मुहम्मद (सल्लम)को जन्म

त्यस परिवेशमा हज़रत मुहम्मद (सल्लम)को जन्म भयो। उहाँको जन्म हुनुभन्दा पहिला नै उहाँका पिता अब्दुल्लाहको मृत्यु भइसकेको थियो। उहाँलाई र उहाँकी माता हज़रत आमिनालाई उहाँका हजूरबा अब्दुल मुत्तलिबले आफ्नो लालनपालनमा लिएको थियो। अरबको रीतिनुसार उहाँलाई दूध पियाउनका लागि ताइफ नामक स्थानकी निवासी एउटी महिलालाई जिम्मा दिइएको थियो। अरबीहरू आफ्ना सन्तानलाई गाउँका महिलाहरूका सुपुर्द गर्ने गर्थे। तिनीहरूको बोली शुद्ध तथा स्पष्ट होस र स्वास्थ्य पनि राम्रो रहोस भन्ने उद्देश्यले। जब उहाँ छः वर्षको हुनुभयो उहाँकी माता मदीनामा आफ्नो माइतीबाट फर्केर आउँदा मक्का र मदीनाको बीचमा स्वर्गवास भइन र त्यहीं तिनलाई समाधि दिइयो तथा एउटी सेविकाले उहाँलाई मक्का लिएर आइन र उहाँका हजुरबाका जिम्मा दिइन। जब उहाँ आठवर्षका हुनुभयो तब उहाँका हजूरबा जो उहाँका संरक्षक थिए स्वर्गवास भए त्यसपछि उहाँका काका अबू तालिब आफ्ना पिताको वसिय्यत अनुसार उहाँका संरक्षक र पालक नियुक्त भए। अरब बाट बाहिर दुई तीनपटक जाने अवसर उहाँलाई प्राप्त भयो। ती मध्ये एउटा यात्रा उहाँले बारह वर्षको आयुमा आफ्ना काका अबुतालिबसित व्यपारका लागि शाम

(सिरिया)तर्फ गर्नुभएको थियो।

उहाँको उक्त यात्रा सम्भवतः सिरियाका उत्तर पूर्वी व्यवसायी शहरहरूसम्म सीमित थियो किनभने उक्त यात्रामा ''बैतुल मुकद्दस'' इत्यादि स्थानहरूमध्ये कुनैको चर्चा पाइँदैन। त्यसपश्चात उहाँ यौवनकालसम्म मक्कामै रहनुभयो।

## हिल्फुल फज़ूल नामक समितिमा उहाँको सहभागिता

उहाँको स्वभाव बाल्यकालबाट नै सोच्ने र चिन्तन मनन गर्नेतर्फ आकर्षित थियो। मानिसहरूको लडाई झगडामा उहाँ हस्तक्षेप गर्नुहुदैनथ्यो अपितु लडाई झगडा र फसादको निवारण गर्नमा सहभागी हुनुहुन्थ्यो। अतः मक्का र त्यसका छेउछाउका कबिलाहरूका लडाइहरूबाट दिक्क भएर मक्काका केही युवकहरूले जब एउटा कमिटी बनाए र त्यसको उद्देश्य पीडित व्यक्तिहरूको सहयोग गर्नु थियो तब हज़रत मुहम्मद (सल्लम) अत्यन्त उत्साहका साथ त्यस कमिटीमा शामेल हुनुभयो। त्यस कमिटीका सदस्यहरूले निम्न शब्दहरूमा शपथ लिएका थिए - ''तिनीहरूले पीडितहरूको सहयोग गर्नेछन र तिनीहरूको अधिकार तिनीहरूलाई उपलब्ध गराउँनेछन। जबसम्म समुद्रमा एउटा थोपो पानीको शेष रहनेछ तबसम्म पनि यदि तिनीहरूले त्यसो गर्न सकेनन भने तिनीहरूले स्वयं आफ्ना तर्फबाट पीडितको अधिकार प्रदान गर्ने छन।'' (इब्ने हश्शाम, भाग 1, पृष्ठ 36)

सम्भवतः उक्त शपथको पालना गर्ने अवसर उहाँवाहेक अन्य कसैलाई प्राप्त भएन। जब उहाँले नबुव्वत (नबी भएको) दावी गर्नुभयो र मक्काको सरदार (मुखिया) अबू जहलले उहाँको

सर्वाधिक विरोध गऱ्यो तथा मानिसहरूलाई उहाँसित कसैले बातचीत नगरे र कसैले उहाँको कुरा नमाने तथा यथासम्भव उहाँको अपमान गरे भनी भन्नलाग्यो। त्यससमय एउटा व्यक्ति जसले अबू जहलसित केही ऋण वसूल गर्नु थियो त्यो मक्कामा आयो र त्यसले अबु जहलसित आफ्नो ऋण फर्काउने माग गऱ्यो। अबू जहलले त्यसको ऋण तिर्नबाट अस्वीकार गऱ्यो। त्यसले मक्काका केही व्यक्तिहरूसित त्यस कुराको गुनासो गऱ्यो तब केही युवकहरूले दुष्टतापूर्वक त्यसलाई हज़रत मुहम्मद (सल्लम)को ठेगाना बताए र उहाँले तेरो यसबारेमा सहयोग गर्ने छन भनी परामर्श दिए। तिनीहरूको उद्देश्य के थियो भने या त मुहम्मद रसूलुल्लाह (सल्लम)ले त्यस विरोधका कारण जुन मक्काका निवासीहरूका तर्फबाट साधारणतः र अबू जहलका तर्फबाट विशेषतः भइरहेको थियो त्यसको सहायता गर्नबाट अस्वीकार गर्नुहुनेछ र यसप्रकार उहाँ अरबीहरूका सामु अपमानित हुनुहुनेछ तथा शपथ तोडनेवाला कहलाउनु हुनेछ अथवा उहाँ त्यसको सहायताका लागि अबू जहलका घर जानुहुनेछ र उसले उहाँलाई अपमानित गरी आफ्नो घरबाट निकाली दिनेछ। जब हज़रत मुहम्मद (सल्लम)का निकट त्यो व्यक्ति आयो र अबूजहलको शिकायत गऱ्यो तब उहाँ तुरुन्तै खडा हुनुभयो र त्यसका साथ हिड्नुभयो तथा अबूजहलको घरको ढोकामा पुगेर ढोका ढकढकाउनु भयो। अबूजहल घरबाट बाहिर निस्कियो र त्यसले आफ्नो साहूलाई हज़रत मुहम्मद (सल्लम) सित आफ्नो ढोकाका सामुन्ने पायो। उहाँले तत्काल त्यस व्यक्तिको जुन ऋण उसले दिनु थियो त्यसप्रति उसलाई ध्यान दिलाउनु भयो र तुरुन्तै देउ भनी आदेश दिनुभयो। तब अबूजहल ले कुनै नाइनास्ति नगरी त्यसको रकम त्यसलाई दियो। जब शहरका मुखियाहरूले अबू जहललाई तिमी त मुहम्मद (सल्लम)लाई अपमानित गर

र उससित कुनै सम्बन्ध नराख भनी भन्ने गर्‍थ्यौ परन्तु तिमीले स्वयं उसको कुरो मान्यौ र उसको सम्मान कायम गर्‍यौ भनी लानतान गरे। तब अबू जहलले भन्यो, अल्लाहको शपथ! यदि तिमीहरू मेरो ठाउँमा रहेका भए तिमीहरूले पनि यही गर्नेथियौ। मैले मुहम्मद (सल्लम)का दायाँतर्फ र बायाँतर्फ यस्ता दुईवटा मस्त ऊँट उभिएका देखें जसले मेरो गर्धन निमोठेर मलाई मार्न लागिरहेथे (इब्ने हश्शाम भाग 1, पृष्ठ 1301)। त्यसको बयान साँच्चो हो अथवा होइन भन्ने कुरो त अल्लाह तआलाले नै सर्वाधिक जान्दछन। या त त्यसलाई वास्तव मै अल्लाह तआलाले कुनै चिह्न देखाएका थिए अथवा केवल त्यसमाथि सत्यको भय छाएको थियो। उसले जब समस्त मक्काको अपमानित र घृणित मानिसलाई एउटा पीडितको सहायताको जोशमा कुनै वाह्यिक सहयोग बिना एकलै मक्काको सरदारको ढोकामा खडा भएर त्यस व्यक्तिको ऋण जुन तिम्रो जिम्मा छ त्यो प्रदान गर भनी भन्दैगरेको देख्यो तब सत्यको भयले त्यसको दुष्टयाइँको भावनालाई दबायो र त्यसले सत्यका सामुन्ने नतमस्तक हुनुपर्‍यो।

## हज़रत खदीजासित हज़रत मुहम्मदको विवाह

जब हज़रत मुहम्मद (सल्लम) 25 वर्षका हुनुभयो उहाँको सदगुण र संयमको ख्याति सार्वजानिक रूपमा प्रचारित भइसकेको थियो। मानिसहरू उहाँतर्फ संकेत गरेर यो सत्यवादी र विश्‍वसनीय व्यक्ति हो भन्ने गर्थे। उक्त कुरो मक्काकी एउटी धनी विधवा महिलालाई पनि थाहा भयो। उनले उहाँका काका अबू तालिबसित आफ्ना भतीजा मुहम्मद (सल्लम) लाई उनको व्यपारको माल जुन सिरियाको व्यापारी गुटका साथ जान लागिरहेछ त्यसको व्यवस्था आफ्नो हातमा लिने आदेश

दिन अनुरोध गरीन। अबू तालिबले उहाँसित चर्चा गरे उहाँले त्यस कुरोलाई स्वीकार्नु भयो। उक्त यात्रामा उहाँलाई ठूलो सफलता मिल्यो र आशा राखेभन्दा अधिक लाभका साथ उहाँ फर्कनुभयो। खदीजा (रज़ि.)ले उक्त लाभ मन्डीको हालतका कारण होइन अपितु व्यापारी गुटका मुखियाको पुण्य र विश्वसनीयता का कारण भएको हो भन्ने कुरो अनुभव गरीन। उनले आफ्नो दास मैससित जो उक्त यात्रामा उहाँसित थियो उहाँका बारेमा सोधिन, त्यसले पनि उनको धारणाको समर्थन गर्दै यात्रामा जुन विश्वसनीयता र शुभचिन्तन उहाँले प्रदर्शित गर्नुभयो त्यो उहाँकै विशेषता थियो भनी वर्णन गऱ्यो। उक्त कुराको हज़रत खदीजाको मनमा ठूलो प्रभाव पऱ्यो। उनी त्यससमय चालीस वर्षकी थिइन र दुइपटक विधवा भइसकेकी भिइन तापनि उनले आफ्नी एउटी साथीलाई हज़रत मुहम्मद (सल्लम) का सेवामा के उहाँ उनीसित विवाह गर्न तयार हुनुहुन्छ भन्ने कुरो जान्नका लागि पठाइन। उसले उहाँलाई नपाईं किन विवाह गर्नुहुदैन भनी प्रश्न गरी। उहाँले मसित धन छैन म कसरी विवाह गरूँ भनी उत्तर दिनुभयो। उसले पुनः यदि यो समस्या समाधान भएमा र एउटी भद्र र धनी महिलासित तपाईंको विवाह भएमा के भन्नुहुन्छ भनी प्रश्न गरी। उहाँले ती महिला को हुन भनी सोध्नु भयो। उसले भनी-खदीजा। उहाँले भन्नुभयो, म उनीसम्म कसरी पुग्न सकछु? उसले भनी, यो कुराको जिम्मा मेरो हो। उहाँले मलाई स्वीकार छ भनी उत्तर दिनुभयो। तब खदीजा (रज़ि.) ले उहाँका काका मार्फत विवाहको निर्णय गरीन र उहाँको विवाह हज़रत खदीजासित भयो। एकजना गरीब र टुहुरो युवकका लागि धनको यो पहिलो ढोका खुल्यो परन्तु उसले त्यस धनको प्रयोग जसरी गऱ्यो त्यो कुरो समस्त संसारका लागि एउटा शिक्षाप्रद घटना रहेको छ।

# दासहरूको मुक्ति र ज़ैद (रज़ि.)को चर्चा

उहाँको विवाहपश्चात जब हज़रत खदीजाले उहाँको सजग हृदय यस्तो जीवनप्रति अर्थात उहाँकी पत्नी धनी र उहाँ उनीप्रति निर्भरशील हुनुहुन्छ भन्ने कुरोप्रति विशेष आनन्दित हुनेछैन भन्ने कुराको अनुभव गरीन तब उनले हज़रत मुहम्मद (सल्लम) लाई म आफ्नो धन र आफ्ना दासहरू हजूरका सेवामा प्रस्तुत गर्न चाहन्छु भनी विन्ती गरीन। उहाँले भन्नुभयो, खदीजा, के साँच्चै नै? जब उनले पुनः हो भनी स्वीकार गरीन तब उहाँले भन्नुभयो, दासहरूलाई मुक्त गर्नु मेरो पहिलो कार्य हुनेछ। अतः त्यहीबेला उहाँले हज़रत खदीजाका दासहरूलाई बोलाउनु भयो र तिमीहरू सबै आजबाट मुक्त भयौ भनी आदेश भयो। यसैप्रकार प्राप्त धनको अधिकतर भाग गरीबहरूका बीचमा वितरण गरिदिनु भयो। उहाँले मुक्त गरेका दासहरूमध्ये ज़ैद नामक एउटा दास पनि थियो। त्यो अन्य दासहरूभन्दा अधिक बाठो र चतुर थियो किनभने त्यो एउटा प्रतिष्ठित र सम्मानित परिवारको सन्तान थियो जसलाई बाल्यकालमा डाकाहरूले चोरेर लगेका थिए र त्यो बिकदै बिकदै मक्कासम्म पुगेको थियो। त्यस युवकले आफ्नो बुद्धिमानी र चतुऱ्याईंद्वारा उहाँको दासत्व नै मुक्तिभन्दा अधिक उत्तम रहेको छ भन्नेकुरो बुझेको थियो। जब उहाँले दासहरूलाई मुक्त गर्नुभयो तिनीहरूमा ज़ैद पनि थिए, उनले भने, हज़ूर त मलाई मुक्त गर्नुहुन्छ परन्तु म मुक्त हुन चाहँदिन म त हज़ूरसितै रहन चाहन्छु। अतः उनी उहाँसित रहे र दिन प्रतिदिन उहाँको प्रेम बढ़दै गयो। किनभने उनी एउटा धनी परिवारका सन्तान थिए त्यसकारण उनका पिता र काका डाकाहरूका पछि पछि आफ्नो बालकलाई खोज्दै निस्किए अन्तत उनीहरूलाई तिनको पुत्र मक्कामा छ भन्ने थाहा लाग्यो।

अतः तिनीहरू मक्का आए र पता लगाउँदै मुहम्मद (सल्लम) को सभामा पुगे र उहाँसित हाम्रो पुत्रलाई मुक्त गरिदिनुहोस त्यसको सट्टा जति रुपियाँ लिन चाहनुहुन्छ लिनुहोस भनी विन्ती गरे। उहाँले भन्नुभयो, ज़ैदलाई मैले मुक्ति दिइसकेको छु उनी स्वेच्छापूर्वक तिमीहरूसित जान सक्छन। त्यसपश्चात उहाँले ज़ैदलाई बोलाएर उनका पिता र काकासित भेट गराइदिनुभयो। जब दुबै पक्षको परस्पर मिलन भयो र मनको दुख आँसुसित धोए तब जैदका पिताले भने, यी भद्र व्यक्तिले तिमीलाई मुक्त गरिदिएका छन। तिम्री आमा तिमीलाई याद गरी रोइरहिछन अब तिमी चाँडो हिड र उनलाई सान्त्वना देऊ। तब ज़ैदले भने, माता पिता कसलाई प्रिय हुँदैनन मेरो मनमा पनि उनको प्रेम छ परन्तु हज़रत मुहम्मद (सल्लम)को प्रेमले अत्यधिक मेरो हृदयलाई प्रभावित गरेको छ त्यसकारण म उहाँबाट अलग्ग हुन सक्दिन। तपाइँहरूसित भेट भएकोमा म अत्यन्त प्रसन्न छु परन्तु हज़रत मुहम्मद (सल्लम)बाट अलग्गिने शक्ति ममा छैन। ज़ैदका पिता र काकाले धेरै प्रयास गरे परन्तु ज़ैदले उनीहरूसित जान अस्वीकार गरे। ज़ैदको त्यस प्रेमलाई देखेर हज़रत मुहम्मद (सल्लम)ले खडाभएर भन्नुभयो, ज़ैद पहिला नै मुक्त थियो परन्तु आजबाट यो मेरो पुत्र भयो। उक्त स्थितिलाई देखेर ज़ैदका पिता र काका आफ्नो घरतर्फ फर्किए र ज़ैद सदाका लागि मक्काकै भएर रहे।

## हिरा नामक गुफामा खुदाको उपासना

हज़रत मुहम्मद (सल्लम)को आयु जब तीस सालभन्दा अधिक भयो तब उहाँको हृदयमा अल्लाह तआलाको उपासनाको चाहना पहिलाभन्दा अधिक जोश मार्नलाग्यो। अन्तत उहाँले शहरका मानिसहरूको उपद्रव, दुराचार र दुष्कर्महरूबाट विरक्त

भएर मक्काबाट दुई तीन कोस टाढा एउटा पहाडको टाकुरोमा ढुंङ्गाको एउटा सानु गुफामा खुदा तआलाको उपासना गर्न लागे। हज़रत खदीजा (रज़ि.)ले केही दिनको खाद्य उहाँका लागि तयार गरिदिन्थिन र त्यसलाई लिएर उहाँ हिरा गुफामा जानुहुन्थ्यो र ती दुई तीनवटा ढुंगाहरूका भित्रीभागमा बसेर खुदा तआला (परमेश्वर)को उपासनामा दिन रात मग्न रहनुहुन्थ्यो।

## कुर्आनको पहिलो वह्यी (ईशवाणी)

जब उहाँ चालीस वर्षका हुनुभयो तब एक दिन उहाँले त्यही गुफामा एउटा आध्यात्मिक (अलौकिक) दृश्य के देख्नुभयो भने एउटा व्यक्ति उहाँलाई सम्बोधन गरी ''पढ़'' भनिरहेछ। उहाँले भन्नुभयो, म त पढ्न जान्दिन। त्यसपछि त्यसले पुन: र तेस्रोपटक पनि भन्यो र अन्तत त्यसले पाँचवटा वाक्यांशहरू बोल्न उहाँलाई वाध्य गऱ्यो :-

اِقْرَأْ بِاسْمِ رَبِّكَ الَّذِى خَلَقَ ۔ خَلَقَ الْإِنسَانَ مِنْ عَلَقٍ ۔ اِقْرَأْ وَرَبُّكَ الْأَكْرَمُ ۔ الَّذِى
عَلَّمَ بِالْقَلَمِ ۔ عَلَّمَ الْاِنْسَانَ مَا لَمْ يَعْلَمْ [1]

अर्थात - आफ्ना प्रतिपालकको नाम लिएर पढ जसले पैदा गरे। उन्ले मानिसलाई एउटा चिम्टिने मांसपिंडबाट सृष्टि गरे। पढ, तथा तिम्रा प्रभु (प्रतिपालक) सर्वाधिक सम्माननीय रहेका छन जसले कलमद्वारा सिखाए। मानिसलाई त्यो सबै कुरो सिखाए जसको ज्ञान त्यसलाई थिएन। यही त्यो प्रारम्भिक कुर्आनको वह्यी (ईशवाणी) हो जुन हज़रत मुहम्मद (सल्लम) प्रति अवतरित भयो। यसको भावार्थ हो - समस्त संसारलाई आफना ती प्रभु (प्रतिपालक)को नाममा जसले तिमीलाई र समस्त प्राणीहरूलाई सृष्टि गरे, पढेर ईश्वरको सन्देश सुनाउ।

1. सूर: अल्-अलक़ : 2-6

ती खुदा जसले मनुष्यलाई यसप्रकार जन्माएका छन, फलत: त्यसको हृदयमा खुदा तआला र उनको सृष्टिको प्रेमको बीज पाइन्छ। समस्त संसारलाई यो सन्देश सुनाउ, अर्थात तिम्रा प्रभु जो सर्वाधिक सम्माननीय रहेका छन तिमीसित हुनेछन। ती जसले संसारलाई ज्ञान दिनका निम्ति कलम बनाए र मानिसलाई ती सबै कुरा सिकाउन तत्पर भए जसबारे यसअधि मानिसलाई ज्ञान थिएन। यी केही वाक्यहरू पवित्र कुर्आनका ती समस्त शिक्षाहरूमाथि प्रभावी छन जुन भविष्यमा हज़रत मुहम्मद (सल्लम) प्रति अवतीर्ण हुनेथिए। यसैगरी संसारको सुधारको एउटा विशेष बीउ तिनीहरूमा निहित छ। यिनको व्याख्या त पवित्र कुर्आनमा आफ्नो अवसरमा आउनेछ यससमय यी आयतहरूको चर्चा हज़रत मुहम्मद (सल्लम) को जीवनको यो एउटा विशेष घटना भएको हुनाले गरिएको हो। यसैगरी उक्त आयतहरू पवित्र कुर्आनका लागि नीवको दुङ्गो सरह रहेका छन। हज़रत मुहम्मद (सल्लम) प्रति जब उक्त वाणी अवतीर्ण भयो तब उहाँको हृदयमा के म खुदा-तआलाको यत्रो ठूलो जिम्मेदारी उठाउन सकुँला र भन्ने भय उत्पन्न भयो। केहीं अन्य व्यक्ति रहेको भए खुदा तआलाले एउटा कार्य मलाई सुम्पिएको छ भन्ने घमण्ड र अहंकारले त्यसको दिमाग बिग्रिने थियो परन्तु हज़रत मुहम्मद (सल्लम) काम गर्न जान्नुहुन्थ्यो तर कामप्रति अहंकार गर्न जान्नुहुन्नथ्यो। उक्त ईशवाणी अवतीर्ण हुनासाथ उहाँ हज़रत खदीजाका निकट जानुभयो। उहाँको मुहार उदास थियो र चिन्ताका लक्षणहरू स्पष्ट देखिन्थे। हज़रत खदीजा (रज़ि.) ले सोधीन, के भयो? उहाँले सम्पूर्ण घटना सुनाउनु भयो र भन्नुभयो, म जस्तो दुर्बल मानिसले यस बोझलाई कसरी उठाउन सकुँला र? हज़रत खदीजा (रज़ि.) ले भनीन :-

كَلَّا وَاللّٰهِ مَا يُخْزِيْكَ اللّٰهُ اَبَدًا اِنَّكَ لَتَصِلُ الرَّحِمَ وَ تَحْمِلُ الْكَلَّ وَ تَكْسِبُ الْمَعْدُوْمَ

وتقری الضَّیف وتُعِینُ علی نَوَائِبِ الحَقِّ[1]

अनुवाद :- ‘‘कदापि हुन सकदैन। अल्लाहको शपथ! अल्लाहले कदापि हजूरलाई असफल हुन दिनेछैनन। किनभने हजूर टुटेका सम्बन्धहरूलाई जोडनुहुन्छ र असहायको बोझ उठाउनु हुन्छ तथा संसारबाट समाप्त भइसकेका सद्गुणहरूलाई स्थापित गर्नुहुन्छ र अतिर्थीहरूको सेवा गर्नुहुन्छ तथा सङ्कटमा परेका मानिसहरूको सहायता गर्नुहुन्छ।

के यस्ता मानिसलाई खुदा तआलाले सङ्कटमा पार्न सक्छन र? त्यसपक्षात उनले उहाँलाई आफ्ना काकाका छोरा वरका बिन नोफलकाहाँ लिएर गइन! उनी ईसाई बनेका थिए। जब उनले त्यो घटना सुने तब अकस्मात के भन्नालागे भने - उहाँप्रति त्यही फरिश्ता (देवदूत) उत्रियो जो मूसाप्रति उत्रिएको थियो (बुखारी, अनुच्छेद - बदओल वह्यी) मानो बाईबलको भविष्यवाणी इस्तसना व्यवस्था अध्याय, 18, आयत 18 तर्फ संकेत गरे। जब उक्त कुराको सूचना उहाँका मुक्तिप्राप्त दास ज़ैद जो त्यससमय 25 अथवा 30 वर्षका थिए र उहाँका काकाका पुत्र अली (रज़ि.) लाई जसको आयु त्यससमय 11 वर्षको थियो, मिल्यो तब ती दुबैले तत्काल उहाँलाई स्वीकार गरे।

# हज़रत मुहम्मद (सल्लम) प्रति हज़रत अबूबकर (रज़ि.)ले ईमान (विश्वास) स्थापना गरेको घटना

अबूबकर (रज़ि.) उहाँका बाल्यकालका मित्र थिए उनी

1. बुखारी किताब बदउल वह्यी अध्याय कैफा काना बदउल वह्यी।

शहरबाट बाहिर गएका थिए। जब शहरमा प्रवेश गरे तब उनको कानमा यो खबर पुग्यो, तिम्रो मित्र पागल भयो। उसले आकाशबाट देवदूतहरू उत्रिएर मसित वार्ता गर्छन भन्ने गर्छ। अबूबकर सीधै उहाँको ढोकामा आए र खटखटाए। जब उहाँले ढोका खोल्नुभयो तब उनले उहाँलाई वास्तविक घटना के हो भनी प्रश्न गरे। हज़रत मुहम्मद (सल्लम)ले आफ्ना बाल्यकालका मित्रलाई ठोक्करबाट बचाउनका लागि केही व्याख्या गर्न चाहनुभयो। अबुबकरले उहाँलाई रोके र भने, मलाई केवल हज़ूरले खुदाका फरिश्ताहरू तपाईंका निकट आए र तिनले तपाईंसित वार्ता गरे भन्ने कुराको उत्तर दिनुहोस। उहाँले पुनः व्याख्या गर्न चाहनुभयो। परन्तु अबूबकरले कसम दिएर भने, केवल मेरो प्रश्नको उत्तर दिनुहोस त्यसबाहेक केही नभन्नुहोस। जब उहाँले हो भनी उत्तर दिनुभयो तब अबूबकरले भने, साक्षी रहनुहोस, म तपाइँप्रति विश्वास स्थापना गर्छु। त्यसपछि पुनः भने, हे अल्लाहका सन्देशवाहक, तपाईं त तर्क प्रस्तुत गरेर मेरो ईमानलाई दुर्बल गर्न लाग्नुभएको थियो। जसले हजुरको जीवन देखेको छ त्यसलाई हजुरको सत्यताप्रति अन्य कुनै तर्क अथवा प्रमाणको अवश्यक पर्छ र?

## मोमिन (विश्वासी) हरूको सानु जमात (समाज)

यो एउटा सानु जमात थियो जसबाट इस्लामको नीव पर्‍यो। एउटी महिला जो बुढेसकालमा प्रवेश गर्न लागेकी थिइन र एउटा एघार सालको बालक तथा एकजना मुक्तिप्राप्त दास तन्देरी युवक जो प्रदेशी र अर्काको घरमा रहने जसको समर्थक कोही थिएन। यसैगरी एकजना युवक मित्र र एकजना ईशवाणी प्राप्तिको दावी

गर्ने व्यक्ति, यही एउटा त्यो सानु टोली थियो जसले संसारमा प्रकाश फैलाउनका लागि अविश्वास र पथभ्रष्टताको मैदानतर्फ प्रस्थान गऱ्यो। मानिसहरूले जब कुरा सुने तब तिनीहरूले खिल्ली उडाए र एक आपसमा कानाफूसी गरी आँखाको सङ्केतले एक अर्कालाई यिनीहरू त पागल भएका छन भनी भन्नलागे। यसैगरी इनीहरूका कुराबाट हैरान हुनुपर्दैन अपितु सुन र आनन्द उठाऊ भन्नलागे। परन्तु सत्य आफ्नो पूर्ण प्रतापका साथ प्रकट हुनलाग्यो र यस्या: नबिको भविष्यवाणी अनुसार ''आदेश माथि आदेश - आदेशमाथि आदेश, कानूनमाथि कानून - कानूनमाथि कानून'' (अध्याय 28, आयत 13) हुदैगयो। ''अलिकति यहाँ अलिकाति उहाँ'' र एउटा अपरिचित भाषाको माध्यमले जसको अरबीहरूलाई त्यसअघि ज्ञान थिएन खुदाले मुहम्मद रसूलुल्लाह (सल्लम) द्वारा अरबीहरूसित वार्ता गर्न आरम्भ गरे। नवयुवकहरूको हृदय धड्कन लाग्यो। सत्यका खोजीहरूको शरीरमा कपकपी उत्पन्न भयो। तिनीहरूको हाँसो-ठठ्ठा र उपहासको हल्लामा चाहना र प्रशंसाका शब्दहरू पनि विस्तार विस्तारै उठ्नलागे। दासहरू, नवयुवकहरू तथा पीडित महिलाहरूको एउटा टोली उहाँका सेवामा एकत्रित हुनलाग्यो किनभने उहाँको पुकारमा महिलाहरूले आफ्ना अधिकारहरूको सुरक्षा देख्नलागेका थिए र दासहरूले आफ्नो मुक्तिको घोषणा सुन्नलागेका थिए र नवयुवकहरूले ठूला ठूला आशाहरू र उन्नतिका मार्गहरू खुलेको अनुभव गर्दथे।

## मक्काका मुखियाहरूको विरोध

जब हाँसोठट्ठा र उपहासको होहल्लाबाटै बाहवाही र प्रसंशाका शब्दहरू पनि उठ्न लागे तब मक्काका साहुहरू र

मुखियाहरू डराउन लागे। शासकहरूको मनमा भय उत्पन्न हुनलाग्यो। तिनीहरू एकत्रित भए र परस्पर सल्लाह-परामर्श गरी, योजनाहरू बनाए र ठट्टा र उपहासको सट्टा अत्याचार र थिचोमिचो तथा नाता तोड्ने निर्णय गरे र त्यही बमोजिम व्यवहार आरम्भ गरे। अब मक्कावासीहरूले गम्भीरतापूर्वक इस्लामसित टक्कर लिने निर्णय गरिसकेका थिए। अब त्यो पागलपूर्ण दावी एउटा उन्नति प्राप्त गर्ने वास्तविकता देखिन लागेको थियो। मक्काको राजनीतिका लागि खतरा, मक्काको धर्मका लागि खतरा, मक्काको संस्कारका लागि खतरा, र मक्काका रीतिथितिका लागि खतरा देखिनलागेको थियो। इस्लामले अब नया आकाश र नया धरती सृजना गर्नलागेको देखिंदै थियो। तथा त्यो नया आकाश र नया धरतीको उपस्थितिमा अरबको पुरानो आकाश र पुरानो धरती टिकन सक्नेथिएन। अब यो प्रश्न मक्कावासीहरूको ठट्टाको प्रश्न रहेको थिएन अपितु अब यो जीवन र मृत्युको प्रश्न थियो। तिनीहरूले इस्लामको चेलेञ्जलाई स्वीकार गरे र त्यही उग्रताका साथ स्वीकार गरे जुन उग्रताका साथ नबीहरूका शत्रुहरूले नबीहरूको चेलेञ्जलाई स्वीकार्दै आएका थिए। तिनीहरू तर्कको उत्तर तर्कद्वारा होइन अपितु तरवार र तीरका साथ दिन तत्पर भए। इस्लामको शुभ चाहनाको उत्तर त्यही अनुरूप सद्व्यवहारद्वारा होइन अपितु गाली र भत्सर्नाद्वारा दिने तिनीहरूले निर्णय गरे। संसारमा पुनः एकपटक इस्लाम र कुफ्र (अविश्वास)का बीचमा लडाईं आरम्भ भयो। एकपटक पुनः सैतानको लश्करले फरिश्ताहरूमाथि आक्रमण गर्‍यो। ती अति कमसंख्यक मानिसहरूमा मक्कावासिहरूका सामुन्ने टिकन सक्ने शक्ति नै कहाँ थियो। महिलाहरूलाई लज्जापूर्ण तरीकाले मारियो। पुरुषहरूलाई खुट्टाहरू चिरेर हत्या गरियो। दासहरूलाई तातो बालुवामा र चुचे दुङ्गाहरूमा घसारियो जसले गर्दा

तिनीहरूको छाला मानिसको नरहेर जनावरहरूको छालाजस्तै बन्न गयो। एउटा लामो समयपछि जब इस्लामको विजययुग आयो र इस्लामको झण्डा पूर्व र पश्चिममा लहराउन लाग्यो तब एकपटक एकजना प्रारम्भिक मुस्लिम गुलाम (दास) खब्बाब (रज़ि.) को पिठयुँ नग्न भयो तब उनका मित्रहरूले तिनको पिठयुँको छाला मानिसको छालाजस्तो नभएर जनावरको छालाझैं देखेर आत्तिए अनि उनीसित सोधे - तिमीलाई यो के रोग लागेको हो? उनले हाँस्दै उत्तर दिए, हो यो त त्यससमयको स्मरण हो जब हामी मुसलमान हुने दासहरूलाई अरबका मानिसहरूले मक्काका मार्गहरूमा अत्यन्त चुच्चे र खस्रा ढुंगाहरूमाथि घिस्याउने गर्थे र बारम्बार यस्तो अत्याचार हामीमाथि गरिन्थ्यो त्यसको परिणाममा मेरो पिठयुँको छाला यस्तो हुनगयो।

## मोमिन (विश्वासी) दासहरूमाथि मक्काका अविश्वासीहरूको उत्पीडन र अत्याचार

हज़रत मुहम्मद (सल्लम) प्रति विश्वास स्थापन गर्ने ती दासहरू भिन्न-भिन्न जातिका थिए। तिनीहरूमा हब्शी (अफ्रीकन) पनि थिए र रोमी पनि। हब्शीमा बिलाल (रज़ि.) र रोमीमा सुहैब (रज़ि.)। यसैगरी तिनीहरूमा ईसाई पनि थिए जस्तै-जुबैर र सुहैब र मूर्तिपूजक अनेकेश्वरवादी पनि जस्तै - बिलाल (रज़ि.) र अम्मार (रज़ि.)। बिलाल (रज़ि.) लाई तिनका मालिकले तातो बालुवामा लडाएर उनीमाथि या त ढुङ्गो राखिदिन्थे या त युवकहरूलाई छातीमाथि उफ्रनका लागि नियुक्त गरिदिन्थे। हब्शी जातिका बिलाल (रज़ि.) उमैया बिन खल्फ नामक एउटा मक्काको धनी मानिसका दास थिए। उमैया

उनलाई मध्यान्हका समयमा गर्मीका दिनमा मक्काबाट बाहिर लगेर तातो बालुवामाथि नांगो गरी सुताउँथ्यो त्यसपछि ठूला-ठूला ताता ढुङ्गाहरू उनको छातीमाथि राखेर लात र उज़्ज़ाको ईश्वरत्वलाई मान र मुहम्मदबाट अलग्ग हो भनी आदेश दिन्थ्यो। बिलालले त्यसको जवाफमा अहद्, अहद् भन्थे अर्थात ''अल्लाह एक हुन अल्लाह एक हुन'' भन्थे। बारम्बार उनको त्यो उत्तर सुनेर उमैयाको क्रोध अझ बढ्थ्यो र तिनको गर्धनमा डोरी बाँधेर दुष्ट युवाहरूलाई यसलाई मक्काका मार्गहरूमा ताता ढुङ्गहरूमाथि घिस्याउँदै लैजाऊ भनी सुम्पिन्थ्यो। त्यसको फलस्वरूप उनको शरीर रक्तमय हुन्थ्यो परन्तु त्यसोपरान्त उनी ''अहद्, अहद, भन्न छाड्दैनथे। लामो समयपछि जब खुदा तआलाले मुसलमानहरूलाई मदीनामा शान्ति प्रदान गरे जब तिनीहरू बेरोकटोक उपासना गर्ने योग्य भए तब मुहम्मद रसूलुल्लाह (अल्लाहका सन्देशवाहक) ले बिलाल (रज़ि.)लाई आज़ान (अल्लाहको उपासनाका निम्ति मस्जिदतर्फ बोलाउने कार्य) दिनका लागि नियुक्त गर्नुभयो। त्यो हब्शी दास जब आज़ानमा ''अश्हदु'' (म साक्षी दिन्छु) को ठाउँमा ''अस्हदु भन्थ्यो तब मदीनाका मानिसहरू जसलाई उसको यथास्थितिको ज्ञान थिएन हाँस्न लागे। एकपटक हज़रत मुहम्मद (सल्लम) ले बिलालको आज़ानप्रति हाँस्दै गरेको देख्नुभयो तब उहाँ मानिसहरूतर्फ फर्कनुभयो र भन्नुभयो, ''बिलालको आज़ान सुनेर हाँसिरहेछौ परन्तु खुदा तआला आफ्नो सिंहासनमा यसको आज़ान सुनेर प्रसन्न हुन्छन। तिमीहरू त उनले ''श'' उच्चारण गर्न सक्दैन भन्ने कुरो हेर्छौ परन्तु ''श'' र ''स'' को के महत्व छ। ख़ुदा तआलाले त त्यस कुरोलाई जान्दछन जब तातो बालुवामाथि नाङ्गो पिठ्युँ पारेर उनलाई लडाइन्थ्यो उ उनका छातीमाथि अत्याचारीहरू आफ्ना जूतासमेत उफ्रन्थे र के अब पनि शिक्षा मिल्यो अथवा मिलेन भनी सोध्ने गर्थे। तब उनी

आफ्नो लडखडाउँदो बोलीमा ''अहद'' ''अहद'' भनी खुदा तआलाको एकेश्वरवादको घोषणा गर्थे तथा आफ्ना आज्ञाकारिता र ऐकेश्वरवादको आस्था र आफ्नो हृदयको दृढताको प्रमाण प्रस्तुत गर्थे। अतः उनको ''अस्हद धेरै मानिसहरूको ''अश्हद'' भन्दा अधिक महत्वपूर्ण थियो।

हज़रत अबू बकर (रज़ि.)ले जब त्यो अत्याचार देखे तब उनका मालिकलाई उनको मूल्य तिरेर उनलाई मुक्त गरिदिए। यसैप्रकार अन्य धेरै दासहरूलाई हज़रत अबू बकर (रज़ि.) ले आफ्नो धन खर्च गरेर मुक्ति गराए। ती दासहरूमध्ये सुहैब (रज़ि.) एकजना धनी व्यक्ति थिए। तिनी व्यापार गर्ने र मक्काका मान्यवर व्यक्तिहरूमध्येका मानिन्थे परन्तु उनी धनी भएतापनि र मुक्तिप्राप्त भएतापनि त्यहाँका कुरैशहरूले तिनलाई कुटेर बेहोश पार्ने गर्थे। जब हज़रत मुहम्मद (सल्लम) मदीनातर्फ हिजरत (देशत्याग) गरेर जानुभयो तब उहाँपछि सुहैबले पनि मदीना हिजरत गरेर जाने इच्छा गरे। परन्तु मक्काका मानिसहरूले उनलाई रोके र जुन धनसम्पत्ति तिमीले मक्कामा कमाएका छौ त्यो कसरी मक्काबाट बाहिर लैजान सक्छौ र, हामी तिमीलाई मक्काबाट जान दिदैनौ भनी तिनलाई भने। सुहैबले भने, ''यदि मैले यो समस्त धन सम्पत्ति छाडिदिएमा के तिमीहरूले मलाई जान दिनेछौ त?'' तब तिनीहरू सहमत भए र उनी आफ्नो समस्त धन सम्पत्ति मक्कावासीहरूका सुपुर्द गरेर खाली हात मदीना प्रस्थान गरे। उनी यसप्रकार हज़रत मुहम्मद (सल्लम) को सेवामा उपस्थित भए। उहाँले भन्नुभयो, - ''हे सुहैब! तिम्रो यो सौदा पहिलाका सबै सौदाहरूभन्दा लाभजनक रहेको छ। अर्थात पहिला सामानहरूको सट्टामा तिमी रुपियाँ कमाउने गर्थ्यौ परन्तु अब रुपियाँका सट्टामा तिमीले ईमान (विश्वास) प्राप्त गरेका छौ। ती दासहरूमध्ये अधिकतर त आन्तरिक र वाह्यरुपमा दृढ रहे।

परन्तु केहीद्वारा भने वाह्यरूपमा केही दोषहरूपनि प्रकट भए। अत: एकपटक हज़रत मुहम्मद (सल्लम) अम्मार नामक एउटा दासको छेउबाट जान लाग्नुभएको थियो तब उहाँले उनलाई रुदै गरेको र आँखाका आँसुहरू पुछिरहेको देख्नुभयो। उहाँले अम्मारलाई के घटना घट्यो भनी सोध्नुभयो। अम्मारले भने, हे अल्लाहका रसूल, अत्यन्त नराम्रो कुरो भएको छ। तिनीहरूले मलाई कुट्दै गए र कष्ट दिंदैगए र तबसम्म मलाई छाडेनन जबसम्म मेरो मुखबाट हजूरको विरोधमा र देवताहरूको समर्थनमा वाक्यहरू प्रकट गराएनन। हज़रत मुहम्मद (सल्लम)ले सोध्नुभयो - ''परन्तु तिमी आफ्नो मनमा के अनुभव गऱ्थ्यौ?'' उहाँले भन्नुभयो, यदि मन ईमानप्रति सन्तुष्ट थियो भने खुदा तआलाले तिम्रो भूललाई क्षमा गरिदिनेछन। उनका पिता यासिर (रज़ि.) र उनकी माता समयालाई पनि कुफ्फारहरू (मक्काका अविश्वासीहरू) अत्यन्त कष्ट दिनेगर्थे। अत: एकपटक जब तिनीहरूलाई कष्ट दिइरहिएको थियो हज़रत मुहम्मद (सल्लम) उनीहरूका निकट पुग्नुभयो र तिनीहरूको कष्ट देखरे उहाँको हृदयमा ठूलो पीड़ा उत्पन्न भयो र उनीहरूलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, ''हे यासिरका परिवार! धैर्य धारण गर। खुदाले तिमीहरूका लागि स्वर्ग तयार पारेर राखेका छन।'' अत: त्यो भविष्यवाणी केही दिनपछि नै पूरा भयो किनभने यासिर पिटाइ खाँदा खांदै मरे तर पनि ती मक्काका अविश्वासीहरूको चित्त बुझेन र तिनीहरूले उनकी वृद्धा पत्नीलाई सताउन लागे। अत: अबूजहलले एकदिन क्रोधित भइ उनको तिघ्रोमा भालाले जोडदार प्रहार गऱ्यो र त्यो भाला तिघ्रो चिर्दै पेटमा प्रवेश गऱ्यो जसका कारण उनले छटपटाउँदै ज्यान दिइन। ज़ुबैरा नामकी एउटी दासी थी त्यसलाई अबूजहलले एकदिन अत्यधिक कुट्यो फलत: उसका आँखाहरू नै नष्ट भए। यसैगरी अबू फकीहा (रज़ि.) नामक सुफियान बिन उमैयाका

दास थिए। तिनलाई उनका मालिक र उसको परिवारले तातो भूमिमा लडाएर उनको छातीमाथि ठूला ठूला ताता ढुङ्गाहरू राखिदिन्थे फलतः उनको जिब्रो बाहिर निस्किएर आउँथ्यो। यही अवस्था अन्य दासहरूको पनि थियो।

निस्सन्देह ती अत्याचारहरू मानिसले सोच्न नसकिने थिए परन्तु जसमाथि ती अत्याचारहरू गरिन्थे तिनीहरू त मानिस नै थिए तर तिनीहरूका अन्तरमा भने खुदाले वार्तालाप गर्ने गर्थे। कुनै धर्म तबसम्म स्थापित हुनसक्दैन जबसम्म त्यसलाई प्रारम्भकालमा मान्ने व्यक्तिहरूका हृदयबाट खुदाको ध्वनि (वाणी) प्रकट हुदैन। जब मानिसहरूले तिनीहरूलाई त्यागे र नातेदारहरू तिनीहरूबाट विमुख भए तब खुदा तआलाले तिनीहरूको मनमा म तिमीहरूका साथमा छु। म तिमीहरूका साथमा छु भनी सान्त्वना दिन्थे फलतः ती समस्त अत्याचार र उत्पीडनहरू तिनीहरूका निम्ति राहत (सान्त्वना) बन्थे। गालीहरू दुआ (वरदान) बन्न जान्थे। ढुङ्गहरूले औषधिको स्थान लिन्थे। विरोध बढ्दै गयो परन्तु ईमानले पनि साथसाथै प्रगति गर्दैगयो। अत्याचारले आफ्नो अन्तिम बिन्दु छोयो परन्तु निष्ठा र श्रद्धाले पनि पहिलेका समस्त सीमाहरूलाई पार गऱ्यो।

## स्वाधीन मुसलमानहरूमाथि अत्याचार

स्वाधीन मुसलमानहरूमाथि पनि केही कम अत्याचार भइरहेका थिएनन। तिनीहरूका मान्यवर र परिवारका मुखियाहरूले तिनीहरूलाई पनि भिन्न-भिन्न प्रकारका यातनाहरू दिइरहेका थिए। हज़रत उस्मान (रज़ि.) प्रायः चालीस वर्षका थिए, उनी धनवान थिए। परन्तु जब मक्काका कुरैशले उनीमाथि उत्पीडन गर्ने निर्णय गरे तब उनका काका हकमले उनलाई डोरीले बाँधेर खुब

पिटे। यसैगरी ज़ुबैर बिन अलअवाम एकजना अत्यन्त बहादुर र साहसी युवक थिए। इस्लामको विजयकालमा उनी एकजना प्रबल जरनैल मानिए। उनका काकाले पनि उनलाई खुबै सताउँथ्यो। चटाईमा घोपटयाएर तल्लोपटिबाट धुँवा लगाउँथ्यो जसबाट उनको सांस थुनिन्थ्यो त्यसमाथि के भन्थ्यो भने, ''के अब पनि तँ इस्लामलाई त्याग्छस अथवा त्याग्दैनस? परन्तु उनी त्यस यातनालाई सहन गर्दै केवल के भन्थे भने, - ''मैले सत्यलाई पहिचान गरिसकेको छु। त्यसकारण त्यसको अस्वीकार गर्न सक्दिन।'' हज़रत अबूज़र गफ्फार (रज़ि.) ग़फ्फार कबीलाका एकजना व्यक्ति थिए। उनले मक्कामा कुनै व्यक्तिले खुदा तआलाका तर्फबाट सन्देशवाहक नियुक्त भएको दावीगरेको छ भनी सुने तब उनी खोज पड़तालका लागि मक्का आए। मक्कावासीहरूले तिनलाई छलकपट गरी मुहम्मद त हाम्रो नातेदार हो। उसले एउटा पसल खोलेको छ भन्ने कुरो हामी जान्दछौं भनी धोका दिने प्रयास गरे। परन्तु अबूज़र भने आफ्नो प्रयासमा अडिग रहे र धेरै उपायहरू अपनाएर अन्ततः हज़रत मुहम्मद (सल्लम)को सेवामा उपस्थित भए। हज़रत मुहम्मद (सल्लम) ले इस्लामको शिक्षा वर्णन गर्नुभयो फलतः उनले इस्लाम ग्रहण गरे। त्यसपश्चात उनले केही समयसम्म यदि मैले आफ्ना जातिका मानिसहरूलाई इस्लामबारे नबताएमा र मेरो ईमानलाई गुप्त राखेमा केही अनर्थ त हुनेछैन भनी उहाँसित प्रश्न गरे तब उहाँले उनलाई भन्नुभयो, ''केही दिनसम्म चुप्प रहेमा त केही हुनेछैन।'' त्यस अनुमतिपछि उनी आफ्नो कबीलातर्फ प्रस्थान गरे र केही समय भित्रै स्थितिमा सुधार ल्याउने छु र त्यसपछि आफ्नो इस्लाम प्रकट गर्नेछु भनी मनै मनमा निर्णय गरे। जब उनी मक्काका मार्गहरूबाट प्रस्थान गरिरहेका थिए तब उनले मक्काका मुखियाहरूले इस्लामविरुद्ध अपशब्द प्रयोग गर्दैगरेको सुने। केही दिनका लागि इस्लामलाई

गुप्त राख्ने तिनको मनको योजना त्यहीसमय समाप्त भयो र तत्काल उनले

اَشْهَدُ اَنْ لَّا اِلٰهَ اِلَّا اللّٰهُ وَحْدَهٗ لَا شَرِيْكَ لَهٗ وَاَشْهَدُ اَنَّ مُحَمَّدًا عَبْدُهٗ وَرَسُوْلُهٗ۔

अर्थात अल्लाह एक हुन र उनको कोही साझेदार छैन यसैप्रकार मुहम्मद उनका भक्त र सन्देशवाहक हुन भनी म साक्षी दिन्छु भन्दै शत्रुहरूको त्यही सभामा उच्चस्वरमा घोषणा गरे। जब उनको त्यो घोषणा शत्रुको त्यस सभामा सबैले सुने तब सबैजना उनलाई कुट्नका लागि खडा भए र उनलाई पिट्न लागे फलतः उनी बेहोश भए परन्तु अत्याचारीहरूले आफ्नो हात रोकेनन र निरन्तर उनलाई पिटिरहे। त्यहीसमय हज़रत मुहम्मद (सल्लम) का काका अब्बास जो त्यसबेलासम्म मुसलमान भएका थिएनन त्यहाँ आइपुगे र तिनीहरूलाई अबूज़र को कबिला (गुट)को बाटो भएर तिमीहरूको खाद्यसामग्री आउने गर्छ यदि यसका जातिका मानिसहरूलाई क्रोध आएमा मक्कामा मानिसहरू भोकै मर्नेछन भनी सम्झाए। त्यसपश्चात भने तिनीहरूले उनलाई छाडिदिए। अबूज़रले एक दिन विश्राम गरे र दोस्रो दिन पुनः त्यस सभामा उपस्थित भए। त्यहाँ त हज़रत मुहम्मद (सल्लम) का विरुद्ध कुरा गर्नु दैनिक कार्यक्रम थियो। जब उनी ख़ानाकाबा गए त्यहाँ पनि त्यही चर्चा थियो। उनले पुनः खडा भएर आफ्नो एकेश्वरवादको आस्थाबारे घोषणा गरे र त्यसपछि तिनीहरूले पनि उनलाई कुट्न पिट्न लागे। यही क्रम तीन दिनसम्म चल्यो। त्यसपश्चात उनी आफ्ना कबीला (समूह) तर्फ प्रस्थान गरे।

## हज़रत मुहम्मद (सल्लम)माथि अत्याचार

हज़रत मुहम्मद (सल्लम)को अस्तित्व पनि सुरक्षित थिएन। उहाँलाई पनि भिन्न भिन्न प्रकारका कष्टहरू दिइन्थे। एकपटक

उहाँले उपासना गरिरहेका बेला मानिसहरूले उहाँका गर्धनमा पटुका बाँधरे तान्नलागे फलतः उहाँका आँखाहरू बाहिर निस्किए त्यहीसमय हज़रत अबू-बकर त्यहाँ आइपुगे र हे मानिसहरूहो! के तिमीहरू एउटा मानिसलाई त्यसले खुदा नै मेरा स्वामी हुन भन्दैमा मार्न लागेका हौ भनी छुटाए (बुखारी, भाग 1 पृष्ठ 54) यसैप्रकार एकपटक उहाँले नमाज़ पढरहेको बेलामा ऊँटका आन्द्रा भुडी ल्याएर उहाँको पिठ्यूँमाथि लादिदिए र त्यसको बोझले गर्दा उहाँले तबसम्म टाउको उठाउन सक्नुभएन जबसम्म केही मानिसहरूले आएर उहाँका पिठ्युँबाट त्यो आन्द्राभुँडी हटाएनन।

(बुखारी, किताबुस्सलात)

एकपटक उहाँ बजारबाट प्रस्थान गरिरहेका अवस्थामा मक्काका दुष्टहरूको एउटा समूह उहाँका चौतर्फा एकत्रित भयो र बाटो भरी उहाँलाई थप्पड हान्दै गयो र मानिसहरूलाई यो त त्यो व्यक्ति हो जसले म नबी हुँ भन्ने गर्छ भनी सुनाउँदै गयो।

उहाँका घरमाथि छेउछाउका घरहरूबाट निरन्तर ढुङ्गा फ्याँकिने गरिन्थ्यो। भान्साघरमा दुर्गंधित वस्तुहरू फ्याँकिन्थे। ती वस्तुहरूमा बाख्रा र ऊँटहरूका आन्द्रा भुडीहरूपनि हुन्थे। जब उहाँ नमाज़ पढनुहुन्थ्यो त्यससमय उहाँमाथि धुलो हालिन्थ्यो। अन्ततः बाध्य भएर उहाँले पहाडबाट निस्किएको एउटा ढुङ्गोमनि लुकेर नमाज़ पढनु परेको थियो। परन्तु ती उत्पीडनहरू व्यर्थ गइरहेका थिएनन। भला मानिसहरूले जब तिनलाई देख्थे इस्लामतर्फ तिनीहरूको मन आकर्षित हुन्थ्यो। एकदिन हज़रत मुहम्मद (सल्लम) खाना का'बाका निकट सफा नामक पहाड़मा बासिरहेका अवस्थामा उहाँको सबैभन्दा ठूलो शत्रु मक्काको मुखिया अबूजहल त्यहाँ आयो र उहाँलाई गाली दिनलाग्यो। उहाँले चुप्पलागेर त्यसको गाली सुन्नुभयो र आफ्नो घरतर्फ लाग्नुभयो। उहाँका परिवारकी एउटी दासीले त्यो घटना देखिरहेकी थी।

सन्ध्याकालमा उहाँका काका हम्ज़ा जो एकजना पराक्रमी र निडर व्यक्ति थिए, उनको बहादुरीका कारण शहरका मानिसहरू उनीसित भयभीत रहन्थे। उनी शिकार खेलेर जंगलबाट फर्किए र काँधमा कमान लटकाएर आफ्नो बडापन प्रदर्शन गर्दै घरमा प्रवेश गरे। दासीको मन भने बिहानीको दृश्यबाट अत्यन्त दुखित थियो उसले हम्ज़ालाई त्यस अवस्थामा देखेर सहन सकिन र उनीप्रति उपहास गर्दै भन्न लागि, ‘‘तिमी त धेरै बहादुर बनरे हिड्छौ संधै अस्त्रशस्त्र भिररे राख्छौ परन्तु के तिमीलाई बिहान अबू जहलले तिम्रा भतीजासित के व्यवहार गर्‍यो भन्ने कुरो थाहा छ? हम्ज़ाले के कुरो भनी सोधे उसले त्यो समस्त घटना विस्तारपूर्वक सुनाई। हम्ज़ा मुसलमान त थिएनन परन्तु सहृदयी थिए। इस्लामको शिक्षाबारे सुनेका थिए र त्यसको प्रभाव उनका हृदयमाथि परेको थियो परन्तु आफ्नो स्वेच्छापूर्ण जीवनका कारण गम्भीरतापूर्वक ती शिक्षाहरूबारे सोच्ने अवसर मिलेको थिएन। परन्तु उक्त घटनाबारे सुनरे उनको रगमा समर्थनको जोश उत्पन्न भयो आँखाबाट लापर्वाहीको पर्दा हट्यो। उनलाई एउटा बहुमूल्य वस्तु हातबाट निस्कन लागेको अनुभव भयो। त्यहीबेला उनी घरबाट निस्किए र खानाका’बातर्फ लागे मुखियाहरूको छलफल गर्ने विशेष स्थानमा पुगे र आफ्नो कमान काँधबाट उतारेर अबू जहललाई जोडदार प्रहार गरे तथा भने, ‘‘सुन! म पनि मुहम्मद (सल्लम) को धर्मलाई अपनाउँछु। तिमीले बिहान बिनाकारण उहाँलाई गाली दियौ किनभने उहाँ गालीको जवाफ दिनुहुदैन यदि बहादुर हौ भने मेरो कुटाइको जवाफ देउ। उक्त घटना अति अचानक भएकोले अबूजहल पनि डर्‍यो। त्यसका मित्रहरू हम्ज़ासित लड्नका लागि तत्पर भए परन्तु उनको बहादुरी र सशक्त जत्थाबारे सोचेर अबूजहलले लडाई आरम्भ भएको खण्डमा त्यसको परिणाम अति भयानक हुनेछ भन्ने ठानी स्थिति अनुरूप

निर्णय गर्दै आफ्ना मित्रहरूलाई झगडा नगर भनी सम्झायो र भन्यो, जानदेऊ, मैले वस्तुतः आफ्ना भतीजालाई अति नराम्रो गरी गाली दिएको थिएँ।'' (इब्ने हश्शाम, भाग 1, पृष्ठ 99)

## इस्लामको सन्देश

जब विरोध बढ्यो र दोस्रोतर्फ हज़रत मुहम्मद (सल्लम) तथा उहाँका सहचरहरूले जोडदार तरीकाले संसारका सृष्टिकर्ता खुदा (परमेश्वर) एक हुन उनीबाहके कोही उपास्य छैन। जतिपनि नबीहरू संसारबाट गए सबैले उनको ऐकेश्वरवादलाई स्वीकार गर्नेगर्थे र आफ्ना जातिका मानिसहरूलाई पनि यही शिक्षातर्फ आह्वान गर्नेगर्थे। तिमीहरू एक खुदाप्रति ईमान (विश्वास) ल्याऊ र ती ढुंगाका मूर्तिहरू जुन पूर्णत निरर्थक रहेका छन त्याग किनभने तिनमा कुनै शक्ति छैन भनी मक्काका निवासीहरूसमक्ष खुदा तआलाको सन्देश प्रस्तुत गर्न आरम्भ गरे। उनीहरू भन्थे, हे मक्कावासीहरूहो! के तिमीहरू देख्दैनौ ती मूर्तिहरूका सामुन्ने जुन भेट र प्रसादहरू चढाइन्छ यदि त्यसमाथि झिंगाहरूको गोलो आएर बसेमा तिनीहरूमा ती झिंगाहरूलाई भगाउने शक्ति पनि हुदैन। यदि कसैले तिनीहरूमाथि आक्रमण गरेमा तिनीहरूले आफ्नो सुरक्षा गर्न सक्दैनन। यदि कसैले तिनीहरूसित प्रश्न गरेमा त्यसको उत्तर दिन सक्दैनन। यदि कसैले तिनीहरूसित सहयोग मागेमा तिनीहरूले त्यसको सहयोग गर्न सक्दैनन। परन्तु खुदा जो अद्वितीय रहेका छन, उनी त माग्नेहरूको मनोकामना पूरा गर्छन। प्रश्न गर्नेहरूको प्रश्नको उत्तर दिन्छन। सहयोग माग्नेहरूलाई सहयोग प्रदान गर्छन। आफ्ना शत्रुहरूको दमन गर्छन र आफ्ना उपासक भक्तहरूलाई ठूलो उन्नति प्रदान गर्छन। उनीबाट प्रकाश आउँछ र त्यसले उनका

उपासकहरूको आत्मालाई प्रकाशित तुल्याउँछ। अत: तिमीहरू किन यस्ता खुदालाई छाडेर जड मूर्तिहरूका सामुन्ने नतमस्तक हुन्छौ र आफ्नो आयु खेर हाल्छौ। खुदा तआलाको सत्तालाई त्यागनाले तिमीहरूका धारणाहरू पनि दूषित भएका र मन पनि अन्धकारमय भएको तिमीहरू देख्दैनौ? तिमीहरू भिन्न भिन्न प्रकारका भ्रमपूर्ण शिक्षाहरू मान्दछौ। वैध र अवैध के हो भन्ने कुराको ज्ञान तिमीहरूलाई छैन। राम्रो नराम्रोमा फरक तिमीहरू गर्न सक्दैनौ। आफ्नी आमाहरूको अपमान गर्छौ। आफ्नी बहिनीहरू र छोरीहरूमाथि अत्याचार गर्छौ। तिनीहरूको अधिकार तिनीहरूलाई दिदैनौ। आफ्ना पत्नीहरूसित तिमीहरूको व्यवहार ठीक छैन। अनाथहरूको अधिकार मार्छौ र विधवाहरूसित दुर्व्यवहार गर्छौ। गरीबहरू र असहायहरूप्रति अत्याचार गर्छौ। अरूको अधिकार मारेर आफ्नो बढाईं गर्छौ। मिथ्या र धोकाप्रति तिमीहरूलाई लाज लाग्दैन। चोरी र डाकाप्रति तिमीहरूलाई घृणा लाग्दैन। जुवाखेल र मदिरापान तिमीहरूको मनपर्दो काम हो। शिक्षाग्रहण र जातिय सेवातर्फ तिमीहरूको ध्यान छैन। अद्वितीय खुदाका तर्फबाट कबसम्म लापर्वाह रहन्छौ। आऊ र आफ्नो सुधार गर र अत्याचार त्याग। प्रत्येक हकदारलाई त्यसको हक अधिकार देऊ। खुदाले यदि धन सम्पत्ति दिएको रहेमा देश र जातिको सेवा र असहाय र गरीबहरूको उधारका निम्ति त्यसलाई खर्च गर। महिलाहरूको सम्मान गर र तिनीहरूको अधिकार देऊ। टुहुराहरूलाई अल्लाह तआलाका धरोहर जान। तिनीहरूको सेवा र हेरचाहलाई ठूलो पुण्यकर्म हो भनी ठान। विधवाहरूका आश्रा बन। पुण्य र भलाई तथा तक्वा (संयम) स्थापित गर। न्यायमात्र न भएर सहानुभूति र उपकारलाई आफ्नो लक्ष बनाऊ। यस संसारमा तिमीहरूको आगमन व्यर्थ नजाओस। स्थायी पुण्यको बीज रोप्नका निम्ति आफ्नो उत्तम प्रभाव छाडेर जाऊ। अधिकार

लिनुमा होइन अपितु त्याग र बलिदानमा नै वास्तविक सम्मान रहेको छ। अतः तिमीहरू त्याग र बलिदान प्रस्तुत गर र खुदाको निकटता प्राप्त गर। खुदाका भक्तहरूका सामुन्ने त्यागको नमूना प्रस्तुत गर जसबाट खुदा तआलाका निकट तिमीहरूको हक अधिकार स्थापित होस। निस्सन्देह हामी दुर्बल छौं परन्तु हाम्रो दुर्बलता तर्फ दृष्टि नगर। स्वर्गमा सत्यको राज्यबारे निर्णय भइसकेको छ। अब मुहम्मद रसूलुल्लाह (सल्लम) मार्फत न्यायको मापदण्ड राखिनेछ र न्याय तथा दयाको राज्य (शासन) स्थापित गरिनेछ। त्यसमा कसैमाथि अन्याय र अत्याचार हुनेछैन। धर्मका सम्बन्धमा हस्तक्षेप गरिनेछैन। महिलाहरू र दास दासीहरूमाथि जुन अत्याचार हुंदैआएको छ त्यसलाई समाप्त गरिनेछ र सैतानको शासनका स्थानमा एक खुदाको शासन कायम गरिनेछ।

## मक्काका अविश्वासीहरूको अबू तालिबसित गुनासो र हज़रत मुहम्मद (सल्लम)को दृढकदम

जब उपरोक्त इस्लामका शिक्षाहरू बारम्बार मक्कावासीहरूका सामुन्ने प्रस्तुत गर्नलागियो र सहृदय व्यक्तिहरूको इस्लामतर्फ रुचि बढ्नलाग्यो तब एकदिन मक्काका सबै मुखियाहरू एकत्रित भएर हज़रत मुहम्मद (सल्लम) का काका अबू तालिबसमक्ष आए र उहाँलाई भने, ‘‘हज़ूर नै हाम्रा मुखिया हुनुहुन्छ त्यसकारण तपाईंकै खातिर तपाईंका भतीजा मुहम्मदलाई केही भनेका छैनौं अब हजूरसित हाम्रो अन्तिम निर्णय गर्ने समय आयो या त तपाईं उनलाई सम्झाउनुहोस र उनले हामीसित के चाहन्छन भन्ने कुरो सोध्नुहोस। यदि सम्मान प्राप्त गर्ने उनको इच्छा रहेमा हामी उनलाई आफ्ना मुखिया बनाउन तत्पर छौं। यदि

धन प्राप्त गर्ने इच्छा गर्छन भने हामी सबै आ-आफ्नो धनबाट केही अंश दिन तयार छौं र यदि उनलाई विवाह गर्ने इच्छा रहेमा मक्काकी कन्याहरूमध्ये जो उनलाई मनपर्छे त्यसको नाम लिएमा हामी उनको विवाह त्यससित गराउन तयार छौं। त्यसको बदलामा हामी उनीसित केही चाँहदैनौं र कुनै कुरोबाट उनलाई रोक्दैनौं। हामी केवल उनले हाम्रा मूर्तिहरूलाई नराम्रो नभनून भन्ने चाहन्छौं। उनी निस्सन्देह एउटा खुदा हुन भन्ने गरून परन्तु हाम्रा मूर्तिहरू नराम्रा हुन भन्ने नगरुन। यदि उनले हाम्रो यो कुरो मानेमा हामी र उनका बीच सन्धि हुनेछ। हज़ूरले उनलाई सम्झाएर हाम्रो सुझाऊ स्वीकार गर्न बाध्य गर्नुहोस अन्यथा दुईवटा कुराहरूमध्ये एउटा हुनेछ - या त हजुरले आफ्नो भतीजालाई छाड्नु पर्नेछ या तपाईंको जातिले तपाईंको शासनलाई अस्वीकार गरी तपाईंलाई त्यागनेछ।'' अबू तालिबका लागि त्यो कुरो अत्यन्त कठिन थियो। अरबीहरूकहाँ रुपियाँ पैसा भने अति कम हुनेगर्थ्यो। तिनीहरूको समस्त चासो तिनीहरूको शासनमा नै थियो। मुखियाहरू आफ्ना प्रजाहरूका निम्ति जीवित रहन्थे र प्रजाहरू आफ्ना मुखियाहरूका निम्ति। अत: उक्त कुरो सुनेर अबू तालिब चिन्तित भए। उनले मुहम्मद रसूलुल्लाह (सल्लम) लाई बोलाएर भने, हे मेरा भतीजा, मेरा जातिका मानिसहरू मसमक्ष आएका थिए र मलाई तिनीहरूले सन्देश दिएका छन र यदि तिम्रा भतीजाले ती कुराहरूमध्ये जुन हाम्रातर्फबाट प्रस्तुत गरिएका छन कुनै एउटा कुरो पनि नमानेमा र आफ्नो चलनबाट पछि नहटेमा हजूरले उनलाई छाड्नु पर्नेछ र यदि हजूर तिनलाई छाडन तयार हुनुहुदैन भने हामी हजूरको शासनको अस्वीकार गरी हजूरलाई नै त्यागने छौं भनी बताएका छन। जब अबू तालिबका ती कुराहरू उहाँले सुन्नुभयो र उनका आँखामा आँसु बगेको देख्नुभयो तब उहाँका आँखाहरूमा पनि आँसु आए। तब उहाँले

भन्नुभयो, हे मेरा काका! म तिमीलाई आफ्नो जातिलाई छाडेर मेरो समर्थन गर भनी भन्दिन। तिमी अवश्य मलाई छाडिदेउ र आफ्नो जातिलाई अङ्गाल। म एक, अद्वितीय खुदाको शपथ खाएर भन्छु, यदि सूर्यलाई मेरो दाहिनेतर्फ र चन्द्रमालाई मेरो बायाँतर्फ ल्याएर खडा गरिएमा पनि म आफ्ना एक अद्वितीय खुदाको एकत्ववादको उपदेश र प्रवचन दिन छाडदिँन। म आफ्नो कार्य तबसम्म गर्दैजानेछु जबसम्म खुदाले मलाई मृत्यु प्रदान गर्ने छैनन। हजूर आफ्नो भलाई आँफै सोच्नुहोस। जब अबू तालिबले उहाँको इमान र निष्ठापूर्ण त्यो उत्तर सुने तब त्यो उनको नेत्र खोल्नका निम्ति पर्याप्त थियो। उनले ठाने यद्यपि मलाई विश्वास स्थापना गर्ने सौभाग्य प्राप्त भएन परन्तु उक्त ईमान र निष्ठाको दृश्य देख्ने सौभाग्य पाउनु नै सबै वैभवभन्दा ठूलो वैभव हो। तब उनले भने, हे मेरा भतीजा। जाऊ र आफ्नो कर्तव्य पालन गर। यदि मेरो जातिले मलाई छाड्न चाहेमा छाडोस म तिमीलाई छाड्न सक्दिन। (इब्ने हश्शाम, भाग 1, पृष्ठ ४४)

## हब्शातर्फ हिजरत (प्रस्थान)

जब मक्कावासीहरूको अत्याचार चरमसीमामा पुग्यो तब हज़रत मुहम्मद (सल्लम)ले एकदिन आफ्ना मित्रहरूलाई बोलाउनु भयो र भन्नुभयो, पश्चिमतर्फ समुद्रपारि एउटा देश छ त्यहाँ खुदाको उपासना गर्नेहरूमाथि अत्याचार गरिदैन त्यहाँ धर्म परिवर्तनका कारण मानिसहरूको हत्या गरिदैन। त्यहाँ एकजना न्यायप्रिय सम्राट छन। तिमीहरू हिजरत (देशत्याग) गरेर त्यहाँ जाऊ। सम्भवत: तिमीहरूका निम्ति कुनै सुविधाको मार्ग निस्केला। उहाँको उपदेश पाएर केही मुसलमान पुरुषहरू र महिलाहरू अबेसिनियातर्फ प्रस्थान गरे। मक्काबाट निस्कनु तिनीहरूका निम्ति

कुनै साधारण कुरो थिएन। मक्काका मानिसहरू स्वयंलाई खाना-का'बाका संरक्षक ठान्दथे र मक्काबाट बाहिर निस्किएर जानु तिनीहरूका निम्ति एउटा असहनीय वेदना थियो। त्यही व्यक्ति त्यस्तो कुरो सोच्न सक्थ्यो जसको संसारमा अन्य कुनै आश्रय शेष रहदैनथ्यो। अतः ती व्यक्तिहरूका लागि त्यहाँबाट निस्कनु एउटा अत्यन्त वेदनादायक घटना थियो। अतः त्यहाँबाट तिनीहरूले गुप्तरूपमा निस्कनु पर्‍यो किनभने यदि मक्कावासीहरूलाई थाहा लागेको खण्डमा तिनीहरूलाई त्यहाँबाट निस्कन दिदैनन भन्नेकुरो तिनीहरूलाई ज्ञात थियो। त्यसकारण तिनीहरूले अन्त समयमा आफ्ना निकटसम्बंधी नातेदारहरूसित भेटघाट गर्नबाट वञ्चित रहनुपरेको थियो। तिनीहरूको मानसिक अवस्था जस्तो थियो थियो तिनीहरूलाई देख्नेहरू पनि तिनीहरूको दुःख देखेर प्रभावित हुनबाट बच्न सकेनन। अतः जुनसमय त्यो टोली निस्कनलागेको थियो हज़रत उमर (रज़ि.) जो तबसम्म अविश्वासी थिए र इस्लामका घोर शत्रु थिए र मुसलमानहरूलाई सताउने व्यक्तिहरूमध्ये एकजना प्रमुख व्यक्ति थिए। उनी अकस्मात त्यस टोलीका केही सदस्यहरूलाई भेट्न पुगे। तिनीहरूमध्ये एउटी महिला सहचर उम्मे अब्दुल्लाह नामक थिइन। जब उनले तिनको बाँधिएको सामान र तयार राखिएको सवारीलाई देखे तब तिनीहरू मक्काबाट निस्किएर जाँदैछन भन्ने कुरो उनलाई थाहालाग्यो। उनले भने हे उम्मे अब्दुल्लाह यो त हिजरत (प्रस्थान)को पोको र भारी देखिन्छ? उम्मे अब्दुल्लाहले भनीन, हो, खुदाको शपथ! हामी कुनै अर्को देशतर्फ जानेछौं किनभने तिमीहरूले हामीलाई अत्यन्त कष्ट दिएका छौ र हामीमाथि अत्यधिक अत्याचार गरेका छौ। हामी तबसम्म आफ्नो देशतर्फ फर्कने छैनौं जबसम्म खुदाले हाम्रा निम्ति कुनै उपाय सृजना गर्नेछैनन। उम्मे अब्दुल्लाहको वर्णन अनुसार उमरले उत्तरमा भने, खुदाले तिमीहरूका साथ दिउन। उनी भन्छिन, ''मैले

उनको बोलिमा एउटा वेदना अनुभव गरें जुन त्योभन्दा पहिला मैले कहिल्यै अनुभव गरेको थिइँन। तब उनी तत्काल फर्किएर हिडे। त्यस घटनाबाट उनको मन अत्यन्त शोकग्रस्त भएको मैले अनुभव गरें। जब तिनीहरूले मक्का छाडेको घटना मक्कावासीहरूलाई थाहालाग्यो तब तिनीहरूले उनीहरूको पीछा गरे र समुद्रसम्म तिनीहरूका पछि पछि गए। परन्तु त्यो टोली उनीहरू समुद्रसम्म पुग्नुभन्दा पहिला नै हब्शातर्फ प्रस्थान गरिसकेको थियो। परन्तु मक्कावासीहरूलाई जब त्यसबारे थाहा लाग्यो तब हब्शाका सम्राटसमक्ष उसलाई मुसलमानहरूविरुद्ध भडकाउनका लागि र मुसलमानहरूलाई मक्कावासीहरूका सुपुर्द गर्नका लागि प्रेरित गर्न ता शहरका मुखियाहरूको अत्याचार सहन गर्न नसकी मक्काबाट भागेका कारणले तिनीहरूलाई दण्ड दिन सकियोस भनी एउटा प्रतिनिधि मण्डल पठाउने तिनीहरूले निर्णय गरे। त्यस प्रतिनिधि मण्डलमा उमरो बिन अलआस पनि सम्मिलित थिए जो पछि गएर मुसलमान भए र मिस्र उनकै अगुवाइमा पराजित भएको थियो। उक्त प्रतिनिधिमण्डल हब्शा गयो र सम्राटसित भेट गऱ्यो तथा सभासदहरू र मान्यवरहरूलाई धेरै उकसायो। परन्तु अल्लाह तआलाले हब्शाका सम्राटको हृदयलाई दृढ राखे। फलत: उनले तिनीहरूको दबाउ र दरबारीहरूको दबाउ रहेतापनि मुसलमानहरूलाई ती मक्काका कुफ्फार (अविश्वासी) हरूका सुपुर्द गर्न अस्वीकार गरे। जब त्यो प्रतिनिधि मण्डल असफल फर्कियो तब मक्कावासीहरूले ती मुसलमानहरूलाई बोलाउनका लागि एउटा अर्को उपाय सोचे र त्यो के हो भने हब्शा जाने काफिलाहरूमा मक्काका सबै मानिसहरू मुसलमान भए भन्ने कुरो उडाए। जब त्यो सूचना हब्शा पुग्यो तब अधिकतर मुसलमानहरू प्रसन्न भएर मक्कातर्फ फर्किएर आए परन्तु मक्का पुगेपछि त्यो खबर त केवल धोखा दिनका लागि फैलाइएको हो जसमा केही यथार्थता छैन

भन्ने कुरो ज्ञात भयो। त्यसपछि केही व्यक्तिहरू भने पुनः फर्किएर हब्शा गए र केही मक्कामा नै रहे। ती मक्कामा नै टिक्नेहरूमध्ये उस्मान बिन मजऊन पनि थिए जो मक्काका एकजना ठूला धनीमानी व्यक्तिका पुत्र थिए। यसपटक उनका पिताका एकजना मित्र वलीद बिन मुग़ैराले उनलाई शरण दिए फलतः उनी शान्तिका साथ मक्कामा रहनलागे। परन्तु त्यस अवधिमा जब केही अन्य मुसलमानहरू लाई सताइएको र घोर कष्ट दिइएको उनले देखे तब उनी वलीदलाई भेट्न गए र उसलाई म हजूरको शरणलाई फर्काउँछु भनी आफ्नो भनाइ राखे। उनी पुरुषार्थी र साहसी थिए त्यसकारण अन्य मुसलमानहरूमाथि अत्याचार भएको उनी देख्न सक्दैनथे र त्यस अवस्थामा स्वयं आराम र शान्तिका साथ रहन चाहँदैनथे। अतः उस्मान अब मेरो शरणमा छैन भनी वलीदले घोषणा गर्‍यो। त्यसपश्चात एकदिन अरबको विख्यात कवि लबीद मक्काका मुखियाहरूका बीचमा बसेर कविता सुनाइरहेको थियो र अकस्मात उसले यो कविताको पंक्ति पढ्यो - 'व कुल्लु नईमिन ला महाल त ज़ाइलुन' अर्थात प्रत्येक वैभव र धन अन्ततः नाश हुनेछ। तब उस्मानले यो गलत हो स्वर्गका वैभवहरू र सुख साधनहरू सदा कायम रहनेछन भनी उत्तर दिए। लवीद एउटा ठूलो मानिस थियो त्यो उत्तर सुनेर खुबै उत्तेजित भयो र भन्यो, हे कुरैशका मानिसहरूहो! तिमीहरूको अतिथीको त पहिला यसप्रकार अपमान हुदैनथ्यो अब यो नौलो चलन कहिलेबाट आरम्भ भयो। त्यो कुरो सुनरे एउटा व्यक्तिले भन्यो, यो त एउटा मूर्ख व्यक्ति हो यसको कुराको पर्वाह नगर। हज़रत उस्मानले आफ्नो कुरोप्रति जोड दिंदै भने, मूर्खताको कुरो होइन। जुनकुरो मैले भनें त्यो सत्य हो। त्यसपछि त्यो व्यक्ति खडा भयो र उनको मुहारमा जोडदार घुस्सी हान्यो जसबाट उनको एउटा आँखो बाहिर निस्कियो। त्यससमय वलीद त्यो सभामा उपस्थित थियो।

उस्मानका पितासित उसको घनिष्ट मित्रता थियो। आफ्ना मित्रका पुत्रको त्यो अवस्था उसले सहन गर्न सकेन। परन्तु मक्काको नियमानुसार जब उस्मान उसको शरणमा रहेनन तब उसले उनको समर्थन गर्न सक्दैनथ्यो। त्यसकारण अरू त केही गर्न सकेन तर उस्मानलाई नै सम्बोधित गरेर भन्यो, हे मेरा भाईका पुत्र! खुदाको शपथ, तिम्रो यो आँखो यदि तिमी त्यो सशक्त संरक्षणमा (अर्थात मेरो शरणमा) रहेका भए नाश हुनेथिएन परन्तु तिमीले स्वयं त्यस शरणलाई त्याग्यौ र आज यो दिन तिमीले देख्यौ। उस्मानले उत्तरमा भने, मसित जुन घटना घट्यो त्यो स्वयं मेरो इच्छा थियो। तिमी मेरो फुटेको आँखोप्रति शोक व्यक्त गरिरहेछौ मेरो त दोस्रो आँखो पनि मेरी बहिनीसित जुन घटना घट्यो त्यही मसित किन घटेन भनी छट्पटाइ रहेछ। मुहम्मद रसूलुल्लाह (सल्लम.) को आदर्श नै मेरा निम्ति पर्याप्त रहेको छ। यदि उहाँले कष्ट झेलिरहनु भएको छ भने म किन नझेलुँ त। मेरा लागि खुदाको समर्थन नै पर्याप्त रहेको छ।

## हज़रत उमर (रज़.)को इस्लाम ग्रहण गरेको घटना

त्यही समयमा मक्कामा एउटा घटना घट्यो जसले मक्कामा मानौ आगो लगायो। त्यो घटना के हो भने उमर जो पछि गएर इस्लामका दोस्रो खलीफा (उत्तराधिकारी) भए, उनी इस्लामका प्रारम्भिक दिनहरूमा इस्लामका घोर शत्रु थिए। एकदिन बसिरहेका अवस्थामा उनको मनमा एउटा धारणा के आयो भने आजसम्म इस्लामलाई मेटाउनका लागि धेरै प्रयासहरू गरिए परन्तु सफलता भने मिलेन। अत: इस्लामका संस्थापकलाई नै वध गरिएमा कस्तो

होला जसबाट उक्त झंझट सदाका लागि समाप्त हुनेछ। उक्त विचार मनमा आउन साथै उनी उठे र तरवार लिएर घरबाट निस्किए अनि हज़रत मुहम्मद (सल्लम.) लाई खोज्न अघि बढे। मार्गमा उनको एउटा मित्र देखापऱ्यो। उनलाई त्यस अवस्थामा देखेर केही आश्चर्यित भयो र उनलाई कहाँ जान लागेका हौ भनी सोध्यो। उमरले भने, म मुहम्मदलाई मार्न जादैछु। उसले भन्यो, तिमी मुहम्मदलाई मारेर उनको कबिला (गुट)बाट बच्न सक्छौ र? आफ्नो घरको पनि त केही खबर लेऊ। तिम्री बहिनी र तिम्रा ज्वाँई पनि मुसलमान भइसकेका छन। त्यो खबर हज़रत उमरको मस्तिष्कमा बिजुली झैं गिऱ्यो। उनले सोचे, म इस्लामको घोर शत्रु हुँ। म त मुहम्मदलाई मार्न भनी जादैछु मेरी बहिनी र मेरो ज्वाँई भने मुसलमान भइसके। यदि यो सत्य हो भने पहिला मैले आफ्नी बहिनी र ज्वाँईको टुंगो लगाउनु पर्छ। यो सोच्दै उनी आफ्नी बहिनीको घरतर्फ लागे। जब उनी बहिनीको घरको ढोकामा पुगे भित्रबाट सुमधुर स्वरमा कुनै वाणी पाठ गर्दै गरेको उनले सुने। त्यो पाठ गर्ने व्यक्ति खबाब थिए जो उनकी बहिनी र ज्वाँईलाई पवित्र कुरान सिखाउँथे। उमर शीघ्रताका साथ घरमा प्रवेश गरे। उनको पाइलाको शब्द सुनेर खबाब त एउटा कुनामा लुके। उनकी बहिनी जसको नाम फातिमा थियो, उनले पवित्र कुरानका ती पृष्ठहरू जसको त्यससमय पाठ हुदैथ्यो लुकाइन। हज़रत उमरले कोठामा प्रवेश गरी क्रोधका साथ तिमीहरूले आफ्नो धर्म त्यागेका छौ भन्ने मैले सुनेको छु भनी काकाका छोरा पर्ने आफ्ना ज्वाँईमाथि आक्रमण गरे। जब फातिमाले आफ्ना पतिमाथि आफ्ना भाईले आक्रमण गरेको देखिन तब दौडेर गई आफ्ना पतिका सामुन्ने उभिइन। उमरले हात उठाइसकेका थिए उनको हाथ उनका ज्वाँइको मुहारतर्फ बढिरहेथ्यो र त्यस हातलाई रोक्नु उनका लागि सम्भव थिएन। फलतः उमरको हाथ कठोरताका

साथ फातिमाको मुहारमा लाग्यो र फातिमाको नाकबाट रक्तको धारा फुट्यो। फातिमाले पिटाई त खाइन परन्तु साहसपूर्वक भनीन, हे उमर! हामी मुसलमान भइसकेका छौं भन्ने कुरो सत्य हो। परन्तु हामी आफ्नो यस धर्मबाट विमुख हुनेछौनौं। तिमीले जे गर्नसक्छौ गर। उमर एकजना बहादुर व्यक्ति थिए। अत्याचारले उनको बहादुरी र साहसलाई मेटाएको थिएन। एउटी महिला र त्यसमाथि आफ्नै बहिनीलाई आफ्नै हातले घाइते भएको देखेर अत्यन्त दुखित र लज्जित भए। बहिनीको मुखबाट रक्त बगिरहेथ्यो र उमरको मनबाट अब उनको क्रोध समाप्त भइसकेको थियो। आफ्नी बहिनीसित माफी मांग्ने इच्छा प्रबल हुदैगइरहेथ्यो। अन्य त कुनै उपाय देखेनन र बहिनीलाई भने, ठीक छ मलाई त्यो वाणी सुनाऊ जसको तिमीहरू पाठ गरिरहेथ्यौ। फातिमाले भनीन, म देखाउँदिन किनभने तिमीले ती पन्नाहरू च्यातिदिनैछौ। उमरले भने, होइन बहिनी, म त्यसो गर्नेछैन। फातिमाले भनीन, तिमी त अपवित्र छौ। पहिला स्नान गर त्यसपछि देखाउने छु। उमर अत्यन्त लज्जित थिए त्यसकारण सबै कुरो गर्न तत्पर थिए। स्नान गर्न पनि तयार भए र जब स्नान गरेर फर्किए तब फातिमाले उनका हातमा पवित्र कुरानका पन्नाहरू राखिदिइन। तिनमा सूर: ताहाका केही आयतहरू (श्रुतिहरू) थिए।

जब उनी ती आयतहरूलाई पढदै यो आयत

إِنَّنِيٓ أَنَا ٱللَّهُ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعۡبُدۡنِي وَأَقِمِ ٱلصَّلَوٰةَ لِذِكۡرِيٓ ۝ إِنَّ ٱلسَّاعَةَ ءَاتِيَةٌ أَكَادُ أُخۡفِيهَا لِتُجۡزَىٰ كُلُّ نَفۡسِۭ بِمَا تَسۡعَىٰ ۝[1]

''इन्ननी अनाल्लाहु ला इलाहा इल्ला अना फाअ्बुद्नी व अकिमि स्सलाता लिज़िक्री। इन्नस्साअता आतियतुन् अकादु उख़्फीहा लितुज़्जा कुल्लु नफसिन् बिमा तस्आ।'' अर्थात निस्सन्देह म नै अल्लाह हुँ अन्य कोही उपास्य छैन। केवल म

1. सूर: ताहा : 15-16

नै उपास्य हुँ। अतः हे सम्बोधित व्यक्ति! मेरो उपासना गर र मलाई स्मरण गर्नका लागि नमाजको अनुष्ठान गर। मेरो उपासना प्रचलनको रुपमा होइन अपितु मेरो प्रतिष्ठा र महानतालाई संसारमा स्थापित गर्नका लागि उपासना गर। उक्त वाणीलाई कायम गर्ने समय आउँदै छ भन्ने कुरो स्मरण राख। यसलाई प्रकट गर्ने साधनको सृजना म गर्दैछु। त्यसको परिणामस्वरूप प्रत्येक ज्यानलाई त्यसको कर्मानुसार प्रतिफल प्राप्त हुनेछ। जब हज़रत उमर उक्त आयतसम्म पुगे तब यो कस्तो अचम्भको र पवित्र वाणी हो भन्ने शब्द उनको मुखबाट अकस्मात निस्कियो। जब खब्बाबले ती शब्दहरू सुने तब उनी लुकेको ठाउँबाट बाहिर निस्किए र उनले भने, यो हज़रत मुहम्मद (सल्लम.)को दुआ (प्रार्थना)को परिणाम नै हो। म खुदाको शपथ खाएर भन्छु मैले हिजो नै उहाँलाई हे अल्लाह! उमर इब्नुल् खत्ताब अथवा उमरु इब्न हशाम यी दुईमध्ये कुनै एकजनालाई इस्लामतर्फ मार्ग प्रदर्शन गर भनी दुआ (प्रार्थना) गर्दैगरेको देखेको थिएँ। अतः उमर खडा भए र भने, भन मुहम्मद (सल्लम.) कहाँ हुनुहुन्छ? उनलाई उहाँ दारे अरकम मा रहनुहुन्छ भनी सूचित गरियो। तब उनी उसै प्रकार नांगो तरवार लिएर उहाँ पुगे र ढोका ढकढकाए। हज़रत मुहम्मद (सल्लम.) का सहचरहरूले ढोकाका दुलाहरूबाट हेरे र त्यहाँ उमरलाई नांगो तरवार लिएर खडा रहेको देखे। ढोका खोलेमा तिनले भित्र आएर कुनै-उपद्रव गर्लान्कि भनी उनीहरू डराए। परन्तु हज़रत मुहम्मद (सल्लम.)ले भन्नुभयो, के भयो, ढोका खोलिदेऊ। उमर त्यसरी नै तरवार लिएर भित्र प्रवेश गरे। हज़रत मुहम्मद (सल्लम.) अघि बढ्नुभयो र भन्नुभयो, उमर! के इच्छा लिएर आएका हौ? उमरले भने, हे अल्लाहका रसूल (सन्देशवाहक)म मुसलमान बन्नका लागि आएको हुँ। हज़रत मुहम्मद (सल्लम.)ले त्यो सुनरे उच्च स्वरमा भन्नुभयो,'' अल्लाहो

अकबर'' (अर्थात अल्लाह सबै भन्दा महान (बडा) हुन। उहाँका सबै मित्रहरूले पनि उच्च स्वरमा तिनै शब्दहरू दोहोऱ्याए। त्यस स्वरले मक्काका पहाडहरू समेत थर्किए। केही समय भित्रै त्यो खबर मक्कामा आगो लागेझैं फैलियो र उमरसित पनि त्यही कठोर व्यवहार आरम्भ भयो जुन पहिला अन्य सहाबाहरू (सहचरहरू) सित हुने गऱ्थ्यो। परन्तु त्यही उमर जो पहिला मार्न र हत्या गर्नमा आनन्द अनुभव गऱ्थ्यो अब पिटाइ र कुटाइ खानमा आनन्द अनुभव गर्नलागे। अतः स्वयं उमरको भनाई अनुसार ईमान (विश्वास) स्थापन गरेपश्चात उनी मक्काका बाटा घाटामा कुटाइ खाने गर्थे।

## मुसलमानहरूसित सम्बन्धविच्छेद

अतः अत्याचार अब अत्यधिक बढ्दै गइरहेथ्यो। केही व्यक्तिहरू मक्का त्यागेर गइसकेका थिए र जो शेष थिए तिनीहरू पहिलाभन्दा पनि अधिक अत्याचारका शिकार हुनलागेका थिए। परन्तु अत्याचारीहरूको मन अहिलेसम्म भरिएको थिएन। जब उनीहरूले मुसलमानहरूको मन तिनीहरूको अत्याचारले शिथिल भएको पाएनन, उनीहरूको ईमान (आस्था)मा दुर्बलता देखेनन अपितु उनीहरू एक खुदाको उपासनामा पहिलाभन्दा अघिबढेको र मूतिहरूप्रति उनीहरूको घृणा बढ्दैगएको देखे तब तिनीहरूले छलफलका लागि एउटा सभा बोलाए र त्यसमा मुसलमानहरूसित पूर्णरूपमा नाता तोडियोस कसैले उनीहरूलाई कुनै वस्तु नबेचोस, कसैले उनीहरूसित लेनदेन नगरोस भन्ने निर्णय गरे। तब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.) आफ्ना केही अनुयायीहरू र तिनीहरूका परिवारहरू र आफ्ना केही यस्ता नातेदारहरू सहित जो मुसलमान नभएतापनि उहाँलाई त्याग्न तयार थिएनन, अलग्गै

एउटा स्थानमा जुन अबूतालिबको अधिनमा थियो शरण लिन विवश हुनुभयो। (इब्ने हश्शाम भाग1, पृष्ठ 30) तिनीहरूसित न रुपियाँ थियो, न सामग्री न त यस्तो कुनै जेथो जसबाट तिनीहरूको भरणपोषण हुनसकोस। उनीहरू त्यस अभावको समयमा जुन स्थितिमा रहेहोलान त्यसको अनुमान लगाउनु कुनै मानिसका निम्ति सम्भव छैन। प्राय: तीनवर्षसम्म उनीहरू त्यही अवस्थामा रहे। मक्काको बहिष्कारको निर्णयमा पनि केही कमी आएन। प्राय: तीनवर्ष बितेपछि मक्काका पाँचजना भलाद्मीहरूको मनमा उक्त अत्याचार विरुद्ध विद्रोह उत्पन्न भयो। तिनीहरू शअबे अबीतालिबको ढोकामा गए र बन्दीहरूलाई बाहिर निस्क भनी बोलाए तथा उनीहरू त्यस बाहिष्कारको निर्णयलाई तोड्न तयार छन भनी सन्देश दिए। अबूतालिब त्यस लामो घेराबन्दी र अनिकालका कारण अत्यन्त दुर्बल हुनगएका थिए उनी बाहिर आए र आफ्ना मानिसहरूलाई सम्बोधित गरी तिनीहरूलाई धिक्कारे अनि तिनीहरूको त्यो दीर्घकालीन उत्पीडन र अत्याचार कसरी उचित हुनसक्छ भनी जताए। ती पाँचजना भलाद्मीहरूको विद्रोहको खबर बिजुलीझैं तत्काल शहरमा फैलियो। मानवीय प्रकृतिमा पुन: जागरण आयो। पुण्यको प्रेरणाले पुन: साँस लियो। अत: मक्काका मानिसहरू त्यस सैतानी लेखापढीलाई समाप्त गर्न वाध्य भए। त्यो लेखापढी त समाप्त भयो परन्तु तीनवर्षको अनिकालले आफ्नो प्रभाव देखाउन लाग्यो। केही दिन भित्रैमा हज़रत मुहम्मद (सल्लम.)की आज्ञाकारी पत्नी हज़रत खदीजा(रह.) ती अनिकालका दिनहरूको कष्टको परिणामस्वरूप स्वर्गवास भइन। त्यसको एक महीनापछि अबू तालिबले पनि यस संसारबाट विदा लिए।

# हज़रत खदीजा र अबू तालिबको मृत्युपश्चात (इस्लाम) प्रचारमा अवरोध तथा हज़रत मुहम्मद (सल्लम.)को ताइफ यात्रा

हज़रत मुहम्मद (सल्लम.) र उहाँका सहाबा (सहचर)हरू अब अबू तालिबको सहानुभूतिबाट वञ्चित भए। हज़रत मुहम्मद (सल्लम.)की जीवनसङ्गीनी हज़रत खदीजा(रह.) पनि स्वर्गवास भइन। ती दुवैको मृत्युबाट स्वाभाविक रूपमा ती व्यक्तिहरूको सहानुभूति पनि उहाँप्रति र उहाँका सहचरहरूप्रति घट्‌दै गयो जो तिनीहरूको नातेदारीका कारण अत्याचारीहरूलाई अत्याचारबाट रोक्ने गर्थे। अबू तालिबको मृत्युको शोकले गर्दा र अबू तालिबको वसियतका कारण केहींदिनका लागि उहाँको घोरशत्रु अबू तालिबको सानुभाई अबू लहबले उहाँको समर्थन गऱ्यो परन्तु जब मक्कावासीहरूले मुहम्मद त ती समस्त मानिसहरूलाई जसले एक खुदालाई मान्दैनन अपराधी र दण्डनीय ठान्छन भनी उसलाई उक्साए तब अबू लहबले आफ्नो वंशानुगत भावनाको जोशमा आएर उहाँको साथ छोडयो र भविष्यवमा पहिलाभन्दा पनि अधिक विरोध गर्नेछु भनी वाचा गऱ्यो। नजरबन्दीको जीवनका कारण तीन वर्षसम्म मानिसहरू आफ्ना नातेदारहरूसित अलग्ग थिए त्यसकारण आत्मियताको भावमा शिथिलता उत्पन्न भएको थियो। मक्काका मानिसहरू मुसलमानहरूसित बोलचाल नगर्ने बानिका अभ्यस्त भइसकेका थिए त्यसकारण प्रचारको मैदान सीमित भएको थियो। जब हज़रत मुहम्मद (सल्लम.) ले त्यो स्थिति देख्नुभयो तब उहाँले मक्कालाई छाडी ताइफका मानिसहरूलाई गएर इस्लामको सन्देश दिने निर्णय गर्नुभयो। उहाँको त्यस निर्णयले मक्कावासीहरूको बढ्दो विरोधलाई झन दृढ

तुल्यायो। प्रथमतः मक्कावासीहरू कुरै सुन्दैनथे, दोस्रो उनीहरूले अब हज़रत मुहम्मद (सल्लम.)लाई बाटो हिड्नै दिनैनथे। जब उहाँ बाहिर निस्कनुहुन्थ्यो उहाँका शिरमाथि माटो फ्याँकथे ता मानिसहरूसित उहाँको भेटै नहोस। एकपटक त्यही अवस्थामा उहाँ फर्कनुभयो र उहाँकी एउटी छोरी उहाँको शिरबाट माटो झार्दै रुनलागिन। उहाँले भन्नुभयो, हे मेरी छोरी! नरोउ, निश्चय नै खुदा तिम्रा पिताका साथमा छन (इब्ने हश्शाम भाग 1, पृष्ठ 145)। उहाँ कष्टहरूबाट हतोत्साहित हुनुहुदैनथ्यो परन्तु कठिनाई के थियो भने मानिसहरू कुरा सुन्न तयार थिएनन। जहाँसम्म कष्टहरूको प्रश्न छ उहाँ तिनलाई आवश्यक ठान्नुहुन्थ्यो अपितु उहाँका लागि सबैभन्दा कष्टदायक दिन त त्यो हुन्थ्यो जुनदिन कोही व्यक्ति उहाँलाई कष्ट दिदैनथ्यो। वर्णित छ-एकदिन हज़रत मुहम्मद (सल्लम.) मक्काको बाटोमा प्रचारका लागि निस्कनुभयो परन्तु त्यसदिन कुनै योजनान्तर्गत कोही व्यक्तिले उहाँसित कुनै कुरो गरेन। न त उहाँलाई कुनै प्रकारको केही कष्ट दियो। न कुनै दासले न त कुनै स्वाधीन व्यक्तिले। तब अल्लाहका रसूल हज़रत मुहम्मद (सल्लम.) शोकाकुल अवस्थामा सुस्ताउन लाग्नुभयो तथा अल्लाह तआलाले उहाँलाई सान्त्वना दिदै भने, - जाउ आफ्ना मानिसहरूलाई पुनः पुनः, पुनः सतर्क गर। तथा तिनीहरूको उपेक्षाको पर्वाह नगर। अतः हज़रत मुहम्मद (सल्लम.)लाई मानिसहरूले कष्ट दिएकोमा कुनै दुख लाग्दैनथ्यो। परन्तु खुदाको त्यो नबी (अवतार)जो संसारलाई संमार्ग देखाउनका लागि प्रकट भएको थियो मानिसहरूले उससित कुरै नगर्दा अति दुखित हुन्थ्यो र त्यस्तो निष्क्रिय जीवन उसका लागि अत्यन्त दुखदायक थियो।

अतः उहाँले अब ताइफतर्फ जाने अठोट निर्णय लिनुभयो र त्यहाँका मानिसहरूलाई खुदा तआलाको सन्देश दिने निश्चित

गर्नुभयो किनभने खुदा तआलाका नबीहरूका लागि यहाँ र उहाँ गएर भिन्न-भिन्न जातिलाई सम्बोधन गर्नु भन्ने निश्चित गरिएको हुन्छ। हज़रत मूसा(अलै.) सित पनि त्यहीं नै भएको थियो। उनी कहिल्ये फिरओनका वंशजलाई सम्बोधित गर्थे र कहिल्ये इस्हाकका वंशजलाई र कहिल्ये मद्‌यनका मानिसहरूलाई। हज़रत ईसा (अलै.)ले पनि प्रचारको इच्छालिएर कहिल्ये जलीलका मानिसहरूलाई र कहिल्ये यर्दन पारीका मानिसहरूलाई, कहिल्ये यरोशलमका मानिसहरूलाई र कहिल्ये अन्य मानिसहरूलाई सम्बोधन गर्नुपर्‍यो। जब मक्काका मानिसहरूले उहाँका कुरा सुन्न अस्वीकार गरे र कुरा नसुन्ने परन्तु मारपीट भने जारी राख्ने विर्णय गरे तब उहाँले ताइफको मार्ग लिनुभयो। ताइफ मक्काबाट दक्षिण पूर्व दिशामा प्राय; साठी माइल टाढाको एउटा यस्तो शहर हो जुन आफ्नो फल र खेतीका कारण प्रसिद्ध छ। यो शहर पनि मूर्तिपूजामा मक्कावासीहरूभन्दा कम थिएन। खाना का'बामा राखिएका मूर्तिहरूबाहेक लात नामक एउटा प्रसिद्ध मूर्ति ताइफको प्रसिद्धिको कारण थियो। त्यसको दर्शनका लागि अरबका मानिसहरू टाढा टाढाबाट आउने गर्थे। ताइफका मानिसहरूका मक्कामा धेरै नातेदारीहरू पनि थिए तथा ताइफ र मक्काका बीचमा केही उपजाउ ठाउँहरूमा मक्कावासीहरूका सम्पत्तिहरू पनि थिए। जब उहाँ ताइफ पुग्नुभयो तब त्यहाँका मुखियाहरू उहाँलाई भेट्‌नका लागि आउन लागे। परन्तु कोही व्यक्ति सत्यलाई स्वीकार्न तयार भएन। जनसाधारणले पनि आफ्ना मुखियाहरूको अनुसरण गरे र खुदाको सन्देशलाई निम्न दृष्टिले हेरे। सांसारिक व्यक्तिहरूको दृष्टिमा साधनहीन र असहाय नबी निम्न र तुच्छ नै हुनेगर्छ। तिनीहरू त शस्त्र र फौजहरूको गर्जनलाई सुन्न जान्दछन। उहाँका बारेमा पहिला नै कुराहरू त्यहाँ पुगिसकेका थिए। जब उहाँ ताइफ पुग्नुभयो र जब तिनीहरूले

उहाँलाई फौज र जत्था बिना नै ज़ैदका साथमा ताइफका प्रसिद्ध स्थानहरूमा प्रचार गर्दैगरेको देखे तब ती हृदयका अन्धाहरूले आफ्ना सामुन्ने खुदाका नबी (अवतार) होइन अपितु उहाँलाई एउटा तुच्छ र धुत्कारेको मानिस ठाने। तिनीहरूले उहाँलाई दुख दिनु र आघात पुऱ्याउनु नै सम्भवत: जातिका मुखियाहरूका दृष्टिमा हामीलाई सम्मान मिल्ने कुरो होला भनी ठाने। तिनीहरू एकदिन एकत्रित भए र कुकुरहरू पनि तिनीहरूका साथमा थिए। युवकहरूलाई तिनीहरूले उक्साए र ढुंगाहरूले आफ्ना झोलाहरू भरे। त्यसपश्चात निर्दयतापूर्वक हज़रत मुहम्मदमाथि ढुङ्गा प्रहार गर्नलागे। तिनीहरूले उहाँलाई धक्याउँदै शहरबाट बाहिर पुऱ्याए। उहाँका पाँवहरू रक्ताम्य भए र ज़ैद पनि उहाँलाई बचाउँने प्रयासमा गम्भीर रूपले घायल भए परन्तु अत्याचारीहरूको मन ठण्डा भएन तिनीहरू उहाँका पछि पछि हिँड्दै गए, हिँड्दै गए अन्तत: उहाँ शहरबाट धेरै टाढा पहाडी क्षेत्रमा पुग्नुभयो। तिनीहरूले उहाँको पछिलाग्न छाडेनन। जब तिनीहरू उहाँका पछिलागेका थिए तब तिनीहरूमाथि खुदाको प्रकोप पर्ला कि भन्ने डरले उहाँ आकाशतर्फ दृष्टि उठाएर हेर्नुहुन्थ्यो र अत्यन्त करूणामय हृदयका साथ दुआ (प्रार्थना) गर्नुहुन्थ्यो - हे मेरा अल्लाह! यिनीहरूलाई क्षमा गरिदेउ किनभने यिनीहरू स्वयं के गरिरहेछन भन्ने कुरो जान्दैनन। घायल, थाकेको र मानिसहरूबाट धुत्कारिएको अवस्थामा उहाँ एउटा अङ्गूरको बगैंचामा शरण लिन पुग्नुभयो। त्यो अङ्गूरको बगैंचा मक्काका दुईजना मुखियाहरूको थियो। ती मुखियाहरू त्यससमय त्यहीं बगैंचामा थिए। गत दस वर्षदेखि विरोध गर्दैआएका ती पुराना र घोर शत्रुहरू सम्भवत: त्यससमय मक्काको एउटा मानिसलाई ताइफका मानिसहरूले घायल पारेका छन भन्ने कुरालाई लिएर प्रभावित भए। अथवा सम्भवत: त्यो क्षण यस्तो शुभक्षण थियो जब पुण्यको बीजले

तिनीहरूको मनमा टुसो जगाउन लागेको थियो। तिनीहरूले एउटा अङ्गूरले भरिएको थाल आफ्नो दास अद्दासलाई दिएर भने, जा ती यात्रुहरूलाई दे। अद्दास नैनोको निवासी एउटा ईसाई थियो। जब त्यसले त्यो अङ्गूर हज़रत मुहम्मद (सल्लम.) का समक्ष प्रस्तुत गऱ्यो तब उहाँले त्यो अङ्गूर ग्रहण गर्दै भन्नुभयो, - खुदाको नाममा जो अत्यन्त करुणामय र बारम्बार दया गर्नेगर्छन म ग्रहण गर्छु। त्यो सुनेर त्यसका मनमा ईसाई धर्मको पुन: स्मरण जाग्यो र त्यसले आफ्ना सामुन्ने खुदाका एकजना नबी बसिरहेका र इस्राईली नबीहरूको शैलीमा कुरा गरेको अनुभव गऱ्यो। हज़रत मुहम्मद (सल्लम.)ले त्यसलाई तिमी कहाँका बासिन्दा हौ भनी सोध्नुभयो। जब उसले नैनोवाको हुँ भनी उत्तर दियो तब उहाँले आज्ञा गर्नुभयो, त्यो भलो मानिस यूनुस (अलै.) जो मतीको पुत्र थियो र नैनोवाको बासिन्दा थियो त्यो पनि म जस्तै खुदाको एउटा नबी थियो। त्यसपछि उहाँले त्यसलाई आफ्नो धर्मबारे सम्झाउनु भयो। अद्दासको हैरानी केही क्षणमै आश्चर्यमा परिवर्तित भयो र त्यो आश्चर्य ईमान (आस्था)मा परिवर्तित भयो र केही समयपछि त्यो अपरिचित दास आँसुले भरिएका नेत्रहरूका साथ हज़रत मुहम्मद (सल्लम.) लाई अङ्कमाल गर्नपुग्यो र उहाँका हात र पाँवहरूलाई चुम्न लाग्यो। अद्दाससितको वार्ता समाप्त गरी हज़रत मुहम्मद (सल्लम.)ले अल्लाह तआलातर्फ ध्यान लगाउनु भयो र खुदा तआलाको जुनाफमा निम्नलिखित दुआ गर्न लाग्नुभयो :-

اَللّٰهُمَّ اِلَيْكَ اَشْكُوْ ضُعْفَ قُوَّتِيْ وَقِلَّةَ حِيْلَتِيْ وَهَوَانِيْ عَلَى النَّاسِ يَا اَرْحَمَ الرَّاحِمِيْنَ اَنْتَ رَبُّ الْمُسْتَضْعَفِيْنَ وَاَنْتَ رَبِّيْ اِلٰى مَنْ تَكِلُنِيْ اِلٰى بَعِيْدٍ يَتَجَهَّمُنِيْ اَمْ اِلٰى عَدُوٍّ مَلَكْتَهٗ اَمْرِيْ اِنْ لَمْ يَكُنْ بِكَ عَلَيَّ غَضَبٌ فَلَا اُبَالِيْ وَلٰكِنْ عَافِيَتُكَ هِيَ اَوْسَعُ لِيْ اَعُوْذُ بِنُوْرِ وَجْهِكَ الَّذِيْ اَشْرَقَتْ لَهُ الظُّلُمَاتُ وَصَلَحَ عَلَيْهِ اَمْرُ الدُّنْيَا وَبِالْاٰخِرَةِ مِنْ اَنْ تُنَزِّلَ بِيْ غَضَبَكَ اَوْ

يَحُلَّ عَلَيَّ سَخَطُكَ لَكَ الْعُقبٰى حَتّٰى تَرْضٰى وَلَا حَوْلَ وَلَا قُوَّةَ اِلَّا بِكَ۔[1]

अल्लाहुम्मा इलैका अश्को ज़ुअफा कुव्वती व क़िल्लता हीलती व हवानी अलान्नासे या अर्रहमर्राहिमीना अन्ता रब्बुल मुस्तज़्अफीना व अन्त रब्बी इला मन् तकिलुनी इला बईदिन् यतजह्हमुनी अम् इला अदुव्विन मलक्तहु अम्री इन् लम् यकुन बिका अलय्या ग़ज़बुन् फला उबाली व लाकिन् आफियतुका हिया औसओ ली अओज़ु बेनूरे वज्हिकाल्लज़ी अश्रकत् लहुज़्ज़ुलुमातु व सुलुहा अलैहि अम्रुद्दुनिया वल्आख़िरते मिन् अन् तुनज़्ज़िला बी ग़ज़बका अउ यहिल्ल अलय्या सखतुका लकल् ओक़्बा हत्ता तर् ज़ा व ला हौला व ला कुव्वता इल्ला बिका (सीरत इब्ने हश्शाम, भाग 1, पृष्ठ 147)

अर्थात हे मेरा पालनहार! म तिम्रै निकट आफ्नो दुर्बलता र साधनहरूको कमी र मानिसहरूको दृष्टिमा म तुच्छ रहेको गुनासो गर्दछु। परन्तु तिमी दुखीहरूका र दुर्बलहरूका खुदा (परमेश्वर) हौ। तथा तिमी मेरा पनि खुदा हौ। तिमी मलाई कसका हातमा छाड्छौ। के विरानाहरूको हातमा जसले मलाई यता र उता धक्याउँदै रहनेछन। अथवा मलाई त्यस शत्रुका हातमा सुम्पिन्छौ जसले मेरो जन्मभूमिमा ममाथि अधिकार जमाएको छ। यदि तिम्रो क्रोध मप्रति नरहेमा मलाई यी शत्रुहरूको केही पर्वाह छैन। तिम्रो दया ममाथि रहेको छ र तिम्रो सुरक्षा मेरा निम्ति अधिक विस्तृित रहेको छ। म तिम्रो मुहारको प्रकाशमा शरण चाहन्छु। अन्धकारलाई संसारबाट भगाउनु र यस संसारमा र परलोकमा शान्ति प्रदान गर्नु तिम्रै काम हो। तिम्रो क्रोध र तिम्रो गैरत ममाथि नभड्कियोस। तिमी यदि अप्रसन्न हुन्छौ भने पनि पुनः प्रसन्न हुनका लागि नै हो। तिमी बाहेक कोही वास्तविक शक्ति

1. सीरत इब्ने हश्शाम, भाग 2, पृष्ठ 62-63, प्रकाशन मिस्र 1936 ई.।

र वास्तविक शरणस्थल छैन।

उपरोक्त दुआ (प्रार्थना) मागेर हज़रत मुहम्मद (सल्लम.) मक्कातर्फ फर्कनुभयो। बीचमार्गमा नख़ला नामक ठाउँमा उहाँ ठहर्नुभयो। केही दिन त्यहाँ विश्राम गरेपश्चात पुनः उहाँ मक्कातर्फ लाग्नुभयो। परन्तु अरबको नियमानुसार लडाई झगडाका कारण मक्का छाडेर गएपश्चात उहाँ मक्काको निवासी रहनु भएनथ्यो त्यसकारण अब उहाँलाई मक्कामा आउन दिनु वा नदिनु मक्कावासीहरूको इच्छामा निर्भरित थियो। अतः उहाँले मक्काको एउटा मुखिया मुतअम बिन अदीलाई म मक्कामा प्रवेश गर्न चाहन्छु के तिमी मलाई अरबको चलनानुसार प्रवेश गर्न अनुमति दिन्छौ भनी सन्देश पठाउनु भयो। मुतअम घोर शत्रु रहेतापनि भद्र स्वभावको व्यक्ति थियो। उसले त्यही क्षण आफ्ना पुत्रहरू र नातेदारहरूलाई साथमा लिएर अस्त्रशस्त्रका साथ का'बाको प्रांगनमा गएर खडा भयो र हज़रत मुहम्मद (सल्लम.) लाई उहाँ मक्कामा प्रवेश गर्न सक्नुहुनेछ भन्ने सन्देश पठायो। उहाँले मक्कामा प्रवेश गर्नुभयो र का'बाको तवाफ (परिक्रमा) गर्नुभयो। त्यसपश्चात मुतअम आफ्ना पुत्रहरू र नातेदारहरूसहित तरवार हातमा लिएर उहाँलाई उहाँको घरसम्म पुऱ्याउन आयो। त्यो शरण थिएन अपितु त्यो केवल मक्का प्रवेशका लागि कानूनी अनुमति थियो। किन-भने त्यसपछि निरन्तर हज़रत मुहम्मद (सल्लम.) माथि अत्याचार भइरह्यो परन्तु मुतअमले उहाँको कुनै सुरक्षा गरेन।

उहाँको उपरोक्त यात्राको बारेमा उहाँले त्यस यात्रामा अतुलनीय त्याग र दृढताको उदाहरण प्रस्तुत गर्नुभयो भन्ने कुरो शत्रुहरूले पनि स्वीकार गर्नुपऱ्यो। सर वीलम मिओर आफ्नो किताब ''मुहम्मद'' मा लेख्दछ :-

''मुहम्मद (सल्लम.)को ताइफको यात्रामा एउटा अनुपम र साहसपूर्ण रंग देखिन्छ। एकजना यस्तो एक्लो मानिस जसलाई

उसका जातिका मानिसहरूले अत्यन्त तुच्छ दृष्टिले हेरेका थिए र धुत्कारेका थिए खुदाको नाममा बहादुरीपूर्वक नैनवाका यूनाः नबी झैं एउटा मूर्तिपूजक शहरलाई प्रायश्चित गराउन र खुदातर्फ आहवान गर्नका लागि निस्कियो। यो कुरो उसको त्यस ईमान (आस्था) प्रति अर्थात् उसले स्वयंलाई पूर्णतः खुदाका तर्फबाट हुँ भनी ठान्थ्यो - भन्ने कुराको महत्वपूर्ण प्रमाण हो।''

(दी लाइफ ऑफ मुहम्मद, पृष्ठ 117)

मक्काले पुनः उत्पीडन र ठठ्ठा तथा उपहासको ढोका खोलिदियो। खुदाका नबी (पैग़म्बर)का लागि उहाँको मातृभूमि पुनः नर्कको नमूना बन्नपुग्यो। परन्तु त्यस्तो स्थिति हुँदाहुदै पनि हज़रत मुहम्मद (सल्लम.) साहसका साथ मानिसहरूलाई खुदाको शिक्षा दिने गर्नुहुन्थ्यो। मक्काका बाटा र गोरेटाहरूमा ''खुदा एक हुन, खुदा एक हुन'' भन्ने ध्वनि र पुकार उठ्ने गर्थ्यो। प्रेम र स्नेह तथा सहानुभूतिका साथ मक्कावासीहरूलाई उहाँले मूर्तिपूजाका विरुद्ध उपदेश दिने गर्नुहुन्थ्यो। मानिसहरू विमुख हुन्थे तब उहाँ तिनीहरूका पछि पछि जानुहुन्थ्यो। मानिसहरू मुख फेरेर हिड्थे परन्तु उहाँ पुनः उपदेश दिंदै जानुहुन्थ्यो। सत्यले विस्तार विस्तारै प्रभाव पार्न लागेको थियो। ती केही मुसलमानहरू जो हब्शा जानबाट वञ्चित रहेका थिए र मक्कामै रहने गर्थे उनीहरू आफ्ना नातेदारहरू, मित्रहरू तथा छिमेकीहरूलाई सम्झाउने गर्थे र इस्लामको प्रचार गर्थे। तिनीहरूमध्ये केहीको हृदय भने प्रकाशित भयो परन्तु धेरैजसो यस्ता थिए जसले प्रकाशलाई देखेका थिए परन्तु त्यसलाई स्वीकार गर्ने सौभाग्य तिनीहरूलाई प्राप्त भएन। तिनीहरू त खुदाको साम्राज्य धरतीमा आउनेछ र त्यसदिन तिनीहरू त्यसमा प्रवेश गर्नेछन भन्ने प्रतीक्षामा थिए।

# मदीनावासीहरूको इस्लाम ग्रहण

त्यही अवधिमा हज़रत मुहम्मद (सल्लम.) लाई खुदा तआलाको तर्फबाट ''तिम्रो हिजरत (देश त्याग)को समय आइरहेछ'' भन्ने सूचना दिइरहिएको थियो। उहाँको हिजरत (प्रवास) को स्थान एउटा यस्तो शहर रहेको छ जहाँ कुँआहरू पनि छन र खजूरका बगैंचाहरू पनि छन भन्ने कुरो पनि उहाँप्रति स्पष्ट खुलिसकेको थियो। पहिला त उहाँले यमामाका बारेमा त्यही नै सम्भवत: हिजरत (प्रवास)को स्थान होला भन्ने ठान्नुभयो (बुखारी, अध्याय - हिजरतुन् नबी (सल्लम.)) परन्तु शीघ्र नै उहाँको मनबाट यो धारणा दूर गरियो र उहाँ खुदा तआलाको भविष्यवाणी अनुसार जुन शहर निश्चित भएतापनि त्यसले स्वयंलाई इस्लामको भूमि बनाउनका लागि प्रस्तुत गर्ने छ भन्ने प्रतीक्षामा लाग्नुभयो। त्यही अवधिमा हजको समय पनि आयो। अरबका चारैतर्फबाट मानिसहरू मक्कामा हज गर्नका लागि एकत्रित हुनलागे। हज़रत मुहम्मद (सल्लम.) आफ्नो स्वभावानुसार जहाँ केही मानिसहरूलाई खडा रहेका देख्नु हुन्थ्यो तिनीहरूका निकट गएर तिनीहरूलाई एक खुदाको उपदेश दिन लाग्नुहुन्थ्यो। र खुदाको साम्राज्यको शुभसन्देश दिनुहुन्थ्यो तथा अत्याचार, दुराचार र उपद्रव तथा अन्यायबाट बच्ने उपदेश दिनुहुन्थ्यो। केही मानिसहरू उहाँका कुराहरू सुनेर आश्चर्यचकित हुन्थे अनि आफ्नो बाटो लाग्थे। केहीले कुरा सुनिरहेको अवस्थामा मक्कावासीहरूले त्यहाँ आएर तिनीहरूलाई त्यहाँबाट हटाइदिन्थे। केही व्यक्तिहरू जसले पहिला नै मक्कावासीहरूको कुरो सुनिसकेका हुन्थे तिनीहरू ठठ्ठा र उपहास् गर्दै उहाँबाट अलग्ग हुन्थे। त्यही अवस्थामा उहाँ मनाको उपत्यकामा घुमिरहनु भएको थियो अकस्मात छ: सात जना मदीनाका निवासीहरूमाथि उहाँको दृष्टि पर्‍यो। उहाँले

तिनीहरूलाई तिमीहरू कुन कबीला (समूह) सित सम्बन्धित हौ भनी सोध्नुभयो। तिनीहरूले खज़्रज कबीलाका हौं भनी उत्तर दिए। उहाँले भन्नुभयो, त्यही कबीला जुन यहूदीहरूको मित्र रहेको छ? तिनीहरूले हो भनी उत्तर दिए। उहाँले तिनीहरूलाई के तिमीहरू केही समय बसेर मेरा कुरा सुन्न सक्छौ भनी सोध्नुभयो। तिनीहरूले उहाँको चर्चा सुनिसकेका थिए र उहाँको छविप्रति तिनीहरूका हृदयमा केही चासो थियो त्यसकारण तिनीहरूले उहाँको भनाइ माने र उहाँसित बसेर उहाँका कुरा सुन्नलागे। उहाँले तिनीहरूलाई खुदाको साम्राज्य निकट आइरहेछ भनी सूचित गर्नुभयो र मूर्तिहरू अब संसारबाट मेटाइनेछन र एकेश्वरवाद संसारमा स्थापित गरिनेछ तथा पुण्य र ईश्वरको भय पुनः एकपटक संसारमा स्थापित हुनेछ भनी सुनाउनु भयो। के मदीनाका मानिसहरू यस महान सन्देशलाई स्वीकार्न तयार छन भनी सोध्नुभयो। तिनीहरूले उहाँका कुराहरू सुनेर प्रभावित हुदै भने, हजूरको शिक्षा त हामी सीकार गर्छौं परन्तु मदीना इस्लामलाई शरण दिन तयार छ अथवा छैन भन्ने कुरो हामी आफ्नो मातृभूमिमा पुगेर आफ्ना मानिसहरूसित परामर्श गर्ने छौं र आगामी वर्ष हामी तपाईंलाई आफ्ना मानिसहरूको निर्णय सुनाउने छौं। (इब्ने हश्शाम, भाग 1, पृष्ठ 150-156) तिनीहरू फर्केर गए र तिनीहरूले आफ्ना नातेदार र मित्रहरूका बीचमा हज़रत मुहम्मद (सल्लम.)को इस्लामी शिक्षाबारे चर्चा गर्न आरम्भ गरे। त्यससमय मदीनामा दुईवटा अरबी कबीला (गुट)हरू औस र खज़्रज निवास गर्थे। यसैगरी बनू क़ुरैज़ा र बनु नज़ीर तथा बनु क़ैनक़ाअ नामक तीनवटा यहूदी कबीलाहरू निवास गर्थे। औसर र खज़्रजको आपसमा लडाई थियो। बनू क़ुरैज़ा र बनु नज़ीर औससित तथा बनू क़ैन्क़ाअ खज़्रजसित मिलेका थिए। लामो समयको लडाईं पछि परस्पर सन्धि गर्नुपदर्छ भन्ने भावना

तिनीहरूमा जागेको थियो। अन्ततः अब्दुल्लाह बिन अबी बिन सलूल जो खज़्रजको सरदार (मुखिया) थियो, उसलाई समस्त मदीनाको राजा मानियोस भन्ने कुरो परस्पर सल्लाह र परामर्श बाट निर्णय गरियो। यहूदीहरूसित सम्बन्ध रहेको हुनाले औस र खज़रज क़बीलाका मानिसहरू बाईबिलका भविष्यवाणीहरू सुन्ने गर्थे। जब यहूदीहरू आफ्ना सङ्कट र दुखहरूबारे चर्चा गर्थे तब अन्तमा मूसा (अलै.) का एकजना प्रतिरूप प्रकट हुनेछन भनी सुनाउने गर्थे। उनीहरू भन्थे, उनको समय निकट आइरहेछ जब उनी प्रकट हुनेछन तब हामी पुनः एकपटक संसारमाथि विजयी हुनेछौं। यहूदीहरूका शत्रुहरूलाई नाश गरिनेछ। जब ती हाजीहरूबाट मदीनाका मानिसहरूले हज़रत मुहम्मद (सल्लम.)को दावी सुने तब उहाँको सत्य तिनीहरूको हृदयमा प्रवेश गर्‍यो र तिनीहरूले भने, यी त तिनै नबी प्रतित हुन्छन जसबारे यहूदीहरू हामीलाई खबर दिने गर्थे। अतः धेरै संख्यामा युवकहरू हज़रत मुहम्मद (सल्लम.)को शिक्षाको सत्यताबाट प्रभावित भए र यहूदीहरूबाट सुनेका भविष्यवाणीहरू तिनीहरूको विश्वास स्थापनामा सहयोगी बने। अतः दोस्रो वर्ष मदीनाबाट हजको अवसरमा पुनः मानिसहरू मक्का आए। बारह जना मानिसहरू विशेषगरी यसपटक मदीनाबाट हज़रत मुहम्मद (सल्लम.)को धर्ममा प्रवेश गर्ने इच्छा लिएर निस्किए। तिनीहरूमध्ये दसजना खज़्रज कबीला (गुट)का थिए र दुईजना औसका थिए। मना नामक स्थानमा तिनीहरूले उहाँसित भेट गरे र उहाँको हातमा अल्लाहलाई छाडि अन्य कसैको उपासना नगर्ने तिनीहरूले वाचा गरे। यसैगरी तिनीहरूले चोरी नगर्ने, दुराचारी नगर्ने र आफ्ना पुत्रीहरूको हत्या नगर्ने तथा एक-आपसमा कसैमाथि मिथ्या आरोप नलगाउने र खुदाका नबीका अन्य शिक्षाहरूको समेत अवज्ञा नगर्ने वचन दिए। यिनीहरू जब फर्किएर गए

तब यिनीहरूले आफ्ना मानिसहरूमा पहिलाभन्दा पनि अधिक तीव्रताका साथ प्रचार आरम्भ गरे।

(इब्ने हश्शाम भाग 1, पृष्ठ 150-156)

मदीनाका घरहरूबाट मूर्ति निकालरे फ्याँकिन लागे। मूर्तिहरूका सामुन्ने नतमस्तक रहने व्यक्तिहरू अब आफ्नो शिर उठाएर हिड्न लागे। खुदालाई छाडि मानिसहरूको मस्तक अब अन्य कसैको अगाडि झुक्न तैयार थिएन। यहूदीहरूले शताब्दी पूरानो मित्रता र प्रचारले जुन परिवर्तन ल्याउन सकेनन इस्लामले केहीदिन भित्रैमा त्यो परिवर्तन ल्याएकोमा तिनीहरू अचम्भित थिए। तौहीद (ऐकेश्वरवाद)को प्रचारले मदीनावासीहरूको हृदयमा छाप छाड्न लागेको थियो। एक एक गर्दै मानिसहरू आएर मुसलमानहरूसित हामीलाई इस्लाम धर्मको दीक्षा देऊ भन्ने गर्थे। परन्तु मदीनाका नयाँ मुसलमानहरू न त स्वयं इस्लामी शिक्षाका पूर्ण जानकार थिए न त तिनीहरूको संख्या त्यति धेरै थियो जसले त्यहाँका सैकडौं र हज़ारौं मानिसहरूलाई इस्लामका बारेमा विस्तारपूर्वक बताउन सकून। त्यसकारण तिनीहरूले मक्कातर्फ एउटा मानिसलाई पठाए र हज़रत मुहम्मद (सल्लम.)को सेवामा एकजना प्रचारक पठाउने निवेदन गरे। उहाँले मस्अब नामका एकजना सहचरलाई जो हब्शाको हिजरत (प्रवास) बाट फर्किएर आएका थिए मदीनामा इस्लामको प्रचारका निम्ति पठाउनु भयो। मस्अब मक्काबाट बाहिर जाने पहिला प्रचारक थिए।

## इस्रा (आध्यात्मिक यात्रा)

तिनै दिनहरूमा खुदा-तआलाले मुहम्मद रसूलुल्लाह (सल्लम.) लाई भविष्यबारे पुनः एउटा महान शुभसन्देश प्रदान गरे। उहाँलाई एउटा दिव्यस्वप्नमा उहाँले जेरूशलम गएर नबीहरूलाई

भेटेको र ती नबीहरूले उहाँको अगुवाईमा नमाज़ पढेको दृश्य देखाइयो। (इब्ने हश्शाम भाग 1, पृष्ठ 138) जेरूशलमको भावार्थ मदीना थियो जुन भविष्यमा एक खुदाको उपासनाको केन्द्र बन्ने निश्चित थियो। यसैगरी उहाँको अगुवाईमा नबीहरूले नमाज़ पढनुको भावार्थ थियो भिन्न-भिन्न धर्मका अनुयायीहरू उहाँको धर्ममा प्रवेश गर्नेछन र उहाँको धर्म विश्वधर्म हुनेछ। त्यो समय मक्कामा मुसलमानहरूका लागि अत्यन्त कठिनाईपूर्ण थियो र तिनीहरूमाथि उत्पीडन परम सीमामा पुगेको थियो। त्यो कश्फ (दिव्यस्वप्न) सुनाउनु मक्कावासीहरूलाई ठठ्ठा र उपहासको लागि एउटा नयाँ अवसर प्रदान गर्नु थियो। तिनीहरूले प्रत्येक भेला र सभामा उहाँको त्यस दिव्यस्वप्नप्रति ठठ्ठा गर्नलागे। परन्तु नयाँ जेरूशलमको अर्थ निर्माण हुनलागेको छ र पूर्व र पश्चिमका जातिहरू कान खडा गरी एक अद्वितीय खुदाका अन्तिम नबीको आह्वान सुन्न तत्पर थिए भन्ने कुरो कसलाई थाहा थियो र।

## रोमीहरूको विजयप्राप्ति बारे भविष्यवाणी

तिनै दिनहरूमा कैसर (रोम) तथा किस्रा (ईरान) का बीचमा एउटा भयानक युद्ध भयो र त्यसमा किस्रालाई विजय प्राप्त भयो। शाम (सिरिया)मा ईरानी सिपाहीहरू प्रवेश गरे र जेरूशलमलाई नष्ट गरियो। त्यसपछि ईरानी सिपाहीहरू यूनान र एशिया कोचकसम्म पुगे तथा बास्फोरस को छेउमा ईरानी जर्नेलहरूले कुस्तुनतुनिया बाट दस कोस टाढा आफ्नो डेरा जमाए। त्यस घटनाप्रति मक्कावासीहरूले हर्ष मनाउन आरम्भ गरे र खुदाको निर्णय प्रमाणित भयो फलत: मूर्तिपूजक ईरानीहरूले ईश्वरीय पुस्तकप्राप्त ईसाईहरूमाथि विजय प्राप्त गरे भन्नलागे। त्यही समयमा खुदा तआलाका तर्फबाट हज़रत मुहम्मद (सल्लम.)

लाई निम्नलिखित ईशवाणीद्वारा सूचित गरियो

غُلِبَتِ الرُّوْمُ ○ فِيْٓ اَدْنَى الْاَرْضِ وَهُمْ مِّنْۢ بَعْدِ غَلَبِهِمْ سَيَغْلِبُوْنَ ○ فِيْ بِضْعِ سِنِيْنَ ۔ لِلّٰهِ الْاَمْرُ مِنْ قَبْلُ وَمِنْۢ بَعْدُ ۔ وَيَوْمَئِذٍ يَّفْرَحُ الْمُؤْمِنُوْنَ ○ بِنَصْرِ اللّٰهِ ۔ يَنْصُرُ مَنْ يَّشَآءُ ۔ وَهُوَ الْعَزِيْزُ الرَّحِيْمُ ○ وَعْدَ اللّٰهِ ۔ لَا يُخْلِفُ اللّٰهُ وَعْدَهٗ وَلٰكِنَّ اَكْثَرَ النَّاسِ لَا يَعْلَمُوْنَ ○[1]

गुलिबतिर्रोमो फी अद्नाल् अर्ज़े व हुम मिन बा'दि ग़ल्बेहिम सयग़्लिबून फी बिज़्ये सिनीना लिल्लाहिल् अम्रो मिन कब्लु व मिन बअ्दु व यौमेज़िन यफ्रहुल् मोमेनीना बेनस्रेल्लाहे यनसुरू मन् यशाउ व हुवल अज़ीज़ुर्रहीम। वअदल्लाहे ला युख्लिफुल्लाहु वअ्दहु व लाकिन अक्सरन्नासे ला यअ्लमून। अर्थात रोमी सिपाहीहरू अरबका निकटवर्ती देशहरूमा पराजित भएका छन परन्तु यस पराजय पछि केही वर्ष भित्रैमा तिनीहरू पुन: विजयी हुनेछन। खुदाको अख्तियार नै पहिला पनि संसारमा रायज थियो र भविष्यमा पनि रायज रहनेछ। जब त्यो विजय दिवस आउनेछ त्यससमय मोमिनहरू (विश्वासीहरू)लाई पनि खुदाको सहयोगबाट हर्ष मिल्नेछ। ख़ुदाले जसलाई निर्वाचित गर्छन तिनीहरूको सहायता गर्छन। उनी परम प्रतापी र अत्यन्त दयालु छन। यो तिनै खुदाको वचन हो जसले आफ्नो वचन परिवर्तन गर्दैनन परन्तु अधिकतर मानिसहरू खुदाको शक्तिलाई जान्दैनन। केही वर्षपछि नै खुदाले त्यो भविष्यवाणी पूर्ण गरिदिए। एकातर्फ रोमीहरूले ईरानीहरूलाई पराजित गरी आफ्नो देशलाई मुक्त गरे तथा दोस्रोतर्फ भविष्यवाणी अनुसार नै तिनै दिनहरूमा मुसलमानहरूलाई मक्कानिवासीहरूमाथि विजय प्राप्त हुन आरम्भ भयो। मक्काका मानिसहरू भने तिनीहरूले अन्य मानिसहरूलाई मुसलमानहरूको कुरो सुन्नबाट रोकेर र मुसलमानहरूमाथि अत्याचार गर्न उक्साएर इस्लामलाई समाप्त गरिदियौं भन्ने

1. सूर: रोम : 3-7

ठानिरहेका थिए परन्तु खुदाको वाणीले निरन्तर इस्लामको विजयको सूचना दिइरहेको थियो र मक्कावासीहरूको सर्वनाशको समय निकट छ भनी सूचित गरिरहेथ्यो। अतः तिनै दिनहरूमा हज़रत मुहम्मद (सल्लम.)ले जोडदार ढंगले खुदा तआलाको निम्नलिखित वाणीको घोषणा गर्नुभयो -

وَقَالُوا لَوْلَا يَأْتِينَا بِاٰيَةٍ مِّن رَّبِّهٖ ۚ اَوَلَمْ تَأْتِهِم بَيِّنَةُ مَا فِي الصُّحُفِ الْاُوْلٰى ○ وَلَوْ اَنَّآ
اَهْلَكْنٰهُم بِعَذَابٍ مِّن قَبْلِهٖ لَقَالُوا رَبَّنَا لَوْلَآ اَرْسَلْتَ اِلَيْنَا رَسُوْلًا فَنَتَّبِعَ اٰيٰتِكَ
مِن قَبْلِ اَن نَّذِلَّ وَنَخْزٰى ○ قُلْ كُلٌّ مُّتَرَبِّصٌ فَتَرَبَّصُوا ۚ فَسَتَعْلَمُوْنَ مَنْ اَصْحٰبُ
الصِّرَاطِ السَّوِيِّ وَمَنِ اهْتَدٰى ○[1]

अर्थात मक्कावासीहरू मुहम्मदले किन हामीसमक्ष आफ्ना ईश्वरका तर्फबाट कुनै चिह्न ल्याउँदैन भन्ने प्रश्न गर्छन्। के उहाँका बारेमा रहेका पहिला नबीहरूका भविष्यवाणीहरू तिनीहरूका लागि पर्याप्त चिह्न होइन र? यदि हामीले मक्कावासीहरूलाई पूर्ण प्रचार अघि नै नाश गरिदिएका भए मक्कावासीहरूले भन्न सक्ने थिए - हे हाम्रा प्रभु! किन तिमीले हामीतर्फ कोही सन्देशवाहक पठाएनौ ता हामी अपमानित र तिरस्कृत हुनुभन्दा पहिला नै तिम्रा शिक्षाहरूको अनुसरण गर्ने थियौं। तिमी भनिदेउ, प्रत्येक व्यक्तिले आफ्नो समयको प्रतीक्षा गर्नुपर्ने हुन्छ। अतः तिमीहरू पनि त्यस क्षणको प्रतीक्षा गर जब तर्क पूर्ण हुनेछ तब तिमीहरूले सन्मार्गमा को छ र खुदा तआलाको आदेशानुसार को हिँडिरहेछ भन्ने कुरो निश्चितरूपमा जान्नेछौ।

प्रत्येक दिन खुदा तआलाको नयाँ वह्यी (ईशवाणी) अवतीर्ण भइरहेथ्यो र प्रत्येक दिन त्यो इस्लामको सफलता र कुफ्फार (अस्वीकारीहरू)को नाशको सन्देश दिइरहेथ्यो। मक्कावासीहरू एकातर्फ आफ्नो शक्ति र सामर्थ्यलाई निहार्थे र अर्कोतर्फ हज़रत

1. सूरः ताहा : 134-136

मुहम्मद (सल्लम.) र उहाँका सहचरहरूको दुर्बलता र निर्धनता लाई हेर्थे र साथै हज़रत मुहम्मद (सल्लम.)लाई प्राप्त ईशवाणीमा खुदा तआलाको सहायता र समर्थन तथा मुसलमानहरूको सफलताको खबर पढ्थे। तब तिनीहरू आश्चर्यचकित भएर के सोच्थे भने या त तिनीहरू पागल भएका छन या मुहम्मद रसूलुल्लाह (सल्लम.) पागल भएको छ। मक्कावासीहरू त हाम्रो अत्याचार र हाम्रो उत्पीडनले गर्दा अब मुसलमानहरूले निराश भएर हामीतर्फ आउनु पर्ने हो र मुहम्मद (सल्लम.) स्वयंमा र उहाँका मित्रहरूमा समेत उहाँको दावीप्रति सन्देह उत्पन्न हुनुपर्ने हो भन्ने आशा गरिरहेका थिए। दोस्रोतर्फ हज़रत मुहम्मद रसूलुल्लाह यो घोषणा गर्न लागिरहनु भएथ्यो।

فَلَآ اُقْسِمُ بِمَا تُبْصِرُوْنَ○ وَمَا لَا تُبْصِرُوْنَ○ اِنَّهٗ لَقَوْلُ رَسُوْلٍ كَرِيْمٍ○ وَّمَا
هُوَبِقَوْلِ شَاعِرٍ ۔ قَلِيْلًا مَّا تُؤْمِنُوْنَ○ وَلَا بِقَوْلِ كَاهِنٍ ۔ قَلِيْلًا مَّا تَذَكَّرُوْنَ○
تَنْزِيْلٌ مِّنْ رَّبِّ الْعٰلَمِيْنَ○ وَلَوْ تَقَوَّلَ عَلَيْنَا بَعْضَ الْاَقَاوِيْلِ○ لَاَخَذْنَا مِنْهُ
بِالْيَمِيْنِ○ ثُمَّ لَقَطَعْنَا مِنْهُ الْوَتِيْنَ○ فَمَا مِنْكُمْ مِّنْ اَحَدٍ عَنْهُ حٰجِزِيْنَ○
وَاِنَّهٗ لَتَذْكِرَةٌ لِّلْمُتَّقِيْنَ○ وَاِنَّا لَنَعْلَمُ اَنَّ مِنْكُمْ مُّكَذِّبِيْنَ○ وَاِنَّهٗ لَحَسْرَةٌ عَلَى
الْكٰفِرِيْنَ○وَاِنَّهٗ لَحَقُّ الْيَقِيْنِ○فَسَبِّحْ بِاسْمِ رَبِّكَ الْعَظِيْمِ○[1]

अर्थात - हे मक्कावासीहरूहो! जुन सोचमा तिमीहरू लट्ट छौ त्यो ठीक होइन। म ती वस्तुहरूको शपथ खाएर भन्छु जुन तिमीहरूले देखिरहेछौ र ती वस्तुहरूको पनि जुन अहिलेसम्म तिमीहरूका दृष्टिबाट ओझल छन। यो पवित्र कुरआन एकजना सम्माननीय रसूल (सन्देशवाहक)को मुखबाट तिमीहरूलाई सुनाइदैछ। यो कुनै कवीको कविता होइन परन्तु तिमीहरूको हृदयमा ईमान (विश्वास) अति कम उत्पन्न हुन्छ। यो कुनै ज्योतिषीको तुकबन्दी होइन परन्तु खेद छ, तिमीहरू अत्यन्त कम उपदेश ग्रहण गर्छौ। यो (वाणी) समस्त जगतका स्रष्टा खुदाका

1. सूर: हाक़्क़ा : 39-53

तर्फबाट उतारिएको हो। अतः हामी जो समस्त जगतका स्रष्टा हौं । तिमीहरूलाई के भन्छौं भने यदि यस (मुहम्मद)ले एउटा आयत (श्रुति) पनि झूटो बनाएर हामीतर्फ इंगित गरेको रहेमा हामीले उसको दाहिने हाथ पकड्ने थियौं र उसको स्वासनली काटिदिने थियौं। तथा तिमीहरू सबै मिलेर उसलाई बचाउन चाहेका भएतापनि बचाउन सक्नेथिएनौ। परन्तु यो कुरआन त खुदासित डराउनेहरूका निम्ति एउटा उपदेश हो। तथा तिमीहरूमा यस कुरआनलाई मिथ्या ठान्नेहरू पनि छन भन्ने कुरो हामी जान्दछौं। परन्तु यसको शिक्षाले अस्वीकारीहरूको मनमा पछुतो सिर्जन गरिरहेछ र तिनीहरू हाय! यो शिक्षा हामीकहाँ रहेको भए भनी गुनासो गरिरहेछन भन्ने कुरो पनि हामी जान्दछौं। जुन कुराहरू यस कुरआनमा वर्णित छन ती सबै शब्द-शब्द पूर्ण हुनेछन भन्ने कुरो पनि हामी जान्दछौं। अतः हे मुहम्मद (सल्लम)! यिनीहरूको विरोधको पर्वाह नगर तथा आफ्ना परम प्रतापी प्रभुको नामको बढाईं वर्णन गर्दैजाऊ।

अन्ततः तेस्रो हजको समय पनि आइपुग्यो र मदीनाका ममुसलमानहरूको एउटा ठूलो संख्यामा आधारित हाजीहरूको काफिला (समूह) मक्का आइपुग्यो। मक्कावासीहरूको विरोधका कारण मदीनाका मानिसहरूले हज़रत मुहम्मद (सल्लम.) सित अलगै भेटगर्ने इच्छा गरे। अब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.)को सोच सम्भवतः हिजरत (प्रवास) मदीनातर्फ निश्चित छ भन्ने कुरोतर्फ परिवर्तित भइसकेको थियो। उहाँले आफ्ना विश्वसनीय नातेदारहरूसित आफ्ना सोचहरू र धारणाहरूबारे चर्चा गर्नुभयो तथा उनीहरूले उहाँलाई त्यसो नगर्नुहोला भनी सम्झाउन लागे। मक्कावासीहरू शत्रु रहेतापनि तिनीहरूमा ठूला ठूला प्रभावी मानिसहरू उहाँका नातेदारहरूमध्ये उपस्थित थिए। मदीनामा के हुने हो र त्यहाँ उहाँका नातेदारहरूले उहाँको सहयोग गर्न

सक्लान कि नसकलान? परन्तु खुदाको निर्णय यही नै हो भन्ने कुरो उहाँले बुझिसक्नु भएको थियो त्यसकारण उहाँले आफ्ना नातेदारहरूको परामर्शलाई रद्द गर्नुभयो र मदीना प्रस्थान गर्ने निर्णय लिनुभयो।

आधिरातपछि पुनः ओक्बाको मैदानमा हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.) र मदीनाका मुसलमानहरू एकत्रित भए। त्यससमय उहाँका काका अब्बास पनि उहाँसित थिए। यसपटक मदीनाका मुसलमानहरूको संख्या 73 थियो। (इब्ने हश्शाम, भाग 1, पृष्ठ 154) तिनीहरूमध्ये 62 जना खज़्रज क़बीला (गुट) का थिए तथा एघार जना औसका थिए र यस क़ाफीलामा दुईवटी महिलाहरू पनि थिए तथा तिनीहरूमध्ये एउटी महिला बनी नजार क़बीलाकी उम्मे अमारा (रज़ि.) पनि थिइन। मस्अब (रजि.) को मार्फत तिनीहरूलाई इस्लामको विस्तृत ज्ञान प्राप्त भइसकेको थियो। त्यसकारण तिनीहरू ईमान अनि विश्वासमा पक्का भएका थिए। पछि घटेका घटनाहरूले तिनीहरू भविष्यमा इस्लामका स्तम्भ प्रमाणित हुने निश्चित थियो भन्ने कुरो प्रकट गरे। त्यसदिन सम्मिलित हुने ती उम्मे अम्माराले आफ्ना सन्तानमा इस्लामको अत्यन्त प्रेम उत्पन्न गरीन। फलस्वरूप उनका पुत्र हबीब जब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.)को स्वर्गवास पछि मुसैलमा कज़्ज़ाबको लश्करको हातमा बन्दी भए तब मुसैल्माले उनलाई बोलाएर प्रश्न गर्‍यो, के हज़रत मुहम्मद (सल्लम) अल्लाहका रसूल हुन भनी तँ गवाही दिन्छस? हबीबले भने, हो! दिन्छु। पुनः मुसैल्माले सोध्यो, के म अल्लाहको रसूल (सन्देशवाहक) हुँ भनी तँ गवाही दिन्छस? हबीबले उत्तर दिए, दिन्न! तब मुसैल्माले तिनको एउटा अङ्ग काट भनी आदेश दियो। त्यसपछि मुसैल्माले पुनः उनलाई सोध्यो, के मुहम्मद अल्लाहका रसूल हुन भनी गवाही दिन्छस? हबीबले हो, दिन्छु

भनी उत्तर दिए। पुनः उसले के म अल्लाको रसूल हूँ भनी गवाही दिन्छस भनी प्रश्न गऱ्यो तब हबीबले दिन्न भनी उत्तर दिए। त्यसप्रति उसले उनको दोस्रो अङ्ग काट्ने आदेश दियो। प्रत्येक अङ्ग काट्नका साथ त्यसले के म अल्लाहको रसूल हुँ भनी तँ गवाही दिन्छस भनी प्रश्न गर्थ्यो र हबीबले दिन्न भनी उत्तर दिन्थे। यसैप्रकार उनका समस्त अङ्गहरू काटिए। अन्ततः यसैगरी टुक्डा टुक्डा भएर आफ्नो ईमानको घोषणा गर्दै उनी खुदाको चरणमा उपस्थित भए। स्वयं उम्मे अम्मारा पनि मुहम्मद रसूलुल्लाह (सल्लम.)सित धेरै लडाईंहरूमा सम्मिलित भइन। अतः त्यो क़ाफिला (समूह) निष्ठावान र ईमानदार थियो। तिनीहरू हज़रत मुहम्मद (सल्लम.) बाट धन-दौलत लिन आएका थिएनन अपितु केवल ईमान प्राप्त गर्न आएका थिए। अब्बासले तिनीहरूलाई सम्बोधन गरी भने, ऐ खज़्रज क़बीलाका मानिसहरूहो! यो मेरो प्रिय (मुहम्मद) आफ्नो जातिमा सम्माननीय रहेको छ। यसका जातिका मानिसहरू चाहे मुसलमान बनून अथवा नबनून यसको सुरक्षा गर्छन परन्तु अब यसले तिमीहरूकहाँ जाने निर्णय गरेको छ त्यसकारण हे खज़्रजका मानिसहरूहो! यदि यो तिमीहरूकहाँ गयो भने समस्त अरब तिमीहरूको विरोधी हुनेछ। यदि तिमीहरू आफ्नो जिम्मेदारीलाई बुझ्दछौ र ती खतराहरूलाई जुन धर्मको सुरक्षाका मार्गमा तिमीहरूले उठाउनु पर्नेछन अनुभव गरी यसलाई लिएर जान चाहन्छौ भने अवश्य खुशीका साथ लिएर जाऊ अन्यथा त्यस इच्छालाई त्याग। तब त्यस क़ाफिलाका मुखिया अलबर उठे र भने, हामीले उहाँका कुराहरू सुनिसकेका छौं। आफ्नो मनसाप्रति हामी अडिग छौं। हाम्रो ज्यान खुदाका नबीका चरणमा समर्पित छ। अब निर्णय उहाँको अख्तियारमा छ। हामी उहाँको प्रत्येक निर्णयलाई स्वीकार गर्नेछौं। त्यसपछि हज़रत मुहम्मद रसूलुल्लाह

(सल्लम.)ले तिनीहरूलाई इस्लामको शिक्षाबारे सम्झाउन लाग्नुभयो र खुदातआलाको एकत्ववादको स्थापना गर्ने उपदेश दिनुभयो। उहाँले तिनीहरूलाई यदि तिनीहरूले आफ्ना पत्नीहरू र आफ्ना सन्तानहरूको झैं इस्लामको सुरक्षा गर्ने वाचा गरेमा तिनीहरूसित जान तयार रहेको बताउनु भयो। उहाँले आफ्नो कुरो टुंग्याउन नपाउँदै मदीनाका बहत्तर जना पराक्रमी युवकहरूले एकस्वर भएर हो, हो, गर्नेछौं भनी उच्च स्वरमा भने त्यससमय जोशमा तिनीहरूलाई मक्कावासीहरूको उपद्रवको ख्याल पनि रहेन र तिनीहरूको घोषणाले वायुमण्डल गर्जियो। अब्बास (रज़ि.)ले तिनीहरूलाई सावधान गरे अनि चुप्प लाग, चुप्प लाग, मक्काका मानिसहरूलाई यस घटनाको भनक नपरोस भनी सम्झाए। परन्तु तिनीहरूले अब ईमान प्राप्त गरिसकेका थिए र मृत्यु तिनीहरूका दृष्टिमा नगण्य देखिन लागेको थियो। अब्बास (रज़ि.)को कुरो सुनेर तिनीहरूको एकजना मुखियाले भन्यो, हे अल्लाहका रसूल! हामी डराउँदैनौं। हजूर अनुमति दिनुहोस अहिले नै मक्कावासीहरूसित लडेर तिनीहरूले तपाईंमाथि गरेको अत्याचारको बदला लिन तयार छौं। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.) ले अहिले, खुदा तआलाले मलाई तिनीहरूका विरुद्ध खडा हुने अनुमति दिएको छैन भनी उत्तर दिनुभयो। त्यसपश्चात मदीनाका मानिसहरूले उहाँको बैअत (अनुबन्धन)गरे तथा त्यस सभाको विघटन भयो। मक्कावासीहरूलाई त्यस घटनाको भनक लाग्यो तथा तिनीहरू मदीनाका मुखियाहरूसमक्ष शिकायत गर्न पुगे परन्तु अब्दुल्लाह बिन अबी बिन सलूल मदीनाको क़ाफिला (टोली) को सरदार थियो र त्यसलाई स्वयं त्यस घटनाबारे थाहा थिएन त्यसकारण उसले तिनीहरूलाई शान्त गराउँदै तिमीहरूले अवश्य कुनै झूटो उड्दो खबर सुनेका हौ वास्तवमा त्यस्तो कुनै घटना घटेकों छैन र मदीनाका मानिसहरू मेरो परामर्श बिना कुनै काम

गर्दैनन भनी सम्झायो। परन्तु त्यसलाई मदीनाका मानिसहरूको हृदयमा अब शैतानको ठाउँमा खुदा तआलाको साम्राज्य स्थापित भइसकेको छ भन्ने कुरो कहाँ थाहा थियो र। त्यसपछि मदीनाको काफिला (टोली) फर्किएर मदीनातर्फ लाग्यो।

## मक्काबाट मदीनातर्फ हिजरत (प्रवास)

हज़रत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम र उहाँका सहचरहरूले हिज़रत (प्रवास)को तयारी आरम्भ गरे। एउटा एउटा गर्दै परिवारहरू मक्काबाट गायब हुनलागे तथा अब ती व्यक्तिहरू पनि साहसी बन्नलागे जसले खुदा तआलाको साम्राज्यको प्रतीक्षा गरिरहेथे। केही अवसरमा त एउटै रातमा मक्काको एउटा पूरा मार्गका घरहरूमा ताला लाग्ने गर्थे र प्रातः समयमा जब शहरका मानिसहरूले त्यस मार्गलाई सुनसान पाउँथे तब सोधपुछ गर्दा त्यस मार्गका समस्त निवासीहरू मदीनातर्फ हिजरत गरे भन्ने कुराको थाहा लाग्थ्यो। इस्लामको त्यो गहिरो प्रभाव जसरी मक्काका मानिसहरूमा परिरहेथ्यो त्यसलाई देखेर तिनीहरू अचम्भित हुन्थे। अन्ततः मक्का मुसलमानहरूबाट खाली भयो। केही दासहरू र स्वयं हज़रत मुहम्मद (सल्लम.) तथा हज़रत अबूबकर र हज़रत अली (रज़ि.) मक्कामा शेष रहे। जब मक्काका मानिसहरूले अब शिकार हाम्रो हातबाट निस्कन लागिरहेछ भन्ने अनुभव गरे तब मुखियाहरू पुनः भेला भए तथा सल्लाह परामर्शपछि तिनीहरूले अब मुहम्मद रसूलुल्लाहलाई मार्नु नै उचित हुनेछ भन्ने निर्णय गरे। खुदा तआलाको विशेष अलौकिक प्रभावका कारण उहाँको हत्या गर्ने मिति र उहाँको हिजरतको मिति जोडिन पुग्यो। जब मक्काका मानिसहरू (विरोधिहरू) उहाँका घरका सामुन्ने उहाँको हत्या गर्नका लागि एकत्रित

भइरहेथे उहाँ रातको अंध्यारोमा हिजरत (प्रवास)को भावनाले घरबाट निस्किरहनु भएथ्यो। मक्काका मानिसहरू कहीं तिनीहरूको योजनाको खबर हज़रत मुहम्मद (सल्लम.) लाई मिल्यो होला कि भनी अवश्य सन्देह गर्थेहोलान परन्तु जब उहाँ तिनीहरूका सामुन्नेबाट प्रस्थान गर्नुभयो तब तिनीहरूले यो कोही अर्कै व्यक्ति हो भनी ठाने र उहाँमाथि आक्रमण गर्नछाडि सबैजना यताउति लुक्नलागे ता उहाँलाई तिनीहरूको योजनाबारे थाहा नलागोस। त्यसरातको अघिल्लो दिन उहाँसित हिजरतका लागि अबू बकर (रज़ि.) लाई सूचित गरिएको थियो। अत: उनी पनि उहाँसित सम्मिलित भए र दुवैजना मिलेर केही समयमै मक्काबाट प्रस्थान गरे। मक्काबाट तीन चार कोश टाढा सोर नामक एउटा पहाड माथिको गुफामा शरण लिनपुगे। (बुखारी, अध्याय-हिजरत नबी (सल्लम.)। जब मक्काका मानिसहरूलाई हज़रत मुहम्मद (सल्लम.) मक्काबाट प्रस्थान गर्नुभयो भन्ने कुराको ज्ञान भयो तब तिनीहरूले एउटा फौज जम्मा गरे र उहाँका पछिलागे। एउटा खोजी पनि तिनीहरूले साथमा राखे त्यो उहाँको खोज लगाउँदै सोर पहाडसम्म पुग्यो र त्यहाँ त्यसले त्यस गुफाको छेउमा पुगेर जसमा हज़रत मुहम्मद (सल्लम.) हज़रत अबूबकरसित लुक्नु भएको थियो पूर्ण विश्वासका साथ के भन्यो भने - या त मुहम्मद (सल्लम.) यसै गुफामा छ या आकाशमाथि चढयो। त्यसको त्यो घोषणा सुनेर अबुबकरको हृदय काँप्न लाग्यो र उनले विस्तारै हज़रत (सल्लम.) लाई शत्रु अत्यन्त निकट आइपुग्यो अब केही क्षणमै गुफाभित्र प्रवेश गर्नेछ भनी सूचित गरे। उहाँले भन्नुभयो ''ला तह्ज़न इन्नल्लाह मअना'' (बुखारी, अध्याय मुनाकिबुल मुहाजिरीन) अर्थात अबूबकर नडराउ, खुदा हामी दुवैका साथ छन। अबूबकरले उत्तर दिदै भने, हे अल्लाहका रसूल! म आफ्नो ज्यानको लागि डराउँदिन किनभने म त एउटा

साधारण मानिस हुँ। मारिएँ भने एउटा मानिस नै मारिने छ। हे अल्लाहका रसूल (सन्देशवाहक)! मलाई त केवल के डर थियो भने यदि हजूरको ज्यानलाई हानि पुगेमा संसारबाट आध्यात्मिकता र धर्मको नाम मेटिनेछ। उहाँले भन्नुभयो, चिन्ता नगर यहाँ हामी दुईजना मात्र छैनौं हाम्रा खुदापनि हामीसित छन। अब खुदा तआलाले इस्लामलाई बढाउने र प्रगति दिने समय आइसकेको थियो र मक्कावासीहरूको छुटको समय समाप्त भइसकेको थियो त्यसकारण खुदा तआलाले तिनीहरूको नेत्रमा पर्दा ओढाइ दिए फलतः तिनीहरू खोजीसित ठठ्ठा गर्नलागे र भन्नलागे, के तिनीहरू दुवैले यस खुल्ला ठाउँमा शरण लिन सक्छन र? यो कुनै शरण लिने ठाउँनै होइन। यहाँ त धेरै संख्यामा साँप र बिच्छुहरू रहने गर्छन। अतः यहाँ कुन बुद्धिमान शरण लिन सकछ? तिनीहरूले गुफामा च्याएर हेरेबिनानै खोजीको उपहास गर्दै फर्किएर गए। त्यसदिन त्यही गुफामा प्रतीक्षा गरी पहिलादेखि नै निश्चित गरिएको योजनानुसार रात्रि समयमा गुफाका निकट सवारी पुऱ्याइयो। अतः दुईवटा द्रुतगामी उँटनीहरूमाथि हज़रत मुहम्मद (सल्लम.) तथा उहाँका मित्रहरू सवार भएर प्रस्थान गरे। एउटा उँटनीमाथि हज़रत मुहम्मद (सल्लम.) र बाटो देखाउने व्यक्ति सवार भए र दोस्रो उँटनीमाथि हज़रत अबूबकर (रज़ि.) तथा उनको सेवक आमिर बिन फुहैरा सवार थिए। मदीनातर्फ प्रस्थान गर्नुभन्दा पहिला हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.) ले आफ्नो मुहार मर्कातर्फ गरी त्यस पवित्र शहरमाथि जसमा उहाँ जन्मनु भयो र अविर्भाव हुनुभयो र जसमा हज़रत इस्माईल (अलै.)का ज़मानामा उहाँका पितृहरू रहँदै आएका थिए, उहाँले अन्तिम दृष्टि दिनुभयो र अत्यन्त दुखित भएर त्यस शहरलाई सम्बोधन गरी भन्नुभयो, हे मक्काको बस्ती! तँ त मलाई सबै ठाउँहरूभन्दा अधिक प्रिय छस परन्तु तेरा बासिन्दाहरूले मलाई

यहाँ रहन दिदैनन। त्यससमय हज़रत अबूबकरले पनि दुखी भएर भने, तिनीहरूले आफ्ना नबी (पैग़म्बर)लाई निकालेका छन त्यसकारण अब तिनीहरू अवश्य नाश हुनेछन।

(ज़रकानी, भाग 1, पृष्ठ 328)

## सुराक़ाको पीछा र त्यसका बारेमा हज़रत मुहम्मद (सल्लम.)को एउटा भविष्यवाणी

जब मक्कावासीहरू उहाँको खोजमा असफल भए तब तिनीहरूले जसले मुहम्मद (सल्लम.) अथवा अबूबकर (रज़ि.) लाई जीवित अथवा मुर्दा लिएर आउनेछ त्यसलाई सयवटा उँटनी पुरस्कार दिइनेछ भनी घोषणा गरे। त्यस घोषणाको सूचना मक्काका छेउछाउका क़बीलाहरूमा पठाइयो। अतः सुराक़ा बिन मालिक नामक एउटा ग्रामिण मुखिया त्यस पुरस्कारको लालसा लिएर उहाँका पछिलाग्यो। खोज्दै जाँदा त्यसले मदीनाको मार्गमा उहाँलाई भेट्यो। जब त्यसले दुईवटा उँटनीहरू र तिनका सवारीहरूलाई देख्यो र तिनीहरू मुहम्मद (सल्लम.) र उहाँका साथीहरूनै हुन भनी जान्यो तब उसले आफ्नो घोडालाई उनीहरूका पछि-पछि दौडायो। परन्तु बाटोमा घोडाले जोडदार ठक्कर खायो तथा सुराक़ा घोडाबाट लड्यो। सुराक़ा पछि गएर मुसलमान भएको थियो र उसले स्वयं त्यस घटनालाई यसप्रकार वर्णन गरेको छ - जब म घोडाबाट लडें तब मैले अरबको चलनानुसार आफ्ना तीरहरूबाट शुभाशुभ जाँचें र नराम्रो लक्षण देखियो परन्तु पुरस्कारको लोभले गर्दा म पुनः घोडामाथि सवार भएर उहाँका पछि लागें। हज़रत मुहम्मद (सल्लम.) शान्तपूर्वक आफ्नो उँटनीमाथि सवार भएर

अघि बढिरहनु भएको थियो। उहाँले फर्किएर मतर्फ हेर्नुभएन। परन्तु हज़रत अबूबकर (रज़ि.) (हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)लाई कुनै हानि पुग्लाकि भन्ने आशंकाले) बारम्बार मुख फर्काएर मलाई हेर्ने गर्थे। जब दोस्रो पटक म उहाँहरूको निकट पुगें तब पुन: मेरो घोडाले जोडदार ठक्कर खायो र म त्यसबाट लडें। त्यसपछि पुन: मैले आफ्ना तीरहरूबाट फाल (लक्षण) हेरें र त्यो लक्षण अशुभ देखें। मैले घोडाका खुट्टाहरू बालुवाभित्र धसिँदै गएको र बाहिर निकाल्न अत्यन्त कठिन परेको देखें तब मैले तिनीहरूलाई खुदाको सुरक्षा प्राप्त छ भन्ने कुरो बुझें। त्यसपछि मैले उनीहरूलाई पुकारेर पर्ख मेरो कुरो सुन भनी अनुरोध गरें। जब उनीहरू मेरा निकट आए तब मैले भनें, म यो उद्देश्य लिएर आएको थिएँ परन्तु अब मैले आफ्नो सोच परिवर्तन गरें र अब म फर्कदैंछु र मलाई खुदा तआला तपाईंहरूसित छन भन्ने विश्वास भयो। हज़रत मुहम्मद (सल्लम.) ले भन्नुभयो, ठीक छ जाउ। परन्तु कसैलाई हाम्रो बारेमा सूचित नगर्नु। त्यस समय मेरो मनमा यो व्यक्ति साँच्चो प्रतित हुन्छ त्यसकारण अवश्य एकदिन सफल हुनेछ भन्ने धारण आयो। त्यसकारण मैले के अनुरोध गरें भने, जब तपाईंलाई विजय प्राप्त हुनेछ त्यस समयका लागि मलाई कुनै शान्ति र सुरक्षाको परवाना (प्रमाणपत्र) लेखि दिनुहोस। उहाँले आमिर बिन फुहैरालाई जो हज़रत अबूबकरका सेवक थिए मलाई शान्ति सुरक्षाको प्रमाण पत्र लेखेर देउ भनी आदेश दिनुभयो। अत: उनले शान्ति सुरक्षाको प्रमाण पत्र लेखेर दिए (बुखारी, अध्याय हिजरत नबी (सल्लम) जब सुराका फर्किन लाग्यो त्यही क्षणमा खुदा तआलाले सुराकाको भविष्यबारे उहाँलाई भविष्यवाणीद्वारा सूचित गरे। त्यस अनुसार उहाँले उसलाई सम्बोधन गरी आदेश भयो, ‘‘सुराका त्यससमय

तेरो के अवस्था हुनेछ जब तेरा हातमा किस्रा (ईरानको सम्राट)का कडाहरू हुनेछन। सुराकाले आश्चर्यित भएर सोध्यो, के किस्रा बिन हर्मज़ ईरानको सम्राटका? उहाँले भन्नुभयो, हो। (सीरतुल हलबिया भाग 2 पृष्ठ 5) उहाँको यो भविष्यवाणी प्राय: सोह्र सत्र वर्ष पछि गएर शब्द-शब्द यथावत पूरा भयो। सुराका मुसलमान भएर मदीना आयो। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.)को मृत्युपश्चात पहिला हज़रत अबूबकर (रज़ि.) त्यसपछि हज़रत उमर (रज़ि.) खलीफा (उत्तराधिकारी) निर्वाचित भए। इस्लामको बढ्दो ख्याति र प्रभाव देखेर ईरानीहरूले मुसलमानहरूमाथि आक्रमण गर्न आरम्भ गरे र इस्लामलाई हानि पुऱ्याउने ठाउँमा तिनीहरू स्वयं इस्लामको विरोधमा नष्ट भए। किस्राको राजधानी इस्लामी फौजका घोडाहरूका टापमा ध्वस्त भयो र ईरानका खजानामा मुसलमानहरूले अधिकार जमाए। जुन धन त्यस ईरानी साम्राज्यको इस्लामी फौजको हातमा आयो त्यसमा ती कडाहरूपनि थिए जुन ईरानी चलनानुसार किस्राले राजगद्दीमा बस्ने समयमा लगाउने गऱ्थ्यो। सुराका मुसलमान भएपछि मुसलमानहरूलाई आफ्नो त्यो घटनाबारे जुन हिजरतका समयमा हज़रत मुहम्मद (सल्लम.) र उसका बीचमा घटेको थियो गौरबका साथ सुनाउने गऱ्थ्यो त्यसैले मुसलमानहरू हज़रत मुहम्मद (सल्लम.) को त्यो भविष्यवाणी ''सुराका त्यससमय तेरो के अवस्था हुनेछ जब तेरा हातमा किस्राका कङ्गन (कडा) हुनेछन'' प्रति सूचित थिए। अत: जब हज़रत उमरका सामुन्ने ईरानमा प्राप्त धन ल्याएर प्रस्तुत गरियो र त्यसमा उनले किस्राका कडाहरू देखे तब त्यो सबै चित्र उनका नेत्रहरूका सामुन्ने आयो जब दुर्बलता र असहाय अवस्थामा खुदाका रसूलले आफ्नो मातृभूमि त्यागेर मदीना आउनु पऱ्यो र

त्यो सुराका तथा अन्य व्यक्तिहरूले उहाँको पीछा गर्दै उहाँलाई मारेर अथवा जीवितै कुनै प्रकारले पनि मक्कावासीहरूका जिम्मा लगाउनका लागि घोडा दौडाएको घटना र त्वसवापत सयवटा उँटहरू पुरस्कारस्वरूप दिइने घोषणा र त्यसैगरी मदीना यात्राको समयमा हज़रत मुहम्मद (सल्लम.)ले सुराकालाई ''सुराका तेरो त्यससमय के अवस्था होला जब तेरा हातमा किस्राका कङ्गन (कडा) हुनेछन'' भनेका कुराहरू र त्यो महान भविष्वाणी जुन अत्यन्त स्वच्छ अदृश्यवार्ता थियो, जब हज़रत उमर (रज़ि.)ले आफ्ना सामुन्ने किस्राका कडाहरू देखे तब खुदाको चमत्कार उनका नेत्रका सामुन्ने स्पष्ट भयो। उनले सुराकालाई बोलाउने आदेश दिए। जब सुराकालाई बोलाइयो तब हज़रत उमर (रज़ि.)ले उनलाई किस्राका कडाहरू आफ्ना हातमा लगाउने आदेश दिए। सुराकाले हे खुदाका रसूलका खलीफा (उत्तराधिकारी)! सुन लगाउनु त मुसलमानका लागि मनाही छ भनी बिन्ती गरे। हज़रत उमरले भने, हो मनाही छ तर यस्तो अवसरमा भने छैन। अल्लाह तआलाले हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.) लाई तिम्रा हातमा सुनका कङ्गन (कडा) देखाएका थिए। त्यसैले या त तिमी यी कडाहरू लगाउ अन्यथा म तिमीलाई दण्ड दिनेछु। सुराकाको आपत्ति त केवल इस्लामिक विधानको नियमलाई लिएर थियो अन्यथा उनी त स्वयं हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.)को भविष्यवाणी पूरा भएको देख्न चाहन्थे। सुराकाले ती कडाहरू हातमा लगाए र मुसलमानहरूले त्यो महान भविष्यवाणी पूरा भएको आफ्ना आँखाले देखे। मक्काबाट भागेर निस्कने रसूल (सन्देशवाहक) अब संसारको सम्राट थियो। उ स्वयं यस संसारमा उपस्थित थिएन तर इस्लामका सेवकहरू त्यो भविष्यवाणीपूरा भएको देखिरहेथे।

# हज़रत मुहम्मद (सल्लम.)को मदीनामा आगमन

सुराकालाई विदा गरी केही कोश अघि बढ्नका साथै हज़रत मुहम्मद (सल्लम.) मदीना पुग्नुभयो। मदीनाका मानिसहरू अत्यन्त कौतुहल र अधैर्यका साथ उहाँको प्रतीक्षा गिररहेथे। त्यो सूर्य जो मक्काबाट निस्किएको थियो त्यो मदीनाका मानिसहरूप्रति गएर उदय भयो अतः यो भन्दा ठूलो भाग्य तिनीहरूको अरु के हुन सक्थ्यो र।

जब तिनीहरूलाई हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.) मक्काबाट गायब हुनुभयो भन्ने सूचना मिल्यो त्यही दिनदेखि उहाँको प्रतीक्षामा थिए। तिनीहरूका प्रतिनिधिहरू प्रतिदिन मदीनाबाट बाहिर केही मील टाढासम्म उहाँको खोजमा निस्कने गर्थे र बेलुकीपख निराश भएर फर्कन्थे। जब उहाँ मदीनाका निकट पुग्नुभयो उहाँले पहिला क़ुबा (मदीनाको छेउको एउटा गाँव) मा ठहर्ने निर्णय लिनुभयो। एउटा यहूदीले उहाँको उँटनीलाई जब आउँदै गरेको देख्यो तब यो क़ाफिला (टोली) मुहम्मद रसूलुल्लाह (सल्लम.) को हो भनी ठान्यो र त्यो व्यक्ति एउटा टाकुरोमाथि चढ्यो र उच्चस्वरमा भन्नालाग्यो, हे क़ैला (मदीनाको एउटा चौतारी) का सन्तान! तिमीहरू जसको प्रतीक्षामा थियौ त्यो व्यक्ति आइपुग्यो। त्यो शब्द सुनेर मदीनाको प्रत्येक व्यक्ति क़ुबातर्फ दौडियो। क़ुबावासीहरू त खुदाका नबी तिनीहरूकहाँ बस्न आइरहनु भएछ भन्ने जानी अत्यन्त प्रसन्न भए।

त्यस अवसरमा एउटा यस्तो घटना घट्यो जसबाट उहाँ अत्यन्त सरल हुनुहुन्थ्यो भन्नेकुरो प्रमाणित हुन्छ। मदीनाका अधिकांश मानिसहरू उहाँलाई चिन्दैनथे। जब क़ुबाबाट बाहिर एउटा वृक्षतल उहाँ विश्राम लिनुहुदैंथ्यो र मानिसहरू दौडदै

मदीनाबाट उहाँतर्फ आइरहेथे। उहाँ अत्यन्त सरल अवस्थामा बस्नुभएको थियो त्यसकारण आगन्तुकहरूमध्ये उहाँसित अपरिचित मानिसहरू हज़रत अबूबकर (रज़ि.)लाई देखेर उनी नै हज़रत मुहम्मद रसूलुल्लाह (अल्लाका सन्देशवाहक) हुनुहुन्छ भनी ठान्थे किनभने उनी उमेरमा हज़रत मुहम्मद (सल्लम.) भन्दा साना थिए परन्तु उनका दाढीमा केही सेता बालहरू आएका थिए र यसैगरी उनको लिबास हज़रत मुहम्मद (सल्लम.)को लिबास भन्दा केही राम्रो थियो। अतः अत्यन्त आदरका साथ उनीतर्फै मुख गरेर बस्थे। हज़रत अबूबकरले जब त्यसो गरेको देखे तब मानिसहरूलाई धोकालाग्यो भन्ने कुरो बुझे। उनी तत्काल च्यादर फैलाएर सूर्यका सामुन्ने खडा भए र भन्नलागे, हे रसूलुल्लाह! तपाईंमाथि सूर्यको ताप परिरहेछ त्यसकारण म छाया गर्न लागेको छु। (बुखारी, अध्याय-हिजरत नबी (सल्लम.) व अस्हाबेहि इलल् मदीना) त्यस उत्तम प्रक्रियाद्वारा उनले मानिसहरूको भूल तिनीहरूमा प्रकट गरिदिए। कुबामा दस दिन बिताएपछि मदीनाका मानिसहरूले उहाँलाई मदीना लिएर गए। जब उहाँले मदीनामा प्रवेश गर्नुभयो मदीनाका समस्त पुरुष र महिला तथा बालकहरू मार्गमा निस्किए र उहाँको अभिवादन गर्नलागे। बालकहरू र महिलाहरू यो गीत गाइरहेथे -

طَلَعَ الْبَدْرُ عَلَيْنَا مِنْ ثَنِيَّاتِ الْوَدَاع

وَجَبَ الشُّكْرُ عَلَيْنَا مَا دَعَا لِلّٰہِ دَاع

اَيُّھَا الْمَبْعُوْثُ فِيْنَا جِئْتَ بِالْاَمْرِ الْمُطَاع[1]

अर्थात चौधौं रातको चन्द्रमा हामीप्रति विदाअको डाँडो र घुम्तीबाट चढेको छ र जबसम्म खुदाका तर्फबाट आह्वान गर्ने कोही व्यक्ति संसारमा उपस्थित छ हामीप्रति यो उपकारको

1. शरह मुवाहिबुद्दुनिया, भाग 1, पृष्ठ 359, प्रकाशन मिस्र 1936 ई.।

धन्यवाद गर्नु अनिवार्य रहेको छ। तथा हे तीं (परम पुरुष) जसलाई खुदाले हामीमा अविर्भाव गरेको छ तपाईंको आदेशको पूर्णरूपमा आज्ञापालन गरिनेछ।

हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.) जुन दिशाबाट मदीनामा प्रवेश गर्नुभएको थियो त्यो दिशा पूर्व थिएन। परन्तु चौधौं रात (पूर्णिमा)को चन्द्रमा त पूर्वबाट चढ़ने गर्छ। अतः मदीनाका मानिसहरूको संकेत त्यसतर्फ थियो जुन आध्यात्मिक थियो र वास्तविक चन्द्रमा त आध्यात्मिक चन्द्रमा नै हो। हामी अहिलेसम्म अन्धकारमैं थियौं अब हाम्रालागि चन्द्रमा चढको छ र त्यो पनि त्यस दिशाबाट चढेको छ जुन दिशाबाट त्यो चढ्ने गर्दैन। त्यो सोमवार को दिन थियो जुनदिन हज़रत मुहम्मद (सल्लम.) मदीनामा प्रवेश गर्नुभयो। र सोमवारकै दिन उहाँ सोर नामक गुफाबाट निस्कनु भएको थियो। र अचम्भको कुरो के हो भने सोमवारका दिनमैं उहाँको हातमा मक्का विजय भएको थियो।

जब उहाँ मदीनामा प्रवेश गर्नुभयो प्रत्येक व्यक्तिको उहाँले उसका घरमा रहे हुन्थ्यो भन्ने इच्छा थियो। जुन-जुन बाटोबाट उहाँको उँटनी अघि बढ्त्यो त्यस मार्गका भिन्न-भिन्न परिवार ले आ-आफ्ना घर अगाडि उभिएर हज़रत मुहम्मद (सल्लम.) को अभिवादन गर्थे। र हे अल्लाहका रसूल यो हाम्रो घर हो र यो हाम्रो सम्पत्ति हो र यी हाम्रा सन्तानहरू हुन जो हजूरको सेवाका लागि तत्पर छन, हे अल्लाहका सन्देशवाहक! हामी हजूरको सुरक्षा गर्न समर्थ छौं त्यसकारण हजूर हाम्रै घरमा पाल्नुहोस भनी विन्ती गर्थे। केही व्यक्तिहरू उत्साहपूर्वक अघि बढ्थे र उहाँको उँटनीको डोरी समातेर उहाँलाई आफ्नो घरमा उतार्ने प्रयास गर्थे। परन्तु उहाँले प्रत्येक व्यक्तिलाई मेरो उँटनी छाडिदेउ यो आज खुदा तआलाका तर्फबाट नियुक्त गरिएको छ त्यसकारण

यो त्यहीं खडा हुनेछ जहाँ खुदा तआलाको इच्छा हुनेछ भनी उत्तर दिनुहुन्थ्यो। अन्तमा मदीनाको एउटा छेउमा बनू नजारका टुहुराहरूको एउटा जग्गाको निकटमा पुगेर उँटनी उभियो। उहाँले भन्नुभयो, मैले यहाँ ठहर्नू पर्छ भन्ने खुदा तआलाको इच्छा देखिन्छ। पुनः उहाँले यो जग्गा कसको हो भनी प्रश्न गर्नुभयो। जग्गा केही टुहुराहरूको थियो। तिनीहरूको संरक्षक अघि बढ्यो र भन्यो, हे अल्लाहका सन्देशवाहक! यो फलाँ-फलाँ टुहुराहरूको जग्गा हो। र हजूरको सेवाका लागि प्रस्तुत छ। उहाँले भन्नुभयो, म कसैको सम्पत्ति सितैमा लिने छैन। अन्ततः त्यो जग्गाको मूल्य निश्चित गरियो र उहाँले त्यस जग्गामा मस्जिद र आफ्ना घरहरू बनाउने निर्णय लिनुभयो।

## हज़रत अबू अय्यूब अन्सारीको घरमा ठहर्ने निर्णय

त्यसपश्चात उहाँले भन्नुभयो, सबैभन्दा निकटमा कसको घर छ? अबू अय्यूब अन्सारीले अघि बढेर भने, हे अल्लाहका सन्देशवाहक! मेरो घर सबैभन्दा निकटमा छ र हजूरको सेवाका लागि प्रस्तुत छ। उहाँले आज्ञा गर्नुभयो, घर जाउ र मेरा लागि कुनै कोठो तयार गर। अबू अय्यूब (रज़ि.)को घर दुईतले थियो। उनले हज़रत मुहम्मद (सल्लम.) का लागि माथिल्लो तलो प्रस्तुत गर्ने योजना गरे परन्तु उहाँले भेट गर्ने मानिसहरूलाई असुविधा पर्न जाला भनी तल्लो तलो नै मन पऱ्याउनु भयो।

अन्सारहरूमा हज़रत मुहम्मद (सल्लम.) प्रति अत्यन्त प्रेम उत्पन्न भएको थियो र त्यसको प्रदर्शन त्यस अवसरमा पनि देखियो। हज़रत मुहम्मद (सल्लम.)को इच्छानुसार हज़रत अय्यूब

तल्लो तलामा उहाँले ठहर्ने निर्णयप्रति सहमत त भए परन्तु अल्लाका सन्देशवाहक भने हामीभन्दा तल विश्राम गरिरहनु भएछ र हामी माथिल्लो तलामा विश्राम गरी उहाँको अनादर कसरी गर्न सक्छौं भन्ने ठानी रातभरि पति पत्नी जागिरहे। राति पानीको एउटा बर्तन लड्यो तब माथिबाट पानी तल चुइएला कि भनी हज़रत अबू अय्यूबले दौडिएर गई आफ्नो सिरक त्यस पानीमाथि फैलाएर पानीलाई त्यसद्वारा सुकाए। बिहानीपख पुनः उनी हज़रत मुहम्मद (सल्लम.)का सेवामा उपस्थित भए र सम्पूर्ण घटना वर्णन गरे। त्यसपछि हज़रत मुहम्मद (सल्लम.)ले माथिल्लो तलोमा सर्न स्वीकार्नु भयो। हज़रत अबू अय्यूब प्रतिदिन भोजन तयार गरी उहाँका सेवामा पठाउँथे र उहाँबाट बचेको भोजन जब आउँथ्यो त्यसलाई घरका सबैले खान्थे। केही दिनपछि शेष अन्सारहरूले पनि अनुरोध गरी अतिथि सेवामा आफ्नो सहभागिता मागे र हज़रत मुहम्मद (सल्लम.)को आफ्नो घरको व्यवस्था नहुञ्जेलसम्म पालो पालो गरी मदीनाका मुसलमानहरू उहाँका घरमा भोजन पुऱ्याउने गर्थे।

(बुखारी, अध्याय हिजरत नबी(सल्लम.) तथा ज़रक़ानी भाग 1 हिजरतको घटना)

## हज़रत मुहम्मद (सल्लम.)का सेवक हज़रत अनस (रज़ि.) को साक्ष

मदीनाकी एउटी विधवा महिलाको अनस नामक एउटा मात्र पुत्र थियो। त्यसको आयु 8-9 वर्षको थियो। त्यसलाई उनले हज़रत मुहम्मद (सल्लम.) को सेवामा लिएर आइन र अनुरोध गरीन, हे अल्लाहका सन्देशवाहक! मेरो यस पुत्रलाई आफ्नो

सेवकको रूपमा स्वीकार्नुहोस। ती महिलाले आफ्नो श्रद्धा र प्रेमका कारण आफ्नो पुत्रलाई समर्पण गर्न लागिरहिथिइन।

अनस हज़रत मुहम्मद (सल्लम.)को संगतमा रहेर इस्लामका महान विद्वान बने र विस्तार विस्तारै ठूला धनी बन्न पुगे। उनले सयवर्षभन्दा अधिक आयु पाए र इस्लामी राज्यमा अत्यन्त सम्मानको दृष्टिले उनलाई हेरिन्थ्यो। अनस्को भनाई अनुसार उनले सानु आयुमा हज़रत मुहम्मद (सल्लम.)को सेवा गर्ने सौभाग्य प्राप्त गरे र उहाँको जीवनसम्म उनी उहाँसित रहे। उनी भन्छन, उहाँले मसित कहिल्यै क्रोधका साथ कुरा गर्नुभएन। कहिल्यै हप्काउनु भएन। कहिल्यै यस्तो काम गर्ने आदेश दिनुभएन जुन मेरो सामर्थ्यमा थिएन (मुस्लिम, भाग 2 किताबुल फजाईल) हज़रत मुहम्मद (सल्लम.)लाई मदीनामा रहेका दिनहरूमा केवल अनस (राज़ि.)को सेवा लिने अवसर मिल्यो। त्यसकारण यसबारेमा अनस (रज़ि.)को साक्षले हज़रत मुहम्मद (सल्लम.)को आचरणप्रति अत्यन्त स्पष्ट प्रकाश पार्छ।

## मक्काबाट परिवार झिकाउनु–मस्जिद नबवीको नीव राख्नु

केही समयपछि उहाँले आफ्ना बन्धनमुक्त गरेका दास ज़ैदलाई मक्का पठाउनु भयो र उहाँबाट आफ्ना परिवारलाई लिएर आउने आदेश दिनुभयो। मक्काका मानिसहरू त्यस अकस्मात हिजरत (प्रवास)का कारण केही हतप्रभ भएका थिए त्यसकारण केही समयसम्म अत्याचारको क्रम थामिएको थियो। त्यही हतप्रभताका कारण तिनीहरू हज़रत मुहम्मद (सल्लम.) र हज़रत अबू बकरका परिवारको मक्का त्यागका समयमा वाधक बनेनन।

अतः उनीहरू सकुशल मदीना पुगे। त्यस अवधिमा जुन जग्गा हज़रत मुहम्मद (सल्लम.)ले किन्नुभएको थियो त्यसमा उहाँले सर्वप्रथम मस्जिदको नीव राख्नुभयो। त्यसपछि आफ्ना लागि र आफ्ना मित्रहरूका लागि घर निर्माण गराउनु भयो। त्यसकार्यमा प्राय सातमहीना समय लाग्यो। (ज़रक़ानी, भाग 1, पृष्ठ 369)

## मदीनाका मुश्रिक (मूर्तिपूजक) समूहहरूको इस्लाम ग्रहण

मदीनामा उहाँको आगमनपछि केही दिन भित्रैमा मदीनाका मुश्रिक (मूर्तिपूजक) समूहहरूमध्ये अधिकतर मानिसहरू मुसलमान भए। जो व्यक्तिहरू सहृदय मुसलमान भएका थिएनन तिनीहरू देखावटी रूपमा मुसलमानहरूमा सम्मिलित भए। यसप्रकार पहिलोपटक मुसलमानहरूमा मुनाफिक (ढोंगी)हरूको एउटा जमात स्थापित भयो। पछिका दिनहरूमा तिनीहरूमध्ये केहीले भने साँच्चो रूपमा ईमान स्थापित गरे र केही भने सदाका लागि मुसलमानहरूका विरुद्ध योजना र षडयन्त्र रच्नमा व्यस्त रहे। केही व्यक्तिहरू त यस्ता पनि थिए जसले इस्लाम ग्रहण नै गरेनन। परन्तु तिनीहरूले मदीनामा इस्लामको उन्नति र ख्याति सहन सकेनन त्यसकारण मदीनाबाट हिजरत (देशत्याग)गरी मक्का प्रस्थान गरे। यसप्रकार मदीना संसार भरिमा पहिलो शहर बन्यो जसमा पूर्णतः एक खुदाको उपासना कायम गरियो। निस्सन्देह त्यससमय संसारमा त्यो शहरबाहेक अन्य कुनै शहर अथवा गाँव विशुद्ध रूपमा एक खुदाको उपासना गर्दैनथ्यो। हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमका लागि यो कति प्रसन्नता र उहाँका मित्रहरूका दृष्टिमा यो कति ठूलो सफलता थियो र त्यो के हो भने मक्काबाट हिजरत

(प्रवास) गरेको केही समय पछि नै खुदा तआलाले उनीहरूद्वारा एउटा शहरलाई पूर्णरूपमा सर्वशक्तिमान खुदाको उपासक बनाए जसमा अन्य कुनै मूर्तिको पूजा गरिदैनथ्यो। न प्रकाश्य मूर्तिको न गुप्त मूर्तिको। परन्तु त्यस परिवर्तनबाट मुसलमानहरूका लागि शान्ति स्थापित भएको थियो भनी ठान्नु उचित हुनेछैन।

मदीनामा अरबीहरूमध्ये पनि एउटा मुनाफिक (ढोंगी) हरूको जमाअत यस्तो थियो जुन उहाँको ज्यानको शत्रु थियो र यहूदीहरू पनि षडयन्त्र गरिरहेथे। अत: त्यस खतरालाई भाँप्दै उहाँ स्वयं पनि सतर्क रहनुहुन्थ्यो र आफ्ना मित्रहरूलाई पनि सतर्क रहने उपदेश दिनुहुन्थ्यो। आरम्भमा केही यस्ता दिनहरू पनि आए जसमा उहाँले रातभरि जाग्नु पर्‍यो। एकपटक यस्तै अवस्थामा जब उहाँले जाग्नु परेकाले उहाँलाई आफू थाकेको अनुभव भयो तब उहाँले आज्ञा गर्नुभयो, यससमय कोही विश्वसनीय व्यक्तिले पहरा दिन्थ्यो भने म सुत्ने थिएँ। केही समय पछि हतियारको झन्कार सुनियो तब उहाँले को हो भनी सोध्नुभयो तब हे अल्लाका रसूल! म सअद बिन वकास हजूरको पहरा दिनका लागि आएको हुँ भन्ने उत्तर आयो। त्यसपछि उहाँले विश्राम गर्नुभयो। हज़रत मुहम्मद (सल्लम.) मदीनामा शत्रुहरूको आक्रमणबाट सुरक्षित हुनुहुन्न भन्ने कुरो अन्सारहरूलाई पनि अनुभव भइरहेथ्यो। अत: उनीहरूले आपसमा निर्णय गरी भिन्न भिन्न समूहरूको पालो निश्चित गरे। प्रत्येक समूहका केही मानिसहरू पालो-पालो गरी उहाँका घरको पहरा दिने गर्थे। अत: मक्काको जीवनकाल र मदीनाको जीवनकालमा केही अन्तर थियो भने त्यो केवल के भने अब मुसलमानहरू खुदाको नाममा स्थापित मस्जिदमा अन्य मानिसहरूको हस्तक्षेप र रोकटोक बिना नै पाँचौं पटक नमाज़ अनुष्ठान गर्न सक्दथे।

# मक्कावासीहरूको मुसलमानहरूलाई पुनः दुखदिने योजना

दुई तीन महीना बितीसकेपछि मक्कावासीहरूको सङ्कट टल्यो र उनीहरूले पुनः मुसलमानहरूलाई सताउने र दुख दिने उपाय सोच्न लागे। परन्तु केवल मक्का र त्यसको छेउछाउमा रहेका मुसलमानहरूलाई दुःख दिनाले उनीहरूको उद्देश्य प्राप्त हुदैन भन्ने कुरो आपसी सल्लाह र परामर्शबाट तिनीहरूले अनुभव गरे। अतः यदि तिनीहरू मदीनाबाट हज़रत मुहम्मद (सल्लम.)लाई निकाल्न सक्षम भएभने मात्र तिनीहरूले इस्लामलाई मेटाउन सक्नेछन भन्ने कुरो टुंगो लगाए। त्यसपछि यो सल्लाह गरी मक्काका मानिसहरूले अब्दुल्लाह बिन अबीबिन सलूललाई जसबारे पहिला चर्चा भइसकेको छ अर्थात हज़रत मुहम्मद (सल्लम.)को आगमन भन्दा पहिला मदीनावासीहरूले उसलाई आफ्नो राजा बनाउने निर्णय लिएका थिए, के भनी ध्यान दिलाए भने मुहम्मद (सल्लम.)को मदीना प्रस्थानपछि मक्काका मानिसहरूको मन दुखेको छ। मदीनाका मानिसहरूले उहाँलाई शरण दिनु उचित थिएन। त्यस (सन्देश)को अन्तमा निम्न शब्दहरू थिए -

اِنَّكُمْ اٰوَيْتُمْ صَاحِبَنَا وَاِنَّا نُقْسِمُ بِاللّٰهِ لَنُقَاتِلَنَّهٗ اَوْ نُخْرِجَنَّهٗ اَوْ لَنَسِيْرَنَّ اِلَيْكُمْ
بِاَجْمَعِنَا حَتّٰى نَقْتُلَ مَقَاتِلَتَكُمْ وَنَسْتَبِيْحَ نِسَآءَكُمْ۔[1]

अर्थात अब जब तिमीहरूले हाम्रो मानिस (मुहम्मद सल्लम.) लाई आफ्ना घरमा शरण दिएका छौ हामी खुदा तआलाको शपथ खाएर के घोषणा गर्छौं भने या त मदीनाका निवासी तिमीहरू उससित युद्ध गर या त उसलाई आफ्नो शहरबाट निष्कासित गर अन्यथा हामी सबै मिलेर मदीनामाथि आक्रमण

1. अबू दाऊद किताबुल खराज वल् फई, अध्याय फी खबरुन्नफीर।

गर्नेछौं र मदीनाका समस्त युद्ध गर्नयोग्य मानिसहरूलाई मार्नेछौं र महिलाहरूलाई बन्दी बनाउनेछौं। यो पत्र प्राप्त भएपछि अब्दुल्लाह बिन अबी बिन सलूलको मनमा दुर्भावना जाग्यो र उसले अन्य मुनाफिक (ढोंगी) हरूसित के सल्लाह गऱ्यो भने - यदि मुहम्मद (सल्लम.)लाई यहाँ बस्न दिएमा हाम्रा निम्ति खतराका ढोकाहरू खुल्नेछन त्यसकारण उससित युद्ध गर्नु हाम्रा निम्ति उचित हुनेछ त्यसप्रकार मक्काका मानिसहरू हामीसित प्रसन्न हुनेछन। हज़रत मुहम्मद रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लमलाई त्यसकुराको सूचना मिल्यो। उहाँ अब्दुल्लाह बिन अबी बिन सलूललाई भेट्न जानुभयो र तिम्रो यो कार्य स्वयं तिम्रानिम्ति हानिकारक हुनेछ किनभने मदीनाका धैरैजसो मानिसहरू मुसलमान भइसकेका छन र इस्लामका लागि ज्यान दिन तयार छन भन्ने कुरो तिमीलाई थाहा छ। यदि तिमीले त्यसो गरेमा ती मानिसहरू मक्काबाट आएका मुहाजिर (प्रवासी) हरूसित मिल्नेछन र तिमीहरू त्यस युद्धलाई आरम्भ गरी पूर्णतः नाश हुनेछौ भनी उसलाई सम्झाउनु भयो। अब्दुल्लाह बिन अबी बिन सलूलले आफ्नो भूल बुझयो र त्यो इच्छा त्याग्यो।

## अन्सार र मुहाजिर (मक्काबट आएका र मदीनाका निवासी मुसलमानहरू) हरूका बीचमा भ्रातृत्व

तिनै दिनहरूमा हज़रत मुहम्मद (सल्लम.)ले इस्लामको सशक्तिकरणका निम्ति एउटा योजना बनाउनु भयो र त्यो के हो भने उहाँले समस्त मुसलमानहरूलाई जम्मा गरी दुई-दुई

जनालाई परस्पर एक अर्काको भाई-भाई बनाउनु भयो। त्यस भातृत्वको सम्बन्धलाई अन्सार (मदीनाका निवासी मुसलमानहरू) हरूले अत्यन्त प्रसन्न हृदयका साथ स्वीकार गरे र प्रत्येक अन्सारीले आफ्नो भाईलाई आफ्नो घर लिएर गए र आफ्नो सम्पत्ति त्यसका सामुन्ने प्रस्तुत गरे र आधीआधी बाँडने प्रस्ताव राखे। एकजना अन्सारीले त आफ्ना मुहाजिर (मक्काबाट आएका मुसलमान) भाईलाई आफ्नी दुईवटी पत्नीहरू मध्ये एउटी पत्नीलाई तलाक़ (पारपाचुके) दिने र त्यस पत्नीसित उनको विवाह गरिदिने प्रस्ताव राखे र त्यसप्रति अत्यन्त जोड लगाए परन्तु मुहाजिरहरूले तिनको त्यस स्नेह र निष्ठाप्रति धन्यवाद दिदै तिनीहरूको सम्पत्तिबाट अंश लिन अस्वीकार गरे। त्यसपछि पनि अन्सारहरूले जोड लगाए र हज़रत मुहम्मद (सल्लम.)का सेवामा विन्ती गरे, हे अल्लाहका सन्देशवाहक! जब यी मुहाजिरहरू हाम्रा भाई बने भने हाम्रो सम्पत्तिबाट अंश नलिनु कसरी सम्भव छ? यिनीहरू कृषिकार्यप्रति अनभिज्ञ छन वस्तुत व्यवसायी मानिसहरू हुन त्यसकारण यदि यिनीहरू हाम्रो जग्गाबट अंश लिदैनन भने जग्गाबाट जुन आम्दनी हुन्छ त्यसमा अवश्य तिनीहरूलाई अंशीदार बनाइयोस। मुहाजिरहरूले त्यसमा पनि तिनीहरूको अंशीदार बन्न अस्वीकार गरे र आफ्नो पैत्रिक पेसा व्यपारमा व्यस्त भए र चाडैं नै तिनीहरू मध्ये केही धनवान बन्नपुगे। परन्तु अन्सारहरू भने अंश दिने ढिपीमा डटेका थिए। केही अन्सारहरू जसको मृत्यु भयो, तिनीहरूका सन्तानले अरबको चलनानुसार आफ्ना मुहाजिर भाईहरूलाई मरनेहरूको सम्पत्तिबाट अंश दिए र धेरै वर्षसम्म यो चलन कायम रह्यो। पछिगएर पवित्र कुरआनमा त्यस कार्यलाई त्याग्ने आदेश आयो।

# मुहाजिर र अन्सार तथा यहूदीहरूका बीचमा सन्धि

मुसलमानहरूका बीचमा भातृत्वको सम्बन्ध जोड्न बाहेक हज़रत मुहम्मद (सल्लम.)ले मदीनाका समस्त निवासीहरूका बीचमा एउटा सन्धि पनि स्थापित गर्नुभयो। उहाँले यहूदीहरू र अरबीहरूका सरदारहरूलाई भेला गरी आज्ञा गर्नुभयो, पहिला यहाँ केवल दुईवटा गुटहरू थिए। परन्तु अब तीनवटा भएका छन्। अर्थात पहिला त केवल यहूदीहरू र मदीनाका अरबहरू यहाँ रहन्थे परन्तु अब यहूदी, मदीनाका अरबहरू र मक्काबाट आएका मुहाजिर (प्रवासी) समूह मिलाएर तीनवटा गुटहरू भएका छन्। त्यसकारण परस्पर एक आपसमा एउटा सन्धि गर्नु आवश्यक छ। अतः आपसमा समझदारीका साथ एउटा सन्धि पत्र लेखियो र त्यसका शब्दहरू निम्नानुसार रहेका छन :-

‘‘मुहम्मद रसूलुल्लाह (सल्लम.), मोमिनहरू र ती सबै मानिसहरूका बीचको सन्धि जो उनीहरूसित स्वेच्छापूर्वक सम्मिलित हुनेछन्। मुहाजिर (मक्काबाट आएका मुसलमानहरू) हरूबाट यदि कुनै हत्या भएमा तिनीहरू त्यस हत्याका स्वयं जिम्मेवार हुनेछन र आफ्ना क़ैदीहरूलाई स्वयं छोडाउने छन र मदीनाका भिन्न-भिन्न मुसलमान समूहरू पनि यसैगरी ती कुराहरूमा आफ्ना समूहहरूका जिम्मेवार हुनेछन्। जो व्यक्ति विद्रोह फैलाउँछ अथवा शत्रुता उत्पन्न गर्छ र व्यवस्था बिगार्न चाहन्छ त्यसविरुद्ध सबै सन्धिकर्ताहरू खडा हुनेछन चाहे त्यो तिनीहरूको आफ्नो पुत्र नै किन नहोस्। यदि कोही काफिर (अविश्वासी) मुसलमानको हातबाट मारिएमा त्यसका मुसलमान नातेदार मुसलमानसित प्रतिशोध लिने छैनन र न

त कुनै मुसलमानका विरुद्ध यस्तो काफिर (अविश्वासी) को सहयोग गर्नेछन। जो कोही यहूदी हामीसित सम्मिलित हुन्छ हामी सबैले त्यसको सहयोग गर्नेछौं। यहूदीहरूलाई यसप्रकारको कष्ट दिइनेछैन न कुनै शत्रुको तिनीहरूका विरुद्ध सहयोग गरिनेछ। कोही गैर मोमिन (अविश्वासी) ले मक्काका मानिसहरूलाई आफ्नो घरमा शरण दिनेछैन। न तिनीहरूको धन अमानतको रूपमा आफू सित राख्नेछन र न त काफिरहरू र मोमिनहरूका बीचको युद्धमा कुनैप्रकारको हस्तक्षेप गर्ने छन। यदि कुनै व्यक्तिले कोही मुसलमानलाई अन्यायपूर्वक हत्या गरेमा समस्त मुसलमानहरूले त्यसका विरुद्ध संगठित भएर निर्णय गर्नेछन। यदि एउटा मुश्रिक (मूर्तिपूजक) शत्रुले मदीनामाथि आक्रमण गरेमा यहुदीहरूले मुसलमानहरूको सहयोग गर्नेछन र आ-आफ्ना भागमा आएको खर्चा उठाउने छन। यहूदीहरूका समूहरू जसले मदीनाका भिन्न-भिन्न समूहहरूसित सन्धि गरिसकेका छन तिनीहरूका अधिकारहरू मुसलमानहरूका अधिकारहरूझैं हुनेछन। यहूदीहरू आफ्नो धर्ममा कायम रहनेछन र मुसलमानहरू आफ्नो धर्ममा कायम रहून। जुन अधिकारहरू यहूदीहरूलाई प्राप्त हुनेछन तिनै अधिकारहरू उहाँका अनुयायीहरू (मुसलमानहरू)लाई प्राप्त हुनेछन। मदीनाका मानिसहरूमध्ये कोही व्यक्ति पनि हज़रत मुहम्मद (सल्लम.)को अनुमति बिना कुनै युद्ध आरम्भ गर्न सक्नेछैन। परन्तु उक्त शर्त अन्तर्गत कोही व्यक्तिलाई त्यसको उचित प्रतिशोध लिनबाट वञ्चित गरिनेछैन। यहूदीहरू आफ्नो व्यवस्थापनका लागि आफ्नो खर्च स्वयं उठाउनेछन र मुसलमानहरू आफ्नो खर्च स्वयं उठाउनेछन। परन्तु युद्धको समयमा तिनीहरू दुवै मिलेर कार्य गर्नेछन। मदीना ती सबै व्यक्तिहरूका लागि जो उक्त सन्धिमा सम्मिलित हुन्छन एउटा सम्माननीय भूमिको रूपमा हुनेछ। जो

अपरिचित मानिसहरू यस शहरका नागरिकहरूको समर्थनमा आउँछ तिनीहरूसित पनि त्यहीं व्यवहार हुनेछ जुन शहरका असल निवासीहरूसित हुनेछ। परन्तु मदीनाका मानिसहरूलाई कुनै महिलालाई त्यसका नातेदारहरूको अनुमति बिना आफ्ना घरमा राख्नु निषेध हुनेछ। झगडा र विवाद निर्णयका लागि खुदा र उनका सन्देशवाहकका सेवामा प्रस्तुत गरिनेछन। मक्काका निवासी र तिनका समर्थक क़बीला (समूह)हरूसित यस सन्धिमा सम्मिलित हुनेहरूले कुनै सन्धि गर्नेछैनन। वस्तुतः यस सन्धिमा सम्मिलित हुनेहरूले मदीनाका शत्रुहरू विरुद्ध उक्त सन्धिद्वारा सहमति प्रकट गरिसकेका छन। जसरी युद्ध अलग्गै गर्न सकिनेछैन त्यसरी नै सन्धि पनि अलग्गै गर्न सकिनेछैन परन्तु युद्धमा सहभागि हुनका लागि कसैलाई बाध्य गरिनेछैन। परन्तु यदि कुनै व्यक्तिले अत्याचापूर्ण कार्य गरेमा त्यो व्यक्ति दण्डनीय हुनेछ। निश्चय नै खुदा तआला पुण्यकर्मी र धार्मिक व्यक्तिहरूका संरक्षक रहेका छन र मुहम्मद (सल्लम.) खुदाका सन्देशवहक हुन। (इब्ने हश्शाम, भाग 1, पृष्ठ 178)। उक्त सन्धिको सारांश यही हो। यस सन्धिमा विश्वसनीयता र स्वच्छतालाई हातबाट जान दिइनेछैन र अत्याचारी आफ्नो अत्याचारप्रति स्वयं जिम्मेवार हुनेछ भन्ने कुरोप्रति बारम्बार जोड दिइएको थियो। उक्त सन्धिपत्रबाट यहूदीहरूसित र मदीनाका ती वासिन्दाहरूसित जो इस्लाममा सम्मिलित छैनन प्रेम र सहानुभूतिपूर्ण व्यवहार गरिनेछ र तिनीहरूलाई भाईहरूसरह राखिनेछ भन्ने निर्णय भइसकेको थियो भन्ने कुरो स्पष्ट हुन्छ। अतः पछिगएर यहूदीहरूसित जतिपनि विवादहरू उत्पन्न भए ती सबैको जिम्मेवारी पूर्णतः यहूदीहरूमाथि नै थियो।

# मक्कावासीहरूका तर्फबाट पुनः उपद्रव आरम्भ

पहिला वर्णन गरेनुसार दुई तीन महीनापछि मक्कावासीहरूको कष्टको जब अन्त भयो तब तिनीहरूले पुनः इस्लामका विरुद्ध एउटा नयाँ मोर्चा कायम गरे। अतः यिनै दिनहरूमा मदीनाका एकजना मुखिया सअद बिन मआज़ जो औस कबीला (समूह) का सरदार थिए बैतुल्लाह (अल्लाहको घर)को परिक्रमा गर्ने इच्छाले मक्का गए तब अबूजहलले उनलाई देखेर के भन्यो भने- के तिमीहरू त्यस धर्मभ्रष्ट (मुहम्मद (सल्लम.)) लाई शरण दिएर पनि शान्तिपूर्वक का'बाको परिक्रमा गर्न सक्नेछौ र तिमीहरू त्यसको सुरक्षा र सहयोगको सामर्थ्य राख्दछौ भन्ने ठानेका छौ। खुदाको शपथ! यदि यससमय तिमीसित अबू सफवान न रहेको भए तिमी आफ्ना परिवारतर्फ जिउँदै जान सक्नेथिएनौ। सअद बिन मआज़ (रज़ि.)ले भने, अल्लाको शपथ! यदि तिमीहरूले हामीलाई का'बाबाट रोकेमा स्मरण राख तिमीहरूलाई पनि तिमीहरूको शामी (सिरिया) मार्गमा शान्ति र सुरक्षा प्राप्त हुनेछैन। त्यही कालमा वलीद बिन मुग़ैरा नामक एउटा ठूलो मुखिया बिमार पर्‍यो र उसले अब मृत्यु निकट छ भनी ठान्यो। अतः एकदिन मक्काका ठूला-ठूला मुखियाहरू त्यसका छेउछाउमा बसेका थिए र त्यो अनायास रुन लाग्यो। मक्काका ती मुखियाहरू आश्चर्यित भए र तिमी किन रोएका हौ भनी सोधे। वलीदले भन्यो, के म मृत्युबाट डराएर रोएको हुँ भनी तिमीहरू ठान्छौ। अल्लाहको शपथ! त्यसो कदापि होइन। मलाई त मुहम्मद (सल्लम.)को धर्म फैलिएला र मक्का पनि त्यसको अधीनमा आउला कि भन्ने चिन्ता लागेको छ। अबू सुफियानले भन्यो, यस कुराको चिन्ता नगर। जबसम्म हामी जीवित छौं त्यसो हुनेछैन। हामी यस कुराको जिम्मेवारी लिन्छौं मक्काका मानिसहरूको

अत्याचारमा जुन अवकाश देखिएको थियो त्यो अस्थायी थियो भन्ने कुरो यी घटनाहरूबाट प्रमाणित हुन्छ। मानिसहरूलाई पुनः उक्साइदैं थियो। मृत्युको मुखमा पुगेका मुखियाहरू मृत्युशैय्यामा रही मुहम्मद (सल्लम.) का विरुद्ध लड्न मानिसहरूसित शपथ लिएरहेका थिए। मदीनाका मानिसहरूलाई मुहम्मद (सल्लम.) का विरुद्ध युद्ध गर्न प्रेरित गरिरहिएको थियो र तिनीहरूको अस्वीकारप्रति मक्कावासीहरूले तिनीहरूका समर्थक समूहसह लश्कर लिएर मदीनामाथि आक्रमण गरी त्यहाँका पुरुषहरुलाई मार्ने र महिलाहरूलाई दासी बनाउने चेतावनी दिइरहिएको थियो।

## हज़रत मुहम्मद (सल्लम.)का प्रतिरक्षाका उपायहरू

अतः उपरोक्त स्थितिमा यदि हज़रत मुहम्मद (सल्लम.) चुप्प लागेर मदीनामा बसिरहनु भएको रहेमा र मदीनाको सुरक्षाका लागि कुनै उपाय नगर्नु भएको रहेमा निश्चित रूपमा उहाँमाथि एउटा ठूलो उत्तरदायित्व आइलाग्ने थियो। अतः उहाँले सा-साना टुकडीहरूको रूपमा आफ्ना सहचरहरूलाई मक्काको छेउछाउमा पठाउन आरम्भ गर्नुभयो जसबाट मक्कावासीहरूको गतिविधि बारे उहाँलाई सूचना प्राप्त भइरहोस। कहिलेकाहिं तिनीहरूको मक्काका समूहहरूसित अथवा मक्काका केही गुटहरूसित सामना हुनेगर्‍थ्र्यो र एक अर्कालाई देखेपछि लडाँईसम्म हुने स्थिति उत्पन्न हुन्थ्यो। ईसाई लेखकहरूका अनुसार यो मुहम्मद (सल्लम)का तर्फबाट जिस्कयाउने कार्य थियो। के मक्कामा तेरह वर्षसम्म मुसलमानहरूमाथि जुन अत्याचार गरियो र मदीनाका मानिसहरूलाई मुसलमानहरूका विरुद्ध खडा गर्ने जुन प्रयास

गरियो तथा मदीनामाथि आक्रमण गर्ने जुन चेतावनी र धम्की दिइयो, यी सबै घटनाहरू पश्चात उहाँले सतर्क रहनका लागि टोली पठाउनु के त्यसलाई जिस्कयाउने कार्य भन्न सकिन्छ र? संसारको कुन यस्तो कानून छ जसले मक्काका 12 वर्षका अत्याचारहरूपछि पनि मुसलमानहरू र मक्कावासीहरूका बीचमा युद्ध आरम्भ हुनका लागि कुनै अन्य कारणको आवश्यकता अनुभव गर्नसक्छ? आज पश्चिमी देशहरू स्वयंलाई खुबै सभ्य ठान्छन। मक्कामा जुन घटनाहरू घटे के तिनीहरूभन्दा आधि घटनाहरू घट्नाले पनि यदि कुनै जातिले युद्ध गरेमा त्यस जातिलाई कुनै व्यक्तिले अपराधि ठहऱ्याउन सकछ र? के यदि कुनै सरकारले कुनै अर्को देशका मानिसहरूलाई एउटा जमाअतको हत्या गर्ने अथवा आफ्नो देशबाट निस्कासित गर्न बाध्य गरेमा के त्यस जमाअतलाई त्यो सरकार विरुद्ध लड्ने अधिकार मिल्दैन र? अत: मदीनामा इस्लामी राज्य स्थापित भएपछि कुनै नयाँ कारण उत्पन्न हुनु आवश्यक नै थिएन। मक्कामा बिताएका दिनहरूका घटनाहरूले मुसलमानहरूलाई मक्कावासीहरूका विरुद्ध युद्धको घोषणा गर्ने पूर्ण अधिकार दिन्थे। परन्तु मुहम्मद रसूलुल्लाह (सल्लम)ले त्यसो गर्नुभएन। उहाँले धैर्यधारण गर्नुभयो र केवल शत्रुहरूको उपद्रव र षडयन्त्रबारे जानकारी लिने कार्यसम्म आफ्नो प्रयासलाई सीमित राख्नुभयो। परन्तु जब मक्कावासीहरूले स्वयं मदीनाका अरबीहरूलाई मुसलमानहरूका विरुद्ध भडकाए, मुसलमानहरूलाई हज गर्नबाट रोके र तिनीहरूका ती काफिला (समूह)हरूले जो शाम (सिरिया) मा व्यापारका लागि जाने गर्थे आफ्नो असली मार्गलाई छाडी मदीनाका छेउछाउका कबीलाहरूमध्ये हुदैं आउन जान र तिनीहरूलाई मदीनावासीहरूका विरुद्ध उक्साउन आरम्भ गरे। तब मदीनाको सुरक्षाका लागि त्यस युद्धको लल्कारलाई जुन मक्कावासीहरू लगातार चौदह वर्षदेखि तिनीहरूलाई दिइरहेका थिए

स्वीकार गर्नु मुसलमानहरूको कर्तव्य थियो। अतः संसारको कुनै व्यक्तिलाई त्यस चेलेञ्जलाई स्वीकार गरेवापत आपत्ति जनाउने अधिकार प्राप्त छैन।

## मदीनामा इस्लामी शासनको नीव

जहाँ हज़रत मुहम्मद (सल्लम) बाहिरी स्थितिबारे जानकारी लिइरहनुभएथ्यो त्यहीं उहाँ मदीनाको सुधार प्रति पनि असावधान हुनुहुन्नथ्यो। मदीनाका मूर्तिपूजकहरूमध्ये धैरैजसो निष्ठापूर्वक र केही भने दिखावटी रूपमा मुसलमान भएका थिए भन्ने कुरो उल्लेख गरिसकिएको छ। त्यसैले हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)ले तिनीहरूमा इस्लामी शासन प्रणाली स्थापित गर्न आरम्भ गर्नुभयो। पहिला मानिसहरू अरबको नियमानुसार लड्भिड गरी आफ्ना अधिकारहरूको निर्णय गर्नेगर्थे। अब नियमित रूपमा काज़ी (निर्णायक) नियुक्त गरिए जसको निर्णयबिना कोही व्यक्तिले आफ्नो अधिकार अर्कोबाट प्राप्त गर्न सक्दैनथ्यो। पहिला त मदीनाका मानिसहरूको शिक्षातर्फ ध्यान थिएन अब पढे लेखेका मानिसहरूले अनपढहरूलाई पढाउने व्यवस्था गरियो। अत्याचार, उत्पीडन र अन्यायप्रति प्रतिबन्ध लगाइयो। महिलाहरूको अधिकार कायम गरियो। शरीअत अनुसार समस्त धनवानहरूमाथि कर निश्चित गरियो जुन गरीबहरूमाथि खर्च गरिन्थ्यो। तथा शहरको साधारण सुधारका लागि पनि खटाइन्थ्यो। श्रमिकहरूका अधिकारहरूको सुरक्षा गरियो। अनाथहरूका लागि शिक्षाको नियमित व्यवस्था गरियो। लेनदेनमा लिखित करार र वचनको व्यवस्था अनिवार्य गरियो। दासहरूमाथि हुने अत्याचार लाई कठोरतापूर्वक रोकियो। सफाई र स्वास्थ्य सुरक्षाका नियमहरूप्रति जोड दिनलागियो। जनगणनाको थालनि गरियो।

गोरेटाहरू र मार्गहरूलाई चौडा गरिने आदेश दिइयो। मार्गहरूको सफाइबारे आदेश र नियमहरू बनाइए। अतः पारिवारिक र सामाजिक तथा नागरिकसम्बन्धी सबै सिद्धान्तहरू तयार गरिए र तिनीहरूलाई नियमितरूपमा जारी गर्नका लागि उपायहरू गरिए। यसप्रकार अरबीहरू पहिलोपटक व्यवस्थित र सभ्यसमाजका नियमहरू जान्न सक्षम भए। एकातर्फ हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) अरबीहरूका लागि एउटा यस्तो कानून (विधान) प्रस्तुत गर्नुहुदैथ्यो जुन न केवल त्यस समयका लागि अपितु सदाका लागि र न केवल तिनीहरूका लागि अपितु संसारका अन्य जातिहरूका लागि समेत सम्मान, गौरव शान्ति र उन्नतिको साधन थियो। दोस्रोतर्फ मक्काका मानिसहरू इस्लामविरुद्ध युद्ध गर्ने योजना बनाइरहेथे जसको परिणाम बदरको युद्धको रूपमा सामुन्ने आयो।

# कुरैशको व्यापारी क़ाफिलाको आगमन र बदरको युद्ध

हिजरत (प्रवास)को तेऱ्हौं महीनामा शाम (सिरिया) बाट एउटा व्यपारी मण्डल (क़ाफिला) अबू सुफियानको अगुवाइमा आइरहेथ्यो र त्यसको सुरक्षाको बहानाले मक्कावासीहरूले एउटा सशक्त लश्कर मदीनातर्फ लिएर जाने निर्णय गरे। हज़रत मुहम्मद (सल्लम)लाई पनि यसको सूचना प्राप्त भयो र खुदा तआलाका तर्फबाट उहाँप्रति अब शत्रुको अत्याचारको उसको आफ्नै हतियारद्वारा प्रत्योत्तर दिने समय आयो भनी वह्यी (ईशवाणी) भयो। अतः उहाँ मदीनाका केही मित्रहरूलाई लिएर निस्कनुभयो। जब उहाँ मदीनाबाट निस्कनु भएको थियो त्यससमय उहाँको

मुठ्भेड काफिला (व्यपारीमण्डल) सित हुने हो अथवा असल लश्करसित भन्नेकुरो स्पष्ट थिएन त्यसकारण तीन सय मानिसहरू उहाँसित मदीनाबाट निस्किए।

काफिला भन्नाले धनमालले लादिएका ऊँटहरू थिए भन्नेकुरो उचित होइन अपितु मक्कावासीहरू ती काफिलाहरूसित एउटा सशक्त फौजी जत्था पठाउने गर्थे किनभने तिनीहरू ती काफिलाहरूद्वारा मुसलमानहरूलाई भयभीत गर्न पनि चाहन्थे। अतः इतिहासमा उक्त काफिलाभन्दा पहिला दुईवटा क़ाफिलाहरूको चर्चा पाइन्छ र तिनीहरूमध्ये एउटाको सुरक्षाका लागि दुईसयजना सिपाहीहरू तैनात थिए र दोस्रोको सुरक्षामा तीनसयजना सिपाही तैनात थिए। अतः यस्तो स्थितिमा तीनसयजना सिपाही लिएर उहाँ मक्काको एउटा निहत्ता काफिला (व्यपारीमण्डल) लाई लूट्नका लागि निस्कनु भएको थियो भनी ईसाई लेखकहरूले लेख्नु केवल धोका दिनका लागि हो। वस्तुतः त्यो काफिला (समूह) अति ठूलो थियो त्यसकारण पहिलाका काफिलाहरूको सुरक्षा दस्ताहरूको संख्यालाई अनुमान गरी उक्त काफिलाका साथ चार पाँचसय सवार अवश्य थिएहोलान भनी बुझ्नुपर्छ। त्यति ठूलो सुरक्षा दस्ता (टोली) सित भिड्नका लागि यदि जुन तीनसय मानिसहरूमा आधारित इस्लामी लश्कर जो सित पूरा शस्त्रसामग्री पनि थिएन निस्कियो भने त्यसलाई लूटको नाम दिनु केवल शत्रुता, हठधर्मी र अन्याय नै भन्नसकिन्छ। यदि केवल त्यही काफिलाको प्रश्न रहेको भए त्यससित भिड्नु युद्ध नै कहलाउने थियो र युद्ध पनि प्रतिरक्षात्मक युद्ध। किनभने मदीनाको लश्कर दुर्बल थियो र केवल त्यही फित्ना (उपद्रव)को निवारणका लागि निस्किएको थियो जसका छेउछाउका क़बीलाहरूलाई उपद्रवप्रति उक्साएर मक्काका काफिलाहरूले उपद्रवको नीव राख्नलागेका थिए। परन्तु पवित्र कुरआनको वर्णनानुसार अल्लाह तआलाको

पनि काफिलासित होइन अपितु असली लश्करसित मुठ्भेड होस भन्ने चाहना थियो। तथा केवल मुसलमानहरूको निष्ठा र तिनीहरूको आस्थालाई प्रकट गर्नका लागि पहिला त्यसकुरोलाई प्रकट गरिएन। जब मुसलमानहरू पूर्ण तयारी नगरी मदीनाबाट निस्किए तब केही पर पुगेर हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) ले सहाबा (सहचर) हरूप्रति मक्काका असली लश्करसित नै मुकाबिला (मुठभेड)हुनु नै अल्लाहको चाहना रहेको छ भनी प्रकट गर्नुभयो। लश्करका सम्बन्धमा मक्काबाट प्राप्त सूचनानुसार त्यसको संख्या एक हज़ारभन्दा अधिक रहेको बुझिन्थ्यो। हज़रत मुहम्मदसित आउने मानिसहरू केवल 313 जना थिए। तिनीहरूमध्ये पनि धेरैजसो यस्ता थिए जसले युद्धकला जान्दैनथे। यसैगरी युद्धका शस्त्र-अस्त्र पनि तिनीहरूसित पूरा थिएनन। अधिकतर या त पैदल थिए अथवा ऊँटमा सवार थिए। घोडा केवल एउटा थियो। त्यो सानु सर समान बिनाको लश्करलाई लिएर एउटा अनुभवी शत्रुसित जो संख्यामा पनि तिनीहरूभन्दा तीनगुणा अधिक थियो मुकाबिला गर्नु अत्यन्त ठूलो कुरो थियो। त्यसकारण उहाँले कुनै व्यक्तिलाई त्यसको इच्छाविरुद्ध युद्धमा सम्मिलित हुन बाध्य नगर्ने निर्णय लिनुभयो अतः उहाँले अब काफिलाको कोही प्रश्न छैन केवल फौजको सामना गर्न सकिनेछ भन्ने कुरोमा उहाँलाई सल्लाह परामर्श दिन आफ्ना मित्रहरूका सम्मुख प्रश्न राख्नु भयो। एक एक गर्दै मुहाजिर (मक्काबाट आएका मुसलमान) खडा भएर हे रसूलुल्लाह (अल्लाहका सन्देशवाहक) यदि शत्रुले हाम्रा घरमाथि आक्रमण गरिरहेछ भने हामी त्यससित डराउँदैनौं। हामी त्यससित संघर्ष गर्न तयार छौं। प्रत्येकको उत्तर सुनेर उहाँले केवल मलाई अझ सल्लाह देऊ, अझ सल्लाह देऊ भनी आफ्नो कुरो दोहोऱ्याउँदै जानुहुन्थ्यो। मदीनाका मानिसहरू भने तबसम्म चुप्प थिए किनभने आक्रमण

गर्ने फौज मुहाजिरहरूका नातेदार थिए त्यसैले तिनीहरूको कुराले मुहाजिरहरूको मन दुख्लाकि भनी तिनीहरू डराउँथे। जब हज़रत मुहम्मद (सल्लम)ले बारम्बार मलाई परामर्श देऊ भनी आज्ञा भयो तब एकजना अन्सारी (मदीनावासी) सरदार उभिए र बिन्ती गरे, हे रसूलुल्लाह! परामर्श त हजूरलाई मिलिरहेछ परन्तु पुनः हुजूर परामर्श चाहनुहुन्छ। अतः सम्भवतः हजूरको तात्पर्य हामी मदीनावासी हरूसित होला? उहाँले आज्ञा गर्नुभयो, हो। त्यस सरदारले भन्यो, हे रसूलुल्लाह! सम्भवतः हजूरले हामीसित परामर्श माग्नुको कारण हजूर मदीना पाल्नुभन्दा पहिला हामीहरू र हजूरका बीचमा एउटा करार भएको थियो जस अनुसार यदि मदीनामा हजूरमाथि अथवा मुहाजिरहरूमाथि कसैले आक्रमण गरेमा हामी हजूरको रक्षा गर्नेछौं भन्ने शर्त थियो। परन्तु यससमय मदीनाबाट बाहिर पाल्नु भएको छ र सम्भवतः त्यो करार उक्त परिस्थिति अन्तर्गत कायम रहँदैन। हे रसूलुल्लाह! जुनसमय त्यो करार भएको थियो त्यस समयसम्म हामीलाई हजूरको वास्तविकताको पूर्ण ज्ञान थिएन परन्तु अब जब हजूरको दर्जा र प्रतिष्ठा हामीप्रति पूर्णरूपले उजागर भएको छ त्यसकारण हे अल्लाहका सन्देशवाहक! अब त्यस करारको कुनै प्रश्न छैन। हामी मूसा (अलै.)का साथीहरूले झैं...

اِذْهَبْ اَنْتَ وَرَبُّكَ فَقَاتِلَا اِنَّا هٰهُنَا قَاعِدُوْنَ

अर्थात, जाऊ, तिमी र तिम्रा खुदा शत्रुसित लड, हामी त यहीं बसिरहने छौं। भनी भन्ने छैनौं। अपितु हामी त हजूरका दाहिनेतर्फ पनि लड्नेछौं र बायाँतर्फ पनि लड्नेछौं तथा अगाडि पनि लड्नेछौं र पछाडि पनि लड्नेछौं तथा हे अल्लाहका सन्देशवाहक! त्यो शत्रु जो हजूरलाई हानि पुऱ्याउन आएको छ हुजूरसम्म पुग्न सक्नेछैन जब सम्म त्यो हाम्रो लाशहरूमाथिबाट अघिबढ्दैन। हे अल्लाहका सन्देशवाहक! युद्ध त एउटा साधारण

कुरो हो। यहाँबाट केही पर समुद्र छ हजूरले हामीलाई त्यस समुद्रमा आफ्ना घोडाहरू हालिदेऊ भनी आदेश दिएमा हामी अविलम्भ बिना नाइनास्ति समुद्रमा आफ्ना घोडाहरू हालिदिनेछौं। (इब्ने हश्शाम, भाग 2, पृष्ठ 12)

यो त्यो न्योछावर र निष्ठाको नमूना थियो जसको उदाहरण कोही अतीतका नबी (पैगम्बर) ले प्रस्तुत गर्न सक्दैन। मूसा (अलै.)का साथीहरूको हवाला त तिनीहरूले स्वयं दिएका थिए। हज़रत मसीह (अलै.)का हवारी (शिष्य)हरूले शत्रुका विरुद्ध जुन नमूना देखाए इन्जील त्यसप्रति साक्ष रहेको छ। एकजना (शिष्य) ले त केही रुपियाँ लिएर आफ्ना गुरुलाई बेच्यो। अर्कोले उहाँप्रति अभिशाप गऱ्यो। अन्य दसजना उहाँलाई छाडेर यताउता भागे। परन्तु हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) का साथीहरू केवल डेढ वर्षको संगतपछि ईमान (आस्था)मा यति अघिबढे जसको फलस्वरूप तिनीहरू उहाँको आदेशप्रति समुद्रमा हाम फाल्न पनि तत्पर थिए। जो व्यक्तिहरू ईमानमा पक्का थिएनन तिनीहरूलाई फर्किएर जाने अनुमति दिनका लागि त्यो सल्लाह मशविरा लिइएको थियो। परन्तु जब मुहाजिरहरू र अन्सारहरूले एक अर्काभन्दा अघिबढ्दै निष्ठा र ईमानको नमूमा देखाए र दुवै पक्षले तिनीहरू खुदाको वचनानुसार शत्रुको संख्या भन्दा एक तिहाइ कम रहेतापनि तथा सर समानको आधारमा तिनीहरूभन्दा घेरै गुणा कम रहेतापनि काँतरता देखाएर युद्धबाट पछिहटने छैनौं अपितु खुदा तआलाको धर्मको महिमा प्रकट गर्दै युद्धभूमिमा प्रसन्नतापूर्वक ज्यान दिनेछौं भन्ने इच्छा प्रकट गरे तब उहाँ अघि बढ्नुभयो। जब उहाँ बदर नामक ठाउँमा पुग्नुभयो तब एकजना सहाबी (सहचर)को सल्लाह अनुसार शत्रुको निकट गएर बदरको पानीको श्रोतका छेउमा इस्लामी लश्करलाई उतारियो। यसप्रकार पानीमाथि कब्जा त भयो परन्तु त्यो मैदान जुन मुसलमानहरूको

हातमा आयो बालुवाले भरिएको हुनाले युद्धका क्रियाकलापका लागि घातक सिद्ध भयो र सहाबीहरू खुबै चिन्तित भए। हज़रत मुहम्मद (सल्लम) रातभरि प्रार्थनामा व्यस्त रहनुभयो र बारम्बार खुदा तआलाका चरणमा हे मेरा प्रभु! समस्त संसार भरिमा केवल यिनै व्यक्तिहरू तिम्रो उपासना गर्ने गर्छन। हे मेरा प्रभु! यदि यी व्यक्तिहरू आज यस युद्धमा मारिए भने तिम्रो नाम लिने संसारमा को शेष रहला भनी प्रार्थना गर्नुभयो। (ज़रक़ानी भाग 1, पृष्ठ 19, इब्ने हश्शाम, भाग 2, पृष्ठ 17)

अल्लाह तआलाले उहाँको प्रार्थना सुने। तथा रात्रिसमयमा वर्षा भयो फलत: जुन मैदानमा मुसलमानहरू थिए त्यो बालुवायुक्त भएकोले जम्यो र जुन मैदान कुफ्फार (मक्कावासी) हरूको कब्जामा थियो चिप्लो माटोयुक्त भएकोले वर्षाका कारण अत्यन्त चिप्लने हुनपुग्यो। सम्भवत: मक्काका कुफ्फारहरूले (अस्वीकारीहरूले) मुसलमानहरूभन्दा अघि त्यहाँ पुगेर पनि त्यस मैदानलाई रोजेको कारण त्यो पक्का माटोयुक्त भएकोले त्यसमा युद्धका क्रियाकलाप अति सरलतापूर्वक हुन सक्दथे परन्तु सामुन्ने रहेको बालुवायुक्त मैदान भने मुसलमानहरूले त्यसमा डेरा लगाउने छन र युद्ध आरम्भ भएपछि तिनीहरूका पाँव बालुवामा धँसिन पुग्नेछन भनी छाडिदिएका थिए। परन्तु खुदा तआलाले रातौंरात पासा पल्टाए। फलत: बालुवायुक्त मैदान एउटा जमेको पुख्ता मैदानमा परिणत भयो र पक्का मैदानचाहिँ चिप्लने भूमिमा परिवर्तित भयो। राति अल्लाह तआलाले हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)लाई तिम्रा फलाँ-फलाँ शत्रु फलाँ-फलाँ ठाउँमा मारिनेछन भनी शुभसन्देश दिए। अत: युद्धमा त्यही हुनगयो। ती शत्रुहरू तिनै ठाउँहरूमा जसबारे उहाँले सूचित गर्नुभएको थियो मारिए। जब फौज परस्पर एक अर्काका अगाडि पंक्तिबद्ध भए त्यससमय जुन निष्ठा र आज्ञाकारिताको नमूना सहाबा (हज़रत

मुहम्मदका सहचर) हरूले देखाए त्यसप्रति निम्न उदाहरणबाट खुबै प्रकाश पर्छ। इस्लामी लश्करमा केही अनुभवी जर्नैल थिए। तिनीहरूमध्ये एकजना हज़रत अब्दुर्रहमान बिन औफ पनि थिए। उनी मक्काका सरदारहरूमध्ये एक थिए। उनको वर्णनानुसार आज ममाथि ठूलो उत्तरादायित्व आइगेको छ भन्ने ठानी उनले आफ्ना दायाँ-बायाँ हेरे तब आफ्ना दायाँ-बायाँ मदीनाका दुईजना युवकहरूलाई पाए। उनको मन खिन्न भयो किनभने बहादुर जर्नैलले लड्नका लागि आफ्ना दायाँ-बायाँपक्ष सशक्त हुनुपर्छ भन्ने ठान्छ जसबाट उसले शत्रुको पंक्तिमा साहसका साथ आक्रमण गर्न सकोस। परन्तु मेरा दुईतर्फ त मदीनाका अनुभवहीन दुईवटा केटाहरू थिए। म आज आफ्नो कलाको र वरीताको प्रदर्शन कसरी गर्न सकुँला भन्ने धारणा मेरो मनमा अहिले जन्मिएको मात्र थियो त्यही बेला मेरो एकतर्फ उभिएको युवकले मेरो पिडोलोमा आफ्नो कुहिनोले छोएर मलाई आफुतर्फ आकर्षित गर्‍यो र मेरो कानमा मुख लगाएर भन्यो, काका अबू जहलले हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) लाई अत्यन्त दुख दिने गर्थ्यो भन्ने सुनेको थिएँ त्यसैले आज म त्यससित लड्न चाहन्छु। त्यो कहाँ छ तपाईंले मलाई सूचित गर्नुहोस। उनी भन्छन, मैले त्यसलाई उत्तर दिन पाएकै थिइँन त्यतिकैमा मेरो अर्कोतर्फ उभिएको त्यसको दोस्रो साथीले आफ्नो कुहिनोले मलाई छोएर आफुतर्फ आकर्षित गरी त्यही प्रश्न निम्नस्वरमा गर्‍यो। उनी भन्छन, म तिनीहरूको त्यो साहस देखेर आश्चर्यित भएँ। किनभने म अनुभवी सिपाही भएतापनि लश्करको कमाण्डर माथि एक्लै गएर आक्रमण गर्न सकूँला भनी मैले ठानेको थिएन। उनी भन्छन, मैले तिनीहरूको त्यस प्रश्नप्रति आफ्नो औंलो उठाएर त्यो व्यक्ति जो सिर देखि पाँवसम्म सशस्त्र रहेको छ र शत्रुको पंक्तिका पछिल्लोतर्फ उभिएको छ अनि त्यसका अगाडि दुईजना

अनुभवी जर्नैल नांगा तरवार लिएर खडा रहेका छन, त्यही नै अबुजहल हो। उनी भन्छन, मेरो औंलो तल ल्याउन मैले पाएकै थिएन तिनीहरू दुवैजना जसरी चीलले पक्षीमाथि झम्टिन्छ त्यसरी नै आर्तनादका साथ शत्रुको पंक्तिभित्र पसे र तिनीहरूको आक्रमण अत्यन्त तेज र अकस्मात रहेको हुनाले कसैको तरवार तिनीहरूमाथि उठ्न सकेन। तथा तिनीहरू तीरझैं द्रुतगतिका साथ अबूजहलका सामु पुगे। त्यसका पहरेदारहरूले उनीहरूमाथि आक्रमण गरे। एउटाको प्रहार भने खालि गयो। दोस्रोको प्रहार ले एउटा युवकको हात काटियो। परन्तु दुवैजनामध्ये कसैले पनि पर्वाह गरेन र दुवै अबूजहलतर्फ फर्किए। त्यसमाथि अत्यन्त कडा प्रहार गरे फलतः त्यो धरतीमा लड्यो तथा तिनीहरूले त्यसलाई गहिरो चोट पुऱ्याए परन्तु तरवार चलाउने कला नजानेको भएकाले त्यसको हत्या गर्न सकेनन। उक्त घटनाबाट मक्काका मानिसहरूबाट हज़रत मुहम्मद (सल्लम) माथि जुन अत्याचार भएका थिए ती निकटबाट देख्नेहरूलाई कति भयानक लाग्थे भन्नेकुरो ज्ञात हुन्छ। आज पनि ती अत्याचारहरूबारे इतिहासमा पढेर एकजना भलोमानिसको हृदय काँप्नलाग्छ र रिंगेटा लाग्छ। परन्तु मदीनाका मानिसहरू त तिनीहरूको मुखबाट ती अत्याचारहरूका घटनाहरूबारे सुन्थे जसले आफ्नै आँखाहरूले ती अत्याचारहरू देखेका थिए। एकातर्फ हज़रत मुहम्मद (सल्लम) को पवित्र र सन्धिप्रिय जीवनलाई हेर्थे र दोस्रोतर्फ मक्कावासीहरूको मानवताघातक अत्याचारहरूका घटनाहरूबारे सुन्थे तब तिनीहरूको हृदयमा के खेद उत्पन्न हुन्थ्यो भने हज़रत मुहम्मद (सल्लम.)ले त आफ्नो मिलनसार र शान्तिप्रिय स्वभावका कारण तिनीहरूको उत्तर दिनुभएन यदि तिनीहरू हाम्रा सामुन्ने आउँथे भने हामी तिनीहरूलाई के भनेर अवगत गराउने थियौं भने यदि तिनीहरूको अत्याचारको जवाफ दिइएन भने त्यो मुसलमानहरू दुर्बल र

असहाय रहेकाले होइन अपितु वास्तविक कारण के थियो भने मुसलमानहरूलाई खुदा तआलाका तर्फबाट तिनीहरूको जवाफ दिने अनुमति थिएन। मुसलमानहरूको मानसिक स्थितिको अनुमान कुन कुराबाट पनि लाग्छ भने युद्ध आरम्भ हुनुभन्दा पहिला अबू जहलले एउटा देहाती सरदारलाई मुसलमानहरूको संख्या कति रहेको छ भन्ने जानकारी लिनका लागि पठाएको थियो। त्यसले फर्किएर गई मुसलमानहरूको संख्या प्रायः तीन सवा तीनसय रहेको छ भनी सूचित गर्यो। त्यो कुरो सुनेर अबूजहल र त्यसका साथीहरूले खुशी मनाए र अब मुसलमान हाम्रा हातबाट बचेर कहाँ जालान त भनी भन्नलागे। परन्तु त्यस व्यक्तिले भन्यो, हे मक्कावासीहरूहो! मेरो तिमीहरूलाई के उपदेश रहेको छ भने तिमीहरू तिनीहरूसित युद्ध नगर किनभने मैले जतिजना मुसलमानहरूलाई देखें तिनीहरूलाई देखेर उँटहरूमाथि मानिस होइन मृत्यु सवार छ जस्तो लाग्यो। वस्तुतः तिनीहरूमध्ये प्रत्येक व्यक्ति मर्नका लागि मैदानमा आएको छ जीवित फर्किएर जानका लागि होइन। अतः जुन व्यक्तिले मृत्युलाई स्वयंका लागि सरल ठान्छ र त्यसलाई आलिङ्गन गर्न तयार रहन्छ त्यससित मुकाबिला गर्नु कुनै साधारण कुरो हुनसक्दैन।

## एउटा महान भविष्यवाणी पूरा भएबारे

जब युद्ध आरम्भ हुने समय आयो हज़रत मुहम्मद (सल्लम) त्यो ठाउँबाट बाहिर आउनुभयो जहाँ उहाँ प्रार्थनामा व्यस्त हुनुहुन्थ्यो। उहाँले भन्नुभयो سَيُهْزَمُ الْجَمْعُ وَيُوَلُّوْنَ الدُّبُرَ अर्थात शत्रुको लश्कर पराजित हुनेछ र पिठ्युँ फर्काएर मैदान छाड्नेछ। उक्त शब्दहरू जुन उहाँले उच्चारित गर्नुभयो त्यो पवित्र कुरआनको एउटा भविष्यवाणी थियो र त्यो मक्कामा नै एउटा युद्धका बारेमा

पवित्र कुरआनमा उत्रिएको थियो। मक्कामा जब मुसलमानहरू कुफ्फारहरूको अत्याचारमा पिसिदैं यतउता प्रस्थान गर्न वाध्य भइरहेथे खुदा तआलाले हज़रत मुहम्मद (सल्लम) माथि पवित्र कुरआनको यो आयत उतारे -

وَلَقَدْ جَآءَ اٰلَ فِرْعَوْنَ النُّذُرُ ○ كَذَّبُوْا بِاٰيٰتِنَا كُلِّهَا فَاَخَذْنٰهُمْ اَخْذَ عَزِيْزٍ مُّقْتَدِرٍ ○ اَكُفَّارُكُمْ خَيْرٌ مِّنْ اُولٰٓئِكُمْ اَمْ لَكُمْ بَرَآءَةٌ فِي الزُّبُرِ ○ اَمْ يَقُوْلُوْنَ نَحْنُ جَمِيْعٌ مُّنْتَصِرٌ ○ سَيُهْزَمُ الْجَمْعُ وَيُوَلُّوْنَ الدُّبُرَ ○ بَلِ السَّاعَةُ مَوْعِدُهُمْ وَالسَّاعَةُ اَدْهٰى وَاَمَرُّ ○ اِنَّ الْمُجْرِمِيْنَ فِيْ ضَلٰلٍ وَّسُعُرٍ ○ يَوْمَ يُسْحَبُوْنَ فِي النَّارِ عَلٰى وُجُوْهِهِمْ ۔ ذُوْقُوْا مَسَّ سَقَرَ ○[1]

अर्थात हे मक्कावासीहरूहो! फिरऔनतर्फ पनि सतर्क गर्ने वाणी अवतरित भएको थियो, तिनीहरूले हाम्रा आयतहरू (चिह्नहरू)को अस्वीकार गरे। अतः हामीले तिनीहरूलाई त्यसरी पक्डयौं जसरी एउटा सशक्त प्रभावशील सत्ताले पक्डिने गर्छ। (हे मक्कावासीहरू हो!) भन के तिमीहरूका कुफ्फार (अस्वीकारी) हरू ती (कुफ्फारहरू) भन्दा उत्तम रहेका छन अथवा तिमीहरूका लागि पहिलाका पुस्तकहरूमा (धर्मग्रन्थहरूमा) सुरक्षाको कुनै वचन आएको छ? तिनीहरू भन्छन, हामी त एउटा यस्तो ठूलो शक्ति हौं जो शत्रुबाट पराजित हुदैंन अपितु शत्रुसित प्रतिशोध लिने गर्छ। (तिनीहरू यस्ता कुरामा व्यस्त रहून)। तिनीहरूका जत्थाहरू निकट भविष्यमा एकत्रित हुनेछन र तिनीहरूलाई पराजय मिल्नेछ र तिनीहरू पिठयुँ देखाएर भाग्नेछन। अपितु तिनीहरूको नाशको क्षणको खुदा तआलाका तर्फबाट सन्देश रहेको छ र त्यो नाशको समय अत्यन्त विनाशकारी र अत्यन्त तितो हुनेछ। त्यसदिन अपराधिहरूले कठिनाई र सजाए भोग्नेछन र तिनीहरूलाई घोप्टेमुख घिस्र्याउँदै अग्निकुण्डमा होमिनेछ र अब

1. सूरः अलक़मर : 42-49

ठूलो दण्ड चाख भनिनेछ।

उपरोक्त आयतहरू सूरः क़मरका हुन तथा सूरः क़मर समस्त इस्लामी इतिहासको वर्णनानुसार मक्कामा अवतीर्ण भएको थियो। मुसलमान विद्वानहरू पनि उक्त सूरःलाई नुबव्वतको दावीपछि पाँचौ देखि लिएर दसौं वर्षसम्मको हो भन्ने ठहर गर्छन। अर्थात हिजरत (मक्काबाट हज़रत मुहम्मद (सल्लम) को मदीना प्रस्थान) भन्दा कम से कम तीनवर्ष पहिला अवतीर्ण भएको थियो। अपितु प्राय: आठवर्ष पहिला। पश्चिमी अन्वेषकहरू पनि यस कुरालाई स्वीकार्छन। अत: नुवेल्डकेले यस सूरःलाई नबुव्वतको दावी भन्दा पाँचवर्ष पछिको ठहऱ्याएको छ। रवेरंड वेरीले लेखेको छ - मेरा निकट नुवल्डेकेले उक्त सूरःको अवतीर्ण भएको समय केही पहिला बताएको छ। उसको अनुमानानुसार हिजरतभन्दा छैटौं अथवा सातौं वर्ष पहिला यो (सूरः) अवतीर्ण भएको थियो। यसको अर्थ के बन्छ भने उसका निकट नुबव्वतको दावीभन्दा छैटौं अथवा सातौं वर्ष पछिको यो सूरः हो। मुसलमानहरूका शत्रुहरूले पनि उक्त सूरःलाई हिजरतभन्दा केही वर्ष अघिको ठहऱ्याएको छ। भन्नुको तात्पर्य के हो भने त्यससमय कति स्पष्टरूपमा त्यस युद्धको सूचना दिइएको थियो र कुफ्फार (मक्काका मूर्तिपूजकहरू) को परिणामप्रति सूचित गरिएको थियो। यसैगरी हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)ले पनि बदरको युद्ध आरम्भ हुनुभन्दा अघि नै ती आयतहरूको पाठ गरेर मुसलमानहरूलाई खुदा तआलाको वचन पूरा हुने समय आएको छ भनी ध्यान दिलाउनु भएको थियो।

अत: त्यो समय आइपुगेको थियो जसको सूचना यसैया नबी (यसैया 21-13-17)ले पहिला नै दिएका थिए र पवित्र कुरआनले पुन: युद्ध आरम्भ हुनुभन्दा छः अथवा आठवर्ष पहिला सूचना दिएको थियो। त्यसकारण मुसलमानहरू उक्त युद्धका लागि तयार नभए तापनि र कुफ्फारलाई पनि तिनीहरूका केही मित्रहरूले

युद्ध गर्नु उचित हुनेछैन भनी सल्लाह दिएको भएतापनि त्यो युद्ध भयो र 313 जना मानिसहरू जसमध्ये अधिकतर अनुभवहीन र सर सामग्रीविहीन थिए। कुफ्फारका अनुभवी लश्करहरूसित जसको संख्या एक हज़ारभन्दा अधिक थियो संघर्षका लागि खडा भए। युद्ध भयो र केही घण्टा भित्रैमा अरबका ठूला-ठूला सरदारहरू मारिए। यसैया नबीको भविष्यवाणी अनुसार कैदारको प्रसिद्धि समाप्त भयो र मक्काको फौजले केही लाशहरू र केही बन्दीहरूलाई पछिछाडि मक्कातर्फ सुइँकुच्चा ठोक्यो। जो बन्दीहरू हातआएका थिए तिनीहरूमा हज़रत मुहम्मद (सल्लम) की जेष्ठ पुत्रीका पति अबुल आस पनि थिए। मारिएकाहरूमा मक्काको फौजको कमाण्डर अबू जहल पनि थियो जो इस्लामको सबैभन्दा ठूलो शत्रु थियो। (ज़रकानी भाग 1, पृष्ठ 440-441)

## बदरका बन्दीहरू

यस विजयप्रति जसबारे चौदह वर्षदेखि लगातार भविष्यवाणीहरू उहाँद्वारा प्रकाशित भइरहेथे र ती भविष्यवाणीहरू पनि पूरा भएका थिए जुन पहिलाका नबीहरूले त्यस दिनका सम्बन्धमा गरेका थिए। हज़रत मुहम्मद (सल्लम) प्रसन्न पनि हुनुहुन्थ्यो परन्तु मक्काका विरोधिहरूको सीखपूर्ण परिणाम पनि उहाँका दृष्टिका सामुन्ने थियो। उहाँको ठाउँमा यदि कोही अर्को व्यक्ति रहेको भएमा खुशीले उफ्रिने थियो र नाच्ने थियो। परन्तु जब उहाँका सामुन्नेबाट रस्सीमा बाँधिएका मक्काका बन्दीहरू अघिबढ्नलागे तब उहाँ र उहाँका विश्वसनीय मित्र हज़रत अबूबकर (रज़ि.)का आँखाबाट अनायास आँसु बग्नलागे। त्यससमय हज़रत उमर (रज़ि.) जो पछिगएर उहाँका दोस्रा उत्तराधिकारी भएका थिए, सामुन्ने आए तब त्यस खुशीका मौकामा उहाँका

आँखामा आँसु देखेर आश्चर्यित भए र भन्नलागे, हे रसूलुल्लाह! यससमय रुनुको कारण के हो मलाई पनि भन्नुहोस, यदि त्यो कुरो मेरालागि पनि रुनुपर्ने भएमा म पनि रुनेछु अन्यथा कम से कम हजूरसित सम्मिलित हुनका लागि रुन्चे मुख नै बनाउँछु। उहाँले भन्नुभयो, देखिरहेका छैनौ, खुदा तआलाको अवज्ञा गर्नाले आज मक्कावासीहरूको के अवस्था भइरहेछ।

उहाँको न्याय र उहाँको अदालतबारे जसको सूचना यसैया नबीले बारम्बार आफ्ना भविष्यवाणीहरूमा दिएका थिए त्यस अवसरमा एउटा सानु प्रमाण मिल्यो। मदीनातर्फ फर्किन लाग्दा रात्रिसमयमा जब उहाँ सुत्नका लागि ढल्कनु भयो तब सहाबाहरूले उहाँलाई निन्द्रा नआएको अनुभव गरे। अन्ततः तिनीहरूले चिन्तन मनन गरी के परिणाम निकाले भने उहाँका काका अब्बास (रज़ि.) बन्दी थिए र डोरीले बाँधिएका हुनाले उनलाई निन्द्रा आएन र उनको क्रदनको स्वर उहाँले सुन्नुभयो र उनको कष्टलाई अनुभव गरी उहाँलाई पनि निंद्रा आएन। तिनीहरूले परस्पर सल्लाह गरी हज़रत अब्बासको बन्धनलाई खुकुलो पारिदिए। फलतः हज़रत अब्बास सुते र हज़रत मुहम्मद (सल्लम)लाई पनि निंद्रा आयो। केही समयपश्चात हड्बडाएर उहाँ जाग्नुभयो र उहाँले सोध्नुभयो, अब्बास किन चुप्पलागे, उनको क्रंदनको स्वर किन सुनिदैन? उहाँलाई सन्देह भयो सम्भवतः पीडा अधिक बढेकोले उनी अचेत भएहोलान। सहाबाहरूले भने, हे अल्लाहका सन्देशवाहक! हामीले हजूरको कष्ट अनुभव गरी उनका बन्धनहरू खुकुलो गरिदियौं। उहाँले भन्नुभयो, होइन, होइन! यो त अन्याय भयो। यस्तो हुनु उचित छैन। जस्तै अब्बास मेरा नातेदार हुन अन्य बन्दीहरू पनि अरूका नातेदारहरू रहेका छन। या त सबैका बन्धनहरू खुकुलो गरिदेऊ जसबाट तिनीहरू आरामपूर्वक सुत्न सकून या त अब्बासका बन्धनहरू

पनि कसिदेऊ। सहाबाहरूले उहाँको आदेश पाएर सबै बन्दीहरूका बन्धनहरू खुकुलो पारिदिए र सुरक्षाको समस्त जिम्मेदारी आफूमाथि लिए। जो व्यक्तिहरू बन्दी भएका थिए तिनीहरूमध्ये जो पढ्न जान्दथे उहाँले तिनीहरूको मुक्तिमूल्यस्वरूप मदीनाका दस दस जना युवकहरूलाई पढ्न सिकाउने दायित्व दिनुभयो। केही बन्दीहरू जसको मुक्तिमूल्य तिर्ने कोही थिएन तिनीहरूलाई सित्तैमा मुक्ति दिनुभयो। ती धनवान व्यक्तिहरू जसले मुक्तिमूल्य दिन सक्दथे तिनीहरूबाट यथोचित मूक्तिमूल्य लिएर तिनीहरूलाई मुक्त गरिदिनु भयो। यसप्रकार बन्दीहरूलाई दास बनाएर राख्ने प्रथालाई उहाँले समाप्त गरिदिनु भयो।

## उहदको युद्ध

कुफ्फारको लश्करले युद्धभूमिबाट पलायन गर्दैरहेका अवसरमा आगामी वर्ष हामी पुनः मदीनामाथि आक्रमण गर्नेछौं र आफ्नो पराजयको बदला लिनेछौं भनी घोषणा गरे। अतः एकवर्ष पछि तिनीहरूले पुनः पूर्ण तयारीका साथ मदीनामाथि आक्रमण गरे। मक्कावासीहरूको क्रोध कतिसम्म बढ्यो भने तिनीहरूले युद्धमा मारिएका मुर्दाहरूप्रति रुनसमेत प्रतिबन्ध लगाए र समस्त व्यपारीसमूहबाट प्राप्त हुने आय आइन्दा हुने युद्धका लागि सुरक्षित राखिनेछ भनी घोषणा गरे। अतः ठूलो तयारी गरी तीन हज़ार सिपाहीहरूभन्दा अधिकको एउटा लश्कर अबू सुफियानको अगुवाईमा मदीनामाथि आक्रमण गर्न प्रस्थान गऱ्यो। हज़रत मुहम्मद (सल्लम)ले सहाबा (सहचर)हरूसित हामीले शहरभित्र रहेर लड्नु उचित हुनेछ अथवा शहरबाट बाहिर निस्किएर लड्नु उचित हुनेछ भनी सल्लाह र मशविरा लिनुभयो। उहाँको आफ्नो धारणानुसार शत्रुलाई आक्रमण गर्नदिनु उचित थियो किनभने

युद्ध आरम्भ गर्नको जिम्मेवार शत्रु नै ठहर्छ र मुसलमानहरूले आफ्ना घरमा बसिबसि सहजपूर्वक लड्न सक्नेछन। परन्तु ती युवकहरू जसलाई बदरको युद्धमा सम्मिलित हुने अवसर मिलेको थिएन तिनीहरूका मनमा हामीले पनि खुदाको मार्गमा शहीद हुनपाए हुन्थ्यो भन्ने धोको रहेको थियो। तिनीहरूले हामीलाई शहीद हुनबाट किन वञ्चित राखिएको हो भनी अनुरोध गरे। अतः उहाँले तिनीहरूको कुरो भाँप्नुभयो। सल्लाह परामर्शका बीचमा उहाँले एउटा स्वप्न पनि सुनाउनु भयो। उहाँले भन्नुभयो, मैले स्वप्नमा केही गाईहरू देखें र मेरो तरवारको टुप्पो भाँचिएको देखें तथा ती गाईहरूलाई ज़बह (काट्दै) गरिएको देखें। यसैगरी मैले आफ्नो हात एउटा दरिलो कवचभित्र हालेको देखें। (इब्ने हश्शाम भाग 1, पृष्ठ 77) पुनः मैले स्वयंलाई एउटा नर भेडोमाथि सवार भएको देखें। (तबकात इब्ने सअद अंश 1, भाग 2, पृष्ठ 26) सहाबाहरूले यस स्वप्नको हज़ूरले के स्वप्नफल ठान्नुभएको छ भनी सोधे। उहाँले भन्नुभयो, गाई ज़बह गरिएको अर्थ मेरा केही सहाबी (सहचर)हरू शहीद हुनेछन। र तरवारको टुप्पो भाँचिनुको अर्थ मेरा नातेदारहरूमध्ये कोही विशेष व्यक्ति शहीद हुनेछ अथवा सम्भवतः मलाई नै उक्त युद्धमा केही कष्ट उठाउनु पर्ला भन्ने बुझिन्छ। यसैगरी कवचभित्र हात हाल्नुको अर्थ हामीले मदीनाभित्रै ठहर्नु अधिक उचित हुनेछ भन्ने म अनुभव गर्छु। तथा नर भेडोमाथि सवार हुनुको अर्थ कुफ्फार (मक्काका अविस्वासीहरू)को लश्करका सरदारमाथि हामी विजयी हुनेछौं अर्थात त्यो मुसलमानका हातबाट मारिनेछ भन्ने बुझिन्छ। यद्यपि यस स्वप्नमा मुसलमानहरूले मदीनामा ठहर्नु अधिक उचित हुनेछ भन्ने कुरो स्पष्ट पारिएको थियो परन्तु स्वप्नको अर्थ स्वयं हज़रत मुहम्मद (सल्लम)ले गर्नुभएको थियो त्यो अर्थ अल्लाहले उतारेको थिएन त्यसकारण उहाँले बहुसंख्यक मानिसहरूको परामर्शलाई

नै स्वीकार्नु भयो। तथा युद्धका लागि बाहिर निस्किएर जाने निर्णय दिनुभयो। जब उहाँ बाहिर निस्कनुभयो तब युवकहरूले आफ्नो मनमा पछुतो अनुभव गरे तब तिनीहरूले विन्ती गरे, हे अल्लाहका रसूल (सन्देशवाहक) हजूरले जुन परामर्श दिनुभएको थियो त्यही नै ठीक छ। मदीनामा रहेर नै हामीले शत्रुको सामना गर्नु उचित छ। उहाँले भन्नुभयो, खुदाको नबीले जब कवच भिर्छ तब उतार्दैन। अब जे भएतापनि हामी अघि नै बढ्नैछौं। यदि तिमीहरूले धैर्यधारण गरेमा खुदाको सहयोग तिमीहरूलाई प्राप्त हुनेछ। यसपश्चात उहाँ एक हज़ारको लश्कर लिएर मदीनाबाट निस्कनुभयो र केही टाढा पुगेर रात व्यतित गर्नका लागि डेरा लगाउनु भयो। शत्रुका निकट पुगेर आफ्नो लश्करलाई केही समय सुस्ताउने अवसर दिने उहाँको नियम थियो जसबाट तिनीहरूले आफ्ना सर-सामान तयार गर्ने मौका पाउँथे। बिहानीको नमाज़ (उपासना)का समयमा जब उहाँ निस्कनुभयो तब उहाँलाई केही यहूदीहरू पनि आफ्ना समर्थक समूहको सहयोगको बहाना लिएर आएका छन भन्ने ज्ञात भयो। यहूदीहरूको षडयन्त्रबारे उहाँलाई जानकारी प्राप्त भइसकेको थियो त्यसकारण उहाँले तिनीहरूलाई फर्काएर पठाइयोस भनी आदेश दिनुभयो। त्यसप्रति मुनाफिक़ (ढोंगी)हरूको सरदार अब्दुल्लाह बिन अबीबिन सलूल पनि आफ्ना तीन सय साथीहरूका साथ यो त अब लडाई होइन मृत्युको मुखमा जानु हो किनभने स्वयं आफ्ना सहयोगीहरूलाई लडाईबाट रोकिइन्छ भन्दै फर्कियो। फलतः मुसलमानहरू सात सय रहन गए जुन संख्याको आधारमा कुफ्फारको संख्याभन्दा चौथो भाग भन्दापनि कम थियो र सरसमानको आधारमा त तिनीहरू अझ दुर्बल थिए। किनभने कुफ्फार (मक्काका शत्रु)हरूमा सात सय कवचधारी सेना थिए तर मुसलमानहरूमा केवल एक सयजना कवचधारी सेना थिए। तथा कुफ्फारहरूमा दुई सयजना घोडसवार

थिए परन्तु मुसलमानहरूसित भने केवल दुईवटा घोडा थिए। अन्ततः उहाँ उहद भन्ने ठाउँमा पुग्नुभयो। त्यहाँ पुगेर उहाँले एउटा पहाडी गौंडो (खाँज)को सुरक्षाको लागि पचासजना सिपाही नियुक्त गर्नुभयो। ती सिपाहीहरूको अधिकारीलाई यो गौंडो अत्यन्त महत्वपूर्ण रहेको छ त्यसकारण चाहे हामी मारिएतापनि अथवा विजयी भएतापनि तिमीहरू यस ठाउँबाट नहल्लिनु भनी विशेष आदेश दिनुभयो। (इब्ने हश्शाम भाग 2, पृष्ठ 78)। त्यसपछि शेषरहेका साढे छः सय मानिसहरूलाई लिएर शत्रुको सामना गर्न अघि बढ्नुभयो। उहाँहरू अब शत्रुको संख्याभन्दा पाँचौं भाग मात्र थिए। युद्ध भयो र अल्लाह तआलाको सहयोग र समर्थनबाट केही समयमैं साढे छः सय मुसलमानहरूको प्रहारमा तीन हजारजना मक्काका अनुभवी सिपाहीहरू पराजित भई सुँइकुच्चा ठोके।

## विजय पराजयमा परिवर्तित

मुसलमानहरूले तिनीहरूको पीछा गरे। ती व्यक्तिहरू जसलाई पछिल्लोतिरको पहाडी गौंडोको सुरक्षाका लागि खडा गरिएको थियो तिनीहरूले आफ्ना अधिकारीसित भने, अब त शत्रुलाई पराजय मिल्यो त्यसकारण अब हामीलाई पनि जिहादको लाभ उठाउन दिइयोस। अधिकारीले तिनीहरूलाई मनाही गरे र हज़रत मुहम्मद (सल्लम)को आदेश स्मरण गराए परन्तु तिनीहरूले भने, हज़रत मुहम्मद (सल्लम)ले जुन आदेश दिनुभएको थियो केवल ध्यान राख्नका लागि थियो तर शत्रु भागिसकेपछि पनि त्यहीं खडा रहौ भन्ने उहाँको उद्देश्य थिएन। त्यसपछि तिनीहरूले त्यो गौंडो छाडिदिए र रणभूमितर्फ दौडन लागे। भाग्दै गरेका लश्करहरूमध्ये खालिद बिन वलीद जो पछिगएर इस्लामका विख्यात जर्नैल

बनेका थिए, उनको दृष्टि त्यस खाली गौंडोमाथि पऱ्यो। त्यहाँ केवल केही व्यक्तिहरू आफ्ना अधिकारीसित उभिएका थिए। खालिदले कुफ्फारका लश्करको अर्को जर्नैल उमरु इब्नुल आसलाई बोलाएर भने, पछाडी फर्किएर त्यो पहाडी गौंडोलाई हेर। उमरु इब्नुल आसले जब गौंडोमाथि दृष्टि गऱ्यो तब उसले जीवनको सबैभन्दा ठूलो अवसर उसलाई प्राप्त भएको अनुभव गऱ्यो। ती दुवै जर्नैलहरूले आफ्ना भाग्दैगरेका दस्ताहरूलाई सम्भाले र इस्लामी लश्करमाथि आकर्मण गर्दै पहाडमाथि चढे। केही संख्यामा मुसलमानहरूत्यहाँ गौंडोको सुरक्षामा उभिएका थिए तिनीहरूलाई टुक्रा टुक्रा पारी पछिल्तिरबाट इस्लामी लश्करमाथि आक्रमण गरे। तिनीहरूको विजय ध्वनिलाई सुनेर भाग्दैगरेको शेष लश्कर पनि रणभूमितर्फ फर्कियो। त्यो आक्रमण अत्यन्त अकस्मात भएकाले र काफिरहरूको पीछा गर्दै मुसलमानहरू यताउता फैलिनपुगेकाले तिनीहरूको सामना गर्नका लागि कुनै सामुहिक इस्लामी लश्कर उपलब्ध थिएन। एक्ला एक्लै सिपाहीहरू रणभूमिमा देखिन्थे। तिनीहरूमध्ये केहीलाई उनीहरूले मारिदिए शेष रहेकाहरू यो के भएको हो भन्दै आश्चर्यित हुंदै पछि फर्किएर भागे। केही सहाबीहरू दौडेर हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)का चौतर्फ एकत्रित भए। तिनीहरूको संख्या अधिक भन्दा अधिक 30 (तीस) थियो। (ज़रकानी भाग 2, पृष्ठ 35)

कुफ्फारले त्यस ठाउँमा जोडदार आक्रमण गरे जहाँ हज़रत मुहम्मद (सल्लम) उभिनु भएको थियो। सहाबीहरू एक-एक जना गर्दै उहाँको सुरक्षाको प्रयासमा हताहत हुँदै गए। तरवार चलाउनेहरूका साथ-साथ तीर चलाउनेहरू पनि उच्च-उच्च चुचुराहरूमा चढेर हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) तर्फ अनगिन्ती तीर चलाइरहेथे। त्यससमय तल्हाले जो मक्काका कुरैश जातिका थिए र मक्काका मुहाजिर (प्रवासी)हरूमध्येका

थिए, शत्रुका समस्त तीरहरू हज़रत मुहम्मद (सल्लम)को मुखतर्फ आउँदै गरेको देखेर उनले आफ्नो हात हज़रत मुहम्मद (सल्लम)को मुखका सामुन्न खडा गरे। अतः तीर पछि तीर जुन निशानामा लाग्थ्यो त्यो तलहाको हातमा टक्राउँथ्यो परन्तु ती पराक्रमी र आज्ञाकारी सहाबी आफ्नो हातलाई पटक्कै हल्लिन दिदैनथे। यस प्रकार तीर लाग्दै गए र तल्हाको हाथ अत्यधिक चोटले गर्दा पूर्णतः निस्क्रिय हुनपुग्यो र केवल एउटा हात उनको बच्यो। धेरै वर्षपछि इस्लामको चौथो खिलाफत (उत्तराधिकार) का समयमा जब मुसलमानहरूका बीचमा गृहयुद्ध भयो तब कुनै शत्रुले तल्हालाई टुण्डो भनी तिरस्कृत गऱ्यो। त्यसको कुरो सुनेर एकजना अन्य सहाबीले उत्तर दिए, हो टुण्डो नै हो तर कस्तो उत्तम टुण्डो। तल्हाको त्यो हात हज़रत मुहम्मद (सल्लम)को सुरक्षामा टुण्डो भएको थियो भन्ने कुरो तँलाई थाहा छ? उहदको युद्धपछि कुनै व्यक्तिले तलहालाई जब तीर तिम्रा हातमा लाग्थे तब के तिमीलाई दुख्दैनथ्यो र के तिम्रो मुखबाट उफ्फ भन्ने शब्द निस्कदैनथ्यो भनी साध्यो। हज़रत तलहाले उत्तर दिए, कष्ट पनि हुन्थ्यो र उफ्फ पनि निस्कन लाग्थ्यो परन्तु म उफ्फ गर्दैनथें किनभने उफ्फ गर्नाले मेरो हाथ हल्लिने थियो र तीर हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)को मुखमा आएर लाग्ने थियो भन्ने डर मलाई थियो।

परन्तु ती थोरै मानिसहरूले कहिलेसम्म त्यत्रो ठूलो लश्करको मुकाबिला गर्न सक्थे र? कुफ्फारका लश्करको एउटा समूह अघिबढ्यो र त्यसले हज़रत मुहम्मद (सल्लम)का छेउछाउका सिपाहीहरूलाई धकेलेर पछि हटायो। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) एक्लै पहाडझैं त्यहाँ खडा रहनुभयो। अकस्मात एउटा ढुङ्गो उहाँको खुद (मुखावरण)मा आएर लाग्यो र त्यसको काँटि उहाँको शिरमा पस्यो फलतः उहाँ अचेत भएर ती सहाबाहरूका

लाशमाथि लडनुभयो जो उहाँका चौतर्फ लड्दै शहीद हुनपुगेका थिए। (इब्ने हश्शाम भाग 1, पृष्ठ 84) त्यसपछि केही अन्य सहाबाहरू (सहचरहरू) उहाँको शरीरको सुरक्षा गर्दै शहीद भए र तिनीहरूका लाशहरू उहाँको शरीरमाथि ढल्नपुगे। कुफ्फारले उहाँको शरीरलाई लाशहरूमनि दबेको देखेर उहाँ मारिनु भयो भनी ठाने। अतः मक्काको लश्कर आफ्ना सिपाहीहरूलाई पंक्तिवद्ध गर्नका लागि पछि हट्यो। जो सहाबाहरू उहाँका छेउछाउमा खडा थिए र जसलाई कुफ्फारको लश्करको रेलाले पछि धकेलेर लगेको थियो तिनीहरूमा हज़रत उमर पनि थिए। जब उनले मैदान सबै योद्धाहरूबाट रिक्त देखे तब उनलाई हज़रत मुहम्मद रसूलुल्लाह (अल्लाहका सन्देशवाहक) पनि शहीद हुनुभयो भन्ने विश्वास भयो। उनी ती व्यक्ति थिए जसले पछिगएर एकै समयमा कैसर (रोम) र किस्रा (ईरान) सित मुकाबिला (संघर्ष)गरे र उनको मन कहिल्यै आत्तिएन र न त डरायो, उनीपनि एउटा ढुङ्गोमाथि बसेर बालकझैं रुनलागे। त्यहीबेला मालिक नामक एकजना सहाबी जो इस्लामी लश्कर विजयी भएको क्षणमा पछिहटेका थिए किनभने उनी भोकै थिए, राति देखिनै उनले केही खाएको थिएन। जब विजय मिल्यो तब केहीदाना खज़ूर खाएर आफ्नो भोकको उपचार गर्नका लागि पछिल्तर्फ गएका थिए। उनी त विजय प्राप्तिको आनन्दमा यताउता घुमिरहेका थिए त्यतिकैमा हज़रत उमरसित उनको भेट भयो र उमरलाई रुदैगरेको देखेर अत्यन्त आश्चर्यित भए र सोधे, उमर तिमीलाई के भयो? इस्लामको विजयप्रति त तिमी आनन्दित हुनुपर्थ्यो किन रोइरहेछौ? उमरले उत्तरमा भने, मालिक, सम्भवतः तिमी विजयप्राप्तिपछि पछिहटेका थियौ। कुफ्फारको लश्कर पहाडको फेदीबाट चक्कर लगाएर आयो र इस्लामको लश्करमाथि आक्रमण गर्‍यो। मुसलमानहरू यताउता छरिएका हुनाले तिनीहरूको सामना

कसैले गर्न सकेन। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) केही सहाबाहरूका साथमा तिनीहरूको मुकाबिलाका लागि डट्नुभयो र मुकाबिला गर्दै शहीद हुनुभयो। मालिकले भने, हे उमर! यदि यो घटना सत्य हो भने तिमी यहाँ बसेर किन रोइरहेछौ। जुन लोकमा हाम्रा प्रियतम जानुभयो हामीले पनि त्यहीं जानुपर्छ। यसो भन्दै उनी त्यो अन्तिम खज़ूर जुन उनको हातमा थियो, जसलाई उनले खान लागेका थिए त्यसलाई हे खज़ूर! मालिक र स्वर्गका बीचमा तँ बाहेक अनै कुन वस्तु रोक रहेको छ भन्दै धरतीमा फ्याँकिदिए र तरवार लिएर शत्रुको लश्करभित्र पसे। तीनहज़ार मानिसहरूको सामुन्ने एउटा व्यक्तिले के गर्न सकथ्यो र परन्तु एक खुदाका उपासक एक्लै पनि धेरैजनामाथि भारी पर्नजान्छन। मालिकले अत्यन्त वीरतापूर्वक युद्ध गरेको देखेर शत्रु अत्यन्त हैरान भयो। परन्तु अन्तमा घायल भएर लडे र लडिसकेपछि पनि शत्रुमाथि आक्रमण गर्न छाडेनन र तिनीहरूलाई मार्दैगए। त्यो देखेर मक्काका कुफ्फारहरूले उनी देखि आतंकित हुदै यसप्रकार उनीमाथि आक्रमण गरे जब युद्ध समाप्ति पछि उनको लाश खोजियो तब त्यसको सत्तरीवटा टुकुडा भएको पाइयो। उनको लाश चिन्न पनि सकिदैनथ्यो तर एउटा औंलोबाट उनकी बहिनीले चिनिन र यो मेरो भाईको लाश हो भनी बताइन।

ती सहाबाहरू जो मुहम्मद रसूलुल्लाह (सल्लम) का छेउछाउमा थिए र तिनीहरू कुफ्फारको रेलाको धक्काले पछिल्तिर धकेलिएका थिए कुफ्फारहरू जब पछिहटे तब तिनीहरू पुनः हज़रत मुहम्मद (सल्लम)का निकट एकत्रित भए। उहाँको शरीरलाई तिनीहरूले उठाए र एकजना सहाबी उबैदः बिन अल्जराहले आफ्ना दाँतले उहाँको शिरमा पसेको काँटिलाई पक्रेर जोडका साथ बाहिर निकाले जसबाट तिनका दुईवटा दाँत भाँचिए। केही समयपछि हज़रत मुहम्मद (सल्लम) लाई होश

आयो तथा सहाबाहरूले चौतर्फ मैदानमा मानिसहरू दौडाए र मुसलमानहरू पुनः एकत्रित हुन भनी सूचित गरे। भागेको लश्कर पुनः एकत्रित हुनलाग्यो र हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) तिनीहरूलाई लिएर पहाडको फेदिमा पुग्नुभयो। जब पहाडको फेदिमा रहेसहेको लश्कर खडा भयो तब अबू सुफियानले जोडदार लल्कारका साथ भन्यो, हामीले मुहम्मदलाई मारिदियौं। शत्रुले वास्तविकतालाई जानेर आक्रमण नगरोस, जसबाट आहत भएका मुसलमानहरू पुनः शत्रुको आक्रमणबाट हताहत हुन नपुगुन भनी हज़रत मुहम्मद (सल्लम)ले अबू सुफियानको लल्कारको उत्तर दिनुभएन। जब इस्लामी लश्करका तर्फबाट त्यसको कुनै उत्तर आएन तब अबू सुफियानलाई उसको धारणा ठीक रहेको अनुभव भयो र उसलो जोडदार शब्दमा भन्यो, हामीले अबू बकरलाई पनि मारिदियौं। हज़रत मुहम्मद (सल्लम)ले अबूबकरलाई पनि कुनै उत्तर नदेऊ भनी आदेश दिनुभयो। पुनः अबू सुफियानले भन्यो, हामीले उमरलाई पनि मारिदियौं। तब ती अत्यन्त साहसी र पराक्रमी उमरले त्यसको उत्तरमा हामी त अल्लाहको कृपाले जीवित छौं र तिमीहरूको मुकाबिलाका लागि तत्पर छौं भनी भन्न चाहे। परन्तु हज़रत मुहम्मद (सल्लम)ले मुसलमानहरूलाई संकटमा नपार र चुप्प लागेर बस भनी मनाही गर्नुभयो। अब त कुफ्फारहरूलाई इस्लामका संस्थापक र उहाँका दायाँ-बायाँका सुरक्षाकर्मीहरूलाई पनि हामीले मारिदियौं भन्ने विश्वास भयो। त्यसपछि अबू सुफियान र उसका साथीहरूले खुशी प्रकट गर्दै - أُعْلُ هُبُل أُعْلُ هُبُل (अर्थात हाम्रा पुजनीय मूर्ति हुबलको जय होस! उनले आज इस्लामको समाप्ति गरिदिए) भनी जय ध्वनि लगाए। हज़रत मुहम्मद (सल्लम)जो आफ्नो मृत्युको घोषणाप्रति र हज़रत अबूबकरको मृत्युको घोषणाप्रति तथा हज़रत उमरको मृत्युको घोषणाप्रति चुप्पलाग्ने आदेश दिइरहनु भएथ्यो र

त्यसको कारण ती घाइते मुसलमानहरूमाथि कुफ्फारको लश्करले पुनः कठोर आक्रमण नगरोस जसबाट अल्पसंख्यक मुसलमानहरू त्यसको हातबाट मारिएलान भन्ने थियो। अब किनभने एक खुदाको सम्मानको प्रश्न थियो र जब शिर्क (बहु ईश्वरवाद) को जयध्वनि मैदानमा गुञ्ज्यो तब उहाँको आत्मा बेचैन भयो र उहाँले अत्यन्त जोशका साथ सहाबाहरूतर्फ दृष्टि गरी तिमीहरू किन उत्तर दिदैनौ भनी भन्नुभयो। सहाबाहरूले हामी के उत्तर दिऊँ त भनी सोधे। उहाँले भन्नुभयो, اُللّٰهُ اَعْلٰى وَاَجَلُّ اُللّٰهُ اَعْلٰى، وَاَجَلُّ[1] अर्थात तिमीहरू हुबलको प्रताप बढोस र जयहोस भनी मिथ्या बोलिरहेछौ। अल्लाह जो एक र अद्वितीय छन तथा जसको कोही भागेदार छैन, उनी नै पुजनीय र सम्माननीय रहेका छन उनको प्रताप सर्वोच्च रहेको छ भनी उत्तर देऊ। यसप्रकार उहाँले आफू जीवितरहेको सूचना शत्रुलाई दिनुभयो। त्यस साहसपूर्ण र वीरतापूर्ण उत्तरको प्रभाव कुफ्फारको लश्करमाथि कतिसम्म पऱ्यो भने तिनीहरूको समस्त आकांक्षा त्यसबाट माटोमा मिल्यो र तिनीहरूका सामुन्ने पद्यपि अति कम संख्यामा घाइते मुसलमानहरू खडा थिए जसमाथि आक्रमण गरी तिनीहरूलाई मार्नु भौतिक साधनको र नियमको आधारमा अति सरल थियो परन्तु तिनीहरूले दोस्रोपटक आक्रमण गर्ने साहस गरेनन र जति जीत तिनीहरूलाई प्राप्त भएको थियो त्यतिमै चित्त बुझाएर मक्कातर्फ फर्किए। उहदको युद्धमा स्पष्टरूपमा विजय प्राप्तिपछि पराजयको पक्ष सामुन्ने आयो। परन्तु यो युद्ध वास्तवमा हज़रत मुहम्मद (सल्लम) को सत्यताको एउटा महान चिह्न थियो। यस युद्धमा हज़रत मुहम्मद (सल्लम)को भविष्यवाणी अनुसार मुसलमानहरूलाई पहिला सफलता मिल्यो त्यसपछि पुनः हज़रत मुहम्मद (सल्लम)को भविष्यवाणी अनुसार उहाँका प्रिय

1. बुखारी किताबुल मग़ाज़ी, अध्याय गज़वातो उहद।

काका हम्ज़ा लडाइमा मारिए। यसैगरी हज़रत मुहम्मद (सल्लम) को भविष्यवाणी अनुसार स्वयं उहाँपनि घाइते हुनुभयो र धेरै संख्यामा सहाबाहरू शहीद भए। यसबाहेक मुसलमानहरूलाई आफ्नो ईमान र निष्ठा प्रदर्शन गर्ने यस्तो अवसर प्राप्त भयो जसको उदाहरण इतिहासमा अन्य कहीं पाइंदैन। त्यस निष्ठा र ईमानको प्रदर्शनका केही घटनाहरूबारे पहिला वर्णन भइसकेको छ। एउटा अर्को घटना पनि उल्लेखनीय रहेको छ जसबाट हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)को संगतले सहाबाहरूको हृदयमा कति दृढ ईमान उत्पन्न गरेको थियो भन्ने कुरो ज्ञात हुन्छ। जब हज़रत मुहम्मद (सल्लम) केही सहाबाहरूका साथमा पहाड़को फेदितर्फ जानुभयो र शत्रु पछिहट्यो तब उहाँले केही सहाबाहरूलाई मैदानतर्फ गएर घाइतेहरूको खबर लेऊ भनी खटाउनु भयो। एकजना सहाबी घाइतेहरूलाई खोज्दै रणभूमिमा एकजना घाइते अन्सारी (मदीनावासी मुसलमान)का निकट पुगे। उनको अवस्था अत्यन्त चिन्ताजनक थियो, उनी मर्नलागेका थिए। यी सहाबी जब उनका निकट पुगे र उनलाई अस्सलामु अलैकुम (तिमीमाथि शान्ति वर्षण होस) भनी सम्बोधन गरे तब उनले काँप्दै गरेको हात मिलाउनका लागि उठाए र तिनको हात समातेर भने, मलाई कोही भाई भेट्न आओस भनी म प्रतीक्षामा थिएँ। उनले भने, तिम्रो अवस्था त अत्यन्त चिन्ताजनक रहेको छ। के आफ्ना नातेदारहरूलाई केही सन्देश दिनु छ? ती मर्न लागेका सहाबीले भने, हो, मेरा तर्फबाट मेरा नातेदारहरूलाई मेरो सलाम भनिदेऊ र के सन्देश देऊ भने म त मर्न लागेको छु तर म खुदा तआलाको एउटा पवित्र अमानत (धितो) हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)को व्यक्तित्व तिमीहरूका बीचमा छाडेर जाँदैछु। हे मेरा भाईहरू र मेरा नातेदारहरूहो! उहाँ खुदाका साँचा सन्देशवाहक हुनुहुन्छ। तिमीहरू उहाँको सुरक्षाका

लागि आफ्नो ज्यान दिनबाट पछि हट्नेछैनौ र मेरो यस वसियत (उपदेश) लाई स्मरण राख्नेछौ भन्ने आशा राख्दछु (मोता इमाम मालिक, तथा ज़रकानी)। मृत्युका मुखमा रहेको व्यक्तिको मनमा आफ्ना नातेदारहरूलाई दिनका लागि हज़ारौं सन्देशहरू उप्जन्छन परन्तु यी व्यक्तिहरू हज़रत मुहम्मद (सल्लम)को पुण्य संगतमा रहेर पूर्णतः स्वार्थहीन हुनपुगेका थिए। तिनीहरूलाई न आफ्ना पुत्रहरूको चिन्ता थियो न त पत्नीहरूको। न धन सम्पत्तिको स्मरण थियो न त जग्गा जमीनको। उनीहरूलाई केवल हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम.)को व्यक्तित्वको चिन्ता र स्मरण थियो। संसारको मुक्ति उहाँद्वारा नै हुनेछ भन्ने कुरो उनीहरूलाई थाहा थियो। हाम्रो मृत्युपाछि हाम्रा सन्तान जीवित रहेमा तिनीहरूले कुनै विशेष कार्य गर्नेछैनन परन्तु यदि तिनीहरूले यी महान मुक्तिदाताको सुरक्षामा आफ्नो ज्यान दिएमा यद्यपि हाम्रो आफ्नो वंश मेटिएला परन्तु संसार जीवित हुनेछ। शैतानको पंजामा जकडिएको मानिसले पुनः मुक्ति प्राप्त गर्नेछ र हाम्रो परिवारको जीवनभन्दा हज़ारौं गुणा अधिक मानवजातिको जीवन र मुक्ति मूल्यवान रहेको छ (भनी उनीहरू जान्दथे)।

अतः त्यसपछि हज़रत मुहम्मद (सल्लम)ले सबै घाइतेहरूलाई र शहीदहरूलाई एकत्रित गर्नुभयो। घाइतेहरूको मर्रमपट्टी र उपचार गरियो र शहीदहरूलाई पुर्ने व्यवस्था गरियो। मक्काका अत्याचारी कुफ्फारहरूले केही मुसलमान शहीदहरूका नाक कान काटि दिएछन भन्ने कुरो उहाँलाई अब थाहालाग्यो। अतः जस-जसको नाक कान काटिएको थियो तिनीहरूमा स्वयं उहाँका काका हम्ज़ा (रज़ि.) पनि थिए। त्यो दृश्य देखेर उहाँलाई अत्यन्त खेद भयो र उहाँले भन्नुभयो, कुफ्फारले स्वयं आफ्नो कर्मद्वारा आफूविरुद्ध बदलालाई उचित बनाएको छ जुनकुरालाई हामी अनुचित ठान्दथ्यौं। परन्तु खुदा तआलाका तर्फबाट त्यहीबेला

उहाँप्रति के वह्यी (ईशवाणी) अवतीर्ण भयो भने कुफ्फारले जे गर्छन गर्न देऊ। तिमीहरू भने दया र न्यायको तरीकालाई सदा जारी (कायम) राख।

## उहदको युद्धबाट फर्किएर मदीना आगमन तथा मदीनावासीहरूको निछावरको भावना

जब इस्लामी लश्कर मदीनातर्फ फर्कियो त्यसबेलासम्ममा हज़रत मुहम्मद (सल्लम.) युद्धमा शहीद हुनुभएको र इस्लामी लश्कर यताउता छरपष्ट भएको खबर मदीनामा पुगिसकेको थियो। मदीनाका महिलाहरू र बालकहरू पागलझैं अघिबढ्दै उहदतर्फ दगुर्दै गइरहेका थिए। धेरैजसोलाई त बाटोमा थाहालाग्यो र तिनीहरूले यात्रा स्थगित गरे। परन्तु बनू दीनार कबीला (गुट) की एउटी महिला आत्तिदै अघिबढ़ेर उहदसम्म पुगिन। जब तिनी एकोहोरो भई उहदको मैदानतर्फ गइरहेकी थिइन तिनका पति र भाई तथा पिता उहदको युद्धमा मारिएका थिए। केही अन्य वर्णनानुसार एउटा उनको पुत्र पनि मारिएको थियो। जब तिनलाई उनका पिता मारिएका छन भनी सूचना दिइयो तब उनले भनीन, मलाई हज़रत मुहम्मद (सल्लम.)बारे बताऊ उहाँको हाल के छ? सूचना दिनेहरू हज़रत मुहम्मद (सल्लम)लाई लिएर सन्तुष्ट थिए त्यसकारण तिनीहरू पालो पालो गरी उनलाई उनका भाई र पति र पुत्रको मृत्युको खबर दिंदैगए। परन्तु तिनी यही नै भन्दै जान्थिन, مَافعل رَسُوْل اللّٰه صَلَّى اللّٰهُ عَلَيه وَسَلّم अर्थात अरे रसूलुल्लाह (सल्लम)ले यो के गर्नुभयो। साधारणत: यो वाक्य अशुद्ध देखिन्छ त्यसैले केही इतिहासकारहरूले यसको अर्थ ''रसूलुल्लाह (सल्लम)बाट यो के हुनगयो'' हो भनेका

छन परन्तु वस्तुतः यो वाक्य अशुद्ध होइन अपितु महिलाहरूको प्रयोगानुसार पूर्णतः शुद्ध हो। महिलाहरूका भावनाहरू अत्यन्त प्रखर हुन्छन र कहिले काहिँ मुर्दालाई जीवित ठानेर बोल्ने गर्छन अथवा जस्तै केहि महिलाहरू जब तिनीहरूका पति अथवा पुत्रको मृत्यु हुन्छ तब तिनीहरूको मृत्युप्रति तिनीहरूलाई सम्बोधन गरी यसप्रकारका कुरा गर्ने गर्छन र भन्छन, मलाई कसको जिम्मा लगाएर हिडेऊ। हे छोरा! यस बुढेसकालमा मसित किन रिसायौ र मुख फैर्‍यौ? यो अत्यधिक शोकको अवस्थामा मानवीय भावनाको एउटा अत्यन्त अनौठो (विचार) प्रकटन हो। यसैप्रकार हज़रत मुहम्मद (सल्लम)को मृत्युको खबर सुनेर ती महिलाको त्यो अवस्था भयो। तिनी उहाँको मृत्यु भयो भन्ने कुरोलाई मान्न तयार थिइनन र दोस्रोतर्फ त्यस खबरलाई अस्वीकार गर्न पनि सक्दिनथिइन त्यसैले शोकाकुल भई 'अरे रसूलुल्लाहे यो के गर्नुभयो भन्दै जान्थिन। अर्थात यस्ता विश्वसनीय मानिस हामीलाई यो दुःख पुर्‍याउन किन राजी भए।

जब मानिसहरूले तिनलाई आफ्ना पिता, भाई र पतिको कुनै पर्वाह नरहेको देखे तब तिनको साँचो भावनालाई बुझे र तिनीहरूले भने, फलाँ की आमा! हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)त तिम्रो चाहनानुसार खुदाको कृपाले सकुशल हुनुहुन्छ। तब उनले भनीन, मलाई देखाऊ उहाँ कहाँ हुनुहुन्छ। मानिसहरूले भने, अघि बढेर जाऊ, उहाँ अगाडि उभिनु भएको छ। ती महिला दगुर्दै उहाँसम्म पुगिन र उहाँको वस्त्रको एउटा कुनोलाई पक्रिएर भन्न लागिन, हे अल्लाहका सन्देशवाहक! मेरा माता पिता हज़ूरप्रति निछावर हुन। तपाईं जब सकुशल हुनुहुन्छ भने चाहे कोही मरोस मलाई पर्वाह छैन। पुरुषहरूले युद्धमा ईमानको यस्तो अनुपम नमूना प्रदर्शन गरे र महिलाहरूले पनि त्यो निष्ठा र त्यागको नमूना देखाए जसको उदाहरण

मैले अहिले प्रस्तुत गरें। ईसाईहरू मरियम मकदीलनी र उनका साथी महिलाहरूको त्यो साहसप्रति अर्थात तिनीहरू मसीहको क़ब्र (समाधि)मा बिहानीपख शत्रुहरूबाट लुक्दै पुगेका थिए भनी गौरव गर्छन म तिनीहरूलाई के भन्दछु भने, आऊ! मेरा प्रियतमका विश्वसनीय र निष्ठावान तथा सर्वस्व निच्छावर गर्ने हरूलाई हेर, कुन परिस्थितिमा तिनीहरूले उहाँको सहयोग गरे र कस्तो अवस्थामा तिनीहरूले एकेश्वरवादको झण्डालाई खडा गरे। यसप्रकारको त्याग र निछावरको एउटा अर्को उदाहरण इतिहासमा पाइन्छ। जब हज़रत मुहम्मद (सल्लम) शहीदहरूलाई दफन (शव पुर्ने कार्य) गरेर मदीना पुग्नुभयो तब महिलाहरू र बाल-बालिकाहरू शहरबाट बाहिर स्वागतका लागि निस्किएर आए। हज़रत मुहम्मद (सल्लम)को ऊँटनीको करेली मदीनाका मुखिया सअद बिन मुआज़ले समातेको थियो। उनी गौरवका साथ अघि अघि दौड्दै जान्थे। सम्भवत: उनी मानिसहरूलाई हामीले हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) लाई सुरक्षित आफ्ना घर लिएर आएका छौं भन्न चाहन्थे। शहरको छेउमा उनले आफ्नी वृद्धा माता जसको दृष्टिशक्ति पनि समाप्त हुनलागेको थियो आउँदै गरेको देखे। उहदमा उनको एउटा पुत्र उमर बिन मआज़ पनि मारिएका थिए। उनलाई देखेर सअद बिन मआज़ले भने, हे अल्लाहका सन्देशवाहक मेरी माता आइरहिछिन। उहाँले भन्नुभयो, अल्लाह तआलाको आर्शीवादका साथ आउन। ती वृद्धा अघिबढिन र आफ्ना दुर्बल आँखाले कहीं हज़रत मुहम्मद (सल्लम)लाई देख्न सक्छुकि भनी यताउता दृष्टि दौडाइन र जब हज़रत मुहम्मद (सल्लम)को मुहार देखा पर्‍यो तब तिनी प्रसन्न भइन। हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, माता! तिम्रा पुत्र शहीद भएकोमा मलाई तिमीप्रति अत्यन्त सहानुभूति छ। यो कुरो सुनेर तिनले भनीन, हज़ूर जब मैले तपाईंलाई सुरक्षित र

सकुशल देखें तब मैले सबै दु:ख भुटेर खाँए। दु:खलाई भुटेर खानु, तयो क़स्तो अचम्भको भनाइ हो। यसले प्रेम र श्रद्धाको अत्यन्त गहिरो भावनालाई प्रमाणित गर्छ। शोकले त मानिसलाई खान्छ। ती महिला जसको वृद्धावस्थामा आफ्नो बुढेसकालको लौरो भाँचियो उनले कस्तो बहादुरीपूर्वक मेरो पुत्रको शोकले मलाई किन खाओस किनभने जब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)त जीवित छन भने म त्यस शोक र दु:खलाई खानेछु। मेरो पुत्रको मृत्यु मेरो मरणको कारण बन्ने छैन अपितु मुहम्मद रसूलुल्लाह (सल्लम)का लागि उसले आफ्नो ज्यान दियो भन्ने सूचना मेरो शक्ति बढाउने कारण बन्यो। हे अन्सार (मदीनावासी) हो! मेरो ज्यान तिमीहरूप्रति निछावर छ, तिमीहरूले कति ठूलो पुण्य कमायौ भनी विन्ती गरीन।

अत: हज़रत मुहम्मद (सल्लम) सकुशल मदीना पुग्नुभयो। यद्यपि यस युद्धमा धेरैजना मुसलमानहरू मारिए र धेरैजना घाइते पनि भए परन्तु उहदको युद्धमा पराजय भयो भन्न सकिन्न। मैले वर्णन गरेका उपरोक्त घटनाहरूलाई दृष्टिमा राखेर हेर्नाले यो एउटा ठूलो विजय प्रमाणित हुन्छ। एउटा यस्तो महान विजय जसलाई स्मरण गरी प्रलयसम्म मुसलमानहरूले आफ्नो ईमानलाई बढाउन र दृढ तुल्याउन सक्नेछन र बढाउँदै जानेछन। मदीना पुगेर उहाँले पुन: आफ्नो कार्य अर्थात व्यवस्थापन र शिक्षा-दीक्षा तथा मानिसहरूको सुधारकार्य आरम्भ गर्नुभयो परन्तु यो कार्य उहाँले सहजपूर्वक गर्न पाउँनुभएन। उहदको घटनापछि यहूदीहरूमा अझ साहस बढ्यो र मुनाफिक (ढोंगी) हरूले पनि आफ्नो गतिविधि अझ बढाए। इस्लामलाई मेटाउनु मानिसको हातको खेल हो भन्ने तिनीहरूले ठाने। अत: यहूदीहरूले नाना प्रकारले उहाँलाई कष्ट दिन आरम्भ गरे। हास्य-व्यंगपूर्ण कविताहरू लेखेर तिनीहरूमा उहाँका परिवारको अपमान र उपहास गरिन्थ्यो।

एकपटक कुनै विवादको निर्णयका लागि उहाँ यहूदीहरूको दुर्गमा जानुभयो। तिनीहरूमा परस्पर परामर्श पछि जहाँ उहाँ बस्नुभएको थियो त्यहाँ माथिबाट एउटा ठूलो खम्बा खसाएर उहाँलाई थिचेर मार्ने योजना गरियो परन्तु खुदा तआलाले समय रहँदै उहाँलाई सूचित गरे र उहाँ त्यस ठाउँबाट कसैलाई केही नभनी फर्कनुभयो। पछिगएर यहूदीहरूले आफ्नो भूल स्वीकार गरे। मुसलमान महिलाहरूको बजारमा अपमान र अनादर गरिन्थ्यो। एकपटक त्यस झगडामा एउटा मुसलमान पनि मारियो। यसैगरी एकपटक एउटी मुसलमान युवतीको शिर ढुङ्गाले हिर्काएर एउटा यहूदीले घाइते पाऱ्यो र त्यो युवती तड्पी तड्पीकन मरी। यिनै कारणहरूलाई लिएर यहूदीहरूसित पनि मुसलमानहरूले युद्धगर्न करलाग्यो। परन्तु अरबीहरू र यहूदीहरूको चलनानुसार मुसलमानहरूले तिमीहरूलाई मारेनन अपितु केवल मदीनाबाट निस्किएर जाने शर्तमा तिनीहरूलाई छाडिदिए। अतः यहूदीहरूका ती दुईवटा कबीला (गुट) हरूमध्ये एउटाले चाहिँ शाम (सिरिया) तर्फ हिजरत (प्रवास) गऱ्यो र अर्कोको एउटा भाग शामतर्फ गयो र केही भने मदीनाबाट उत्तरतर्फ खैबर नामक एउटा शहतरर्फ गए। त्यो शहर अरबदेशमा यहूदीहरूको केन्द्र थियो र सुदृढ दुर्गहरूले परिपूर्ण थियो।

## मद्यपान निषेध भएको आदेश र त्यसको प्रभाव

उहदको युद्ध र त्वसपछिको युद्धको बीचको अन्तरालमा संसारले इस्लामको त्यो प्रबल प्रभाव जुन त्यसको आफ्ना अनुयायीहरूमाथि परेको थियो एउटा स्पष्ट उदाहरण देख्यो। भन्नुको तात्पर्य मद्यपान निषेधबारे हो। इस्लामभन्दा पहिला अरबवासीहरूको अवस्थाबारे चर्चा गर्दै मैले के वर्णन गरेको

थिएँ भने अरबवासीहरू मद्यपानका भुक्तभोगी थिए। प्रत्येक नामी परिवारमा दिनमा पाँचपटक मद्यपान गरिन्थ्यो र मदिराको नशामा धुत्त हुनु तिनीहरूका लागि सामान्य कुरो थियो। त्यसमा तिनीहरू लेशमात्र पनि लज्जित हुदैनथे। अपितु त्यसलाई एउटा उत्तम कार्य ठान्दथे। जब कोही अतिथि आउँथ्यो तब मदिरा पिलाएर सेवा गर्नु घरकी मुख्य महिलाको कर्तव्य मानिन्थ्यो। यसप्रकारका मानिसहरूबाट त्यस्तो घातक आदत छुटाउनु कुनै सरल काम थिएन।परन्तु हिजरतको चौथो वर्षमा हज़रत मुहम्मद (सल्लम) प्रति मद्यपान निषिद्ध छ भन्ने आदेश अवतीर्ण भयो। उक्त आदेश घोषित हुनसाथै मुसलमानहरूले मद्यपान पूर्णरूपमा त्याग गरे। अत: हदीसमा के वर्णित छ भने जब मद्यपान निषेध छ भनी ईशवाणी अवतीर्ण भयो तब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)ले एकजना सहाबीलाई बोलाएर यस नयाँ आदेशको घोषणा मदीनाका बाटा घाटामा गर भनी आदेश दिनुभयो। एकजना अन्सारका घरमा जो मदीनाका मुसलमान थिए त्यससमय मद्यपानको आयोजन चलिरहेथ्यो। धेरैजना मानिसहरू निमन्त्रित थिए र मद्यपान गरिरहेका थिए। एउटा ठूलो घैलो खाली भइसकेको थियो र एउटा दोस्रो घैलो आरम्भ हुनलागेको थियो। मानिसहरू मातिन लागेको थिए, धैरेजसो त मातिसकेका थिए। त्यही अवस्थामा तिनीहरूले हज़रत मुहम्मद (सल्लम)ले अल्लाह तआलाको आदेश पाएर मद्यपान निषेध गर्नुभएको छ भनी कुनै व्यक्तिले घोषणा गर्दैगरेको सुने। तिनीहरूमध्ये एउटा व्यक्ति उभियो। र यो त मद्यपान निषेधितको आदेश हो जस्तो छ पर्ख राम्ररी बुझौं भनी बोल्यो। त्यतिकैमा एउटा अर्को व्यक्ति उठ्यो र त्यसले मदिराले भरिएको घैलोलाई आफ्नो लठ्ठीले हिर्काएर टुक्रा टुक्रा पारिदियो तथा भन्यो, पहिला आदेशपालन गर त्यसपछि सोध। हामीले त्यस्तो घोषणा सुन्यौं त्यही हाम्रा लागि पर्याप्त छ।

यसपछि पनि मद्यपान गरिरहनु र खोज गर्नु उचित छैन। पहिला मदिरालाई बाटोमा बग्नदिनु र वास्तविक घोषणा के हो भनी खोज गर्नु हाम्रो कर्तव्य हो। (बुखारी, अध्याय अल् अश्रबा)

यदि मद्यपान निषेधित गरिसकिएको थियो र त्यसपछि पनि यदि तिनीहरूले मद्यपान जारी राख्थे भने तिनीहरू दोषी ठहर्ने थिए तथा यदि मद्यपान निषेधित गरिएको नभएमा मदिरालाई बगाउनु कुनै ठूलो घाटा थिएन जसलाई ब्योहोर्नु नसकियोस्। उक्त घोषणापछि मुसलमानहरूमा मदिरापान समाप्त भयो। यस महान परिवर्तनका लागि कुनै विशेष प्रयास र संघर्ष गर्नु आवश्यक परेन। ती मुसलमानहरू जसले त्यस आदेशलाई सुनेर तत्काल त्यसको पालन गरे र त्यस दृश्यलाई देखे, सत्तरी, अस्सी वर्षसम्म जीवित रहे परन्तु तिनीहरूमध्ये एकजना मुसलमान पनि यस्ता थिएनन जसले त्यस आदेशपछि त्यसको अवमानना गरेको होस। यदि कुनै यस्तो घटना घटेको रहेमा त्यो यस्तो व्यक्तिको सम्बन्धमा हुनसक्छ जसले स्वयं हज़रत मुहम्मद (सल्लम)बाट लाभ उठाएको थिएन। जब हामी यसको तुलना अमेरिकाको मद्यपान निषेधसम्बन्धी आन्दोलनसित गर्छौं र तिनीहरूका ती प्रयासहरूप्रति दृष्टि गर्छौं जुन तिनीहरूले त्यस कानूनलाई लागू गर्नका लागि वर्षौंसम्म गरे तब के स्पष्ट हुन्छ भने एकातर्फ हज़रत मुहम्मद (सल्लम)को अरबका मानिसहरूको त्यस सामाजिक दोषलाई मेटाउनका लागि केवल एउटा घोषणा पर्याप्त थियो परन्तु दोस्रोतर्फ भने मद्यपान निषेधका लागि कानूनहरू बनाइए, पुलिस फौज र कर विभागका कर्मचारीहरूले मिलेर मद्यपानको अभिशापलाई मेटाउनका लागि संयुक्त रूपमा प्रयास गरे परन्तु तिनीहरू असफल रहे र तिनीहरूले आफ्नो असफलतालाई स्वीकार्नु पऱ्यो। मद्यपानको जीत भयो र त्यसलाई रोकन सकिएन। हाम्रो यस युगलाई एउटा प्रगतिशील युग भनिन्छ परन्तु

जब यसको तुलना प्रारम्भिक इस्लामको युगसित गरिन्छ तब यी दुईवटामध्ये प्रगतिशील युग कुनचाहिं हो भनी हामी आश्चर्यित हुन्छौं। हाम्रो यो युग अथवा इस्लामको त्यो युग जसले त्यति अधिक सामाजिक र नैतिक उन्नति गर्‍यो।

## उहदको युद्धपछि कुफ्फारका समूहरूका अन्यायपूर्ण योजनाहरू

उहदको घटना सजिलै बिर्सन सकिने घटना थिएन। मक्कावासीहरूले यो तिनीहरूको इस्लामविरुद्ध पहिलो विजय हो भनी ठानेका थिए। तिनीहरूले यसको खबर समस्त अरबमा फैलाए तथा मुसलमनहरू अपराजयी हैनन भनी अरबका कबीला (जनजाति)हरूलाई इस्लामका विरुद्ध भडकाउने र विश्वास दिलाउने साधन त्यसलाई बनाए। यदि तिनीहरूले प्रगति गरे भने त्यो तिनीहरूको शक्ति र सामर्थ्यका कारण होइन अपितु अरबका कबीलाहरूले तिनीहरूतर्फ ध्यान नदिएकाले हो त्यसैले यदि अरबका जनताले संयुक्तरूपमा प्रयास गरेमा मुसलमानहरूमाथि विजय प्राप्त गर्नु कुनै कठिन कार्य होइन भन्ने स्पष्ट पारे। त्यस प्रचारको फलस्वरूप मुसलमानहरूका विरुद्ध विरोध र शत्रुता द्रतगतिले बढ्यो र भिन्न भिन्न समूहहरूले मुसलमानहरूलाई कष्ट दिन र सताउनमा मक्कावासीहरूभन्दा पनि अघिबढेर भाग लिनलागे। केहीले त खुल्लमखुल्ला आक्रमण आरम्भ गरे र केहीले गुप्तरूपमा तिनीहरूलाई हानि पुर्‍याउन आरम्भ गरे। हिजरतको चौथो वर्षमा अरबका दुईवटा कबीलाहरू अज़ल र कारा (बुखारी भाग 2, किताबुल मग़ाज़ी तथा ज़रक़ानी भाग 2, पृष्ठ 65-66) का मानिसहरूले आ-आफ्ना प्रतिनिधिहरूलाई

हज़रत मुहम्मद (सल्लम)का सेवामा पठाएर के अनुरोध गरे भने, हाम्रा क़बीला (समूह)हरूमा धेरै संख्यामा मानिसहरू इस्लामतर्फ आकर्षित भएका छन त्यसैले इस्लामी शिक्षाका केही जानकार व्यक्तिहरूलाई पठाइयोस जसले उनीहरूका बीचमा रहेर उनीहरूलाई यस नयाँधर्मको शिक्षा दिऊन। वास्तवमा यो एउटा षडयन्त्र थियो जुन इस्लामका कट्टर शत्रु बनूलह्यानले रचेको थियो। तिनीहरूको उद्देश्य के थियो भने जब ती प्रतिनिधिहरूले मुसलमानहरूलाई लिएर आउनेछन तब तिनीहरूको हत्या गरी आफ्ना तर्फबाट सुफियान बिन खालिदको बदला लिनेछन। अतः तिनीहरूले अज़ल र काराका प्रतिनिधिहरूलाई ठूला ठूला पुरस्कार दिने प्रलोभन दिएर केही मुसलमानहरूलाई लिएर आउनका लागि हज़रत मुहम्मद (सल्लम)का सेवामा पठाएका थिए। जब ती प्रतिनिधिहरूले हज़रत मुहम्मद (सल्लम)का सेवामा पुगेर अनुरोध गरे तब उहाँले तिनीहरूका कुरामा विश्वास गरी दसजना मुसलमानहरूलाई तिनीहरूका साथमा उनीहरूलाई इस्लामका सिद्धान्तहरू र आस्थाहरूको ज्ञान दिऊन भनी पठाउनु भयो। जब यो जत्था बनू लहयानको क्षेत्रमा पुग्यो तब अज़ल र काराका मानिसहरूले बनू लह्यानलाई मुसलमानहरू ल्याइए अब या त यिनीहरूलाई गिरफ्तार गर या हत्या गर भनी सूचना पठाए। त्यस घृणित योजना अन्तर्गत बनू लह्यानका दुईजना सशस्त्र मानिसहरू मुसलमानहरूलाई नियन्त्रणमा लिन निस्किए र रजीह भन्ने ठाउँमा आएर तिनीहरूलाई पक्रिए। दसजना मुसलमानहरू र दुईसयजना शत्रुहरूका बीचमा लडाई भयो। मुसलमानहरूको हृदय ईमानको प्रकाशले परिपूर्ण थियो र शत्रुपक्ष त्यसबाट वञ्चित थियो। दसजना मुसलमान एउटा टाकुरोमाथि चढे र ती दुईसयजना मानिसहरूलाई संघर्षका लागि ललकारे। शत्रुले तिनीहरूलाई तल ओर्लेर आयौ भने केही गर्नेछैनौं भनी

धोकापूर्वक गिरफ्तार गर्ने प्रयास गरे परन्तु मुसलमानहरूका मुखियाले हामीले काफिर (अविश्वासी)हरूको वाचा र वचनलाई खुबै देखिसक्यौं भनी अस्वीकार गरे। त्यसपछि तिनीहरूले आकाशतर्फ मुख गरी, हे खुदा! तिमीले हाम्रो अवस्थालाई देखिरहेछौ। आफ्ना सन्देशवाहकलाई हाम्रो यस स्थितिबारे सूचित गरिदेउ भनी प्रार्थना गरे। जब कुफ्फारहरूले मुसलमानहरूको त्यो सानु टोलीमाथि तिनीहरूको कुराको कुनै प्रभाव नपरेको देखे तब तिनीहरूले उनीहरूमाथि आक्रमण गरे। मुसलमानहरूले पराजयको भय नगरी तिनीहरूसित संघर्ष गरिरहे। उक्त संघर्षमा दसमध्य सातजना शहीद भए। शेष बचेका तीनजनालाई कुफ्फारहरूले पुनः यदि तिमीहरू टाकुरोबाट तल ओर्लिएर आएमा हामी तिमीहरूको ज्यान बकस्ने छौं भनी वचन दिए। परन्तु जब तिनीहरू कुफ्फारको वचनप्रति भरोसा गरी तल ओर्लिएर आए तब कुफ्फारले तिनीहरूलाई आफ्ना कमानका तुनाहरूले कसेर बाँधे। यसप्रति तिनीहरूमध्ये एकजनाले भने, यो तिमीहरूको पहिलो वचन थियो जसलाई तिमीहरू तोडिरहेछौ। यसपछि तिमीहरूले के गर्नेछौ भन्ने कुरो अल्लाहले जान्दछन। यसो भनेर उनले तिनीहरूसित जान अस्वीकार गरे। कुफ्फारले तिनलाई कुट्न र घिस्याउन लागे परन्तु उनको संघर्ष र साहस देखेर अन्ततः निराश भई तिनीहरूले उनलाई त्यहीं हत्या गरिदिए। अन्य दुईजनालाई तिनीहरूले आफ्ना साथमा लिएर गए तथा मक्काका कुरैशहरूको हातमा दासस्वरूप तिनीहरूलाई बेचिदिए। तिनीहरूमध्ये एकजनाको नाम खबीब थियो र अर्काको ज़ैद। खबीबको खरीदार आफ्ना पिताको बदला लिनका लागि जसलाई खबीबले बदरको युद्धमा मारेको थियो खबीबलाई हत्या गर्न चाहन्थ्यो। एकदिन खबीबले आफ्नो कामका लागि अस्तुरा मागे। अस्तुरा खबीबको हातमा थियो त्यतिकैमा परिवारको एउटा

बालक खेल्दै उनका छेउमा पुग्यो। खबीबले त्यसलाई उठाएर आफ्नो काखमा राखे। बालककी आमाले त्यो दृश्य जब देखी त्यो अत्यन्त भयभीत भई र अब खबीबले त्यस बालकलाई मारिदिनेछ भन्ने त्यसलाई विश्वास भयो किनभने केही दिनपछि तिनीहरूले खबीबको हत्या गर्ने योजना थियो। त्यससमय अस्तुरा उनको हातमा थियो र बालक उनको अति निकट थियो र उनले बालकलाई हानि पुऱ्याउन सक्दथे। खबीबले त्यस बालककी आमाको मुहारमा हेरेर त्यसको चिन्तालाई भाँपे र भने, म तिम्रो बालकलाई हत्या गरिदिनेछु भनी तिमी ठानिरहिछौ। यस्तो कहिल्यै नठान। यस्तो नराम्रो कार्य म कदापि गर्दिन। मुसलमानहरू धोकेबाज़ हुदैनन। त्यो महिला खबीबको त्यस विश्वासपूर्ण र नियमपूर्ण कुरोबाट अत्यन्त प्रभावित भई। त्यस कुरालाई उसले सधैं स्मरण राखी तथा खबीब जस्तो क़ैदी (बन्दी) हामीले कहिल्यै देखेनौं भनी सधैं भन्ने गर्थी।

अन्तत: मक्कावासीहरू खबीबलाई मारेर हर्ष मनाउन तिनलाई लिएर एउटा खुल्ला मैदानमा गए। जब उनको हत्याको समय आयो तब खबीबले मलाई दुई रिकअत नमाज़ पढ्ने अवसर देऊ भनी अनुरोध गरे। कुरैशहरूले तिनको कुरो माने र खबीबले सबै मानिसहरूका सामुन्ने यस संसारमा अन्तिम पटक आफ्ना अल्लाहको उपासना गरे। जब उनले नमाज़ पढिसके तब उनले भने, म आफ्नो नमाज़ (उपासना) जारी राख्न चाँहन्थें तर म मर्नबाट डराउँछु भनी तिमीहरूले ठानलाऊ कि भनेर मैले समाप्त गरें। त्यसपछि उनले शान्त भएर आफ्नो सिर हत्याराका सामुन्ने राखिदिए र साथै यो कविता पढ्नलागे

وَلَسْتُ اُبَالِيْ حِيْنَ اُقْتَلُ مُسْلِمًا
عَلٰى اَيِّ جَنْبٍ كَانَ لِلّٰهِ مَصْرَعِى

وَذٰلِكَ فِي ذَاتِ الْإِلٰهِ وَإِنْ يَّشَاء
يُبَارِكْ عَلٰى اَوْصَالِ شِلْوٍ مُمَزَّعٍ[1]

अर्थात म मुसलमान रहेको अवस्थामा मारिदैंछु अतः कतापटि मारिएर ढल्नेछु भन्ने मलाई पर्वाह छैन। यो सबै कुरो खुदाका लागि हो। अतः यदि मेरा खुदाले चाहेमा मेरो शरीरका सा-साना टुक्राहरूमा भलाई र मंगल अवतीर्ण गर्नेछन। खबीबले यो कविता समाप्त गर्न नपाउँदै जल्लादले तरवार उनको गर्धनमा चलायो र उनको शिर धरतीमा खस्यो। जो व्यक्तिहरू त्यो हर्ष मनाउन एकत्रित भएका थिए तिनीहरूमा सईद बिन आमिर नामक एउटा व्यक्ति थियो जो पछिगएर मुसलमान भयो। जब जब खबीबको हत्याको चर्चा सईदका सामुन्ने हुन्थ्यो उनलाई चक्कर आउँथ्यो र उनी बेहोश हुन्थे भन्ने वर्णित छ।

दोस्रो क़ैदी (बन्दी) ज़ैदलाई पनि हत्याका लागि बाहिर लागियो। त्यस तमासालाई देख्नेहरूमध्ये मक्काको मुखिया अबू सुफियान पनि थियो। उसले ज़ैदतर्फ सम्बोधन गरी सोध्यो, के मुहम्मद तिम्रो ठाउँमा भए र तिमी आफ्ना घरमा आरामपूर्वक बसेका भए तिमीलाई राम्रो लाग्ने थिएन र? ज़ैदले क्रोधित भई भने, अबू सुफियान! तिमी के भन्छौ, खुदाको शपथ! हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को पाँवमा मदीनाका बाटाहरूमा एउटा काँडो बिझ्नुभन्दा मेरा लागि मेरो ज्यान जानु नै अधिक उत्तम छ। (इब्ने हश्शाम, भाग 2, पृष्ठ 122)

त्यस समर्पणको भावनालाई देखेर अबू सूफियान प्रभावित नभई रहनसकेन र उसले आश्चर्यित हुँदै ज़ैदतर्फ हेर्‍यो र तत्काल निम्न स्वरमा भन्यो, खुदा साक्षी छन, जसरी मुहम्मदसित मुहम्मदका साथीहरू प्रेम गर्छन मैले अन्य कसैलाई कसैसित त्यस्तो प्रेम गरेको देखेको छैन।

1. बुखारी किताबुल मग़ाज़ी, अध्याय गज़वातो रजीअ।

# सत्तरीजना कुरआनका हाफ़िज़ (कन्ठस्थकारी) हरूको हत्याको घटना

तिनै दिनहरूमा नजदको छेउछाउका केही मानिसहरू हज़रत मुहम्मद (सल्लम)को सेवामा उनीहरूसित केही मुसलमानहरू पठाइयोस जसले तिनीहरूलाई इस्लाम सिकाऊन भन्ने निवेदन लिएर आए। हज़रत मुहम्मद (सल्लम)ले तिनीहरूप्रति विश्वास गर्नुभएन। परन्तु अबू बराअ जो त्यस समय मदीनामा थिए, उनले भने, म यस कबीला (समूह) को ज़मानत दिन्छु। उक्त कबीलाले कुनै उपद्रव गर्ने छैन भनी हज़रत मुहम्मद (सल्लम)लाई विश्वास दिलाए। तब हज़रत मुहम्मद (सल्लम) ले सत्तरीजना कुरआनका हाफ़िज़ (कुरआन कन्ठस्थ गरेका) मुसलमानहरूलाई यस कामका लागि निर्वाचित गर्नुभयो। जब यो जत्था बैरे मओना नामक ठाउँमा पुगे तब तिनीहरूमध्ये एकजना व्यक्ति हराम बिन मलहान आमिर कबीलाको मुखियालाई भेट्न गए। त्यो मुखिया अबू बराअको भतीजो थियो जसलाई इस्लामको सन्देश दिनका लागि उनी गएका थिए। कबीलाका मानिसहरूले साधारणतः हरामको उत्तमरूपले स्वागत गरे परन्तु जब उनी मुखियाका सामुन्ने भाषण दिइरहेका थिए त्यहीबेला एउटा व्यक्ति पछिल्लतिरबाट लुक्दै आयो र उनीमाथि भालाले प्रहार गऱ्यो। हरामको त्यहीं मृत्यु भयो। जब भाला तिनको गर्धनबाट पार भयो तब उनले ‘‘अल्लाहु अकबर, फ़ुज़्तु व रब्बेल कअ्बते’’ अर्थात अल्लाह सबैभन्दा महान हुन। कअबाका रब्ब (प्रभु)को शपथ, मैले आफ्नो उद्देश्य प्राप्त गरें भनी भन्दैगरेको सुनियो।

यसप्रकार धोका दिएर हरामको हत्या गरिसकेपछि त्यस कबीलाका मुखियाहरूले आफ्ना मानिसहरूलाई शेषरहेका सबै मुस्लिम शिक्षकहरूमाथि आक्रमण गर्न प्रेरित गरे परन्तु कबीलाका

मानिसहरूले भने, हाम्रा मुखिया अबूबराअले ज़मानत दिएको छ त्यसकारण हामी यस जमाअत (गुट) माथि आक्रमण गर्नेछैनौं। त्यस कबीला (समूह)का सरदारहरूले ती मुसलमानहरूलाई लिन गएका दुईवटा कबीलाहरूको सहयोग लिएर मुस्लिम शिक्षकहरूको जत्थामाथि आक्रमण गरे। तिनीहरूले हामी त उपदेश दिन र इस्लाम सिकाउन आएका हौं लड्न आएका हैनौं भनी सम्झाए तर केही लाभ भएन र कुफ्फारहरूले मुसलमानहरूलाई मार्न आरम्भ गरे। अन्ततः तीन जनाबाहेक सबै शहीद भए। तिनीहरूमध्ये एकजना व्यक्ति लङ्डा थिए र त्यो लडाई आरम्भ हुनुभन्दा पहिला नै पहाडमाथि चढिसकेका थिए र अन्य दुईजना भने ऊँट चराउनका लागि जङ्गलतर्फ गएका थिए। जब तिनीहरू फर्किएर आए तब तिनीहरूले आफ्ना छैसठ्ठीजना साथीहरू मैदानमा मृत अवस्थामा पसारिएका देखे। तिनीहरू दुवैले परस्पर सल्लाह गरे। एकजनाले भने, हामीले हज़रत मुहम्मद (सल्लम) का सेवामा गएर यस घटनाको सूचना दिनुपर्छ। अर्काले भने, जहाँ हाम्रो जमातका सरदार जसलाई हज़रत मुहम्मद (सल्लम) ले हाम्रा नायक नियुक्त गर्नुभएको थियो मारिएका छन म यस स्थानलाई छाडेर जान सक्दिन। यसो भन्दै तिनी एक्लै कुफ्फारमाथि आक्रमण गर्नपुगे र लड्दैगर्दा शहीद भए र अर्काजना भने गिरफ्तार भए। केही समयपछि कबीलाको एउटा सरदारको शपथको आधारमा तिनलाई मुक्त गरियो। मारिएकाहरूमध्ये आमिर बिन फुहैरा पनि थिए जो हजरत अबूबकरका मुक्तिप्राप्त दास थिए। तिनको हत्यारा जब्बार बिन सल्मा थियो जो पछिगएर मुसलमान भयो। जब्बार भन्थ्यो, आमिरको हत्या नै मेरो मुसलमान हुने कारण बन्यो किनभने जब म आरिमलाई मार्न लागेको थिएँ तब मैले आमिरलाई ''मैले आफ्नो उद्देश्य प्राप्त गरें'' भन्दै गरेको सुनें। त्यसपछि मैले एउटा मानिससित सोधें,

जब मुसलमान मृत्युको सामना गर्छ तब उसले यसप्रकारको कुरो किन गर्छ? त्यसले उत्तरमा भन्यो, मुसलमानले अल्लाहको मार्गमा मारिनुलाई सौभाग्य र विजय ठान्छ। जब्बारमाथि त्यस उत्तरको गहिरो प्रभाव पऱ्यो र त्यसले इस्लामको अध्ययन गर्न आरम्भ भऱ्यो र अन्ततः मुसलमान बन्न पुग्यो। (असदुल ग़ाबा तथा सीरत इब्ने हश्शाम, पृष्ठ 172)

यी दुईवटा दुखपूर्ण घटनाहरू जसमा प्रायः अस्सीजना मुसलमानहरू एउटा घृणित षडयन्त्रको परिणामस्वरूप शहीद भएका थिए, यसको सूचना मदीना पुग्यो। मारिएका व्यक्तिहरू कुनै साधारण मानिसहरू थिएनन। तिनीहरू कुरआनका हाफिज़ (कण्ठस्थकारी) थिए। तिनीहरू कुनै अपराधमा लिप्त थिएनन न त तिनीहरूले कसैलाई कष्ट दिएका थिए न कुनै युद्धमा सहभागी भएका थिए अपितु अल्लाह र इस्लाम धर्मको मिथ्या आधार बनाएर धोकापूर्ण तरीकाले शत्रुका हातमा परेका थिए। यी घटनाहरूबाट निस्सन्देह कुफ्फारहरूको इस्लामसित घोर शत्रुता थियो भन्ने कुरो प्रमाणिम हुनजान्छ। यसका विपरीत इस्लामका लागि मुसलमानहरूको जोश पनि अत्यन्त प्रखर र दृढ थियो।

## बनी मुस्तलक़को लडाई

उहदको युद्धपछि मक्कामा भयानक अकाल पऱ्यो। मक्कावासीहरूको जुन शत्रुता नबी करीम हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) सित थियो र जुन योजनाहरू उहाँका विरुद्ध तिनीहरू मानिसहरूमा घृणा फैलाउनका लागि बनाइरहेका थिए यी सबै कुरालाई उपेक्षित गरी हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले यस घोर विपत्तिको अवस्थामा मक्काका गरीबहरूको सहायताका लागि धन जम्मा गर्नुभयो। परन्तु यस शुभचिन्तनको पनि

मक्कावासीहरूमाथि खासै प्रभाव परेन र तिनीहरूको शत्रुतामा पनि केही अन्तर आएन अपितु तिनीहरूको शत्रुता अझ बढ्न गयो। पहिला मुसलमानहरूप्रति सहानुभूति राख्ने कबीला (समूह) हरूसमेत अब शत्रु बन्नपुगे। तिनीहरूमध्ये एउटा बनू मुस्तलक़ क़बीला थियो जसको मुसलमानहरूसित पहिला राम्रो सम्बन्ध थियो परन्तु अब तिनीहरूले मदीनामाथि आक्रमण गर्ने तयारी गर्नलागे। जब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई तिनीहरूको तयारीको सूचना मिल्यो तब उहाँले वास्तविक तथ्य जान्का लागि केही मानिसहरूलाई पठाउनु भयो। तिनीहरूले फर्किएर आई ती सूचनाहरू सत्य हुन भनी जनाए। यसपछि हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले स्वयं गएर त्यस आक्रमणको सामना गर्ने निर्णय गर्नुभयो। अतः उहाँले एउटा फौज गठन गर्नुभयो र त्यसलाई लिएर बनू मुस्तलक़तर्फ लाग्नुभयो। जब मुसलमानहरूको शत्रुसित संघर्ष भयो तब शत्रु टकराव बिना नै पछिहटोस भन्ने उहाँले इच्छा गर्नुभयो परन्तु तिनीहरूले अस्वीकार गरे। तब युद्ध आरम्भ भयो र केही घण्टा भित्रैमा शत्रु पराजित भयो।

मक्काका कुफ्फारहरू (अविश्वासीहरू) मुसलमानहरूलाई हानि पुऱ्याउन डटेका थिए र पहिला मित्र रहेका क़बीलाहरूपनि शत्रु बन्नलागेका थिए त्यसकारण मुसलमानहरूका बीचमा रहेका मुनाफिक़ (ढोंगी)हरूले त्यस अवसरमा मुसलमानका पक्षमा रही युद्धमा सहभागी हुने साहस गरे। सम्भवतः यसप्रकार मुसलमानहरूलाई हानि पुऱ्याउने अवसर मिल्नेछ भन्ने तिनीहरूको धारणा थियो। परन्तु बनू मुस्तलक़सित भएको लडाई त केही घण्टामै समाप्त भयो त्यसकारण त्यस लडाईका बीचमा मुनाफिक़ (ढोंगी)हरूलाई उपद्रव गरी हानि पुऱ्याउने अवसर मिलेन। परन्तु हज़रत मुहम्मद (सल्लम)ले बनू मुस्तलक़को क्षेत्रमा केही दिन ठहर्ने निश्चय गर्नुभयो। त्यहाँ रहेका दिनहरूमा

एकजना मक्काका मुसलमान र एकजना मदीनावासी मुसलमानका बीचमा कुँवाबाट पानी निकाल्ने कुरोलाई लिएर झगडा भयो। ती मक्कावासीमुसलमान एकजना मुक्तिप्राप्त दास थिए। उनले मदीनावासी मुसलमानलाई हिर्काए र ती मदीनावासी मुसलमानले मदीनाका अन्सारहरूलाई सहायताका लागि गुहार लगाए र मक्कावासी मुसलमानले मक्काका मुहाजिर (प्रवासी)हरूलाई गुहार लगाए यसप्रकार उत्तेजना बढ्यो। वास्तविक कुरो के हो भन्ने जान्नतर्फ कोही गएन। दुवैतर्फका युवकहरूले तरवार निकाले। अब्दुल्लाह बिन अबी बिन सलूलले यो अवसर अल्लाहले नै उपलब्ध गराएका हुन भन्ने ठान्यो र आगोमा तेल हाल्ने प्रयास गऱ्यो। त्यसले मदीनावासीहरूलाई सम्बोधित गरी भन्यो, यी मुहाजिरहरू (प्रवासीहरू) माथि तिमीहरूको सहानुभूति अत्यधिक हुनगएको छ र तिमीहरूको न चाँहिदो सद्व्यवहारले गर्दा इनीहरूको दिमाग घुम्नलागेको हो तथा यिनीहरू दिन प्रतिदिन तिमीहरूमाथि चढ्दै गइरहेका छन। त्यसको भाषणको त्यसले चाहे अनुसार नै प्रभाव हुनलागेको थियो र झगडाले चरमसीमा छुनलागेको थियो परन्तु त्यसो भएन। अब्दुल्लाहले आफ्नो तीतो भाषणको अनुमान लगाउनमा भूल गऱ्यो र अन्सारहरूमाथि त्यसको प्रभाव पऱ्यो भन्ने ठानी अन्तमा के भन्यो भने-हामी मदीना त पुग्न पाऊँ, तब त्यहाँको जो सबैभन्दा सम्मानित मानिस छ त्यसले सबैभन्दा अपमानित र तिरस्कृत मानिसलाई बाहिर निकाल्नेछ। त्यसको भनाई अनुसार सबैभन्दा सम्मानित मानिस त्यो स्वयं थियो र सबैभन्दा अपमानित हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) हुनुहुन्थ्यो यो कुरो त्यसको मुखबाट निस्कन साथै मोमिनहरूप्रति त्यसको वास्तविकता खुल्यो। तिनीहरूले यो साधारण कुरो होइन अपितु यो सैतानको वक्तव्य हो जो हामीलाई पथभ्रष्ट गर्न आएको हो भनी मतप्रकट गरे। एकजना

युवक खडा भए र आफ्ना काकामार्फत यो खबर हज़रत मुहम्मद (सल्लम)सम्म पुऱ्याए। उहाँले अब्दुल्लाह बिन अबी बिन सलूल र त्यसका साथीहरूलाई बोलाएर यो के घटना हो भनी सोध्नुभयो। अब्दुल्लाह र त्यसका साथीहरूले हामीमाथि लगाएको यो मिथ्यारोप हो, हामीले केही भनेका छैनौं भनी पूर्णतः खण्डन गरे। उहाँले केही पनि भन्नुभएन परन्तु साँचो कुरो फैलिन लाग्यो। केही दिनपछि अब्दुल्लाह बिन अबी बिन सलूलको पुत्र अब्दुल्लाहले पनि यो कुरो सुन्यो। त्यो तत्काल हज़रत मुहम्मद (सल्लम)को सेवामा उपस्थित भयो र भन्यो, हे अल्लाहका नबी (पैग़म्बर)! मेरा पिताले हज़ूरको अपमान गऱ्यो, त्यसको दण्ड मृत्यु हुनुपर्छ। यदि हज़ूरले यही निर्णय गरेमा मलाई त्यसको हत्या गर्ने आदेश दिनुहोला भन्ने म चाहन्छु। यदि हज़ूरले अन्य कसैलाई आदेश दिनुभएमा र त्यसको हातबाट मेरो पिताको हत्या भएमा त्यस मानिसको हत्या गरेर आफ्नो पिताको बदला सम्भवतः म लिउँला र यसप्रकार अल्लाह तआलाको क्रोध मोल लिउँला। परन्तु हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम.) ले भन्नुभयो, मेरो कदापि यो भावना छैन। म तिम्रा पिताप्रति दयापूर्ण र सहानुभूतिपूर्ण व्यवहार गर्नेछु। (इब्ने हश्शाम भाग 2, पृष्ठ 169)। जब अब्दुल्लाहले आफ्ना पिताको बेईमानी र अपशब्द प्रयोगलाई हज़रत मुहम्मद (सल्लम.)को नरमी र सहानुभूतिसित तुलना गरे तब तिनको ईमान झन बढ्नलाग्यो र आफ्ना पिताका विरुद्ध उनको क्रोध पनि त्यही अनुपातले बढ्न लाग्यो। जब लश्कर मदीनाका निकट पुग्यो तब तिनले अघि बढेर आफ्ना पिताको बाटो रोकेर भने, जबसम्म तिमीले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का विरुद्ध प्रयोग गरेका शब्दहरू फिर्ता लिदैनौ तबसम्म म तिमीलाई मदीनाभित्र प्रवेश गर्न दिनेछैन। जुन मुखले खुदाका नबी (पैग़म्बर) अपमानित र तिरस्कृत हुन

तथा म सम्मानित हुँ भन्ने (शब्दहरू) भनेका थियौ त्यही मुखले खुदाका नबी सम्मान्नित हुन र म अपमानित र तिरस्कृत हुँ भनी घोषणा गर। जबसम्म तिमी त्यसो भन्नेछैनौ म तिमीलाई कदापि अघिबढ्न दिनेछैन। अब्दुल्लाह बिन अबी बिन सलूल आश्चर्यित र भयभीत भयो र भन्नलाग्यो, हे मेरा पुत्र! म तिमीसित सहमत छु। मुहम्मद सम्मानित हुनुहुन्छ र म अपमानित र तिरस्कृत हुँ। त्यसपछि युवक अब्दुल्लाहले त्यसलाई छाडिदिए। (तबकात कबीर लिइब्ने सअद, अध्याय 1, भाग 2, पृष्ठ 46)

# मदीनामाथि अरबवासीहरूको संयुक्त आक्रमण ख़न्दक़ (खाडल) को युद्ध

यसअघि यहूदीहरूका दुईवटा कबीलाहरूको उल्लेख गरिसकिएको छ जो लडाई, उपद्रव, हत्या इत्यादि गर्ने योजना र षडयन्त्र गरेका कारणले मदीनाबाट निस्कासित गरिएका थिए। तिनीहरूमध्ये बनू नज़ीरको केही अंश त शाम (सिरिया) तर्फ बसाईं सरेर गएको थियो र केही अंश मदीनाबाट उत्तर दिशामा खैबर नामक एउटा शहरतर्फ गएको थियो। खैबर अरबमा यहूदीहरूको एउटा ठूलो केन्द्र थियो र त्यो एउटा दुर्गले घेरिएको शहर थियो। त्यहाँ पुगेर बनू नज़ीरले मुसलमानहरूका विरुद्ध अरबहरूमा जोश फैलाउन आरम्भ गरे। मक्कावासीहरू त पहिला नै विरोधी थिए तिनीहरूलाई थप प्रेरित गर्नु आवश्यक थिएन। यसैप्रकार ग़तफान नामक नजदको क़बीला (समूह) जुन अरबका क़बीलाहरूमा ठूलो नाम र प्रसिद्धि राख्दथे तिनीहरू पनि मक्कावासीहरूको मित्रताका कारण इस्लामविरुद्ध शत्रुताका लागि तत्पर थिए। अब यहूदीहरूले कुरैश र ग़त्फानलाई जोश

दिलाउनका साथै बनू सलीम र बनू असद नामक दुईवटा अन्य सशक्त क़बीलाहरूलाई पनि मुसलमानहरू विरुद्ध भड्काउन र उक्साउन आरम्भ गरे। यसैप्रकार बनू सअद नामक यहूदीहरूको मित्र क़बीलालाई पनि मक्काका कुफ्फारहरूको सहयोग गर्नका लागि तयार गरे। एउटा लामो तयारी पछि अरबका सबै सशक्त क़बीलाहरूको एउटा सर्वसम्मत एकताको नीव राखियो। यसमा मक्कावासीहरू पनि र छेउछाउका कबीलाहरू पनि सम्मिलित थिए। यसैगरी नजद र मदीनाबाट उत्तर दिशाका क्षेत्रहरूका क़बीलाहरू पनि सम्मिलित थिए। तथा यहूदीहरू पनि सम्मिलित थिए। यी समस्त क़बीलाहरूले मिलेर मदीनामाथि आक्रमण गर्नका लागि एउटा सशक्त लश्कर तयार गरे। यो इस्लामी महिना शव्वाल 5 हिजरी अन्तिम फरवरी र मार्च 627 ई. को घटना हो। भिन्न-भिन्न इतिहासकारहरूले यस लश्करको अनुमान दस हज़ारदेखि लिएर चौबीस हज़ारसम्म लगाएका छन। परन्तु स्पष्टरूपमा समस्त अरब एकत्रित हुनुको परिणाम केवल दस हज़ार सिपाही हुनसक्दैन। निस्सन्देह चौबीस हज़ारको अनुमान ठीक देखिन्छ र त्यति न भएमा अठ्ठारह देखि लिएर बीस हज़ार सम्मको त्यो लश्कर अवश्य थियोहोला। मदीना त एउटा सानु शहर थियो। यस शहरमाथि समस्त अरबको आक्रमण कुनै साधारण आक्रमण थिएन। मदीनाका पुरुषहरू एकत्रित गरी (सैब वृद्ध, युवा र बालकहरूसमेत) केवल तीनहजार मानिसहरू बन्दथे। यसका वीपरित शत्रुको फौजको संख्या बीस र चौबीस हज़ारको बीचमा थियो। तथा तिनीहरू सबै फौजीहरू थिए, तन्देरी र युद्ध गर्ने योग्य थिए। जब शहरमा रहेर सुरक्षाको प्रश्न उठ्छ तब त्यसमा बालक र वृद्धहरू पनि सम्मिलित हुन्छन परन्तु जब टाढा टाढा गएर लश्करले चढाई गर्छ तब त्यसमा केवल तन्देरी युवाहरू र स्वस्थ मानिसहरू हुन्छन।

अतः कुफ्फारको लश्करमा बीस हज़ार अथवा पच्चीस हज़ारजति मानिसहरू भएतापनि तिनीहरू सबै सशक्त, तन्देरी र अनुभवी सिपाही थिए। परन्तु मदीनाका समस्त पुरुषहरूको संख्या बालकहरू र विकलाङ्गहरूलाई मिलाएर पुगनपुग तीन हज़ार थियो। यी कुराहरूलाई दृष्टिमा राखेर यदि मदीनाको लश्करको संख्या तीनहज़ार मानिएमा शत्रुको संख्या चालीसह जार मान्नुपर्छ। तथा यदि दुश्मनको संख्या बीसहज़ार मानिएमा मदीनाका सिपाहीहरूको संख्या केवल डेढहज़ार मान्नुपर्छ।

जब त्यस लश्करबारे एकत्रित भएको र आक्रमणको तयारी गरेको सूचना हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई प्राप्त भयो तब उहाँले सहाबा (सहचर) हरूलाई जम्मा गरी के गर्ने हो भन्ने कुरामा सल्लाह परामर्श गर्नुभयो। सहाबाहरूमध्ये सलमान फारसी (रज़ि.) जो प्रथम फारसी मुसलमान थिए, उहाँले तिनलाई सोध्नुभयो, तिम्रा देशमा यस्तो स्थितिमा के गर्ने गर्छन? उनले भने, हे अल्लाहका रसूल (सन्देशवाहक)! जब शहर असुरक्षित हुनजान्छ र सिपाहीहरूको संख्या अति कम हुन्छ तब हाम्रा देशका मानिसहरू खन्दक (खाडल) खनेर त्यसका घेराभित्र रहन्छन। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले उनको यस प्रस्तावलाई मन पऱ्याउनु भयो। मदीनाका एकातर्फ टाकुराहरू थिए। दोस्रोतर्फ यस्ता घरहरू थिए जुन एक आपसमा जोडिएका थिए। शत्रु केवल केही मार्गहरूबाट हुँदै आउन सक्दथ्यो। तेस्रोतर्फ केही घरहरू र केही बग़ैंचाहरू तथा केही अघाढि गएर यहूदी क़बीला बनू कुरैज़ाका गढहरू थिए। त्यो क़बीला (समूह)ले मुसलमानहरूसित सहमतको सन्धि गरिसकेकाले गर्दा त्यो दिशा पनि सुरक्षित मानिएको थियो। चौथोतर्फ खुल्ला मैदान थियो र त्यसतर्फ अधिक खरा थियो। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले त्यसतर्फ खन्दक (खाड्ल)खन्ने निर्णय लिनुभयो

ता शत्रु अकस्मात शहरमा प्रवेश गर्न नसकोस। अतः उहाँले दस दस गज़का अन्तरमा खाडल खन्नका लागि दस दस जना व्यक्तिहरूलाई खटाउनु भयो र यसप्रकार प्रायः एउटा लामो खाडल तयार भयो। जब खाडल खनिदैथ्यो तब धरातलमा एउटा अत्यन्त कठोर ठूलो ढुङ्गो देखापऱ्यो जुन कुनैप्रकारले पनि मानिसहरूद्वारा टुट्दैनथ्यो। सहाबीहरूले हज़रत मुहम्मद (सल्लम)लाई यस कुराको सूचना दिए तब उहाँ स्वयं त्यसठाउँमा पाल्नुभयो। उहाँले आफ्नो हातमा कोदालो लिएर जोडका साथ त्यसमाथि प्रहार गर्नुभयो। कोदालो बज्रिनाले त्यस ढुङ्गोबाट प्रकाश निस्कियो तब उहाँले भन्नुभयो ''अल्लाहो अकबर'' पुनः उहाँले कोदालो प्रहार गर्नुभयो तब पुनः प्रकाश निस्कियो। तब उहाँले पुनः अल्लाहो अकबर भन्नुभयो। त्यसपछि पुनः उहाँले तेस्रो पटक कोदालोले प्रहार गर्नुभयो र त्यसबाट पुनः प्रकाश निस्कयो र साथै ढुङ्गो पनि टुट्यो। सहाबाहरूले उहाँले तीन पटक ''अल्लाहो अकबर'' (अर्थात अल्लाह सबैभन्दा महान हुन) भनी किन भन्नुभयो भन्ने प्रश्न गरे। उहाँले भन्नुभयो, ढुङ्गोमाथि कोदालोको प्रहार पर्नसाथ तीनपटक जुन प्रकाश निस्कियो तीनैपटक खुदाले मलाई इस्लामको भविष्यमा हुने उन्नतिको नक्शा देखाए। पहिलोपटकको प्रकाशमा कैसर (रोम) साम्राज्यका शाम (सिरिया)का महलहरू मलाई देखाइए र त्यसका चाबीहरू मलाई प्रदान गरिए। दोस्रोपटकको प्रकाशमा मदाइनका स्वेतमहलहरू मलाई देखाइए र फारस (इरान)का चाबीहरू मलाई प्रदान गरिए। तेस्रोपटकको प्रकाशमा सन्आका ढोकाहरू मलाई देखाइए र यमन साम्राज्यका चाबीहरू मलाई प्रदान गरिए। अतः तिमीहरू खुदा तआलाको वचन (वाचा) प्रति विश्वास राख। शत्रुले तिमीहरूको केही बिगार्न सक्नेछैन। (सिरतुल हल्बिया भाग 2, पृष्ठ 243 तथा ज़रकानी भाग 2, सीरत इब्ने हश्शाम भाग 2, पृष्ठ 140) ती

थोरै मानिसहरूले फौजी योजनानुसार त त्यति लामो खाडल खन्न सक्नेथिएनन अतः त्यस खाडलले त्यति नै लाभ पुऱ्याउन सक्थ्यो र त्यो के भने शत्रु अकस्मात भित्र प्रवेश गर्न सक्दैनथ्यो अन्यथा त्यस खाड्ललाई फाँदनु शत्रुका लागि असम्भव थिएन। अतः शत्रुले पनि मदीनाको परिस्थिति बुझेर त्यही दिशाबाट आक्रमण गर्ने निर्णय लिएको थियो भन्ने कुरो पछि वर्णन हुने घटनाहरूबाट स्पष्ट हुनेछ। अतः शत्रुको सशस्त्र लश्कर त्यही दिशाबाट मदीनामा प्रवेश गर्नका लागि अघिबढ्यो। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) लाई यसकुराको थाहा लाग्यो र उहाँले पनि केही व्यक्तिहरूलाई शहरको दोस्रोतर्फ सुरक्षाका लागि नियुक्त गर्नुभयो र शेषरहेका प्रायः बारह सयजति मानिसहरूलाई आफुसित लिएर खन्दक़ (खाड्ल)को सुरक्षाका लागि निस्कनु भयो।

## खन्दक़ (खाडल)को युद्धको अवसरमा इस्लामी लश्करको वास्तविक संख्या के थियो

त्यस अवसरमा इस्लामी लश्करको संख्यालाई लिएर इतिहासकारहरूमा घोर मतभेद रहेको छ। केही व्यक्तिहरूले यस लश्करको संख्या तीनहज़ार लेखेको छ। केहीले बाह्र तेरह सय र केहीले सात सय। यो अति ठूलो मतभेद रहेको छ र यसको यथार्थ जान्नु अति कठिन देखिन्छ र इतिहासकारहरूले यसको समाधान गर्न सकेनन। परन्तु मैले यसको यथार्थलाई पाएँ र त्यो के हो भने तीनै प्रकारका वर्णनहरू ठीक हुन। ओहदको युद्धमा मुनाफिकहरू फर्किएपछि मुसलमानहरूको लश्करको संख्या केवल सात सय शेष रहेको थियो। अहज़ाबको युद्ध त्यसको ठीक दुइवर्षपछि भयो र त्यस अवधिमा कुनै ठूलो समूहले मुसलमान

भएर मदीनामा आएर बसोवास गरेन। अतः सातसय व्यक्तिहरू अकस्मात तीन हज़ारको संख्या बन्नपुग्नु असम्भव छ। दोस्रोतर्फ ओहदको युद्धको दुईसाल पछिसम्म इस्लामको प्रगति हुदाहुदै पनि युद्ध गर्नेयोग्य मुसलमानहरूको संख्या त्यतिनै रहनु जति ओहदको अवसरमा थियो, यो अनुमान पनि ठीक होइन। अतः यी दुवैवटा विश्लेषणहरूपछि त्यो वर्णन शुद्ध देखिन्छ जसमा युद्ध गर्नेयोग्य मुसलमानहरूको संख्या अह्ज़ाबको युद्धको अवसरमा बाह्रसय थियो भनिएको छ। अतः अब कसैले तीन हज़ार र कसैले सातसय किन लेखेको हो त भन्ने प्रश्न उठ्छ। अतः यसको उत्तर के हो भने यी दुवै वर्णनहरू भिन्न भिन्न स्थिति र दृष्टिकोणान्तर्गत वर्णित हुन। अह्ज़ाबको युद्धका तीनवटा अंशहरू थिए। एउटा अंश त्यसको त्यो थियो जब हालसम्म शत्रु मदीनाका सामुन्ने आइपुगेको थिएन र खन्दक (खाड्ल) खनिदै थियो। यस कार्यमा कम से कम माटो उठाउने सेवा बालकहरूले पनि गर्न सक्दंथे र केही महिलाहरू पनि यस कार्यमा सहयोगी बन्नसक्दथे। अतः जबसम्म खाडल खन्ने कार्य भइरहेथ्यो मुसलमान लश्करको संख्या तीन हज़ार थियो। परन्तु यसमा बालकहरू पनि सम्मिलित थिए र सहचारिणी महिलाहरूको जोश देखेर त्यस संख्यामा केही महिलाहरू पनि सम्मिलित थिए होलान भनी हामी भन्नसक्छौं। तिनीहरू खाडलखन्ने कार्य त गर्दैनथे होलान परन्तु माथिका कार्यहरूमा सहयोग गर्थेहोलान। यो मेरो धारणा मात्र होइन अपितु इतिहासबाट पनि मेरो यस धारणाको समर्थन पाइन्छ। अतः जब खाडल खन्ने समय आयो तब सबै केटाहरूलाई एकत्रित गरियो र सबै पुरुषवर्ग चाहे ठूला हुन अथवा साना खाड्ल खन्ने अथवा त्यसमा सहयोग पुऱ्याउने कार्य गर्थे। त्यसपछि जब शत्रु सामुन्ने आयो र युद्ध आरम्भ भयो तब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) ले ती सबै केटाहरूलाई जो 15 वर्ष सम्मका थिए तिनीहरूलाई

स्वेच्छानुसार ठहर्ने अथवा फर्कने अनुमति दिनुभयो।

(सीरतुल हल्बिया भाग 2, पृष्ठ 344)

उक्त वर्णनबाट के सिद्ध हुन्छ भने खाडल खन्ने समयमा मुसलमानहरूको संख्या बढी थियो र युद्धको समयमा घट्यो किनभने नाबालिगहरूलाई फर्केर जाने आदेश दिइएको थियो। अतः जुन वर्णनहरूमा तीन हज़ार संख्या रहेको उल्लेख छ त्यो संख्या खाडल खन्ने समयको प्रतित हुन्छ जसमा साना बालकहरू पनि सम्मिलित थिए। र मैले अन्य युद्धहरूको अनुमान लगाएर निष्कर्ष निकाले अनुसार केही महिलाहरू पनि थिए। परन्तु बाह्र सयको संख्या त्यस समयको हो जब युद्ध आरम्भ भयो र केवल बालिग पुरुषहरू शेष रहे। अब प्रश्न के रह्यो भने तेस्रो वर्णन जसमा सिपाहीहरूको संख्या सात सय भनिएको छ के त्यो पनि ठीक हो? यसको उत्तर के हो भने उक्त वर्णन इतिहासकार इब्ने इस्हाक़को हो जो अति विश्वसनीय इतिहासकार रहेका छन र इब्ने हज़म जस्ता विख्यात विद्वानले पनि पूर्णतः समर्थन गरेका छन। अतः इनको वर्णनप्रति पनि सन्देह हुन सक्दैन। यसको सत्यापनका लागि इतिहासको गहिरो जाँच पड़ताल गर्नाले के प्रमाणित हुन्छ भने जब युद्धका बीचमा बनू क़ुरैज़ा कुफ़्फारको लश्करमा सम्मिलित भए र तिनीहरूले मदीनामाथि अकस्मात आक्रमण गर्ने योजना बनाए र तिनीहरूको योजनाको गोपनियता खुल्न गयो तब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले मदीनाको त्यस दिशाको सुरक्षालाई पनि अनिवार्य ठान्नुभयो जुन दिशामा बनू क़ुरैज़ाहरू बसोवास गर्थे। अतः बनू क़ुरैज़ा हाम्रा समर्थक हुन र दुश्मनलाई त्यस दिशाबाट प्रवेश गर्न दिनेछैनन भनी त्यस दिशालाई पहिला असुरक्षित छाडिएको थियो। अतः इतिहासबाट के ज्ञात हुन्छ भने जब बनू क़ुरैज़ाको धोकाको खबर प्राप्त भयो तब जुन महिलाहरूलाई बनू क़ुरैज़ाको भरोसामा त्यस क्षेत्रमा

राखिएको थियो जहाँ बनू क़ुरैज़ाका गढहरू थिए र त्यहाँ सुरक्षा बिनानै राखिएका थिए हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले अब तिनीहरूको सुरक्षा आवश्यक ठान्नुभयो त्यसैले मुसलमानहरूका दुईवटा लश्करहरू तयार गरी महिलाहरूलाई राखिएका दुवै भागमा तिनीहरूलाई खटाउनु भयो। मुस्लेमा इब्ने अस्‌लम (रज़ि.) लाई दुई सय सहाबाहरू दिएर एक ठाउँमा नियुक्त गर्नुभयो र ज़ैद बिन हारसा (रज़ि.)लाई तीन सय सहाबाहरू दिएर दोस्रो ठाउँमा नियुक्त गर्नुभयो र थोरै थोरै समयको अन्तरालमा उच्च स्वरमा तकवीर (अल्लाहो अकबर) भन्दै रहनु यसबाट महिलाहरू सुरक्षित छन भन्ने ढुक्क हुन्छ भनी आदेश दिनुभयो। यस वर्णनबाट खन्दकको युद्धमा सात सय सिपाही थिए भनी इब्ने इस्हाक़ले किन उल्लेख गरे भन्ने हाम्रो गुत्थि खुल्न जान्छ किनभने बाह्र सय सिपाहीहरूमध्ये जब पाँचजना सिपाही महिलाहरूको सुरक्षाका लागि पठाइए तब बाह्र सयको लश्कर केवल सात सय रहन गयो र यसप्रकार खन्दक़ (खाड्‌ल)को युद्धमा इस्लामी सिपाहीहरूको संख्याका सम्बन्धमा जुन ठूलो मतभेद इतिहासमा पाइन्थ्यो त्यसको समाधान भयो।

सारांश के भने त्यस भयानक सङ्कटका समयमा खन्दक़ (खाड्‌ल)को सुरक्षाका लागि हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) सित केवल सात सय मानिसहरू थिए। उहाँले खन्दक़ (खाड्‌ल) खन्नुभएथ्यो भन्ने कुरोमा केही सन्देह छैन। परन्तु त्यसोपरान्त त्यति ठूलो लश्करलाई खाड्‌लको पारीबाट रोक्नु त्यति थोरै मानिसहरूका लागि असम्भव नै थियो। परन्तु अल्लाह तआलाको सहायताको भरोसामा त्यो सानु लश्करले ईमान र विश्वासका साथ खन्दक पारी बसि शत्रुको सशस्त्र लश्करको प्रतीक्षा गर्नलाग्यो र महिलाहरू र बालकहरूलाई दुईवटा भिन्न-भिन्न ठाउँहरूमा एकत्रित गरियो। शत्रु जब खन्दक (खाड्‌ल) सम्म

आइपुग्यो तब अरबका लागि त्यो एउटा अनौठो कुरो भएकाले र तिनीहरू यसप्रकारको युद्धका लागि तयार नरहेकाले तिनीहरूले खन्दक़ (खड्ल) कै छैउछाउमा आफ्ना डेराहरू र तम्बुहरू लगाए र मदीनामा प्रवेश हुने उपाय सोच्नलागे।

## बनू क़ुरैज़ाको गद्दारी (विश्वासघात)

मदीनाको एउटा ठूलो भू-भाग खन्दक़ (खाड्ल) का कारण सुरक्षित थियो र दोस्रोतर्फ केही पहाडी टाकुराहरू र केही पक्की घरहरू र केही बग़ैचाहरू रहेकाले फौजले अकस्मात आक्रमण गर्न सकदैन्थ्यो। अतः तिनीहरूले सल्लाह परामर्श गरी बनू क़ुरैज़ा नामक यहूदीहरूको तेस्रो कबीला जुन हालसम्म मदीना मै बसोवास गर्थ्यो कुनै प्रकारले आफुसित मिलाउने योजना बनाए ता त्यसप्रकार मदीनाभित्र प्रवेश गर्ने बाटो खुलोस। अतः सल्लाह गरिसकेपछि हय्यी इब्ने अख़्तब नामक देश निकाला गरिएको बनू नज़ीर कबीलाको सरदार जसको कुटनीति र षडयन्त्रका कारण समस्त अरब एकत्रित भएर मदीनामाथि आक्रमण गर्न तयार थियो त्यसलाई कुफ्फारको फौजको कमाण्डर अबूसुफियानले जसरी भएतापनि बनू क़ुरैज़ालाई आफूसित सम्मिलित गर्नका लागि खटायो। अतः त्यो हय्यी बिन अखतब यहूदीहरूको दुर्गहरूतर्फ लाग्यो र त्यसले बनू क़ुरैज़ाका मुखियाहरूसित भेट गर्ने प्रयास गर्‍यो। पहिला त तिनीहरूले भेट्न अस्वीकार गरे परन्तु जब त्यसले तिनीहरूलाई यससमय समस्त अरब मुसलमानहरूलाई समाप्त गर्नका लागि उपस्थित भएको छ र यस बस्तीले समस्त अरबको मुकाबिला कुनै प्रकारले गर्न सक्ने छैन किनभने यससमय जुन लश्कर मुसलमानहरूका विरुद्ध खडा छ त्यसलाई लश्कर होइन अपितु धौ उम्लदै गरेको समुद्र हो भने हुन्छ

भनी सम्झाए र यी कुराहरूद्वारा अन्ततः त्यसले बनू क़ुरैजालाई विश्वासघात र सन्धि भङ्ग गर्न प्रति तयार पार्‍यो। त्यसपछि कुफ्फारको लश्करले सामुन्ने दिशाबाट खन्दक (खाड्ल) फाँद्ने प्रयास गरोस र जब तिनीहरू खन्दक (खाड्ल) फाँद्न सफल हुनेछन तब बनू क़ुरैज़ाले दोस्रोतर्फबाट मदीनाको त्यस भागमा आक्रमण गर्नेछन जहाँ, मुस्लिम महिलाहरू र बालकहरूलाई बनू क़ुरैज़ामाथि भरोसा गरी सुरक्षाको व्यवस्था बिना नै छाडिएको छ, यसप्रकार मुसलमानहरूको मुकाबिलाको शक्ति पूर्णरूपले कुल्चिइने छ र एकैपटकमा मुसलमान पुरुषहरू र महिलाहरू तथा बाल बालिकाहरू सबैलाई हत्या गरिदिइने छ भन्ने निर्णय भयो। यदि यस योजनामा कुफ्फारहरूलाई केही मात्रामा पनि सफलता मिलेको भए मुसलमानहरूका निम्ति सुरक्षाको कुनै ठाउँ शेष रहनेथिएन भन्नेकुरो निश्चित थियो। बनू क़ुरैज़ा मुसलमानहरूका समर्थक क़बीला थिए त्यसैले यदि तिनीहरू खुल्लम खुल्ला युद्धमा सहभागी नभए तापनि तिनीहरूका दिशाबाट कसैले मदीनामाथि आक्रमण गर्न सक्नैछैन भनी मुसलमानहरूले ठानेका थिए। त्यसकारण नै तिनीहरूतर्फको भू-भागलाई पूर्णतः असुरक्षित छाडिएको थियो। बनू क़ुरैज़ा र कुफ्फारले पनि यस परिस्थितिको जानकारी लिएर जब बनू क़ुरैज़ा कुफ्फारहरूसित सम्मिलित भए तब खुल्लमखुल्ला कुफ्फारको सहायता नगरून किनभने त्यसप्रकार मदीनाका मुसलमानहरूले त्यसतर्फको सुरक्षाका लागि केही व्यवस्था गर्ने छन भन्ने निर्णय गरेका थिए। तिनीहरूको त्यो योजना अत्यन्त भयानक थियो। मुसलमानहरूलाई धोकामा राखी यस्तो समयमा जब इस्लामी फौजमाथि कुफ्फारको फौजको भयानक आक्रमण हुन लागेको थियो बनू क़ुरैज़ाले शत्रुसित साँठगाँठ गर्नु अति चिन्तनीय थियो। मदीनाको त्यसतर्फको सुरक्षालाई जुनतर्फ बनू क़ुरैज़ाका दुर्गहरू थिए पूर्णतः असम्भव तुल्याएको थियो। दुई

तर्फबाट मुसलमानहरूमाथि आक्रमण गर्न सकिने सम्भावना उत्पन्न भएपछि मक्काको लश्करले खन्दक (खाड्ल) माथि आक्रमण आरम्भ गऱ्यो। पहिला केही दिनसम्म त तिनीहरूलाई खन्दक (खाडल) कसरी पार गर्ने हो भन्ने केही थाहा नै लागेन परन्तु दुई चार दिनपछि तिनीहरूका केही तीर चलाउनेहरूले उँच्च ठाउँमा उभिएर ख़न्दक़को सुरक्षाका लागि खन्दक (खाड्ल)को छेउछेउमा केही केही दूरीमा खटाइएका मुसलमानहरूमाथि तीर हान्न आरम्भ गरे। जब तीरको बौछाडका कारण मुसलमानहरू पछिहट्न बाध्य हुन्थे तब निपुण घोडसवारहरू खाडललाई फाँदने प्रयास गर्थे। यसप्रकारको निरन्तर आक्रमणबाट कुनै न कुनै यस्तो बाटो मिल्नेछ जहाँबाट सहजपूर्वक पैदलफौज अधिक संख्यामा खन्दक़ (खाडल) पार हुनेछ भन्ने धारणा लिइयो। त्यो आक्रमण कति निरन्तर थियो भने कुनै कुनैसमयमा त मुसलमानहरूलाई साँस लिने अवसर पनि मिल्दैनथ्यो। अतः एक दिन अत्यधिक आक्रमणका कारण मुसलमानहरूले केही नमाज़हरू समयमा अनुष्ठान गर्न सकेनन। यस घटनाको हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई अत्यन्त दुख लाग्यो र उहाँले ''खुदाले कुफ्फारलाई दण्डित गरून, इनीहरूले हाम्रा नमाज़ अनुष्ठित हुनदिएनन'' भन्नुभयो (बुखारी भाग 2, किताबुल ग़ाज़ी अध्याय गज़वतुल् खन्दक़)। यद्यपि मैले यो घटना शत्रुहरूको आक्रमणको तीव्रतालाई प्रकट गर्नका लागि वर्णन गरेको हो परन्तु यसबाट हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को आचरणप्रति एउटा स्पष्ट प्रकाश पर्छ र संसारमा उहाँका लागि सबैभन्दा प्रिय वस्तु खुदा तआलाको उपासना थियो भन्ने कुरो ज्ञात हुन्छ। किनभने शत्रुले चारै तर्फबाट मदीनालाई घेरेको थियो तथा मदीनाका पुरुषहरूको त कुरै छाडौं महिलाहरू र बाल-बालिकाहरूको ज्यान पनि खतरामा थियो। जब प्रत्येक क्षण शत्रु कुनै दिशाबाट

पनि मदीनाभित्र प्रवेश गर्नसक्छ भन्ने आशंकाले मदीनाका मानिसहरूको हृदय धड्कीरहेको थियो त्यस्तो अवस्थामा पनि हज़रत मुहम्मद (मुस्तफ़ा)को इच्छा खुदा तआलाको उपासना निश्चित समयमा उत्तमरूपमा हुनुपर्छ भन्ने थियो। मुसलमानहरूको उपासना यहूदीहरूको र ईसाईहरूको तथा हिन्दुहरूको जस्तो सप्ताहमा एकपटक हुदैन अपितु मुसलमानहरूको उपासना प्रत्येक दिन पाँचपटक हुनेगर्छ। यस्तो खतरापूर्ण समयमा त दिनमा एकपटक नमाज़ अनुष्ठान गर्नु पनि मानिसका लागि कठिन हुनजान्छ भनें पाँचपटक उत्तमपूर्वक सामुहिक रूपमा अनुष्ठान गर्नु कहाँ सम्भव हुनसक्छ! परन्तु ती भयानक दिनहरूमा पनि हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) यी पाँचैवटा नमाज़हरू आ-आफ्ना निश्चित समयमा अनुष्ठान गर्नुहुन्थ्यो। तथा यदि एकदिन शत्रुको घोर आक्रमणका कारण उहाँले आफ्ना प्रभुको स्मरण र स्तुति शान्तिपूर्वक र सन्तुष्टिपूर्वक आफ्नो समयमा गर्न नसकेकोमा उहाँ अत्यन्त चिन्तित हुनुभयो। त्यससमय सामुन्नेबाट शत्रुले आक्रमण गरिरहेथ्यो र पछिल्तिरबाट बनू कुरैज़ा कुनै अवसर पाएमा मुसलमानहरूलाई सन्देह नहुनेगरी मदीनाभित्र प्रवेश गरी महिलाहरूलाई र बालकहरूलाई हत्या गर्ने ताकमा थिए। अतः एकदिन बनू कुरैज़ाले ती महिलाहरू र बाल-बालिकाहरू एक्लै छन अथवा तिनीहरूको सुरक्षाका लागि निकै ठूलो संख्यामा सिपाहीहरू पनि नियुक्त छन भन्ने कुरो जान्नका लागि गुप्तचर पठाए। जुन विशेष घेराबन्दीभित्र ती विशेष परिवारका सदस्यहरू जसलाई शत्रुबाट अधिक खतरा थियो, एकत्रित गरिएको थियो त्यस स्थानको छेउमा आएर त्यस गुप्तचरले त्यहाँ कुनै सिपाहीहरू नियुक्त त छैनन भनी टोह लगाइरहेथ्यो त्यही अवस्थामा हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)की फुपु हज़रत सुफियाले त्यसलाई देखिन। त्यहाँ त्यससमय संयोगवस केवल एकजना मुसलमान

पुरुष उपस्थित थिए र ती पनि अस्वस्थ थिए। हज़रत सुफियाले तिनलाई भनीन, यो व्यक्ति निकै अघिदेखि महिलाहरूको क्षेत्रमा फिर्दै छ र यहाँबाट चारैतर्फ दृष्टि दोडाइरहेछ र कहीं जानेजस्तो देखिंदैन। यो अवश्य कुनै गुप्तचर हुनुपर्छ। तिमी यससित संघर्ष गर अन्यथा शत्रुले सम्पूर्ण स्थितिको जानकारी लिएर यहाँ आक्रमण गर्नसक्छ। ती अस्वस्थ (बीमार) सहाबीले संघर्ष गर्न अस्वीकार गरे तब हज़रत सुफियाले स्वयं एउटा ठूलो बाँस हातमा लिएर त्यस व्यक्तिको सामना गरिन। अन्य महिलाहरूले पनि सहयोग गरे र अन्ततः त्यसलाई मार्न सफल भईन। पछि खोज गर्नाले त्यो यहुदी व्यक्ति बनू क़ुरैज़ाको एउटा गुप्तचर थियो भन्ने कुरो प्रमाणित भयो। तब मुसलमानहरू अब मदीनाको यो दिशा पनि सुरक्षित छैनभन्ने कुरो बुझेर झन चिन्तित भए। परन्तु सामुन्नतर्फबाट शत्रुको घोर आक्रमण आरम्भ भएकाले तिनीहरू त्यसतर्फको सुरक्षाका लागि केही व्यवस्था गर्न पनि असमर्थ थिए। परन्तु त्यस स्थितिमा पनि हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले माथि उल्लेख गरे अनुसार महिलाहरूको सुरक्षालाई प्राथमिकता दिनुभयो। उहाँले 12 सय सिपाहीहरूमध्ये पाँच सयलाई महिलाहरूको सुरक्षाका लागि शहरमा नियुक्त गर्नुभयो। खन्दक (खाड्ल)को सुरक्षा र अठाह्र बीसहज़ार लश्करको सामना गर्नका लागि केवल सातसय सिपाही रहन गए। यस्तो अवस्थामा केही मुसलमानहरू आत्तिए तथा हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) का सेवामा उपस्थित भएर बिन्ती गरे, हे अल्लाहका रसूल! स्थिति अत्यन्त भयानक हुनपुगेको छ। अब मदीनाको सुरक्षाको कुनै आशा देखिंदैन। हज़ूर यससमय अल्लाह तआलाको चरणमा विशेष दुआ (प्रार्थना) गर्नुहोस र हामीलाई पनि कुनै यस्तो दुआ सिकाउनुहोस जसलाई पढ्नाले अल्लाह तआलाको कृपा हामीमाथि बर्सियोस। उहाँले तिनीहरूलाई चिन्तित नहोऊ अल्लाह तआलाले

तिमीहरूको दुर्बलताको निवारण गरुन र तिमीहरूको हृदयलाई सुदृढ तुल्याउन र भयलाई दूर गरुन भनी दुआ गर भनी सम्झाउनु भयो र स्वयंले पनि यो दुआ गर्नुभयो -

اَللّٰهُمَّ مُنزل الْكِتٰبِ سَرِيْع الْحِساب اهْزِمِ الْاَحْزَاب اَللّٰهُمَّ اهْزِمْهُمْ وانصرناعليهم وَزلزلهُمْ

يَاصَرِيْخَ الْمَكْرُوْبِيْنَ يَامُجِيْب الْمُضْطَرِّيْنَ اكْشِفْ هَمِّىْ وَغَمِّىْ وَ كِرْبِىْ فَاِنَّكَ تَرٰى مَانزل بِى وَ بَاَصْحَابِىْ[1]

अर्थात हे अल्लाह! जसले ममाथि पवित्र क़ुरआन उतारेका छन। जो अति शीघ्र आफ्ना भक्तहरूसित हिसाब लिन सक्छन। यो समूह जो एकत्रित भएर आएको छ, यसलाई असफल गर। हे अल्लाह! म पुनः विन्ती गर्छु तिमी तिनीहरूलाई असफल गर र हामीलाई तिनीहरू विरुद्ध विजयी गर। तथा तिनीहरूको इच्छा र आकांक्षालाई निष्फल तुल्याउ। हे दुखी र पीडितहरूको दुआ (प्रार्थना) सुन्ने र सङ्कटपूर्ण अवस्थामा पुकार्ने व्यक्तिहरूको पुकारको उत्तर दिने अल्लाह! मेरो वेदना र मेरो चिन्ता र मेरो मनको विचलनलाई दूर गर किनभने तिमी यी सबै सङ्कटहरूलाई जान्दछौ जुन ममाथि र मेरा मित्रहरूमाथि आइलागेका छन।

# मुनाफिक़ (ढोंगी)हरू र मोमिन (विश्वासी) हरूको अवस्थाबारे चर्चा

त्यस अवसरमा मुनाफिक़हरू त अत्यन्त भयभीत भए। जातिय समर्थन र आफ्नो शहर तथा आफ्ना महिलाहरू र बाल-बालिकाहरूको सुरक्षाको चिन्ता पनि तिनीहरूको मनबाट निस्कियो परन्तु तिनीहरू आफ्ना जातिका सामुन्ने अपमानित हुन

1. बुखारी किताबुल मग़ाज़ी, अध्याय गज़वाए खन्दक।

पनि चाँहदैनथै त्यसकारण तिनीहरूले केही निहुँ गरी लश्करबाट निस्किएर भाग्ने उपाय सोचे। अत: पवित्र कुरआनमा वर्णित छ

وَيَسۡتَاۡذِنُ فَرِيۡقٌ مِّنۡهُمُ النَّبِىَّ يَقُوۡلُوۡنَ اِنَّ بُيُوۡتَنَا عَوۡرَةٌ ۛؕ وَمَا هِىَ بِعَوۡرَةٍ ۛۚ اِنۡ
يُّرِيۡدُوۡنَ اِلَّا فِرَارًا ○[1]

अर्थात तिनीहरूमध्ये एउटा समूह अल्लाहका रसूल (सन्देशवाहक)का समक्ष आयो र तिनीहरूलाई युद्धभूमिबाट फर्किएर जाने अनुमति दिइयोस भनी अनुरोध गरे। तिनीहरूले भने, (अब यहूदीहरू पनि विरोधी भए त्यसकारण त्यस तर्फबाट पनि मदीनाको सुरक्षाको केही व्यवस्था छैन) तथा हाम्रा घर त्यस दिशातर्फबाट असुरक्षित छन (अत: हामीलाई घर गएर आ-आफना घरको सुरक्षा गर्ने अनुमति दिनुहोस) परन्तु हाम्रा घरहरू असुरक्षित रहेका छन भनी तिनीहरूको भनाई पूर्णत: गलत हो। ती असुरक्षित छैनन। (किनभने खुदा तआला मदीनाको सुरक्षाका लागि खडा छन) तिनीहरू त केवल भयका कारण रणभूमिबाट भाग्न चाहन्छन। त्यससमय मुसलमानहरूको जुन अवस्था थियो त्यसबारे पवित्र कुरआनमा यसप्रकार वर्णित छ-

اِذۡ جَآءُوۡكُمۡ مِّنۡ فَوۡقِكُمۡ وَمِنۡ اَسۡفَلَ مِنۡكُمۡ وَاِذۡ زَاغَتِ الۡاَبۡصَارُ وَبَلَغَتِ
الۡقُلُوۡبُ الۡحَنَاجِرَ وَتَظُنُّوۡنَ بِاللّٰهِ الظُّنُوۡنَا ○ هُنَالِكَ ابۡتُلِىَ الۡمُؤۡمِنُوۡنَ وَزُلۡزِلُوۡا
زِلۡزَالًا شَدِيۡدًا ○ وَاِذۡ يَقُوۡلُ الۡمُنٰفِقُوۡنَ وَالَّذِيۡنَ فِىۡ قُلُوۡبِهِمۡ مَّرَضٌ مَّا وَعَدَنَا
اللّٰهُ وَرَسُوۡلُهٗۤ اِلَّا غُرُوۡرًا ○ وَاِذۡ قَالَتۡ طَّآئِفَةٌ مِّنۡهُمۡ يٰۤاَهۡلَ يَثۡرِبَ لَا مُقَامَ لَكُمۡ
فَارۡجِعُوۡا ۚ[2]

अर्थात - स्मरण गर जब तिमीहरूमाथि लश्करले चढाई गर्‍यो। तिमीहरूका माथिल्लोतर्फबाट पनि र तल्लोतर्फबाट पनि। अर्थात तल्लोतर्फबाट कुफ्फारले र माथिल्लो तर्फबाट यहूदीहरूले। फलत: आँखाहरू खुल्लाका खुल्ला रहन लागे र ज्यान उफ्रिएर

1. सूर: अल् अहज़ाब : 14
2. सूर: अल् अहज़ाब : 11-14

घाँटीसम्म आउन लाग्यो र तिमीहरूमध्ये केही त खुदाका सम्बन्धमा आशंका गर्न लागे। त्यससमय मोमिनहरूको ईमान (आस्था)को परीक्षा लिइयो र मोमिनहरूलाई सिर देखि लिएर पाँवसम्म हल्लाइयो। यसैगरी स्मरण गर, जब मुनाफिक़ (ढोंगी) हरू र ती व्यक्तिहरू जसका हृदयमा रोग थियो तिनीहरूले के भन्नलागे भने, अल्लाह र उनका रसूल (सन्देशवाहक)ले हामीसित झूट्टो वाचा गरेका थिए र स्मरण गर, जब तिनीहरूमध्ये एउटा समूहले त मोमिनहरूसमक्ष गएर अब कुनै चौकी अथवा गढले तिमीहरूलाई बचाउन सक्नेछैन त्यसकारण तिमीहरू यहाँबाट भाग भनी भन्नलागेका थिए। तथा मोमिनहरूका सम्बन्धमा वर्णित छ-

وَلَمَّا رَاَ الْمُؤْمِنُوْنَ الْاَحْزَابَ۔ قَالُوْا هٰذَا مَا وَعَدَنَا اللّٰهُ وَرَسُوْلُهٗ وَصَدَقَ اللّٰهُ
وَرَسُوْلُهٗ۔ وَمَا زَادَهُمْ اِلَّآ اِيْمَانًا وَّتَسْلِيْمًا○ مِنَ الْمُؤْمِنِيْنَ رِجَالٌ صَدَقُوْا
مَا عَاهَدُوا اللّٰهَ عَلَيْهِ۔ فَمِنْهُمْ مَّنْ قَضٰى نَحْبَهٗ وَمِنْهُمْ مَّنْ يَّنْتَظِرُ۔ وَمَا بَدَّلُوْا
تَبْدِيْلًا○[1]

अर्थात मुनाफ़िक़हरू र काँचो ईमान रहेका व्यक्तिहरूका विपरीत मोमिनहरूको अवस्था कस्तो थियो भने जब तिनीहरूले शत्रुको सशस्त्र लश्करलाई देखे तब तिनीहरूले भने, यस लश्करका बारेमा त अल्लाह तआला र उनका रसूलले पहिला नै हामीलाई सूचित गरिसकेका थिए। यस लश्करको आक्रमण त अल्लाह र उनका रसूलको सत्यताको प्रमाण हो। अतः त्यस सशस्त्र लश्करले तिनीहरूको ईमानलाई हल्लाउन (विचलित पार्न) सकेन अपितु ईमान र आज्ञापालनमा मुसलमानहरू अझ अघि बढे। मोमिनहरूको अवस्था त कस्तो रहेको छ भने तिनीहरूले अल्लाहसित जुन वाचाबन्धन गरेका थिए त्यसलाई तिनीहरू पूर्णरूपमा पालन गरिरहेछन। अतः केही त यस्ता छन जसले आफ्नो ज्यान दिएर आफ्नो उद्देश्य प्राप्त गरे र केही यस्ता छन जसलाई ज्यान दिने

1. सूरः अल् अहज़ाब : 23-24

अवसर त प्राप्त भएको छैन परन्तु तिनीहरू प्रत्येक समय खुदाको मार्गमा तिनीहरूलाई ज्यान दिने अवसर मिलेमा ज्यान दिन तत्पर छन भनी प्रतीक्षामा छन र प्रारम्भ देखि नै तिनीहरूले खुदा तआलासित जुन वाचा बन्धन गरेका थिए त्यसलाई पालन गरिरहेछन।

## इस्लाममा मुर्दा लाशको सम्मान

खन्दक़ (खाड्ल)माथि आक्रमण गरिरहेको शत्रु बीच-बीचमा त्यसलाई फाँदन पनि सफल हुन्थ्यो। अतः एकदिन कुफ्फारका ठूला-ठूला जरनैलहरू खन्दक़ फाँद्न सफल भए परन्तु मुसलमानहरूले ज्यानतोड संघर्ष गरेकोले फर्केर जानुबाहेक तिनीहरूले अन्य कोही उपाय पाएनन। अत: खन्दक फाँददै गरेको अवस्थामा नोफल नामक कुफ्फारको एउटा ठूलो सरदार मारियो। त्यो ठूलो मुखिया रहेकोले त्यसको लाशको अपमान भएमा अरबमा हामीले मुख देखाउन सक्ने छैनौ भनी कुफ्फारहरूले ठाने र तिनीहरूले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को सेवामा यदि त्यो लाश फर्काइदिएमा तिनीहरूले दस हज़ार दरहम उहाँलाई दिन तयार छन भनी सन्देश पठाए। जसरी हामीले मुसलमानहरूका मुखिया अपितु स्वयं हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) का काकाको ओहदको युद्धमा नाक र कान काटिदिएका थियौं समन्भवत: त्यसरी नै आज मुसलमानहरूले हाम्रो यस सरदारको नाक कान काटेर हाम्रो जातिको अपमान गर्लान भन्ने तिनीहरूले ठानेका थिए। परन्तु इस्लामका आदेशहरू त पूर्णत: भिन्न रहेका छन। इस्लाम धर्ममा लाशको अपमान गर्ने अनुमति छैन। अत: जब कुफ्फारको सन्देश हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई प्राप्त भयो तब उहाँले भन्नुभयो, यस लाशलाई लिएर हामीले के

गर्ने। हामीलाई यसको के काम र किन यसको बदलामा हामीले कुनै मूल्य लिने? आफ्नो लाश खुशीले उठाएर लैजाऊ। हामीलाई यससित केही सरोकार छैन।

(सीरतुल हल्बिया भाग 1, पृष्ठ 345)

## संयुक्त सेनाहरूको मुसलमानहरूमाथि आक्रमण

त्यस अवसरमा जुन प्रकारको जोशका साथ कुफ्फारहरूले आक्रमण गरिरहेथे मेयोर (यूरोपेली लेखक)ले निम्नलिखित शब्दहरूमा त्यसको उल्लेख गरेको छ - ‘‘दोस्रो दिन मुहम्मद मुस्तफा (सल्लम)ले संयुक्त सेनाहरूलाई एकत्रित भई उहाँहरूमाथि आक्रमण गर्न तयार रहेको देख्नु भयो। तिनीहरूको आक्रमणलाई रोक्नका लागि अत्यन्त सावधान र प्रत्येक समय चौकस रहनु आवश्यक थियो। कहिल्यै तिनीहरू एकत्रित भई आक्रमण गर्थे र कहिल्यै भिन्न-भिन्न दलको रूपमा चौकीहरूमा आक्रमण गर्थे र जब कुनै चौकीलाई असावधान र अस्थिर देख्थे तब आफ्नो समस्त फौजलाई त्यस चौकीका निकट एकत्रित गर्थे र अत्यधिक संख्यामा तीर बर्साएर त्यसको पर्दामा रही खन्दक फाँद्ने प्रयास गर्थे। एक एक गरी खालिद र उमरू जस्ता विख्यात लीडरहरूको नेतृत्वमा फौजले शहरमा प्रवेश गर्नका लागि बहादुरीका साथ आक्रमण गर्‍थ्यो। एकपटक त स्वयं हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को तम्बु शत्रुको घेराउमा आयो परन्तु मुसलमानहरूको घोर प्रतिरोध र तीर वर्षणले आक्रमणकारीहरूलाई पछि धकेलीदियो। त्यो आक्रमण दिनभरी चल्यो। मुसलमानहरूको फौजले सबै एकत्रित भई कठिनपूर्वक खन्दकको सुरक्षा गर्न सक्ने हुनाले सुस्ताउनका लागि कोही अवसर मिलेन र रात पर्नगयो परन्तु रात्रि समयमा पनि खालिदको नेतृत्वमा फौजी दस्ताले

युद्ध जारी राख्यो र मुसलमानहरूलाई रात्रि समयमा पनि आफ्ना चौकीहरूको सुरक्षाप्रति वाध्य हुनुपऱ्यो। परन्तु शत्रुको त्यो सबै प्रयास व्यर्थ गयो र शत्रुको अधिकतर संख्याले कहिल्यै पनि खन्दक (खाड्ल) पार गर्नसकेन। (द लाइफ ऑफ मुहम्मद, लेखक - मेयोर पृष्ठ 32)

परन्तु त्यसोपरान्त युद्ध दुई दिनदेखि भइरहेथ्यो। सिपाहीहरूले एक आपसमा गुत्थमगुत्था हुने अवसर पाइरहेका थिएनन। त्यसकारण चौबीस घण्टाको युद्धमा संयुक्त सेनाका केवल तीनजना सिपाही मारिए र मुसलमानहरूका पाँचजना। उक्त आक्रमणमा औस कबीलाका मुखिया सअद बिन मआज़ (रज़ि.) र हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम.)का आज्ञाकारी र निष्ठावान सहाबी (सहचर) नराम्रो गरी घाइते भए। शत्रुको आक्रमणको परिणामस्वरूप खन्दक़को एउटा कुनो भत्कियो र त्यसतर्फबाट आक्रमण गर्न शत्रुका लागि सरल हुनगयो। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को पराक्रम र मुसलमानहरूप्रति उहाँको सहानुभूति कतिसम्म थियो भने उहाँ राति उठेर त्यस ठाउँमा जानुहुन्थ्यो र पहरा दिनुहुन्थ्यो। हज़रत आईशाको वर्णनानुसार उहाँ पहरा दिएर जब थकित हुनुहुन्थ्यो तथा जाडोले ठिठोरिनुहुन्थ्यो तब फर्किएर आउनुहुन्थ्यो र मसित केही समय रजाईमा सुस्ताउनु हुन्थ्यो तथा शरीर तात्नसाथै उठेर त्यही भत्किएको ठाउँमा पहरा दिन जानुहुन्थ्यो। यसप्रकार लगातार जाग्नाले उहाँ एकदिन निढाल हुनुभयो र रात्रिसमयमा भन्नुभयो, यससमय यदि कोही विश्वसनीय मुसलमान उपस्थित रहेमा म सुत्ने थिएँ। त्यहीबेला बाहिरबाट सअद बिन वक़ासले भित्र आउने अनुमति मागे। उहाँले किन आएका भनी सोध्नुभयो। उनले भने, म हज़ूरको पहरा दिन आएको हुँ भनी उत्तर दिए। उहाँले भन्नुभयो, मलाई पहराको आवश्यकता छैन तिमी फलाँ ठाउँमा जहाँ खन्दकको

कुनो भत्किएको छ त्यहाँ गएर पहरा देऊ। मुसलमानहरूको सुरक्षाका लागि यो आवश्यक छ। अतः सअद त्यस ठाउँमा पहरा दिनका लागि प्रस्थान गरे र उहाँ सुत्नु भयो। आश्चर्यको कुरो के हो भने जब उहाँ प्रारम्भमा मदीना पाल्नुभएको थियो र खतरा अत्यधिक बढेको थियो त्यस समयमा पनि सअद नै पहरा दिनका लागि अघिबढेर आएका थिए। त्यही अवसरमा उहाँले एकदिन केही मानिसहरूको शस्त्रको शब्द सुन्नुभयो र को हो भनी सोध्नुभयो तब अब्बास बिन बशीरले म हुँ भनी उत्तर दिए। उहाँले तिमीसित अरू कोही पनि छ भनी सोध्नुभयो। उनले सहाबाहरूको एउटा टोली छ जो हजूरको तम्बुको पहरा दिन आएको छ भनी उत्तर दिए। उहाँले भन्नुभयो, यससमय इस्लामका शत्रुहरू खन्दक़ फाँदने प्रयासमा छन त्यहाँ गएर तिनीहरूसित संघर्ष गर मेरो तम्बुलाई छाडिदेऊ।

## बनू क़ुरैज़ाको मुश्रिक (अनेकेश्वरवादी) हरूसित मिलेर आक्रमणको तयारी र त्यसमा असफलता

माथि वर्णन गरे अनुसार यहूदीहरूले लुक्दै छिप्दै मदीना भित्र प्रवेश गर्ने प्रयास गरे र त्यस प्रयासमा तिनीहरूको गुप्तचर मारियो। जब यहूदीहरूलाई तिनीहरूको षडयन्त्रको भन्डाफोड भयो भन्ने थाहालाग्यो तब तिनीहरूले अधिक साहसका साथ स्पष्टरूपमा इस्लामका शत्रुहरूको सहयोगगर्न आरम्भ गरे। मदीनाका पछि्लतिरबाट यद्यपि संयुक्त आक्रमण भने गरेनन किनभने त्यता मैदान सानु थियो र मुसलमाहनहरूको फौजको उपस्थितिमा त्यसतर्फबाट ठूलो आक्रमण सम्भव थिएन परन्तु केही दिनपछि दुबैपक्षले एउटा निश्चित समयमा यहूदीहरू र

अनेकेश्वरवादीहरूको लश्कर मिलेर यकायक मुसलमानहरूमाथि आक्रमण गर्ने निर्णय गरे। परन्तु त्यही बेला मुसलमानहरूको पक्षमा अल्लाहतआलाको एउटा अचम्भको समर्थन देखा पर्‍यो जसको व्याख्या यसप्रकार रहेको छ -

अतफान क़बीलाका नयीम नामक एकजना व्यक्ति मन मनै मुसलमान भएका थिए। तिनी पनि कुफ्फारहरूसित आएका थिए। परन्तु कुनै अवसर मिलेमा मुसलमानहरूको सहयोग गर्ने ताकमा तिनी थिए। एक्लो व्यक्ति के गर्न सक्छ र। परन्तु जब तिनले यहूदीहरूलाई पनि कुफ्फारसित मिलेको देखे र अब तिनले मुसलमानहरूको सुरक्षाको केही उपाय देखनन तब उक्त स्थितिबाट अत्यधिक प्रभावित भए र तिनले त्यस षडयन्त्रको निवारणका लागि मैले केही न केही त गर्नैपर्छ भन्ने ठाने र बनू कुरैज़ाका निकट गए र तिनीहरूका मुखियाहरूलाई भने, यदि अरबहरूको लश्कर भाग्यो भने भन मुसलमानहरूले तिमीहरूसित के गर्लान? तिमीहरूको मुसलमानहरूसित सन्धि भएको छ र सन्धि गरेर त्यसलाई तोड्ने जुन दण्ड तिमीहरूलाई मिल्नेछ त्यसको अनुमान लगाऊ। तब तिनीहरू केही डराए र अब के गर्ने त भनी भन्नलागे। नयीमले तिनीहरूलाई भने, जब अरबहरूले संयुक्त आक्रमणका लागि तिमीहरूसित इच्छा प्रकट गर्नेछन तब तिमीहरू तिनीहरूलाई आफ्ना सतरीजना मानिस हाम्रा क़िल्लाहरूको सुरक्षाका लागि पठाऊ तब हामी मदीनाका पछिलतिरबाट मुसलमानहरूमाथि आक्रमण गर्नेछौं भनी आफ्नो प्रस्ताव राख। त्यसपछि तिनी त्यहाँबाट उठेर मुश्रिक (अनेकेश्वरवादी) हरूका मुखियाहरूका निकट गए र तिनीहरूलाई भने, यी यहूदीहरू त मदीनाका निवासी हुन यदि ठीक युद्ध आरम्भ हुने समयमा तिनीहरूले धोखा दिएमा तिमीहरू के गर्ने छौ? यदि तिनीहरूले मुसलमानहरूलाई प्रसन्न गर्न र आफ्नो

अपराध माफ गराउनका लागि तिमीहरूसित तिमीहरूका केही मानिसहरू बन्धकको रूपमा मागी तिनीहरूलाई मुसलमानहरूको हातमा सुम्पिदिएमा तिमीहरू के गर्नेछौ? त्यसकारण तिनीहरू पक्का छन कि छैनन भन्ने कुरो जान्नका लागि तिनीहरूलाई जाँच र शीघ्र भन्दा शीघ्र आफूसित मिलेर आक्रमण गर्न तिनीहरूलाई डाक। कुफ्फारका मुखियाहरूले त्यस सल्लाहलाई उचित ठानी दोस्रै दिन यहूदीहरूलाई हामी संयुक्तरूपमा आक्रमण गर्न लागिरहेछौं त्यसकारण तिमीहरू पनि भोली नै आफ्ना फौजलाई लिएर आक्रमण गर भनी सन्देश पठाए। अबू क़ुरैज़ाले भने, पहिला त भोली हाम्रो सबत (साप्ताहिक उपासना)को दिन हो त्यसकारण त्यसदिन हामी युद्ध गर्न सक्दैनौं। दोस्रो कुरो के भने हामी मदीनाका निवासी हौं र तिमीहरू बाहिरका। यदि तिमीहरू युद्ध छाडेर हिड्यौ भने हाम्रो के दशा होला। त्यसकारण यदि तिमीहरूले सत्तरी जना मानिस बन्धकको रूपमा हामीलाई दिएमा मात्र हामी युद्धमा सहभागी हुनेछौं। कुफ्फारहरूको मनमा पहिलानै सन्देह उत्पन्न भइकेको थियो। आगो निभ्यो तिनीहरूले त्यस परम्परानुसार आफ्ना तम्बुहरू उठाए र पछि फर्किए ता पछि बसेर एक दिन प्रतीक्षा गरी पुनः लश्करमा समावेश हुन सकून। परन्तु पहिलो दिनको विवादका कारण कुफ्फारका मुखियाहरूको मनमा शंकाहरू उत्पन्न भइरहेका थिए तथा जुन क़बीलाहरू पछि हटेर गएका थिए तिनीहरूका छेउछाउका कबीलाहरूले सम्भवतः यहूदीहरूले मुसलमानहरूसित मिलेर रात्रि समयमा आक्रमण गरे होलान त्यसैले हाम्रा छेउछाउका क़बीलाहरू भागिरहेछन भनी ठाने। अतः तिनीहरूले पनि चाँडो चाँडो गरी आ आफ्ना डेराहरू बाँध्न आरम्भ गरे र मैदानबाट भाग्नलागे। अबू सुफियान आफ्नो डेरामा आरामपूर्वक सुस्ताइरहेको थियो त्यही अवस्थामा यो सूचना त्यसलाई पनि मिल्यो उ हडबडाएर आफ्नो बाँधेर

राखेको ऊँटमाथि सवार भयो र त्यसलाई चाबुक लगायो। त्यसका मित्रहरूले त्यसलाई यो के मूर्खता हो भनी सचेत गरे। त्यसपछि त्यसको ऊँटका डोरीहरू खोलिए र उ पनि आफ्ना मित्रहरू समेत मैदानबाट भाग्यो। रातको तेस्रो पहरमा त्यो मैदान जसमा प्राय बीस पच्चीस हज़ार कुफ्फारका सिपाहीहरू डेरा लगाएर बसेका थिए एउटा सुनसान जंगलझैं बन्नपुग्यो। त्यही अवसरमा हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई अल्लाह तआलाले ईशवाणीद्वारा तिमीहरूका शत्रुलाई हामीले भगाइदियौं भनी सूचित गरे। उहाँले वास्तविक कुरो के हो भनी जान्नका लागि कुनै व्यक्तिलाई पठाउनका लागि आफ्ना निकटका सहाबाहरूलाई बोलाउनु भयो। जाडोको समय थियो र मुसलमानहरूसित पर्याप्त कपडाहरू पनि थिएनन। जाडोले गर्दा जिब्रो पनि जम्नलागेको थियो। केही सहाबाहरूको भनाई अनुसार तिनीहरूले हज़रत मुहम्द मुस्तफ़ा (सल्लम)को पुकार सुने र उहाँको पुकारप्रति उत्तर दिन चाहन्थे परन्तु तिनिहरू बोल्नै सकेनन। केवल एकजना सहाबी हुज़ैफाले हे अल्लाहका रसूल (सन्देशवाहक)! के काम छ भनी सोधे। उहाँले भन्नुभयो, तिमी होइन मलाई कोही अर्कै मानिस चाहिएको छ भनी भन्नुभयो। पुनः उहाँले कोही छ भनी पुकार्नु भयो परन्तु अति जाडोले गर्दा जो जागेका थिए तिनीहरूले पनि उत्तर दिन सकेनन तब हुज़ैफाले नै हे अल्लाहका रसूल म उपस्थित छु भनी उत्तर दिए। अन्ततः उहाँले हुज़ैफालाई नै अल्लाह तआलाले मलाई तिमीहरूको शत्रुलाई हामीले भगाइदियौं भनी सूचित गरेका छन त्यसकारण त्यहाँ गएर हेर शत्रुको के खबर छ भनी उनलाई पठाउनु भयो। हुज़ैफ़ा खाड्लको छेउमा गए र त्यहाँ मैदान पूर्णतः शत्रुका सिपाहीहरूबाट रिक्त रहेको देखे। उनी फर्किएर आए अनि अल्लाह र रसूलको शपथ खाएर शत्रु मैदान छाडेर भाग्यो भनी सूचित गरे। प्रात भएपछि मुसलमानहरू पनि आ आफ्ना खेमा

(तम्बु)हरू खोलेर आफ्ना घरतर्फ फर्कन लागे। (सीरतुल हलबिया भाग 2, पृष्ठ 354)

# बनू क़ुरैजालाई तिनीहरूको गद्दारी (विद्रोह)को दण्ड

बीस दिनपछि मुसलमानहरूले शान्तिको साँस लिए। परन्तु अब बनू क़ुरैज़ाको मामिलाको छलफल हुन बाँकी थियो। तिनीहरूको गद्दारी (द्रोह) क्षमायोग्य थिएन। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले फर्किएर आउन साथ आफ्ना सहाबाहरूलाई आफ्ना घरमा आराम नगर अपितु बेलुका हुनुभन्दा पहिला पहिला नै बनू क़ुरैज़ाका क़िल्लाहरूसम्म पुग भनी आदेश दिनुभयो। यसैप्रकार उहाँले हज़रत अली (रज़ि.)लाई बनू क़ुरैज़ाका निकट पठाउनु भयो र तिनीहरूले सन्धिविरुद्ध गद्दारी (द्रोह) किन गरे भनी तिनीहरूलाई सोध्ने आदेश दिनुभयो। बनू क़ुरैज़ाले लज्जित हुनु अथवा क्षमा माग्नु र पछुताउनु त परै जाओस तिनीहरूले हज़रत अली र उनका साथीहरूलाई अनाप सनाप बक्न आरम्भ गरे र हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) का परिवारका महिलाहरूलाई गाली दिनलागे। साथै मुहम्मद को हो हामी जान्दैनौं हाम्रो उनीसित कुनै सन्धि भएको छैन भनी भन्नलागे। हज़रत अली तिनीहरूको त्यो जवाफ लिएर फर्किए। त्यहीबेला हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) आफ्ना सहाबाहरूसित यहूदीहरूका क़िल्लातर्फ (दुर्गतर्फ) जान लाग्नुभएको थियो। यहूदीहरू नराम्रा गालीहरू दिइरहेका थिए तथा हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का पत्नीहरू र पुत्रीहरूका बारेमा पनि अपशब्दहरू प्रयोग गरिरहेको थिए। त्यसकारण ती शब्दहरू सुनेर

उहाँलाई अति कष्ट पुग्ला भन्ने ठानी हज़रत अलीले बिन्ती गरे, हे अल्लाहका सन्देशवाहक! हज़ूर किन कष्ट गर्नुहुन्छ। हामी नै यस लडाँइका लागि पर्याप्त रहेको छौं। हज़ूर फर्किएर जानुहोस। हज़रत मुहम्मद मुस्तफा (सल्लम)ले भन्नुभयो, म राम्ररी बुझदछु, तिनीहरू गाली दिइरहेछन र मेरा कानमा तिनीहरूका गाली नपरून भन्ने तिमीहरू ठान्छौ। हज़रत अलीले भने, हे अल्लाहका रसूल! यही नै कुरो हो। उहाँले भन्नुभयो, यदि तिनीहरूले गाली दिन्छन भने के भयो त मूसा नबी त तिनीहरूकै थिए तापनि तिनीहरूले उनलाई योभन्दा अधिक कष्ट दिएका थिए। यही भन्दै उहाँ यहूदीहरूका क़िल्लातर्फ लाग्नुभयो। परन्तु यहूदीहरू ढोका बन्द गरी क़िल्लाबन्द हुनगए। तथा मुसलमानहरूसित लडाँई आरम्भ गरे र तिनीहरूका महिलाहरू समेत लडाँईमा सम्मिलित भए। अतः क़िल्ला (दुर्ग)को दीवालमनि केही मुसलमानहरू बसेका थिए माथिबाट ढुंगो फँयाकेर एउटी यहुदी महिलाले एकजना मुसलमानलाई मारी। परन्तु केही दिनको घेराउ पछि यहूदीहरूले तिनीहरूले लामो संघर्ष गर्न सक्ने छैनन भन्ने अनुभव गरे। तब तिनीहरूका मुखियाहरूले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) सित अबू लबाबा अन्सारी जो तिनीहरूका मित्र र औस क़बीलाका मुखिया थिए तिनीहरूसमक्ष पठाइयोस ता तिनीसित सल्लाह परामर्श गर्न सकियोस भन्ने इच्छा प्रकट गरे। उहाँले अबूलबाबालाई पठाउनु भयो। तिनीसित यहूदीहरूले के मुहम्मद रसूलुल्लाह (सल्लम)को निर्णय मेरो हातमा दिएर तिमीहरू हतियार फ्याँक भन्ने माँग उचित हो? के हामी यो कुरो मानौं? भनी परामर्श मागे। तब अबू लबाबाले मुखले त ठीक छ भनी उत्तर दिए परन्तु आफ्नो गर्दनमा यसप्रकार हातले स्पर्श गरे जसरी हत्याको संकेत गरिन्छ। त्यससमयसम्म हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले आफ्नो कुनै निर्णय प्रकट गर्नु

भएको थिएन परन्तु अबू लबाबाले आफ्नो मनमा तिनीहरूको त्यस अपराधको दण्ड हत्या बाहेक अरू के हुनसक्ला र भन्ने ठानी केही सोचे बिना नै संकेतको रूपमा तिनीहरूलाई त्यो कुरो सुनाए जुन अन्ततः तिनीहरूको सर्वनाशको कारण बन्यो। अतः यहूदी (बनू कुरैज़ा)हरूले भने, यदि हामीले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को निर्णय मानेका भए अन्य यहूदी क़बीलाहरू झैं हामीलाई अधिक भन्दा अधिक मदीनाबाट निष्कासित को दण्ड मिल्ने थियो। परन्तु तिनीहरूको दुर्भाग्य के थियो भने तिनीहरूले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को निर्णय मान्नबाट अस्वीकार गरे। अपितु तिनीहरूले आफ्ना मित्र कबीला औसका मुखिया सअद बिन मआज़ (रज़ि.)को निर्णय मान्ने इच्छा प्रकट गरे। परन्तु त्यससमय यहूदीहरूमा मतभेद हुनगयो। तिनीहरूमध्ये केहीले हाम्रो जातिले विद्रोह गऱ्यो र मुसलमानहरूको व्यवहार बाट तिनीहरूको धर्म साँच्चो हो भन्ने प्रमाणित हुन्छ भन्ने विचार प्रकट गरे र तिनीहरूले आफ्नो धर्म त्यागेर इस्लाममा प्रवेश गरे। त्यस जातिको एउटा मुखिया उमरु बिन सअदीले आफ्नो जातिलाई कोस्‌दै तिमीहरूले गद्दारी (विद्रोह) गरेका हुनाले र मुसलमानहरूसित भएको सन्धिभङ्ग गरेकाले अब या त तिमीहरू मुसलमान बन अथवा जिज़या (धर्मकर) तिर्न तयार होऊ भनी तिनीहरूलाई भन्यो। यहूदीहरूले हामी न मुसलमान बन्नेछौं न त जिज़या (धर्मकर) नै तिर्नेछौं बरु मारिनु नै त्यो भन्दा उत्तम हुनेछ भनी उत्तर दिए। तब उसले तिनीहरूलाई म तिमीहरूबाट अलग्ग हुन्छु भनी क़िल्लाबाट निस्किएर बाहिरतर्फ लाग्यो। जब उ क़िल्लाबाट निस्किएर बाहिर गइरहेको थियो उसलाई मुसलमानहरूको एउटा दस्ता जसका सरदार मुहम्मद बिन मुस्लैमा थिए, देख्यो र उसलाई तिमी को हौ भनी सोध्यो। उसले म फलानो हुँ भनी उत्तर दियो तब मुहम्मद बिन मुस्लैमाले

اَللّٰهُمَّ لَا تَحْرِمنی اقالۃ عرات الکرام[1]

अर्थात तिमी सुरक्षित जाउ भनी अल्लाह तआलाका चरणमा दुआ गरे, हे अल्लाह, मलाई भलाद्मीहरूको त्रुटिप्रति माफगर्ने पुण्यकार्यबाट वञ्चित नगर। अर्थात यो व्यक्ति आफ्नो कर्म र आफ्नो जातिको कर्मप्रति पछुताएको हुनाले त्यसलाई माफ गर्नु हाम्रो कर्तव्य बन्छ। त्यसकारण मैले यसलाई गिरफ्तार गरिन र सुरक्षित जान दिएँ। खुदा तआलाले सदा मलाई यसैप्रकारका पुण्यकर्म गर्ने सौभाग्य प्रदान गर्नेगरुन। जब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई उक्त घटनाको सूचना मिल्यो तब उहाँले मुहम्मद बिन मुस्लैमालाई किन त्यस यहूदीलाई छाडिदेउ भनी हप्काउनु भएन अपितु उनको त्यस कार्यको सराहणा गर्नुभयो।

# बनू क़ुरैज़ाले नियुक्त गरेका आफ्ना निर्णायक सअद बिन मआज़को निर्णय तौरात (यहूदीहरूको धर्मग्रन्थ) अनुसार थियो

उपरोक्त घटनाहरू व्यक्तिगत थिए। जातिय रूपमा बनू क़ुरैज़ा आफ्नो हठधर्ममा कायम रहे। तिनीहरूले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई निर्णायकको रूपमा अस्वीकार गरी सअदलाई निर्णायक बनाउने हठ गरे। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले पनि तिनीहरूको माँगलाई मानेर युद्धमा घायल भएका सअदलाई बनू क़ुरैजाले तिम्रो निर्णय मान्ने भएका छन त्यसकारण आएर निर्णय देउ भनी सूचित गर्नुभयो उक्त प्रस्तावको घोषणा हुनासाध

1. सीरतुल हल्बिया, भाग 2, पृष्ठ 363, प्रकाशन मिस्र, 1935 ई.।

बनू कुरैज़ाका लामो समयदेखि मित्र र समर्थक रहेका औस कबीलाका मानिसहरू सअदका निकट दगुर्दै पुगे। तिनीहरूले सअदलाई ख़ज़रज कबीलाले आफ्ना समर्थक यहूदीहरूलाई संधै दण्डबाट बचाउँदै आएका छन त्यसकारण आज तिमीले पनि आफ्ना समर्थक क़बीलाको पक्षमा निर्णय दिनु भनी विशेष निवेदन गरे।

सअद (रज़ि.) घाइते रहेकाले सवारीमा बनू कुरैज़ातर्फ प्रस्थान गरे। उनका जातिका मानिसहरू उनका दायाँबायाँ दगुर्दै अघिबढिरहेका थिए र साथै बनू कुरैज़ाका विरुद्ध निर्णय नदिन अनुरोध पनि गर्दैजान्थे। परन्तु सअदले केवल जसको जिम्मा निर्णय दिने दायित्व लगाइएको छ त्यो व्यक्ति विश्वसनीय हुनुपर्छ र त्यसले न्यायसंगत निर्णय गर्नु आवश्यक छ र म न्यायसंगत र ईमानपूर्वक निर्णय गर्नेछु भनी उत्तर दिए। जब सअद यहूदीहरूको क़िल्लाका निकट पुगे त्यहाँ एकातर्फ बनू कुरैज़ा क़िल्लाको दिवालमा उभिएर सअदको प्रतीक्षा गरिरहेका थिए र अर्कोतर्फ मुसलमानहरू बसेका थिए। तब सअदले पहिला आफ्नो जातिलाई मैले जुन निर्णय दिनेछु के तिमीहरूले स्वीकार गर्ने वचन दिन्छौ भनी प्रश्न गरे। तिनीहरूले हो गर्नेछौं भनी उत्तर दिए। पुनः सअदले बनू कुरैज़ालाई सम्बोधन गरी जुन निर्णय मैले गर्नेछु तिमीहरूलाई स्वीकार्य हुनेछ भनी के तिमीहरू वचन दिन्छौ भन्ने प्रश्न गरे। तिनीहरूले पनि हो दिन्छौं भनी उत्तर दिए। पुनः लज्जापूर्ण दृष्टिले दोस्रोतर्फ हेर्दै दृष्टि झुकाएर त्यसतर्फ संकेत गरे जुनतर्फ हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) बस्नुभएको थियो र त्यसतर्फ बसेका मानिसहरू पनि यो वचन दिन्छन भनी वाचा गरे। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) ले हो दिन्छौं भनी उत्तर दिनुभयो। त्यसपछि सअदले बाईबलको आदेशानुसार निर्णय सुनाए। (सीरतुल हलबिया भाग 2, पृष्ठ 365-366)

बाईबलमा लेखेको छ - 'तथा जब तिमी कुनै शहरका निकट त्यसका विरुद्ध लड्नका लागि पुग्छौ तब पहिला त्यसलाई सन्धिको सन्देश देऊ। तब के हुनेछ भने यदि सन्धि स्वीकार छ भनी तिम्रानिम्ति त्यसले ढोका खोलिदिएमा त्यहाँ बसोवास गर्ने सबै प्राणीले तिमीलाई खराज (कर) दिनु पर्नेछ। र तिम्रो सेवा गर्नेछन। तथा यदि त्यसले तिमीसित सन्धि नगरेमा र तिमीसित युद्ध गरेमा त्यसको घेराउ गर र जब खुदावन्द तिम्रा खुदाले त्यसलाई तिम्रो कब्जामा दिनेछन तब त्यहाँका प्रत्येक पुरुषलाई तरवारको धारले हत्या गर। परन्तु महिलाहरू र बालकहरू तथा गाईवस्तुहरू र त्यस शहरमा रहेका सबै वस्तुहरूलाई लूटको रूपमा आफ्नालागि प्राप्त गर र खुदावन्द तिम्रा खुदाले तिमीलाई प्रदान गरेको तिम्रो शत्रुको त्यस लूटलाई खाऊ। यसैप्रकार तिमी ती सबै शहरहरूप्रति जुन तिमीबाट धेरै टाढा रहेका छन र ती जातिहरूका शहरहरूमध्येका रहेका छैनन जसमाथि तिम्रो अधिकार छैन त्यही व्यवहार गर। परन्तु ती जातिहरूका शहरहरूमा जसलाई खुदावन्द तिम्रा खुदाले तिम्रो अधिकारमा दिनेछन कुनै यस्तो वस्तुलाई जसले सांस लिन्छ जीवित नछाड। अपितु तिमी तिनीहरूको सर्वनाश गर। हित्ता र अमोरी तथा किन्आनी र फरज़्ज़ी र जव्वी तथा वेओसीलाई जस्तै खुदावन्द तिम्रा खुदाले तिमीलाई आदेश दिएका छन। किनभने तिनीहरूले आफ्ना सम्पूर्ण अपकर्महरू अनुसार जुन तिनीहरूले आफ्ना उपास्यहरूसित गरे तिमीहरूलाई पनि गर्न नसिकाऊन फलत: तिमीहरू खुदावन्द आफ्ना खुदाका दोषी बन्न पुग''

(व्यवस्था अध्याय 20 आयत 10-18)

बाईबलको उक्त निर्णयानुसार यदि यहूदीहरू विजयी रहेका भए र हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) पराजित हुनुभएको रहेमा पहिला त सबै मुसलमानहरूको हत्या गरिने थियो। पुरुषहरू

र महिलाहरू तथा बाल-बालिकाहरू सबै। तथा यहूदीहरूको यही नै चाहना थियो भन्ने कुरो इतिहासबाट स्पष्ट हुन्छ। अर्थात तिनीहरू सबै पुरुषहरू, महिलाहरू र बालकहरूलाई वध गरियोस भन्ने चाहन्थे। परन्तु यदि तिनीहरूले यिनीहरू (मुसलमानहरू)सित अधिक भन्दा अधिक रियायत गर्थे भनेतापनि बाईबलको उपरोक्त व्यवस्थाको 20 अध्यायमा उल्लेखित निर्णयानुसार तिनीहरूले यिनीहरूसित सुदूर देशका निवासीहरूसरह व्यवहार गर्नेथिए र समस्त पुरुषहरूको हत्या गर्नेथिए र महिलाहरू र बालकहरू तथा धन माल भने लुट्ने थिए। सअद जो बनू क़ुरैज़ाका मित्र कबीला र तिनीहरूका समर्थक थिए जब तिनले यहूदीहरूले इस्लामी धर्मशास्त्रनुसार हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को निर्णय मान्न अस्वीकार गरेको देखे वस्तुत त्यसले तिनीहरूको ज्यान बचाउने थियो। तब उनले त्यही बाईबलको निर्णय यहूदीहरूको पक्षमा गरे जुन मूसा अलैहिस्सलामले इस्तसनामा पहिलाबाट नै यस्तो स्थितिको लागि छाडेको थियो। उक्त निर्णयको उत्तरादायित्व हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) अथवा मुसलमानहरूमाथि थिएन अपितु मूसा (अलै.) माथि र तौरातमाथि तथा यहूदीहरूमाथि थियो जसले अन्य जातिहरूसित हज़ारौं वर्षसम्म त्यो व्यवहार गरेको थियो। तथा तिनीहरूलाई हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को दयाका लागि बोलाइयो तर तिनीहरूले अस्वीकार गरे र हामी मुहम्मदको कुरो मान्नेछैनौं अपितु हामी सअदको कुरो मान्नेछौं भनी उत्तर दिए। जब सअद (रज़ि.) ले मूसाको निणायानुसार आफ्नो निर्णय दिए तब आज ईसाइहरू मुहम्मद रसूलुल्लाह (सल्लम)ले अत्याचार गरे भनी हल्ला मचाउँछन। के ईसाई लेखकहरू हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले कुनै अन्य अवसरमा किन अत्याचार गर्नुभएन, सयकड़ौंपटक शत्रुले स्वयंलाई हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को दयामाथि सुम्पिदियो र प्रत्येकपटक

उहाँले तिनीहरूलाई क्षमा गरिदिनुभयो भन्ने कुरो देखेनन। त्यो पहिलो अवसर थियो जब शत्रुले स्वयं हामी मुहम्मद (सल्लम)को निर्णयलाई मान्दैनौं अपितु फलां अर्को व्यक्तिको निर्णयलाई मान्नेछौं भनी ढिपी गऱ्यो। त्यस व्यक्ति (सअद)ले पहिला हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)बाट मैले जुन निर्णय गर्नेछु त्यो उहाँलाई स्वीकार छ भनी वचन लियो। त्यसपछि उसले निर्णय दियो। उसले आफ्नो होइन अपितु त्यस मूसाको निर्णयलाई दोहोऱ्यायो जसका अनुयायी रहेको दावी यहूदीहरूको थियो। अतः यदि कसैले अत्याचार गऱ्यो भने ती यहूदीहरू नै थिए जसले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को निर्णय मान्न अस्वीकार गरी स्वयं आफ्नो ज्यानमाथि अत्याचार गरे। यदि कसैले अत्याचार गऱ्यो भने मूसाले अत्याचार गरे जसले घेराउमा रहेका शत्रुका सम्बन्धमा तौरातमा खुदाको आदेश पाएर यही शिक्षा दिएका थिए। यदि यो अत्याचार नै थियो भने ती ईसाई लेखकहरूले मूसालाई अत्याचारी ठहऱ्याउनु उचित थियो अपितु मूसाको त्यस खुदालाई अत्याचारी ठहऱ्याउनु पऱ्थ्यो जसले तौरातमा त्यो शिक्षा दियो।

अहज़ाबको युद्ध समाप्त भएपछि हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) ले भन्नुभयो, आजबाट मुश्रिक (अनेकेश्वरवादी)हरूले हामीमाथि आक्रमण गर्नेछैनन। अब इस्लामले स्वयं जवाफ दिनेछ। ती जातिहरूमाथि अब हामी आक्रमण गर्नेछौं जसले हामीमाथि आक्रमण गरे। (बुखारी किताबुल मग़ाज़ी, बाब गज़्बतुल खन्दक़) अतः त्यही नै हुनगयो। अहज़ाबको युद्धमा कुफ्फारको हानि नै के भयो र? केही मानिसहरू मारिए। तिनीहरू दोस्रोवर्ष पुनः तयारी गरी बीस हज़ारको ठाउँमा चालीस पचास हज़ारको लश्कर लिएर फर्कन सक्थे। अपितु तिनीहरूले अझ अधिक व्यवस्था गर्ने प्रयास गर्थे भने लाख डेढलाखको लश्कर ल्याउनु पनि तिनीहरूका लागि कठिन थिएन। परन्तु एक्काइस वर्षको निरन्तर प्रयास पछि

खुदा मुहम्मद सल्लल्लाहो अलैहि वसल्लमका पक्षमा रहेका छन र तिनीहरूका मूर्तिहरू झूट्टा हुन भन्ने कुरो कुफ्फारको मनले अनुभव गरिसकेको थियो। संसारका स्रष्टा एकमात्र खुदा हुन भन्ने अनुभव गरिसकेको थियो। त्यसकारण तिनीहरूको शरीर स्वस्थ र सुरक्षित देखिए तापनि तिनीहरूको मन मरिसकेको थियो। यद्यपि तिनीहरू आफ्ना मूर्तिहरूका सामुन्ने दण्डवत गर्थे परन्तु तिनीहरूको हृदयमा ला इलाहा इल्लल्लाहको ध्वनि उठिरहेको थियो।

## मुसलमानहरूको विजय अभियानको थालनी

अहज़ाबको युद्ध समाप्त भएपश्चात हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले भन्नुभयो, आजबाट कुफ्फारले हामीमाथि आक्रमण गर्नेछैनन। अर्थात मुसलमानहरूको परीक्षा आफ्नो अन्तिम चरणमा पुगिसकेको छ अब यिनीहरूको विजयको युग आरम्भ हुनलागेको छ। त्यस समयसम्म जतिपनि युद्धहरू भएका थिए ती सबै कुन प्रकारका थिए भने या त कुफ्फारहरू मदीनामाथि आक्रमण गर्न आएका थिए अथवा तिनीहरूको आक्रमणको तयारीलाई रोक्नका लागि मुसलमानहरू मदीनाबाट बाहिर निस्किएर आएका थिए। परन्तु काहिल्यै पनि मुसलमानहरूले स्वयं युद्ध जारी राख्ने प्रयास गरेनन। युद्धको नियमानुसार त जब एउटा युद्ध आरम्भ हुन्छ त्यसको समाप्ति केवल दुईप्रकारले हुनसक्छ - या त सन्धि हुनजान्छ अथवा एउटा पक्षले अर्को लाई अस्त्र-शस्त्र सुम्पिदिन्छ। परन्तु त्यस समयसम्म कुनै एउटा अवसर पनि यस्तो आएन जसमा सन्धि भएको अथवा कुनै पक्षले हथियार सुम्पिएको होस। अतः यद्यपि अतीतको नियमानुसार युद्धहरूमा अन्तराल पड्न जान्थ्यो परन्तु जहाँसम्म युद्ध जारी रहने प्रश्न थियो त्यो त लगातार जारी थियो र त्यो समाप्त

भएको थिएन। त्यसकारण जब चाहन्थे शत्रुमाथि आक्रमण गरी तिनीहरूलाई शस्त्र त्यागन्प्रति बाध्य तुल्याउनु मुसलमानहरूको अधिकार थियो। परन्तु मुसलमानहरूले त्यसो गरेनन। अपितु जब जब युद्ध स्थगित हुन्थ्यो मुसलमानहरू पनि चुप्प लाग्थे। सम्भवतः कुफ्फारहरूले बीचमा सन्धि गर्ने इच्छा प्रकट गर्लान र युद्धको समाप्ति होला कि भनेर होला। परन्तु जब लामो समयसम्म कुफ्फारका तर्फबाट सन्धिको प्रस्ताव आएन तथा न त तिनीहरूले मुसलमानहरूका सामुन्ने अस्त्र-शस्त्र नै सुम्पिए अपितु आफ्नो विरोध र जोशमा तिनीहरू झन अघिबढ्दै गए। त्यसकारण अब युद्धको स्पष्ट निर्णय गर्ने समय आएको थियो र त्यो के भने या त दुवैपक्षमा सन्धि होस या दुवैमध्ये एउटा पक्षले हतियार सुम्पियोस ता देशमा शान्तिको स्थापना हुनसकोस। अतः हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले अहज़ाबको युद्धपछि या त हाम्रो र कुफ्फारहरूको बीचमा सन्धि हुनेछ या हामीहरूमध्ये कुनै एउटा पक्षले हतियार सुम्पिनेछ र यी दुईवटा निर्णयहरूमध्ये एउटा निर्णय हामी गरेर छाड्नेछौं भन्ने अठोट लिनुभयो। हतियार सुम्पिने स्थितिमा त कुफ्फारले नै हतियार सुम्पिनु पर्ने कुरो त स्पष्ट थियो किनभने इस्लामको विजयका सम्बन्धमा त खुदा तआलाका तर्फबाट सूचना प्राप्त भइसकेको थियो र मक्कामा रहँदै हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले इस्लामको विजय हुने घोषणा गरिसक्नु भएको थियो। जहाँसम्म सन्धिको सम्बन्ध छ, सन्धिको प्रस्ताव या त विजयी पक्षका तर्फबाट आउनसक्छ या पराजित पक्षका तर्फबाट। पराजित पक्षले जब सन्धिको निवेदन गर्छ तब त्यसको अर्थ के हुन्छ भने उसले देशको केही अंश अथवा आफ्नो आयको केही भाग स्थायी रूपमा अथवा अस्थायी रूपमा विजयी पक्षलाई दिनेछ अथवा केही अन्य स्थितिमा उसले लगाएका हदबन्दीहरूलाई स्वीकार्नेछ। विजयी पक्षका तर्फबाट

जब सन्धिको प्रस्ताव प्रस्तुत गरिन्छ तब त्यसको अर्थ के हुन्छ भने यदि तिमीहरूले केही शर्तहरूका साथ हाम्रो आदेश र हाम्रो प्रभुत्वलाई स्वीकार गरेमा हामी तिमीहरूलाई पूर्णतः नाश गर्ने छैनौं अपितु हामी तिमीहरूको स्वाधीनता अथवा आर्थिक स्वाधीनतालाई कायम रहनदिनेछौं। मक्काका कुफ्फारहरू र हजरत मुहम्मद मुस्तफ़ा (सल्लम) का बीचमा जुन संघर्ष थियो त्यसमा बारम्बार कुफ्फारहरूलाई नै एकप्रकार पराजय मिल्यो किनभने तिनीहरूका आक्रमणहरू असफल रहे जसमा प्रतिरक्षाको सामर्थ्य शेष रहँदैन वस्तुतः त्यही नै प्रकृत पराजय हो। आक्रमण असफल हुनुलाई वास्तविक पराजय भन्न सकिन्न। किनभने आक्रमणकारीको आक्रमण असफल रहेतापनि पुनः आक्रमण गरेर त्यसले आफ्नो उद्देश्य प्राप्त गर्नेछ। अतः युद्धनीति अनुसार मक्कावासीहरू पराजित भएका थिएनन। तिनीहरूको स्थिति केवल कस्तो थियो भने तिनीहरूले हालसम्म ती घातक कार्रवाइहरूद्वारा पूर्ण सफलता भने प्राप्त गर्नसकेका थिएनन। यसका विपरीत मुसलमानहरूको युद्धको स्थिति अनुसार यद्यपि तिनीहरूको प्रतिरक्षा शक्ति टुटेको थिएन तर पराजित मानिने योग्य थिए किनभने पहिला त तिनीहरू अत्यन्त कम संख्यामा थिए। दोस्रो तिनीहरूले त्यस समयसम्म कुनै घातक कार्रवाई गरेका थिएनन। अर्थात कुनै यस्तो आक्रमण आफ्ना तर्फबाट आरम्भ गरेका थिएनन जसबाट तिनीहरू अब कुफ्फारको प्रभावबाट स्वतन्त्र भएका छन भन्न सकियोस। यस्तो अवस्थामा मुसलमानहरूका तर्फबाट सन्धिको प्रस्ताव प्रस्तुत गर्नुको केवल के अर्थ हुन सक्थ्यो भने अब तिनीहरू प्रतिरक्षाबाट दिक्क भएका छन र केही दिएर भयतापनि स्वयंलाई तिनीहरूबाट छुटाउन चाहन्छन। यस्तो अवस्थामा यदि मुसलमानहरूले सन्धिको प्रस्ताव राखेका भएमा त्यसको परिणाम अत्यन्त भयानक हुने थियो र त्यो कार्य तिनीहरूको अस्तित्वलाई मेटाउनु बराबर

हुनेथियो भन्नेकुरो प्रत्येक बुद्धिमान व्यक्तिले बुझ्नसक्छ। आफ्नो जघन्य कार्यवाईहरूमा असफल भएकाले अरबका कुफ्फारहरूमा जुन हतोत्साह उत्पन्न भएको थियो त्यस सन्धिको प्रस्तुतिबाट तत्काल त्यो एउटा नयाँ उत्साह र नयाँ अपेक्षाहरूमा परिवर्तन हुनेथियो। र मुसलमानहरू मदीनालाई ध्वस्त हुनबाट बचाउन सफल भएतापनि अन्तिम सफलता प्राप्तिबाट वञ्चित हुनगए भन्ने बुझिनेथियो। त्यसकारण सन्धिको प्रस्ताव मुसलमानहरूका तर्फबाट कुनै हालतमा पनि प्रस्तुत गर्न सकिदैनथ्यो। यदि कोही सान्धिको प्रस्ताव राख्न सक्थ्यो भने या त मक्कावासीहरूले राख्न सक्नेथिए अथवा कोही तेस्रो मध्यस्थकर्ता जातिले राख्न सक्नेथियो। परन्तु अरबमा कोही मध्यस्थकर्ता जाति शेषरहेको थिएन किनभने एकातर्फ मदीना थियो भने दोस्रोतर्फ सम्पूर्ण अरब थियो। अतः व्यवहारिक रूपमा कुफ्फार नै थिए जसले उक्त प्रस्ताव राख्न सक्थे। परन्तु तिनीहरूका तर्फबाट सन्धिको कुनै प्रस्ताव आएको थिएन। यस्तो स्थिति यदि सौ वर्षसम्म जारी रहेतापनि युद्धको नियमानुसार अरबको गृहयुद्ध चलिनै रहनेथियो। अतः किनभने मक्काका निवासीहरूका तर्फबाट सन्धिको प्रस्ताव राखिएको थिएन र मदीनाका कुफ्फारहरू अरबको वर्चस्व मान्न कुनै प्रकारले तयार थिएनन त्यसकारण अब केवल एउटा मार्ग शेष थियो र त्यो के भने जब मदीनाले अरबको संयुक्त आक्रमणलाई असफल तुल्यायो तब स्वयं मदीनाका मानिसहरू बाहिर निस्किएर अरबका कुफ्फारहरूलाई या त तिनीहरूले यिनीहरूको प्रभुत्व स्वीकार गरून अन्यथा यिनीहरूसित सन्धि गरून भनी वाध्य तुल्याउन। अतः यही मार्ग हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) ले अपनाउनु भएको थियो। यद्यपि यो मार्ग युद्धको देखिएतापनि वस्तुतः सन्धि स्थापनाका लागि यसबाहेक कोही मार्ग बचेको थिएन। यदि हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले त्यसो नगर्नु भएको रहेमा

सम्भवतः युद्ध सय वर्षसम्म चल्नेथियो किनभने यस्तै स्थितिमा अतीत कालमा युद्धहरू सय सय वर्षसम्म जारी रहे। स्वयं अरबका कतिपय युद्धहरू तीस तीस, चालीस चालीस वर्षसम्म चल्दै आएका थिए। युद्ध समाप्तिका लागि कोही उपाय अवलम्भन नगर्नु नै यी युद्धहरू लम्बिनुको कारण देखिन्छ। मैले वर्णन गरेनुसार युद्ध समाप्तिका केवल दुईवटा उपायहरू रहेका छन। या त यस्तो युद्ध गरियोस जसमा स्पष्ट परिणाम हात लागोस र दुई पक्षमध्ये कुनै एउटा पक्ष हतियार सुम्पिन वाध्य होस या दुवै पक्षमा परस्पर सन्धि होस। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले निस्सन्देह स्वयं आक्रमण नगरी मदीनामै बसिरहन पनि सक्नुहुन्थ्यो परन्तु अरबका कुफ्फारहरूले जब युद्ध आरम्भ गरिसकेका थिए उहाँले चुप्प लागेर मदीनामा बसिरहनुको अर्थ कदापि युद्धको समाप्ति हुन सक्दैनथ्यो अपितु त्यसको अर्थ युद्धको ढोका खुल्ला राखिएको बुझिने थियो। अरबका कुफ्फारहरूले जहिले चाहन्थे अन्य कुनै कारण बिना नै मदीनामाथि आक्रमण गर्ने थिए र त्यससमयको चलनानुसार तिनीहरू हकमा रहेको बुझिने थियो किनभने युद्धमा अन्तराल आउनाले युद्ध समाम्त भयो भन्नेकुरो त्यसयुगमा बुझिदैनथ्यो अपितु अन्तराललाई पनि युद्ध नै मानिन्थ्यो। के एउटा साँच्चो धर्मका लागि युद्ध गर्नु उचित हुन्छ र भन्ने प्रश्न केही मानिसहरूको मनमा उठ्न सक्छ।

## यहूदी धर्म र ईसाई धर्मको युद्ध सम्बन्धी शिक्षा

यस स्थानमा उपरोक्त प्रश्नको उत्तर दिनु म आवश्यक ठान्छु। जहाँसम्म धर्महरूको प्रश्न छ भिन्न भिन्न धर्महरूका युद्धका बारेमा भिन्न-भिन्न शिक्षाहरू रहेका छन। युद्धका बारेमा मूसा अलैहिस्सलामको शिक्षा मैले पहिला नै वर्णन गरिसकेको

छु। तौरातको शिक्षानुसार मूसा अलैहिस्सलामलाई जबरदस्ति किनआनमा प्रवेश गरी त्यहाँका मानिसहरूलाई पराजित गरी त्यस क्षेत्रमा आफ्नो जातिलाई बसाउने आदेश दिइयो (इस्तसना अध्याय 20 आयत 10-18) परन्तु मूसा (अलै.)ले यही शिक्षा दिएतापनि र योशअ तथा दाऊद र अन्य नबीहरूले यही शिक्षाको निरन्तर पालना गरे तापनि यहूदीहरू र ईसाईहरू तिनीहरूलाई खुदाका नबी र तौरातलाई खुदाको किताब मान्छन। मूसाद्वारा स्थापित व्यवस्थाको अन्तमा हज़रत मसीह अलैहिस्सलाम प्रकट भए। युद्धका बारेमा उनको शिक्षा अत्याचारीविरुद्ध संघर्ष नगर अपितु जसले तिम्रो दाहिने गलोमा थप्पड हान्छ अर्को गालो पनि त्यसतर्फ फर्काईदेउ भन्ने रहेको छ। (मती अध्याय5, आयत 39) यसैलाई आधार बनाएर ईसाई जातिले मसीहले युद्ध गर्नबाट मानिसहरूलाई मनाही गरेको छ भनी दावी गर्छन। परन्तु इन्जीलमा उक्त शिक्षाविरुद्ध अन्य शिक्षाहरू पनि पाइन्छन। जस्तै इन्जीलमा वर्णित छ - ''म धरतीमा सन्धि गराउन आएको हुँ भन्ने नठान, सन्धि गराउन होइन अपितु तरवार चलाउन आएको हूँ।'' (मती अध्याय 10, आयत 34) यसैगरी पुनः वर्णित छ - ''उनले तिनीहरूलाई भने, तर अब जससित पर्स (थैली) छ (त्यसले) राखोस र त्यसैगरी झोला पनि तथा जससित तरवार छैन त्यसले आफ्ना लुगाफाटा बेचेर तरवार किनोस।'' (लूका अ. 22, आयत 36) यी पछिल्ला दुईवटा शिक्षाहरू पहिलो शिक्षाका पूर्णतः विपरीत रहेका छन। यदि मसीह युद्ध गराउन आएका थिए भने एउटा गालोमा थप्पड खाएर दोस्रो गालो फर्काउनुको के अर्थ थियो। अतः या त यी दुवैप्रकारका शिक्षाहरू परस्पर विपरीत रहेका छन अथवा यी दुवैप्रकारका शिक्षाहरूमध्ये कुनै एउटा शिक्षाको बाहिरी अर्थलाई कुनै भावार्थमा परिवर्तन गर्नुपर्ने हुन्छ। एउटा गालोमा थप्पड खाएर अर्को गालो अघि बढाउने शिक्षा

पालन गर्ने योग्य छ कि छैन भन्ने तर्कमा म जानचाहन्न। यस स्थानमा म के भन्न चाहन्छु भने पहिला त ईसाईहरूले आफ्नो समस्त इतिहासमा कहीं पनि युद्धबाट दूर रहेको देखिंदैन। जब आरम्भमा रोमामाथि ईसाईहरूको प्रभुत्व स्थापित भएको थियो त्यस समयमा पनि तिनीहरूले अन्य जातिहरूसित युद्ध गरे। ती युद्धहरू केवल प्रतिरक्षात्मक थिएनन अपितु आक्रमणमा आधारित पनि थिए। तथा यस समय जब ईसाईहरूले संसारमाथि अधिकार जमाएका छन आज पनि युद्ध गर्छन। केवल प्रतिरक्षात्मक होइन अपितु आक्रात्मक पनि। फरक केवल के रहेको छ भने युद्ध गर्ने हरूमध्ये जुन पक्षको जीत हुन्छ त्यसका बारेमा त्यो त क्रिचियन सभ्यतानुसार चल्थ्यो भनिन्छ। क्रिचियन सभ्यता आजको समयमा केवल विजयी र सफल हुनेहरूको प्रथाको नाम हो। उक्त शब्दको अब कुनै वास्तविक अर्थ शेषरहेको छैन। जब दुईवटा जातिहरू परस्पर आपसमा लड्छन तब प्रत्येक जातिले क्रिचियन सभ्यतालाई आफुले समर्थन गरिरहेको दावी गर्छ र जब कुनै जातिको जीत हुन्छ तब विजयी जातिको प्रचलन नै क्रिचियन सभ्यता रहेको छ भनिन्छ। परन्तु जे भएतापनि मसीहको युग देखि लिएर आजसम्म ईसाईहरूले युद्ध गर्दै आइरहेका छन। तथा युद्ध गर्दै जानेछन भन्ने अनुमान पनि लगाउन सकिन्छ। अतः जहाँसम्म मसीही संसारको निर्णयबारे प्रश्न छ ‘‘तिमीहरू आफ्ना कपडा लत्ता बेचेर तरवार किन’’ तथा ‘‘म सन्धि गराउन होइन अपितु तरवार चलाउन आएको हुँ’’ भन्ने नै वास्तविक कानून हो। तथा तिमी एउटा गालोमा थप्पड खाएर अर्को पनि अघिबढाउ’’ भन्ने कानून चाँहि या त प्रारम्भिक ईसाई संसारको निर्बलताका समयमा स्थिति अनुकूल अपनाइएको थियो होइन भने ईसाईहरूको परस्पर व्यवहारसम्म मात्र यो कानून सीमित रहेको छ। साम्राज्यहरू र जातिहरूमाथि यो कानून लागू हुदैन। दोस्रो यदि मसीह (अलै)

को वास्तविक शिक्षा युद्धको थिएन अपितु सन्धिको थियो भनी मानिलिए तापनि उक्त शिक्षाबाट जो व्यक्ति उक्त शिक्षाविरुद्ध चल्छ त्यो व्यक्ति खुदाको निर्वाचित हुनसक्दैन भन्ने परिणाम निस्कदैन किनभने ईसाईहरू आजसम्म मूसा र यूशअ तथा दाऊदलाई खुदाका निर्वाचित मान्छन। अपितु स्वयं ईसाई युगका केही राष्ट्रीय नायकहरू जसले आफ्नो जातिका लागि आफ्नो जनधनलाई खतरामा पारेर शत्रुहरूसित संघर्ष गरेका छन भिन्न-भिन्न समयका पोपहरू (धर्मगुरुहरू)को निर्णयानुसार आज सेन्ट (संत) कहलाउँछन।

# युद्धसम्बन्धी इस्लामको शिक्षा

इस्लामले ती दुवै धर्मका शिक्षाहरूको बीचको शिक्षा दिन्छ। अर्थात यसले न त मूसाले झैं आक्रामक रूपमा कुनै देशमा प्रवेश गर र त्यहाँका वासिन्दाहरूलाई तरवारले काटेर फ्याँक भन्ने शिक्षा दिन्छ न यस समयका बिग्रिएका ईसाईहरूले झैं खुल्लम-खुल्ला रूपमा ''यदि कसैले तिम्रो एउटा गालोमा थप्पड हानेमा तिमी आफ्नो अक्रो गालो त्यसतर्फ फेरिदेउ'' परन्तु आफ्ना मित्रहरूका कानमा भने विस्तारै तिमी आफ्ना कपडाहरू बेचेर भएतापनि तरवार किन भनी भन्नचाहन्छ अपितु इस्लामले त्यो शिक्षा प्रस्तुत गर्छ जुन मानवीय प्रकृति अनुरूप रहेको छ र जुन शान्ति तथा सन्धिको स्थापनाका लागि एकमात्र साधन हुनसक्छ। त्यो शिक्षा के हो भने तिमी कसैमाथि आक्रमण नगर परन्तु यदि कुनै व्यक्तिले तिमीमाथि आक्रमण गरेमा र त्यसको प्रतिरोध नगर्नाले अशान्ति र उपद्रव बढ्नजान्छ र त्यसले गर्दा सत्य र शान्ति मिट्छ भने त्यसको आक्रमणको जवाफ दिनु आवश्यक छ। यही नै त्यो शिक्षा हो जसबाट संसारमा शान्ति र सन्धि

स्थापित हुनसक्छ। यही शिक्षाको पालना हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले गर्नुभयो। उहाँले मक्कामा निरन्तर कष्ट र पीडा सहनुभयो। परन्तु उहाँले युद्धको थालनि गर्नुभएन परन्तु जब वहाँ मक्काबाट हिजरत गरी मदीना जानुभयो र शत्रुले उहाँसम्म पनि उहाँको पीछा गऱ्यो तब खुदा तआलाले उहाँलाई शत्रुले आक्रामक रूप धारण गरेको हुनाले र इस्लामलाई मेटाउन चाहेको हुनाले सत्यलाई बचाउनका लागि शत्रुसित संघर्ष गर्ने अनुमति दिए। पवित्र कुरआनमा भिन्न-भिन्न आदेशहरू जुन यससम्बन्धमा वर्णित छन निम्नानुसार रहेका छन-

أُذِنَ لِلَّذِيْنَ يُقٰتَلُوْنَ بِاَنَّهُمْ ظُلِمُوْا ۔ وَاِنَّ اللّٰهَ عَلٰى نَصْرِهِمْ لَقَدِيْرُ ۨ○ الَّذِيْنَ اُخْرِجُوْا مِنْ دِيَارِهِمْ بِغَيْرِ حَقٍّ اِلَّآ اَنْ يَّقُوْلُوْا رَبُّنَا اللّٰهُ ۔ وَلَوْلَا دَفْعُ اللّٰهِ النَّاسَ بَعْضَهُمْ بِبَعْضٍ لَّهُدِّمَتْ صَوَامِعُ وَبِيَعٌ وَّصَلَوٰتٌ وَّمَسٰجِدُ يُذْكَرُ فِيْهَا اسْمُ اللّٰهِ كَثِيْرًا ۔ وَلَيَنْصُرَنَّ اللّٰهُ مَنْ يَّنْصُرُهٗ ۔ اِنَّ اللّٰهَ لَقَوِيٌّ عَزِيْزٌ○ اَلَّذِيْنَ اِنْ مَّكَّنّٰهُمْ فِى الْاَرْضِ اَقَامُوا الصَّلٰوةَ وَاٰتَوُا الزَّكٰوةَ وَاَمَرُوْا بِالْمَعْرُوْفِ وَنَهَوْا عَنِ الْمُنْكَرِ ۔ وَلِلّٰهِ عَاقِبَةُ الْاُمُوْرِ○[1]

अर्थात ती (मुसलमानहरू) माथि अत्याचार गरिएको हुनाले र ती मुसलमानहरूलाई जससित शत्रुले युद्ध जारी राखेको छ आज युद्ध गर्ने अनुमति दिइन्छ तथा अल्लाह अवश्य तिनीहरूको सहयोगप्रति सामर्थ्यवान रहेका छन। ती मुसलमानहरूलाई युद्ध गर्ने अनुमति दिइन्छ जसलाई तिनीहरूको घरबाट कुनै अपराध बिना नै निस्कासित गरियो। तिनीहरूको केवल के अपराध थियो भने (यदि त्यो कुनै अपराध हो भने) तिनीहरूले अल्लाह नै हाम्रा प्रतिपालक हुन भन्थे। तथा अल्लाह तआलाले केही अत्याचारीहरूलाई यदि अन्य केही न्यायप्रिय मानिसहरूद्वारा अत्याचारबाट रोक्ने नगरेमा गिर्जाहरू र मठहरू तथा उपासना गृहहरू र मस्जिदहरू जहाँ अत्यधिक अल्लाह तआलाको नाम

1. सूर: अल्-हज्ज : 40-42

जप्ने गरिन्छ अत्याचारीहरूको हातबाट ध्वस्त हुनेथिए (अतः संसारमा धर्मको स्वाधीनता कायम राख्नका लागि अल्लाह तआलाले उत्पीडितहरूलाई र यस्ता जातिहरूलाई जसका विरुद्ध शत्रुले पहिला देखि नै युद्धको घोषणा गरिसकेको छ, युद्ध गर्ने अनुमति दिन्छन)। तथा निश्चितरूपमा अल्लाह तआलाले तिनीहरूको सहयोग गर्छन जसले खुदा तआलाको धर्मको सहयोग गर्नका लागि कमर कस्छन। अल्लाह तआला निश्चय नै अत्यन्त शक्तिशाली र सर्वविजयी रहेका छन। अल्लाह तआलाले अवश्य तिनीहरूको सहायता गर्छन जसले यदि संसारमा शक्ति प्राप्त गरेमा खुदा तआलाको उपासनाको संगठन गर्नेछन र दरिद्रहरूको हेरचाह गर्नेछन तथा संसारलाई पुण्य र उच्च आचरणको शिक्षा दिनेछन र नराम्रा कुराहरूबाट मनाही गर्नेछन। अनि प्रत्येक विवादको परिणाम त त्यही नै हुनेछ जो खुदाले चाहन्छन। मुसलमानहरूलाई युद्धको अनुमति दिनका लागि अवतीर्ण भएका उपरोक्त कुरआनका आयतहरूमा के भनिएको छ भने, इस्लामी शिक्षानुसार युद्धको अनुमति केवल त्यस स्थितिमा मिल्छ जब कुनै जातिले लामो समयसम्म कुनै अर्को जातिको अत्यचार र उत्पीडन सहन गरिरहन्छ र अत्याचारी पक्षले त्यसविरुद्ध बिनाकारण युद्धको घोषणा गर्छ तथा त्यसको धर्ममा हस्तक्षेप गर्छ। दोस्रोतर्फ जब यस्तो पीडित जातिलाई शक्ति र शासन प्राप्त हुन्छ तब त्यसले धार्मिक स्वाधीनता दिनु अनिवार्य हुनेछ र खुदा तआलाले त्यसलाई विजय प्रदान गरेको खण्डमा त्यसले सबै धर्महरूको सुरक्षा गर्नेछ र उनका पवित्र स्थानहरूको सम्मान र आदरलाई ध्यानमा राख्नेछ र त्यस जीतलाई आफ्नो शक्ति र दबदबा प्रदर्शन गर्ने साधन बनाउने छैन अपितु दुखी दरिद्रहरूको रेखदेख, देशको व्यवस्थाको सुधार र दंगा र उपद्रवको निवारणमा आफ्नो शक्ति प्रयोग गर्नेछ भन्ने कुरोलाई सदा ध्यानमा राख्नु

अनिवार्य हुनेछ। यो कति संक्षिप्त र सर्वाङ्ग सम्पूर्ण शिक्षा रहेको छ। यसमा मुसलमानहरूलाई युद्ध गर्ने अनुमति किन दिइएको छ र कुन स्थितिमा तिनीहरूले युद्ध गरेमा त्यो वाध्यतावश गरिएको युद्ध मानिनेछ भन्ने कुराको उल्लेख छ। अन्यथा पहिला आक्रमण गर्ने अनुमति इस्लाममा छैन। यसैप्रकार कसरी प्रारम्भमा पनि मुसलमानहरू नै विजयी हुनेछन भनी घोषणा गरिएको थियो। परन्तु तिनीहरूले आफ्नो विजयप्राप्तिका दिनहरूमा आफ्ना खल्तीहरू भर्नुको ठाउँमा र आफ्नो व्यवस्था सुधार्नुको ठाउँमा दुखी दरिद्रहरूको हेरचाह र शान्तिको स्थापना तथा अशान्तिको निवारण र जनता तथा देशको प्रगति गर्ने प्रयासलाई आफ्नो उद्देश्य बनाउने छन भन्ने कुरो तिनीहरूलाई स्मरण गराइको थियो। यसैप्रकार पुनः वर्णन छ -

وَقَاتِلُوْا فِيْ سَبِيْلِ اللّٰهِ الَّذِيْنَ يُقَاتِلُوْنَكُمْ وَلَا تَعْتَدُوْا ۗ اِنَّ اللّٰهَ لَا يُحِبُّ
الْمُعْتَدِيْنَ ○ وَاقْتُلُوْهُمْ حَيْثُ ثَقِفْتُمُوْهُمْ وَاَخْرِجُوْهُمْ مِّنْ حَيْثُ اَخْرَجُوْكُمْ
وَالْفِتْنَةُ اَشَدُّ مِنَ الْقَتْلِ ۚ وَلَا تُقٰتِلُوْهُمْ عِنْدَ الْمَسْجِدِ الْحَرَامِ حَتّٰى يُقٰتِلُوْكُمْ
فِيْهِ ۚ فَاِنْ قٰتَلُوْكُمْ فَاقْتُلُوْهُمْ ۗ كَذٰلِكَ جَزَآءُ الْكٰفِرِيْنَ ○ فَاِنِ انْتَهَوْا فَاِنَّ اللّٰهَ
غَفُوْرٌ رَّحِيْمٌ ○ وَقٰتِلُوْهُمْ حَتّٰى لَا تَكُوْنَ فِتْنَةٌ وَّيَكُوْنَ الدِّيْنُ لِلّٰهِ ۚ فَاِنِ انْتَهَوْا فَلَا
عُدْوَانَ اِلَّا عَلَى الظّٰلِمِيْنَ ○[1]

अर्थात ती मानिसहरू जो तिमीहरूसित युद्ध गरिरहेछन तिमीहरू पनि केवल अल्लाहका निम्ति जसमा तिमीहरूको आफ्नो मनको क्रोध र मनको स्वार्थ मिश्रित नहोस युद्ध गर। तथा युद्धमा पनि कुनै अत्याचारपूर्ण व्यवहार गर्नेछैनौं भन्ने कुरोलाई स्मरण राख किनभने खुदा तआलाले अत्याचारीहरूलाई कदाचित मन पऱ्याउँदैनन। जहाँ कहीं पनि युद्धान्तर्गत तिमीहरूको र तिनीहरूको आमना सामना हुन्छ त्यहाँ तिनीहरूसित युद्ध गर। परन्तु एक्का दुक्का भेट्न आउनेहरू माथि आक्रमण नगर। तथा

1. सूरः अल् बक़रः : 191-194

वस्तुत: तिनीहरूले तिमीहरूलाई युद्धका निम्ति निस्कन वाध्य गरेका हुन त्यसकारण तिमीहरू पनि तिनीहरूलाई युद्धको चेलेञ्ज देऊ। तथा हत्या र युद्ध भन्दा पनि धर्मका कारण कसैलाई दु:ख र सङ्कटमा पार्नु अधिक ठूलो पाप हो भन्ने कुरो स्मरण राख। अत: तिमीहरू यस्तो कार्य नगर किनभने यो अधर्मीहरूको कार्य हो। अत: तिमीहरू मस्जिदे हराम (मक्काको पवित्र मस्जिद) का निकट तबसम्म तिनीहरूसित युद्ध नगर जबसम्म तिनीहरूले त्यहा युद्धको थालनी गर्दैनन किनभने यसबाट हज र उम्राको मार्गमा बाधा पुग्नजान्छ। यदि तिनीहरूले स्वयं यस्तो युद्धको थालनी गरेमा तिमीहरू अवश्य वाध्य छौ र तिमीहरूलाई प्रत्याक्रमणको अनुमति छ। जसले तर्क र न्यायका आदेशहरूको अस्वीकार गर्छन तिनीहरूसित यस्तै व्यवहार गर्नुपर्ने हुन्छ। परन्तु यदि तिनीहरूको चेतना जागेमा र त्यस कार्यबाट पछि हटेमा अल्लाह तआला अत्यन्त क्षमाशील र दयालु रहेका छन। त्यसकारण यस्तो स्थितिमा तिमीहरूले पनि आफ्नो हात रोक्नु आवश्यक छ। अत: तिनीहरूले आक्रमणको थालनी गरेका हुन भन्ने ठानी तिमीहरू प्रत्याक्रमण नगर। वस्तुत: तिनीहरूले युद्धको थालनी गरिसकेका छन त्यसकारण तिमीहरू पनि त्यस समयसम्म युद्ध जारीराख जबसम्म तिनीहरूले धर्ममा हस्तक्षेप गर्ने कार्य त्यागदैनन। र धर्मको मामिला केवल अल्लाह तआलासित सम्बन्धित छ यसप्रति जबरदस्ति गर्नु कुनै मानिसका लागि उचित छैन भन्ने कुरोलाई स्वीकार्दैनन। यदि तिनीहरूले यो मार्ग अपनाएमा र धर्ममा हस्तक्षेप गर्नबाट बचेमा तत्काल युद्ध स्थगित गर किनभने दण्ड केवल अत्याचारीहरूलाई दिइन्छ। अत: यदि तिनीहरू यसप्रकारको अत्याचारबाट पछिहट्छन भने तिनीहरूसित युद्ध गर्नु उचित हुनेछैन। उपरोक्त आयतहरूमा प्रथमत: के वर्णन गरिएको छ भन्ने युद्ध केवल अल्लाह तआलाका निम्ति हुनुपर्छ।

अर्थात व्यक्तिगत लालच र प्रलोभन, देशमाथि विजयी हुने इच्छा अथवा आफ्नो प्रभाव बढाउने चाहनान्तर्गत युद्ध गर्नुहुदैन। द्वितीय, युद्ध केवल त्यसका विरुद्ध उचित हुनेछ जसले पहिला आक्रमण गर्छ। तृतीय, तिमीहरूलाई केवले तिनीहरूसित युद्ध गर्ने अनुमति छ जसले तिमीहरूसित युद्ध गर्छन अर्थात जो व्यक्तिहरू नियमित सिपाहीको रूपमा लड्दैनन र युद्धमा व्यवहारिकरूपमा सम्मिलित छैनन तिनीहरूलाई मार्नु अथवा तिनीहरूसित लड्नु उचित छैन। चतुर्थ, युद्धको थालनी शत्रुले गरेतापनि युद्धलाई त्यहींसम्म सीमित राख्नु पर्नेछ जहाँसम्म शत्रुले सीमित राखेको छ। त्यसलाई विस्त्रित गर्ने प्रयास गर्नु उचित हुनेछैन न क्षेत्रफलको रूपमा न त युद्धका साधनहरूको रूपमा। पञ्चम, युद्ध केवल जंगी फौजविरुद्ध हुनुपर्छ। शत्रुपक्षका एक्का-दुक्का मानिसहरूसित संघर्ष गर्नु उचित हुनेछैन। छैठौं - युद्धमा धार्मिक उपासना र धार्मिक कार्यहरू गर्नमा कुनै वाधा उत्पन्न नहोस भन्ने कुराको ध्यान राख्नु आवश्यक छ। यदि शत्रुले कुनै यस्तो स्थानमा युद्धको थालनी नगरेमा जहाँ युद्ध गर्नाले उसको धार्मिक उपासनामा वाधा पुग्छ त्यहाँ मुसलमानहरूले पनि युद्ध गर्नु उचित हुनेछैन। सप्तम - यदि शत्रुले स्वयं धार्मिक उपासना गृहलाई लडाईको माध्यम बनाएमा वाध्यता बन्नजाछ अन्यथा तिमीहरूले त्यसो गर्नु उचित हुनेछैन। उक्त आयतमा उपासना गृहहरूमाथि आक्रमण गर्नु अथवा तिनीहरूको तोडफोड गर्नु र मिलियामेट पार्नु त परै जाओस उपासना गृहहरूका छेउछाउमा पनि युद्ध हुनुहुदैन भन्ने कुरोतर्फ सङ्केत गरिएको छ। यदि शत्रुले स्वयं उपासना गृहलाई युद्धको क़िल्ला (मोर्चा) बनाएको खण्डमा भने त्यसको हानिको जिम्मेवार स्वयं दुश्मन नै हुनेछ। उक्त हानिको जिम्मेवारी मुसलमानहरूमाथि आउनेछैन। आठौं - शत्रुले यदि धार्मिक स्थालहरूमा युद्धको थालनी गरिसकेपछि त्यसको भयानक परिणामलाई भाँपेर त्यस

स्थानलाई छाडि कुनै अन्य स्थानलाई युद्धभूमि बनाउँछ भने मुसलमानहरूले पनि पहिला त शत्रुले नै त्यस ठाउँमा युद्ध आरम्भ गरेको थियो भन्ने बहाना लिएर तिनीहरूका धार्मिक स्थालहरूलाई हानि पुऱ्याउनु उचित हुनेछैन अपितु ती स्थानहरूको आदर र सम्मानलाई स्वीकार्दै आफ्नो आक्रमणको दिशा परिवर्तन गर्नु आवश्यक पर्नेछ। नवम - लडाई त्यससमयसम्म जारी राख्नु उचित हुनेछ जबसम्म धार्मिक हस्तक्षेप समाप्त हुदैंन र धर्मको मामिलालाई केवल विवेकको मामिला मानिदैन। तथा राजनैतिक मामिलाहरूझैं यसमा हस्तक्षेप गर्न छाडिदैन। यदि शत्रुले (शर्तहरू)मान्ने घोषणा गरेमा र त्यही अनुरूप व्यवहार आरम्भ गरेमा चाहे त्यसले आक्रमण आरम्भ गरिसकेको भएतापनि उससित युद्ध गर्नु उचित हुनेछैन। पुनः वर्णित छ :-

قُلْ لِّلَّذِيْنَ كَفَرُوْٓا اِنْ يَّنْتَهُوْا يُغْفَرْ لَهُمْ مَّا قَدْ سَلَفَ ۚ وَاِنْ يَّعُوْدُوْا فَقَدْ مَضَتْ سُنَّتُ الْاَوَّلِيْنَ ○ وَقَاتِلُوْهُمْ حَتّٰى لَا تَكُوْنَ فِتْنَةٌ وَّيَكُوْنَ الدِّيْنُ كُلُّهٗ لِلّٰهِ ۚ فَاِنِ انْتَهَوْا فَاِنَّ اللّٰهَ بِمَا يَعْمَلُوْنَ بَصِيْرٌ ○ وَاِنْ تَوَلَّوْا فَاعْلَمُوْٓا اَنَّ اللّٰهَ مَوْلٰىكُمْ ۚ نِعْمَ الْمَوْلٰى وَنِعْمَ النَّصِيْرُ ○[1]

अर्थात हे मुहम्मद रसूलुल्लाहा (अल्लाहका सन्देशवाहक)! शत्रुले युद्ध आरम्भ गऱ्यो र तिमीहरूले खुदा तआलाको आदेश पाएर तिनीहरूको जवाफ दिनु कर लाग्यो परन्तु यदि अहिले पनि तिनीहरू युद्धबाट पछि हटेमा जे जति तिनीहरूले यसअघि गरिसकेका छन त्यसप्रति तिनीहरूलाई क्षमा गरिदिइने छ भनी तिनीहरूसमक्ष घोषणा गर। परन्तु यदि तिनीहरू लडाई गर्नबाट पछि हट्दैनन र बारम्बार आक्रमण गर्छन भने अतीतका नबीहरू (पैगम्बरहरू)का शत्रुहरूको परिणाम तिनीहरूका सामुन्ने छ। तिनीहरूको परिणाम पनि त्यही नै हुनेछ। तथा हे मुसलमानहरूहो! तिमीहरू त्यस समयसम्म युद्ध जारी राख

1. सूरः अल्-अन्फाल : 39-41)

जबसम्म धर्मको नाममा दुख दिने र सताउने कार्य समाप्त हुदैन र धर्मको मामिला पूर्णरूपमा खुदा तआलाको जिम्मा गरिदैन र धर्मको मामिलामा हस्तक्षेप गर्न मानिसहरूले छाडदैनन। त्यसपछि यदि तिनीहरू ती कुराहरू गर्नबाट पछि हट्छन भने तिनीहरू अशुद्ध धर्मको अनुसरण गर्छन भन्दैमा तिनीहरूसित युद्ध नगर। अल्लाह तआलाले तिनीहरूको चालचलनलाई जान्दछन त्यसकारण उनले जस्तो इच्छा गर्नेछन तिनीहरूसित व्यवहार गर्नेछन। तिमीहरूलाई तिनीहरूको अशुद्ध धर्मको आधारमा तिनीहरूका कार्यहरूमा हस्तक्षेप गर्ने अनुमति मिल्नेछैन। यदि हाम्रो यस सन्धिको घोषणापछि पनि जो व्यक्तिहरू युद्धबाट पछि हट्दैनन र युद्ध जारी राख्छन भने यद्यपि तिमीहरूको संख्या कम भए तापनि तिमीहरू नै विजयी हुनेछौ भन्ने कुरो राम्ररी बुझिराख किनभने अल्लाह तआला तिमीहरूका मित्र रहेका छन। तथा खुदा तआला भन्दा उत्तम मित्र र सहयोगी अन्य को हुनसक्छ र? यी आयतहरू पवित्र कुरआनमा बदरको युद्धको चर्चापछि वर्णित छन। बद्रको युद्ध अरबहरू र मुसलमानहरूका बीचमा भएको पहिलो युद्ध थियो। मक्काका कुफ्फारहरू र अरबहरूले बिनाकारण मुसलमानहरूमाथि आक्रमण गरे र मदीनाका छेउछाउमा उपद्रव र उत्पात मचाए तर मुसलमानहरू नै सफल भए र शत्रुहरूका ठूला ठूला मुखियाहरू मारिएतापनि पवित्र कुरआनले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) द्वारा यदि अब पनि तिमीहरू पछिहटेमा हामी युद्ध जारी राख्नेछैनौं हामी त केवल जबरदस्ति धर्म परिवर्तन न गराइयोस र धर्मको सम्बन्धमा हस्तक्षेप नगरियोस भन्ने चाहन्छौ भन्ने घोषणा गरायो। पुन: वर्णित छ

وَاِنۡ جَنَحُوۡا لِلسَّلۡمِ فَاجۡنَحۡ لَهَا وَتَوَكَّلۡ عَلَى اللّٰهِ ؕ اِنَّهٗ هُوَ السَّمِيۡعُ الۡعَلِيۡمُ ○ وَاِنۡ
يُّرِيۡدُوۡۤا اَنۡ يَّخۡدَعُوۡكَ فَاِنَّ حَسۡبَكَ اللّٰهُ ؕ هُوَ الَّذِىۡۤ اَيَّدَكَ بِنَصۡرِهٖ وَبِالۡمُؤۡمِنِيۡنَ ○[1]

1. सूर: अल्-अन्फाल : 62-63

अर्थात - यदि कुनै समयमा पनि कुफ्फारहरू सन्धि गर्नतर्फ आकर्षित भएमा तत्काल तिनीहरूको कुरो मान र सन्धि गर र सम्भवत: तिनीहरूले धोका दिइरहेका होलान भन्ने नठान अपितु अल्लाह तआलाप्रति भरोसा राख। खुदा तआला दुआ (प्रार्थना) सुन्ने गर्छन र उनी सर्वज्ञ हुन। तथा यदि तिनीहरू धोका दिन चाहन्छन भन्ने तिम्रो धारणा ठीक रहेमा र वस्तुत तिनीहरूले तिमीलाई धोका दिने इच्छा राखेतापनि तिनीहरूले धोखा दिएमा केही बिग्रने छैन भन्ने कुरो ज्ञात राख किनभने तिमीलाई त केवल अल्लाहको सहयोग द्वारा नै सफलता प्राप्त भइरहेछ। उनको सहायता तिम्रोलागि पर्याप्त रहेको छ। अतीतमा उनी नै आफ्नो प्रत्यक्ष सहयोगद्वारा र मोमिनहरूको सहयोगद्वारा तिम्रो समर्थन गर्दैआएका छन।

उक्त आयतमा जब शत्रुले सन्धि गर्न चाहन्छ तब मुसलमानहरूले जसरी भएपनि उससित सन्धि गर्नु आवश्यक छ भन्ने कुरो वर्णित छ। यदि सन्धिको सिद्धान्तलाई शत्रुले उपरि रूपमा स्वीकार गर्छ भने सम्भवत: शत्रुको भावना गलत होला र पछि शक्ति प्राप्त गरी पुन: आक्रमण गर्ला भन्ने ठानी सन्धि त्यागनु उचित हुनेछैन।

उपरोक्त आयतहरूमा वस्तुत: हुदैबियाको सन्धिको भविष्यवाणी गरिएको छ। एउटा समय यस्तो आउनेछ जब शत्रुले सन्धि गर्ने इच्छा गर्नेछ त्यससमय तिमीहरूले शत्रुले अत्याचार गरेको छ अथवा पछिगएर उसले उक्त संविदालाई अस्वीकार गर्नेछ भन्ने निहूँ लिएर सन्धि गर्नबाट मनाही नगरेस। वस्तुत: पुण्यको यही नै मार्ग रहेको छ र सन्धिको प्रस्तावलाई स्वीकार गर्नुमै तिमीहरूको लाभ रहेको छ भनी उक्त आयतमा उपदेश दिइएको छ।

पुन: वणित छ :-

يَاَيُّهَا الَّذِيْنَ اٰمَنُوْٓا اِذَا ضَرَبْتُمْ فِيْ سَبِيْلِ اللّٰهِ فَتَبَيَّنُوْا وَلَا تَقُوْلُوْا لِمَنْ اَلْقٰٓى اِلَيْكُمُ
السَّلٰمَ لَسْتَ مُؤْمِنًا ۚ تَبْتَغُوْنَ عَرَضَ الْحَيٰوةِ الدُّنْيَا ۡ فَعِنْدَ اللّٰهِ مَغَانِمُ كَثِيْرَةٌ ۚ
كَذٰلِكَ كُنْتُمْ مِّنْ قَبْلُ فَمَنَّ اللّٰهُ عَلَيْكُمْ فَتَبَيَّنُوْا ۚ اِنَّ اللّٰهَ كَانَ بِمَا تَعْمَلُوْنَ
خَبِيْرًا ۝[1]

अर्थात हे मोमिनहरूहो! जब तिमीहरू खुदाका लागि युद्धको निम्ति बाहिर निस्कन्छौ तब तिमीहरू शत्रुमाथि समस्त तर्कहरू र शर्तहरू पूरा भएका छन र शत्रु कुनै पनि प्रकारले युद्धप्रति तत्पर छ कि छैन भन्ने कुरोलाई राम्ररी छानबीन गर। यदि कुनै व्यक्ति अथवा जमातले म सन्धि गर्न चाहन्छु भनी प्रस्ताव राखेमा तिमी त धोखा दिन्छौ र तिमीबाट हामीलाई शान्ति र सुरक्षा मिल्नेछ भन्ने हामीलाई आशा छैन भनी सन्धिको प्रस्तावलाई अस्वीकार नगर। यदि तिमीहरूले त्यसो गरेमा तिमीहरू खुदाको मार्गमा युद्ध गर्नेहरू होइन अपितु तिमीहरू संसारको चाहना राख्ने व्यक्तिहरूमा गनिनेछौ त्यसकारण त्यसो नगर। वस्तुत: जसरी खुदासित धर्म रहेको छ त्यसरी नै उनीसित संसारका पनि धेरै सामग्रीहरू रहेका छन। कुनै व्यक्तिलाई मार्नु वास्तविक उद्देश्य होइन, भोलि गएर त्यसले सन्मार्ग प्राप्त गर्नसक्छ भन्ने कुराको तिमीहरूलाई कहाँ ज्ञान छ र। तिमीहरू पनि त पहिला इस्लामबाट बाहिर नै थियौ तर खुदा तआलाले तिमीहरूमाथि कृपा गरी तिमीहरूलाई उक्त धर्म ग्रहण गर्ने सौभाग्य प्रदान गरे। अत: ज्यान लिनमा हडबडी गर्ने नगर अपितु वास्तविक कुरोलाई जान्ने प्रयास गर। तिमीहरू जे गर्छौ त्यसप्रति अल्लाह पूर्ण अवगत छन भन्ने कुरो ज्ञात राख। उक्त आयतमा जब युद्ध आरम्भ हुन्छ तब पनि शत्रुको अभिप्राय वास्तवमैं घातक आक्रमण गर्ने नै हो कि होइन भन्ने कुरोलाई राम्ररी छानबीन गर्नु आवश्यक छ भन्ने कुरातर्फ सङ्केत गरिएको छ। किनभने शत्रुले घातक आक्रमण अथवा लडाई गर्ने

1. सूर: अन्‌निसा : 95

इच्छा नराख्न पनि सम्भव छ र उसले स्वयं कुनै भयका कारण फौजी तयारी गरेको हुनसक्छ। अत: शत्रुको अभिप्राय घातक युद्ध गर्ने थियो अथवा थिएन भन्ने कुरो पहिला राम्ररी छानबीन गर्ने गर त्यसपछि त्यसका सामुन्ने संघर्षका लागि आऊ। तथा यदि त्यसले मेरो त युद्ध गर्ने अभिप्राय थिएन म त केवल भयका कारण तयारी गर्नलागेको थिएँ भनी भनेमा तिमीहरूले होइन तिमीहरूको युद्धको तयारी देखेर त तिमीहरू हामीमाथि आक्रमण गर्न चाहन्थ्यौ भन्ने देखिन्छ र हामी तिमीहरूबाट शान्तिमा छौं र सुरक्षित छौं भनी कसरी मानौं भनी भन्नु उचित हुनेछैन। अपितु उसको कुरोलाई स्वीकार गर। तथा यदि पहिला त्यसको अभिप्राय रहेतापनि समन्भवत: पछिगएर त्यसमा परिवर्तन आयो होला भनी ठान। मनमा परिवर्तन आउँछ भन्ने कुराका तिमीहरू स्वयं साक्षी रहेका छौ किनभने पहिला तिमीहरू इस्लामका शत्रु थियौ परन्तु अब तिमीहरू इस्लामका सिपाही हौ।

पुन: शत्रुहरूसित वाचा बन्धनका सम्बन्धमा वर्णित छ

إِلَّا الَّذِينَ عَٰهَدتُّم مِّنَ الْمُشْرِكِينَ ثُمَّ لَمْ يَنقُصُوكُمْ شَيْـًٔا وَلَمْ يُظَٰهِرُوا۟
عَلَيْكُمْ أَحَدًا فَأَتِمُّوٓا۟ إِلَيْهِمْ عَهْدَهُمْ إِلَىٰ مُدَّتِهِمْ ۚ إِنَّ اللَّهَ يُحِبُّ الْمُتَّقِينَ ○[1]

अर्थात - मूर्तिपूजकहरूमध्ये तिनीहरू जसले तिमीहरूसित वाचा बन्धन गरेका थिए र त्यसपछि तिमीहरूले त्यस वाचा बन्धनलाई तोडेनन र तिमीहरू विरुद्ध तिनीहरूका शत्रुहरूको सहायता गरेनन भने वाचा बन्धन तोकिएको मितिसम्म तिमीहरू पनि त्यस संविदालाई कायम राख्न वाध्य छौ। यही नै तक्वा (खुदाको डर)को लक्षण हो - तथा अल्लाह तआलाले मुत्तकी (खुदासित डराउने) हरूलाई मन पऱ्याउँछन।

7 - यस्ता शत्रुहरूका बारेमा जो युद्धमा व्यस्त छन परन्तु तिनीहरूमध्ये यदि कुनै व्यक्तिले इस्लामको यथार्थ जान्न चाहेमा

1. सूर: अत्तौबा : 4

कुरआनको भनाई के छ भने

وَاِنْ اَحَدٌ مِّنَ الْمُشْرِكِيْنَ اسْتَجَارَكَ فَاَجِرْهُ حَتّٰى يَسْمَعَ كَلٰمَ اللّٰهِ ثُمَّ اَبْلِغْهُ مَاْمَنَهٗ[1]

अर्थात - यदि युद्धमा लिप्त शत्रुहरूमध्ये कोही व्यक्तिले तिमीहरूको क्षेत्रमा आएर इस्लामबारे जानकारी लिनका लागि शरण मागेमा त्यसलाई तबसम्म अवश्य शरण देऊ जबसम्म त्यसले इस्लामबारे छानबीन गर्छ र पवित्र कुरआनका विषयवस्तुहरूबारे जानकारी प्राप्त गर्छ। त्यसपछि त्यसलाई आफ्नो सुरक्षा र संरक्षणमा त्यस स्थानसम्म जहाँ त्यो जान चाहन्छ र जुन स्थानलाई आफ्ना लागि सुरक्षित र शान्ति पूर्ण स्थान ठान्छ पुऱ्याइदेऊ।

8 - युद्धबन्दीहरूका बारेमा वर्णित छ -

مَا كَانَ لِنَبِيٍّ اَنْ يَّكُوْنَ لَهٗٓ اَسْرٰى حَتّٰى يُثْخِنَ فِى الْاَرْضِ[2]

अर्थात - कुनै नबीका निम्ति आफ्ना शत्रुलाई बन्दी बनाउनु उसको मर्यादा विपरीत कुरो हो। केवल नियमित युद्धमा बन्दी बनाइएकाहरू मात्र। अर्थात शत्रुपक्षका मानिसहरूलाई युद्धबिना नै समातेर बन्दी बनाउने जुन प्रचलन त्यस समयसम्म अपितु त्यसपछि पनि शताब्दियोंसम्म संसारमा प्रचलित रहेको थियो त्यसलाई इस्लामले मन पऱ्याउँदैन। इस्लामको शिक्षानुसार केवल ती व्यक्तिहरू युद्धबन्दी मानिन्छन जो रणभूमिमा सम्मिलित हुन्छन र जसलाई युद्धपछि बन्दी बनाइन्छ।

9 - पुनः ती युद्धबन्दीहरूका बारेमा वर्णित छ -

فَاِمَّا مَنًّاۢ بَعْدُ وَاِمَّا فِدَآءً[3]

अर्थात जब युद्धबन्दीहरू पकडा खान्छन तब या त

1. सूरः अत्तौबा : 6
2. सूरः अल्अन्फाल : 68
3. सूरः मुहम्मद : 5

उपकारस्वरूप तिनीहरूलाई छाडिदेऊ अथवा उनीहरूको बदला (युद्धकर)लिएर तिनीहरूलाई मुक्त गर।

10 - यदि कुनै बन्दीहरू यस्ता रहेमा जसका बदला (युद्धकर) तिर्ने कोही नरहेमा अथवा तिनीहरूका नातेदारहरूले तिनीहरूको धनसम्पत्ति हत्याउनका लागि तिनीहरूलाई बन्दी नै रहन दिनचाहेमा तिनीहरूका बारेमा वर्णित छ -

وَالَّذِيْنَ يَبْتَغُوْنَ الْكِتٰبَ مِمَّا مَلَكَتْ اَيْمَانُكُمْ فَكَاتِبُوْهُمْ اِنْ عَلِمْتُمْ فِيْهِمْ
خَيْرًا ۖ وَّاٰتُوْهُمْ مِّنْ مَّالِ اللّٰهِ الَّذِيْٓ اٰتٰـكُمْ ۔[1]

अर्थात तिमीहरूका युद्धबन्दीहरूमध्ये यस्ता व्यक्तिहरू जसलाई न त तिमीहरूले उपकारस्वरूप मुक्त गर्नसक्छौ न त तिनीहरूका मानिसहरूले तिनीहरूको युद्धकर तिरेर तिनीहरूलाई मुक्त गरेका छन। यदि तिनीहरूले तिमीहरूसित हामीलाई मुक्त गरियोस हामी आफ्नो व्यवसाय र कला कौशलद्वारा रुपियाँ कमाएर आफ्नो भागको तिरो तिर्नेछौं भन्ने मांग गरेमा यदि तिनीहरू स्वतन्त्ररूपमा रोजगार गर्ने योग्य देखिएमा तिनीहरूलाई अवश्य मुक्त गरिदेऊ। अपितु तिनीहरूको त्यस प्रयासमा स्वयं पनि भागीदार बन। तथा खुदा तआलाले जे जति तिमीहरूलाई प्रदान गरेका छन त्यसबाट केही रुपियाँ तिनीहरूलाई मुक्त गर्नका लागि खर्च गर अर्थात तिनीहरूको भागको युद्धखर्च जति बन्छ त्यो तिर। अथवा त्यसमध्ये केही मालिकले छाडिदिओस। अथवा अन्य मुसलमानहरू मिलेर त्यस युद्धबन्दीको सहायता गरून र त्यसलाई मुक्त गराऊन। यी तिनै परिस्थितिहरू र ती नियमहरू हुन जस अन्तर्गत इस्लामले युद्धको अनुमति दिन्छ। अतः पवित्र कुरआनका यी आयतहरूका आधारमा हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले जुन शिक्षाहरू मुसलमानहरूलाई प्रदान गर्नुभएको छ ती निम्नानुसार रहेका छन :-

1. सूरः अन्नूर : 34

(1) कुनै पनि अवस्थामा मुसलमानहरूका लागि लाशलाई क्षतविक्षत पार्ने अनुमति छैन अर्थात मुसलमानलाई युद्धमा मारिएका मानिसहरूको अपमान गर्ने अथवा तिनीहरूका अंगहरू काट्ने अनुमति छैन। (मुस्लिम, मिश्री भाग 2, पृष्ठ 62, किताबुल जिहाद)

(2) मुसलमानहरूले युद्धमा कहिल्यै धोकाबाज़ी गर्नु उचित छैन। (मुस्लिम)

(3) कुनै बालकलाई अथवा कुनै महिलालाई मार्नु उचित छैन (मुस्लिम, मिश्री भाग 2, पृष्ठ 65 किताबुल जेहाद)

(4) पादरीहरू, पण्डितहरू र अन्य धार्मिक नेताहरूको हत्या गर्नु मनाही छ। (तेहावी)

(5) वृद्धहरूलाई तथा महिलाहरूलाई मार्नु हुनेछैन। सँधै सन्धि र परोपकारलाई ध्यानमा राख्नु आवश्यक छ। (अबू दाऊद भाग 1, किताबुल जेहाद, पृष्ठ 352)

(6) जब युद्धका लागि मुसलमानहरू प्रस्थान गर्छन तब आफ्ना शत्रुहरूका देशमा पुगेर भय र आतङ्क नफैलाऊन र सर्व साधारण जनतालाई नसताऊन न त तिनीहरूमाथि कठोर बनून। (मुस्लिम मिश्री भाग 2, पृष्ठ 62, किताबुल देहाद)

(7) जब युद्धका लागि प्रस्थान गरिन्छ तब यस्तो ठाउँमा पडाव नराख जहाँ मानिसहरूलाई कष्ट र असुविधा पुग्न जान्छ र प्रस्थान गर्ने समयमा यसप्रकार प्रस्थान नगर जसबाट सर्व साधारणलाई बाटो हिडन असुविधा वा वाधा पुग्न जाओस। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले जो व्यक्तिले यी आदेशहरूलाई तोड्छ त्यसको युद्ध त्यसको आफ्नो स्वार्थका लागि हुनेछ खुदाका लागि हुनेछैन भनी कठोर चेतावनी दिनुभएको छ। (अबू दाऊद भाग 1 किताबुल जेहाद, पृष्ठ 353)

(8) युद्धमा शत्रुको मुखमाथि आघात नगर (बुखारी, मुस्लिम)
(9) युद्ध गर्दा शत्रुलाई कम से कम हानि पुगोस भन्ने कुराको प्रयास गर्नु आवश्यक छ। (अबू दाऊद)
(10) जो बन्दीहरू पकडा खान्छन तिनीहरूमध्ये जो निकटसम्बन्धी रहेका छन तिनीहरूलाई एक आपसमा अलग्ग नराखियोस। (अबू दाऊद किताबुल जेहाद भाग 2, पृष्ठ 297)
(11) युद्धबन्दीहरूको आरामप्रति आफ्नो आराम र सुविधाको भन्दा अधिक ध्यान राख्नु आवश्यक छ। (तिरमिज़ी)
(12) अन्य देशका राजदूतहरूको सम्मान र आदर गरियोस। यदि तिनीहरूले केही भूल गरेतापनि त्यसप्रति क्षमापूर्ण व्यवहार गरियोस। (अबूदाऊद किताबुल जिहाद)
(13) यदि कुनै व्यक्तिले युद्धबन्दीमाथि अत्याचार गरेको खण्डमा त्यस बन्दीलाई हर्जाना लिए बिना नै मुक्त गरियोस।
(14) जुन व्यक्तिकहाँ कुनै युद्धबन्दीलाई राखिन्छ त्यस व्यक्तिले त्यसलाई त्यही भोजन दियोस जुन उसले स्वयं खाने गर्छ र त्यसलाई त्यही वस्त्र दियोस जुन उसले स्वयं लगाउँछ (बुखारी)

हज़रत अबूबकर (रज़ि.)ले यी आदेशहरूको आधारमा एउटा आदेश - भवनहरूलाई नभत्काऊ र फलयुक्त वृक्षहरूलाई नकाट भनी दिनुभएको छ। (मूता इमाम मालिक, बुज्तबाई किताबुल जिहाद पृष्ठ 167)

उपरोक्त आदेशहरूबाट इस्लामले युद्ध रोक्नका लागि कति उपायहरू अवलम्बन गरेका छन भन्ने कुराको ज्ञान हुनसक्छ। यसैगरी हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले अत्यन्त उत्तम प्रकारले यी शिक्षाहरूलाई व्यवहारिक रूप दिनुभयो र मुसलमानहरूलाई ती शिक्षाहरू अनुसार चल्ने आदेश दिनुभयो। न मूसाको शिक्षालाई यस युगमा न्यायपूर्ण शिक्षा भन्न सकिन्छ न

त त्यो शिक्षा यस युगमा पालन गर्नयोग्य छ। तथा न मसीहको शिक्षा नै यस युगमा पालनयोग्य मानिन्छ र न कहिल्यै ईसाईहरूले त्यस शिक्षाको पालना गरेका छन भन्ने कुरो प्रत्येक व्यक्तिले बुझ्नसक्छ। अतः केवल इस्लामको शिक्षा नै यस्तो रहेको छ जसको पालना हुनसक्छ र जसलाई पालन गरेर संसारमा शान्ति कायम राख्न सकिनेछ।

यस ज़मानामा मिस्टर गान्धीले अवश्य संसारका सामुन्ने युद्धका समयमा पनि युद्ध गर्नुहुदैन भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन। परन्तु जुन शिक्षा मिस्टर गांधीले प्रस्तुत गरेका छन त्यसको पालना संसारमा कहिल्यै हुन सकेन जसबाट त्यसको नकारात्मक र सकारात्मक पक्षलाई अनुमान गर्न सकियोस। मिस्टर गान्धीको जीवनकालमै कांग्रेसलाई शासन प्राप्त भयो तथा कांग्रेसी सरकारले फौजलाई हटाएन अपितु बर्तानवी सरकारले हटाएका तीं आई, एन, ऐका अफिसरहरूलाई पुनः फौजमा कर्मचारी राख्ने विचार गरिरहेछ। यसैगरी भारतमा कांग्रेसी सरकार स्थापित भएको सात दिन भित्रैमा वज़ीरस्थान क्षेत्रमा निशस्त्र मानिसहरूमाथि हवाईजहाज़द्वारा बम फेंकिएको छ। स्वयं गाद्धीजीले उत्पीडन गर्नेहरूको समर्थन र तिनीहरूलाई छाडिदिनुपर्छ भन्ने पक्षमा सरकारमाथि सधैं जोड दिंदै आएका छन। यसबाट न गान्धीजी न त उनका अनुयायीहरू नै त्यस शिक्षामाथि चल्न सक्नेछन भन्ने प्रमाणित हुन्छ। न कुनै यस्तो युक्तियुक्त उपाय संसारका सामुन्ने प्रस्तुत गर्न सक्नेछन जसबाट जातिहरू र देराहरूका बीचमा भइरहेको युद्धमा त्यस शिक्षालाई कुनै प्रकार पालन गर्न वाध्य गराइयोस। अपितु मुखले त्यसकुराको उपदेश दिंदै त्यसको विपरीत व्यवहार प्रदर्शित गर्नाले त्यसमाथि चल्न सकिदैन भन्ने कुरो बुझिन्छ। अतः यस समयसम्मको संसारको जुन अनुभव रहेको छ र मानवीय बुद्धिले जहाँसम्म मानिसलाई डोऱ्याउँछ त्यसबाट त

जुन मार्ग हज़रत मुहम्मद (सल्लम) ले अपनाउनु भयो त्यो नै उचित थियो भन्ने ज्ञात हुन्छ।

اَللّٰهُمَّ صَلِّ عَلٰى مُحَمَّدٍ وَّ عَلٰى اٰلِ مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلٰى اِبْرَاهِيْمَ وَ عَلٰى اٰلِ اِبْرَاهِيْمَ اِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ۔

अर्थात हे मेरा अल्लाह! हज़रत मुहम्मदमाथि र उनका वशंजमाथि त्यसरी नै शान्ति वर्षण गर जसरी तिमीले हज़रत इब्राहीम र उनका वंशजमाथि शान्ति अवतीर्ण गरेका थियौ। निश्चय नै तिमी प्रशंसनीय र गौरवमय छौ।

# कुफ्फार (मक्काका अविश्वासीहरू) का तर्फबाट खन्दक़ (खाड्ल)को युद्धपछि मुसलमानहरूमाथि आक्रमण

अहज़ाब (को युद्ध) बाट फर्किएपछि यद्यपि कुफ्फारहरूको साहस टुटिसकेको थियो र तिनीहरूको साहसमा ह्रास आएको थियो परन्तु हामी बहुसंख्यक छौं र मुसलमानहरू थोरै छन भन्ने सोच भने तिनीहरूमा शेष थियो। त्यसकारण जहाँ-जहाँ अवसर मिल्नेछ मुसलमानहरूलाई एक्का-दुक्का पक्रेर हामी मार्नेछौं र यसप्रकार हामी आफ्नो अपमान र दुर्गतिको प्रतिशोध लिन सक्नेछौं भनी ठान्थे। अतः अहज़ाबको पराजयको केही दिनपछि छेउछाउका क़बीलाहरूले मुसलमानहरूमाथि छापामार्न आरम्भ गरे। अतः फज़ारा जातिका केही घोडसवारहरूले मदीनाका निकटमा छापा मारेर मुसलमानहरूका चरिरहेका ऊँटहरूको गोठालोलाई मारे र उसकी पत्नीलाई कैदी बनाएर ऊँटसमेत लिएर भागे। त्यो क़ैदी महिला भने कुनैप्रकारले भागेर आई परन्तु ऊँटहरूको एउटा

बथान लिएर भाग्न शत्रु सफल भयो। यसको एक महीनापछि उत्तरतर्फ गत्फान कबीलाका मानिसहरूले मुसलमानहरूका ऊँटका बथानलाई लुट्ने प्रयास गरे। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) ले मुहम्मद बिन मुसल्मालाई दसजना घोडसवार सहति त्यो घटनाको जानकारीका लागि र पशुहरूको सुरक्षाका लागि पठाउनु भयो। परन्तु शत्रुले अवसर पारेर तिनीहरूको हत्या गरिदिए। मुहम्मद बिन मुसल्मालाई पनि आफ्ना तर्फबाट त तिनीहरूले मारेर फालेका थिए परन्तु वास्तवमा तिनी केवल अचेत थिए। शत्रुहरू गइसकेपछि तिनलाई होस आयो र तिनले मदीना गएर घटना बताए र मेरा सबै साथीहरू मारिए भनी सूचित गरे। केही दिनपछि हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)को राजदूत जो रोमन साम्राज्यका तर्फबाट पठाइएको थियो, त्यसमाथि जरहम जातिले आक्रमण गऱ्यो र त्यसलाई लुट्यो। त्यस घटनाको एक महीनापछि बनू फ़ज़ाराले मुसलमानहरूको एउटा टोली-माथि आक्रमण गऱ्यो र त्यसलाई लुट्यो। सम्भवत: यो आक्रमण कुनै धार्मिक शत्रुताका कारण थिएन किनभने बनु फ़ज़ारा डाकूहरूको एउटा समूह थियो जसले प्रत्येक जातिका मानिसहरूलाई लुट्ने र मार्ने गर्थे। त्यससमय खैबरका ती यहूदीहरू पनि जसका कारण अहज़ाबको युद्ध भएको थियो आफ्नो पराजयको बदला लिनका लागि यताउताका कबिलाहरू (समूहरू)लाई प्रेरित गरिरहेथे। तथा रोमन साम्राज्यको सीमावर्ती क्षेत्रहरूका हाकिमहरू र समूहरूलाई समेत मुसलमानहरू विरुद्ध जोश दिलाउने गर्थे। अत: अरबका कुफ्फारहरूको त मदीनामाथि आक्रमण गर्ने साहस अब रहेको थिएन तैपनि तिनीहरूले यहूदीहरूसित मिलेर समस्त अरबमा मुसलमानहरूका लागि सङ्कट र लूटमारका अवसरहरू उत्पन्न गरिरहेथे। परन्तु हज़रत मुहम्मद (सल्लम)ले अहिलेसम्म कुफ्फारहरूसित निर्णायक युद्ध गर्ने निर्णय लिनुभएको थिएन। उहाँ

त सन्धिका साथ ती गृहयुद्धहरूको समाधान भए उचित हुन्थ्यो भन्ने प्रतीक्षामा हुनुहुन्थ्यो।

## पंद्रह सय सहाबा (सहचरहरू)का साथ हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को मक्का प्रस्थान

त्यसै अवधिमा हज़रत (सल्लम)ले एउटा ''रोय्या'' (आध्यात्मिक दृश्य) देख्नुभयो। त्यसको चर्चा पवित्र कुरआनमा निम्नानुसार रहेको छ -

لَقَدْ صَدَقَ اللّٰهُ رَسُوْلَهُ الرُّءْيَا بِالْحَقِّ ۚ لَتَدْخُلُنَّ الْمَسْجِدَ الْحَرَامَ اِنْ شَآءَ اللّٰهُ اٰمِنِيْنَ ۙ مُحَلِّقِيْنَ رُءُوْسَكُمْ وَمُقَصِّرِيْنَ ۙ لَا تَخَافُوْنَ ؕ فَعَلِمَ مَا لَمْ تَعْلَمُوْا فَجَعَلَ مِنْ دُوْنِ ذٰلِكَ فَتْحًا قَرِيْبًا ○[1]

अर्थात तिमीहरू अवश्य अल्लाह तआलाको इच्छानुसार मस्जिदे हराममा शान्ति र सुरक्षाका साथ प्रवेश गर्नेछौ। तिमीहरूमध्ये केहीका टाउका मुडिएका हुनेछन र केहीका केसहरू काटिएका हुनेछन (हजको समयमा टाउको मुडाउनु र केस कटाउनु अनिवार्य हुन्छ) तिमीहरू कसैसित डराउने छैनौ। अल्लाह तआलाले त्यो (कुरो) जान्दछन जुन तिमीहरूले जान्दैनौ। त्यसकारणले उक्त स्वप्न पूरा हुनुभन्दा पहिला उनले एउटा अर्को विजय निश्चित गरिदिएका छन जुन दिव्यस्वप्नमा देखेको विजयको भूमिका हुनेछ। उक्त दिव्यस्वप्नमा वस्तुतः सन्धि र शान्तिका साथ मक्कालाई विजय गर्ने सूचना दिइएको थियो। परन्तु हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)ले सम्भवतः हामीलाई खुदा तआलाको तर्फबाट त्यस दिव्यस्वप्नद्वारा ख़ाना का'बाको तवाफ (परिक्रमा) गर्ने आदेश दिइएको हो भन्ने ठान्नुभयो।

1. सूरः अल्फ़त्ह : 28

अतः त्यस भूलधारणाबाट त्यसप्रकारको थालनी हुनलागेको थियो अल्लाह तआलाले त्यस भूलप्रति हज़रत मुहम्मद (सल्लम)लाई सूचित गरेनन। अतः उहाँले आफ्ना सहाबा (सहचर) हरूमा त्यसकुराको घोषणा गर्नुभयो र उनीहरूलाई पनि आफूसित हिडने आदेश दिनुभयो। परन्तु उहाँले हामी केवल तवाफ (परिक्रमा) को धारणा लिएर जांदैछौ भनी स्पष्ट पार्नुभयो। शत्रुलाई असन्तुष्ट पार्ने कुनै कुरा नगरियोस न त कुनै प्रदर्शन गरियोस भनी सतर्क गर्नुभयो। अतः 628 ई. फरवरी महीनाको अन्तमा पंद्रह सय भक्तहरूका साथ उहाँ मक्कातर्फ लाग्नुभयो। (यो भन्दा एक वर्ष अघि अहज़ाबको युद्धमा यो संख्याभन्दा कम संख्या रहेको थियो भन्ने कुरो उक्त यात्रामा पंद्रह सय मानिसहरूले उहाँसित प्रस्थान गर्नाले प्रमाणित हुन्छ। किनभने एक वर्षमा मुसलमानहरूको संख्या बढेको थियो घटेको थिएन। अतः जो इतिहासकारहरूले अहज़ाबको युद्धमा मुस्लिम सिपाहीहरूको संख्या तीन हज़ार थियो भनी लेखेका छन तिनीहरू भूलमा छन। त्यस समय पंद्रह सय सिपाही थिए र यही नै शुद्ध संख्या हो) त्यो हजको यात्रुहरूको अघि अघि केही अन्तरमा हिड्न बीसजना सवारहरू खटाइको थियो र कारण के थियो भने यदि शत्रुहरूले मुसलमानहरूलाई हानि पुऱ्याउन चाहेमा तिनीहरूलाई समय रहँदै सूचना मिलोस। जब मक्कावासीहरूलाई उहाँको यस धारणाको सूचना प्राप्त भयो तब का'बाको तवाफ गर्नेहरूलाई बाधा पुऱ्याउनु हुदैन भन्ने तिनीहरूको पनि धार्मिक अवधारणा रहेतापनि र मुसलमानहरूले पहिला नै हामी केवल का'बाको तवाफ (परिक्रमा)को लागि यात्रा गरिरहेछौं कुनै प्रकारको विवाद र झगडा गर्नका लागि होइन भनी घोणा गरिसकेका भए तापनि मक्कावासीहरूले मक्कालाई एउटा क़िल्लाको रूपमा परिवर्तित गरी छेउछाउका समूहरूलाई पनि आफ्नो सहयोगको लागि आमन्त्रित गरेका थिए।

जब उहाँ मक्काको छेउमा पुग्नुभयो तब कुरैश (मक्कावासी) हरूले चितुवाको छाला ओढेका छन र आफ्ना बाल बच्चाहरूलाई साथैमा लिएर उहाँलाई (हज़रत मुहम्मदलाई) अघिबढ्न दिने छैनौं भनी शपथ खाएका छन भन्ने सूचना उहाँलाई प्राप्त भयो। अरबको यही चलन थियो अर्थात जब समस्त जातिले मर्ने निर्णय गर्‍थ्यो तब त्यसका मुखियाहरूले चितुवाको छाला लगाउने गर्थे र त्यसको भावार्थ के हुन्थ्यो भने बुद्धि र चतुराईको अब समय रहेन अब त बहादुरी र साहसका साथ हामी ज्यान दिनैछौं। उक्त सूचना प्राप्त भएको केही समयपछि नै मक्काको फौजको पहिलो र अग्रिम टुक्डी मुसलमानहरूको सामुन्ने आएर खडा भयो। अब त्यस ठाउँबाट तरवारको जोडले शत्रुलाई पराजित गरेर मात्र अघि बढ्न सम्भव थियो।

हज़रत मुहम्मद (सल्लम)ले कुनै हालतमा पनि नलड्ने निर्णय लिएर आउनुभएको थियो त्यसैले उहाँले जंगलको मार्गको जानकार एउटा चतुर मार्गदर्शकलाई जंगलको बाटो मुसलमान यात्रुहरूलाई मक्कासम्म पुऱ्याउने कार्यमा नियुक्त गर्नुभयो। त्यस मार्गदर्शकले उहाँलाई र उहाँका साथीहरूलाई मक्काका निकट हुदैबिया नामको स्थानसम्म पुऱ्यायो। त्यहाँ पुगेर उहाँको ऊँटनी उभियो र त्यसले अघिबढ्न मानेन। सहाबाहरूले भने, हे अल्लाहका रसूल! हजूरको ऊँटनी थाक्यो हजूर त्यसलाई छाडेर अर्को ऊँटनीमाथि सवार हुनुहोस। परन्तु उहाँले भन्नुभयो, होइन यो थाकेको छैन अपितु हामीले यहीं विश्राम गर्नु उचित हुनेछ भन्ने खुदा तआलाको इच्छा देखिन्छ। त्यसकारण म यहाँ यात्रा रोकेर हामीलाई हज गर्ने अनुमति देऊ भनी मक्कावासीहरूसित हर प्रकारले निवेदन गर्नेछु र यसका लागि तिनीहरूले जुनसुकै शर्त तोके पनि म त्यसलाई स्वीकार गर्नेछु। त्यसबेलासम्म मक्काको फौज मक्काबाट टाढा निस्किएर खडा रही मुसलमानहरूको प्रतीक्षामा थियो। यदि

हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)ले चाहेको भएमा संघर्ष नगरी मक्कामा प्रवेश गर्न सक्नुहुन्थ्यो परन्तु मक्कावासीहरूको अनुमति लिएर मात्र तवाफ गर्ने निर्णय उहाँले लिइसक्नुभएको हुनाले मक्कावासीहरूले स्वयं युद्ध आरम्भ गरी उहाँलाई युद्धका लागि वाध्य तुल्याएमा मात्र संघर्ष गर्ने सोच लिनुभयो। त्यसकारण मक्काको बाटो खुल्ला रहेतापनि उहाँले हुदैवियामा डेरा लगाउनु भयो। केही समयमै उहाँले हुदैबियामा डेरा लगाउनु भएको छ भन्ने सूचना मक्काका लश्करसम्म पनि पुग्यो र तिनीहरूले तुरुन्तै पछिहटेर मक्काको छेउमा पक्तिवद्ध भए। सबैभन्दा पहिला बुदैल नामक एउटा सरदारलाई उहाँसित वार्ता गर्नका लागि पठाइयो। जब त्यो उहाँका सेवामा उपस्थित भयो तब उहाँले भन्नुभयो, म त केवल तवाफ (परिक्रमा) गर्नका लागि आएको हुँ। यदि मक्कावासीहरूले हामीलाई वाध्य गरेमा त लड्नै पर्ला। त्यसपछि मक्काको सेनाध्यक्ष अबू सुफियानको जुँवाईं उर्वा उहाँको सेवामा उपस्थित भयो र त्यसले अत्यन्त अभन्द्र तरीकाले उहाँसित भन्यो, यो दुष्टहरूको समूहलाई तपाईंले आफूसित लिएर आउनु भएको छ त्यसकारण कुनै हालतमा पनि मक्कावासीहरूले इनीहरूलाई आफ्नो शहरमा प्रवेश गर्न दिनेछैनन। यसैगरी एउटा छाडि अर्को सन्देशवाहकहरू आए। अन्ततः मक्कावासीहरूले उहाँलाई यस वर्ष त कुनै हालतमा पनि तवाफ गर्ने अनुमति दिइनेछैन किनभने यसमा हाम्रो अपमान हुनेछ यदि अर्को वर्ष आएमा हामी तपाईंलाई अनुमति दिनेछौं भनी सन्देश पठाए। छेउछाउका केही व्यक्तिहरूले मक्कावासीहरूसित तिनीहरू त केवल तवाफका लागि आएका हुन तिनीहरूलाई किन रोक्छौ भनी जोड लगाए परन्तु मक्काका मानिसहरू आफ्नो हठधर्मीमा क़ायम रहे। यसैगरी बाहिरका समूहहरूले मक्कावासीहरूलाई तिमीहरूको यो तरीकाले त तिमीहरूको सन्धि गर्ने होइन अपितु अशान्ति फैलाउने इच्छा

रहेको देखिन्छ त्यसकारण हामी तिमीहरूको समर्थन गर्दैनौं भनी सचेत गरे। त्यसप्रति मक्कावासीहरू डराए र तिनीहरूले मुसलमानहरूसित सन्धि गर्ने इच्छा प्रकट गरे। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)लाई जब यसकुराको सूचना मिल्यो तब उहाँले हज़रत उस्मान (जो पछिगएर उहाँका तृतीय उत्तराधिकारी भए) लाई मक्कावासीहरूसित वार्ता गर्नका लागि पठाउनु भयो। जब हज़रत उस्मान (रज़ि.) मक्का पुगे मक्कामा उनका धेरै नातेदारहरू रहेका हुनाले ती सबै नातेदारहरू उनका निकट एकत्रित भए र उनलाई तिमी तवाफ गर परन्तु मुहम्मद रसूलुल्लाह (सल्लम) भने आगामी वर्ष आएर तवाफ गर्नेछन भनी प्रस्ताव राखे। परन्तु उस्मानले म आफ्ना स्वामीबिना एक्लै तवाफ (परिक्रमा) गर्ने छैन भनी उत्तर दिए। मक्काका मुखियाहरूसित उनको वार्ता निकै लामो चल्यो त्यसकारण केही व्यक्तिहरूले उस्मानलाई हत्या गरियो भन्ने मिथ्या खबर फैलाए र यो खबर अन्ततः हज़रत मुहम्मद (सल्लम) सम्म पनि पुग्यो। उहाँले सबै सहाबाहरूलाई भेला गर्नुभयो र भन्नुभयो, राजदूतको ज्यान सबै जातिहरूमा सुरक्षित हुन्छ। तिमीहरूले उस्मानलाई मक्कावासीहरूले मारि दिए भन्ने सूचना सुनेऊ। यदि यो सूचना साँचो ठहरेमा हामी बलपूर्वक मक्कामा प्रवेश गर्नेछौं। (अर्थात सन्धि र शान्तिपूर्वक मक्कामा प्रवेश गर्नेछौं भन्ने हाम्रो पहिलो सोच पहिलाको परिस्थिति अनुरूप थियो अब किनभने स्थिति परिवर्तन भयो त्यसकारण हामी पहिलो सोचप्रतिं कायम रहन वाध्य छैनौं) यदि हामीले अघिबढ्नु परेमा या त हामी विजयी भएर फर्कनेछौं या एक-एक गरी युद्धभूमिमा मर्नेछौं भनी जसले वाचा गर्न तयार छन तिनीहरूले त्यस वाचाप्रति मेरो बैअत (अनुबन्धन) गरून भनी उहाँले घोषणा गर्नुभयो। उहाँको घोषणा सुन्नासाथ ती उहाँसित आएका पन्द्रह सय तीर्थयात्री अकस्मात पन्द्रह सय सिपाहीमा

परिवर्तित भए तथा उत्साहपूर्वक एक अर्कालाई फलाङ्दै तिनीहरूले हज़रत मुहम्मद रसूलुल्लाहको हातमा अरूभन्दा पहिला बैअत गर्ने प्रयास गरे। उक्त बैअत (अनुबन्धन) इस्लामी इतिहासमा अत्यन्त महत्वपूर्ण मानिन्छ। यसलाई वृक्षमनिको वाचा भनिन्छ। किनभने जुनबेला यो बैअत लिइएको थियो त्यसबेला हज़रत मुहम्मद (सल्लम) एउटा वृक्षमनि बस्नुभएको थियो। त्यस बैअत पक्रियामा सम्मिलित हुने अन्तिम मानिस पनि जब सम्म संसारमा जीवित रह्यो उसले गर्वका साथ त्यस बैअतबारे चर्चा गर्नेगर्‍थ्यो। किनभने पन्द्रह सय मानिहसरूमध्ये एउटा व्यक्ति पनि यदि शत्रुले इस्लामी शान्तिदूतलाई हत्या गरेको रहेमा आज दुईवटा कुरोहरूमध्ये एउटा अवश्य पूरा गरेर छाड्नेछौं अर्थात या त सन्ध्या हुनुभन्दा पहिला नै मक्का विजय गर्नेछौं या सन्ध्या हुनुभन्दा पहिला नै रणभूमिमा मर्नेछौं भन्ने वाचा गर्नबाट पछि हटेन। परन्तु त्यो बैअत पक्रियाबाट छुट्दा छुट्दै हज़रत उस्मान फर्किएर आए। उनले (सबैका सामुन्ने)भने, मक्कावासीहरूले यस वर्ष त तवाफ र उम्रा (दर्शन)को अनुमति दिनेछैनन तर आगामी वर्ष भने अनुमति दिन तयार छन। अतः यस सम्बन्धमा करारपत्र तयार गर्नका लागि तिनीहरूले आफ्ना प्रतिनिधि नियुक्त गरेका छन। हज़रत उस्मान आइपुगेको केहीक्षण पछि सुहैल नामक मक्काको एउटा मुखिया करारका लागि हज़रत मुहम्मद (सल्लम) को सेवामा उपस्थित भयो। र त्यो करार पत्र तयार पारियो।

## हुदैवियाको सन्धिका शर्तहरू

''खुदाको नाममा यी सन्धिका शर्तहरू अब्दुल्लाहका पुत्र (मुहम्मद सल्लम)र सुहैल इब्न उमरू (प्रतिनिध मक्का सरकार)का बीचमा तोकिएका छन जस अनुसार दस वर्षसम्मका लागि युद्ध

स्थगित गरिन्छ। जो व्यक्ति मुहम्मद (सल्लम)सित मिल्न चाहन्छ अथवा उहाँसित करार गर्न चाहन्छ उसले त्यसो गर्न सक्नेछ। यसैगरी जो व्यक्ति कुरैश (मक्कावासीहरू)सित मिल्न चाहन्छ अथवा क़रार गर्न चाहन्छ उसले पनि त्यसो गर्न सक्नेछ। यदि कोही युवक जसको पिता जीवित छ अथवा कलिलो उमरेको रहेमा अथवा अविभावकको इच्छाविरुद्ध मुहम्मद (सल्लम) का सेवामा गएमा त्यसको पिता अथवा अविभावकतर्फ त्यसलाई फर्काइनेछ। परन्तु यदि मुहम्मद (सल्लम)को कोही मित्र अर्थात मुसलमान कुरैशतर्फ गएमा त्यसलाई फर्काइने छैन। मुहम्मद (सल्लम) यसवर्ष मक्कामा प्रवेश नगरी फर्किएर जानुहुनेछ परन्तु आगामी वर्ष मुहम्मद (सल्लम) र उनका साथीहरू मक्का आउन सक्नेछन र तीन दिनसम्म रहेर का'बाको तवाफ (परिक्रमा) गर्न सक्नेछन। त्यस अवधिमा कुरेश शहरबाट बाहिर पहाडमा गएर रहनेछन। परन्तु के शर्त रहने छ भने जब मुहम्मद (सल्लम) र उहाँका साथीहरू मक्कामा प्रवेश गर्नेछन त्यससमय तिनीहरूसित यात्रुहरूसित अनिवार्य रूपमा रहने हतियार बाहेक कुनै हतियार नहोस। केवल म्यान (दाप) भित्र रहेको तरवार साथ राख्न सक्नेछन।[1]

उक्त करारका समयमा दुईवटा अचम्भका घटनाहरू घटे। जब हज़रत मुहम्मद (सल्लम)ले शर्तहरू निश्चित गरिसकेपछि करार लेखाउन लाग्नुभयो तब उहाँले भन्नुभयो, ''खुदाको नाममा जो अत्यन्त कृपालु र परम दयालु रहेका छन'' सुहैलले यसप्रति आपत्ति जतायो र भन्यो, खुदालाई त हामी जान्दछौं परन्तु यो ''अत्यन्त कृपालु र परम दयालु'' को हो हामी जान्दैनौं। यो करार त हामी र तिमी बीचको हो त्यसैले यसमा दुवैपक्षको धर्मको सम्मान आवश्यक छ। यसपछि उहाँले त्यसको कुरो स्वीकार्नु

1. इब्ने हश्शाम भाग 2, पृष्ठ 180, बुखारी किताबुश्शरूत।

भयो र केवल ''खुदाको नाममा हामी यो करार गर्दछौं'' भनी लेखाउनु भयो। पुनः उहाँले यी सन्धिका शर्तहरू मक्कावासीहरू र मुहम्मद रसूलुल्लाह (अल्लाहका सन्देशवाहक) का बीचमा भएको हो भनी लेखाउनु भयो। त्यसप्रति पुनः सुहैलले आपत्ति जतायो र भन्यो, यदि हामीले तिमीलाई खुदाका सन्देशवाहक मान्थ्यौं भने त तिमीसित लडाई नै किन गर्थ्यौं र? उहाँले यस आपत्तिलाई पनि स्वीकार्नुभयो र मुहम्मद रसूलुल्लाहको ठाउँमा ''मुहम्मद बिन अब्दुल्लाह'' लेखाउनु भयो। उहाँले मक्कावासीहरूको प्रत्येक कुरोलाई स्वीकारेको देखेर सहाबाहरूको हृदयमा ठूलो दुख र सन्ताप उत्पन्न भयो। उनीहरू अत्यन्त क्रोधित हुनपुगे र हज़रत उमर हज़रत मुहम्मद रसूलुल्लाहका सेवामा उपस्थित भए र विन्ती गरे, हे अल्लाहका रसूल! के हामीहरू साँच्चा हैनौं र? उहाँले भन्नुभयो, हौं। पुनः उनले सोधे, हे अल्लाहका रसूल! के हजूरलाई खुदाले तिमीहरू ख़ानाका'बाको तवाफ (परिक्रमा) गर्ने छौ भनी भनेका थिएनन र? उहाँले भन्नुभयो, हो! तब हज़रत उमरले भने, त्यसोभए हजूरले आज यो करार किन गर्नु भयो त? हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, हे उमर! खुदा तआलाले मलाई तिमीहरू शान्ति पूर्वक खाना का'बाको तवाफ (परिक्रमा) गर्नेछौ भनी शुभसन्देश त दिएका थिए परन्तु यसै वर्ष गर्नेछौ भनी त भनेका थिएनन यो मेरो आफ्नो चेष्टा थियो। यसैगरी केही अन्य सहाबाहरूले मक्काका मानिसहरूमध्ये कोही युवक मुसलमान हुनगएमा त्यसको पिता अतवा संरक्षकतर्फ त्यसलाई फर्काइनेछ परन्तु जो मुसलमान मक्कावासीहरूतर्फ जानेछ त्यसलाई फर्काउन मक्कावासीहरू वाध्य हुनेछैनन भनी किन तिनीहरूसित क़रार गरियो भनी आपत्ति गरे। हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, यसमा कोही नचाहिंदो कुरो छ त? प्रत्येक व्यक्ति जो मुसलमान बन्दछ त्यसले इस्लामलाई साँचो धर्म ठानी स्वीकार गर्छ। परम्पराको रूपमा

मुसलमान बन्दैन। यस्तो व्यक्ति जहाँ रहेतापनि त्यसले इस्लामको प्रचार गर्नेछ। तथा त्यो इस्लामको विस्तारको कारण बन्नेछ। परन्तु जो व्यक्ति इस्लामबाट बाहिर जान्छ त्यसलाई हामीले आफूभित्र राखेर के गर्ने। जो व्यक्तिले हाम्रो धर्मलाई मिथ्या ठानेको छ त्यो व्यक्ति हाम्रा लागि के लाभदाएक हुनसक्छ र? उहाँको यो उत्तर ती भूलधारणा पालेका मुसलमानहरूका लागि पनि रहेको छ जसले इस्लाममा धम्रभ्रष्ट (इस्लाम त्यागी) हरूको सजाय हत्या हो भन्ने गर्छन। यदि इस्लाममा धर्मभ्रष्टको सजाय हत्या रहेको भएमा हज़रत मुहम्मद (सल्लम)ले इस्लाम धर्म त्यागने व्यक्तिलाई त्यसको अपराधप्रति दण्ड दिनका लागि फर्काइनु पर्नेमा जोड दिनुहुनेथियो। जुनबेला त्यो सन्धिपत्र लेख्ने काम समाप्त भयो र त्यसमाथि हस्त्याक्षरहरू भए त्यससमय अल्लाह तआलाले त्यस करारपत्रको गुरुत्व प्रमाणित गर्ने साधन उत्पन्न गरे। सुहैल जो मक्कावासीहरूको प्रतिनिधिको रूपमा करार गरिरहेथ्यो उसको आफ्नो पुत्र रस्सीले बाँधिएको र चोटिल अवस्थामा थियो हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)का सामुन्ने आएर दण्डवत गर्दै भन्नलाग्यो, हे अल्लाहका रसूल! म त भित्री मनबाट मुसलमान हूँ त्यसैकारणले मेरा पिताले मलाई यातना दिइरहेछन। मेरा पिता यहाँ आएका हुनाले मौका पाएर म हजूरको सेवामा उपस्थित भएको हुँ। हज़रत मुहम्मद (सल्लम)ले केही भन्न नपाउँदै त्यसको पिताले भन्यो, करार (सन्धि) भइसक्यो त्यसकारण यस युवकले मसित फर्किएर जानै पर्छ। अबू जन्दल (त्यो युवक)को अवस्था मुसलमानहरूको सामुन्ने थियो त्यसलाई फर्किएर गएको देख्न सक्दैनथे। तिनीहरूले म्यानबाट तरवार निकाले र चाहे ज्यान दिनुपरोस तर आफ्नो भाइलाई त्यस कष्टदायक स्थानतर्फ जान दिनेछैनौं भन्ने निर्णय लिए। स्वयं अबू जन्दलले पनि हज़रत मुहम्मद (सल्लम)को सेवामा विन्ती गऱ्यो, हे अल्लाहका रसूल! हजूरले मेरो स्थिति

देखिरहनुभएछ के यस अवस्थामा पनि तिनीहरूले पहिलाभन्दा बढी अत्याचार ममाथि गरून भनी मलाई ती अत्याचारीहरूका जिम्मा लगाउनु हजूरले चाहनुहुन्छ त? हज़रत मुहम्मद (सल्लम) ले भन्नुभयो, खुदाका सन्देशवाहकहरूले करार (सन्धि) तोडने गर्दैनन। हे अबू जन्दल! हामीले करार गरिसकेका छौं। तिमी अब धैर्य धारण गर र खुदामाथि भरोसा राख उनले तिम्रा निम्ति र तिमीजस्ता अरू युवकहरूका निम्ति स्वयं सुरक्षित रहने कुनै मार्ग प्रकट गर्नेछन। त्यस करार (सन्धि) पछि हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) फर्किएर मदीना प्रस्थान गर्नुभयो। जब उहाँ मदीना पुग्नुभयो तब मक्काको एउटा अर्को युवक अबू बसीर उहाँका पछि पछि दगुर्दै मदीना पुग्यो परन्तु हज़रत मुहम्मद (सल्लम)ले त्यसलाई पनि क़रारानुसार फर्किएर (मक्का) जान वाध्य गर्नुभयो। परन्तु मार्गमा उसको आफ्ना पक्रनेहरूसित लडाईं भयो र उसले एउटा सुरक्षाकर्मीलाई हत्या गरी भाग्यो। मक्कावासीहरूले हज़रत मुहम्मद (सल्लम) का सेवामा आएर सिकायत गरे तब उहाँले भन्नुभयो, हामीले तिम्रो मानिस तिमीहरूका जिम्मा लगाएका थियौं त्यसकारण त्यो जहाँ कहीं रहेतापनि हामी त्यसलाई पक्रेर पुनः तिमीहरूको जिम्मा लगाउन जिम्मेवार छैनौं। त्यसका केही दिनपछि एउटी महिला भागेर मदीना आई त्यसका नातेदारहरूले मदीना आएर त्यसलाई फर्काएर पठाउने मांग गरे परन्तु हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, करारपत्रमा त पुरुषहरूको शर्त राखिएको छ महिलाहरूको शर्त छैन त्यसकारण हामी महिलालाई फर्काउने छैनौं।

## सम्राटहरूका नाममा पत्राचार

मदीना आएपछि हज़रत मुहम्मद (सल्लम) ले आफ्नो प्रचारकार्यलाई संसारको कुना कुनासम्म विस्तार गर्ने अठोट

लिनुभयो। जब उहाँले आफ्नो यस इच्छाबारे साहाबाहरूसित चर्चा गर्नुभयो तब केही ती सहाबाहरूले जो शाही दरबारहरूसित परिचित थिए उहाँका सेवामा विन्ती गरे, हे अल्लाहका सन्देशवाहक! सम्राट (शासक)हरूले मोहोर बिनाको पत्र स्वीकार गर्दैनन। त्यसपछि उहाँले एउटा यस्तो मोहोर तयार गराउनु भयो जसमा ''मुहम्मद रसूलुल्लाह'' भन्ने शब्दहरू लेखिएका थिए। यसैगरी अल्लाह तआलाको आदरस्वरूप सर्वोपरी उहाँले ''अल्लाह'' शब्द लेखाउनु भयो र त्यसमनि ''रसूल'' अनि सबैभन्दा मनि ''मुहम्मद'' शब्द लेखाउनु भयो।

# कैसरे रोम (रोमी सम्राट) हर्किलको नाममा पत्र

कैसरे रोम (रोमी सम्राट)को पत्र वजीहा कल्बी (रज़ि.) नामक सहाबीको हातमा पठाइयो। हज़रत मुहम्मद (सल्लम)ले तिनलाई पहिला बस्राको गवर्नर जो अरबी वंशको थियो, त्यसकै निकट गएर त्यसमार्फत कैसरलाई पत्र टकऱ्याउनु भनी आदेश दिनुभयो। जब वजीहा कल्बी वस्राको गवर्नरका सामु पत्र लिएर पुगे तब सौभाग्यवश तिनै दिनहरूमा रोमी सम्राट शाम (सिरिया) यात्रामा आएको थियो। अतः वस्राको गवर्नरले वजीहालाई सम्राटको सेवामा पठायो। जब गवर्नरमार्फत वजीहा सम्राटका सामुन्ने उपस्थित भए तब दरबारका हाकिमहरूले तिनलाई कैसर (सम्राट)का सेवामा उपस्थित हुने प्रत्येक व्यक्तिले कैसरलाई प्रणाम गर्नु ज़रूरी हुनेछ भनी सावधान गरे। वजीहाले हामी मुसलमान कुनै मानिसलाई प्रणाम गर्दैनौं भनी प्रणाम गर्न अस्वीकार गरे। अतः प्रणाम नगरी उनी सम्राटका सामुन्ने गएर पत्र पेश गरे। सम्राटले अनुवादकद्वारा पत्र पढायो र यदि कोही अरबको क़ाफिला (दल) आएको रहेमा तिनीहरूलाई प्रस्तुत गर किनभने म यस

व्यक्तिको हालत तिनीहरूबाट जान्न चाहन्छु भनी आदेश दियो। संयोगवश त्यससमय अबू सुफियान एउटा व्यपारी समूहका साथमा त्यहाँ आएको थियो। दरबारका हाकिमहरूले अबू सुफियानलाई सम्राटका सामुन्ने प्रस्तुत गरे। सम्राटले अबू सुफियानलाई सबैभन्दा अगाडि खडा गर तथा त्यसका साथीहरूलाई त्यसका पछाडि खडा गर भनी आदेश दियो। यदि अबू सुफियानले कुनै कुरोमा मिथ्या बोलेमा त्यसका साथीहरूले त्यही क्षणमा त्यसको खण्डन गरून भनी विशेष आदेश दियो। त्यसपछि सम्राटले अबू-सुफियानलाई सोध्न आरम्भ गऱ्यो :-

प्रश्न- त्यो व्यक्ति जसको पत्र मलाई प्राप्त भएको छ र जसले नबी (सन्देशवाहक) हुने दावी गरेको छ त्यसको वंश र परिवारबारे तिमी जान्दछौ त्यो कस्तो छ?

उत्तर- अबू सुफियानले भन्यो, त्यो असल वंश र परिवारको छ र मेरो नातेदार नै रहेको छ।

प्रश्न- के यस्तो दावी अरबमा पहिला पनि कसैले गरेको छ?

उत्तर- छैन।

प्रश्न- के त्यसको दावीभन्दा पहिला तिमीहरूले त्यसमाथि मिथ्याको आरोप कहिल्यै लगाएका थियौ?

उत्तर- थिएनौं।

प्रश्न- के उसका पिता पुर्खाहरूमा कोही राजा महाराजा पनि थिए?

उत्तर- थिएनन।

प्रश्न- त्यसको बुद्धि र परामर्श कस्तो रहेको छ?

उत्तर- हामीले उसको बुद्धि र विवेक तथा परामर्शमा कहिल्यै कुनै दोष देखेका छैनौं।

प्रश्न- के ठूला-ठूला जानेमानेका र सशक्त व्यक्तिहरू यस जमाअतमा प्रवेश गर्छन अथवा गरीब र दरिद्रहरू?

उत्तर- गरीब र दरिद्र तथा युवकहरू।

प्रश्न- तिनीहरू घट्‌दैछन अतवा बढ्‌दैछन?

उत्तर- बढ्‌दै गइरहेका छन।

प्रश्न- के तिनीहरूमध्ये कोही यस्ता व्यक्तिहरू पनि छन जसले उसको धर्मलाई नराम्रो ठानी त्यो धर्मत्याग गरे?

उत्तर- छैनन्।

प्रश्न- के उसले कहिल्ये कुनै वाचा-बन्धन तोडेको छ?

उत्तर- आजसम्म त छैन। परन्तु अब हामीले एउटा नयाँ करार (सन्धि) गरेका छौं, हेरौं यसबारे के गर्नेछ।

प्रश्न- के तिमीहरू र त्यसको बीचमा कहिल्यै कुनै युद्ध पनि भएको छ?

उत्तर- हो, भएको छ।

प्रश्न- ती युद्धहरूको के परिणाम रहेको छ?

उत्तर- घाटका डोलहरूझैं तिनको अवस्था रहेको छ। कहिल्यै हाम्रो हातमा डोल हुन्छ कहिल्यै उसको हातमा डोल हुन्छ। अतः एकपटक बदरको युद्ध भयो जसमा म शामेल थिइँन त्यसकारण उसको विजय भयो र अर्कोपटक ओहदको युद्ध भयो त्यसमा म कमाण्डर थिएँ। हामीले तिनीहरूका पेट काट्यौं र तिनीहरूका कान र नाक काट्यौं।

प्रश्न- उसले तिमीहरूलाई के आदेश दिन्छ?

उत्तर- खुदको उपासना गर र उनीसित कसैलाई साँझेदार नबनाऊ भनी आदेश दिन्छ। हाम्रा पिता पुर्खाले जुन मूर्तिहरूको पूजा गर्थे तिनीहरूको पूजा गर्नबाट हामीलाई रोक्छ र हामीलाई खुदाको उपासना गर्ने र सत्य बोल्ने तथा दुष्कर्म र नराम्रा कामहरूबाट बच्ने तथा सद्‌व्यवहार, सहानुभूति वचनबद्धता र धरोहरको सुरक्षा गर्ने हामीलाई आदेश दिन्छ। (बुखारी, भाग 1, पृष्ठ 4)

# हज़रत मुहम्मद (सल्लम) साँच्चा नबी (सन्देशवाहक) हुनुहुन्छ भन्ने कैसरे रोम (रोमी सम्राट)को निर्णय

प्रश्नोत्तरको क्रमपछि कैसरले भन्यो, सुन! मैले तिमीलाई त्यसको वंश कस्तो छ भनी प्रश्न गरेको थिएँ। तिमीले त्यो उच्च वंशको रहेको छ भनी उत्तर दियौ। अतः नबीहरू सदा यस्तै हुनेगर्छन। त्यसपछि मैले तिमीलाई के त्यो भन्दा पहिला पनि कुनै व्यक्तिले त्यस्तो दावी गरेको छ भनी सोधें। तिमीले छैन भनी उत्तर दियौ। उपरोक्त प्रश्न मैले किन गरेको थियो भने, यदि हालसालमा उसले भन्दा पहिला अन्य कसैले यस्तो दावी गरेको रहेमा त्यसले पनि उसैको नकल गरेको हो भनी मैले ठान्ने थिएँ। यसैगरी मैले तिमीलाई के उसको दावीभन्दा पहिला उसमाथि मिथ्या बोलेको आरोप लगाइको थियो भनी सोधेको थिएँ। तिमीले थिएन भनी उत्तर दियौ। तब जो व्यक्ति मनुष्यहरूसित मिथ्या बोल्दैन त्यो व्यक्ति खुदा तआलाका सम्बन्धमा पनि मिथ्या बोल्दैन भन्ने कुरो मैले बुझें। पुनःमैले तिमीलाई के त्यसका पिता पुर्खामा कोही राजा-महाराजा पनि थियो भनी सोधें। तिमीले थिएन भनी उत्तर दियौ। तब त्यसले दावी गरेको कारण त्यस दावीको आडमा आफ्ना पिता पुर्खाको देश पुनः प्राप्त गर्ने त्यसको उद्देश्य होइन भन्ने कुरो मैले बुझें। पुनः मैले तिमीलाई के जाने मानेका र सशक्त व्यक्तिहरू उसका जमाअतमा शामेल छन अथवा गरीब र दरिद्रहरू भनी सोधें तब तिमीले गरीब र दरिद्रहरू भन्यौ। अतः सबै नबीहरूका जमाअत (सम्प्रदाय)मा अधिकतर दरिद्र र गरीबहरू नै प्रवेश गर्ने गर्छन सशक्त र अहङ्कारी व्यक्तिहरू होइन। पुनः मैले तिनीहरू

बढ्दैछन कि घट्दैछन भनी सोधें। तिमीले बढ्दैछन भनी उत्तर दियौ। वस्तुतः नबीहरूको जमाअतको यही हालत हुनेगर्छ। जबसम्म त्यो (जमाअत) उत्कर्षमा पुग्दैन तबसम्म तिनीहरू बढ्दै नै जान्छन। पुनः मैले तिमीलाई के कुनै व्यक्ति त्यसको धर्मलाई मन नपऱ्याएर विमुख हुनेगर्छ भनी सोधें। तिमीले हुनेगर्दैन भनी उत्तर दियौ। नबीहरूको जमाअतको यही लक्षण हुनेगर्छ। कुनै अन्य कारणले कोही विमुख हुनसक्छ परन्तु धर्मलाई नराम्रो ठानी कोही पनि विमुख हुदैन। त्यसपछि मैले के तिमीहरूका बीचमा कुनै युद्ध पनि भएको छ र त्यसको परिणाम के रहेको छ भनी तिमीलाई सोधें। तब तिमीले लडाई हाम्रो घाटको डोल जस्तै रहेको छ भनी उत्तर दियौ। नबीहरूको यही नै हाल हुनेगर्छ आरम्भमा तिनीहरूका जमाअतहरूमाथि सङ्कट र कठिनाइहरू आउने गर्छन परन्तु अन्तमा तिनीहरू नै विजयी हुन्छन। पुनः मैले तिमीलाई त्यसले तिमीहरूलाई के शिक्षा दिन्छ भनी सोधें। तिमीले जवाफमा उसले नमाज़ पढ्ने, पवित्र रहने, बाचा-बन्धन पूरा गर्ने तथा धरोहरको सुरक्षा गर्ने आदेश दिन्छ भनी भन्यौ। यसैगरी के त्यसले धोकाबाज़ी पनि गर्छ भनी मैले तिमीलाई सोधें। तिमीले गर्दैन भनी उत्तर दियौ। यो नियम र चलन त सदादेखि सत्यपरायण व्यक्तिहरूको रहने गरेको छ। अतः त्यो व्यक्ति नबीको दावीमा सत्य रहेको छ भन्ने म ठान्छु। यस जमानामा त्यो नबीको आगमन हुनेछ भन्ने मेरो आफ्नो पनि धारणा थियो परन्तु त्यो अरबीहरूमा पैदा होला भन्ने मेरो धारणा थिएन। जुन उत्तरहरू तिमीले मलाई दियौ यदि ती ठीक-ठीक रहेमा त्यस (नबी)ले यी देशहरूमाथि अवश्य अधिकार जमाउने छ। उस (सम्राट)को कुरो सुनेर दरबारीहरू उत्तेजित भए र तिनीहरूले उसलाई भने, हुज़ूर ईसाई भएर एउटा अन्य जातिको मानिसको सत्यतालाई स्वीकार्नु हुदैछ। यसप्रकार दरवारमा विरोध

प्रकट हुनलाग्यो त्यसपछि दरवारका हाकिमहरूले चाँडो चाँडो गरी अबू सुफियान र उसका साथीहरूलाई दरवारबाट बाहिर निकाले।

# हरक़िलको नाममा हज़रत मुहम्मद (सल्लम)को पत्रको विषयवस्तु

हज़रत मुहम्मद (सल्लम)ले हरकिल सम्राट लाई लेखेको पत्रको विषयवस्तु निम्नानुसार थियो -

بسم اللّٰه الرَّحمٰنِ الرَّحِيْم.

مِنْ مُحَمَّد عبد الله و رسوله إِلى هر قل عَظيم الرّوم۔ سلام على من
اتبع الهدى اما بعد فانى ادعوك بدعاية الاسلام اسلم تسلم
يوتك الله اجرك مَرّتَيْن فان تولّيت فانَّمَا عليك اثم اليريسين يا
اهل الكتاب تعالوا الى كلمةٍ سواء بيننا و بينكم الا نعبد الَّا الله
ولا نشرك به شيئًا ولَا يتّخذ بعضنا بعضًا اَرْ بابًا من دونِ اللهِ فان تو
لّو افَقُولُوا اشهدوا بانّ مُسلِمُوْن[1]

अर्थात यो पत्र अल्लाहको भक्त र उनको सन्देशवाहक मुहम्मदका तर्फबाट रोमका सम्राट हरकिलको नाममा लेखिएको हो। जो व्यक्ति खुदाको सन्मार्गलाई अपानाउँछ त्यसमाथि खुदाको शान्ति वर्षण होस। अत: हे सम्राट! म तिमीलाई इस्लाम धर्म स्वीकार गर्ने निमन्त्रना दिन्छु (अर्थात एक, अद्वितीय खुदाप्रति र उनको सन्देशवाहक मुहम्मद (सल्लम) प्रति ईमान स्थापना गर्ने निमन्त्रण दिन्छु।) हे सम्राट! तिमी इस्लाम ग्रहण गर खुदाले

1. बुखारी किताबुल वह्यी, अध्याय कैफा काना बदउल वह्यी इला रसूलुल्लाहे (सल्लम)।

तिमीलाई समस्त विपत्तिहरूबाट बचाउनेछन्। तिमीलाई दोहोरो प्रतिदान प्रदान गर्नेछन (अर्थात ईसा मसीहप्रति ईमान राखेको र हज़रत मुहम्मद (सल्लम) प्रति ईमान स्थापना गरेको) परन्तु यदि तिमीले यस कुरोलाई मान्न अस्वीकार गरेमा केवल तिम्रो ज्यानको पाप तिमीलाई लाग्नेछैन अपितु तिम्रा प्रजाहरूले इस्लाम स्वीकार नगरेको पाप पनि तिमीलाई नै लाग्नेछ। अन्तमा पवित्र कुरआनको आयत लेखिएको थियो जसको अनुवाद यो हो - हे (ईश्वरीय) पुस्तक प्राप्त व्यक्तिहरूहो! आऊ हामी यसकुराप्रति एकत्रित हौं जुन तिमीहरू र हामीहरूका वीचमा एकसमान रहेको छ। अर्थात हामी खुदा तआला बाहेक कसैको उपासना नगरौं। कुनै वस्तुलाई उनको साझेदार नबनाऊँ तथा खुदा तआलाबाहेक कुनै मनुष्यलाई पनि यस्तो सम्मान नदिऊँ जसबाट त्यो (मनुष्य) खुदाका विशषताहरूको स्वामी मान्न लागियोस। यदि (ईश्वरीय) पुस्तकप्राप्त व्यक्तिहरू (यहूदि र ईसाईहरू)ले यस निमन्त्रणलाई अस्वीकार गरेमा हे मुहम्मद रसूलुल्लाहका साथीहरूहो! हामी त खुदा तआलाका आज्ञाकारी हौं भनी तिनीहरूलाई भनिदेऊ।

केही इतिहासहरूमा लेखिए अनुसार जब उक्त पत्र सम्राटका सामु प्रस्तुत गरियो तब दरबारीहरूमध्ये केहीले यस पत्रमा सम्राटको अपमान गरिएको छ किनभने पत्रमाथि रोमका सम्राट होइन अपितु रोमका निरीक्षक लेखिएको छ त्यसकारण यस पत्रलाई च्यातेर फ्याँकिदिनु उचित हुनेछ भनी सल्लाह दिए। परन्तु सम्राटले भन्यो, पढ्नुभन्दा पहिला नै पत्र च्यातेर फ्याँकनु बुद्धिमानी होइन। मलाई रोमको निरीक्षक भनी उसले सम्बोधन गरेको ठीक हो। वास्तविक स्वामी त खुदा नै हुन म त निरीक्षक नै हुँ। जब हज़रत मुहम्मद (सल्लम)लाई उक्त घटनाको जानकारी मिल्यो तब उहाँले भन्नुभयो, रोमको सम्राटले जुन तरीका अपनायो त्यसको फलस्वरूप उसको साम्राज्य सुरक्षित

रहनेछ तथा उसको वंशले लामो समयसम्म शासन गर्नेछ। अतः ठीक यसैप्रकार हुनगयो। पछिका युद्धहरूमा हज़रत मुहम्मद (सल्लम)को एउटा अर्को भविष्यवाणी अनुसार यद्यपि रोमको सम्राटका धेरै राज्यहरू उसका हातबाट गए परन्तु उक्त घटनापछि छः सय वर्षसम्म उसको वंशको शासन कुस्तुनतुनिया (रोम)मा कायम रह्यो। रोमको दरवारमा हज़रत मुहम्मद (सल्लम)को त्यो पत्र धेरै समयसम्म सुरक्षित राखिएको थियो। अतः सम्राट मन्सूर कलादूनका केही दूतहरू एकपटक रोमको सम्राटसमक्ष उपस्थित भए तब सम्राटले तिनीहरूलाई देखाउनका लागि एउटा सन्दूक झिकायो र मेरा एकजना हजूरबाको नाममा तिमीहरूका सन्देशवाहकले पठाएको एउटा पत्र आज पनि हामीकहाँ सुरक्षित छ भनी देखायो।

## फारस (इरान)को सम्राटको नाममा पत्र

हज़रत मुहम्मद (सल्लम)ले फारसको सम्राटको नाममा लेखेको पत्र अब्दुल्लाह बिन हुज़ाफ़ाको हातमा पठाइएको थियो। त्यसको विषयवस्तु निम्नानुसार थियो -

بسم الله الرَّحمٰن الرّحيم۔

مِنۡ مُحَمَّد رَّسُوۡل الله اِلٰى كِسۡرىٰ عَظِيۡم الۡفَارس۔ سَلَامٌ عَلٰى مَنِ اتَّبَعَ الهُدٰى وامن بالله وَرَسُوۡلِهٖ۔ واشهد اَنۡ لّا اِلٰهَ اِلَّا الله وَحۡدَهٗ لَا شَرِيكَ لَهٗ وَانّ مُحَمّدًا عَبۡدهٗ وَرَسُوۡله۔ اَدۡعُوۡكَ بِدعَايَةِ اللهِ عزَّ وجلّ فَاِنّىۡ اَنا رَسُوۡلُ الله اِلَى النَّاسِ كَافّة لَا نذَر مَنۡ كانَ حَيًّا ويحق القول على الكافرين۔ اسۡلِمۡ تسلم فَاِنۡ اَبَيۡتَ فعَلَيۡكَ اِثم الۡمَجُوۡس۔ [1]

अर्थात अल्लाहको नामका साथ जो अत्यन्त कृपालु र परम

1. तारीख तिबरी, भाग 3, पृष्ठ 247, प्रकाशन बैरूत, 1987 ई.

दयालु रहेका छन। यो पत्र मुहम्मद रसूलुल्लाह (अल्लाहका सन्देशवाहक)ले फारसका किस्रा (सम्राट)को सरदारतर्फ पठाइको हो। जो व्यक्तिले सम्पूर्ण मार्गदर्शनको अनुसरण गर्छ र अल्लाहप्रति र उनका सन्देशवाहकप्रति ईमान स्थापना गर्छ तथा अल्लाह एक हुन र उनको कोही साझेदार छैन तथा मुहम्मद उनको भक्त र सन्देशवाहक हुन भनी साक्षी दिन्छ त्यसमाथि खुदाको शान्ति वर्षण होस। हे सम्राट! म तिमीलाई खुदाको आदेशान्तर्गत इस्लामतर्फ आमन्त्रित गर्छु किनभने म समस्त मानवजातितर्फ सन्देशवाहकको रूपमा पठाइको हुँ ता प्रत्येक जीवित व्यक्तिलाई सतर्क गरूँ र अविश्वासीहरूमाथि तर्क सिद्ध गरूँ। तिमी इस्लाम स्वीकार गर ता तिमी प्रत्येक सङ्कट र विपत्तिबाट बच। यदि तिमीले यस निमन्त्रणालाई अस्वीकार गरेमा सबै मजूस (पार्सीधर्मी) हरूको पाप तिमीलाई नै लाग्नेछ।

अब्दुल्लाह बिन हुज़ाफा भन्छन, जब म किस्राको दरवारमा पुगें तब मैले भित्र जाने अनुमति मागें र मलाई अनुमति मिल्यो। जब मैले अघि बढेर हज़रत मुहम्मद (सल्लम) को पत्र किसराको हातमा दिएँ तब उसले अनुवादकलाई पढेर सुना भनी आदेश दियो। जब अनुवादकले त्यो पत्र पढेर सुनायो तब किस्राले क्रोधमा आएर त्यो पत्र च्यात्यो। अब्दुल्लाह बिन हुज़ैफाले फर्केर आई हज़रत मुहम्मद (सल्लम)लाई त्यसबारे सूचित गरे तब उहाँले भन्नुभयो, किस्राले मेरो पत्रसित जुन व्यवहार गऱ्यो अल्लाह तआलाले त्यसको शासनसित त्यही व्यवहार गर्ने छन। किसराको त्यस्तो व्यवहारको कारण के थियो भने, रोमबाट भागेर आएका ती यहूदीहरू थिए जो रोमी शासनविरुद्ध षडयन्त्रमा किस्रालाई सहयोग गर्थे र तिनीहरू अति मात्तिएका थिए तिनीहरूद्वारा नै अरब देशका यहूदीहरू हज़रत मुहम्मद (सल्लम) विरुद्ध किस्रालाई उक्साउने र भड्काउने गर्थे। उहाँविरुद्ध जुन

कुराहरू तिनीहरू गर्नेगर्थे त्यस पत्रले ती कुराहरूलाई प्रमाणित गऱ्यो। उसले यो व्यक्ति मेरो शासनमाथि दृष्टि राख्दोरहेछ भन्ने ठान्यो। अतः त्यो पत्र प्राप्तभएको केही समयपछि नै उसले आफ्नो यमन राज्यको गवर्नरलाई चिट्ठी लेख्यो जसको विषयवस्तु निम्नानुसार थियो - कुरैश जातिको एउटा व्यक्तिले नबी हुँ भनी दावी गरिरहेछ र त्यो आफ्नो दावीमा धेरै अघि बढिरहेछ तिमी तत्कालै दुईजना व्यक्तिहरूलाई त्यसतर्फ पठाउ जसले त्यसलाई पक्रेर मेरो सेवामा हाजिर गरून। यो आदेश पाएर यमनको गवर्नर बाज़ानले एकजना फौजी आफिसर र एकजना घोडसवारलाई हज़रत मुहम्मद (सल्लम) तर्फ पठायो। तिनीहरूका हातमा एउटा पत्र पनि पठायो जसमा ‘‘यो पत्र प्राप्त हुनासाथ तत्काल यी व्यक्तिहरूसित किस्राका दरवारमा उपस्थित हौ’’ भन्ने आदेश थियो। त्यो अफिसर पहिला त मकातर्फ गयो। ताईफको निकट पुगेर त्यसलाई हजरत मुहम्मद (सल्लम) मदीनामा हुनुहुन्छ भन्ने जानकारी मिल्यो र त्यो त्यहाँबाट मदीनातर्फ लाग्यो। मदीना पुगेर त्यसले हज़रत मुहम्मद (सल्लम)लाई भन्यो, किस्राले यमनको गवर्नरलाई तिमीलाई पक्रेर उसको सेवामा हाजिर गर्ने आदेश दिएको छ यदि तिमीले अस्वीकार गरेमा उसले तिमीलाई र तिम्रो जातिका सबैलाई मार्नेछ। तथा तिम्रो देशको सर्वनाश गर्ने छ त्यसकारण तिमी हामीसित हिड। हज़रत मुहम्मद (सल्लम) ले त्यसको कुरो सुनेर भोलि तिमीले मसित पुनः भेटगर्नु भनी भन्नुभयो। राति उहाँले अल्लाह तआलासित प्रार्थना गर्नुभयो र परम प्रतापी खुदाले उहाँलाई किस्राको अपराधको दण्डस्वरूप उसको पुत्रलाई उसमाथि शासित गिरदिएको छु। अतः त्यसले यही वर्ष जमादील ऊला (अरबी महीना)को दस तारीख बुधवारका दिन उसलाई वध गर्नेछ भनी शुभसन्देश दिए। केही अन्य वर्णनानुसार उहाँले भन्नुभयो, ‘‘आज राति उनले (मेरा

अल्लाहले) उसलाई (किस्रालाई) वध गरिदिए। त्यही रात जमादील ऊलाको रात पनि हुनसक्छ। अतः जब बिहानी भयो उहाँले ती दुईजनालाई बोलाउनु भयो र त्यो भविष्यवाणी सुनाउनु भयो। त्यसपछि हज़रत मुहम्मद (सल्लम)ले बाज़ानको नाममा खुदाले मलाई ''किस्रा फलाँ महीनाको फलाँ तारीख मारिनेछ'' भनी सूचित गरेका छन भन्ने पत्र लेख्नुभयो। जब त्यो पत्र यमनको गवर्नरका हातलाग्यो तब त्यसले भन्यो, यदि यो साँचो नबी हो भने अवश्य यही नै हुनेछ अन्यथा यसको र यसको देशको भलो हुनेछैन। केही दिनपछि इरानको एउटा समुद्री जहाज़ यमनको बन्दरगाह (समुद्रीघाट)मा आएर ठहऱ्यो र गवर्नरलाई इरानका सम्राटको एउटा पत्र दियो। त्यस पत्रको मोहोरलाई देखेर गर्वनरले भन्यो, मदीनाका नबी (पैग़म्बर)ले सत्य भनेको थियो इरानको शासक बदलियो किनभने यस पत्रमा एउटा अर्कै सम्राटको मोहोर लागेको छ। जब उसले पत्र खोल्यो त्यसमा के लिखित थियो भने, यमनको गर्वनर बाज़ानतर्फ इरानको किस्रा शेरवियाका जुनाफबाट पत्र लेखिएको हो, मैले आफ्नो पिता भूतपूर्व किस्राको हत्या गरिदिएँ किनभने उसले देशमा अत्याचार र मारधारको ढोका खोलिदिएको थियो र देशका भलाद्मीहरूको हत्या गर्नेगऱ्थ्यो। तथा प्रजाहरूमाथि अत्याचार गऱ्थ्यो। जब मेरो यो पत्र तिमीलाई प्राप्त हुनेछ तब तत्काल सबै हाकिमहरूसित मेरो आज्ञाकरीको प्रण लेउ र यो भन्दा पहिला मेरा पिताले अरब देशको एउटा नबीको गिरफ्तारीको जुन आदेश तिमीलाई पठाएको थियो त्यसलाई रद्द सम्झ। (तिब्री, भाग 3, पृष्ठ 572 बाट 574 सम्म) उक्त पत्र पढेर बाज़ान अत्यन्त प्रभावित भयो र त्यहीसमय उसले र उसका अन्य केही मित्रहरूले इस्लाम ग्रहण गरे तथा उसले हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)का सेवामा आफ्नो इस्लाम (ग्रहण)बारे सूचित गऱ्यो।

# हब्शा (अफ्रिका)को समाट नजाशीको नाममा पत्र

हज़रत मुहम्मद (सल्लम)ले तेस्रो पत्र नजाशीको नाममा लेख्नुभयो र उमरू बिन उमैया ज़िमरी (रज़ि.)को हातमा पठाइयो। त्यसको विषयवस्तु निम्नानुसार थियो

بِسۡمِ اللهِ الرَّحۡمٰنِ الرَّحِیۡمِ۔

من محمد رسول الله الى النجاشى ملك الحبشه سلمٌ انت۔ اما بعد
فانى احمد اليك الله الَّذى لا اِلا اِلٰه الَّا هو الۡملك القدّوسُ السَّلام
المؤمن الۡمُهَيۡمِن واشهد ان عيسٰى ابن مريم روح الله و كلمته
القاها الٰى مريم البتول و انى ادعوك الى الله وحده لَا شَرِيكَ له
والموالات علٰى طاعته۔ وان تَتَّبِعنى وَتومن بِالَّذى جاءنى فانى رسول
الله وانى ادعوك و جنودك الَى الله عزوجلَّ وقد بلغت و نصحت
فاقبلوا نصيحتى۔ والسلام علٰى من اتبع الۡهُدٰى۔ [1]

अर्थात अल्लाहको नाम लिएर जो अत्यन्त कृपालु र परम दयालु रहेका छन। मुहम्मद रसूलुल्लाह (अल्लाहको सन्देशवाहक) ले हब्शाका सम्राट नजाशीतर्फ यो पत्र लेखेको हो। हे सम्राट! तिमीमाथि खुदाको शान्ति वर्षण भइरहेछ। (यस सम्राटले मुसलमानहरूलाई शरण दिएको थियो त्यसकारण उहाँले उसलाई तिम्रो यो कार्य खुदाको दृष्टिमा स्वीकार्य भएको छ र तिमीलाई खुदाको सुरक्षा प्राप्त छ भनी सूचित गर्नुभयो) म उनै खुदाको प्रशंसा तिमीसित वर्णन गर्छु जसबाहेक कोही उपास्य छैन। उनी नै प्रकृत सम्राट हुन। उनी समस्त शुद्धता र पवित्रताका

1. सीरतुल हल्बिया, भाग 3, पृष्ठ 279, प्रकाशन मिस्र, 1935 ई.।

समष्टि रहेका छन। उनी पूर्णत: दोषरहित छन र प्रत्येक त्रुटिबाट उनीनै सुरक्षित राख्छन। उनी आफ्ना भक्तहरूका निम्ति शान्तिका साधनहरू उत्पन्न गर्छन र आफ्ना सृष्टिको सुरक्षा गर्छन। ईसा बिन मरियम (हज़रत मसीह) अल्लाह तआलाको वाणीलाई संसारमा प्रसारित गर्ने र उनको त्यो वचनलाई पूरा गर्ने (नबी थिए) जुन खुदा तआलाले आफ्नो जीवन खुदाका निम्ति निछावर गर्ने मरियमलाई पहिलाबाट नै दिएका थिए भन्ने कुराको म साक्षी दिन्छु। म तिमीलाई एक, अद्वितीय खुदासित सम्बन्ध जोड्ने र उनको आज्ञापालन प्रति परस्पर करार (सन्धि) गरने निमन्त्रणा दिन्छु। यसैप्रकार मेरो अनुसरण गर्ने र उनै खुदाप्रति ईमान स्थापना गर्ने निमन्त्रण दिन्छु जसले मलाई प्रकट गरे। म उनैको रसूल (सन्देशवाहक) हुँ। म तिमीलाई र तिम्रा लश्करहरूलाई पनि परम प्रतापी खुदाको धर्ममा शामेल हुने निमन्त्रणा दिन्छु। मैले आफ्नो जिम्मेवारी पूरा गरें र खुदाको सन्देश तिमीसम्म पुऱ्याएँ र निस्कपटता पूर्वक तिमीसमक्ष वास्तविकता स्पष्ट पारें। अत: निस्कपटताको आदर गर। प्रत्येक त्यो व्यक्ति जसले खुदा तआलाको मार्गदर्शनको अनुसरण गर्छ त्यसमाथि खुदाका तर्फबाट शान्ति वर्षण हुन्छ।

जब यो पत्र सम्राट नजाशीलाई प्राप्त भयो उसले अत्यन्त आदरपूर्वक त्यसलाई आफ्ना नेत्रहरूमाथि राख्यो र सिंहासनबाट तल ओर्लिएर खडा भयो। उसले हातीका दाँतबाट निर्मित एउटा बक्सा झिकायो र त्यसभित्र त्यो पत्र आदरपूर्वक राख्यो र जबसम्म यो पत्र सुरक्षित रहनेछ हब्शाको शासन पनि सुरक्षित रहनेछ भनी घोषणा गऱ्यो। अत: जनाशीको त्यो धारणा पूर्णत: सत्य ठहऱ्यो। एक हज़ार वर्षमा इस्लाम समस्त संसारमा समुद्रको लहरहरूझैं तलमाथि हुदैं फैलदै गयो परन्तु हब्शा (अफ्रिका) को दायाँतर्फबाट पनि इस्लामी लश्कर अघिबढ्यो र त्यसका

बायाँतर्फबाट पनि त्यो लश्कर निस्कयो परन्तु हब्शाका सम्राटले प्रारम्भका प्रवासी मुस्लिमहरूसित गरेको उपकारको फलस्वरूप र उसले हज़रत मुहम्मद (सल्लम)को पत्रप्रति गरेको आदरका कारण इस्लामी लश्करहरूले कदापि हब्शा राज्यतर्फ दृष्टि उठाएर हेरेनन। कैसर (रोमी सम्राट) जस्ता सम्राटको शासन टुक्डा टुक्डा हुनगयो। किस्रा (इरानी सम्राट) जस्ता सम्राटको शासन मिलियामेट भयो। चीन र भारतवर्षका शासनहरूको सर्वनाश भयो परन्तु हब्शाको एउटा साधारण राजशासन सुरक्षित रह्यो। किनभने उसले हज़रत मुहम्मद (सल्लम)का प्रारम्भिक मित्रहरूप्रति उपकार तथा हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)को पत्रको सम्मान र आदर गरेको थियो। यो त्यो (महान) व्यवहार थियो जुन साधारण उपकारका बदलामा हब्शानिवासीहरूसित मुसलमानहरूले गरेका थिए। ईसाईजातिहरूले भने आफ्नो एउटा गालोमा थप्पड खाएर अर्को गालो पनि प्रस्तुत गर्ने दावी गरेतापनि आफ्ना स्वधर्मी र स्वजातिय हब्शा सम्राट र उनका प्रजासित जुन व्यवहार आज गरिरहेछन यो पनि संसारका सामुन्ने स्पष्ट छ। कसरी हब्शा (इथिओपिया)का शहरहरूलाई बम हानेर भत्काए र सर्वनाश पारे तथा सम्राट र उसकी रानी तथा उनका सन्तानलाई आफ्नो देश त्यागेर अन्य देशहरूमा वर्षौंसम्म शरण लिन बाध्य तुल्याए। के हब्शाप्रतिको यो दुईप्रकारको व्यवहार (अर्थात एउटा मुसलमानहरूको र अर्को ईसाईहरूको)ले हज़रत मुहम्मद (सल्लम)मा रहेको ईश्वरीय परमशक्ति (आध्यात्मिक शक्ति)लाई प्रमाणित गर्दैन र? उक्त घटनाले आजपनि मुसलमानहरूको सोचलाई यद्यपि तिनीहरू धर्मबाट धेरै टाढिएका रहेतापनि पुण्य तथा परोपकारतर्फ प्रेरित गर्छ।

# मिस्र (इजिप्त)का सम्राट मकोकसका नाममा पत्र

हज़रत मुहम्मद (सल्लम)को चौथो पत्र मिस्र (इजिप्त) का सम्राट मकोकसको नाममा थियो र हातिब बिन अबी बल्तआ (रज़ि.) द्वारा यो पत्र उहाँले पठाउनु भयो। उक्त पत्रको विषयवस्तु यसप्रकार थियो -

بسم الله الرحمن الرحيم

من محمد رسول الله الی المقوقس عظيم القبط۔سلام علی من اتبع الھُدی۔ اما بعد فانی ادعوك بدعاية الاسلام اسلِم تُسلم يوتيكَ الله اجرك مرتين فان تولَّيت فَاِنَّمَا عليك اثم القبط ويا اهل الكتاب تعالوا اِلی کلمة سواء بيننا و بينكم اَلَّا نعبد اِلَّا الله وَلا نشرك بِه شيئًا ولا يتّخذ بعضنا بعضنا اربابًا من دون فان تولّو افقولوا شهدوا بِاَنَّا مُسلمون۔[1]

यो पत्र ठीक त्यही नै हो जुन रोमको सम्राटलाई लेखिएको थियो अन्तर केवल के छ भने त्यस पत्रमा ''यदि तिमीले स्वीकार नगरेमा रोमका प्रजाहरूको पापका भागीदार पनि तिमी. हुनेछौ भनी लेखिएको थियो परन्तु यसमा भने कुब्तीहरूको पापको भार तिमीमाथि हुनेछ भनी लेखिएको थियो। जब हातिब मिस्र पुगे त्यस समय सम्राट मकोकस राजधानीमा थिएन अपितु स्कन्दरियामा थियो। हातिब मिस्रबाट स्कन्दरिया गए। त्यहाँ सम्राटले समुद्रको छेउमा एउटा सभाको आयोजना गरेको थियो। हातिब एउटा डूंगामा सवार भएर त्यस स्थानमा

1. सीरतुल हल्बिया, भाग 3, पृष्ठ 280-281, प्रकाशन मिस्र, 1935 ई.।

पुगे। त्यहाँ छेउछाउमा पहरा थियो। उनले टाढाबाटै पत्र बन्दगरेर पुकार्न आरम्भ गरे। सम्राटले त्यस व्यक्तिलाई हाजिर गर भनी आदेश दियो। सम्राटले पत्र पढ्यो र हातिबलाई भन्यो, यदि यो साँचो नबी हो भने आफ्ना शत्रुहरू विरुद्ध दुआ (प्रार्थना) किन गर्दैन? हातिबले भने, तिमी ईसा बिन मरियम (यशु मसीह) प्रति त विश्वास गर्छौं। उनलाई आफ्नै जातिका मानिसहरूले दुख दिए परन्तु तिनीहरूको सर्वनाश होस भनी यशु मसीहले किन प्रार्थना गरेनन? यो कुरो सुनेर सम्राटले भन्यो, तिमी एकजना बुद्धिमानका तर्फबाट बुद्धिमान दूत हौ। तिमीले अत्योत्तम उत्तर दियौ। त्यसपछि हातिबले भने, हे सम्राट! तिमीभन्दा पहिला एकजना सम्राट थियो जो ''म एउटा महाप्रभु हुँ'' भन्ने गर्थ्यो अर्थात फिरऔन। अन्ततः खुदाले उसलाई दण्ड दिए। अतः तिमी अहङ्कार नगर र खुदाका यी नबीप्रति ईमान स्थापना गर। खुदा तआलाको शपथ मूसाले ईसा (यशु मसीह)का बारेमा त्यस्ता भविष्यवाणी र सूचनाहरू दिएनन जस्ता सूचनाहरू ईसा (यशु मसीह)ले हज़रत मुहम्मद (सल्लम)का बारेमा दिएका छन। हामी तिमीलाई त्यसरी नै हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) तर्फ बोलाउँछौं जसरी तिमीहरू यहूदीहरूलाई ईसातर्फ बोलाउँछौ। प्रत्येक नबीको एउटा जाति हुन्छ र त्यस नबीको आज्ञापालन गर्नु त्यस जातिको कर्तव्य हो। अतः तिमीले यी नबीको ज़माना पाएका छौ त्यसकारण यिनलाई स्वीकार्नु तीम्रो कर्तव्य रहेको छ। हाम्रो धर्मले तिमीलाई मसीहको अनुसरण गर्नबाट रोकदैन। हामी त अरूलाई पनि मसीहप्रति ईमान कायम गर्ने आदेश दिन्छौं। यो कुरो सुनेर मक़ोक़सले भन्यो, मैले यस नबीको हाल सुनें। यसले कसैलाई अनुचित कुराको आदेश दिदैन र कुनै पुण्य कुरोबाट रोक्दैन भन्ने अनुभव गरें। यो व्यक्ति कुनै जादूगर र ज्योतिषि जस्तो छैन भन्ने कुराको जानकारी लिएँ तथा यसका केही

भविष्यवाणीहरू मैले सुनें जुन पूरा भए। त्यसपछि उसले एउटा हात्तीदाँतको डब्बी झिकायो र त्यसभित्र हज़रत मुहम्मद (सल्लम) को पत्र राखी आफ्नी एउटी दासीको जिम्मा लगायो। त्यसपछि उसले हज़रत मुहम्मद (सल्लम)को नाममा एउटा पत्र लेख्यो जो यसप्रकार रहेको छ -

''मुहम्मद बिन अब्दुल्लाहतर्फ कुब्तको सम्राट मक़ोक़स पत्र लेखिरहेछ। तिमीमाथि शान्ति वर्षण होस। मैले तिम्रो पत्र पढें भन्ने कुराको जानकारी दिन्छु। तिमीले जुन कुराहरू लेखेका छौ र जुन कुराहरूतर्फ आह्वान गरेका छौ तिनीहरूबारे चिन्तन मनन गरी इस्राईली भविष्यवाणी अनुसार एउटा नबीको आगमन हुनु बाकी छ भन्ने कुराको जानकारी मिल्यो। परन्तु मेरो धारणानुसार त्यो नबी शाम (सिरिया) मा प्रकट होला भन्ने थियो। मैले तिम्रो दूतलाई बडो सम्मानका साथ राखेको छु र उसलाई एक हज़ार पाउन्ड तथा पाँच जोडा शाही वस्त्र उपहारस्वरूप दिएको छु। म दुईवटी मिस्री युवती तिम्रानिम्ति उपहारस्वरूप पठाउँदै छु। कुब्ती जातिका दृष्टिमा यी युवतीहरूको ठूलो सम्मान रहेको छ। यिनीहरूमध्ये एउटीको नाम मारिया र अर्कीको नाम सीरीन हो। यसैगरी मिस्री (इजिप्ती) कपडाका उत्कृष्ट र बहुमूल्य बीस जोडा (शाहीवस्त्र)हरू हजूरको सेवामा पठाउँदै छु। यसैगरी एउटा खच्चर पनि हजूरको सवारीका लागि पठाउँदै छु। अन्तमा पुनः हजूरमाथि खुदाको शान्ति वर्षण होस भनी प्रार्थना गर्छु। (ज़रक़ानी, भाग 2 पृष्ठ 349 तथा तिब्री, भाग 3, पृष्ठ 1559)

उपरोक्त पत्रबाट मक़ोक़सले हज़रत मुहम्मद (सल्लम)को पत्रलाई आदर र सम्मानपूर्वक स्वीकार गऱ्यो परन्तु उसले इस्लाम स्वीकार गरेन भन्ने कुरो प्रमाणित हुन्छ।

# बहरीनको प्रमुखका नाममा पत्र

हज़रत मुहम्मद (सल्लम)ले बहरीनको प्रमुख मन्ज़रतीमीको नाममा आफ्नो पाँचौ पत्र लेख्नुभयो। यो पत्र अला बिन हज़्रमी (रज़ि.)को हातमा पठाइयो। उक्त पत्रको विषयवस्तु सुरक्षित रहेन। यो पत्र जब उसलाई प्राप्त भयो उसले इस्लाम स्वीकार गऱ्यो। उसले हज़रत मुहम्मद (सल्लम)को सेवामा लेख्यो, मैले र मेरा धेरै मित्रहरूले हजूरप्रति ईमान ल्याएका छौं। केही यस्ता पनि छन जसले इस्लाम स्वीकार गरेका छैनन र मेरो देशमा यहूदी र पारसीहरू पनि रहन्छन। तिनीहरूसित के व्यवहार गर्ने हो त्यसबारे मलाई आदेश दिनुहोस। हज़रत मुहम्मद (सल्लम)ले उसलाई पत्र लेख्नुभयो जसको विषयवस्तु यसप्रकार थियो-

''तिमीले इस्लाम ग्रहण गरेको जानेर म प्रसन्न भएँ। मेरा तर्फबाट जो सन्देश लिएर आउने व्यक्तिहरू छन तिनीहरूको उपदेश मान। जसले तिनीहरूको अनुसरण गर्नेछ मानौ मेरो अनुसरण गर्नेछ। जो मेरो दूत तिमीतर्फ गएको थियो उसले तिम्रो खुबै प्रशंसा गऱ्यो। उसले तिम्रो इस्लाम ग्रहणबारे वर्णन गऱ्यो र मैले तिम्रा जाति र प्रजाहरूका निम्ति प्रार्थना गरेको छु। अतः मुसलमानहरूमा इस्लामी नियम-कानून जारी गर र तिनीहरूको ज्यान मालको सुरक्षा गर। चारवटी पत्नीभन्दा अधिक पत्नी राख्ने कसैलाई अनुमति नदेउ। मुसलमान हुनेहरूका पहिलाका अपराधहरू र भूलहरूप्रति माफी देउ। जबसम्म तिमी पुण्यकार्य गर्नेछौ तिमीलाई शासनबाट हटाइने छैन। यहूदी र मजूसी (पारसी)हरूमाथि केवल एउटा कर निश्चित छ अन्य कुनै मांग उनीहरूसित नगर (ज़रक़ानी, भाग 3, पृष्ठ 352-353)

यसबाहेक हज़रत मुहम्मद (सल्लम)ले अमानको सम्राट, यमामाको सरदार, ग़स्सानको सम्राट, यमनको बनी नहद

कबीलाको सरदार, यमनको हम्दान क़बीलाको सरदार, बनी अलीमको सरदार तथा हज़रमी क़बीलाको सरदारतर्फ चिठ्ठी लेख्नुभयो। तिनीहरूमध्ये अधिकतरले इस्लाम ग्रहण गरे। यी पत्रहरूबाट हज़रत मुहम्मद (सल्लम) खुदा तआलाप्रति अत्यन्त विश्वास र भरोसा राख्नुहुन्थ्यो भन्नेकुरो प्रमाणित हुन्छ। पारम्भबाट नै उहाँ कुनै एउटा जातितर्फ होइन अपितु समस्त जातिहरूतर्फ नबीको रूपमा आविर्भाव हुनुभएको हो भन्ने कुराप्रति उहाँलाई पूर्णविश्वास थियो। निस्सन्देह जुन सम्राटहरू र मुखियाहरूलाई उहाँले पत्र लेख्नुभयो तिनीहरूमध्ये केहीले इस्लाम ग्रहण गरे। केहीले आदर र सम्मानपूर्वक पत्र ग्रहण गरे परन्तु इस्लाम स्वीकार गरेनन। केहीले साधारण शिष्टाचार देखाए र केहीले भने आत्मभिमान र अहङ्कारपूर्ण नमूना प्रस्तुत गरे। परन्तु तिनीहरूमध्ये प्रत्येक सम्राट र प्रजासित त्यही व्यवहार गरियो जुन व्यवहार उसले हज़रत मुहम्मद (सल्लम)को पत्रसित गरेको थियो भन्ने कुरोप्रति संसारको इतिहास साक्षी छ भन्ने कुरामा केही सन्देह छैन।

## खैबरको किल्ला (दूर्ग) विजय

यहूदीहरू र अरबका मूर्तिपूजकहरू मुसलमानहरूका विरुद्ध छेउछाउका कबीलाहरूलाई निरन्तर उकसाइरहेका थिए भन्ने कुरो पहिला वर्णन गरिसकिएको छ। अरबका वासिन्दाहरूमा अब मुसलमानहरूलाई पराजित गर्ने र हानि पुऱ्याउने अथवा मदीनामा गएर आक्रमण गर्ने शक्ति शेष रहेन भन्ने अनुमान लगाएर यहूदीहरूले एकातर्फ त रोमी साम्राज्यका दक्षिणी सीमामा बसोवास गर्ने ईसाई धर्मी अरबी कबिलाहरूलाई उक्साउन आरम्भ गरे र दोस्रोतर्फ ईराक निवासी आफ्ना सधर्मी मानिसहरूलाई

हज़रत मुहम्मद (सल्लम)का विरुद्ध पत्र लेख्न आरम्भ गरे ता तिनीहरूले किस्रा (इरानको सम्राट) लाई मुसलमानहरूका विरुद्ध भड्काऊन। उक्त उपद्रवको फलस्वरूप किस्रा मुसलमानहरूका विरुद्ध पूर्णत: भड्कन पुगेको थियो र उसले हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)लाई गिरफ्तार गर्न यमनको गवर्नरलाई आदेश पनि दिएको थियो भन्ने कुराको चर्चा मैले पहिला गरिसकेको छु। यसैगरी अल्लाह तआलाले आफ्नो विशेष कृपाद्वारा हज़रत मुहम्मद (सल्लम)लाई सुरक्षित राखे र किस्रा (इरानी सम्राट) र यहूदीहरूको योजनालाई विफल पारिदिए भन्ने कुरोपनि स्पष्ट पारिसकेको छु। यदि अल्लाह तआलाको विशेष कृपा नरहेको भएमा भौतिक साधनको आधारमा हज़रत मुहम्मद (सल्लम)ले कहाँ किस्रा र कैसरको लश्करहरूको सामना र मुकाबिला गर्न सक्नुहुन्थ्यो। खुदा तआलाले नै किस्रालाई मारे र उसको पुत्र द्वारा हज़रत मुहम्मद (सल्लम)का विरुद्ध कुनै कारवाई नगरियोस भन्ने आदेश जारी गराए। उक्त चमत्कारलाई देखेर नै यमनका हाकिमहरूले इस्लाम स्वीकार गरे। तथा यमन राज्य युद्ध र संघर्ष बिना नै इस्लामी शासनमा शामेल भयो। यहूदीहरूको बारम्बारको षडयन्त्रपूर्ण कारवाई र उपद्रवका कारण तिनीहरूलाई मदीनाबाट धेरै टाढा धकेल्नु अनिवार्य भएको थियो। यदि तिनीहरू मदीनाका छेउछाउमा रहिरहेमा निश्चितरूपमा अझ धेरै रक्तपात र उपद्रव तथा षडयन्त्रहरू हुनेथिए। अत: हज़रत मुहम्मद (सल्लम)ले हुदैबियाको सन्धिबाट फर्किएको प्राय: पाँच महीनापछि मदीनाबाट केही कोश टाढारहेको खैबर नामक स्थानबाट यहूदीहरूलाई निष्कासित गर्ने निर्णय लिनुभयो किनभने त्यहाँबाट तिनीहरूले मदीनाविरुद्ध सहजपूर्वक षडयन्त्र रच्न सक्नेथिए। अत: उहाँले सोह्र सय सहाबाहरूका साथमा अगस्त 628 ई. मा खैबरतर्फ प्रस्थान गर्नुभयो। खैबर एउटा किल्लाबन्द शहर थियो र त्यसका

चारैतर्फ दुङ्गेपहाड माथि किल्लाहरू बनेका थिए। यस्तो सशक्त र सुदृढ शहरलाई त्यति थोरै सिपाहीहरूद्वारा विजय गर्नु कुनै सहजकार्य थिएन। छेउछाउका सा-साना चौकीहरू त सा-साना लडाईपछि विजय गरिए परन्तु जब यहूदीहरू एकत्रित हुँदै शहर को मुख्य किल्ला (दुर्ग)मा जम्मा भए तब त्यसलाई विजय गर्ने सबै उपायहरू खेर जानलागे। एक दिन हज़रत मुहम्मद (सल्लम) लाई खुदा तआलाका तर्फबाट यस शहरको विजय हज़रत अली (रज़ि.)को हातबाट हुनेछ भन्ने सन्देश प्राप्त भयो। उहाँले बिहानी पख आज इस्लामको कालो झण्डा त्यस व्यक्तिका हातमा दिनेछु जससित खुदा र उनको सन्देशवाहक तथा मुसलमानहरू प्रेम गर्छन खुदा तआलाले यस किल्लाको विजय त्यसका हातमा निश्चित गरेका छन भनी घोषणा गर्नुभयो। दोस्रो दिन बिहानीपख उहाँले हज़रत अलीलाई बोलाउनु भयो र झण्डा उनलाई सुम्पिनु भयो। उनलो सहाबीहरूको फौजलाई साथमा लिएर किल्लामाथि आक्रमण गरे। यहूदीहरू किल्लाभित्र सुरक्षित रहेतापनि अल्लाह तआलाले हज़रत अली(रज़ि.) र अन्य सहाबाहरूलाई त्यसदिन असाधारण शक्ति प्रदान गरे। फलतः सन्ध्या हुनुभन्दा अघि नै यो किल्ला विजय भयो र सबै यहूदीहरू र तिनीहरूका बाल-बच्चाहरू खैबर छाडेर मदीनाभन्दा धेरै टाढा जानेछन र तिनीहरूको सबै धन-सम्पत्तिमाथि मुसलमानहरूको अधिकार हुनेछ भन्ने करार भयो र जो व्यक्ति यस मामिलामा मिथ्या बयान दिनेछ र कुनै धन र वस्तु लुकाएर राख्नेछ त्यो व्यक्ति उक्त करार (सन्धि)अन्तर्गत आउने छैन र त्यसले विद्रोहीको दण्ड पाउँनेछ (भन्ने निर्णय भयो)।

# तीनवटा अचम्भका घटनाहरू

उक्त युद्धमा तीनवटा अचम्भका घटनाहरू घटित भए। तिनीहरूमध्ये एउटाको सम्बन्ध खुदा तआलाको चिह्न (चमत्कार) सित रहेको छ। दुईवटा भने हज़रत मुहम्मद (सल्लम)का उच्च आचरणहरूसित सम्बन्धित रहेका छन। चिह्न के हो भने उक्त युद्धपछि खैबरको मुखिया किनानाकी पत्नी सफिया हज़रत मुहम्मद (सल्लम)सित विवाह बन्धनमा आइन। उहाँले तिनको मुहारमा लामा लामा धर्काहरू देखेर उनलाई तिम्रा मुहारमा यी लामा लामा धर्काहरू के हुन भनी सोध्नु भयो। तिनले भनीन, हे अल्लाहका सन्देशवाहक! एकदिन मैले एउटा सपना देखें। सपनामा चन्द्रमा खसेर आयो अनि मेरो झोलीमा पस्यो। दोस्रो दिन मैले आफ्ना पतिलाई यो सपना सुनाएँ। मेरा पतिले भने, यो अचम्भको सपना हो तिम्रा पिता ठूला विद्वान रहेका छन उनलाई गएर यो सपना सुनाउनु उत्तम हुनेछ। अतः मैले आफ्ना पितालाई त्यो सपना सुनाएँ। उनले सपना सुन्नासाथ मेरो मुखमा जोडदार थप्पड हाने र भने, नालायक! के तँ अरबको सम्राटसित विवाह गर्न चाहन्छेस! (अस्सिरतुल हल्बिय्या, भाग 3, पृष्ठ 50) उसले त्यसो भन्नुको तात्पर्य के थियो भने - अरबदेशको राष्ट्रीय चिह्न चन्द्रमा थियो। यदि कसैले सपनामा चन्द्रमा झरेर आफ्नो झोलीमा खसेको देखेमा त्यसको भावार्थ अरबको सम्राटसित त्यसको सम्बन्ध स्थापित हुनु मानिन्थ्यो। यदि कसैले सपनामा चन्द्रमा टुटेको अथवा खसेको देखेमा त्यसको भावार्थ अरबको शासनमा मतभेद उत्पन्न हुनु अथवा शासनको पतन हुनु मानिन्थ्यो।

उपरोक्त सपना हज़रत मुहम्मद (सल्लम) को सत्यताको एउटा ठूलो प्रमाण थियो र यसैप्रकार खुदा तआलाले आफ्ना भक्तलाई अदृश्यको सूचना दिन्छन भन्ने कुराको पनि प्रमाण

थियो। यस्तो सूचना विश्वासीहरूलाई अधिक संख्यामा र अविश्वासीहरूलाई भने कम संख्यामा (प्रदान गर्छन)। हज़रत सफिया (रज़ि.) यद्यपि त्यससमय यहूदी धर्मावलम्भी थिइन तापनि उनलाई खुदा तआलाले त्यो अति स्पष्ट अदृश्यको सूचना प्रदान गरे। त्यस (सपना) अनुसार नै उनको (पहिलो) पति सन्धि भङ्ग गरेको दण्डस्वरूप मारियो र तिनी पहिला कुनै एकजना सहाबीको कैदमा थिइन परन्तु केही व्यक्तिहरूको प्रयासद्वारा पछिगएर हज़रत मुहम्मद (सल्लम)को निकाह (विवाह बन्धन)मा आइन। यसप्रकार त्यो अदृश्यको सूचना पूरा भयो जुन खुदा तआलाले उनलाई बताएका थिए।

दोस्रो उल्लेखनीय घटना के हो भने खैबरको घेराबन्दी गरिएकै अवधिमा एउटा यहूदी मुखियाको बाख्रा चराउने गोठालो मुसलमान भयो। त्यसपछि त्यसले भन्यो, हे अल्लाहका सन्देशवाहक! अब म तिनीहरूका बीचमा जान सक्दिन यी बाख्राहरू त्यो यहूदीका मसित धरोहर हुन अब मैले यिनीहरूलाई के गर्ने? उहाँले भन्नुभयो, बाख्राहरूलाई किल्लातर्फ लखेट र त्यसभित्र तिनीहरूलाई धकेल। खुदा तआलाले तिनीहरूलाई तिनका मालिकसम्म पुऱ्याउने छन। अतः त्यसले त्यही गऱ्यो र बाख्राहरू किल्लाका छेउमा जब पुगे त्यहाँबाट क़िल्लावासीहरूले तिनीहरूलाई भित्र लिएर गए। (सीरतुल हल्बिया, भाग 3, पृष्ठ 44) उक्त घटनाबाट हज़रत मुहम्मद (सल्लम) धरोहरको सिद्धान्तलाई कति कठोरतापूर्वक स्वयं पालन गर्नुहुन्थ्यो र अरूलाई पनि गराउनु हुन्थ्यो भन्ने कुरा ज्ञात हुन्छ। युद्ध गर्ने शत्रुहरूको धन-सम्पत्ति आज पनि युद्धको अवसरमा वैध्य ठानिन्छ। वर्तमान समयको सभ्ययुग भनिने युगमा (यस्तो उदाहरण कहाँ पाइन्छ जसमा) शत्रु फौजका हातमा आएका ती बाख्राहरूलाई तिनीहरूको किल्लातर्फ फर्काउनाले जसबाट शत्रुलाई महीनौं

खानपुग्ने खाद्य बन्थ्यो र जसद्वारा उसले लामो अवधिसम्म घेराबन्दीलाई जारी राख्न सक्थ्यो। उहाँले ती बाख्राहरूलाई किल्लावासीहरूतर्फ फर्काउने आदेश दिनुभयो किनभने त्यस मुसलमानमाथि कुनै आरोप नलागोस जसका जिम्मामा ती बाख्राहरू धरोहरको रूपमा थिए। तेस्रो घटना के थियो भने एउटी यहूदी महिलाले सहाबासित हज़रत मुहम्मद (सल्लम)ले पशुको कुन भागको मासु अधिक मन पऱ्याउनु हुन्छ भनी सोधी। सहाबाले उहाँलाई फिलोको मासु अधिक राम्रो लाग्छ भनी उत्तर दिए। त्यसपछि उसले एउटा बोको ज़बह (हत्या) गरी र ढुङ्गोमा कुटेर त्यसको कबाब (मासुको प्रकार) बनाई र त्यस मासुमा र विशेषत: त्यो फिलाको मासुमा विष मिलाई जसबारे हज़रत मुहम्मद (सल्लम)लाई सबैभन्दा अधिक राम्रो लाग्छ भनी उसलाई बताइएको थियो।

सूर्यास्तपछि जब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) बेलुकीको नमाज़ पढेर आफ्नो विश्रामगृहतर्फ फर्कदै हुनुहुन्थ्यो तब उहाँले आफ्नो डेराअगाढि एउटी महिला बसिरहेकी देख्नुभयो। उहाँले त्यसलाई तिम्रो के काम छ भनी सोध्नुभयो। उसले भनी हे क़ासिमका पिता! मैले हजूरका लागि एउटा कोसेली ल्याएकी छु। हज़रत मुहम्मद (सल्लम)ले आफ्ना एकजना साथी सहाबीलाई बोलाएर यस महिलाले दिएको वस्तु लिएर राख भनी आदेश दिनुभयो। त्यसपछि जब उहाँ भोजनका लागि बस्नुभयो तब त्यो फिलोको भुटेको मासु उहाँका सामुन्ने राखियो। उहाँले त्यसबाट एउटा गाँस खानुभयो र उहाँका एकजना साथी बशीर इब्न अल-बराअ बिन अल-मारूरले पनि एक गाँस खाए। साथै सबै सहाबाहरूले पनि मासु खानका लागि हात बढाए तब हज़रत मुहम्मद (सल्लम)ले आदेश दिदै भन्नुभयो, नखाऊ, किनभने त्यस फिलाले त्यसमा विष मिलाएको छ भनी मलाई सूचित गऱ्यो।

अर्थात त्यसको मासु चाखेर त्यसमा विष मिलाएको छ भन्ने कुरो मलाई थाहा लाग्यो। यो कुरो सुनेर बशीरले भने, जुन खुदाले हजूरलाई सम्मानित गरेका छन उनैको शपथ खाएर म के भन्छु भने मलाई पनि त्यस गाँसमा विष रहेको अनुभव भयो र त्यस गाँसलाई मुखबाट फयाक्ने मैले इच्छा गरें परन्तु मैले त्यसो गर्नाले हजूरलाई नराम्रो लाग्ला र हजूरको भोजन खेरजाला भनी त्यसो गरिन तथा जब हजूरले गाँस निल्नु भयो तब मैले पनि निलें। तर मेरो मनमा त्यसमा विष मिलेको छ भन्ने सन्देह रहेको हुनाले हजूरले त्यो गाँस ननिले हुन्थ्यो भन्ने चाहना थियो। त्यसका केही समयपछि बशीरको स्वास्थ्य बिग्रियो। केही इतिहासकारको भनाई अनुसार त उनी त्यहीं खैबरमा नै मरे र केहीको वर्णनानुसार भने केही दिन बीमार रहेर उनको स्वर्गवास भयो। उक्त घटनापछि हज़रत मुहम्मद (सल्लम)ले त्यसबाट अलिकति मासु एउटा कुकुरका सामुन्ने राख्ने आदेश दिनुभयो र त्यो (मासु) खाएर कुकुर मर्‍यो। तब हज़रत मुहम्मद (सल्लम) ले त्यस महिलालाई बोलाउनु भयो र भन्नुभयो, तिमीले त्यस बाख्रोको मासुमा विष मिलाएकी थियौ। उसले भनी, हजूरलाई कसले यसबारेमा भन्यो। उहाँको हातमा त्यससमय बाख्रोको फिलो थियो। उहाँले भन्नुभयो, यस फिलोले मलाई भन्यो। तब त्यस महिलाले उहाँप्रति भेद खुल्यो भन्ने कुरो बुझी र विष मिलाएको थियो भनी स्वीकार गरी। त्यसपछि उहाँले त्यसलाई त्यो घृणितकार्य गर्न कुन कुराले प्रेरित गर्‍यो भनी सोध्नुभयो। उसले भनी, मेरा जातिका मानिसहरूसित हजूरको लडाईं भयो र त्यसमा मेरा नातेदारहरू मारिए त्यसकारण हजूरलाई विष दिने भावना मेरो मनमा जाग्यो। यदि हजूरको कारोबार मानवीय कारोबार रहेमा हामीलाई त्यसबाट मुक्ति मिल्नेछ र यदि हजूर वास्तवमै नबी भएमा खुदा तआलाले हजूरलाई बचाउने छन।

हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)ले त्यसको कुरो सुनेर त्यसलाई क्षमा गर्नु भयो। (सीरतुल हलबिया, भाग 3, पृष्ठ 61) त्यसको दण्ड निश्चितरूपमा हत्या थियो तर माफी दिनुभयो। उक्त घटनाबाट हज़रत मुहम्मद (सल्लम)कसरी आफ्ना हत्यारा र आफ्ना मित्रहरूका हत्याराहरूलाई क्षमा गर्नुहुन्थ्यो भन्ने कुरो प्रमाणित हुन्छ। वस्तुत: उहाँ केवल त्यस अवस्थामा कसैलाई दण्ड दिनुहुन्थ्यो जब कुनै अपराधीलाई जीवित छाड्नाले भविष्यमा त्यो अत्यधिक अशान्ति र उपद्रव फैलाउने कारण बन्ने सम्भव थियो।

## का'बाको तवाफ (परिक्रमा)

हिजरत (प्रवास)को सातौं वर्ष फरवरी 629 ई. मा करार (सन्धि) अनुसार हज़रत मुहम्मद (सल्लम)ले तवाफ (परिक्रमा) का लागि जानु थियो। अत: जब त्यो समय आयो तब उहाँले दुई हजार साथीहरूसमेत का'बाको तवाफका लागि प्रस्थान गर्नुभयो। जब उहाँ मर्रतुल ज़ोहरानसम्म पुग्नुभयो जुन मक्काबाट एक बिसौनी पहिला आउँछ तब करारानुसार उहाँले समस्त भारी हतियार र कवचहरू त्यहा जमा गराउनु भयो र स्वयं सहाबाहरू समेत करारानुसार केवल नियाम (दाप) बन्द तरवारका साथ हरम (मक्काको मुख्य स्थान)मा प्रवेश गर्नुभयो। सात वर्षसम्म देशबाट बाहिर रहेर मक्कामा प्रवेश गर्नु कुनै साधारण कुरो थिएन। तिनीहरूको हृदय एकातर्फ ती मक्कामा तिनीहरूमाथि भएका भयानक अत्याचारहरूलाई स्मरण गरी अत्यन्त आहत थिए भने अर्कोतर्फ खुदा तआलाको त्यस कृपालाई देखेर जुन खुदातआलाले उनीहरूलाई का'बाको तवाफ (परिक्रमा) गर्ने पुन: अवसर प्रदान गरेवापत उनीहरू प्रसन्न पनि थिए। मक्काका मानिसहरू मक्काबाट निस्किएर पहाडको चुचुरोमा उभिएर मुसलमानहरूलाई हेरिरहेथे।

खुदा तआलाले उनीहरूलाई पुनः मक्कामा प्रवेश गर्ने सौभाग्य प्रदान गरे कि गरेनन भन्ने कुरो तिनीहरूप्रति प्रकट गर्ने इच्छा मुसलमानहरूको हृदयमा आज जागेको थियो। अतः अब्दुल्लाह बिन रवाहाले त्यस अवसरमा युद्धमा गाइने गीत गाउन आरम्भ गरे। परन्तु हज़रत मुहम्मद (सल्लम)ले तिनलाई रोक्नुभयो र यस्ता कविता नपढ भनी आदेश दिनुभयो। तथा खुदाबाहेक कोही उपास्य छैन उनै खुदा हुन जसले आफ्ना सन्देशवाहकको सहयोग गरे र मोमिन (विश्वासी)हरूलाई अपमान र तिरस्कारको खाडलबाट निकालेर उच्चस्थान प्रदान गरे। केवल खुदा नै हुन जसले शत्रुहरूलाई हाम्रा सामुन्नेबाट भगाए भनी (ईशगुण) गाऊ भन्ने उपदेश दिनुभयो। का'बाको तवाफ र सफा तथा मरवाका बीचमा सओी (दौड) समापन गरी उहाँ आफ्ना सहाबाहरूसहित तीन दिन ठहर्नुभयो। हज़रत अब्बासकी साली जो लामो समयदेखि विधवा थिइन र मक्कामै बस्थिन हज़रत अब्बासले हज़रत मुहम्मद (सल्लम)ले तिनीसित विवाह गरे हुन्थ्यो भन्ने इच्छा प्रकट गरे। उहाँले स्वीकार गर्नुभयो। चौथो दिन मक्कावासीहरूले उहाँलाई करारानुसार मक्काबाट निस्कन अनुरोध गरे। अतः उहाँले तत्काल सबै सहाबाहरूलाई मक्का छाडेर मदीनातर्फ प्रस्थान गर्ने आदेश दिनुभयो। मक्कावासीहरूको भावनालाई ध्यानमा राख्दै उहाँले नवविवाहिता मैमूनालाई पनि त्यससमय त्यहीं छाड्नुभयो र पछि आउने भारवाहक टोलीसित तिनलाई ल्याउने आदेश दिनुभयो र स्वयं भने आफ्नो सवारीलाई दौडाएर हरम (मुख्य मक्का)को सीमाबाट बाहिर निस्कनुभयो। त्यहीं बेलुकीपख उहाँकी पत्नी मैमूनालाई पुऱ्याइयो र पहिलो रात त्यहीं जंगलमा मौमूना हज़रत मुहम्मद (सल्लम)का सेवामा प्रस्तुत भइन।

# हज़रत मुहम्मद (सल्लम)को बहुविवाह प्रति आपत्तिको उत्तर

यससमय जुन प्रकारको संक्षिप्त जीवनी म लेखिरहेछु यसमा यसप्रकारको घटना वर्णन गर्ने कुनै औचित्य छैन। परन्तु यस घटनाको एउटा विशेष पक्ष रहेको छ जसले मलाई यहाँ यस साधारण घटनाबारे लेख्न वाध्य गरेको छ र त्यो के हो भने हज़रत मुहम्मद (सल्लम) प्रति उहाँका धेरैवटी पत्नीहरू थिए र उहाँको त्यो कार्य अय्यासी (योनोपभोग)मा आधारित थियो भनी आपत्ति गरिन्छ। परन्तु जब उहाँका पत्नीहरूको उहाँसितको सम्बन्धप्रति हामी ध्यान दिन्छौ तब उहाँको सम्बन्ध तिनीहरूसित यस्तो पवित्र, निस्वार्थ र आध्यात्मिक थियो जस्तो सम्बन्ध कुनै एउटी पत्नी रहेको पुरुषको पनि आफ्नी पत्नीसित हुनसक्दैन भन्ने कुरो स्वीकार गर्न हामी बाध्य हुन्छौं। यदि हज़रत मुहम्मद (सल्लम)को आफ्ना पत्नीहरूसितको सम्बन्ध अय्यासीको रहेको भए त्यसको परिणामस्वरूप निश्चितरूपमा उहाँका पत्नीहरूको हृदय कुनै आध्यात्मिक धारणाले प्रेरित हुनेथिएन। परन्तु उहाँका पत्नीहरूको हृदयमा उहाँप्रति जुन प्रेम थियो र उहाँबाट जुन पुण्य प्रभाव तिनीहरूले लिएका थिए त्यो उहाँको मृत्युपछिका धेरै ती घटनाहरूबाट प्रकट हुन्छ जुन उहाँका पत्नीहरूबारे इतिहासबाट प्रमाणित छन। उदाहरणत: यही मौमूनाको हरम (मक्काक्षेत्र)बाट बाहिर एउटा तम्बुमा पहिलोपटक हज़रत मुहम्मद (सल्लम) सित भेटको साधारण घटनालाई नै हेरौं। यदि हज़रत मुहम्मद (सल्लम)को सम्बन्ध तिनीसित कुनै शारीरिक मात्र रहेको भए र केही पत्नीहरूलाई अन्य केही पत्नीहरूमाथि प्राध्यानता दिने गरेको भए मैमूलाले उक्त घटनालाई आफ्नो जीवनको कुनै

राम्रो घटना मान्ने थिइनन अपितु उक्त घटनालाई शीघ्र भुल्ने प्रयास गर्नेथिइन परन्तु मैमूना (रज़ि.) हज़रत मुहम्मदको मृत्युपछि पचास वर्ष जीवित रहीन र अस्सी वर्षको आयुमा मृत्यु प्राप्त गरीन परन्तु त्यस मंगलमय सम्बन्धलाई उनले जीवनभर भुल्न सकिनन। अस्सी वर्षको आयुमा जब यौवनका भावनाहरू शिथिल भइसकेका हुन्छन हज़रत मुहम्मद (सल्लम)को मृत्युको पचास वर्षपछि जुन एउटा लामो आयु मानिन्छ त्यसअवस्तामा मैमूनाको मृत्यु भयो। त्यस अवसरमा उनले आफ्ना छेउछाउमा रहेका मानिसहरूलाई मेरो मृत्युपश्चात तिमीहरूले मक्काबाट एक कोश टाढा रहेको त्यस ठाउँमा जहाँ हज़रत मुहम्मद (सल्लम)को तम्बु लगाइको थियो र जहाँ पहिलोपटक उहाँको सेवामा म उपस्थित भएकी थिएँ मेरो क़ब्र (समाधि) बनाउनु र मलाई पुर्नु भनी निवेदन गरीन। (सीरतुल हलबिया, भाग 3, पृष्ठ 73)। संसारमा सत्य घटनाहरू पनि हुन्छन र कथा कहानीहरू पनि हुन्छन। परन्तु सत्य घटनाहरूबाट र कथा कहानीहरूबाट कुनै घटना उक्त गहिरो प्रेम भन्दा अधिक रोचक र प्रभावपूर्ण घटना प्रस्तुत गर्न सकिन्छ र?

# खालिद बिन वलीद र उम्रुबिन अल्आसको इस्लाम ग्रहण

का'बाको दर्शन गरेर फर्किएपछि शीघ्र नै दुईजना यस्ता मानिसहरू इस्लाममा प्रवेश गरे जो इस्लामविरुद्ध भएका युद्धहरूमा प्रारम्भदेखि लिएर त्यससमयसम्म कुफ्फार (मक्काका अविश्वासीहरू) का प्रमुख जर्नैलहरूमा शामेल थिए। र तिनीहरू इस्लाम ग्रहण गरेपछि इस्लामका यस्ता प्रख्यात जर्नैल बने जसको नाम इस्लामी

इतिहासबाट मेटाउन सकिन्न। अर्थात खालिद बिन वलीद जसले पछिगएर रोमन साम्राज्यको नीव नै हल्लाइदिएका थिए र जसले राज्य पछि राज्य विजय गरेर इस्लामी शासनान्तर्गत गरे। यसैगरी उमरू बिन अल्आस तीं हुन जसले मिस्र (इजिप्त) विजय गरी इस्लामी शासनान्तर्गत गरे।

# मूताको युद्ध

जब उहाँ का'बाको दर्शन र परिक्रमा गरी फर्कनुभयो तब उहाँलाई शाम (सिरिया)को सीमावर्ती क्षेत्रमा अरबका ईसाई कबीलाहरू यहूदीहरूले कुफ्फारहरूको उक्साइमा आएर मदीनामाथि आक्रमण गर्ने तयारी गरिरहेछन भन्ने सूचना प्राप्त भयो। अत: उहाँले पन्द्रहजना मानिसहरूको एउटा टोली त्यस खबरको वास्तविकता जान्नका लागि शामको सीमातर्फ पठाउनु भयो। जब तिनीहरू शाम (सिरिया)को सीमामा पुगे तब त्यहाँ एउटा लश्कर एकत्रित भइरहेको देखे। तब तिनीहरूले फर्किएर हज़रत मुहम्मद (सल्लम)लाई सूचित गर्नुको सट्टा तबलीग़ (प्रचार)को जोश आएकोले अघिबढेर ती मानिसहरूलाई इस्लामको सन्देश दिन आरम्भ गरे (त्यस जमानामा तबलीग़को जोश साँचा मोमिन (विश्वासी)हरूको पहिचान हुनेगर्‍थ्यो)। शत्रुले उक्साएका ती मानिसहरू जसले हज़रत मुहम्मद (सल्लम)को देशमा आक्रमण गरी त्यसलाई जित्न चाहन्थे तिनीहरू एक खुदाको अर्थात ऐकेश्वरवादको शिक्षाबाट कहाँ प्रभावित हुनसक्थे र। जब तिमीहरूले उनीहरूलाई इस्लामको शिक्षाबारे बताउन लागे चारैतर्फ बाट सिपाहीहरू तिनीहरूमाथि तीर बर्साउन लागे। मुसलमानहरूले जब आफ्नो प्रचारको बदलामा तर्कहरू प्रस्तुत गर्नुको सट्टा तीर चलाएको देखे तब तिनीहरू भागेनन अपितु साँचा मुसलमानको

रूपमा ती सैकड़ौं हज़ारौं मानिसहरूका विरुद्ध संघर्षमा डटिरहे र अन्ततः ती सबैजना त्यहीं मारिए। हज़रत मुहम्मद (सल्लम) ले एउटा अर्को लश्कर पठाएर ती अत्याचारीहरूलाई दण्ड दिने धारणा लिनुभयो। परन्तु त्यहींसमय त्यो लश्कर जहाँ एकत्रित भइरहेथ्यो त्यहाँबाट तितरबितर भयो भन्ने सूचना प्राप्त भयो त्यसकारण उहाँले केही समयको लागि आफ्नो योजना स्थगित गर्नुभयो।

हज़रत मुहम्मद (सल्लम)ले त्यही अवसरमा रोमी शासनका तर्फबाट नियुक्त बसराको हाकिम गस्लान कबीलाको सरदारलाई अथवा स्वयं रोमी सम्राटलाई पत्र लेख्नुभयो। सम्भवतः त्यस पत्रमा केही शामी कबीलाहरूले इस्लामी क्षेत्रमा आक्रमण गर्न लागिरहेछन र तिनीहरूले बिनाकारण पन्द्रहजना मुसलमानहरूको हत्या गरे भनी उपरोक्त घटनाको सिकायत लेखिएको थियो। यो पत्र अल्हरस नामक एकजना सहाबीको हातमा पठाइको थियो। तिनी शामतर्फ जाने बाटोमा मूता नामक एउटा स्थानमा ठहरे जहाँ गस्सान कबीला (समूह)को एउटा मुखिया शर्जीलसित जो रोमी सम्राटद्वारा नियुक्त हाकिम थियो उनको भेट भयो। उसले उनलाई तिमी कहाँ जाँदैछौ भनी सोध्यो तथा सम्भवतः तिमी हज़रत मुहम्मद (सल्लम)का दूत हौ भनी प्रश्न गर्‍यो। उनले हो भनी उत्तर दिए तब त्यसले उनलाई गिरफ्तार गर्‍यो र रस्सीले बाँधेर हिर्काइ हिर्काइकन तिनको हत्या गर्‍यो। यद्यपि इतिहासमा यसको व्याख्या गरिएको छैन परन्तु जुन लश्करले पहिला पन्द्रहजना सहाबीहरूलाई मारेको थियो यो व्यक्ति सम्भवतः तिनीहरूको मुखियाहरूमध्ये एउटा हो भन्ने कुरो उक्त घटनाले दर्शाउँछ। अतः त्यसको तिमी सम्भवतः हज़रत मुहम्मद (सल्लम)का दूत हौ भन्ने त्यो प्रश्नले के स्पष्ट हुन्छ भने हज़रत मुहम्मद (सल्लम)ले रोमी सम्राटसमक्ष तिम्रा क्षेत्रका मानिसहरू

हाम्रा क्षेत्रका मानिसहरूमाथि आक्रमण गरिरहेछन भनी सिकायत गर्नुहुनेछ र त्यसवापत सम्राटले मलाई सोधपूछ गर्नेछ भनी त्यो डरायो। अत: उसले त्यस दूतको हत्या गर्नुमा नै आफ्नो कल्याण देख्यो। किनभने न सूचना पुग्नेछ न सोधपूछ हुनेछ। परन्तु अल्लाह तआलाले तिनीहरूको त्यस कुचेष्टालाई पूरा हुनदिएनन। अत: हज़रत मुहम्मद (सल्लम)लाई हरसको हत्याबारे कहीं न कहींबाट सूचना मिलि नै हाल्यो। उहाँले पहिलो घटना र यस घटनाको दण्ड दिनका लागि तीन हजारको लश्कर तयार गरी ज़ैद बिन हारसा (यिनी उहाँका मुक्त गरिएका दास थिए। यिनको चर्चा पहिला गरिएको छ)को अगुवाइमा शामतर्फ पठाउनु भयो। उहाँले ज़ैद बिन हारसा यस लश्करका कमाण्डर हुनेछन तथा यदि उनी मारिएमा जअफर बिन अबी तालिब कमाण्डर हुनेछन र यदि उनी मारिएमा अब्दुल्लाह बिन रवाहा कमाण्डर हुनेछन र यदि उनी पनि मारिएमा मुसलमानहरूले परस्पर सल्लाह मसविरा गरी आफूहरूमध्ये कसैलाई निर्वाचित गर्नु भनी आदेश दिनुभयो। त्यससमय एउटा यहूदी उहाँको सभामा उपस्थित थियो त्यसले भन्यो, हे क़ासिमका पिता! यदि तपाईं साँचो भएमा यी तिनैजना अवश्य मारिनेछन किनभने अल्लाह तआलाले आफ्ना नबीहरूको मुखबाट निस्किएको कुरोलाई पूरा गर्नेगर्छन। पुन: त्यो व्यक्ति ज़ैदतर्फ फर्कियो र भन्नलाग्यो, म तिमीसित सत्य सत्य कुरो गर्छु, यदि मुहम्मद (सल्लम) खुदाका साँचा नबी हुन भने तिमी कदापि जीवित फर्कने छैनौ। ज़ैदले त्यसलाई उत्तरदिदै भने, म फर्केर आउँ अथवा नआउँ परन्तु हज़रत मुहम्मद (सल्लम) खुदाका साँचा नबी हुनुहुन्छ। दोस्रो दिन बिहानीपख त्यस लश्करले प्रस्थान गऱ्यो र हज़रत मुहम्मद (सल्लम) तथा सहाबाहरू त्यसलाई छाड्न गए। हज़रत मुहम्मद (सल्लम)को जीवनमा उहाँको अगुवाइबिना यत्रो ठूलो लश्कर

कुनै मुसलमान जर्नैलान्तर्गत कुनै ठूलो कामका लागि गएको थिएन। हज़रत मुहम्मद (सल्लम) त्यस लश्कर सँगसँगै हिडि रहनुभएथ्यो र तिनीहरूलाई अर्ती र उपदेश दिदै जानुहुन्थ्यो। अन्ततः मदीनाबाट बाहिर त्यस ठाउँमा पुगेर जहाँबाट उहाँ पहिलोपटक मदीनामा प्रवेश गर्नुभएथ्यो र जहाँबाट साधारणतः मुसलमानहरू आफ्ना पथिकहरूलाई विदा गर्नेगर्थे उहाँ उभिनु भयो र भन्नुभयो, म तिमीहरूलाई अल्लाहको डर मनमा राख्ने अर्ती दिन्छु। तिमीहरूसित जति पनि मुसलमानहरू छन तिनीहरूसित उत्तम व्यवहार गर्ने उपदेश दिन्छु। तिमीहरू अल्लाहको नाम लिएर युद्धमा जाऊ र शाम (सिरिया)मा रहेका खुदाका शत्रुहरूसित लडाईं गर। जब तिमीहरू शाम पुग्छौ त्यहाँ तिमीहरूले उपासना गृहमा बसेर खुदाको नाम जप्ने मानिसहरू भेट्नेछौ तिनीहरूसित तिमीहरूले कुनैप्रकारको मुठभेड नगर्नु र तिनीहरूलाई कुनै प्रकारको कष्ट नदिनु। शत्रुका देशका कुनै महिलालाई नमार्नु। न त कुनै अन्धोलाई मार्नु न वृधलाई मार्नु। न कुनै वृक्षलाई काटनु न कुनै भवन भत्काउनु। यो उपदेश दिएर हज़रत मुहम्मद (सल्लम) त्यहाँबाट फर्कनुभयो र त्यो इस्लामी लश्कर शामतर्फ अघिबढ्यो। इस्लामका तर्फबाट ईसाईहरूका विरुद्ध निस्किएको यो पहिलो लश्कर थियो। जब यो लश्कर शामको सीमामा पुग्यो तब कैसर (रोमी सम्राट) पनि त्यसतर्फ आएको छ र उससित एकलाख रोमी सिपाही तथा प्राय एक लाख अरबका क़बाइली (आदिवासी) ईसाई सिपाहीहरू छन भन्ने जानकारी मिल्यो। मुसलमानहरूले तब मार्गमै डेरा लगाएर पहिला हज़रत मुहम्मद (सल्लम)लाई सूचित गर्ने सल्लाह गरे ता यदि उहाँले अधिक सहायता पठाउन चाहेमा पठाउन सक्नुहुनेछ र यदि कोई आदेश दिन चाहेमा दिनुहुनेछ। जब त्यो सल्लाह र परामर्श भइरहेथ्यो त्यही अवसरमा अब्दुल्लाह बिन रवाहा जोशका साथ खडा भएर

भन्नलागे, ऐ मानिसहरूहो! तिमीहरू आफ्ना घरबाट खुदाका मार्गमा शहीद हुनका लागि निस्किएका थियौ र जुनकुराको लागि तिमीहरू निस्किएका थियौ अब त्यसप्रति भयभीत भइरहेछौ। हामी आफ्नो संख्या र आफ्नो शक्ति तथा आफ्नो बहुसंख्याको आधारमा त शत्रुविरुद्ध लडाईं गर्दैआएका थिएनौं। हामी त त्यस धर्मको लागि शत्रुसित लड्दै आएका हौं जुन खुदा तआलाले आफ्नो कृपाद्वारा हाम्रा निम्ति उतारेका हुन। यदि शत्रुको संख्या अधिक छ भने होस। हामीलाई दुईवटा पुण्यहरूमध्ये एउटा अवश्य मिल्नेछ। या त हामी विजयी हुनैछौं अथवा हामी खुदाको मार्गमा शहीद हुनेछौं। मानिसहरूले तिनको त्यो कुरो सुनेर भने, इब्ने रवाहाको कुरो नितान्त ठीक हो। अतः तत्काल यात्रा गर्ने आदेश दिइयो। जब तिनीहरू अघिबढे तब तिनीहरूले रोमी लश्करलाई आफूतर्फ आउँदै गरेको देखे तब मुसलमानहरूले मूता नामक स्थानमा आफ्नो फौजको पंक्ति बाँधे र लडाईं आरम्भ भयो। केही समयपक्षात मुसलमानहरूका कमाण्डर ज़ैद बिन हारसा शहीद भए तब हज़रत मुहम्मद (सल्लम)का काकाका पुत्र जअफर बिन अबी तालिबले इस्लामी फौजको झण्डा आफ्नो हातमा लिएर फौजको कमान सम्भाले जब उनले शत्रु सेनाको रेलो बढ्दै गरेको देखे र मुसलमानहरू आफ्नो संख्याको कमीका कारण तिनीहरूको दबाउ र थिचोलाई सहन सकिरहेका थिएनन तब उनी शीघ्राताका साथ घोडाबाट ओर्लिए र आफ्नो घोडाका खुट्टा काटिदिए। यसको अर्थ थियो कम से कम म त अब यस युद्धभूमिलाई छाडेर भाग्नेछैन। म मृत्युलाई स्वीकार्छु परन्तु भाग्न मन पर्याउँदिन। यो अरबको एउटा चलन थियो। तिनीहरू घोडाको खुट्टा सवारी बिना यताउता भागेर लश्करमा हाहाकार मचाउन नसकून भनी काट्ने गर्थे। केही समयको युद्धपछि उनको दाहिने हात काटियो तब उनले बायाँ हातले झण्डा समाते। उनको बायाँ हात पनि

काटियो। तब उनी दुवै काटिएका हातका टुण्डाले झण्डा थामेर छातीमा दबाएर मैदानमा खडा रहे। अन्ततः उनी शहीद भए तब अब्दुल्लाह बिन रवाहाले हज़रत मुहम्मद (सल्लम)को आदेशानुसार झण्डा पक्डे र तिनी पनि शत्रुसित लड्दै मारिए। त्यससमय मुसलमानहरूसित परस्पर सल्लाह गरेर कसैलाई कमाण्डर नियुक्त गर्ने समय थिएन। शत्रु पक्षको अधिकतालाई देखेर मुसलमानहरू रणभूमि छाडेर भाग्नै लागेका थिए त्यही अवसरमा खालिद बिन वलीदले आफ्ना एकजना मित्रको अनुरोध स्वीकारेर झण्डा थामे अनि संध्याकालसम्म शत्रुसित युद्ध गरिरहे।

दोस्रो दिन पुनः आफ्नो थकित र चोटिल लश्करलाई लिएर शत्रुसित लड्नका लागि निस्किए। उनले आफ्नो चतुऱ्याँइद्वारा अग्रिम पंक्तिका सिपाहीहरूलाई पछि र पछिका सिपाहीहरूलाई अग्रिम पंक्तिमा खडा गरे। यसैगरी दायाँतर्फकालाई बायाँतर्फ र बायाँतर्फकालाई दायाँतर्फ खडा गरी यसप्रकार जयध्वनी लगाए जसलाई देखेर शत्रुहरूले मुसलमानहरूलाई पछिबाट सहायता मिल्यो भनी ठाने र तिनीहरू पछि हटे। यसप्रकार खालिदले इस्लामी लश्करलाई बचाएर फर्काए।

(सीरतुल हलबिया, भाग 3, पृष्ठ 75)

हज़रत मुहम्मद (सल्लम)लाई अल्लाह तआलाले त्यस घटनाबारे त्यसैदिन ईशवाणीद्वारा सूचित गरे र उहाँले घोषणा गरी सबै मुसलमानहरूलाई मस्जिदमा जम्मा गर्नुभयो। जब उहाँ मेम्बर (स्टेज)मा चढ्नुभयो तब उहाँका नेत्रहरूबाट आँसु बगिरहेका थिए। उहाँले भन्नुभयो, हे मानिसहरूहो! म तिमीहरूलाई युद्धमा गएका लश्करका बारेमा सूचित गर्छु। त्यो लश्कर यहाँबाट गएर शत्रुसित भिड्यो र लडाईं आरम्भ हुनासाथ पहिला ज़ैद शहीद भए। अतः तिमीहरू ज़ैदका लागि दुआ (प्रार्थना) गर। त्यसपछि जअफरले झण्डा उठाए र शत्रुमाथि आक्रमण गरे। उनी पनि

शहीद हुनगए। अतः तिमीहरू उनका लागि पनि दुआ गर। पुनः अब्दुल्लाह बिन रवाहाले झण्डा संभाले र अत्यन्त साहसका साथ लश्करलाई लडाए परन्तु अन्ततः उनी पनि शहीद भए। अतः तिमीहरू उनका लागि पनि दुआ गर। त्यसपछि झण्डा खालिद बिन वलीदले लिए। उनलाई मैले कमाण्डर नियुक्त गरेको थिइँन परन्तु उनले स्वयंलाई कमाण्डर नियुक्त गरे। तिनी खुदातआलाका तरवारहरूमध्ये एउटा तरवार हुन। अतः तिनले खुदा तआलाको सहयोगबाट इस्लामी लश्करलाई सुरक्षापूर्वक फर्काएर ल्याए। उहाँको त्यस भाषणका कारण खालिदको नाम मुसलमानहरूमा सैफुल्लाह अर्थात खुदाको तरवार प्रख्यात भयो। खालिद किनभने धैरे पछिगएर मुसलमान भएका थिए त्यसैले केही सहाबाहरू ठठ्ठा गर्दै अथवा कुनै झगडाको अवसरमा उनलाई जिस्क्याउने गर्थे। एकपटक कुनै यस्तै कुरो चल्दा हज़रत अब्दुर्रहमान बिन औफसित उनको विवाद भयो। उनले हजरत मुहम्मद (सल्लम) समक्ष उनको सिकायत गरे। उहाँले भन्नुभयो, ऐ खालिद! तिमी यस व्यक्तिलाई जो बदर (युद्ध)को समयदेखि इस्लामको सेवा गर्दै आइरहेछ किन सताइरहेछौ। यदि तिमीले ओहद (पहाड) बराबर सुन खर्च गरेतापनि यसका बराबर खुदा तआलाबाट पुरस्कार प्राप्त गर्न सक्नैछैनौ। यो कुरो सुनेर खालिदले भने, हे अल्लाहका रसूल! यी मलाई होच्याएर बोल्छन त्यसैले म पनि जवाफ दिन्छु। हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, तिमीहरू खालिदलाई कष्ट दिने नगर। यी अल्लाह तआलाका तरवारहरूमध्येका एउटा तरवार हुन जसलाई खुदा तआलाले कुफ्फार (इस्लामका शत्रुहरू)को हत्या गर्नका लागि निकालेका हुन। (बुखारी किताबुल मग़ाज़ी)

उपरोक्त भविष्यवाणी केहीवर्ष पछि अक्षराक्षर पूरा भयो। जब खालिदले आफ्नो लश्करलाई फर्काएर ल्याए तब मदीनाका ती सहाबाहरूले जो (त्यस लश्करमा) गएका थिएनन उनको

लश्करलाई भगौडे भन्नलागे। तिनीहरूको भनाई को अर्थ थियो - तिमीहरू उहाँ नै लडदै मरेका भए ठीक थियो फर्किएर नआएका भए उचित थियो। परन्तु हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, यिनीहरू भगौडे होइनन बरू बारम्बार फर्किएर शत्रुमाथि आक्रमण गर्ने सिपाहीहरू हुन। यसप्रकार उहाँले मुसलमानहरूले भविष्यमा शाम (सिरिया) सित गर्ने युद्धहरूको भविष्यवाणी गर्नुभयो।

# मक्का विजय

8 हिजरी रमजानको महीनामा अर्थात दिसम्बर 629 ई. मा हज़रत मुहम्मद (सल्लम) ले त्यस अन्तिम युद्धका लागि प्रस्थान गर्नुभयो जसले अरबमा इस्लामलाई स्थापित गर्‍यो। यसको थालनी कसरी भयो भने हुदैबियाको सन्धिका अवसरमा तोकिएका शर्तहरू अनुसार अरबका कबीलाहरूमध्ये जसले चाहे मक्कावासीहरूसित गठबन्धन गर्न सक्नेछन र जसले चाहे हज़रत मुहम्मद (सल्लम)सित गठबन्धन गर्न सक्नेछन परन्तु दस वर्षसम्म दुवैपक्षलाई एकअर्काको विरुद्ध युद्ध गर्ने अनुमति मिल्नेछैन। यदि कुनै पक्षले त्यस करारलाई तोडेमा त्यो अर्कै कुरो हो भन्ने कुरामा सन्धि भएको थियो। त्यस शर्तानुसार अरबको बनू बकर कबीला (समूह) मक्कावासीहरूसित मिलेको थियो। यसैगरी खजाआ कबीला हज़रत मुहम्मद (सल्लम)सित मिलेको थियो। अरबका कुफ्फार (इस्लामका विरोधीहरू) सन्धिका शर्तहरूको पालना त्यति गर्दैनथे। विशेषगरी मुसलमानहरूका सम्बन्धमा। अतः बनू बकर कबीलाको खजाआ कबीलासित पुरानो शत्रुता थियो। हुदैबियाको सन्धि भएको केही समयपछि तिनीहरूले मक्कावासीहरूका बीचमा खजाआ कबीला त सन्धिप्रति पूर्णरूपले सन्तुष्ट छ त्यसकारण तिनीहरूसित प्रतिशोध लिने यही उत्तम अवसर रहेको छ भन्ने

चर्चा फैलाए। अतः मक्काका कुरैशहरू र बनू बकर कबीलाले मिलेर रातको समयमा बनू खज़ाआ कबीलामाथि आक्रमण गरे र तिनीहरूका धेरैजना मानिसहरूको हत्या गरे। खज़ाआ कबीलालाई जब कुरैशहरूले बनू बकर कबीलासित मिलेर त्यो आक्रमण गरेको हो भन्ने ज्ञात भयो तब तिनीहरूले यस सन्धिभङ्गको सूचना हज़रत मुहम्मद (सल्लम)लाई दिनका लागि चालीस जना मानिसहरूलाई द्रुतगामी ऊँटहरूमा सवार गरी मदीनातर्फ पठाए। साथै तिनीहरूले परस्पर सन्धि अनुसार अब मक्कामाथि आक्रमण गरी हाम्रो बदला लिने कर्तव्य हजूरको हो भन्ने सन्देश पठाए। जब त्यो समूह हज़रत मुहम्मद सल्लमको सेवामा उपस्थित भयो तब उहाँले भन्नुभयो, तिमीहरूको वेदना मेरो वेदना हो म आफ्नो करारप्रति कायम छु। त्यससमय वर्षा भइरहेको थियो उहाँले त्यसतर्फ सङ्केत गरी भन्नुभयो, जसरी त्यस बादलबाट वर्षा भइरहेछ त्यसरी नै तिमीहरूको सहायताका लागि शीघ्र भन्दा शीर्घ इस्लामी फौज आइपुग्नेछ। जब मक्कावासीहरूलाई त्यस घटनाको खबर मिल्यो तब तिनीहरू भयभीत भए र तुरुन्तै अबू सूफियानलाई मुसलमानहरूको आक्रमण रोक्नका लागि मदीनातर्फ पठाए। अबू सुफियानले मदीना पुगेर हज़रत मुहम्मद (सल्लम) लाई म हुदैबियाको सन्धिको समयमा उपस्थित थिइँन त्यसकारण पुनः नयाँ सन्धि गरियोस भनी अनुरोध गऱ्यो। हज़रत मुहम्मद (सल्लम)ले त्यसको कुराको केही उत्तर दिनुभएन।

यदि उहाँले उत्तर दिनुभएको भए भेद खुल्नेथियो। अबू सुफियानले निराश भएर मस्जिदमा उभिएर भयभीत अवस्थामा घोषणा गऱ्यो, ऐ मानिसहरूहो! म मक्कावासीहरूका तर्फबाट नवीन रूपमा तिमीहरूका लागि शान्तिको घोषणा गर्छु। यो कुरो सुनेर मुसलमानहरू त्यसको मूर्खताप्रति हाँस्नलागे। हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, ऐ अबू सुफियान! तिमी एकतर्फा घोषणा

गरिरहेछौ। हामीले कुनै यस्तो करार तिमीहरूसित गरेका छैनौं।

हज़रत मुहम्मद (सल्लम)ले त्यहीबेला चारैदिशामा मुसलमान कबीलाहरूतर्फ दूतहरू पठाउनु भयो। जब मुसलमान कबीलाहरू एकत्रित भए भन्ने सूचना मिल्यो र ती कबीलाहरू मक्काको मार्गमा मुसलमान फौजसित सम्मिलित हुदैजानेछन भन्ने थाहालाग्यो तब उहाँले मदीनाका मानिसहरूलाई आ-आफ्ना शस्त्र-अस्त्रका साथ तयार हुने आदेश दिनुभयो। जनवरी 630 ई. को पहिलो तारीखका दिन यो लश्कर मदीनाबाट प्रस्थान गऱ्यो। मार्गमा चौतर्फबाट मुसलमान कबीलाहरू आएर लश्करमा सम्मिलित हुँदैगए। केही कोश यात्रा गरी जब यो लश्करले फारानको जंगलमा प्रवेश गऱ्यो तब त्यसको संख्या सुलैमान नबीको भविष्यवाणी अनुसार दस हजारसम्म पुगिसकेको थियो। यता यो लश्कर मक्कातर्फ अघिबढिरहेथ्यो भने अर्कोतर्फ मक्कावासीहरू वातावरणमा छाएको सन्नाटोको कारण अत्यधिक भयभीत थिए। अन्ततः तिनीहरूले पुनः अबू सुफियानलाई मक्काबाट बाहिर निस्किएर मुसलमान के गर्न चाहन्छन भन्ने कुराको थाहा लगाउनका निम्ति तयार गरे। मक्काबाट एक बिसौनी बाहिर पुगेर अबू सुफियानले रात्रि समयमा जंगललाई आगोको प्रकाशले जगमगाएको देख्यो। हज़रत मुहम्मद (सल्लम)ले सबै डेराहरूका अगाढि आगो बालेर राख्ने आदेश दिनुभएको थियो। जंगलमा दसहजार मानिसहरूका लागि डेराहरूका अगाढि दन्किदो आगोले एउटा भयानक दृश्य प्रस्तुत गरिरहेथ्यो। अबू सुफियानले आफ्ना साथीहरूलाई त्यो के हो भनी सोध्यो। के आकाशबाट कुनै लश्कर उत्र्यो, किनभने अरबको कुनै जातिको यत्रो ठूलो लश्कर छैन। उसका साथीहरूले भिन्न-भिन्न कबीलाहरूको नाम लिए। परन्तु उसले भन्यो, होइन होइन अरबका क़बीलाहरूमध्ये कसैको यत्रो ठूलो लश्कर कहाँ

हुनसक्छ। यही कुरो चलिरहेको अवस्थामा अँध्यारोबाट एउटा शब्द सुनियो, अबू जन्ज़ला! (यो अबू सुफियानको दोस्रो नाम थियो) यसप्रति अबू सुफियानले भन्यो, अब्बास तिमी यहाँ कसरी? उनले उत्तर दिए, मुहम्मद (सल्लम)को लश्करले यहीं अगाढि डेरा लगाएको छ त्यसकारण यदि तिमीहरूले शीघ्र नै कुनै उपाय नगरेमा तिमीहरूका लागि पराजय र अपमान निश्चित छ। अब्बास अबू सुफियानका पुराना मित्र थिए त्यसैले उनले अबू सुफियानलाई आफुसित सवारीमा बसेर हज़रत मुहम्मद (सल्लम) का सेवामा उपस्थित हुन जोड लगाए। अतः उनले त्यसको हात समातेर आफुसित सवार गरेर ऊँटलाई ऐडी लगाए अनि तत्काल हज़रत मुहम्मद (सल्लम)को सेवामा उपस्थित भए। हज़रत अब्बासलाई हज़रत उमरको जो उनीसित पहरामा थिए कहीं त्यसलाई मारिदेलान कि भन्ने डर थियो। परन्तु हज़रत मुहम्मद (सल्लम)ले पहिला नै यदि अबू सुफियानलाई तिमीहरूमध्ये कसैले भेटेमा नमार्नु भनी आदेश दिनुभएको थियो। यो सबै दृश्यले अबू सुफियानको हृदयमा एउटा ठूलो परिवर्तन ल्याइसकेको थियो। केही वर्षअघि हामीले हज़रत मुहम्मद (सल्लम) लाई केवल एकजना साथीका साथ मक्काबाट निस्कन वाध्य गरेका थियौं परन्तु आज सात वर्ष भित्रैमा उहाँ दस हज़ार निष्ठावानहरूसहित मक्कामाथि अत्याचार र उत्पीडन बिना नै उचित रूपमा आक्रमण गर्न तयार हुनुहुन्छ र मक्कावासीहरूमा उहाँलाई रोक्ने शक्ति छैन भन्ने कुरो अबू सुफियानले देख्यो। अतः हज़रत मुहम्मद (सल्लम) का सेवामा पुग्दा पुग्दै ती सोचहरू र केही भय र आतङ्कका कारण अबू सुफियान अक्कमक्क परिसकेको थियो। हज़रत मुहम्मद (सल्लम)ले त्यसको त्यो अवस्था देखेर हज़रत अब्बासलाई अबू सुफियानलाई आफुसित लिएर जाऊ र राति आफुसितै राखेर बिहान मकहाँ लिएर आऊ भनी आदेश दिनुभयो। अतः

रातभरि अबू सुफियान हज़रत अब्बाससित रह्यो। जब बिहान उसलाई लिएर हज़रत मुहम्मद (सल्लम)को सेवामा उपस्थित भए त्यससमय प्रातकालको नमांजको समय थियो। मक्काका मानसहरूलाई प्रातकालमा उठेर नमाज़ पढ्नेबारे के थाहा थियो र। उसले मुसलमानहरूलाई लोटामा पानी लिएर एताउता आउँदै जाँदै गरेको देख्यो। कसैलाई वज़ू (मुख हात धुनु) गरेको देख्यो तथा कसैलाई पंक्तिवद्ध रूपमा उभिएको देख्यो।

अबू सुफियानले मनमा सम्भवतः मेरा लागि कुनै नयाँप्रकारको दण्डको व्यवस्था भइरहेछ भन्ने ठान्यो। उसले डराउँदै हज़रत अब्बासलाई यी मानिसहरू बिहानै यो के गरिरहेछन भनी सोध्यो। हज़रत अब्बासले भने, तिमीले डराउनु पर्ने केही छैन। यी मानिसहरू नमाज़ पढ्न लागिरहेछन। त्यसपछि अबू सुफियानले हज़ारौं मुसलमानहरूलाई हज़रत मुहम्मद (सल्लम)का पछाडि उभिएको देख्यो। जब उहाँले रुकू (झुक्नु) गर्नुहुन्थ्यो ती सबैले रुकू गर्थे र जब उहाँले सज्दा (साष्टाङ्ग प्रणाम) गनुहुन्थ्यो ती सबैले सज्दा गर्थे। हज़रत अब्बास पहरामा खटिएका हुनाले नमाज़मा सम्मिलित थिएनन त्यसैले अबू सुफियानले उनलाई अब यिनीहरू के गरिरहेछन? जे जे हज़रत मुहम्मद (सल्लम) गर्नुहुन्छ तिनीहरूले पनि त्यही त्यही नै गरेको देख्छु भनी सोध्यो। हज़रत अब्बासले भने, तिमी के सोचमा परेका छौ यो त नमाज़को अनुष्ठान भइरहेछ। परन्तु यदि हज़रत मुहम्मदले यिनीहरूलाई खान र पिउन छाडिदेऊ भनेमा यिनीहरूले खान पिउन पनि छाडिदिनेछन। अबू सुफियानले भन्यो, मैले किस्रा (इरानको सम्राट)को दरबार पनि देखें तथा कैसर (रोमको सम्राट)को दरबार पनि देखें परन्तु तिनीहरूका प्रजाहरूलाई तिनीहरूप्रति त्यति निछावर देखिँन जाति मुहम्मद (सल्लम)को जमाअत उहाँप्रति निछावर रहेको छ। तथा उसले अब्बाससित हज़रत

मुहम्मद (सल्लम)का सेवामा आफ्ना मानिसहरूलाई क्षमा गरिदिन अनुरोध गर भनी निवेदन गऱ्यो। जब नमाज़ समाप्त भयो तब हज़रत अब्बास अबू सुफियानलाई लिएर हज़रत मुहम्मद (सल्लम) का सेवामा उपस्थित भए। उहाँले भन्नुभयो, हे अबू सुफियान! के अल्लाहबाहेक अन्य कोही उपास्य छैन भन्ने सत्य तिमीप्रति उजागर हुने समय अहिलेसम्म आएको छैन र? अबू सुफियानले भन्यो, मेरा माता पिता हजूरप्रति निछावर हुन। हजूर अत्यन्त सहनशील, भलाद्मी र सन्धिप्रिय व्यक्ति हुनुहुन्छ। यदि खुदाबाहेक अन्य कोही उपास्य रहेको भए हाम्रो केही सहायता त अवश्य गर्ने थियो भन्ने कुरो त अब म बुझिसकेको छु। त्यसपछि उहाँले पुनः सोध्नुभयो, ऐ अबू सुफियान! के म अल्लाहको रसूल (सन्देशवाहक) हुँ भन्ने कुरो अझपनि तिमीले बुझ्न सकेका छैनौ र? अबू सुफियानले भन्यो, मेरा माता पिता हजूरप्रति निछावर हुन। यसबारेमा अहिलेसम्म मेरो मनमा केही शंकाहरू छन। परन्तु उससित मक्काबाट मुसलमानहरूको लश्करको खबर लिन आएका दुवैजना उसका मित्रहरू जसमध्ये एकजनाको नाम हकीम बिन हज्जाम थियो मुसलमान भए र त्यसपछि अबू सुफियान पनि मुसलमान भयो। उसको मन भने मक्का विजयपछि मात्र पूर्णरूपमा सन्तुष्ट भयो। इस्लाम ग्रहण गरिसकेपछि हकीम बिन हज्जामले भने, हे अल्लाहका रसूल! के हजूरले यो लश्कर आफ्ना जातिका मानिसहरूलाई मार्नका निम्ति एकत्रित गरेर ल्याउनु भएको हो? हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, तिनीहरूले अत्याचार गरे। तिनीहरूले पाप गरे। तथा तिमीहरूले हुदैबियामा गरेका करारहरूलाई तोड्यौ र खज़ाआ (कबीला) विरुद्ध अत्याचारपूर्ण चढाई गऱ्यौ र खुदाले शान्तिपूर्ण घोषित गरेको स्थानमा युद्ध गऱ्यौ। हकीमले भने, हे अल्लाहका रसूल! ठीक हो। हज़ूरका जातिका मानिसहरूले निस्सन्देह त्यसौ गरे। परन्तु हज़ूरले

मक्कामाथि आक्रमण नगरी हवाज़न जातिमाथि आक्रमण गर्नु पर्‍यो। हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, ती मानिसहरू पनि अत्याचारी हुन। परन्तु म खुदा तआलाप्रति मक्काको विजय, तथा इस्लामको विजय र हवाज़न कबीलाको पराजय इत्यादि सबै कुराहरू मेरै हातबाट उनले पूरा गर्लान भन्ने आशा राख्छु। त्यसपछि अबू सुफियानले भन्यो, हे अल्लाहका रसूल! यदि मक्काका मानिसहरूले तरवार उठाएनन भने के तिनीहरूलाई शान्ति सुरक्षा प्राप्त हुनेछ? उहाँले उत्तर दिनुभयो, हो। प्रत्येक त्यो व्यक्ति जसले आफ्नो घरको ढोका बन्द गर्नेछ त्यसलाई शान्ति सुरक्षा दिइनेछ। हज़रत अब्बासले भने, हे अल्लाहका रसूल! अबू सुफियान आफ्नो प्रशंसा मन पर्‍याउँछ। उसको भनाइको तात्पर्य हो मेरो सम्मानको कुनै व्यवस्था हुनुपर्छ। उहाँले भन्नुभयो, ठीक छ। जो व्यक्ति अबू सुफियानको घरमा प्रवेश गर्नेछ त्यसलाई पनि सुरक्षा प्रदान गरिनेछ र जो हकीम बिन हज्जामको घरमा जानेछ त्यसलाई पनि सुरक्षा मिल्नेछ। जो का'बा मस्जिदमा प्रवेश गर्नेछ त्यसलाई पनि सुरक्षा प्रदान गरिनेछ। जसले आफ्नो हतियार फ्याँक्नेछ त्यसलाई पनि सुरक्षा दिइनेछ। जसले आफ्नो घरको ढोका बन्द गरी बसिरहनेछ त्यसलाई पनि सुरक्षा प्रदान गरिनेछ। त्यसपछि उहाँले बिलाल हब्शीका भाई बनाइका अबू रवीहाका बारेमा भन्नुभयो, म यससमय अबू रवीहालाई आफ्नो झण्डा प्रदान गर्छु। अतः जो व्यक्ति अबू रवीहाको झण्डामनि उभिनेछ त्यसलाई पनि हामी केही भन्नेछैनौं। उहाँले बिलाललाई भन्नुभयो, तिमी जो व्यक्ति अबू रवीहाको झण्डामनि आउनेछ त्यसलाई शान्ति सुरक्षा मिल्नेछ भनी घोषणा गर्दैजाउ (सीरतुल हलबिया भाग 3, पृष्ठ 91)। उक्त आदेशमा गहिरो अर्थ निहित थियो र त्यो के भने मक्काका मानिसहरू बिलालका पावँमा रस्सी बाँधेर तिनलाई बाटोमा घिस्याउने गर्थे। मक्काका बाटा घाटा र

मैदानहरू बिलालका लागि शान्ति सुरक्षाका स्थान नभएर सजाय, अपमान र तिरस्कारका स्थानहरू थिए। त्यसैले हज़रत मुहम्मद (सल्लम)ले बिलालको मनमा आज बारम्बार प्रतिशोधको भावना जागिरहेको होला र यस्ता वफादार मित्रको प्रतिशोध लिनु पनि आवश्यक छ परन्तु हाम्रो प्रतिशोध इस्लामको गौरवानुसार हुनु आवश्यक छ भन्ने ठानी बिलालको प्रतिशोध तरवारले उनका शत्रुहरूको गर्धन काटेर होइन अपितु उनको भाईको हातमा एउटा ठूलो झण्डा थमाएर उनलाई खडा गर्नुभयो र जसले मेरो भाईको झण्डामनि शरण लिनेछ त्यसलाई शान्ति सुरक्षा दिइनेछ भनी घोषणा गर्ने आदेश बिलाललाई दिनुभयो। यो प्रतिशोध कति नै उत्तम र कति नै सुन्दर थियो। जब बिलालले ऐ मक्कावासीहरूहो! आऊ मेरा भाईको झण्डामनि खडा होऊ। तिमीहरूलाई शान्ति सुरक्षा प्रदान गरिनेछ भनी घोषणा गरेहोलान तब तिनको मन स्वयं प्रतिशोधको भावनाबाट रिक्त हुँदै गयोहोला। र उनले जुन प्रतिशोध हज़रत मुहम्मद (सल्लम) ले मेरा लागि निश्चित गर्नुभयो त्योभन्दा उत्तम र त्योभन्दा सुन्दर प्रतिशोध मेरा लागि कुनै हुनसक्दैन भन्ने अनुभव गरेहोलान। जब लश्कर मक्कातर्फ बढ्यो तब हज़रत मुहम्मद (सल्लम)ले हज़रत अब्बासलाई कुनै मार्गको कुनोमा अबू सुफियान र उसका साथीहरूलाई लिएर खडा हुने आदेश दिनुभयो ता तिनीहरूले इस्लामी लश्कर र त्यसको निष्ठा र आज्ञाकारितालाई देख्नसकून। हज़रत अब्बासले त्यसै गरे। अबू सुफियान र त्यसका साथीहरूका सामुन्नेबाट एउटा एउटा गर्दै अरबका ती कबीलाहरू अघिबढ्दै गए। जसको सहयोगप्रति मक्कावासीहरू भरोसा गर्थे आज तिनीहरू कुफ्र (अविश्वास) को झण्डा लहराइरहेका थिएनन अपितु इस्लामको झण्डा लहराइरहेथे र तिनीहरूको मुखले सर्वशक्तिमान खुदाको एकत्ववादको घोषणा गरिरहेथ्यो। तिनीहरू मक्कावासीहरूको इच्छानुसार हज़रत मुहम्मद

(सल्लम) को ज्यान लिन अघिबढिरेका थिएनन अपितु तिनीहरू हज़रत मुहम्मद (सल्लम)का लागि आफ्नो शरीरको रक्तको अन्तिम थोपासम्म बगाउन तयार थिए। एक अद्वितीय खुदाको एकत्ववाद र उसको प्रचार र प्रसारलाई संसारमा फैलाउने र स्थापित गर्ने तिनीहरूको अन्तिम इच्छा थियो। लश्कर पछि लश्कर अघिबढिरहेथ्यो र यसैक्रममा अश्जअ कबीलाको लश्कर सामुन्ने आयो। तिनीहरूको मुहारमा इस्लामको प्रेम र त्यसप्रति निछावर हुने जोश स्पष्ट देखिन्थ्यो र तिनीहरूको जयघोषबाट प्रकट हुन्थ्यो। अबू सुफियानले अब्बासलाई यिनीहरू को हुन भनी सोध्यो। अब्बासले यो अश्जअ कबीला (समूह) हो भनी उत्तर दिए। अबू सुफियानले आश्चर्यित भएर अब्बासको मुखतर्फ हेर्‍यो र समस्त अरबमा यिनीहरभन्दा घोर शत्रु हज़रत मुहम्मद (सल्लम)को कोही थिएन भनी जतायो। अब्बासले भने, यो खुदाको कृपा हो। जब उनले चाहे तिनीहरूको हृदयमा इस्लामको प्रेम प्रविष्ट भयो। सबैभन्दा अन्तमा मुहाजिर (प्रवासी)हरू र अन्सार (मदीनावासी) को लश्कर लिएर हज़रत मुहम्मद (सल्लम) अघि बढ्नुभयो। यिनीहरूको संख्या दुईहज़ार थियो। सिर देखि पाँउसम्म कवचभित्र लुकेका थिए। हज़रत उमर तिनीहरूको पंक्ति सोझ्याउँदै जान्थे तथा कदम सम्भालेर हिड ता पंक्तिको दूरी ठीक रहोस भनी बारम्बार आदेश दिंदैजान्थे। ती इस्लामका प्रारम्भिक निष्ठावान र निछावरहरूको जोश र अठोट तथा प्रेरणा तिनीहरूको मुहारबाट झल्किरहेथ्यो। अबू सुफियानले जब तिनीहरूलाई देख्यो तब त्यसको मन काँप्न लाग्यो। उसले यिनीहरू को हुन भनी अब्बासलाई सोध्यो। उनले हज़रत मुहम्मद (सल्लम) अन्सार र मुहाजिरहरूको लश्कर लिएर अघि बढिरहनुभएछ भनी उत्तर दिए। अबू सुफियान ले भन्यो, यस लश्करको मुकाबिला गर्ने शक्ति संसारमा कोसित छ र। पुनः

उसले हज़रत अब्बासलाई भन्यो, ऐ अब्बास! तिम्रो भाईको पुत्र आज संसारको सबैभन्दा ठूलो बादशाह (सम्राट) बन्यो। अब्बासले भने, अहिलेसम्म पनि तिम्रो भित्री आँखो खुलेको छैन। यो बादशाही होइन अपितु नबुव्वत हो। अबू सुफियानले भन्यो, ठीक छ। नबुव्वत नै मानौं। जुनबेला लश्कर अबू सुफियानको सम्मुखबाट अघिबढिरहेथ्यो अन्सारका कमाण्डर सअद बिन अबादाले अबू सुफियानलाई देखेर भने, आज खुदा तआलाले हाम्रानिम्ति तरवारको जोडले मक्कामा प्रवेश गर्न वैध ठहऱ्याएका छन्। आज कुरैश जातिलाई अपमानित गरिनेछ। जब हज़रत मुहम्मद (सल्लम) अबू सुफियानका सामुन्ने आइपुग्नु भयो तब उसले उच्च स्वरमा भन्यो, हे अल्लाहका रसूल! के हजूरले आफ्नो जातिलाई मार्ने अनुमति दिनुभएको छ? किनभने अहिले अन्सारका कमाण्डर सअद र उनका साथीहरू यसो यसो भन्दैथिए। तिनीहरूले आज लडाईं हुनेछ र मक्काको पवित्रताले आज हामीलाई युद्धबाट रोक्न सक्नेछैन। कुरैशलाई हामी अपमानित गरेर छाड्नेछौं भनी उच्च स्वरमा भने। हे अल्लाहका रसूल! हज़ूर त संसारमा सर्वाधिक धार्मिक, सर्वाधिक दयालु तथा सर्वाधिक नाता-सम्बन्ध गाँसने व्यक्ति हुनुहुन्छ। के आज आफ्ना जातिको अत्याचारलाई भुलाउनु हुनेछैन? अबू सुफियानको यो सिकायत र निवेदन सुनेर ती मुहाजिरहरू पनि जसलाई मक्काका मार्गहरूमा कुट्ने र पिट्ने गरिन्थ्यो, जसलाई घरबाट र धन-सम्मपत्तिबाट बेदखल गरिन्थ्यो व्याकुल हुनपुगे र तिनीहरूको हृदयमा पनि मक्कावासीहरूका लागि दया उत्पन्न भयो। तिनीहरूले भने, हे अल्लाहका रसूल! अन्सारले मक्कावासीहरूका अत्याचारका जुन घटनाहरू सुनेका छन तिनका कारण आज तिनीहरूले कुरैशसित के व्यवहार गर्लान भन्ने कुरो हामी जान्दैनौं। हज़रत मुहम्मद (सल्लम) ले भन्नुभयो, ऐ अबू सुफियान! सअदले अनुचित कुरो

गरे। आज सहानुभूति प्रकट गर्ने दिन हो। आज अल्लाह तआलाले कुरैशलाई र खाना का'बालाई सम्मान प्रदान गर्नेछन। त्यसपछि उहाँले एउटा मानिसलाई सअदतर्फ पठाउनु भयो र आफ्नो झण्डा आफ्ना पुत्र कैसलाई दिने आदेश दिनुभयो र भन्नुभयो, तिम्रो ठाउँमा तिनी (कैस) कमाण्डर हुनेछन। (सीरतुल हलबिया, भाग 3 पृष्ठ 93) यसप्रकार उहाँले मक्कावासीहरूको पनि मन राख्नुभयो र अन्सारको मनलाई पनि दुखित हुनबाट बचाउनु भयो। कैसमाथि उहाँलाई पूरा-पूरा भरोसा पनि थियो। कैस अत्यन्त भद्र स्वभावका युवक थिए। इतिहासमा वर्णितानुसार जब उनको मृत्यु हुनलाग्यो तब उनका केही मित्रहरू उनलाई हेर्न आए र केही भने आएनन। उनले आफ्ना मित्रहरूलाई सोधे, केही मेरा परिचित मित्रहरू किन मलाई हेर्न आएनन? उनका मित्रहरूले भने, तिमी अत्यन्त भलाइप्रिय व्यक्ति हौ। तिमी प्रत्येक व्यक्तिलाई त्यसको सङ्कटका समयमा ऋण दिनेगर्छौ। शहरका धेरैजना मानिसहरू तिम्रा ऋणी छन। तिनीहरू तिम्रा सामुन्ने आउनाले सम्भवत: तिमीलाई खाँचो भएको हुनाले तिमीले तिनीहरूबाट तकादा गर्लाउ भनी तिनीहरू तिमीलाई हेर्न आएनन। उनले भने, ओहो! मेरा मित्रहरूलाई बिनाकारण कष्टपुग्यो। मेरा तर्फबाट सम्पूर्ण शहरमा प्रत्येक व्यक्ति जसमाथि कैसको ऋण छ उसले त्यसलाई माफ गरिदियो भन्नी घोषणा गरिदेऊ। यस घोषणापछि यति अधिक मानिसहरू उनलाई हेर्न आए जसबाट उनको घरका सिढीहरू टुट्नपुगे। जब लश्करले प्रस्थान गरिसक्यो तब अब्बासले अबू सुफियानलाई भने, अब आफ्नो सवारीलाई दौडाएर मक्का पुग र हज़रत मुहम्मद (सल्लम) आइपुग्नुभयो र उहाँले यस यस प्रकार ले मक्कावासीहरूलाई शान्तिसुरक्षा प्रदान गर्नुभएको छ भनी सूचित गर। यता अबू सुफियान मैले मक्कावासीहरूका लागि मुक्तिको मार्ग निकालें भनी प्रसन्न थियो उता इस्लामको प्रारम्भिक कालदेखि

मानिसहरूलाई इस्लामविरुद्ध घोर घृणा र शत्रुताको शिक्षादिंदै आएकी उसकी पत्नी हिन्दा जो काफिर (अविश्वासी) भएतापनि एउटी साहसी महिला थी, उसले अघिबढेर आफ्ना पतिको दाढी समाती र मक्कावासीहरूलाई पुकार्दै भनी, आऊ, यस मूर्ख बुढोलाई मार। यसले तिमीहरूलाई जाऊ र आफ्नो ज्यान तथा आफ्नो शहरको सम्मान बचाउनका लागि लडेर ज्यान देऊ भन्नुको सट्टा यो तिमीहरूका लागि शान्ति सुरक्षाको घोषणा गरिरहेछ। अबू सुफियानले त्यसको उक्त क्रियाप्रति भन्यो, ऐ मूर्ख! यो ती कुराहरू गर्ने समय होइन। जा आफ्नो घरमा गएर लुक। म त्यो लश्कर देखेर आइरहेछु जुन लश्करसित भिड्ने शक्ति समस्त अरबमा छैन। त्यसपछि अबू सुफियानले उच्च स्वरमा शान्ति सुरक्षाका शर्तहरू वर्णन गर्नलाग्यो। मानिसहरू आत्तिएर ती घरहरू र ती ठाउँहरूतर्फ दौडन लागे जसका बारेमा सुरक्षा दिइने घोषणा गरिएको थियो। केवल एघारजना पुरुष र चारवटी महिलाहरू यस्ता थिए जसका विरुद्ध अत्याचारपूर्ण हत्या र दङ्गा फैलाएको अपराध प्रमाणित थियो। तिनीहरू वस्तुतः युद्ध अपराधी थिए त्यसकारण तिनीहरूलाई मृत्युदण्ड दिइयोस भन्ने हज़रत मुहम्मद (सल्लम)को आदेश थियो किनभने तिनीहरू केवल कुफ्र र लडाइँका अपराधी मात्र होइन अपितु युद्ध अपराधी पनि थिए।

त्यस अवसरमा हज़रत मुहम्मद (सल्लम)ले खालिद बिन वलीदलाई जबसम्म कोई व्यक्ति लड्दैन तिमीहरू पनि नलड्नु भनी विशेष आदेश दिनुभयो। परन्तु जुन दिशाबाट खालिदले शहरमा प्रवेश गरे त्यसतर्फ अहिलेसम्म शान्तिको घोषणा पुगेको थिएन। त्यस क्षेत्रका सिपाहीहरूले खालिदसित संघर्ष गरे फलतः 24 जना मानिसहरू मारिए। खालिद अत्यन्त जोशिला स्वभावका थिए त्यसकारण कुनै व्यक्तिले दौड्दै गएर हज़रत मुहम्मद (सल्लम)लाई खालिदलाई रोक्नुहोस अन्यथा उनले

समस्त मक्कावासीहरूलाई मार्नेछन भनी निवेदन गऱ्यो। उहाँले तुरुन्तै खालिदलाई बोलाउनु भयो र के मैले तिमीलाई लडाइँ नगर्नु भनी आदेश दिएको थिइँन र भनी सोध्नुभयो। खालिदले भने, हे अल्लाहका रसूल! हज़ूरले मनाही त गर्नुभएको थियो तर उनीहरूले पहिला हामीमाथि आक्रमण गरे र तीर चलाउन आरम्भ गरे। मैले केही समयसम्म प्रतीक्षा गरें र तिमीहरूमाथि हामी आक्रमण गर्न चाहँदैनौं तिमीहरू पनि त्यसो नगर भनी घोषणा गरें परन्तु जब मैले तिनीहरू नमानेको देखें तब म पनि तिनीहरूसित लडें र खुदा तआलाले तिनीहरूलाई चारैतर्फ झरपट्ट पारे। अत: त्यो सानु घटनाबाहेक अन्य कुनै अप्रिय घटना घटेन। अन्तत: मक्कामाथि हज़रत मुहम्मद (सल्लम)को अधिकार कायम भयो। जब उहाँ मक्कामा प्रविष्ट गर्नुभयो तब उहाँसित मानिसहरूले के हजूर आफ्नै घरमा बस्नुहुनेछ भनी सोधे। उहाँले भन्नुभयो, के अकील (काकाको छोरो) ले हाम्रानिम्ति कुनै घर छाडेको छ र? अर्थात म मक्काबाट निस्किएर गएपछि मेरा नातेदारहरूले मेरो समस्त सम्पत्ति बेचेर खाए। अब मक्कामा मेरा लागि कुनै ठेगाना छैन। त्यसपछि उहाँले हामी हैफ बनी किनानामा ठहर्ने छौं भनी उत्तर दिनुभयो। त्यो मक्काको एउटा मैदान थियो। त्यहाँ कुरैश र बनू किनाना कबीलाले मिलेर जबसम्म बनू हाशिम र बनू अब्दुल मुतलबले हज़रत मुहम्मद (सल्लम)लाई पक्डेर हामीलाई सुम्पिदैनन र उनको समर्थन गर्न छाड्दैनन तबसम्म न हामी तिनीहरूसित वैवाहिक सम्बन्ध जोड्नेछौं न त किनबेच गर्नेछौं भनी शपथ खाएका थिए। त्यस प्रतिज्ञापछि हज़रत मुहम्मद (सल्लम)र उहाँका काका अबू तालिब तथा उहाँका जमाअतका समस्त मानिसहरू अबू तालिबको त्यस टापुमा शरण लिनपुगेका थिए। तथा तीन वर्षसम्म घोर कष्ट भोगेपछि अल्लाह तआलाले उनीहरूलाई मुक्ति दिलाएका

थिए। हज़रत मुहम्मद (सल्लम)को यो निर्वाचन कति उत्तम थियो। मक्कावासीहरूले त्यही स्थानमा जबसम्म मुहम्मदलाई हाम्रो सुपुर्द गरिदैन तबसम्म हामी उहाँको कबीलासित सम्झौता गर्ने छैनौं भनी प्रतिज्ञा गरेका थिए। आज हज़रत मुहम्मद (सल्लम) त्यही स्थानमा गएर उत्रनु भयो। मानौ उहाँले मक्कावासीहरूलाई जहाँ तिमीहरू चाहन्थ्यौ म त्यहीं आएको छु परन्तु मलाई भन के आज ममाथि अत्याचार गर्ने शक्ति तिमीहरूमा छ? त्यही स्थान जहाँ तिमीहरू मलाई अपमानित र तिरस्कृत रूपमा देख्न चाहन्थ्यो र मेरा मानिसहरूले मलाई पक्रेर यही स्थानमा तिमीहरूलाई सुम्पिउन भन्ने चाहन्थ्यौ। म त्यहाँ आज यस्तो स्थितिमा आएको छु केवल मेरा जातिका मानिसहरू मात्र मसित छैनन अपितु सम्पूर्ण अरब मसित छ र मेरा जातिका मानिसहरूले मलाई तिमीहरूका सुपुर्द गरेनन अपितु तिनीहरूले तिमीहरूलाई मेरा सुपुर्द गरे भन्ने सन्देश दिनुभयो। खुदा तआलाको इच्छानुसार त्यो दिन पनि आइतवारको दिन पऱ्यो, त्यही दिन हज़रत मुहम्मद (सल्लम) सूर गुफाबाट निस्किएर केवल अबू बकरलाई साथमा लिएर मदीनातर्फ हिजरत (प्रवास) गर्नुभएको थियो। त्यही दिन उहाँले अत्यन्त दु:ख र शोका साथ सूरको पहाडमाथि उभिएर मक्कातर्फ फर्किएर ''ऐ मक्का तँ मलाई संसारका समस्त बस्तीहरूभन्दा प्रिय छस परन्तु तेरा वासिन्दाहरूले मलाई त्यहाँ बस्न दिएनन भनी आफ्नो करूणा व्यक्त गर्नुभएको थियो।

मक्कामा प्रवेश गर्ने समयमा हज़रत अबू बकरले उहाँको ऊँटनीको करेली पक्डेको थियो। उनी उहाँसित कुराकानी पनि गर्दै अघिबढ्दै थिए। पवित्र कुरआनको सूर: फतह जसमा मक्का विजयको भविष्यवाणी दिइएको थियो, त्यो पाठ गर्दै जान्थे। उहाँले पहिला सीधै गएर खाना का'बाको सातपटक परिक्रमा गर्नुभयो। त्यससमय उहाँको हातमा एउटा छडी थियो। उहाँले

त्यो खाना का'बा जसको निर्माण हज़रत इब्राहीम र उनका पुत्र हज़रत इस्माईलले एक खुदाको उपासनाका लागि गरेका थिए, त्यसका चारैतर्फ परिक्रमा गर्नुभयो। त्यसपछि त्यहाँ राखिएका तीनसय साठीवटा मूर्तिहरूमध्ये एउटा एउटा गरी सबैमाथि उहाँले आफ्नो छडी हान्नुहुन्थ्यो र हिजरत भन्दा पहिला सूरः बनी इस्राईलमा उहाँमाथि उत्रिएको पवित्र कुरआनको आयत

جَآءَ الْحَقُّ وَزَهَقَ الْبَاطِلُ ۔ اِنَّ الْبَاطِلَ كَانَ زَهُوْقًا ○[1]

(अर्थात सत्यको आगमन भयो र मिथ्याले पलायन गऱ्यो। मिथ्याले त निश्चितहरूपमा पलायन गर्ने नै हो।) पढ्दै जानुहुन्थ्यो। उक्त आयतमा पहिला हिजरत (प्रवास) र त्यसपछि मक्काको विजयको सूचना दिइएको थियो। यूरोपेली इतिहासकारहरूले यो सूरः हिजरत भन्दा पहिला उत्रिएको हो भनी समर्थन जताएका छन। उक्त सूरः मा

وَقُلْ رَّبِّ اَدْخِلْنِیْ مُدْخَلَ صِدْقٍ وَّاَخْرِجْنِیْ مُخْرَجَ صِدْقٍ وَّاجْعَلْ لِّیْ مِنْ لَّدُنْكَ
سُلْطٰنًا نَّصِيْرًا ○ وَقُلْ جَآءَ الْحَقُّ وَزَهَقَ الْبَاطِلُ ۔ اِنَّ الْبَاطِلَ كَانَ زَهُوْقًا ○[2]

अर्थात तिमी भन, हे मेरा प्रभु! मलाई यस शहर अर्थात मक्कामा कुशलपूर्वक दाखिल गर (अर्थात हिजरतपछि जीत र विजय प्रदान गरी।) तथा यस शहरबाट कुशलपूर्वक निकाल। (अर्थात हिजरत (देशत्याग)को अवसरमा) तथा स्वयं आफ्ना जुनाफबाट मलाई विजय र सहयोगका साधन प्रदान गर।

यसैगरी भन, सत्यको आगमन भयो तथा मिथ्या अर्थात शिर्क (बहुईश्वरवाद) पराजित भएर पलायन गऱ्यो। र मिथ्या अर्थात शिर्कका निम्ति पराजित भई पलायन गर्नु सदाका लागि निश्चित थियो भन्ने कुरो वर्णित थियो। उक्त भविष्यवाणीका एक-एक शब्द पूरा हुँदा र हज़रत अबू बकरले उक्त सूरः

1. सूरः बनी इस्राईल : 82
2. सूरः बनी इस्राईल : 81-82

को तिलावत (पाठ) गरेको अवसरमा मुसलमानहरू र कुफ्फार (अविश्वासीहरू)को मनमा जुन भावनाहरू उत्पन्न भएहोलान तिनीहरूलाई शब्दमा वर्णन गर्नु असम्भव छ। अतः त्यसदिन हज़रत इब्राहीमको स्थानलाई पुनः एक अद्वितीय खुदाको उपासनाका लागि स्वच्छ र सुरक्षित गरियो। तथा मूर्तिहरू सदाका लागि तोडिए। जब हज़रत मुहम्मद (सल्लम) ले हुबल नामक मूर्तिमाथि आफ्नो छडी हान्नुभयो र त्यो आफ्नो ठाउँबाट खसेर टुट्यो तब हज़रत ज़ुबैरले अबू सुफियानतर्फ मुस्काउँदै हेरेर भने, ऐ अबू सुफियान के तिमीलाई स्मरण छ जब ओहदको युद्धका दिन मुसलमानहरू घाइते भएर एकातर्फ खडा थिए र तिमीले आफ्नो अहङ्कार प्रकट गर्दै ''अला हुबल अला हुबल'' अर्थात हबुलको बढाईं होस, हुबलको बढाईं होस भनी घोषणा गरेका थियो र हुबलले नै तिमीहरूलाई ओहदको लडशईंमा मुसलमानहरूमाथि विजयी गराएको थियो भन्ने तिम्रो (सोच) थियो। आज हेर त्यहाँ अगाढि हुबलका टुक्राहरू छरिएका छन। अबू सुफियानले भन्यो, ऐ ज़ुबैर, यी कुराहरूलाई जानदेउ। आज यदि मुहम्मद (सल्लम)को खुदाबाहेक अन्य कोहीं खुदा रहेको भएतापनि आज जुन जुन कुराहरू म देखिरहेछु त्यो कदापि सम्भव थिएन भन्ने कुरो मैले राम्ररी देखिसकें। त्यसपछि हज़रत मुहम्मद (सल्लम)ले खाना का'बा भित्र बनाइएका हज़रत इब्राहीम इत्यादिका चित्रहरू मेटाउने आदेश दिनुभयो। उहाँले खुदा तआलाका वचनहरू पूरा भएकोमा धन्यवादस्वरूप खाना का'बामा दुई रिकअत नमाज़ पढ्नुभयो। खाना का'बामा अङ्कित चित्रहरूलाई मेटाउने कार्य उहाँले हज़रत उमरलाई सुम्पिनु भएको थियो। उनले हज़रत इब्राहीमलाई त हामी पनि नबी मान्छौं भन्ने ठानी उनको चित्रलाई भने मेटाएनन। जब हज़रत मुहम्मद (सल्लम)ले त्यस चित्रलाई यथास्थितिमा रहेको देख्नुभयो तब

भन्नुभयो, हे उमर! तिमीले यो के गऱ्यौ। के खुदा तआलाको वचन

مَا كَانَ اِبْرٰهِيْمُ يَهُوْدِيًّا وَّلَا نَصْرَانِيًّا وَّلٰكِنْ كَانَ حَنِيْفًا مُّسْلِمًا ۗ وَمَا كَانَ مِنَ الْمُشْرِكِيْنَ[1]

अर्थात इब्राहीम न यहूदी थिए न ईसाई अपितु उनी त खुदा तआलाका पूर्ण आज्ञाकारी र खुदा तआलाका समस्त सत्य शिक्षाहरूको पालन गर्ने र केवल खुदाको उपासना गर्ने भक्त थिए भन्ने रहेको छैन र? अतः उहाँको आदेशले त्यो चित्र पनि मेटाइयो। खुदा तआलाका कृपापूर्ण चिह्नहरू देखेर त्यस दिन मुसलमानहरूको हृदय ईमानले परिपूर्ण भयो र हज़रत मुहम्मद (सल्लम)को महिमा र महानता देखेर तिनीहरूको विश्वास कतिसम्म बढ्नपुग्यो भने जब हज़रत मुहम्मद (सल्लम) ले ज़म्ज़म्को मूलबाट (जुन हज़रत इब्राहीमका पुत्र इस्माईलका लागि अल्लाह तआलाले एउटा चिह्नस्वरूप फुटाएका थिए) पिउनका लागि पानी मगाउनु भयो र त्यसबाट केही मात्रामा पानी पिएर बचेको पानीद्वारा उहाँले वज़ू (हात मुख को सफाई) गर्नुभयो तब उहाँका शरीरबाट कुनै थोपो भूमिमा खस्न पाएन किनभने मुसलमानहरू खस्दै गरेको थोपालाई हातमा लिएर पवित्र प्रसादस्वरूप आ-आफ्ना शरीरमा मल्न लाग्थे। संसारका कुनै सम्राटसित त्यसका प्रजाहरूले यति अधिक प्रेम गरेको हामीले देखेनौं भनी मुश्रिक (मूर्तिपुजक)हरू ले भनिरहेथे। जब उहाँले ती कार्यहरू समापन गर्नुभयो र मक्कावासीहरूलाई उहाँका सेवामा उपस्थित गरियो तब उहाँले भन्नुभयो, हे मक्कावासीहरूहो! खुदा तआलाका चिह्नहरू र वचनहरू कसरी शब्द शब्द पूरा भए भन्ने कुरो तिमीहरूले देख्यौ। अब तिमीहरूका ती अत्याचारहरू र उपद्रवहरूको तिमीहरूलाई के बदला दिने हो जुन तिमीहरूले

1. सूरः आले-इम्रान : 68

एक, अद्वितीय खुदाको उपासना गर्ने निरीह र गरीब भक्तहरूमाथि गरेका थियौ, तिमीहरू नै भन। मक्काका मानिसहरूले भने, हामी हजूरबाट त्यही व्यवहार चाहन्छौ जुन व्यवहार हज़रत यूसुफले आफ्ना भाईहरूसित गरेका थिए। खुदा तआलाको विचित्र चमत्कारान्तर्गत मक्कावासीहरूको मुखबाट तिनै शब्दहरू निस्किए जसको भविष्यवाणी खुदातआलाले पवित्र कुरआनको सूरः यूसुफमा पहिला नै गरिसककेका थिए। मक्का विजय हुनुभन्दा दस वर्ष पहिला नै अल्लाहले तिमी मक्कावासीहरूसित त्यही व्यवहार गर्ने छौ जुन व्यवहार सूसुफले आफ्ना भाईहरूसित गरेका थिए भनी बताएका थिए। अतः जब मक्कावासीहरूको मुखबाट हज़रत मुहम्मद (सल्लम) यूसुफ (नबी)का द्योतक (प्रतिरूप) हुनुहुन्थ्यो भन्ने कुराको सत्यापन भयो र यूसुफलाई झैं उहाँलाई अल्लाह तआलाले आफ्ना भाईहरू (मानिसहरू) माथि विजय प्रदान गरे तब उहाँले पनि ''ला तस्रीबा अलैकुमुल यौम'' अर्थात खुदाको शपथ, आज तिमीहरूलाई कुनै प्रकारको दण्ड दिइने छैन। न त कुनै प्रकारको सोधपूछ हुनेछ भनी घोषणा गर्नुभयो। जब हज़रत मुहम्मद (सल्लम) का'बाको परिक्रमा इत्यादि र उपासनाहरूमा व्यस्त हुनुहन्थ्यो र आफ्ना मानिसहरूसित क्षमा र दयापूर्ण व्यवहार गरिरहनुभएथ्यो त्यस अवसरमा अन्सार (मदीनावासी) हरूको मन भित्रभित्रै कुढिरहेको थियो र तिनीहरू एक अर्कालाई सङ्केत गर्दै सम्भवतः आज हामी खुदाका रसूललाई आफूबाट अलग्ग गरिरहेछौं। वस्तुतः उहाँको शहर खुदा तआलाले उहाँलाई विजयीको रूपमा प्रदान गरे। तथा उहाँको कबीला (समूह) ले उहाँप्रति ईमान (विश्वास) स्थापित गऱ्यो भनिरहेथे। त्यही अवसरमा अल्लाह तआलाले हज़रत मुहम्मद (सल्लम)लाई वह्यी (ईशवाणी) द्वारा अन्सारको आशंकाप्रति सूचित गरे। उहाँले सिर उठाएर अन्सारतर्फ हेर्दै भन्नुभयो, हे अन्सार! तिमीहरू मुहम्मदलाई

आफ्नो शहरको चाहनाले सताउँछ होला र आफ्ना मानिसहरूको प्रेमले उसको मनमा हलचल मचाउँछ होला भन्ने ठान्छौ। अन्सारले भने, हे अल्लाहका रसूल! यो कुरो ठीक हो। हाम्रो मनमा यसप्रकारको सोच आयो। उहाँले भन्नुभयो, तिमीहरूलाई मेरो नाम के हो थाहा छ। यसको अर्थ म अल्लाहको भक्त हुँ र उनको रसूल कहलाउँछु तब कसरी तिमीहरूलाई छाडेर जसले इस्लाम धर्मको प्रारम्भिक कठिनाइका समयमा आफ्नो ज्यान निछावर गरे अन्य कुनै ठाउँमा म जान सक्छु। पुनः उहाँले भन्नुभयो, ऐ अन्सार! यस्तो कदापि हुनेछैन किनभने म अल्लाहको भृत्य र उनको रसूल (सन्देशवाहक) हुँ। मैले खुदाका लागि आफ्नो देश त्योगाको थिएँ त्यसैले यसपछि अब म आफ्नो देशमा फर्किएर आउन सक्दिन। मेरो जीवन तिमीहरूको जीवनसित र मेरो मृत्यु तिमीहरूको मृत्युसित जोडिएको छ। मदीनाका मानिसहरू उहाँको कुरो सुनेर तथा उहाँको प्रेम र वफादारी देखेर रूँदै अघिबढे र भन्नलागे, हे अल्लाहका रसूल! खुदाको शपथ, हामीले खुदा र उनका रसूलका बारेमा कुभावना पाल्यौं किभने खुदाका रसूलले हामीलाई र हाम्रो शहरलाई छाडेर कुनै अर्को ठाउँमा जानेछन भन्ने कुरोलाई हामीले सहन सकेनौं। उहाँले भन्नुभयो, अल्लाह र उनका रसूलले तिमीहरूलाई निर्दोष ठान्छन र तिमीहरूको निष्ठा र श्रद्धालाई स्वीकार्छन। जब हज़रत मुहम्मद (सल्लम) र मदीनाका अंसारहरूका बीचमा ती प्रेमपूर्ण कुराहरू भइरहेका थिए तिनलाई सुनेर मक्काका मानिसहरूले आँसु नबगाए तापनि त्यो बहुमूल्य हीरा जोभन्दा मूल्यवान वस्तु संसारमा कहिले उत्पन्न नै भएन खुदाले तिनीहरूलाई प्रदान गरेका थिए परन्तु तिनीहरूले त्यसलाई आफ्ना घरबाट निकालेर फाले। आज पुनः खुदाको कृपा र उनको सहयोगका साथ मक्कामा आएको थियो तर त्यो आफ्नो ईमानदारी र वफादारीका कारण

स्वेच्छापूर्वक मक्का त्यागेर मदीना जान लागिरहेछ भन्ने जानेर तिनको मन भने अवश्य रोयो होला। जो व्यक्तिहरूका बारेमा तिनीहरूको अत्याचारपूर्ण हत्याहरू र उत्पनीडनहरूका कारण हज़रत मुहम्मद (सल्लम) ले तिनीहरूलाई मृत्युदण्ड दिने आदेश दिनुभएको थियो तिनीहरूमध्ये अधिकतरलाई केही मुसलमानहरूको सिफारिसका कारण क्षमा दिनुभयो। तिनै व्यक्तिहरूमध्ये अबू जहलको पुत्र अक्रमा पनि थियो। अक्रमाकी पत्नी मनमनै मुसलमान भइसकेकी थी। उसले हज़रत मुहम्मद (सल्लम)का सेवामा अक्रमालाई पनि माफ गरिदिनुहोस भनी निवेदन गरी। उहाँले भन्नुभयो, ठीक छ म उसलाई माफ गर्छु। अक्रमा भागेर यमनतर्फ जानलागेका थिए तथा उनकी पत्नी आफ्ना पतिको प्रेममा उनका पछिपछि उनलाई खोज्दै गई। जब उनी समुद्रको छेउमा कश्तीमा सवार भएर अरबलाई सदाका लागि छाड्नलागेका थिए त्यही अवसरमा उनकी पत्नी त्रासित अवस्थामा आत्तिदै उनीसम्म पुगी र भन्न लागी, ऐ मेरा काकाका पुत्र! (अरबका महिलहरू आफ्ना पतिलाई काकाका पुत्र भन्नेगर्थे) यस्त भलाद्मी र दयालु पुरुषलाई छाडेर तिमी कहाँ जान लागिरहेछै। अक्रमाले आश्चर्यित भएर आफ्नी पत्नीलाई सोधे, के मेरो त्यस्तो घोर शत्रुतापछि पनि हज़रत मुहम्मद (सल्लम)ले मलाई क्षमा गरिदिनु हुन्छ र? उनकी पत्नीले भनी, हो, मैले उहाँसित वचन लिएकी छु र उहाँले तिमीलाई क्षमा गरिदिनु हुनेछ। जब उनी हज़रत मुहम्मद (सल्लम)का सेवामा उपस्थित भए तब उनले विन्ती गरे, हे अल्लाहका रसूल! म जस्तो मानिसलाई हजूरले क्षमा गरिदिनु भयो भनी मेरी पत्नी भन्छे। उहाँले भन्नुभयो, तिम्री पत्नीले ठीक भनीन। मैले तिमीलाई माफ गरें। अकरमाले भने, जो व्यक्ति यस्तो घोर शत्रुलाई माफ गर्नसक्छ त्यो व्यक्ति झूट्टो हुनसक्दैन। अल्लाह एक हुन र उनको कोही साझादेर छैन तथा हे मुहम्मद

(सल्लम)तपाईं उनको भृत्य र उनका रसूल हुनुहुन्छ भनी म साक्षी दिन्छु भन्दै उनले लज्जित भएर आफ्नो सिर झुकाए। हज़रत मुहम्मद (सल्लम)ले उनको त्यो लज्जापूर्ण अवस्थालाई देखेर उनको मनको सन्तुष्टिका लागि भन्नुभयो, ऐ अक्रमा! मैले तिमीलाई केवल माफ गरेको मात्र होइन अपितु त्यो भन्दा अघिबढेर आज तिमीले मसित जे वस्तु माग्छौ यदि मेरो सामर्थ्य अन्तर्गत रहेको भएमा त्यो वस्तु म तिमीलाई दिनेछु। अक्रमाले भने, हे अल्लाहका रसूल! हजूरसित मैले जति शत्रुता गरेको छु त्यसका लागि अल्लाहले मलाई क्षमा गरिदिउन भनी दुआ प्रार्थना गरिदिनुहोस र यो भन्दा ठूलो मेरो अन्य के इच्छा हुनसक्छ र। हज़रत मुहम्मद (सल्लम)ले अल्लाह तआलालाई सम्बोधन गरी प्रार्थना गर्नुभयो, हे मेरा अल्लाह! ती समस्त शत्रुताहरू जुन अकरमाले मसित गरेका थिए उनलाई तिनीहरूप्रति क्षमा गर तथा ती समस्त गालीहरू जुन उनका मुखबाट निस्किएका थिए तिनीहरूप्रति उनलाई माफ गर। त्यसपछि हज़रत मुहम्मद (सल्लम) खडा हुनुभयो र आफ्नो बर्को उतारेर उनलाई पहिराउनु भयो र भन्नुभयो, जो अल्लाह प्रति ईमान (विश्वास) स्थापना गरी मकहाँ आउँछ मेरो घर त्यसको घर हो र मेरो ठाउँ त्यसको ठाउँ हो।

अक्रमा मुसलमान हुनाले त्यो भविष्यवाणी पूरा भयो जुन हज़रत मुहम्मद (सल्लम)ले धेरै वर्षअघि सहाबाहरूसित वर्णन गर्नुभएको थियो। उहाँले भन्नुभएको थियो, मैले सपनामा देखें मानो म स्वर्गमा छु। त्यहाँ मैले अङ्गूरको एउटा झुप्पो देखें र मानिसहरूलाई यो कसको लागि हो भनी सोधें। तब कुनै व्यक्तिले भन्यो, यो अबू जहलका लागि हो। त्यो कुरो मलाई अचम्भको लाग्यो र मैले भनें, स्वर्गमा त मोमिन (विश्वासी) बाहेक कोही प्रेवेश गर्दैन भने अबू जहलका लागि स्वर्गमा अङ्गूर कसरी

उपलब्ध गराइयो। जब अक्रमाले ईमान (विश्वास) स्थापना गरे तब उहाँले भन्नुभयो, त्यो अङ्गूरको झुप्पो अक्रमाको थियो। खुदा तआलाले पुत्रको ठाउँमा पिताको नाम प्रकट गरे र स्वप्नमा यसप्रकारको घटना हुनेगर्छ।

(सीरतुल हलबिया, भाग 3, पृष्ठ 104)

जुन व्यक्तिहरूका बारेमा मृत्युदण्डको आदेश भएको थियो तिनीहरूमा त्यो व्यक्ति पनि थियो जो हज़रत मुहम्मद (सल्लम) की सुपुत्री ज़ैनबको हत्याको कारण बनेको थियो र त्यसको नाम हिबाअ थियो। त्यसले हज़रत ज़ैनबको ऊँटको जिन काटेको थियो जसले गर्दा हज़रत ज़ैनब ऊँटबाट लडेकी थिइन। फलत: उनको गर्भ खेरगएको थियो र केही दिनपछि उनको मृत्यु भएको थियो। अन्य अपराधहरूका साथै उक्त अपराधका कारण त्यो व्यक्ति मृत्युदण्डको योग्य ठहरेको थियो। त्यो व्यक्ति पनि हज़रत मुहम्मद (सल्लम)का सेवामा उपस्थित भयो र भन्यो, हे अल्लाहका नबी (पैगम्बर)! म हजूरबाट भागेर इरानतर्फ गएको थिएँ। परन्तु पछिगएर मैले जब अल्लाह तआलाले आफ्ना नबीद्वारा हाम्रा शिर्क (मूर्तिपूजा) र कुप्रथाका भावनाहरूलाई मेटाए र हामीलाई आध्यात्मिक मरणबाट बचाए भने म परदेश जानुभन्दा उनका सेवामा उपस्थित भएर किन उनीसित क्षमा नमागुँ भनी ठानें। हज़रत मुहम्मद (सल्लम) ले भन्नुभयो, ऐ हिबाअ! जब खुदाले तिम्रो-मनमा इस्लामप्रति प्रेम र श्रद्धा उत्पन्न गरिदिए भने म तिम्रो अपराधलाई किन माफ नगरुँ। जाउ मैले तिमीलाई क्षमा गरें। इस्लामले तिम्रा पहिलाका सबै भूल त्रुटिहरू मेटायो।

यस स्थानमा उक्त विषयलाई विस्तारित गर्ने अवसर छैन अन्यथा ती भयानक अपराधीहरूमध्ये जसलाई हज़रत मुहम्मद (सल्लम)ले साधारण क्षमायाचनापछि माफ गरिदिनुभयो अधिकतर का अपराधहरू यति भयानक छन र तिनले हज़रत मुहम्मद

(सल्लम)को दया र क्षमालाई यति उजागर गर्छन जसलाई जानेर एउटा अत्यन्त कठोर हृदयी मानिस पनि प्रभावित भएबिना रहन सक्दैन।

## हुनैनको युद्ध

हज़रत मुहम्मद (सल्लम)को मक्कामा प्रवेश अकस्मात भएको हुनाले मक्काबाट केही दूरीमा रहेका कबीलाहरू विशेषतः दक्षिण दिशामा रहेका कबीलाहरूलाई मक्कामाथि आक्रमणको सूचना तब मिल्यो जब उहाँ मक्कामा प्रविष्ट भइसक्नु भएको थियो। उक्त सूचना प्राप्त हुनासाथ तिनीहरूले आफ्ना फौजहरू एकत्रित गर्न आरम्भ गरे र हजरत मुहम्मद (सल्लम) विरुद्ध युद्धको तयारी गर्नलागे। विशेषगरी हवाज़न र सक़ीफ़ नामी दुईवटा अरबी कबीलाहरू स्वयंलाई बहादुर ठान्दथे। तिनीहरूले तत्काल परस्पर सल्लाह मशविरा गरेर मालिक इब्ने औफ नामक एउटा व्यक्तिलाई आफ्नो सरदार (मुखिया) निर्वाचित गरे। त्यसपछि तिनीहरूले छेउछाउका कबीलाहरूलाई आएर तिनीहरूसित सम्मिलित हुने निमन्त्रण दिए। तिनै कबीलाहरूमध्ये एउटा कबीला बनू सअद बिन बक़ार पनि थियो। हज़रत मुहम्मद (सल्लम)की धाईआमा हलीमा त्यसै कबीलाकी थिइन। उहाँले आफ्नो बाल्यकाल त्यही कबीलामा बिताउनु भएको थियो। अतः ती कबीलाहरू सबका सब एकत्रित भएर मक्कातर्फ लागे र तिनीहरूले आफूसितै आफ्नो धन, पत्नीहरू र सन्तानहरूलाई पनि लिए। जब तिनीहरूका मुखियाहरूलाई तिनीहरूले किन त्यसो गरेको भनी प्रश्न गरियो तब तिनीहरूले भने, यदि हामी भाग्यौं भने हाम्री पत्नीहरू र हाम्रा सन्तानहरूलाई कैद गरिनेछ र हाम्रो धन लुटिनेछ भन्ने धारणा सिपाहीहरूलाई रहोस भनी हामीले त्यसो गरेको हो।

यस कुराबाट तिनीहरू कति अठोट सोच र धारणाका साथ मुसलमानहरूलाई मिलियामेट पार्न निस्किएका थिए भन्ने कुरो स्पष्ट हुन्छ। अन्ततः यो लश्कर औतास नामक उपत्यकामा आएर ठहऱ्यो। त्यो ठाउँ युद्धको दृष्टिकोणले अत्यन्त उपयोगी र अनुकूल थियो। त्यसमा लुक्ने ठाउँ र पशुहरूका लागि घाँस तथा मानिसहरूका लागि पानी पनि उपलब्ध थियो तथा घोडा दौडाउनका लागि अत्यन्त उत्तम भूमि थियो। जब हज़रत मुहम्मद (सल्लम)लाई यसको सूचना मिल्यो तब उहाँले अब्दुल्लाह बिन अबी हद्रद नामी एकजना सहाबीलाई वास्तविक कुरो जान्नका लागि पठाउनु भयो। अब्दुल्लाह आएर वास्तवमै लश्कर त्यहाँ एकत्रित छ र तिनीहरू लड्नमर्नका लागि तत्पर छन भनी सूचित गरे। त्यो जाति तीर चलाउनमा अत्यन्त निपुण थियो र त्यो ठाउँ जहाँ तिनीहरूले डेरा लगाएका थिए युद्धका लागि अत्यन्त सीमित थियो र त्यसमा पनि आक्रमणकारी सहजै तीरको निशाना बन्थ्यो। हज़रत मुहम्मद (सल्लम)ले मक्काका अत्यन्त धनी मानी व्यपारी सफवानसित उक्त युद्धका लागि हतियार र केही रुपियाँ माग्नुभयो। सफवानले भन्यो, ऐ मुहम्मद (सल्लम)!के आफ्नो शासनको जोड्मा तिमी मेरो धन छिन्न चाहन्छौ? उहाँले भन्नुभयो होइन म छिन्न चाहन्न। अपितु उधारको रूपमा माग्दैछु र यसका लागि जमानत दिन तयार छु। त्यसपछि उसले भन्यो, त्यसोभए ठीक छ! मबाट यी वस्तुहरू लेऊ। अतः उसले सयवटा कवचहरू र साथै यथोचित हतियारहरू उहाँलाई उधारमा दियो। अनि तीन हजार रुपियाँ ऋण पनि दियो। यसैगरी उहाँले आफ्ना काकाका छोरा नोफल बिन हारिसबाट तीनहजारवटा भालाहरू उधारमा लिनुभयो। जब उहाँको लश्कर हवाज़नतर्फ लाग्यो तब मक्कावासीहरूले आफ्नो इच्छा प्रकट गर्दै भने, यद्यपि हामी मुसलमान त होइनौं परन्तु अब हामी इस्लामी शासनान्तर्गत

आइसकेका छौं। त्यसकारण हामीलाई पनि युद्धमा सम्मिलित हुने अवसर दिइयोस। अतः दुई हजारजना मानिस मक्काबाट उहाँसित निस्किए। मार्गमा अरबको एउटा प्रख्यात धाम थियो जसलाई ज़ाते अनवात् भन्थे। त्यो एउटा पूरानो बैरको वृक्ष थियो जसलाई अरबका मानिसहरू मंगलमय ठान्दथे। तथा जब अरबका बहादुर व्यक्तिहरू कुनै हतियार किन्दथे तब पहिला त्यहाँ गएर त्यसलाई टाङथे ता त्यसलाई आर्शीवाद मिलोस। जब सहाबाहरू त्यसका छेउबाट अघिबढ्न लागे तब केहीले हजरत मुहम्मद (सल्लम)का सेवामा हाम्रानिम्ति पनि कुनै ज़ाते अनवात् (धाम) निश्चित गर्नुहोस भनी अनुरोध गरे। हज़रत मुहम्मद (सल्लम) ले भन्नुभयो। अल्लाह महान छन। यो त त्यही मूसा (नबी) का जातिको कुरोजस्तै भयो जब उनीहरूले किन्आनतर्फ प्रस्थान गरे र तिनले त्यहाँका क़बीलाहरूलाई मूर्तिपूजा गर्दैगरेको देखे तब मूसातर्फ फर्किएर भन्नलागे, ऐ मूसा, हाम्रालागि पनि तिनीहरूका उपास्यहरूझैं कुनै उपास्य नियुक्त गर। (सूरः आराफ, आयत - 139)। उहाँले भन्नुभयो, यो त मूर्खतापूर्ण कुरो हो। यसप्रकारका अन्धविश्वासहरूका कारण तिमीहरूमध्ये पनि कुनै एउटा समूहले त्यस्ता कार्यहरू गर्ला कि भनी म डराउँछु।

हवाज़न र तिनका सहयोगी क़बीलाहरूले मुसलमानहरूमाथि आक्रमण गर्नका लागि एउटा गुप्त अड्डा बनाएर राखेका थिए। जस्तै वर्तमान समयमा पनि युद्धक्षेत्रमा गुप्त बंकरहरू बनाइन्छन। जब इस्लामी लश्कर हुनैन भन्ने ठाउँमा पुग्यो तब सामुन्नेतर्फ उनीहरूले सासाना थुम्का बनाएर स्वयंलाई तिनका पछिल्तिर लुकाए र बीचमा मुसलमानका लागि साँधुरो बाटो छाडिदिए। उनीहरूका अधिकतर सिपाहीहरू त ती थुम्काहरूका पछिल्तिर लुकेर बसिरहे र केही सिपाहीहरू भने ऊँटहरूका अगाडि पंक्ति वद्ध भएर उभिए। मुसलमानहरूले शत्रुको लश्कर त्यही नै हो

जो सामुन्ने खडा छ भन्ने ठानी अघिबढेर आक्रमण गरे। जब मुसलमानहरू निकै अघिबढे तब गुप्त अड्डामा लुकेका सिपाहीहरूले अब हामीले सहजै आक्रमण गर्नसक्छौं भन्ने ठानी दुईतर्फबाट तीर बर्साउन आरम्भ गरे र साथै अघिल्तिर उभिएका सिपाहीहरूले पनि अनगिन्ती तीर बर्साउन लागे। मक्काका मानिसहरू जो आज हामीलाई पनि बहादुरी देखाउने अवसर मिल्नेछ भनी शामेल भएका थिए त्यो दुईतर्फा आक्रमणलाई सहन सकेनन र फर्किएर मक्कातर्फ भाग्नलागे। मुसलमानहरू यद्यपि यसप्रकारका सङ्कटहरू झेल्ने बानी राख्दथे परन्तु जब दुई हजार घोडाहरू र ऊँटहरू उनीहरूको पंक्तिलाई बिथोल्दै आत्तिएर दौडदै भाग्नलागे तब तिनीहरूका घोडाहरू र ऊँटहरू पनि भएभीत भए तथा समस्त लश्कर पछि फर्किएर आत्तिदै भाग्यो। तीनतर्फको आक्रमणमा केवल हज़रत मुहम्मद (सल्लम) र उहाँका बारह जना सहाबाहरू खडा रहे। सबै सहाबाहरू भागे भनेको होइन अपितु प्राय: सय जनाजति मानिसहरू मैदानमा डटेका थिए। परन्तु तिनीहरू हज़रत मुहम्मद (सल्लम) भन्दा टाढा थिए। उहाँका चौतर्फ केवल एक दर्जन मानिसहरू शेष रहे। एकजना सहाबीको भनाइ अनुसार उनी र उनका मित्रले आफ्ना सवारीका जनावरलाई कुनैप्रकार युद्धको मैदानतर्फ फर्काउने अनेक प्रयास गरे परन्तु दुई हजार ऊँटहरूलाई भागेको देखेर तिनीहरू कतिसम्म विच्किए भने तिनीहरूको करेली तान्दा तान्दा उनीहरूका हातहरू घाइते भए परन्तु ऊँटहरू र घोडाहरू भने फर्किननै मान्दैनथे। कतिपटक त अत्यन्त जोडले करेली तान्नाले सवारीको टाउको त्यसको पिठयूँमा ठोकिन पुग्थ्यो परन्तु जब ऐडी मारेर त्यसलाई पछिल्तिर फर्काउने प्रयास गरिन्थ्यो तब त्यो पछिल्तिर फर्किनुको सट्टा झन द्रूतगतिमा अघिल्तिर भाग्थ्यो। उनीहरूको मन हज़रत मुहम्मद (सल्लम) को पछिल्तिर के अवस्था होला भनी धक धक भइरहेथ्यो। परन्तु

तिनीहरू पूर्णतः विवश थिए। एकातर्फ सहाबाहरूको यो अवस्था थियो भने दोस्रोतर्फ हज़रत मुहम्मद (सल्लम) केवल केही व्यक्तिहरूका साथमा युद्धको मैदानमा खडा हुनुहुन्थ्यो। दायाँ र बायाँ तथा सामुन्ने तीन दिशाबाट तीर बर्सिरहेका थिए। पछिल्तिर केवल एउटा साँघुरो बाटो थियो जसबाट एक साथ केवल केही मानिसहरू मात्र अघिबढ्न सक्थे। तथा त्यो मार्गबाहेक बच्ने मार्ग अन्य कुनै थिएन। त्यस अवसरमा हज़रत अबूबकरले स्वयं सवारीबाट उत्रिएर हज़रत मुहम्मद (सल्लम)को खच्चरको करेली थामे र उहाँसित केही समयका लागि पछि हट्ने अनुरोध गरे ता इस्लामी लश्कर एकत्रित होस। उहाँले भन्नुभयो, अबूबकर! मेरो खच्चरको करेली छाडिदेउ। त्यसपछि खच्चरलाई ऐडी लगाउँदै उहाँ त्यस सङ्कीर्ण मार्गमा अघिबढ्न लाग्नुभयो। त्यसका दाएँ-बाएँ बंकरमा लुकेका सिपाहीहरू तीर बर्साइरहेथे। उहाँले त्यस अवसरमा भन्नुभयो,

اَنَا النَّبِيُّ لَا كَذِب اَنَا ابنِ عَبدِ المُطَّلِب[1]

अर्थात - म खुदाको नबी (पैगम्बर) हुँ। म झूट्टो होइन। परन्तु यस समय खतरापूर्ण स्थानमा उभिएर जसरी म शत्रुको आक्रमणबाट सुरक्षित छु यसको अर्थ मभित्र कुनै ईश्वरत्व छ भन्ने होइन अपितु म त मनुष्य नै हुँ र अब्दुल मुतलिबको नाति हुँ भन्ने कुरो स्मरण राख। त्यसपछि उहाँले हज़रत अब्बासलाई जसको स्वर अति उच्च थियो बोलाउनु भयो र भन्नुभयो, ऐ अब्बास! ठूलो स्वरमा के घोषणा गर भने ऐ ती सहाबाहरूहो! जसले हुदैबियाका दिन वृक्षमनि बैअत गरेका थियौ र ऐ ती मानिसहरूहो! जो सूरः बक़रा (पवित्र कुरआनको दोस्रो अनुच्छेद) को (अवतीर्णको) समयदेखि मुसलमान रहेका छौ। तिमीहरूलाई खुदाको रसूलले डाकिरहेछ। हज़रत अब्बासले अत्यन्त ठूलो स्वरमा

1. मुस्लिम किताबुल जिहाद वस्सैर, अध्याय गज़वातो हुनैन।

जब हज़रत मुहम्मद (सल्लम)को त्यो सन्देश सुनाए त्यससमय सहाबाहरूको जून अवस्था भयो त्यसबारे केवल उनीहरूकै मुखबाट घटनाहरू सुनेर मात्र अनुमान लगाउन सकिन्छ। माथि उल्लेख गरिएका एकजना सहाबीले के वर्णन गरे भने-जब हामी ऊँटहरू र घोडाहरूलाई फर्काउने प्रयासमा थियौं त्यहीबेला अब्बासको पुकार हाम्रो कानमा पऱ्यो। त्यससमय हामीलाई हामी यस संसारमा होइन अपितु हामी प्रलयका दिन खुदा तआलाका सामुन्ने खडा छौं र खुदा तआलाका फरिश्ताहरू हामीलाई हिसाब दिनका लागि डाकिरहेछन जस्तो अनुभव भयो। तब हामीमध्ये केहीले आफ्नो तरवार र ढाल आफ्नो हातमा लिएर ऊँटबाट उत्रिएर ती डराएका ऊँटहरूलाई खाली छाडिदिए ता तिनीहरू जता चाहे जाऊन। केहीले त आफ्नो तरवारद्वारा ऊँटको गर्धन नै काटिदिए र स्वयं पैदल हिडेर हज़रत मुहम्मद (सल्लम)का सेवामा उपस्थित भए। ती सहाबी भन्छन, त्यस अवसरमा अन्सारहरू त्यसरी नै दौढेर हज़रत मुहम्मद (सल्लम)तर्फ गइरहेथे जसरी ऊँटनीहरू र गाईहरू आफ्ना बाच्छाको पुकार सुनेर दौडने गर्छन। यसप्रकार अति थोरै समयमा सहाबाहरू र विशेषत: अन्सारहरू हज़रत मुहम्मद (सल्लम)का चौतर्फ एकत्रित भए फलस्वरूप अन्तत: शत्रुको हार भयो।

हज़रत मुहम्मद (सल्लम)को आध्यात्मिक शक्ति र प्रभावको चिह्न (प्रमाण) के हो भने त्यो व्यक्ति जो केहीदिन पहिलासम्म उहाँको ज्यानको शत्रु थियो र उहाँविरुद्ध कुफ्फारको लश्करको कमाण्डर हुनेगर्थ्यो अर्थात अबू सुफियान, आज हुनैनको युद्धमा त्यो हज़रत मुहम्मद (सल्लम)का साथमा थियो। जब कुफ्फारका ऊँटहरू पछिल्तिर दौड्न लागे तब अबू सुफियानले जो अत्यन्त चतुर थियो मेरो घोडा पनि बिच्केला कि भनी तत्काल घोडाबाट हामफाल्यो र हज़रत मुहम्मद (सल्लम)को खच्चरको करेली

समातेर उहाँसित पैदल नै हिड्नलाग्यो। उसको वर्णन के छ भने, त्यससमय मेरो हातमा नाङ्गो तरवार थियो र म अल्लाहको शपथ खाएर भन्छु जसले हृदयका गुप्त कुराहरूलाई जान्दछन, म त्यससमय हज़रत मुहम्मद (सल्लम)को खच्चरको करेली थामेर यदि कोही व्यक्तिले उहाँतर्फ बढ्नचाहेमा मलाई मारेर मात्र उहाँसम्म पुग्नसक्नेछ भन्ने अठोट लिएर खडा थिएँ। त्यससमय हज़रत मुहम्मद (सल्लम) आश्चर्यित भई मलाई हेरिरहनुभएथ्यो। सम्भवत: उहाँले आजभन्दा केवल दस पन्द्रह दिन पहिला यो व्यक्ति मलाई मार्नका लागि लश्कर लिएर मक्काबाट निस्कन लागेको थियो परन्तु केही दिन भित्रैमा खुदा तआलाले यसको हृदयमा यस्तो परिवर्तन ल्याए फलत: मक्काको त्यो कमाण्डर आज एउटा साधारण सिपाहीको रूपमा मेरो खच्चरको करेली समातेर उभिएको छ। उसले आज आफ्नो मृत्युद्वारा आफ्नो पाप मेटाउने छ भन्ने कुरो उसको मुहारले बताइरहेछ भनी सोचिरहनु भएथ्यो। अब्बासले जब हज़रत मुहम्मद (सल्लम)लाई आश्चर्यित भई अबू सुफियानतर्फ हेरिरहेको देखे तब भने, हे अल्लाहका रसूल! यो अबू सुफियान हजूरको काकाको छोरो र हजूरको भाई हो। आज त हजूर यसबाट प्रसन्न हुनुहोस। उहाँले भन्नुभयो, अल्लाह तआलाले यसका ती समस्त शत्रुताहरूलाई जुन उसले मसित गरेका थिए क्षमा गरुन। त्यही क्षणमा उहाँ अबू सुफियानतर्फ फर्कनुभयो र उसलाई सम्बोधित गरी भन्नुभयो, ऐ भाई! अबू सुफियानको वर्णन छ, तब मैले श्रद्धाको जोशमा उहाँको त्यो पावँलाई चुमे जुन खच्चरको रिकाबमा थियो।

हुनैन विजयपछि जब हज़रत मुहम्मद (सल्लम)ले त्यो उहाँले सापट्टी लिनुभएको युद्धको सामग्री त्यसका मालिकहरूलाई फर्काउनु भयो र साथै धेरै पुरस्कार र उपहार पनि दिनुभयो। तब तिनीहरूले यो व्यक्ति यस समयका साधारण मानिसहरू जस्तो

होइन भन्ने अनुभव गरे र त्यही अवसरमा सफवानले इस्लाम ग्रहण गरे।

उक्त युद्धको एउटा अचम्भको घटना पनि इतिहासमा वर्णित छ। शौबा नामक मक्कानिवासी एकजना व्यक्ति जो ख़ाना का'बाको सेवाका लागि नियुक्त थिए उनी भन्छन, म पनि उक्त युद्धमा शामेल थिएँ। परन्तु जब लश्करको परस्परमा भिडन्त हुनेछ तब मौका हेरेर म हज़रत मुहम्मद (सल्लम)को हत्या गर्ने छु भन्ने मेरो धारणा थियो र मैले मनमनै के ठानेको थिएँ भने अरब अथवा गैर अरब त के समस्त संसारले मुहम्मद (सल्लम) को धर्ममा प्रवेश गरेतापनि म मुसलमान बन्नेछैन। जब युद्ध चर्क्यो र यताका मानिसहरू उताका मानिसहरूसित मिसिन पुगे तब मैले तरवार म्यानबाट निकालें र हज़रत मुहम्मद (सल्लम) तर्फ बढ्नलागें। त्यससमय मैले उहाँ र मेरा बीचमा आगोको एउटा शोलो उठेको देखें जुन मलाई भस्म गर्न मतर्फ बढिरहेको थियो त्यहीबेला मैले हज़रत मुहम्मद (सल्लम)को पुकार, शौबा! मेरा निकट आउ भन्ने सुनें। जब म उहाँका निकट गएँ उहाँले मेरो छातीमा हात फेरेर भन्नुभयो, हे अल्लाह! शौबालाई सैतानी धारणाहरूबाट मुक्ति देउ। शौबा भन्छन, हज़रत मुहम्मद (सल्लम) ले हात फेर्नासाथै मेरो मनबाट समस्त शत्रुता र घृणाभाव मेटियो। त्यस समयदेखि हज़रत मुहम्मद (सल्लम)मेरा लागि आफ्ना नेत्रहरू, आफ्ना कानहरू र आफ्नो हृदयभन्दा अधिक प्रिय हुनुभयो। पुनः उहाँले आदेश दिनुभयो, ऐ शौबा, अघिबढेर लड। तब म अघिबढें र त्यससमय मेरो मनमा केवल आफ्नो ज्यानदिएर हज़रत मुहम्मद (सल्लम)लाई बचाउने इच्छा मात्र थियो। यदि त्यससमय मेरो पिता जीवित रहेको भए र मेरा सामुन्ने आएको भए म आफ्नो तरवारले त्यसको छातीमा प्रहार गर्नेथिएँ र एक रत्ति पनि हिच्किचाउने थिइँन। (सीरत इब्ने हश्शाम, भाग 3,

पृष्ठ 9)

त्यसपछि हज़रत मुहम्मद (सल्लम) ताईफतर्फ प्रस्थान गर्नुभयो र यो त्यही शहर हो जहाँका वासिन्दाहरूले ढुङ्गा हानेर उहाँलाई आफ्नो शहरबाट निकालेका थिए। त्यस शहरलाई केहीसमयसम्म उहाँले घेरेर राख्नुभयो। परन्तु त्यसको घेराउ गरी समय नष्ट गर्नुपर्ने आवश्यक छैन भनी केही व्यक्तिहरूले परामर्श दिएपछि उहाँले घेराउ त्यागेर फर्कनुभयो र केही समयपछि ताईफका मानिसहरू पनि मुसलमान भए।

## मक्का र हुनैनको विजयपछि

यी युद्धहरूबाट अवकाश पाएपछि त्यो धन जुन पराजित शत्रुहरूको जरिमाना र युद्धभूमिमा छाडिएका वस्तुहरूबाट एकत्रित भएको थियो नियमानुसार त्यो इस्लामी लश्करमा हजरत मुहम्मद (सल्लम)ले वितरण गर्नु थियो। परन्तु त्यस अवसरमा उहाँले त्यो धन मुसलमानहरूका बीचमा वितरण गर्नुको सट्टा मक्काका र छेउछाउका मानिसहरूमा वितरण गर्नुभयो। तिनीहरूमा हालसम्म ईमान उत्पन्न भएको थिएन। धेरैजसो त हालसम्म अविश्वासी नै थिए र जो मुसलमान भएका थिए तिनीहरू पनि नयाँ-नयाँ मुसलमान भएका थिए। तिनीहरूका लागि एउटा जातिले आफ्नो धन अरू मानिसहरूमा वितरण गर्नु अनौठो कुरो थियो। यस धनको वितरणबाट तिनीहरूको हृदयमा सद्‌गुण र संयम उत्पन्न हुनुको सट्टा लोभ र लालसा झन बढ्‌यो। तिनीहरूले हज़रत मुहम्मद (सल्लम)का चारैतर्फ जमघट्टा लगाए र अधिक धन दिन निवेदन गर्नलागे र उहाँलाई सताउन लागे। अन्ततः उहाँलाई धक्याउँदै एउटा वृक्षसम्म पुऱ्याए र एउटा व्यक्तिले त उहाँको बर्को जुन उहाँले काँधमा राख्नुभएको थियो, त्यसलाई समातेर

बटार्न लाग्यो फलतः उहाँको स्वास नै थम्न लाग्यो। उहाँले भन्नुभयो, हे मानिसहरूहो! मसित यदि अधिक केही रहेको भए म त्यो पनि तिमीहरूलाई दिनेथिएँ। तिमीहरूले मलाई कहिल्यै डरपोक र कृपण पाउने छैनौ। त्यसपछि उहाँ आफ्नो ऊँटनीका निकट जानुभयो र त्यसको एउटा रौं तोडेर माथि उठाउनु भयो र भन्नुभयो, हे मानिसहरूहो! मलाई तिमीहरूको धनबाट यस रौं बराबर पनि आवश्यक छैन। हो केवल पाँचौं भाग जुन अरबको नियमानुसार सरकारको अंश हो र त्यो पाँचौ भागबाट पनि म आफ्नो ज्यानमाथि खर्च गर्दिन अपितु तिमीहरूकै कार्यमा खर्च हुन्छ। अतः स्मरण राख, धोकेबाज मानिस प्रलयका दिन खुदाका सामुन्ने त्यस धोकाका कारण अपमानित र लाञ्छित हुनेछ।

(सीरतुल हलबिया, भाग 3, पृष्ठ 135)

हज़रत मुहम्मद (सल्लम) साम्राज्य प्राप्त गर्न चाहन्थे भनी मानिसहरू आरोप लगाउँछन। के सम्राटहरूका र प्रजाहरूका बीचमा त्यस्तै सम्बन्ध हुनेगर्छ र? के सम्राटलाई त्यसरी धक्याउने र उसको गर्धनमा पटुकाले बाँधेर कस्ने कसैमा सामर्थ्य हुनसक्छ र? अल्लाहका रसूलहरूबाहेक अन्य कसले यस्तो आदर्श देखाउन सक्छ। परन्तु त्यसरी समस्त धन गरीबहरूमा वितरण गरेतापनि केही कठोरहृदयी व्यक्तिहरू यस्ता पनि थिए जसले हज़रत मुहम्मद (सल्लम)को वितरणलाई न्यायपूर्ण वितरण मान्दैनथे। अतः ज़ूल खोवेस्रा नामक एउटा व्यक्ति हज़रत मुहम्मद (सल्लम)का सामुन्ने आयो र त्यसले भन्यो, ऐ मुहम्मद! आज तिमीले गरेको कार्य मैले देखें। उहाँले भन्नुभयो, तिमीले के देख्यौ? त्यसले भन्यो, आज तिमीले अत्याचार गरेको देखें, तिमीले न्याय गरेनौ। उहाँले भन्नुभयो, तिमीप्रति खेद छ! यदि मैले न्याय नगरेमा अन्य कुन मानिसले संसारमा न्याय गर्ला। त्यस अवसरमा सहाबाहरू उत्तेजित भई खडा भए र जब त्यो व्यक्ति मस्जिदबाट निष्किएर

गयो तब तिनीहरूमध्ये केहीले भने, हे अल्लाहका रसूल! त्यो व्यक्ति त मृत्युदण्डको योग्य रहेको छ। के हजूरले हामीलाई त्यसको हत्या गर्ने अनुमति दिनुहुनेछ? उहाँले भन्नुभयो, यदि त्यो व्यक्ति कानूनको पालना गर्छ भने हामी कसरी त्यसको हत्या गर्नसक्छौं र। सहाबाहरूले भने, हे अल्लाहका रसूल! एउटा व्यक्ति जो मुखले केही भन्छ परन्तु त्यसको मनमा अन्य केही छ भने के त्यो दण्डनीय ठहर्दैन र? हज़रत मुहम्मद (सल्लम) ले भन्नुभयो, मलाई खुदाले मानिसहरूको मनमा रहेका कुराहरू अनुसार निर्णय गर्ने आदेश दिएका छैनन अपितु मलाई तिनीहरूले जुनकुरो मुखले प्रकट गर्छन त्यसानुसार निर्णय गर्ने आदेश दिइएको छ। पुनः उहाँले भन्नुभयो, त्यसका साथीहरूले भविष्यमा इस्लामविरुद्ध विद्रोह गर्नेछन। अतः हज़रत अलीको शासनकालमा त्यो व्यक्ति र त्यसका क़बीलाका मानिसहरू ती विद्रोहीहरूका नेता थिए जसले हज़रत अलीविरुद्ध विद्रोह गरे जो खवारिजको नामले आज पनि प्रसिद्ध रहेका छन।

हवाज़नबाट फुर्सत पाएपछि हज़रत मुहम्मद (सल्लम) मदीना पाल्नुभयो। मदीनावासीहरूका लागि यो एउटा नयाँ खुशीको दिन थियो। एकपटक खुदाका रसूल (सन्देशवाहक) मक्काका मानिसहरूको अत्याचारबाट दिक्कभएर मदीना पाल्नुभएको थियो र आज खुदाका रसूल मक्का विजय गरी आफ्नो इच्छाले आफ्नो वचन पूरा गर्नका लागि पुनः मदीनामा प्रवेश गरिरहनुभएथ्यो।

## तबूकको युद्ध

जब हज़रत मुहम्मद (सल्लम)ले मक्का विजय गर्नुभयो तब खज़रज कबीलाको अबू आमिर मदनी नामक व्यक्ति जो यहूदीहरू र ईसाईहरूसित मेलमिलाप रहेको हुनाले भजन र गुणगानमा

व्यस्त रहन्थ्यो त्यसैकारण मानिसहरू त्यसलाई राहिब (सन्यासी) भन्दथे परन्तु त्यो ईसाई थिएन। त्यो व्यक्ति हज़रत मुहम्मद (सल्लम)को मदीनामा आगमनपछि मक्कातर्फ पलायन गरेको थियो। जब मक्का विजय भयो तब त्यसले इस्लाम विरुद्ध दङ्गा फैलाउनका लागि कुनै अर्को उपाय गर्नु आवश्यक छ भनी सोच्न लाग्यो। अन्ततः उसले आफ्नो नाम र रंगढङ्ग परिवर्तन गऱ्यो र मदीनाका निकट कुबा नामक गाउँमा गएर रहन लाग्यो। धेरै वर्षसम्म बाहिर रहेको हुनाले र अनुहार र वस्त्रपहिरन परिवर्तन गरेको हुनाले मदीनाका मानिसहरूले झट्टै त्यसलाई चिन्न सकेनेन। केवल ती मुनाफिक (ढोंगी) हरूले त्यसलाई जान्दथे जससित उसले आफ्नो साँठगाँठ जोडेको थियो। उसले मदीनाका मुनाफिकहरूसित मिलेर एउटा योजना बनायो र भन्यो, म शाम (सिरिया)गएर ईसाई शासन र अरबी ईसाई कबीलाहरूलाई भड्काउँछु र तिनीहरूलाई मदीनामाथि आक्रमण गर्न उक्साउने छु। यता तिमीहरू शामी फौजले मदीनामाथि आक्रमण गर्न लागिरहेछ भन्ने हल्ला फैलाऊ। यदि मेरो योजना सफल भयोभने तिनीहरूमा मुठभेड हुनेछ र यदि सफल नभएमा त्यो हल्लाका काराण मुसलमानहरूले सम्भवतः शाममा गएर स्वयं तिनीहरूमाथि आक्रमण गर्लान र यसप्रकार शामी शासन र यिनीहरूका बीचमा युद्ध आरम्भ हुनेछ र हाम्रो काम बन्नेछ। अतः यस प्रकारको सल्लाह गरेर त्यो व्यक्ति शामतर्फ लाग्यो र मदीनाका मुनाफिकहरूले प्रतिदिन मदीनामा हामीले फलानो काफिलालाई भेटेका थियौं त्यस क़ाफिलाले हामीलाई शामी फौजले मदीनामाथि आक्रमण गर्ने तयारी गरिरहेछ भनी सूचित गऱ्यो भन्ने मिथ्या खबर फैलाउन लागे। यसैगरी दोस्रो दिन हामीलाई फलानों काफिला देखा परेको थियो त्यसले शामी फौजले मदीनामाथि आक्रमण गर्न लागिरहेछ भनी सूचना दिएको छ भन्ने हल्ला

उडाउँथे। यो खबर अत्यन्त तीव्रगतिले फैलन लाग्यो र हज़रत मुहम्मद (सल्लम)ले इस्लामी लश्कर लिएर स्वयं शामी लश्करसित मुकाबिलाका लागि प्रस्थान गर्नु उचित ठान्नुभयो। यो समय मुसलमानहरूका लागि अत्यन्त कठिन थियो। अघिल्लो वर्ष अन्न र फलको उपजाउ कम रहेको थियो र चालु वर्षको अन्न पनि हालसम्म तयार भएको थिएन। सितम्बरको अन्तिम अथवा अकतूबरको आरम्भ थियो। जब उहाँ त्यस उद्देश्यका लागि निस्कनु भयो मुनाफिकहरूलाई त त्यो मिथ्या खबर हो र तिनीहरूले गरेको उपद्रव हो भन्ने थाहा थियो र योजनानुसार यदि शामी लश्करले आक्रमण नगरेमा मसलमानहरू स्वयं गएर शामीहरूसित लडून र मरून भन्ने सोच थियो। मूताको युद्धका घटनाहरू तिनीहरूका सामुन्ने थिए। त्यससमय मुसलमानहरूले अत्यन्त ठूलो लश्करको सामना गर्नु परेको थियो। तिनीहरू जसोतसो गरी बचेका थिए। अब तिनीहरू एउटा अर्को मूता आफ्नो आँखाले देख्न चाहन्थे। यसमा त स्वयं हज़रत मुहम्मद (सल्लम)पनि शहीद हुनुहुनेछ भन्ने थियो। त्यसकारण एकातर्फ त प्रतिदिन मुनाफिकहरू फलाँ माध्यमबाट हामीलाई शत्रुले आक्रमण गर्न लागिरहेछ, शामी फौजीहरू आइरहेछन भन्ने सूचना मिलेको छ भनी मिथ्या खबर फैलाउँथे र दोस्रोतर्फ यत्रो ठूलो लश्करको मुकाबिला (संघर्ष) कुनै सजिलो कार्य होइन त्यसेलै तिमीहरू युद्धका लागि नजाऊ भनी मानिसहरूमा भय र त्रास उत्पन्न गरिरहेथे। यी कार्यवाईहरू गर्नुको उद्देश्य मुसलमानहरू शाममाथि आक्रमण गर्न जाऊन तर कमभन्दा कम संख्यामा जाऊन र तिनीहरूको पराजय निश्चित होस भन्ने थियो। परन्तु जब मुसलमानहरूलाई हामी शामतर्फ जान लागेका छौं भन्ने हज़रत मुहम्मद (सल्लम)को घोषणाको जानकारी मिल्यो तिनीहरू निष्ठा र उत्साहपूर्वक अघिअघि बढेर दान पुण्य गरिरहेथे। गरीब

मुसलमानहरूसित युद्धसामग्री कहाँ थियो र। सरकारको ख़ज़ाना पनि खाली थियो। त्यसकारण तिनीहरूका धनी मानी भई बन्धुहरू नै तिनको सहयोगका लागि अघिबढेर आउन सक्दथे। अतः प्रत्येक व्यक्ति दान र सहयोगमा एकले अर्कालाई उछिन्ने प्रयासमा थियो। हज़रत उस्मानले त्यस अवसरमा आफ्नो अधिकांश धन हज़रत मुहम्मद (सल्लम)का सेवामा प्रस्तुत गरे र त्यो कुल एक हज़ार सुनको दिनार थियो अर्थात प्राय 25 हज़ार रुपियाँ। यसैगरी अन्य सहाबाहरूले आ-आफ्नो जेथो अनुसार चन्दा दिए। अतः गरीब मुसलमानहरूका लागि सवारीहरू र तरवारहरू अथवा भालाहरू उपलब्ध गराइयो। सहाबाहरूमा दान र सहयोगको भावना कतिसम्म थियो भने यमनका केही मानिसहरू मुसलमान भएर मदीनामा आई बसोवास गर्थे र तिनीहरू अत्यन्त गरीब थिए। तिनीहरूमध्ये केही व्यक्तिहरू हज़रत मुहम्मद (सल्लम) का सेवामा उपस्थित भए र हे अल्लाहका रसूल! हामीलाई पनि लिएर जानुहोस। हामी अरु केही चाँहदैनौं हामीलाई केवल उहाँसम्म पुग्ने सामग्री उपलब्ध गराइयोस भनी अनुरोध गरे। पवित्र कुरआनमा यिनीहरूको उल्लेख यसप्रकार गरिएको छ

وَّلَا عَلَى الَّذِيْنَ اِذَا مَآ اَتَوْكَ لِتَحْمِلَهُمْ قُلْتَ لَآ اَجِدُ مَآ اَحْمِلُكُمْ عَلَيْهِ۪ تَوَلَّوْا
وَّاَعْيُنُهُمْ تَفِيْضُ مِنَ الدَّمْعِ حَزَنًا اَلَّا يَجِدُوْا مَا يُنْفِقُوْنَ ○[1]

अर्थात यस युद्धमा शामेल नभएकोले ती व्यक्तिहरूलाई केही पाप लाग्नेछैन जो तिम्रा सेवामा तिमीले तिनीहरूका लागि उहाँसम्म पुग्ने साधन उपलब्ध गरिदेउ भनी उपस्थित भएका छन परन्तु तिमीले उनीहरूलाई मसित तिमीहरूलाई उहाँसम्म पुऱ्याउने साधन छैन भनी उत्तर दियौ। तब तिनीहरू तिम्रो सभाबाट उठेर बाटोलागे र तिनीहरूका आँखाबाट तिनीहरूसित कुनै धन छैन जसलाई खर्च गरी तिनीहरूले आज इस्लामको सेवा गर्न

1. सूरः अत्तौबः : 92

सकून भन्ने खेद र शोकका कारण आँसु बगिरहेका थिए। अबू मूसा तिनीहरूका मुखिया थिए जब उनीसित त्यससमय हज़रत मुहम्मद (सल्लम)बाट तिमीले के मागेका थियौ भनी प्रश्न गरियो तब उनले भने, खुदाको शपथ! हामीले ऊँट मागेनौं, हामीले घोडा मागेनौं हामीले केवल हामी खाली पाँव छौं र यत्रो लामो पैदल यात्रा गर्न सक्दैनौं यदि हामीलाई केवल जुत्ताको जोडा मिलेमा हामी जुत्ता लगाएर नै दौडदैं आफ्ना भाईहरूका साथमा युद्धमा सम्मिलित हुन पुग्नेथियों भनी निवेदन गरेका थियौं। लश्करले शाम (सिरिया) तर्फ जानुथियो र मूताको युद्धको दृश्य मुसलमानहरूको दृष्टिका सामुन्ने थियो त्यसकारण सबै मुसलमानहरूको मनमा हजरत मुहम्मद (सल्लम) को ज्यानको सुरक्षाको चिन्ता अन्य सबै चिन्ता भन्दा अधिक थियो। महिलाहरूले समेत यस खतरालाई भाँपेका थिए। त्यसकारण आफ्ना पति र पुत्रहरूलाई युद्धमा जान जोड दिइरहेका थिए। त्यस निष्ठा र उत्साहको अनुमान एउटा घटनाबाट लगाउन सकिन्छ र त्यो के हो भने एकजना सहाबी कुनै कामले बाहिर गएका थिए र जब उनी फर्केर आए तब हज़रत मुहम्मद (सल्लम) लश्कर समेत मदीनाबाट प्रस्थान गरिसक्नु भएथ्यो। जब उनी एउटा लामो समयपछि आफ्नी प्यारी पत्नीलाई भेटेर आनन्द प्राप्तिका लागि घरमा प्रविष्ट भए तब आफ्नी पत्नीलाई आङ्गनमा बसिरहेको देखे र उनीतर्फ आलिङ्गन गर्न र स्नेह जताउन भनी अघिबढे। जब उनी निकट पुगे तब उनकी पत्नीले दुवैहातले उनलाई धक्का दिएर पछि हटाइन। ती सहाबीले आश्चर्यित भएर आफ्नी पत्नीको मुख हेरेर यति लामो समयपछि भेट हुँदा पनि यो तिम्रो कस्तो व्यवहार हो भनी सोधे। उनकी पत्नीले भनीन, तिमीलाई लाज लाग्दैन। खुदाका रसूल भने त्यस्तो खतरापूर्ण ठाउँतर्फ प्रस्थान गरिरहनुभएछ र तिमीचाहिं आफ्नी पत्नीलाई प्रेम

गर्ने साहस गरिरहेछौ। पहिला गएर आफ्नो कर्त्तव्य पालन गर त्यसपछि यी कुराहरूबारे हेरौंला। तिनी तत्काल घरबाट बाहिर निस्किए र आफ्नो सवारीमा जिन कसे तथा हज़रत मुहम्मद (सल्लम) लाई तीन बिसौनी पर पुगेर भेटे।

कुफ्फार र मुनाफिकहरू भने हज़रत मुहम्मद (सल्लम)ले ती मिथ्या खबरहरू सुनेर सोच विचार नगरी शामी लश्करमाथि धावा बोल्नुहुनेछ भनी ठान्दथे। परन्तु हज़रत मुहम्मद (सल्लम) त इस्लामी सदाचारका अनुयायी हुनुहुन्थ्यो। जब उहाँ शामका निकट तबूक नामक स्थानमा पुग्नुभयो तब उहाँले यताउता मानिसहरू पठाएर वास्तविक कुरो के हो त्यसको जानकारी लिएर आउने आदेश दिनुभयो। ती मानिसहरूले एकमत भई कुनै शामी लश्कर अहिलेसम्म जम्मा भएको छैन भन्ने खबर ल्याए। त्यसपछि हज़रत मुहम्मद (सल्लम) केही दिन त्यस स्थानमा ठहर्नुभयो र छेउछाउका कबीलाहरूसित सन्धि गरी कुनै युद्ध गरेबिनानै फर्कनुभयो।

यो उहाँको यात्रा कुल अढाई महीनाको थियो। जब मदीनाका मुनाफिकहरूलाई लडाईं सडाईं केही भएन र हज़रत मुहम्मद (सल्लम) सकुशल फर्केर आइरहनु भएछ भन्ने थाहालाग्यो। तब तिनीहरूले हाम्रो धूर्तचालको भेद अब हज़रत मुहम्मद (सल्लम) प्रति खुल्यो र अब हामी दण्डबाट बच्नेछैनौं भन्ने कुरो जाने। तब तिनीहरूले मदीनाबाट केही टाढा अत्यन्त साँगुरो बाटोमा केही मानिसहरूलाई राखे। जब हज़रत मुहम्मद (सल्लम) त्यस ठाउँका निकट आइपुग्नु भयो तब अल्लाह तआलाले आकाशवाणीद्वारा अगाढि मार्गको दुईतर्फ शत्रु घातमा बसिरहेछ भनी सूचित गरे। उहाँले एकजना सहाबीलाई उक्त स्थानमा गएर हेर्ने आदेश दिनुभयो। ती सहाबी सवारीलाई द्रुत गतिले हाँकेर त्यहाँ पुगे र केही मानिसहरू त्यहाँ लुकेर बसेका

देखे। तिनीहरू त्यसरी नै लुकेर बसेका थिए जसरी आक्रमणकारी लुक्नेगर्छन। जब उनी त्यहाँ पुगे तिनीहरू त्यहाँबाट भागे। हज़रत मुहम्मद (सल्लम)ले तिनीहरूको पीछा गर्नु उचित ठान्नुभएन।

जब उहाँ मदीना पुग्नुभयो तब ती मुनाफिकहरूले जो युद्धमा शामेल भएका थिएनन भिन्न-भिन्न बहानाहरू प्रस्तुत गर्नलागे। हज़रत मुहम्मद (सल्लम)ले तिनीहरूको बहाना स्वीकार्नुभयो। परन्तु अब मुनाफिक़हरूको वास्तविकता मुसलमानहरूप्रति स्पष्टरूपमा खोल्ने समय आइपुगेको थियो। अतः हज़रत मुहम्मद (सल्लम) ले ईशवाणीद्वारा क़ुबा नामक स्थानमा मुनाफिक (ढोंगी)हरूले नमाज़को नाममा मानिसहरूलाई एकत्रित गरी इस्लामविरुद्ध सल्लाह परामर्श गर्ने उद्देश्यले निर्माण गरेको मस्जिद भत्काउने र उनीहरूलाई मुसलमानहरूका अन्य मस्जिदहरूमा नमाज पढ्न वाध्य गर्ने आदेश दिनुभयो। परन्तु तिनीहरूको त्यत्रो ठूलो उपद्रव प्रमाणित भएतापनि तिनीहरूलाई कुनै शरीरिक अथवा आर्थिक दण्ड दिइएन।

तबूकबाट फर्किएपछि ताईफका मानिसहरूले पनि आएर आज्ञाकारिता स्वीकार गरे र त्यसपछि अरबका भिन्न-भिन्न कबीलाहरूले क्रमशः आएर इस्लामी शासनमा प्रवेश गर्ने अनुमति मागे र केही समय भित्रैमा समस्त अरबमा इस्लामी झण्डा फहराउन लाग्यो।

## हज्जतुल विदा र हज़रत मुहम्मद (सल्लम)को एउटा खुत्बा (प्रवचन)

हिजरतको नवौं वर्षमा हज़रत मुहम्मद (सल्लम) ले मक्का गएर हज गर्नुभयो र त्यसदिन उहाँप्रति पवित्र कुरआनको यो

प्रसिद्ध आयत अवतीर्ण भयो

اَلْيَوْمَ اَكْمَلْتُ لَكُمْ دِيْنَكُمْ وَاَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِيْ وَرَضِيْتُ لَكُمُ الْاِسْلَامَ دِيْنًا۔ [1]

अर्थात आज मैले तिमीहरूको धर्मलाई तिमीहरूका लागि पूर्ण गरें र जतिपनि आध्यात्मिक उपहारहरू खुदा तआलाका तर्फबाट भक्तहरूमाथि अवतीर्ण हुनसक्छन ती सबै मैले तिम्रा उम्मत (जाति)लाई प्रदान गरें र तिमीहरूको धर्म पूर्णतः अल्लाह तआलाको आज्ञाकारितामा आधारित छ भन्ने कुराको निर्णय गरें।

उपरोक्त आयत उहाँले मुज़्दल्फाको मैदानमा जब मानिसहरू हजका लागि एकत्रित भए सबै मानिसहरूका सामुन्ने उच्च स्वरमा पढेर सुनाउनु भयो। मुज़्दल्फाबाट फर्कंदा हजको नियमानुसार उहाँ मनामा ठहर्नुभयो र हजको गयारहौं तारीखका दिन उहाँले समस्त मुसलमानहरूका सामुन्ने उभिएर एउटा भाषण दिनुभयो जसको विषयवस्तु निम्नानुसार थियो, ''हे मानिसहरूहो! मेरो कुरा ध्यानपूर्वक सुन। किनभने यस वर्षपछि म तिमीहरूका बीचमा यस मैदानमा उभिएर कुनै भाषण दिनेछु भन्ने कुरो म जान्दिन। तिमीहरूको ज्यान र तिमीहरूको धन खुदा तआलाले परस्पर एका अर्काको आक्रमणबाट सुरक्षित घोषित गरेका छन। खुदा तआलाले प्रत्येक व्यक्तिका लागि अंशबन्नमा त्यसको अंश निश्चित गरेको छ। कुनै यस्तो वसिय्यत उचित ठहर्ने छैन जसबाट अन्य वारिस (अंशिदार)को अधिकार हनन हुनेछ। जो बालक जसको घरमा जन्मन्छ त्यो त्यसकै मानिनेछ र यदि कसैले दुष्कर्मको आधारमा त्यस बालकमाथि अधिकार जताएमा त्यो स्वयं विधाननुसार दण्डनीय हुनेछ। जो व्यक्तिले स्वयंलाई कसैको पितातर्फ (म उसको पुत्र हुँ भनी) संकेत गर्छ अथवा कसैलाई मिथ्यारूपमा आफ्नो अविभावक ठहऱ्याउँछ त्यसमाथि

1. सूरः अल्मायेदः : 4

खुदा र उनका फरिश्तहरू तथा मानवजातिको अभिशाप पर्ने छ। हे मानिसहरूहो! तिमीहरूका केही अधिकारहरू तिमीहरूका पत्नीहरूमाथि रहेका छन र तिमीहरूका पत्नीहरूका केही अधिकारहरू तिमीहरूमाथि रहेका छन। तिनीहरूमाथि तिमीहरूको अधिकार के रहेको छ भने तिनीहरूले लापर्वाहीपूर्ण जीवनयापन नगरून र यस्तो दुष्कर्म नगरून जसबाट पतिहरूको समाजमा अपमान हुनजान्छ। यदि तिनीहरूले त्यसो गरेमा तिमीहरूले (पवित्र कुरआनको आदेशानुसार खोज विचार र अदालती निर्णयपछि त्यसो गर्न सकिन्छ) तिनीहरूलाई दण्ड दिनसक्छौ। परन्तु त्यसमा पनि कठोर मार्ग नअपनाउनु। परन्तु यदि तिनीहरूले त्यस्ता कार्यहरू जसले गर्दा परिवार र पतिको मान मयार्दालाई हानि पुग्छ नगरेमा तिमीहरूले आफ्नो सामर्थ्य र जेथो अनुसार तिनीहरूको भोजन पोषण र वस्त्र इत्यादिको व्यवस्था गर्ने गर। स्मरण राख! सदा आफ्ना पत्नीहरूसित उत्तम व्यवहार गर्ने गर किनभने खुदा तआलाले तिनीहरूको संरक्षण र सुरक्षाको दायित्वभार तिमीहरूलाई सुम्पिएका छन। स्त्रीजाति स्वभावत: दुर्बल रहेको छ त्यसकारण तिनीहरूले आफ्ना अधिकारहरूको स्वयं सुरक्षा गर्न सक्दैनन। तिमीहरूले जब तिनीहरूसित विवाह गरेका थियौ तब खुदा तआलालाई तिनीहरूका अधिकारहरूका जामिन बनाएका थियौ र खुदा तआलाको विधानान्तर्गत तिमीहरूले तिनीहरूलाई आफ्नो घरमा ल्याएका थियौ (अत: खुदा तआलाको जमानतको उपेक्षा नगर्नु र महिलाहरूका अधिकारहरूको सुरक्षाको सदा ध्यान राख्नु)। हे मानिसहरूहो! तिमीहरूका हातमा केही युद्ध बन्दीहरू शेष रहेका छन। मेरो उपदेश सुन! तिनीहरूलाई त्यही भोजन दिनु जुन तिमीहरू स्वयं खानेगर्छौ र तिनीहरूलाई त्यही वस्तु दिनु जुन तिमीहरू स्वयं लगाउने गर्छौ। यदि तिनीहरूबाट केही त्यस्तो भूल त्रुटि भएमा जसलाई तिमीहरूले

क्षमा गर्न सक्दैनौ भने तिनीहरूलाई कोही अन्यका हातमा बेची दिनु किनभने तिनीहरू खुदाका भृत्य हुन त्यसकारण तिनीहरूलाई कष्ट दिनु कदापि उचित हुनेछैन। हे मानिसहरूहो! म तिमीहरूलाई जे जे भन्दछु सुन र राम्ररी स्मरण राख। प्रत्येक मुसलमान अर्को मुसलमानको भाई हो। तिमीहरू सबै एकै दर्जाका हौ। तिमीहरू सबै मानिसहरू चाहे त्यो जुनसुकै जाति अथवा मर्तवाको होस मानिस हुनुको नाताले एउटै दर्जाका हौ। (उक्त वाक्य भन्दै उहाँले आफ्ना दुवै हातहरू माथि उठाउनु भयो र दुवै हातका औंलाहरू परस्पर मिलाउनु भयो) र भन्नुभयो, जसरी दुवै हातका औंलाहरू परस्पर बराबर रहेका छन यसैगरी तिमीहरू मानवजातिस्वरूप बराबर रहेका छौ। तिमीहरूलाई परस्पर एक अर्कामाथि प्राधान्यता र बढाईं प्रकट गर्ने अधिकार छैन। तिमीहरू परस्परमा भाईहरू जस्तै हौ। पुनः भन्नुभयो, आज कुन महीना हो भन्ने तिमीहरूलाई थाहा छ? के यो क्षेत्र कुन हो भन्ने तिमीहरूलाई थाहा छ? यो दिन कुन हो भन्ने तिमीहरूलाई थाहा छ? मानिसहरूले भने, हो यो पवित्र महीना हो। यो पवित्र क्षेत्र हो र यो हजको दिन हो। प्रत्येक उत्तरप्रति हज़रत मुहम्मद (सल्लम)के भन्नुहुन्थ्यो भने - जसरी यो महीना पवित्र रहको छ र जसरी यो क्षेत्र पवित्र रहेको छ र जसरी यो दिन पवित्र रहेको छ त्यसैगरी अल्लाहा तआलाले प्रत्येक मानिसको ज्यान र उसको धनलाई पवित्र घोषित गरेका छन। कसैको ज्यान र कसैको धनमाथि आक्रमण गर्नु त्यसरी नै अवैध र अनुचित रहेको छ जसरी यस महीनाको र यस क्षेत्रको तथा यस दिनको अपमान गर्नु अनुचित छ। यो आदेश आजका लागि होइन, भोलिका लागि होइन अपितु त्यसदिनसम्मका लागि हो जब तिमीहरू गएर खुदाका सम्मुख उपस्थित हुनेछौ। पुन उहाँले भन्नुभयो, यी कुराहरू जो मैले तिमीहरूसित गरें यिनलाई संसारका कुना

कुनासम्म पुऱ्याऊ किनभने सम्भवतः जो मानिसहरू आज मबाट सुनिरहेछन यिनीहरूभन्दा उनीहरूले यी कुराहरूको अधिक पालना गर्लान जसले मबाट सुनिरहेका छैनन।''

यो संक्षिप्त खुत्बः (भाषण) बाट हज़रत मुहम्मद (सल्लम) लाई मानवजातिको कल्याण र तिनीहरूको शान्तिप्रति कति चासो थियो र महिलाहरू र असहायहरूका अधिकारहरूप्रति उहाँ कति चिन्तित हुनुहुन्थ्यो भन्ने कुरो प्रमाणित हुन्छ। अब मृत्यु निकट छ भन्ने कुरो उहाँले अनुभव गर्नुभएको थियो। उहाँका जीवनका दिनहरू अब थोरै शेष छन भन्ने कुरो सम्भवतः अल्लाह तआलाले उहाँलाई बताइसकेका थिए। ती महिलाहरू जसलाई मानव सृष्टिको प्रारम्भदेखि नै पुरुषहरूकी दासी घोषित गरिएको थियो तिनीहरूका अधिकारहरूलाई सुरक्षित गर्ने आदेश दिनुभन्दा पहिला उहाँको संसारबाट प्रस्थान होस भन्नेकुरो उहाँले चाहनुभएन। ती युद्धबन्दीहरू जसलाई मानिसहरू दास भन्नेगर्थे र जसमाथि भिन्नभिन्न प्रकारका अत्याचारहरू गर्ने गर्थे तिनीहरूका अधिकार हरू सुरक्षित गर्नुभन्दा पहिला उहाँले संसारबाट प्रस्थान गर्न चाहनुभएन। मानिसहरूको बीचमा रहेको त्यो भेद-भाव र भिन्नता जसले मानिसहरूमध्ये कसैलाई त आकाशमा चढाएको थियो र कसैलाई भने पतालमा धँसाएको थियो र जाति जाति तथा देश देशहरूका बीचमा मतभेद र विवाद उत्पन्न गर्ने कारण बनेको थियो त्यस फरक र मतभेदलाई मेटाएबिना उहाँले संसारबाट विदा हुन चाहनुभएन। त्यो एक अर्काका अधिकारहरूमाथि डाका मार्ने र एक अर्काको ज्यान र धनलाई आफ्नालागि वैध र उचित ठान्ने कुस्वभाव जुन सदादेखि मानवजातिप्रति सबैभन्दा भयानक अभिशाप रहेको छ यस कुभावनालाई मेटाएर मानवजातिको ज्यान र धनलाई त्यही सम्मान र सुरक्षा जुन खुदा तआलाका पवित्र महीनाहरू र स्थानहरूलाई

प्राप्त छ प्रदान नगरी उहाँले संसारबाट विदा हुन चाहनुभएन। महिलाहरूप्रति सहानुभूति, आफ्ना अधीनमा रहेका मानिसहरूप्रति दया र सहानुभूति, मानवजातिमा शान्ति र सुरक्षा स्थापनाको कामना र मानवजातिका बीचमा समानता र एकता स्थापनाको यस्तो प्रगढ इच्छा के संसारमा कुनै अन्य मानिसमा पाइन्छ र? के आदम (आदिमानव) देखि लिएर आजसम्म कुनै मानिसले मानवजातिको सहानुभूतिको यस्तो भावना र जोश देखाएको छ र? यही कारणवश इस्लाममा आजसम्म महिलालाई आफ्नो सम्पत्तिमा स्वामित्व प्राप्त छ र यूरोपले भने इस्लाम आएको तेरह सय वर्षपछि गएर उक्त दर्जा प्राप्त गरेको छ। यसैले गर्दा इस्लाममा प्रवेश गर्ने प्रत्येक व्यक्ति अन्य मुसलमानहरू बराबर बन्नपुग्छ चाहे त्यो पहिला कति नै निम्नजाति र थरमा गणना गरिएको किन नहोस। स्वाधीनता र समानताको भावनालाई केवल इस्लामले नै संसारमा स्थापित गरेको छो र यसप्रकार स्थापित गरेको छ जसको उदाहरण आजसम्म संसारका अन्य जातिहरूले प्रस्तुत गर्न सकेका छैनन। हाम्रो मस्जिदमा एकजना राजा र धार्मिक नेता तथा सर्वसाधारण मनुष्य सबै बराबर रहेका छन। तिनीहरूमा कुनै प्रार्थक्य र भेदभाव कसैले देखाउन सक्दैन परन्तु अन्य धर्महरूका उपासनागृहरूमा ठूला र सानाको भेद र फरक आजसम्म देखिदै आएको छ। यद्यपि ती जातिहरू र धर्महरू सम्भवतः मुसलमानहरूभन्दा अधिक उच्चस्वरमा स्वाधीनता र समानताको दावी गरिरहेछन।

## हज़रत मुहम्मद (सल्लम)को स्वर्गवास

जब हज़रत मुहम्मद (सल्लम) हजयात्राबाट फर्कनुहुदैथ्यो तब मार्गमा उहाँले पुनः आफ्ना सहाबा (सहचर) हरूलाई आफ्नो

मृत्युको सूचना दिनुभयो। उहाँले भन्नुभयो, हे मानिसहरूहो! म तिमीहरूजस्तै एउटा मानिस हुँ। सम्भवतः अल्लाह तआलाको सन्देशवाहक मतर्फ आउला र मैले त्यसलाई उत्तर दिनुपर्ला। पुनः भन्नुभयो, मलाई मेरा कृपालु र सर्वज्ञ स्वामीले नबीले आफूभन्दा पहिलाको नबिको आधि उमेर पाउँछ (अर्थात हज़रत मुहम्मद सल्लमलाई हज़रत ईसा मसीह (अलै.)को प्राय 120 वर्षको आयु थियो भनी सूचित गरिएको थियो। त्यसैले उहाँले मेरो आयु प्राय 60 वर्षको हुनेछ भनी अनुमान लगाउनु भयो। त्यससमय उहाँको आयु 62 अथवा 63 वर्षको थियो त्यसैले उहाँले अब मेरो आयु समाप्त हुनलागेको छ भनी सङ्केत दिनुभयो। प्रत्येक नबीले आफूभन्दा पहिला आएको नबीको आयुभन्दा आधि आयु पाउँछ भन्नु उक्त हदीसको तात्पर्य होइन अपितु उक्त हदीसमा हज़रत मुहम्मद (सल्लम)ले केवल हज़रत ईसा मसीह (अलै.) को आयु र आफ्नो आयुको तुलना गर्नुभएको हो) भनी सूचित गरेका छन त्यसकारण अब म शीघ्र नै फर्कने छु र मेरो मृत्यु हुनेछ भन्ने मेरो धारणा रहेको छ। हे मेरा मित्रहरूहो! मसित पनि खुदाका सामुन्ने प्रश्न गरिनेछ। तिमीहरूले त्यससमय के भन्नेछौ? उनीहरूले भने, हे अल्लाहका रसूल! हजूरले अत्यन्त उत्तम ढंगले इस्लामको प्रचार गर्नुभयो र हजूरले आफ्नो जीवनलाई पूर्णरूपमा खुदाको धर्मको सेवामा समर्पित गर्नुभयो र हजूरले मानवजातिप्रतिको सहानुभूति र दयालाई सर्वोच्च सीमासम्म पुऱ्याउनु भयो भनी भन्नेछौं। अल्लाहले हजूरलाई हाम्रोतर्फबाट उत्तम भन्दा पनि उत्तम प्रतिदान प्रदान गरुन। हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, के तिमीहरू अल्लाह केवल एक रहेका छन र मुहम्मद (सल्लम) उनका भक्त र रसूल हुन र स्वर्ग पनि सत्य हो र नर्क पनि सत्य हो तथा मृत्यु प्रत्येक मानिसको जीवनमा आउनेछ र मृत्युपछि पुनर्जीवन प्रत्येक मानिसलाई मिल्नेछ

र प्रलय पनि अवश्य आउनेछ तथा अल्लाह तआलाले समस्त मानवजातिलाई क़ब्र (चिहान)हरूबाट पुन: जीवित गरी एकत्रित गर्नेछन भनी साक्षी दिदैनौ र? तिनीहरूले भने, हे अल्लाहका रसूल! हामी यसको साक्षी दिन्छौं। त्यसपछि उहाँले अल्लाहलाई सम्बोधन गरी भन्नुभयो, हे अल्लाह! मैले यिनीहरूसम्म इस्लामका सिद्धान्तहरू पुऱ्याइदिएँ भनी तिमी पनि साक्षी देउ।

हज़रत मुहम्मद (सल्लम) त्यस हजयात्राबाट फर्किएर आयपछि निरन्तर मुसलमानहरूको चरित्र र व्यवहारमा सुधार ल्याउनमा व्यस्त रहनुभयो र मुसलमानहरूलाई आफ्नो मृत्युको दिनको अपेक्षा गर्न तयार पार्नुभयो। एकदिन उहाँ खुत्ब: (प्रवचन) का लागि उभिनुभयो र भन्नुभयो, आज मलाई अल्लाह तआलाले आफ्नो वाणीद्वारा के सूचित गरे भने, त्यसदिनलाई स्मरण गर जब खुदा तआलाको सहायता र उनका तर्फबाट विजयहरू पहिलाका समयहरूभन्दा पनि अधिक प्राप्त हुनेछन र प्रत्येक जाति र धर्मका मानिसहरू इस्लाममा फौज दर फौज प्रवेश गर्न लाग्नेछन। अत: हे मुहम्मद (सल्लम) रसूलुल्लाह! अब तिमी खुदा तआलाको प्रशंसा र स्तुतिमा व्यस्त होउ। र उनीसित दुआ (प्रार्थना) के गर भने, जुन धर्मको नीव तिमीले राखेका छौ उनले त्यसबाट प्रत्येक प्रकारका त्रुटिहरू र भूलहरूलाई दूर गरुन। यदि तिमीले यो दुआ गरेमा खुदा तआलाले अवश्य तिम्रा दुआहरू स्वीकार गर्नेछन। यसैगरी उहाँले भन्नुभयो, खुदा तआलाले आफ्ना एकजना भक्तलाई भने, चाहे तिमी मेरा सेवामा उपस्थित होउ चाहे केही समयसम्म तिमी संसारको सुधारकार्य गर। खुदाका ती भक्तले उत्तरमा भने, मलाई तिम्रा सेवामा उपस्थित हुनु अधिक राम्रो लाग्छ। जब उहाँले सभामा यो कुरो सुनाउनु भयो तब हज़रत अबूबकर रुनलागे। सहाबाहरू आश्चर्यित भए। किनभने हज़रत मुहम्मद (सल्लम)त इस्लामको विजयको

भविष्यवाणी वर्णन गर्नुहुदैथ्यो र अबूबकर रुनलागे। हज़रत उमरले यो बुढोलाई के भयो खुशीको खबर सुनेर रुनलाग्यो भनी आफ्नो मत व्यक्त गरे। परन्तु हज़रत मुहम्मद (सल्लम)ले अबू बकरले मात्र उहाँको कुरो ठीक ढंगले बुझ्दछन र उनले उक्त सूर:मा उहाँको मृत्युको सन्देश छ भन्ने कुरो बुझे भनी जान्नुभयो। उहाँले भन्नुभयो, अबूबकर मलाई अति प्रिय छन। यदि अल्लाह तआलाबाहेक कसैसित असीम प्रेम गर्नु उचित हुन्थ्यो भने म अबूबकरसित त्यस्तै प्रेम गर्नेथिएँ। हे मानिसहरूहो! मस्जिदमा जति मानिसहरूका लागि ढोकाहरू खुल्छन आजदेखि ती सबै ढोकाहरू बन्द रहून केवल अबू बकरको ढोका खुल्ला रहोस। यसमा हज़रत मुहम्मद (सल्लम)को मृत्युपछि हज़रत अबूबकर नमाज़ पढाउनका लागि मस्जिदमा त्यही ढोकाबट आउनेछन भन्ने भविष्यवाणी थियो। उक्त घटनाको धेरै समयपछि जब हज़रत अबूबकर खलीफा निर्वाचित भए र एकदिन उनी सभाका बीचमा बिराजमान थिए उनले भने, اِذَا جَآءَ نَصْرُ اللهِ وَالْفَتْحُ (अर्थात जब अल्लाहको सहायता र विजय प्राप्त हुनेछ) भन्ने सूर:को के अर्थ हो? मानौ उक्त विषयका बारेमा उहाँले आफ्ना मित्रहरूको परीक्षा लिइरहेका थिए जसलाई अवतीर्णको समयमा तिनीहरूले बुझ्न सकेका थिएनन। इब्ने अब्बास जो त्यस घटनाका समयमा 10 अथवा 11 वर्षका थिए र अब 17 अथवा 18 वर्षका भएका थिए अन्य सहाबाहरूले जब उत्तर दिन सकेनन तब उनले भने, हे अमीरुल मोमिनीन (मोमिनहरूका मुखिया)उक्त सूर: मा हज़रत मुहम्मद (सल्लम)को मृत्युको सन्देश दिइएको छ। किनभने नबीले जब आफ्नो कर्त्तव्य पूरा गर्छ तब संसारमा रहन मन पऱ्याउँदैन। हज़रत उमरले भने, ठीक हो। म तिम्रो बुद्धिमानीको प्रशंसा गर्छु। यो सूर: अवतीर्ण भएको समयमै हज़रत अबूबकरले यसको भावार्थ बुझेका थिए तर हामीले बुझ्न सकेका थिएनौं।

अन्ततः त्यो दिन पनि आयो जुन प्रत्येक मानिसमाथि आउँछ। हज़रत मुहम्मद (सल्लम)ले आफ्नो कार्य संसारमा समाप्त गर्नुभयो। खुदाको वह्यी (ईशवाणी) सम्पूर्णरूपमा अवतीर्ण भइसक्यो। हज़रत मुहम्मद (सल्लम)को आध्यात्मिक शक्तिद्वारा एउटा नयाँ जाति र एउटा नवीन आकाश र एउटा नवीन धरतीको नींव राखियो। बीउ हान्नेले धरतीमा हलो जोत्यो, पानी लगायो र बीउ रोप्यो तथा अन्न तयार पाऱ्यो। अब अन्न काट्ने काम उसको थिएन। उ त एउटा मजदूरको रूपमा आयो र एउटा मजदूरको रूपमा नै यस संसारबाट उसले जानुथियो। किनभने त्यसको पुरस्कार र प्रतिदान यस संसारका वस्तुहरू थिएनन। त्यसको प्रतिदान त आफ्ना सृष्टिकर्ता र आफ्ना प्रेषकको प्रसन्नता थियो। जब बालि काट्ने समय आयो तब उसले आफ्ना प्रभुसित उसलाई अब संसारबाट उठाइयोस र यो फसल (अन्न) पछि अरूले काटून भन्ने इच्छा प्रकट गऱ्यो। हज़रत मुहम्मद (सल्लम) बीमार हुनुभयो। केहीं दिनसम्म त कष्ट उठाएर पनि मस्जिदमा नमाज़ पढाउनका लागि आउनुभयो अन्तमा मस्जिदमा आउँने शक्ति पनि उहाँमा रहेन। उहाँको मृत्यु होला भन्ने सहाबाहरूले कहिल्यै सोच्न पनि सक्दैनथे। परन्तु उहाँ बारम्बार उनीहरूलाई आफ्नो मृत्यु निकट आएको सूचना दिनुहुन्थ्यो। एकदिन सहाबाहरू भेलाभएका थिए त्यही अवसरमा उहाँले भन्नुभयो, यदि कोही व्यक्तिद्वारा कुनै भूल भएमा यस संसारमै त्यसको परिमार्जन र सुधार हुनु उचित हुन्छ ता खुदाका सामुन्ने लज्जित नहोस। यदि मेरो हातबाट भूलवश कसैको अधिकारको हनन भएको रहेमा उसले मबाट आफ्नो अधिकार मागोस र यदि अन्जानेमा कसैलाई मबाट कुनै कष्ट पुगेको रहेमा उसले आएर मसित बदला लियोस किनभने म खुदा तआलाका सामुन्ने लज्जित हुन चाहन्न। यो कुरो सुन्नेर सबैजसो सहाबाहरू व्याकुल भए

र कसरी कष्ट उठाएर हज़रत मुहम्मद (सल्लम)ले उनीहरूको आराम र सुविधाको व्यवस्था गर्नुहुन्थ्यो र कसरी उहाँ स्वयं भोकै बसेर तिनीहरूलाई ख्वाउने गर्नुहुन्थ्यो तथा आफ्ना कपडाहरू टालेर उनीहरूलाई भने वस्त्र पहिराउनु हुन्थ्यो। त्यसोपरान्त उहाँलाई अरूको अधिकारको यस्तो चिन्ता जसबाट उहाँले अन्जानेमा मबाट केही कष्ट कसैलाई पुगेको रहेमा आज मसित बदला लियोस भनी भन्नुभएको कुरो मनमा सोच्नलागे। त्यही समयमा एकजना सहाबी अघिबढे र उनले भने, हे अल्लाहका रसूल! मलाई एकपटक हजूरबाट कष्ट पुगेको थियो। जब युद्धका समयमा पंक्ति तयार भइरहेथ्यो त्यससमय हजूर पंक्तिबाट अघिबढ्नुभयो त्यहीबेला हजूरको कुहिनो मेरो शरीरमा लागेको थियो। हज़ूरले अन्जानेमा पनि यदि कसैलाई हानि पुगेको रहेमा मसित बदला लियोस भन्नुभएको छ त्यसकारण यससमय म हजूरसित त्यस कष्टको बदला लिन चाहन्छु। सहाबाहरू जो शोकको सागरमा डुबेका थिए एकाएक तिनीहरूको अवस्था बदलियो, तिनीहरूको आँखामा क्रोध झल्कन लाग्यो र यस्तो समयमा उपदेश लिनुको ठाउँमा यस व्यक्तिले यस्तो कुरो गऱ्यो अतः यो कठोर दण्ड पाउने योग्य हो भन्ने कुरो प्रत्येक व्यक्तिले ठानिरहेथ्यो। परन्तु ती सहाबीले पर्वाह गरेनन। हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, तिम्रो कुरो ठीक हो बदला लिने तिम्रो अधिकार हो। त्यसपछि उहाँले फर्किएर आफ्नो पिठयुँ उनीतर्फ गरिदिनुभयो र मलाई कुइनोले हिर्काउ भनी आदेश दिनुभयो। उक्त सहाबीले भने हे अल्लाहका रसूल! जब मलाई हजूरको कुइनो लागेको थियो त्यसबेला मेरो शरीर नांगो थियो किनभने मसित लगाउनका लागि कुर्ता थिएन। उहाँले भन्नुभयो, मेरो कुर्ता उठाउ र नांगो शरीरमा कुइनोले हिर्काएर आफ्नो बदला लेउ। उनले उहाँको कुर्ता उठाए र काँपदै गरेका ओंठ र आँसु बगाउँदै गरेका आँखाका साथ

निहुरेर उहाँको कम्मरमा चुम्बन लिए। हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, यो के हो? उनले उत्तरमा भने, हे अल्लाहका रसूल! जब हजूर मेरो मृत्यु निकट छ भनी भन्नुहुन्छ तब हजूरलाई छुने र प्रेम गर्ने अवसर हामीलाई कहिलेसम्म प्राप्त होला र। निस्सन्देह युद्धको अवसरमा हजूरको कुइनोले मलाई लागेको थियो परन्तु को होला जसको हृदयमा त्यो कुइनो लागेकोमा बदला लिने भावना जाग्नसक्छ? जब हजूरले आज मसित बदला लेउ भनेको सुनें तब यही निहुँले हजूरलाई माया गर्ने मेरो मनमा सोच जाग्यो। (बुखारी, परिच्छेद अल्मग़ाज़ी) ती सहाबाहरू जसको मनमा क्रोध जागेको थियो उक्त कुरो सुनेर तिनीहरूको मनमा हामीलाई पनि यस्तो अवसर मिलेहुन्थ्यो भन्ने पछुतो जाग्यो।

बीमारी बढ्दै गयो र मृत्यु निकट आउँदै गयो। मदीनाको सूर्य पहिलाझैं पूर्णप्रकाशका साथ जगमगाए पनि सहाबाहरूका दृष्टिमा भने पहेंलो देखिन लाग्यो। अन्ततः खुदाका रसूलको आत्माले संसारलाई त्यागेर आफ्ना सृष्टिकर्ताका सेवामा उपस्थित हुने घडी आयो। उहाँको स्पन्दन बढ्यो र साँस लिन कठिन हुनलाग्यो। हज़रत मुहम्मद (सल्लम)ले आफ्नी पत्नी हज़रत आईशा (रज़ि.)लाई भन्नुभयो, मेरो शिर उठाएर आफ्नो छातीसित लगाउ किनभने तल ढल्किएर साँस लिन असुविधा भइरहेछ। हज़रत आईशाले उहाँको शिर उठाएर आफ्नो छातीसित लगाइन र उहाँलाई टेको दिएर बसिन। मृत्युको बेथाले उहाँलाई चापेको थियो। उहाँ हडबडाएर कहिले बसि-बसि एकातर्फ निहुँरिनु हुन्थ्यो र कहिले अर्कोतर्फ। साथै उहाँले भन्नुहुन्थ्यो, खुदाले यहूदीहरू र ईसाईहरूलाई अभिशापित गरुन तिनीहरूले आफ्ना नबीहरू मरेपछि उनीहरूका क़ब्रहरू (चिहानहरू)लाई मस्जिद बनाए (बुख़ारी, परिच्छेद मग़ाज़ी)। यो उहाँको आफ्ना जातिका मानिसहरूका लागि अन्तिम उपदेश थियो, अर्थात यद्यपि तिमीहरूले मलाई सबै

नबीहरूभन्दा श्रेष्ठ र सबैभन्दा सफल पाउँनेछौ परन्तु म पनि एउटा ईश्वरको भक्त र मनुष्य हुँ भन्ने कुरो कहिल्यै नभुल्नु। खुदाको स्थान खुदालाई नै दिने कुरो स्मरण राख्नु र मेरो क़ब्र (चिहान)लाई एउटा क़ब्र भन्दा अधिक केही नठान्नु। अन्य धर्महरूका अनुयायीहरूले आ आफ्ना नबीहरूका क़ब्रहरूलाई यद्यपि मस्जिद बनाउन र त्यहाँ बसेर ध्यान गरून र ती क़ब्रहरूमाथि प्रसाद र भेटी चढाउन र भाकल गरून परन्तु तिमीहरूको त्यो काम नहोस। तिमीहरू एक, अद्वितीय अल्लाहको उपासनालाई कायम गर्नका लागि खडा भएका छौ। यही कुरो गर्दागर्दै उहाँका नेत्रहरू एकोहोरिए र उहाँको मुखबाट

إِلَى الرَّفِيْقِ الْأَعْلٰى إِلَى الرَّفِيْقِ الْأَعْلٰى[1]

अर्थात म परम सिंहासनमा विराजमान आफ्ना परम मित्रतर्फ प्रस्थान गर्छु भन्ने वाक्य प्रकट भयो र त्यसो भन्दाभन्दै उहाँको आत्माले नश्वर शरीरलाई त्याग्यो।

## हज़रत मुहम्मद (सल्लम)को मृत्युपछि सहाबाहरूको स्थिति

जब उहाँको मृत्युको सूचना सहाबाहरूलाई प्राप्त भयो त्यससमय अधिकतर सहाबाहरू आफ्नो कामकाज छाडेर मस्जिदमा उहाँको स्वास्थ्यप्राप्तिको सुभसन्देश सुन्नका लागि प्रतीक्षामा थिए, तिनीहरूमाथि मानौ पहाड टुट्यो। हज़रत अबूबकर त्यससमय केही क्षणका लागि कुनै कामविशेष बाहिर गएका थिए। हज़रत उमर मस्जिदमा थिए। जब उनले मानिसहरूलाई हज़रत मुहम्मद (सल्लम)को मृत्यु भयो भन्दैगरेको सुने तब उनले म्यानबाट

1. बुखारी किताबुल मग़ाज़ी, अध्याय मरजन् नबिय्यो (सल्लम)।

तरवार निकाले र भन्नलागे, खुदाको शपथ! जसले हज़रत मुहम्मद (सल्लम) को मृत्यु भयो भनी भन्छ म त्यसको शिर काट्नेछु। अहिलेसम्म संसारमा मुनाफिक (ढोंगी)हरू शेष छन त्यसकारण उहाँको मृत्यु हुनसक्दैन। यदि उहाँको आत्मा शरीरबाट अलग्ग भएको छ भने त्यो केवल मूसा (मूसा नबी) झैं खुदासित भेटघाट गर्न गएको होला र त्यो फर्केर आउनेछ र संसारबाट मुनाफिकहरूलाई समाप्त पार्नेछ। यही भन्दै उनी नांगो तरवार लिएर त्यस हृदयविदारक सूचनाको शोकले गर्दा पागलझैं बनी यताउता हिड्न लागे। र साथ-साथै यदि कोही व्यक्तिले हज़रत मुहम्मद (सल्लम) को मृत्यु भयो भनी भनेमा म त्यसको हत्या गर्नेछु भन्दैजान्थे। सहाबाहरू वर्णन गर्छन, जब हामीले हज़रत उमरलाई एताउता हिड्दै गरेको देख्यौं तब हाम्रो मनलाई पनि उमरले ठीक भनेका हुन भनी सांत्वना मिल्यो। हामीले ठान्यौं हज़रत मुहम्मद (सल्लम) मर्नुभएको छैन अवश्य मानिसहरूलाई यस कुराप्रति धोका लागेको छ। अतः हज़रत उमरको कुरोको आधारमा हामीले आफ्नो मनलाई सान्त्वना दिनलाग्यौं। त्यही अवसरमा केही मानिसहरूले दौड्दै गएर हज़रत अबूबकरलाई सम्पूर्ण स्थितिको सूचना दिए र उनी पनि मस्जिदमा उपस्थित भए परन्तु कसैसित बोलेनन। उनी सीधै आफ्नो घरमा गए र हज़रत आईशासित सोधे, के हज़रत मुहम्मद (सल्लम)को मृत्यु भयो? हज़रत आईशाले भनीन, हो। उनी हज़रत मुहम्मद (सल्लम)का निकट गए र मुखबाट कपडा उठाए र निधारमा चुम्बन दिए र उनका आँखाबाट प्रेमपूर्ण आँसु बग्नलागे तथा उनले भने, अल्लाहको शपथ। अल्लाह तआलाले उहाँलाई दुईवटा मृत्यु प्रदान गर्नेछैनन। अर्थात उहाँको शारीरिक मृत्युपछि उहाँको जमाअत गलत आस्था र कु-धारणाहरूमा हुम्मिने छैन। यसोभन्दै उनी बाहिर निस्किए र मानिसहरूलाई पंसाउँदै मौनतापूर्वक मेम्बर

(स्टेज)तर्फ बढे। जब उनी स्टेजमा उभिए तब हज़रत उमर पनि तरवार लिएर उनीसितै उभिए। यदि अबू बकरले हज़रत मुहम्मद (सल्लम)को मृत्यु भयो भनेमा तिनको हत्या गरिदिन्छु भन्ने सोचका साथ। जब उनी बोल्नलागे तब हज़रत उमरले उनको वस्त्र तानेर उनलाई चुप्प गराउने प्रयास गरे। परन्तु उनले आफ्नो वस्त्र उनको हातबाट छुटाएर पवित्र कुरआनको यो आयत पाठ गरे-

وَمَا مُحَمَّدٌ اِلَّا رَسُوْلٌ. قَدْ خَلَتْ مِنْ قَبْلِهِ الرُّسُلُ. اَفَاْئِنْ مَّاتَ اَوْ قُتِلَ انْقَلَبْتُمْ عَلٰٓى اَعْقَابِكُمْ. [1]

अर्थात हे मानिसहरूहो! हज़रत मुहम्मद (सल्लम) केवल अल्लाह तआलाका एकजना रसूल (सन्देशवाहक) हुनुहुन्थ्यो। उहाँभन्दा पहिला धेरैजना सन्देशवाहकहरूको गमन भएको छ र उनीहरू सबैको मृत्यु भएको छ। के उहाँको मृत्यु भएमा अथवा मारिएमा तिमीहरू आफ्नो धर्मलाई छाडेर विमुख हुनेछौ त? धर्म त खुदाको हो हज़रत मुहम्मद (सल्लम)को होइन। उक्त आयत ओहदको युद्धको अवसरमा तब अवतीर्ण भएको थियो जब हज़रत मुहम्मद (सल्लम) शहीद हुनुभयो भन्ने सुनेर केही मानिसहरू निराश भएर बसेका थिए। अतः उक्त आयतको पाठ गरेपश्चात उनले भने, हे मानिसहरूहो! तिमीहरूमध्ये जसले अल्लाहको उपासना गर्‍थ्यो अल्लाह तआला सदाजीवित छन उनको मृत्यु कहिल्यै हुनसक्दैन भन्ने कुरो उसले बुझोस। र जसले मुहम्मद (सल्लम)को उपासना गर्‍थ्यो मुहम्मद (सल्लम)को मृत्यु भइसकेको छ भन्ने कुरो म त्यसलाई अवगत गराउँछु। हज़रत उमर भन्छन, जब हज़रत अबूबकरले ''मुहम्मद एकजना रसूलबाहेक केही हुनुहुन्न'' भन्ने आयत पढ्नलागे तब मेरो चेताना जाग्नलाग्यो र त्यो आयत समाप्त हुनासाथ मेरो आध्यात्मिक नेत्र खुल्यो

1. सूर: आलेइम्रान : 145

र हज़रत मुहम्मद (सल्लम)को वास्तवमै मृत्यु भइसकेको छ भन्नेकुरो मैले बुझें। तब मेरा घुँडाहरू काँप्नलागे म अस्थिर भएर धरतीमा लडें। त्यो व्यक्ति जो तरवारले हज़रत अबूबकरको हत्या गर्न चाहन्थ्यो त्यो व्यक्ति हज़रत अबूबकरको सत्यपूर्ण वाक्यद्वारा स्वयं हताहत भयो। सहाबाहरू भन्छन, त्यससमय हामीलाई उक्त आयत हामीले बिर्सिएका थियौं भन्ने कुरो ज्ञात भयो। त्यहीबेला मदीनाका एकजना महान कवि हस्सान बिन साबितले निम्नको कवितांश सुनाए

كُنْتَ السَّوَادَ لِنَاظِرِیْ فَعَمِی عَلَیْکَ النَّاظِر
مَنْ شَآءَ بَعْدَکَ فَلْیَمُتْ فَعَلَیْکَ کُنْتُ اُحَاذِر[1]

अर्थात हे मुहम्मद (सल्लम)! हजूर त मेरो आँखाकी पुतली हुनुहुन्थ्यो। आज हजूरको मृत्यु हुनाले मेरा आँखाहरू अन्धा भए। अब हजूरको मृत्युपछि जोसुकै मरोस। मेरो पिता मरोस, मेरो भाई मरोस, मेरो पुत्र मरोस अथवा मेरी पत्नी मरोस। मलाई तिनीहरूमध्ये कसैको मृत्युको कुनै पर्वाह छैन। म त केवल हजूरको मृत्यु होला भनी डराउँथें।

उपरोक्त कवितांश त्यससमय प्रत्येक मुसलमानको हृदयको पुकार थियो। त्यसपछि धेरै दिनसम्म मदीनाका बाटा घाटामा मुसलमान पुरुषहरू र मुसलमान महिलाहरू तथा बाल बालिकाहरू यही कविता पढ्दै हिड्ने गर्थे। अर्थात हे मुहम्मद (सल्लम)हजूर त हाम्रा आँखाका पुतली हुनुहुन्थ्यो। हजूरको मृत्यु हुनाले हामी त अन्धा भयौं। अब हाम्रो कोही प्रिय र नातेदार मरेमा हामीलाई पर्वाह छैन हामीलाई त हजूरको मृत्यु होला कि भन्ने डर थियो।

اَللّٰهُمَّ صَلِّ عَلٰى مُحَمَّدٍ وَّ عَلٰى اٰلِ مُحَمَّدٍ وَّبَارِكْ وَسَلِّمْ

अर्थात हे अल्लाह! हज़रत मुहम्मद (सल्लम)र उहाँका वंशजप्रति मंगल र शान्ति अवतीर्ण गर।

1. दीवान हस्सान बिन साबित, पृष्ठ 89, प्रकाशन बैरूत 1998 ई.।

# हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को चरित्र

हज़रत मुहम्मद (सल्लम)को जीवनका घटनाहरू वर्णन गरिसकेपछि अब म उहाँको चरित्रबारे केहि वर्णन गर्न चाहन्छु। उहाँका उत्तम आचरणहरूका सम्बन्धमा मुख्य प्रमाण त्यही हो जुन उहाँका जातिका मानिसहरूले उहाँले नबी (पैग़म्बर)हुने दावीभन्दा अघि उहाँको नाम अमीन (विश्वासपात्र)र सिद्दीक (सत्यवादी) राखेका थिए। (सीरत इब्ने हश्शाम, भाग 1 पृष्ठ 209-210, बुखारी, किताबुत्तफसीर)

संसारमा यस्ता मानिसहरू धेरै हुन्छन जसका विरुद्ध धोकाबाजीको प्रमाण मिल्दैन। यस्ता मानिसहरू पनि धेरै हुन्छन जसलाई कुनै कठिन परीक्षा दिनुपर्ने अवसर आउँदैन। साधारण परीक्षा र पकड्हरूलाई तिनीहरूले अवश्य पार गर्छन र तिनीहरूको विश्वसनीयता पनि कायम रहन्छ परन्तु यस्ता व्यक्तिहरूको आफ्ना जातिभित्र कुनै विशेष स्थान हुदैन। वस्तुतः विशेष उपाधि त्यही समयमा प्रदान गरिन्छ जब कुनै व्यक्ति कुनै विशेष आचरणमा अन्य सबै मानिसहरू भन्दा अघिबढ्छ। युद्धमा शामेल हुने प्रत्येक सिपाहीले आफ्नो ज्यान खतरामा हाल्छ परन्तु न त अंग्रेज जातिले प्रत्येक सिपाहीलाई विक्टोरिया क्रास दिन्छ न जर्मन जातिले प्रत्येक सिपाहीलाई आइरन क्रास दिन्छ। फ्रांसमा लाखौं विद्वानहरू छन परन्तु प्रत्येक व्यक्तिलाई लीज़न आफ ऑनर (Legion of Honour) को फिता प्राप्त हुंदैन। अतः कुनै व्यक्ति केवल विश्वसनीय र साँच्चो छ भन्दैमा त्यसबाट त्यसको महानता प्रकट हुदैन। परन्तु कुनै व्यक्तिलाई समस्त जातिले अमीन (विश्वासपात्र) र सिद्दीक (सत्यवादी) उपाधि प्रदान गर्नु यो एउटा असाधारण कुरो हो। यदि मक्काका मानिसहरूले प्रत्येक वंशका मानिसहरूमध्ये केहीलाई अमीन र सिद्दीकको उपाधि दिने

गरेका भए पनि अमीन र सिद्दीकको उपाधि पाउँने व्यक्ति महान मानिने थियो। परन्तु अरबको इतिहास अनुसार अरबका मानिसहरू कुनै वंशमा कहिल्यै कुनै मानिसलाई यो उपाधि दिने गर्दैनथे।

अपितु अरबको सएकडौं वर्षको इतिहासमा केवल एउटा उदाहरण हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को पाइन्छ जसलाई अरबवासीहरूले अमीन (विश्वासपात्र) र सिद्दीक (सत्यावादी) को उपाधि दिए। अतः अरबको सएकडौं वर्षको इतिहासमा त्यस जातिले केवल एउटा व्यक्तिलाई अमीन र सिद्दीकको उपाधि दिनाले उहाँको विश्वसनीयता र उहाँको सत्यवादिता अत्यन्त उच्चकोटिको थियो जसको उदाहरण अरबीहरूको जानकारी अनुसार कुनै अन्य व्यक्तिमा पाइँदैनथ्यो भन्नेकुरो सिद्ध हुन्छ। अरबीहरू आफ्नो दूरदर्शिता र सूक्ष्मदर्शिताका लागि संसारमा विख्यात थिए। अतः जुन वस्तुलाई तिनीहरूले अमूल्य घोषित गरे त्यो वस्तु निश्चितरूपमा संसारमा अमूल्य नै मानिने योग्य थियो।

यसैगरी उहाँको आचारणबारे एउटा महत्वपूर्ण साक्षी हज़रत खदीजा (रज़ि)ले उहाँको अविर्भावको समयमा दिएको थियो त्यसको चर्चा मैले हज़रत मुहम्मदको जीवनीमा गरिसकेको छु। अब म उहाँको आचरणको व्याख्यामा केही उदाहरणहरू यहाँ वर्णन गर्न चाहन्छु जसबाट उहाँको आचरणहरूका गुप्त पक्षहरू पनि यस पुस्तकका पाठकहरूप्रति स्पष्ट हुनेछन्।

## हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को बाहिरी र भित्री स्वच्छता

हज़रत मुहम्मद (सल्लम)न कहिल्यै अपशब्द बोल्नुहुन्थ्यो न त व्यर्थ शपथ खानुहुन्थ्यो भन्ने कुरो वर्णित छ (बुख़ारी,

किताबुल अदब)। अरब देशमा रहेर यस प्रकारको आचरण प्रदर्शन गर्नु एउटा असाधारण कुरो थियो। अरबीहरू स्वाभाविक रूपमा दुर्वचन र अपशब्द प्रयोग गर्थे भनी हामी भन्न सक्दैनौं परन्तु तिनीहरूको शपथ खाने बानी स्वाभाविक थियो भन्ने कुरोमा केही सन्देह छैन र आजसम्म पनि अरबमा शपथ खाने चलन अत्यधिक पाइन्छ। परन्तु हज़रत मुहम्मद (सल्लम) खुदा तआलाको अत्यन्त आदर र श्रद्धा गर्नुहुन्थ्यो त्यसकारण उनको बिनाकारण नाम लिनु उहाँलाई मन पर्दैनथ्यो। शारीरिक शुद्धताको उहाँ विशेष ध्यान राख्नुहुन्थ्यो र उहाँ सधैं मिस्वाक (दाँतको सफाई) गर्नुहन्थ्यो। यसप्रति अत्यधिक जोड़ दिनुहन्थ्यो र कहिलेकाहिँ त उहाँले भन्नुहुन्थ्यो 'यदि मुसलमानहरू कठिनाइमा पर्नेछन भन्ने आशंका मलाई नरहेको भए म प्रत्येक नमाज पढ्नुभन्दा पहिला मिस्वाक (दंतमञ्जन) गर्ने आदेश दिनेथिएँ। (बुखारी, किताबुल जुमुअ:)

भोजन गर्नुभन्दा पहिला पनि उहाँ हात धुनुहन्थ्यो र भोजन गरिसकेपछि पनि हात धुनुहुन्थ्यो। र प्रत्येक पकाएको वस्तु खाएपछि उहाँ कुल्ला गर्नुहुन्थ्यो र पकाएको वस्तु खाएर कुल्ला नगरी नमाज पढ्नुलाई उहाँ मनपऱ्याउनु हुदैन्थ्यो।

(बुखारी, किताबुल अत्अम:)

मुसलमानहरू एकत्रित हुने स्थान मस्जिदहरूको सफाई र स्वच्छताप्रति उहाँ विशेष ध्यान दिनुहुन्थ्यो। र मुसलमानहरूलाई विशेष भेलाका दिन मस्जिद सफ्फा राख्न प्रेरित गर्नुहुन्थ्यो र मस्जिदभित्र सुगन्ध जलाएर त्यहाँको हावा पवित्र र स्वच्छ बनाउने आदेश दिनुहुन्थ्यो। (मिश्कात, किताबुस्सला)

एसैगरी समागम र सभाका अवसरमा दुर्गन्ध आउने वस्तुहरू खाएर मस्जिदमा नआउनु भनी सहाबा (सहचर)हरूलाई सधैं अर्ति दिनुहुन्थ्यो। (बुखारी, किताबुल अत्अम:)

मार्गहरूको सफाईप्रति उहाँ विशेषरूपमा उपदेश दिनुहुन्थ्यो।

यदि मार्गमा झिंगाटाहरू र दुङ्गाहरू अथवा कुनै फोहोर पाइएमा उहाँ स्वयं त्यसलाई उठाएर बाटोको छेउमा फ्याँकनु हुन्थ्यो र भन्नुहुन्थ्यो, ''जो व्यक्ति मार्गहरूको सफाइप्रति ध्यान दिन्छ त्यसप्रति खुदा प्रसन्न हुन्छन र त्यसलाई पुण्य प्रदान गर्छन।''

(मुस्लिम, किताबुल बिर्र व सिल:)

यसैगरी बाटो रोक्नु हुदैन बाटोमा बस्नु अथवा त्यसमा कुनै यस्तो वस्तु फयाँक्नु जसबाट यात्रुहरूलाई कष्ट पुग्नजान्छ अथवा बाटोमा हग्नु-मुत्नु इत्यादि कुरोहरूलाई खुदा तआलाले मन पऱ्याउँदैनन भनी उहाँ अर्ति दिनुहुन्थ्यो। (मिश्कात, किताबुत्तहार:)

पानीको सफाइप्रति पनि उहाँ विशेष ध्यान दिनुहुन्थ्यो। रोकिएको (खडा) पानीमा कुनैप्रकारको फोहोर फ्याँकनु हुदैन र खडा पानीमा मल-मुत्र त्यागनु हुदैन भनी उहाँ आफ्ना सहाबाहरूलाई कठोर आदेश दिनुहुन्थ्यो। (बुखारी, किताबुल वज़ू)

# खान पिनमा सादगी र संयम

खान पिनमा उहाँ संधै सादगी र सरलतालाई ध्यानमा राख्नुहुन्थ्यो। भोजनमा यदि कहिलेकाहिँ नून अधिक परेमा अथवा नून पर्दै नपरेमा अथवा भोजन स्वादिष्ट नपाकेमा उहाँ कहिल्यै रिसाउनु हुदैनथ्यो। यथासम्भव त्यस्तो भोजन खाएर उहाँ पकाउने व्यक्तिको मनोबल बढाउने प्रयास गर्नुहुन्थ्यो। परन्तु यदि एकदमै खान-योग्य नरहेमा उहाँ केवल आफ्नो हात पछि हटाउनु हुन्थ्यो तर त्यस भोजनबाट मलाई कष्ट पुग्यो भन्ने कुरो प्रकट गर्नुहुदैनथ्यो। (बुखारी, किताबुल अत्अम:)

जब उहाँ भोजन गर्न आरम्भ गर्नुहुन्थ्यो तब भोजनतर्फ ध्यान दिनुहुन्थ्यो र भन्नुहुन्थ्यो, ''मलाई ती मानिसहरूझैं अहङ्कारपूर्ण व्यवहार मनपर्दैन जो टेको लगाएर खाना खाने गर्छन मानौ

तिनीहरूलाई भोजनको आवश्यक नै छैन।

(बुखारी, किताबुल अत्अम:)

जब उहाँका सेवामा कुनै वस्तु आउँथ्यो तब उहाँ त्यसलाई आफ्ना सहाबा (सहचर) हरूसित बाँडेर खानुहुन्थ्यो। अत: एकपटक उहाँका सेवामा केही खज़ूर आएका थिए उहाँले सहाबाहरूको अनुमान लगाएर सात सातवटाको भाग लगाउनु भयो र ती सात सातवटा खज़ूर सहाबाहरूमा बाँडिदिनुभयो।

(बुखारी, किताबुल अत्अम:)

हज़रत अबूहुरैरा वर्णन गर्छन - "हज़रत मुहम्मद मुस्तफा (सल्लम)ले जौको रोटी पनि पेट भरेर खानु भएन।"

एकपटक उहाँले बाटोमा जाँदैगर्दा मानिसहरूका बीचमा एउटा बाख्रो भुटेर राखेको र खानलागेको देख्नुभयो। उहाँलाई देखेर तिनीहरूले उहाँलाईसमेत खान निमन्त्रणा दिए। परन्तु उहाँले अस्वीकार गर्नुभयो। यसको कारण उहाँलाई भुटेको मासु मन पर्दैनथ्यो भन्ने कुरो होइन अपितु उहाँलाई दु:खी दरिद्रहरूका बीचमा तिनीहरूलाई देखाएर र तिनीहरूलाई भौकै छाडि स्वयं तिनीहरूका सामुन्ने बाख्रो भुटेर खानु जस्तो कार्य राम्रो लाग्दैनथ्यो अन्यथा उहाँ भुटेको मासु पनि खानुहुन्थ्यो भन्ने कुरो एउटा अर्को हदीसबाट प्रमाणित हुन्छ।

हज़रत आईशा (रज़ि.) द्वारा पनि पर्णित छ :- हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले कहिल्यै तीन दिन लगातार पेट भरी भोजन गर्नुभएन र यही अवस्था उहाँको मृत्युपर्यन्त रह्यो।

निमन्त्रण बिनानै कसैको घरमा भोज खानका लागि जानु हुदैन भन्ने कुरोलाई उहाँ विशेष ध्यान दिनुहुन्थ्यो। एकपटक एउटा व्यक्तिले उहाँलाई निमन्त्रण दियो र साथै चारजना व्यक्तिहरूलाई आफुसित लिएर आउन अनुरोध गर्‍यो। जब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)त्यस व्यक्तिको घरको ढोकामा पुग्नुभयो

तब एउटा थप व्यक्ति पनि उहाँसित रहेको छ भन्ने कुरो उहाँलाई ज्ञात भयो। जब घरको धनी बाहिर आयो तब उहाँले त्यसलाई भन्नुभयो, ''तिमीले हामी पाँचजनालाई भोजनका लागि बोलाएका थियौ यदि तिमीले चाहेमा यस व्यक्तिलाई पनि अनुमति देउ र यदि चाहेमा यसलाई विदा गर। घरधनीले भन्यो, होइन, म यिनलाई पनि आमन्त्रित गर्छु यिनीपनि भित्र आउन।''

(बुखारी, किताबुल अत्अमः)

जब उहाँ भोजन गर्नुहुन्थ्यो तब सदा ''बिस्मिल्लाह'' (अल्लाहको नाम लिएर) उच्चारित गरी आरम्भ गर्नुहुन्थ्यो। जब भोजन गरिसक्नुहुन्थ्यो तब यी शब्दहरूमा खुदा तआलाको प्रशंसा गर्नुहुन्थ्यो

اَلْحَمْدُ لِلّٰهِ حَمْدًا كَثِيْرًا طَيِّباً مُبَارَكًا فيه غَيْر مكفى ولا مودع وَلَا مستغنى عنه ربَّنا۔[1]

अर्थात - समस्त प्रशंसा अल्लाह तआलाका निम्ति रहेको छ जसले हामीलाई भोजन प्रदान गरे। धेरै धेरै प्रशंसा, प्रत्येक प्रकारको मिलावटबाट मुक्त प्रशंसा, बुद्रदै जाने प्रशंसा। यस्तो प्रशंसा होइन जसपछि मानिसले मैले धेरै प्रशंसा गरिसकें भनी ठानोस अपितु मैले प्रशंसाको समस्त हक पूरा गर्नसकिन भन्ने ठानोस र कहिल्यै प्रशंसा गर्न नत्यागोस। र कहिल्यै मेरो मनमा खुदा तआलाको कुनै यस्तो कार्य रहेको छ जसको प्रशंसा गर्नु आवश्यक छैन अथवा त्यो प्रशंसनीय छैन भन्ने धारणा नआओस। हे हाम्रा प्रभु! हामीलाई त्यस्तै बनाउ।'' अन्य केही वर्णनानुसार उहाँ कहिलेकाहिँ निम्न शब्दहरूमा दुआ (प्रार्थना) गर्नुहुन्थ्यो

الحمدُ للهِ الَّذِى كَفانا وَاروانا غير مَكفى ولا مكفور[2]

1. बुखारी किताबुल अत्आमा, अध्याय मा यकूलो इज़ा फरग़ा मिन् तआमे।
2. बुखारी किताबुल अत्आमा, अध्याय मा यकूलो इज़ा फरग़ा मिन् तआमे।

अर्थात - सम्पूर्ण प्रशंसा अल्लाह तआलाका निम्ति हो जसले हाम्रो भोक र प्यास मेटाए। हाम्रो हृदय उनको प्रशंसा गर्नबाट कहिल्यै नथाकोस र हामी कहिल्यै उनका कृतघ्न नबनौं। उहाँ सँधै आफ्ना सहचरहरूलाई पेट भरिनुभन्दा अघि नै खान छाडिदेऊ र एउटा व्यक्तिको भोजन दुईजना व्यक्तिका लागि पर्याप्त हुनुपर्छ भनी उपदेश दिनुहुन्थ्यो। (बुखारी, किताबुल अत्अम:)

जब जब उहाँका घरमा उत्तम भोजन पाकथ्यो उहाँ आफ्ना परिवारलाई छिमेकीको पनि ध्यान राख्नेगर भनी अर्ती दिनुहुन्थ्यो। (मुस्लिम, किताबुल बिर्र व सिला) यसैगरी आफ्ना छिमेकीहरूका घरमा उहाँ धेरैजसो कोसेली पठाउने गर्नुहुन्थ्यो।

(बुखारी, किताबुल अदब)

आफ्ना गरीब सहचरहरूको मुहारबाट तिनीहरू भोकै छन कि छैनन भन्ने कुरो सधैं उहाँलाई ज्ञात हुन्थ्यो। हज़रत अबूहुरैरा वर्णन गर्छन - एकपटक उनी निकै दिनसम्म भोकै थिए। जब उनले सात पख भौकै बिताए तब बेचैन अवस्थामा मस्जिदको ढोकामा गएर उभिए। त्यहीबेला अकस्मात हज़रत अबूबकर त्यहाँबाट भित्र प्रवेश गरे तब उनले उनीसित पवित्र कुरआनको यस्तो एउटा आयत (श्रुति)को अर्थ सोधे जसमा गरीब र दुखीहरूलाई भोजन गराउने आदेश दिइएको थियो। हज़रत अबूबकरले सम्भवत: तिनलाई उक्त आयतको अर्थ थाहा नहोला भन्ने ठानी त्यसको अर्थ बताए र अघिबढे। हज़रत अबू हुरैरा जब मानिसहरूका सामुन्ने उक्त घटनाको चर्चा गर्थे तब क्रोधित भएर भन्ने गर्थे - ''के अबूबकर मभन्दा अधिक कुरआन जान्दथ्यो! मैले त उक्त आयतको अर्थ उनले उक्त आयतको भावार्थप्रति ध्यान दिउन र मलाई भोजन गराउन भनी सोधेको थिएँ। त्यहीबेला हज़रत उमर पनि त्यहाँबाट प्रवेश गरे। उनी भन्छन, मैले उनीसित पनि उक्त आयतको अर्थ सोधें। हज़रत

उमरले पनि उक्त आयतको अर्थ बताए र अघि बढ़े। जब अबूहुरैराले नमागेसम्म भोजन मिल्ने कुनै उपाय देखेनन र उनी अचेत भएर ढल्नलागे किनभने त्योभन्दा अधिक सहनशक्ति उनमा थिएन। उनी भन्छन, मैले ढोकाबाट फर्कन लागेको क्षणमा आफ्नो कानले एउटा अत्यन्त प्रेमपूर्ण पुकार सुनें जो मलाई बोलाइरहेथ्यो, अबू हुरैरा, अबू हुरैरा! मैले फर्किएर हेरें तब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई आफ्नो घरको झयाल खोलेर मुस्काउँदै उभिएको देखें। मलाई देखेर उहाँले भन्नुभयो, अबूहुरैरा! के भौके छौ? मैले भनें, हे अल्लाहका रसूल, हो म भोको छु। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले भन्नुभयो, हाम्रो घरमा पनि केही खानेकुरो थिएन। अहिले एउटा व्यक्तिले दूधको प्याला पठाएको छ। तिनी मस्जिदमा जाऊ र हेर त्यहाँ हामी र तिमीझैं अन्य कोही मुसलमान पनि होला जसलाई भोजनको आवश्यकता होला। अबू हुरैरा वर्णन गर्छन, मैले मनै मनमा भनें म यति भोको छु एक्लै नै त्यो प्याला पिउँनसक्छु। अब हज़रत मुहम्मद (सल्लम) ले अन्य मानिसहरूलाई पनि बोलाउने आदेश दिनुभएको छ, मेरो भागमा त अति थोरै रहने पर्‍यो। परन्तु हज़रत मुहम्मद (सल्लम) को आदेश रहेको हुनाले उनी मस्जिद भित्र गए जहाँ छः जना मानिसहरू बसिरहेका देखे । उनी तिनीहरूलाई लिएर हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)को ढोकाको सामुन्ने आए। हज़रत रसूलुल्लाह (सल्लम)ले पहिला त्यो दूधको प्याला ती नयाँ आएका छः जना मध्ये कुनै एउटा व्यक्तिको हातमा थमाउनु भयो र भन्नुभयो, यसलाई पिउ, जब त्यसले दूध पिएर प्याला मुखबाट हटायो तब उहाँले जोड दिएर भन्नुभयो पुनः पिउ। तेस्रोपटक उहाँले त्यसलाई दूध पिउन जोड दिनुभयो र त्यसले पियो। यसैगरी सबै छः जना व्यक्तिहरूलाई पालो पालो गरी दूध पिलाउनु भयो। हज़रत अबू हुरैरा वर्णन गर्छन, ‘‘प्रत्येक पटक

म भन्दथें अब म मरें मेरो भागमा के बच्‌ला र परन्तु जब ती छः जना पिएर हटे तब हज़रत मुहम्मद (सल्लम)ले त्यो प्याला मेरो हातमा दिनुभयो। मैले देखें त्यस प्यालामा अझ पनि धेरै दूध शेष थियो। जब मैले दूध पिएँ तब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)ले जोड दिएर मलाई तीनपटक दूध पिलाउनु भयो। त्यसपछि मबाट बचेको दूध स्वयं उहाँले पिउनुभयो र खुदा तआलाप्रति धन्यवाद ज्ञापन गर्दै ढोका बन्द गर्नुभयो।

(बुखारी, किताबुर्रिक़ाक़)

सम्भवतः हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले अबू हुरैरालाई सबैभन्दा अन्तमा दूध दिनुको कारण के हुनसक्छ भने उनले खुदा तआलाप्रति भरोसा राखी भोकै बसिरहनु उचित थियो र कसैसित कुनै सांकेतिकरूपमा पनि केही माग्नु उचित थिएन भन्ने पाठ तिनलाई प्राप्त होस।

हज़रत मुहम्मद (सल्लम) सदा दाहिने हातले भोजन खानु हुन्थ्यो र पानी पनि दाहिने हातले नै पिउनुहुन्थ्यो। पानी पिउँदा बीचमा वर्तनबाट मुख हटाएर तीनपटक साँस लिनुहुन्थ्यो । यसमा एउटा मेडिकल पाइन्ट पाइन्छ र त्यो के हो भने पानी यदि एउटै साँसमा पिएमा त्यसबाट पेट दुख्ने सम्भावना हुन्छ। खाना र भोजन सम्बन्धी उहाँको सिद्धान्त के थियो भने जुन वस्तु पवित्र र स्वास्थ्यकर रहेको छ त्यही खाइयोस। परन्तु कुनै दुःखी दरिद्रको हक अधिकार मारेर होइन। यसैगरी मानिसमा अत्यंन्त उपभोगको स्वभाव नहोस। अतः साधारणतः उहाँको भोजन अति सामान्य र साधारण हुने गर्थ्यो। परन्तु यदि कुनै व्यक्तिले केही उत्तम वस्तु कोसेलीको रूपमा दिएको खण्डमा त्यसलाई खानबाट अस्वीकार गर्नुहुदैनथ्यो। परन्तु आफ्नो खान-पिनका लागि राम्रो र उत्तम भोजनको खोजी उहाँ गर्नुहुदैनथ्यो। मह उहाँलाई अत्यन्त मनपर्थ्यो र यसैगरी खजूर पनि । खजूर र मोमिन (विश्वासीजन)का बीचमा

एउटा सम्बन्ध रहेको छ भनी उहाँ भन्नुहुन्थ्यो। खजूरका पत्ताहरू र त्यसको ब्रोक्रो र त्यसको काँचो फल तथा त्यसको पाकेको फल र त्यसको भित्रको गुइँठो (बीउ) समेत सबै कुरा लाभदायक रहेका छन। त्यसका कुनै अंशहरू पनि लाभहीन हुदैनन। श्रेष्ठ मोमिन (विश्वासी) व्यक्ति पनि त्यस्तै हुन्छ त्यसको कुनै काम निरर्थक हुदैन अपितु त्यसको प्रत्येक काम मानवजाति को कल्याणका निम्ति हुन्छ। (भन्ने उहाँको भनाई थियो)

## पहिरन र गहना प्रयोगमा सरलता र संयम

पहिरन (वस्त्र)का सम्बन्धमा पनि हज़रत मुहम्मद (सल्लम) अत्यन्त सरलता र सादगीलाई मन पऱ्याउनु हुन्थ्यो। उहाँको वस्त्र साधारणत: कुर्ता र लुंगी अथवा कुर्ता र सुरुवाल हुनेगर्थ्यो। उहाँ आफ्नो लुंगी अथवा सुरुवाललाई कुर्कुच्चाभन्दा माथि र घुँडाहरूभन्दा मानिसम्म राख्नुहुन्थ्यो। कुनै विवशता बिना घुँडाहरूमाथिसम्म शरीर निर्वस्त्र रहेको उहाँलाई मन पर्दैनथ्यो। जुन कपड़ामा चित्र बनेको हुन्थ्यो त्यो उहाँलाई मनपर्दैनथ्यो। चाहे त्यो मानिसको वस्त्रको रूपमा होस अथवा पर्दाहरूको रूपमा। विशेषत: ती ठूला-ठूला चित्रहरू जुन शिर्क (अनेकेश्वरवाद) का सङ्केतहरूको रूपमा हुनेगर्छन तिनीहरूको त उहाँ कदापि अनुमति दिनुहुदैनथ्यो। एकपटक उहाँका घरमा त्यस्तै कपड़ा टाँगिएको थियो उहाँले त्यसलाई देख्नासाथ उतार्ने आदेश दिनुभयो। (बुखारी, किताबुल लिबास)। सा-साना चित्रहरू छापिएका कपडाहरूका सम्बन्धमा भने कुनै आपत्ति दर्शाउनु हुदैनथ्यो किनभने तिनीहरूबाट शिर्कतर्फ ध्यान जादैन। उहाँ रेशमी कपडा कहिल्यै लगाउनु हुदैनथ्यो न त अन्य पुरुषहरूलाई रेशमी वस्त्र लगाउने अनुमति दिनुहुन्थ्यो। सम्राटहरूलाई पत्र लेखेको

अवसरमा उहाँले एउटा मोहोर लगाएको औंठी आफ्नोलागि निर्माण गराउनु भएको थियो। परन्तु उहाँले त्यो सुनको होइन अपितु चाँदीको बनाइयोस भनी आदेश दिनुभएको थियो। उहाँको कथन थियो, ''खुदा तआलाले मेरा पुरुष अनुयायीहरूका लागि सुन लगाउनु अवध्य ठहऱ्याएका छन'' महिलाहरूका निम्ति भने रोशमी कपडाहरू र सुनका गहनाहरू लगाउने अनुमति थियो। परन्तु यसका सम्बन्धमा अधिक चासो नलिइयोस भनी उहाँ उपदेश दिने गर्नुहुन्थ्यो।

एकपटक दुखी-दरिद्रहरूका निम्ति उहाँले चन्दा एकत्रित गर्नुभयो। एउटी महिलाले एउटा (सुनको) चुरो उतारेर उहाँका सामुन्ने राखी। उहाँले भन्नुभयो, ''के दोस्रो हात अग्निबाट बच्ने अधिकार राख्दैन र?'' त्यस महिलाले दोस्रो चुरोपनि उतारेर दरिद्रहरूका लागि दी। उहाँका पत्नीहरूका गहनाहरू अत्यन्त नगण्य हुनेगर्थे। उहाँका सहाबी (सहचर)हरूका पत्नीहरू पनि उहाँको शिक्षानुसार चल्दै गहना बनाउनतर्फ अधिक चासो राख्दैनथे। पवित्र क़ुरआनको शिक्षानुसार धन जम्मा गरेर राख्नाले गरीबहरूको अधिकार हनन हुन्छ त्यसकारण सुन-चाँदी घरमा जम्मा गरेर राख्नाले आफ्नो जातिको आर्थिक अवस्था विग्रन्छ र त्यो पाप हो भनी उहाँ उपदेश दिने गर्नुहुन्थ्यो।

एक पटक हज़रत उमरले उहाँलाई सल्लाह दिंदै भने, ''अब ठूला-ठूला सम्राटहरूका तर्फबाट प्रतिनिधिहरू आउन लागेका छन त्यसकारण हजूर उउटा बहुमूल्य जुब्बा (शाहीवस्त्र) लिनुहोस र त्यस्ता अवसरमा प्रयोग गर्ने गर्नुहोस। ''उहाँ हज़रत उमरको त्यो कुरो सुनेर खुबै रिसाउनु भयो र आज्ञाभयो, ''खुदा तआलाले मलाई यी कुराहरूको लागि जन्म दिएको होइन। यी आडम्बरका कुराहरू हुन। मेरो जस्तो वस्त्र छ त्यसका साथै मानिहरूसित भेट गर्नेछु। (बुखारी, किताबुल लिबास)

एकपटक उहाँका निम्ति एउटा रेशमी जुब्बा (शाहीवस्त्र) ल्याइयो। उहाँले हज़रत उमरलाई उपहारस्वरूप त्यो प्रदान गर्नुभयो। दोस्रोदिन उहाँले हज़रत उमरलाई त्यो लगाएर फिर्दैगरेको देख्नुभयो। त्यसप्रति उहाँले अप्रसन्नता प्रकट गर्नुभयो। हज़रत उमरले भने, ''हे अल्लाहका रसूल! हजूरले नै त यो उपहार दिनुभएको हो। उहाँले उत्तर दिनुभयो, ''प्रत्येक वस्तु आफ्नो प्रयोगमा ल्याउने हुदैन।'' अर्थात् त्यो जुब्बा रोशमको हुनाले स्वयं प्रयोग नगरी आफ्नी पत्नीलाई अथवा छोरीलाई दिनु उचित थियो अथवा कुनै अन्य प्रयोगमा ल्याए उचित थियो। त्यसलाई आफ्नो लिबासको रूपमा प्रयोग गर्नु उचित थिएन।

(बुखारी, किताबुल लिबास)

## बिस्तरमा सादगी (सरलता)

उहाँको बिस्तर पनि अत्यन्त सादा र सरल हुन्थ्यो। साधारणत: एउटा छाला अथवा ऊँटको केशको एउटा कपड़ा हुनेगर्थ्यो। हज़रत आईशाको कथन छ: -

''हाम्रो बिस्तर अति सानु थियो, जब हज़रत मुहम्मद (सल्लम) उपासनाका लागि उठनुहुन्थ्यो तब म एकातर्फ फर्किएर सुत्ने गर्थे र बिछ्यौना सानु भएकाले जब उहाँ उभिनुहुन्थ्यो तब म आफ्ना खुट्टा पसार्थें र जब उहाँ सज्दा (दण्डवत) गर्नुहुन्थ्यो तब म आफ्ना खुट्टा खुम्च्याउँथें। (बुखारी, बाबुस्सलात)

## घर गृहस्थीमा सादगी

आफु बस्ने घरका सम्बन्धमा पनि उहाँलाई सादगी र सरलता नै मन पर्थ्यो। उहाँका घरहरूमा केवल एउटा कोठो

हुन्थ्यो र सानु आँगन। त्यस कोठामा एउटा रस्सी बाँधिएको हुन्थ्यो जसमा कपडा टाँगेर भेट घाटका समयमा उहाँ आफुसित भेट्न आउनेहरूसित अलग्गै बसेर बातचीत गर्ने गर्नुहुन्थ्यो। खाट उहाँ प्रयोग गर्नुहुदैनथ्यो अपितु भुइँमै बिछ्योना लगाएर सुत्ने गर्नुहुन्थ्यो। उहाँको रहनसहन कतिसम्म सरल थियो भने उहाँको मृत्युपश्चात हज़रत आईशाले वर्णन गरीन, ''हज़रत मुहम्मद (सल्लम)को जीवन कालमा धेरैपटक हामीले केवल पानी र खजूर खाएर दिन बिताउनु पऱ्थ्यो। उहाँको मृत्युका दिन पनि हाम्रो घरमा खजूर र पानीबाहेक खानका लागि केही थिएन।

(बुखारी किताबुल् अत्अम:)

# खुदा तआलासित प्रेम र उनको उपासना

हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)को पूर्ण जीवन परमेश्वरको प्रेममा लिप्तरहेको देखिन्छ। जमाअत (संगठन) को ठूलो दायित्व रहेतापनि दिन र रात उहाँ उपासनामा व्यस्त रहनुहुन्थ्यो। आधीरात बितेपछि उहाँ खुदातआलाको उपासनाका लागि खडा हुनुहुन्थ्यो र बिहानसम्म उपासना गरिरहनु हुन्थ्यो। कहिलेकाहिँ त उहाँका खुट्टाहरूपनि सुन्निन पुग्थे र उहाँलाई देख्नेहरूका मनमा उहाँप्रति दया जाग्थ्यो। हज़रत आईशा वर्णन गर्छिन, एकपटक मैले त्यस्तो अवस्था देखेर भनें, ''हे अल्लाहका रसूल! हज़ूरलाई त खुदाको पहिला नै सामिप्यप्राप्त छ। हजूर आफ्नो ज्यानलाई यति कष्ट किन दिनुहुन्छ? उहाँले भन्नुभयो, ''आईशा! के म खुदाको कृतज्ञ भक्त न बनुँ त ? (बुखारी किताबुत्तहजद) यदि म खुदा तआलाको सामिप्यप्राप्त हुँ भने र खुदा तआलाले आफ्नो कृपाद्वारा मलाई आफ्नो सामिप्य प्रदान गरेका छन भने जतिसम्म हुनसक्छ मैले उनको धन्यवाद गर्नु मेरो

कर्तव्य होइन र? किनभने उपकारको बदलामा नै धन्यवाद पनि गरिन्छ। (बुखारी, किताबुत्तफसीर)

उहाँ कुनै ठूलोकार्य खुदा तआलाको अनुमति बिना गर्नुहुदैनथ्यो। अतः उहाँको जीवनीमा वर्णितानुसार मक्काका मानिसहरूको घोर अत्याचार हुँदाहुँदै पनि उहाँले मक्कालाई तबसम्म त्याग्नुभएन जबसम्म खुदा तआलाका तर्फबाट उहाँप्रति ईशवाणी उत्रिएन र त्यसद्वारा उहाँलाई मक्का छोडने आदेश दिइएन। मक्कावासीहरूको अत्याचारको तीव्रतालाई देखेर उहाँले जब सहाबाहरूलाई मक्काबाट हब्शातर्फ हिजरत (प्रस्थान) गर्ने अनुमति दिनुभयो र तिनीहरूले उहाँका सामुन्ने उहाँले पनि उनीहरूका साथै प्रस्थान गर्न अनुरोध गरे तब उहाँले भन्नुभयो, ''मलाई अहिलेसम्प खुदा तआलाका तर्फबाट अनुमति प्राप्त भएको छैन।'' अत्याचार र सङ्कटका समयमा जब मानिसहरू आफ्ना मित्रहरू र नातेदारहरूलाई आफ्ना छेउछाउमा एकत्रित गर्छन उहाँले भने आफ्नो जमाअतलाई हब्शातर्फ हिजरत गरेर जाने आदेश दिनुभयो र स्वयं एक्लै मक्कामा ठहर्नुभयो किनभने उहाँका खुदाले उहाँलाई अहिलेसम्म हिजरत (प्रस्थान) गर्ने आदेश दिएको थिएन। खुदाको वाणी जब उहाँ सुन्नुहुन्थ्यो तब व्याकुल भएर आपसे आप उहाँका आँखाबाट आँसु बग्न लाग्थे। विशेषतः ती आयतहरू (श्रुतिहरू) सुनेर जसमा उहाँलाई आफ्नो जिम्मेदारीतर्फ ध्यान दिलाइको छ। अतः अब्दुल्लाह बिन मस्ओद वर्णन गर्छन, एकपटक हज़रत मुहम्मद (सल्लम) ले पवित्र क़ुरआनका केही आयतहरू पढेर मलाई सुनाउ भनी आदेश दिनुभयो। मैले बिन्ती गरें, हे अल्लाहका रसूल! क़ुरआन त हजूर माथि अवतीर्ण भएको छ म हजूरलाई के सुनाउँ। उहाँले भन्नुभयो, म अरूहरूबाट पनि क़ुरआन पढाएर सुन्न मन पऱ्याउँछु। त्यसपछि मैले सूरःन्निसा पढेर सुनाउन आरम्भ गरें।

जब पढदै पढदै म निम्न आयत

فَكَيْفَ إِذَا جِئْنَا مِنْ كُلِّ أُمَّةٍ بِشَهِيدٍ وَّجِئْنَا بِكَ عَلَىٰ هَٰؤُلَاءِ شَهِيدًا ○[1]

अर्थात त्यससमय के अवस्था होला जब हामी प्रत्येक जातिबाट त्यसको नबी (पैग़म्बर)लाई त्यसका जातिका सामुन्ने खडा गरेर त्यस जातिको हिसाब लिनेछौं र तिमीलाई पनि तिम्रो जातिका सामुन्ने खडा गरेर त्यसको हिसाब लिनेछौं। तब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) ले भन्नुभयो, भयो, भयो। मैले उहाँतर्फ हेरें तब उहाँका दुबै आँखाहरूबाट टप-टप गरी आँसु बगिरहेको देखें। (बुखारी किताबुल फज़ाइलुल क़ुरआन)

संसारमा प्रसन्नता प्रकट गर्न र ध्यान दिलाउनका लागि ताली पिट्ने गरिन्छ। अरबीहरूमा पनि यही चलन थियो। परन्तु उहाँलाई खुदा तआलाको स्मरण र चर्चा तथा गुणगान यतिसम्म मनपर्थ्यो उहाँले प्रसन्नता प्रकटका लागि पनि ईश्वरको स्मरण गर्ने आदेश दिनुभयो। अतः वर्णित छ - एकपटक हज़रत मुहम्मद (सल्लम)कुनै कार्यमा व्यस्त हुनुहुन्थ्यो त्यहीबेला नमाज़को समय भयो । उहाँले भन्नुभयो, अबूबकर नमाज़ पढाउ। पुनः काम सिध्याएर उहाँपनि मस्जिदतर्फ प्रस्थान गर्नुभयो। जब नमाज़ पढ्नेहरूलाई उहाँ मस्जिदमा आउनुभयो भन्ने थाहा लाग्यो तब तिनीहरूले अनायास ताली पिट्नलागे। एकातर्फ त त्यसको अर्थ हज़रत मुहम्मद (सल्लम) मस्जिदमा पाल्नाले तिनीहरूको मनमा अति आनन्द लाग्यो भन्नु थियो र दोस्रोतर्फ हज़रत अबूबकरलाई अब तिम्रो इमामत (अनुवाई) समाप्त भयो किनभने अब हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) स्वयं पाल्नुभयो भन्नुथियो। (हज़रत अबूबकर पछि हटे र हज़रत मुहम्मद (सल्लम)का लागि इमाम (अगुवाई)को स्थान छाडिदिए। नमाज़ समाप्त भएपछि उहाँले भन्नुभयो, अबूबकर! जब मैले तिमीलाई नमाज़ पढाउने आदेश

1. सूरः अन्निसा : 42

दिएको थिएँ तब तिमी मेरो आगमनपश्चात किन पछिहट्यौ? अबूबकरले भने, हे अल्लाहका रसूल! अल्लाहका रसूल (सन्देशवाहक)को उपस्थितिमा अबू कहाफाको पुत्रको नमाज़ पढाउने के अधिकार थियो र? त्यसपछि उहाँ सहाबाहरूतर्फ फर्कनुभयो र भन्नुभयो, तिमीहरूले ताली बजाउनु को के तात्पर्य थियो? खुदाको स्मरण र गुणगान गरिरहेको समयमा ताली बजाउनु उचित कुरो देखिदैन। जब नमाज़का समयमा कुनै विशेष कुरोतर्फ ध्यान दिलाउने उद्देश्य रहेमा ताली बजाउनुको सट्टा खुदाको नाम उच्च स्वरमा उच्चारित गर्नेगर। जब तिमीहरू त्यसो गर्नेछौ तब अन्यहरूलाई स्वयंमेव त्यस कुरोतर्फ ध्यान जानेछ। (बुखारी, किताबुल आज़ान) परन्तु यसका साथै उहाँ बनावटी उपासनालाई मन पऱ्याउनु हुदैनथ्यौ। एकपटक उहाँ आफ्नो घरमा जब प्रवेश गर्नुभयो तब उहाँले दुईवटा खम्बाहरूका बीचमा रस्सी लट्किएको देख्नुभयो र यो रस्सी यहाँ किन बाँधिएको हो भनी सोध्नुभयो। मानिसहरूले हज़रत ज़ैनबको रस्सी हो जब उनी उपासना गर्दा गर्दा थकित हुन्छिन तब यसै रस्सीलाई समातेर थकाई मार्छिन भनी उत्तर दिए। उहाँले भन्नुभयो, ''यसो गर्नु उचित छैन। यस रस्सीलाई खोल । प्रत्येक व्यक्तिले तबसम्म उपासना गरोस जबसम्म उसको मनमा चुस्ति र चासो रहन्छ जब थकित हुन्छ तब पछिहटेर बसोस। यसप्रकारको दिखावटको उपासनाले कुनै लाभ पुऱ्याउने छैन। (बुखारी, किताबुत्तहजद)

शिर्क (अनेकेश्वरवाद) लाई उहाँ अत्यन्त घृणा गर्नुहुन्थ्यो जब उहाँको मृत्युघडी आयो र उहाँ मरणको पीडामा कहिले दाहिनेतर्फ र कहिले बायाँतर्फ पल्टनुहुँदै भन्नुहुन्थ्यो, ''खुदाले ती यहूदी र ईसाईहरूलाई अभिशापित गरुन जसले आफ्ना नबीहरूका क़ब्र (समाधि) हरूलाई मस्जिद बनाएका छन। (बुखारी, किताबुल जनाइज़) अर्थात तिनीहरू नबीहरूका क़ब्रहरूमा सज्दा

(दण्डवत) गर्छन र तिनीहरूको प्रार्थना गर्छन। उहाँको भनाइको तात्पर्य के थियो भने यदि म मरेपछि मेरा अनुयायीहरूले पनि त्यही कार्य गरेमा तिनीहरूले मेरो दुआ प्राप्त गर्लान भन्ने नठानून अपितु मेरो तिनीहरूसित केही सम्बन्ध रहनेछैन।

खुदा तआलाका निम्ति उहाँको गैरत (स्वाभिमान) को चर्चा त उहाँको जीवनका ऐतिहासिक घटनाहरूमा गरिसाकिएको छ। मक्काका मानिसहरूले उहाँका सामुन्ने उहाँले मूर्तिहरूको खण्डन गर्न छाडिदिनुहोला भनी प्रत्येक प्रकारका लालचहरू र उपहारहरू प्रस्तुत गरे र उहाँका काका अबू तालिबले पनि उहाँका सामुन्ने यसैकुराको सिफारिस गरी भने, यदि तिमीले यो कुरो नमानेमा र मैले तिम्रो समर्थन गर्न नछाडेमा मेरो जातिले मलाई छाडिदिनेछ।'' यो कुरो सुनेर उहाँले भन्नुभयो, हे काका! यदि यी मानिसहरूले सूर्यलाई मेरा दाहिने र चन्द्रमालाई मेरो बायाँतर्फ ल्याएर खडा गरेतापनि म एक, अद्वितीय खुदाको एकेश्वरवादलाई फैलाउन छाड्नेछैन।''

(सीरत इब्ने हश्शाम, भाग 1, पृष्ठ 284-285)

यसैगरी उहदको युद्धको अवसरमा जब मुसलमानहरू घाइते र छरपट्ट भई एउटा पहाडमनि उभिएका थिए र शत्रु आफ्नो समस्त अस्त्र-शस्त्र लिएर हामीले मुसलमानहरूको बल तोड्यौं भनी हर्ष मनाउँदै जयध्वनी लगाइरहेको थियो। त्यहीबेला अबू सुफियानले ''ओलो हुबल, ओलो हुबल भन्ने जयध्वनी लगायो। अर्थात् हुबल (मूर्तिको नाम)को महिमा अपरम्पार, हुबलको महिमा अपरम्पार। तब हज़रत मुहम्मद (सल्लम)ले आफ्ना ती मित्रहरूलाई जो शत्रुहरूबाट लुकेर बसिरहेका थिए र त्यसैमा तिनीहरूको भलो थियो, आदेश दिनुभयो, ''अल्लाहु आला व अजल्लु, अल्लाहु आला व अजल्लु'' अर्थात अल्लाह नै सबैभन्दा श्रेष्ठ र प्रतापी, अल्लाह ने सर्वविजयी र परमप्रतापी हुन, भनी उत्तर देऊ।

हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को खुदा तआलाका लागि जुन गैरत (स्वाभिमान) थियो त्यसको एउटा अर्को महानतम उदाहरण उहाँको जीवनमा यसप्रकार पाइन्छ। इस्लामभन्दा पहिला साधारणतः विभिन्न धर्महरूमा नबीहरूको प्रसन्नता र क्रोधको घडीमा धरती र आकाशमा परिवर्तन देखापर्छ र नक्षत्रजगत तिनीहरूको कब्जामा हुन्छ भन्ने धारणा पाइन्थ्यो। अतः कुनै नबीका बारेमा उनले सूर्यलाई ठहर भन्दा सूर्य ठहऱ्यो भन्ने कथा पाइन्थ्यो र कसैका बारेमा उनले चन्द्रमाको परिक्रमणलाई रोके भन्ने र कसैका बारेमा उनले पानीलाई बग्नबाट रोके भन्ने कथा पाइन्थ्यो । परन्तु इस्लामले यसप्रकारका धारणाहरूको भूल लाई स्पष्ट पाऱ्यो र वस्तुतः यी रुपक र भावात्मक कुराहरू हुन जसबाट मानिसहरूले लाभ उठाउनुको सट्टा उल्टै भूलमा र अन्धविश्वासमा तिनीहरू ग्रसित हुदै गए भन्ने वास्तविकता व्यक्त गऱ्यो। परन्तु यी स्पष्टीकरणहरू हुदाँहुदै पनि केही मानिसहरूका मनमा यसप्रकारका धारणाहरूको प्रभाव शेष रहेको थियो। जब हज़रत मुहम्मद (सल्लम) को अन्तिम उमेरमा उहाँका एकमात्र पुत्र इब्राहीमले अढाई वर्षको आयुमा मृत्यु प्राप्त गरे तथा संयोगवश त्यसदिन सूर्यलाई पनि ग्रहण लाग्यो तब केही यस्ता व्यक्तिहरूले मदीनामा हेर हज़रत मुहम्मद (सल्लम.) का पुत्रको मृत्युघड़ीमा सूर्यमा अन्धकार छायो भन्ने हल्ला चलाए। जब हज़रत मुहम्मद (सल्लम) लाई यो सूचना मिल्यो तब उहाँ प्रसन्न हुनुभएन न त उहाँ चुप्पलागेर बस्नुभयो अपितु अति कठोरतापूर्वक उहाँले यसकुराको खण्डन गर्दै भन्नुभयो, चन्द्रमा र सूर्य त ख़ुदा तआला द्वारा निश्चित गरिएको विधान र नियमलाई प्रकट गर्ने वस्तुहरू हुन। यिनीहरूको कुनै ठूलो र सानु मानिसको मृत्यु र जीवनसित के सम्बन्ध हुनसक्छ र?''

(बुखारी किताबुल कसूफ)

जब कुनै व्यक्तिले अरबको परम्परानुसार फलानो नक्षत्र फलानो स्थानमा पुगेकाले हामीमाथि वर्षा भयो भनी दावी गऱ्थ्यो तब उहाँ भन्नुहुन्थ्यो, ''हे मानिसहरूहो! खुदा तआलाको वरदानलाई अन्यहरूतर्फ किन सङ्केत गर्छौ। वर्षा इत्यादि सबैकुरा खुदातआलाको निश्चित विधानानुसार नै हुनेगर्छन कुनै देवी देउताको अथवा अन्य कुनै आध्यात्मिक शक्तिको सहानुभूति र बख्शिशबाट उत्रिने गर्दैनन।'' (मुस्लिम, किताबुल ईमान)

## अल्लाह तआलामाथि भरोसा

अल्लाह तआलामाथि भरोसा उहाँको कतिसम्म थियो भने जब एउटा व्यक्तिले उहाँलाई एक्लै पाएर उहाँमाथि तरवार उठायो र भन्नलाग्यो, ''अब कसले तिमीलाई मबाट बचाउन सक्छ?'' त्यससमय उहाँसित कुनै अस्त्र पनि थिएन र उहाँ ढल्किएको हुनाले कुनै प्रतिक्रिया प्रकट गर्न सक्नुहुन्नथ्यो परन्तु उहाँले अत्यन्त शान्त र ढुक्कभएर उत्तर दिनुभयो, ''अल्लाह''। उक्त शब्द कति विश्वास र भरोसाका साथ उहाँका मुखबाट निस्कियो भने त्यसलाई सुनेर त्यस अविश्वासी शत्रुको मनले पनि उहाँको ईमान र विश्वासको दृढता र परिपक्वतालाई स्वीकार गरेबिना रहन सकेन र त्यसको हातबाट तरवार तल खस्यो र त्यो व्यक्ति जो उहाँलाई मार्नका लागि आएको थियो उहाँको सामुन्ने अपराधीझैं खडा भयो। (मुस्लिम, किताबुल फ़ज़ाइल)

अल्लाह तआलाको तुलनामा विनय र विनम्रता कतिसम्म उहाँमा थियो भने जब मानिसहरूले उहाँलाई हे अल्लाहका रसूल! हज़ूर त आफ्नो कर्मको जोड़ले नै खुदा तआलाको कृपा प्राप्त गर्नुहुनेछ भनी सुनाए तब उहाँले भन्नुभयो, ''होइन, होइन! म पनि खुदा तआलाको दया र कृपाद्वारा नै क्षमाप्राप्त गर्ने

छु।'' अतः हज़रत अबूहुरैराको वर्णन यसप्रकार रहेको छ :- मैले एकदिन हज़रत मुहम्मद रसूलुल्लाह (सल्ल) बाट उहाँले के भन्दैगरेको सुनें भने, ''कोही व्यक्ति आफ्नो कर्मद्वारा स्वर्गमा प्रवेश गर्नेछैन।'' मैले सोधें, हे अल्लाहका रसूल! के हज़ूर पनि आफ्ना कर्महरूद्वारा स्वर्गमा प्रवेश गर्नु हुनेछैन त? उहाँले भन्नुभयो,''म पनि आफ्ना कर्महरूको जोड़मा स्वर्गमा प्रवेश गर्न सक्नेछैन। यदि खुदाको कृपा र उनको करूणाले मलाई ढाकेमा त्यही नै एउटा उपाय हो।'' (बुखारी, किताबुर्रिक़ाक़)

पुनः उहाँले भन्नुभयो, ''आफ्ना कार्यहरू पुण्यको आधारमा गर्नेगर र खुदा तआलाको निकटता प्राप्तिका मार्गहरू खोज र तिमीहरूमध्ये कोही व्यक्तिले आफ्नो मृत्युको कामना नगरोस किनभने यदि उ भलो रहेमा जीवित रही आफ्ना पुण्य कार्यहरूमा अझ अघिबढ्नेछ र यदि पापीरहेमा जीवित रही आफ्ना पापहरूबाट प्रायश्चित गर्ने सौभाग्य त्यसलाई मिल्नेछ।

(बुखारी, किताबुल तमन्ना)

खुदा तआलाको प्रेम उहाँमा कतिसम्म थियो भने जब केही अन्तरालपछि बादल छाउँथे र वर्षा हुन्थ्यो तब उहाँ आफ्नो जिब्रो निकालेर वर्षाको थोपो त्यसमा लिनुहुन्थ्यो र भन्नुहुन्थ्यो, ''हेर! यो मेरा प्रभुको ताज़ा निअमत (वरदान) हो।

(अबू दाऊद, अब्वाबुन्नौम)

जब उहाँ सभा र भेलामा बस्नुहुन्थ्यो तब इस्तग़्फार (क्षमायाचना) गरिरहनु हुन्थ्यो र त्यसैपनि अधिकतर खुदासित क्षमायाचना गरिरहनुहुन्थ्यो ता उहाँका अनुयायीहरू र उहाँसित सम्बन्धित सबै व्यक्तिहरू खुदा तआलाको क्रोध र प्रकोपबाट सुरक्षित रहून र उनको क्षमाका प्रार्थी बनून।

(बुखारी, किताबुल दावात)

प्रत्येक समय खुदा तआलाका सामुन्ने उपस्थित रहेको

स्मरणलाई ताज़ा राख्नुहुन्थ्यो। अत: जब उहाँ सुत्नुहुन्थ्यो तब ''हे खुदा तिम्रै नाम लिंदै म मरूँ र तिम्रै नाम लिंदै म उठुँ।'' भन्दै सुत्नुहुन्थ्यो र जब उहाँ बिहान उठ्नुहुन्थ्यो तब

اَلْحَمْدُ لِلّٰهِ الَّذِىْ اَحْيَانَا بَعْدَ مَا اَمَاتَنَا وَاِلَيْهِ النُّشُوْرُ [1]

अर्थात अल्लाहकै निम्ति समस्त प्रशंसाहरू रहेका छन जसले मृत्युपश्चात हामीलाई जीवित गरे र पुन: हामी आफ्ना प्रभुका सामुन्ने जानेछौं।

खुदा तआलाको सामिप्य प्राप्तिको अत्यधिक इच्छा उहाँमा रहेको थियो त्यसकारण उहाँ सधै के दुआ (प्रार्थना) गर्नुहन्थ्यो भने :-

اَللّٰهُمَّ اجْعَلْ فِىْ قَلْبِىْ نُوْرًا وَفِىْ بَصَرِىْ نُوْرًا وَ فِىْ سَمْعِىْ نُوْرًا وَعَنْ يَّمِيْنِىْ نُوْرًا وَعَنْ
يَّسَارِىْ نُوْرًا وَفَوْقِىْ نُوْرًا وَ تَحْتِىْ نُوْرًا وَ اَمَامِىْ نُوْرًا وَخَلْفِىْ نُوْرًا وَاجْعَلْ لِّىْ نُوْرًا [2]

अर्थात् हे मेरा प्रतिपालक! मेरो हृदयमा आफ्नो नूर (ज्योति) भरिदेउ। मेरा आँखाहरूमा पनि ज्योति भरिदेउ। तथा मेरा कानहरूमा पनि आफ्नो ज्योति भरिदेउ। र मेरा दाहिनेतर्फ पनि तिम्रो ज्योति होस र मेरा बायाँतर्फ पनि तिम्रो ज्योति होस। मेरा माथि पनि तिम्रो ज्योति होस र मेरा मनि पनि तिम्रो ज्योति होस। मेरा अगाढि पनि तिम्रो ज्योति होस र मेरा पिछाड़ी पनि तिम्रो ज्योति होस। तथा हे मेरा प्रभु! मेरो समस्त व्यक्तित्व र अस्तित्वलाई ज्योति नै ज्योति बनाइदेउ।

इब्ने अब्बास वर्णन गर्छन, उहाँको मृत्युको निकट घडीमा मुसैल्मा कज़्ज़ाब आयो र उसले भन्यो, ''यदि मुहम्मद (सल्लम) ले आफ्नो मृत्युपश्चात मलाई हाकिम नियुक्त गरेमा म उनको अनुयायी बन्नेछु।'' त्यससमय त्यससित एउटा ठूलो जनसमूह थियो र जुन जातिसित त्यसको सम्बन्ध थियो त्यो जाति सम्पूर्ण

1. बुखारी किताबुल दा'वात, अध्याय वज़अल् यदा अल् यम्ना।
2. बुखारी किताबुल दा'वात, अध्याय अद्दुआओ इज़ा अन्तबा बिल्लैल्।

अरबमा संख्याको आधारमा सबै जातिहरूभन्दा अधिक थियो। जब हज़रत मुहम्मद (सल्लम)लाई त्यो व्यक्ति मदीना आएको सूचना मिल्यो तब उहाँ त्यसतर्फ जानुभयो। साबित बिन क़ैस बिन शमास उहाँका साथमा थिए। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) को हातमा खजूरको एउटा हाँगो थियो । उहाँ त्यसका काफिला (समूह) का सामुन्ने आउनुभयो र मुसैल्मा कज़्ज़ाबका अगाडि आएर उभिनु भयो। त्यसैबेला अन्य सहाबीहरू पनि एकत्रित भए र उहाँका चारैतर्फ उभिए। उहाँले मुसैल्मा कज़्ज़ाबलाई सम्बोधित गरी भन्नुभयो, ‘‘तिमी मुहम्मद (सल्लम)ले यदि आफुपछि मलाई उत्तराधिकारी नियुक्त गरेमा म उसको अनुयायी बन्न तयार छु भनी भन्छौ। परन्तु म त खुदाको आदेश विपरीत यो खजूरको हांगो पनि तिमीलाई दिन तयार छैन। तिम्रो त्यहि अन्त हुनेछ जुन खुदाले तिम्रा निम्ति निश्चित गरेका छन। यदि तिमी विमुख भएर गएमा अल्लाह तआलाले तिम्रा पाँवहरू काटिदिनेछन। तथा म देखिरहेछु जो खुदाले मलाई देखाएका थिए त्यही तिमीमाथि आइपर्न लागेको छ।’’ पुनः भन्नुभयो, ‘‘म जाँदैछु तिमीले जे भन्नु छ मेरा तर्फबाट साबित बिन क़ैस बिन शमास सित भन।’’ यही भन्दै उहाँ फर्केर आउनुभयो। हज़रत अबू हुरैरा पनि उहाँसितै थिए। मार्गमा कसैले उहाँलाई सोध्यो, ‘‘हे अल्लाहका रसूल! जो खुदाले मलाई देखाएका थिए त्यस्तै म तिमीलाई पाउँछु भनी हज़ूरले के भन्नुभएको हो।’’ हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)ले भन्नुभयो, मैले सपनामा के देखें भने मेरा हातमा दुईवटा कडाहरू थिए। मैले ती कडाहरूलाई देखेर मन पऱ्याइँन त्यससमय मलाई सपनामै तिमी तिनीहरूमाथि फुक भन्ने ईशवाणी मिल्यो। जब मैले फुकें तब ती दुवैवटा (कडाहरू) उडे। मैले त्यसको भावार्थ मपछि दुईजना झूटा दावेदार प्रकट हुनेछन भन्ने बुझें। (बुखारी, किताबुल मग़ाज़ी)

हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)को यो अन्तिम घडी थियो। अरबको सबैभन्दा ठूलो र अन्तिम जाति उहाँको आज्ञाकार बन्न तयार थियो। तिनीहरूको शर्त केवल तिनीहरूका सरदारलाई हज़रत मुहम्मद (सल्लम)ले आफुपछि खलीफा (उत्तराधिकारी) नियुक्त गरिदिउन भन्ने थियो। यदि हज़रत मुहम्मद (सल्लम) को मनमा व्यक्तिगत बडाइँको कुनै भावना रहेको भएमा उहाँको कुनै पुत्र नरहेको अवस्थामा उहाँका लागि अरबको सबैभन्दा ठूलो जातिको सर्वश्रेष्ठ सरदार (मुखिया)लाई आफ्नो उत्तराधिकारी बनाउने भरोसा दिएर समस्त अरबको एकताको मार्ग खोल्नु कुनै कठिनकार्य थिएन। परन्तु हज़रत मुहम्मद (सल्लम) जो कुनै सानु भन्दा सानु वस्तुलाई पनि आफ्नो व्यक्तिगत ठान्नुहुदैनथ्यो। उहाँले इस्लामी अमारत (सरबराही)को धरोहरलाई कसरी आफ्नो मल्कियत मान्न सकनुहुन्थ्यो र । उहाँका दृष्टिमा इस्लामी अमारत (सरबराही) खुदाको धरोहर थियो र त्यो धरोहर जस्ताको तस्तो खुदा तआलाकै सुपुर्द हुनु आवश्यक थियो। त्यसपछि उनले जसलाई चाहे सुम्पिदिउन। अतः उहाँले त्यो प्रस्ताव घृणापूर्वक अस्वीकार गर्नुभयो र उहाँले भन्नुभयो, ‘‘साम्राज्य वा शासन त छाड खुदाको आदेश बिना म खजूरको एउटा डालो पनि तिमीलाई दिन तयार छैन।’’

जब जब उहाँ खुदा तआलाको चर्चा गर्नुहुन्थ्यो उहाँको ज्यानमा उत्तेजना उत्पन्न हुन्थ्यो र उहाँको शरीरको भित्रीतर्फ र बाहिरीतर्फ पूर्णतः खुदा तआलाको प्रेमले आवेष्टित देखिन्थ्यो। अल्लाह तआलाको उपासनामा पनि उहाँलाई अत्यन्त सादगी मन पर्थ्यो। मस्जिदमा जहाँ कुनै फर्श थिएन र न कुनै कपड़ा बिछाएको थियो उहाँ नमाज़ पढ्नुहुन्थ्यो र अरूलाई पढाउनु हुन्थ्यो। कहिलेकाँहि वर्षाका कारण छानो चुइन्थ्यो र उहाँको शरीर गारो र पानीले लतपत हुन्थ्यो परन्तु उहाँ निरन्तर

उपासनामा मग्न रहनुहुन्थ्यो र उहाँको मनमा आफ्नो शरीर र कपड़ाको सुरक्षाका लागि नमाज़ स्थगित गर्ने अथवा कुनै अन्य स्थानमा गएर नमाज़ पढ्नेतर्फ लेशमात्र पनि ध्यान जाँदैनथ्यो।

(बुखारी, किताबुल आज़ान)

आफ्ना सहाबा (सहचर)हरूको उपासनाको पनि उहाँ ध्यान राख्नुहुन्थ्यो। एकपटक हज़रत अब्दुल्लाह बिन उमर (रज़ि.)का बारेमा जो अति उत्तम र पवित्र स्वभावका व्यक्ति थिए उहाँले भन्नुभयो-अब्दुल्लाह बिन उमर यदि तहज्जद (ब्रह्मकालको उपासना) पनि पढ्थ्यो भने कति उत्तम पुरुष बन्नेथियो।

(बुखारी, किताबुल मुनाक़िब)

जब हज़रत अब्दुल्लाह बिन उमरलाई यो सूचना मिल्यो तब उनले त्यसदिनबाट नियमितरूपमा तहज्जुदको नमाज़ पढ्न आरम्भ गरे।

यसैगरी एकपटक उहाँ रात्रि समयमा आफ्ना ज्वाईं हज़रत अली र आफ्नी पुत्री हज़रत फातिमाका घर जानुभयो र भन्नुभयो, के तिमीहरू तहज्जुद पढ्नेगर्छौ?'' (अर्थात त्यो नमाज़ जुन आधी रातका निकट उठेर पढिन्छ) हज़रत अलीले बिन्ती गरे, ''हे अल्लाहका रसूल! पढ्ने प्रयास गर्छौं परन्तु जब खुदा तआलाको इच्छान्तर्गत कुनै समयमा हाम्रा आँखा बन्द रहन्छन तब तहज्जुद छुट्न जान्छ। उहाँले भन्नुभयो, ''तहज्जुद पढ्ने गर।'' त्यसपछि उहाँ उठेर आफ्नो घरतर्फ हिड्नुभयो र मार्गमा बारम्बार कुरआनको यही आयत भन्दै जानुहुन्थ्यो-

وَكَانَ الْإِنْسَانُ أَكْثَرَ شَيْءٍ جَدَلًا

अर्थात मनुष्य अधिक्तर आफ्नो भूल स्वीकार्नबाट डराउँछ र भिन्न भिन्न प्रकारका तर्कहरू दिएर आफ्नो दोषप्रति पर्दा राख्न चाहन्छ। भन्नुको तात्पर्य के थियो भने हज़रत अली र हज़रत फातिमाले हामीबाट कहिले काहिँ भूल हुनजान्छ भन्नुको सट्टा हामी नजागौं भन्ने जब खुदाको इच्छा रहन्छ तब हामी

सुतिरहन्छौं भनी किन भने र आफ्नो भूललाई अल्लाह तआलातर्फ किन सङ्केत गरे?

परन्तु अल्लाहसित यदि धेरै प्रेम रहेतापनि उहाँ देखावटी उपासना र सुस्तीप्रति अत्यधिक घृणा गर्नुहुन्थ्यो। उहाँको सिद्धान्त के थियो भने खुदा तआलाले जुन शक्तिहरू मानिसभित्र उत्पन्न गरेका छन तिनीहरूको यथोचित प्रयोग गर्नु नै उपासना हो। आँखाहरू हुँदाहुँदै तिनीहरूलाई बन्द गरेर राख्नु अथवा तिनीहरूलाई निकालिदिनु उपासना होइन अपितु अपमान हो। यसैगरी तिनीहरूको दुरुपयोग गर्नु पनि पाप हो। कानहरूलाई कुनै आप्रेशन गरी श्रवण शक्तिबाट वञ्चित गर्नु खुदा तआलाको अपमान हो परन्तु मानिसहरूको नराम्रो कुरो र चुक्ली सुन्नु पनि पाप हो। भोजन त्याग्नु आत्महत्या र खुदा तआलाको अपमान हो। परन्तु केवल खान पिनमा व्यस्त रहनु र अवैध तथा नराम्रा वस्तुहरू खानु पाप हो। यो एउटा यस्तो महान सत्य र तथ्य हो जुन हज़रत मुहम्मदले संसारका सामुन्ने प्रस्तुत गर्नुभयो जसलाई उहाँभन्दा पहिला कुनै नबीले प्रस्तुत गरेको थिएन। पुण्याचरण अथवा परमाचरण भनेको स्वाभाविक शक्तिहरूलाई यथोचित प्रयोग गर्नु हो। स्वाभाविक (प्राकृतिक) शक्तिहरूलाई नष्ट गर्नु मूर्खता हो। तिनीहरूलाई अनुचित कार्यहरूमा खटाउनु दुष्कर्म हो र तिनीहरूको सदुपयोग नै वास्तविक पुण्य हो। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) को शिक्षाको र उहाँको जीवन तथा आचरण र आदर्शको यही सारांश हो। हज़रत आइशाको उहाँका बारेमा वर्णन छ

مَا خُيِّرَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ بَيْنَ أَمْرَيْنِ إِلَّا أَخَذَ أَيْسَرَهُمَا مَا لَمْ يَكُنْ إِثْمًا كَانَ أَبْعَدُ النَّاسِ مِنْهُ۔

[1]हज़रत मुहम्मद (सल्लम)को जीवनमा जब जब दुईवटा

1. मुस्लिम किताबुल फज़ाइल, अध्याय तरकुल इन्तकाम।

अवसरहरू अथवा मार्गहरू एकसाथ आए तब तब उहाँले तीं दुईवटा मार्गहरूमध्ये सजिलो मार्गलाई नै चुन्नुभयो तर त्यस सहज मार्गलाई चुन्दा कुनैप्रकार पाप नलाग्ने शर्तमा । यदि पापको कुनै आशंका रहेको अवस्थामा भने उहाँ त्यसमार्गबाट सबै मानिसहरूभन्दा अधिक टाढा भाग्नुहुन्थ्यो।

उहाँको यो कस्तो उत्तम र श्रेष्ठ चलन थियो। अर्को तर्फ मानिसहरू संसारलाई धोका दिनका लागि कसरी स्वयंलाई बिनाकारण दु:ख र कष्टमा हाल्छन। परन्तु तिनीहरूले त्यो स्वयंलाई दु:ख र कष्टमा हाल्नु खुदा तआलाका निम्ति हुनसक्दैन किनभने खुदा तआलाका निम्ति कुनै लाभरहित कार्य गरिदैन तिनीहरूले स्वयंलाई दु:ख र कष्टमा पार्नु मानिसहरूलाई धोका दिनका निम्ति हो। वास्तविक पुण्य तिनीहरूमा नागण्य हुन्छ त्यसकारण झूटो पुण्यद्वारा मानिसहरूलाई आकर्षित गर्न चाहन्छन र आफ्ना दोषहरू लुकाउनका लागि मानिसहरूका आँखामा धुलो हाल्छन। परन्तु हज़रत मुहम्मद (सल्लम) को उद्देश्य भने खुदा तआलाको प्रसन्नता र वास्तविक पुण्य प्राप्ति थियो। उहाँलाई त्यस्तो देखावटी र बनावटी पुण्यको के आवश्यक थियो र? संसारले उहाँलाई सदाचारी ठानोस अथवा नठानोस उहाँका लागि एउटै कुरो थियो। उहाँ त केवल मेरा खुदाले मलाई के ठान्छन र मेरो अन्तर्रात्माले मलाई कस्तो देख्छ त्यही नै देख्नुहुन्थ्यो। खुदा तआला र आफ्नो अन्तर्रात्माको साक्षीपछि यदि मानवजातिले पनि साँचो साक्षी दिएमा उहाँ कृतज्ञता प्रकट गर्नुहुन्थ्यो र यदि तिनीहरूले टेढा दृष्टिले हेरेमा उहाँ तिनीहरूको दृष्टिशक्तिप्रति खेद प्रकट गर्नुहुन्थ्यो परन्तु तिनीहरूको मतलाई कुनै प्राथमिकता दिनुहुदैनथ्यो।

# हज़रत मुहम्मद (सल्लम) को मानवजाति सित व्यवहार

पत्नीहरूसित उहाँको व्यवहार अत्यन्त दयापूर्ण र न्यायपूर्ण थियो। कहिलेकाँहि उहाँका पत्नीहरू उहाँसित कठोर व्यवहार पनि गर्ने गर्थे परन्तु उहाँ मौन भएर उनीहरूका कुरा सुन्नुहुन्थ्यो र मुस्काउँदै कुराहरूलाई टाल्नु हुन्थ्यो। एकदिन उहाँले हज़रत आइशासित भन्नुभयो, हे आइशा! जब तिमी मसित रिसाउँछेउ तब मलाई तिमी रिसायौ भन्ने थाहालाग्छ। हज़रत आइशले भनीन, तपाईंलाई कसरी थाहालाग्छ? उहाँले भन्नुभयो, जब तिमी मसित प्रसन्न हुन्छेउ र कुनै शपथ खाने अवसर आएमा तिमी सदा।'' मुहम्मदका रब्ब (प्रतिपालक)को शपथ! कुरो यसप्रकार हो।'' भन्ने गर्छेउ। तथा जब तिमी मसित रिसाउँछेउ र तिमीले शपथ खानु पर्दा तिमी ''इब्राहीमका रब्ब (प्रतिपालक) को शपथ! कुरो यसो हो।'' भन्नेगर्छेउ। हज़रत आइशा यो कुरो सुनेर हाँसिन र उहाँको कुरोलाई समर्थन गर्दै हज़ूर कुरोलाई ठीक बुझनुहुन्छ भनी स्वीकारिन। (मुस्लिम, किताबुल फ़ज़ाइल)

हज़रत खदीजा जो उहाँकी जेठी पत्नी थिइन र जसले उहाँका निम्ति ठूला-ठूला त्याग र बलिदान दिएकी थिइन, उनको मृत्युपछि उहाँका विवाह बन्धनमा तन्देरी पत्नीहरू आए। परन्तु त्यसोपरान्त उहाँले हज़रत खदीजाको सम्बन्धलाई भुल्नुभएन।

जब जब हज़रत खदीजाका संगिनीहरू आउँथे उहाँ तिनीहरूको स्वागतका लागि खडा हुनुहुन्थ्यो।

(मुस्लिम, किताबुल फ़ज़ाइल)

हज़रत खदीजाले बनाएको कुनै वस्तु जब उहाँका सामुन्ने आउँथ्यो तब उहाँका आँखाबाट आँसु बग्नलाग्थे। बदरको युद्धमा

जब उहाँका एकजना ज्वाँई पनि बन्दीको रुपमा आए तब कैदबाट मुक्तिको जरिमाना तिर्नका लागि तिनीसित केही थिएन। जब उनकी पत्नी अर्थात हज़रत मुहम्मद मुस्तफा (सल्लम) की पुत्रीले आफ्ना पतिलाई बचाउनका लागि कुनै धन नपाएर अन्तमा आफ्नी माताको आखिरी चिनो एउटा हार जुन उनीसित थियो आफ्ना पतिलाई मुक्त गर्नका लागि जरिमानाको रूपमा मदीना पठाइन तब त्यो हार हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को सेवामा प्रस्तुत गरियो र उहाँले त्यसलाई चिन्नुभयो। उहाँका आँखामा आँसु आए र उहाँले सहाबाहरूलाई भन्नुभयो, ''म तिमीहरूलाई आदेश त दिन्न किनभने आदेश दिने मेरो अधिकार छैन परन्तु यो हार जैनबकी माताको उससित आखिरी चिनो हो र सम्भव भएमा छोरीलाई आफ्नी आमाको आखिरी चिनोबाट वञ्चित नगरियोस भन्ने म सिफारिस गर्छु।'' सहाबाहरूले भने, ''हे अल्लाहका रसूल, हाम्रानिम्ति योभन्दा ठूलो सौभाग्यको कुरो के हुनसक्छ र।'' तब उनीहरूले त्यो हार हज़रत ज़ैनबलाई फर्काइदिए। (सीरतुल हल्बिया भाग 2, पृष्ठ 205)

हज़रत खदीजाको त्यागको उहाँको हृदयमा अत्यधिक प्रभाव थियो त्यसकारण उहाँ आफ्ना अन्य पत्नीहरूका सामुन्ने अधिकतर उनको सद्‌गुण र पुण्यको चर्चा गर्ने गर्नुहुन्थ्यो। एकदिन यसैप्रकार उहाँ हज़रत आइशाका सामुन्ने हज़रत खदीजाको कुनै पुण्य कार्यबारे चर्चा गर्नुहुदैथ्यो हज़रत आइशाले दिक्क मानेर भनीन, ''हे अल्लाहका रसूल! अब त्यस बुढीको चर्चा छाड्नुहोस। अल्लाह तआलाले तीभन्दा उत्तम र तन्देरी तथा सुन्दर महिलाहरू हजूरलाई प्रदान गरेका छन।'' यो कुरो सुनेर हज़रत मुहम्मद मुस्तफा (सल्लम) लाई दु:खलाग्यो र उहाँले भन्नुभयो, ''ऐ आइशा! के तिमीलाई थाहा छैन र खदीजाले मेरो कति सेवा गरेकी थिइन?'' (बुखारी, किताबुल मुनाकिब)

# परमाचरण

उहाँको स्वभाव अत्यन्त शान्त थियो। कुनै दु:ख कष्ट आइपर्दा आत्तिनु हुदैनथ्यो र कुनै इच्छा र कामनाबाट अत्यधिक प्रभावित हुनुहुदैनथ्यो। उहाँको जीवनीमा चर्चा गरिए अनुसार उहाँको जन्म हुनुभन्दा पहिला नै उहाँका पिताको स्वर्गवास भएको थियो र बाल्यकालमैं उहाँकी माताको पनि मृत्यु भएको थियो। प्रारम्भका आठ वर्ष उहाँले आफ्ना हजूरबाको संरक्षणमा बिताउनु भयो। त्यसपछि आफ्ना काका अबू तालिबको रेखदेखमा पालिनु भयो। काकाको रक्तसम्बन्ध पनि थियो र उहाँका हजूरबाले आफ्नो मृत्युका समयमा उहाँका बारेमा विशेष आदेश दिनुभएको हुनाले उनी हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)सित अत्यधिक प्रेम गर्थे र उहाँको विशेष ध्यान राख्ने गर्थे। परन्तु काकीमा भने न त उहाँप्रति त्यो दया र सहानुभूतिको भाव थियो न त ज़िम्मेदारीको कुनै अनुभूति नै थियो। जब घरमा कुनै खानेकुरो आउँथ्यो तब उनी कहिलेकाँहि आफ्ना सन्तानलाई पहिला दिन्थिन र उहाँको ध्यान राख्दैनथिइन। जब अबू तालिब घर आउँथे तब आफ्नो भतिजोलाई रुदैं र पोल लगाउँदै गर्नुको सट्टा उनका सन्तानहरूले खादैगरेको र आफ्नु भतिजो भने शान्तपूर्वक एकातर्फ बसिरहेको देख्थे। काकाको प्रेम र पारिवारिक ज़िम्मेदारीको अनुभूति मनमा जाग्नासाथ उनी दौडेर गएर आफ्ना भतिजालाई काखमा लिएर मेरो बच्चालाई पनि त हेर्ने गर, मेरो बच्चाको पनि ध्यान राख भनी आदेश दिन्थे। यस्तो अधिकतर हुनेगर्थ्यो। परन्तु प्रत्यक्षदर्शीको वर्णनानुसार हज़रत मुहम्मद मुस्तफा (सल्लम)ले न कहिल्यै कुनै गुनासो गर्नुभयो न त उहाँको मुहारमा कहिल्यै खेद देखियो। तथा न कहिल्यै आफ्ना काकाका छोराहरूसित उहाँको शत्रुता उत्पन्न भयो। (सीरतुल हलबिय्या, भाग 1, पृष्ठ 138)

उहाँको जीवनका घटनाहरूबाट उहाँले आफ्ना बदलिएका परिस्थितिहरूमा कसरी हज़रत अली र हज़रत जअफरलाई आफ्नो संरक्षण र प्रशिक्षणमा लिएर प्रत्येक प्रकारले तिनीहरूको भलाई र उत्थानका भरपूर उपायहरू गर्नुभयो भन्ने कुरो प्रमाणित हुन्छ।

हज़रत मुहम्मद मुस्तफा (सल्लम)को सांसारिक जीवन अत्यन्त कठिनाई र दु:खका साथ बित्यो। आफ्नो जनमभन्दा पहिला नै पिताको मृत्यु। त्यसपछि माता र हज़ूरबाको पनि एक पछि अर्को गर्दै मृत्यु। वैवाहिक जीवनमा उहाँका सन्तान लगातार मर्दै गए र त्यसपछि उहाँका पत्नीहरू पनि एक एक गर्दै मृत्युप्राप्त गर्नपुगे। विशेषत: हज़रत खदीजा जो अत्यन्त विश्वसनीय र सेवा गर्ने पत्नी थिइन। परन्तु उहाँले ती सबै सङ्कट र दुखहरू सहजै सहन गर्नुभयो । न ती शोकहरूको अधिकताले उहाँको साहसलाई तोड्यो न त उहाँको प्रफुल्ल स्वभावप्रति कुनै बाधा पुर्‍यायो। हृदयका आघातहरू कहिल्यै आँखाबाट आँसुको रूपमा बगेनन। उहाँको मुहार प्रत्येक व्यक्तिका निम्ति प्रसन्न र प्रफुल्ल नै रह्यो यदाकदा कुनै अवसरमा मात्र उहाँले त्यस वेदनाको चर्चा गर्नुभयो।

एकपटक एउटी महिला जसको पुत्रको मृत्यु भएकाले आफ्नो पुत्रको क़ब्र (चिहान)मा बसेर विलाप गरिरहेकी थी हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) त्यहाँ पुग्नुभयो र उहाँले भन्नुभयो, ऐ महिला, धैर्य धारण गर। खुदाको इच्छा सर्वोपरि रहेको छ। त्यो महिलाले उहाँलाई जान्दैनथी त्यसकारण उसले उहाँलाई उत्तर दिंदै भनी, जसरी मेरो पुत्र मर्‍यो तिम्रो पुत्र पनि मरेको भए तिमीलाई धैर्य के हो भन्ने थाहा लागन्नेथियो। हज़रत मुहम्मद मुस्तफा (सल्लम) केवल मेरो त एउटा होइन सातवटा सन्तान मरिसकेका छन भनी अघिबढ्नु भयो। (बुखारी, किताबुल अहकाम)

यसप्रकारको अवसरमा त्यति नै कुरो उहाँ आफ्ना अतीतका

दु:खपूर्ण घटनाहरूबारे प्रकट गर्ने गर्नुहुन्थ्यो। अन्यथा मानवजातिको सेवामा कुनै कमी आएन। न त उहाँको प्रफुल्लतामा कुनै कमी आयो।

## सहनशीलता

उहाँमा सहनशीलता अत्यधिक थियो। जब उहाँलाई खुदा तआलाले सम्राट बनाए त्यस समयमा पनि उहाँ प्रत्येक व्यक्तिको कुरोलाई ध्यानपूर्वक सुन्नुहुन्थ्यो। यदि कोही कठोर व्यवहार गर्थ्यो भने उहाँ चुप्प लाग्नुहुन्थ्यो र कठोरताको उत्तर कठोरतापूर्वक कहिल्यै दिनुहुदैनथ्यो। मुसलमानहरू उहाँलाई उहाँको नामको सट्टा उहाँको आध्यात्मिक उपाधि अर्थात हे अल्लाहका रसूल (सन्देशवाहक) भनी पुकार्ने गर्थे। र अन्य धर्मका मानिसहरू भने एसियाली परम्परानुसार उहाँको अत्यधिक सम्मान गर्थे र मुहम्मद भनी बोलाउनुको सट्टा अबूल क़ासिम (कासिमका पिता) भनी बोलाउने गर्थे। (कासिम उहाँका एउटा पुत्रको नाम थियो) एकपटक एउटा यहूदी मदीनामा आयो र उहाँलाई भेटेर उसले उहाँसित तर्क आरम्भ गर्‍यो। तर्कका बीचमा त्यो बारम्बार ऐ मुहम्मद, कुरो यो हो भनी उहाँलाई सम्बोधन गर्थ्यो। उहाँले कुनै अप्ठयारो नमानी त्यसको उत्तर दिनुहुन्थ्यो। परन्तु सहाबाहरू भने त्यसको त्यो अनादर देखेर असन्तुष्ट थिए। अन्ततः एकजना सहाबीले सहन गर्न नसकी त्यस यहूदीलाई भने, ‘‘खबरदार! उहाँको नाम लिएर कुरा नगर तिमी उहाँलाई रसूलुल्लाह भन्न सक्दैनौ भने कम से कम अबूल क़ासिम भनी उहाँलाई सम्बोधन गर।’’ यहूदीले उत्तर दियो, ‘‘म त उहाँको त्यही नाम लिनेछु जुन उहाँका माता पिताले राखेको थियो।’’ हज़रत मुहम्मद मुस्तफा (सल्लम) मुस्काउनु भयो र सहाबासित भन्नु भयो,

''हेर! यो ठीक भन्दछ। मेरा माता पिताले मेरो नाम मुहम्मद नै राखेका थिए, जुन नाम यो लिनचाहन्छ लिनदेऊ यसमाथि क्रोध प्रकट नगर।

उहाँ जब कुनै कामका लागि बाहिर निस्कनु हुन्थ्यो तब केही मानिसहरू उहाँको बाटो रोकेर उभिन्नथे र आफ्नो माग र खाँचो वर्णन गर्नलाग्थे। जबसम्म तिनीहरूले आफ्नो खाँचो वर्णन गरिसक्दैनथे उहाँ उभिएर सुन्नुहुन्थ्यो र जब तिनीहरूले आफ्नो कुरो सिद्धयाउँथे तब उहाँ अघिबढनुहुन्थ्यो। यसैगरी केही व्यक्तिहरू हात मिलाउँदा लामो समयसम्म उहाँको हात पक्रिएर राख्थे। यद्यपि यो कुरो उचित होइन र यसप्रकार काममा बाधा पुग्नजान्छ परन्तु उहाँ कहिल्यै उनीहरूका हातबाट आफ्नो हात छुडाउनु हुदैनथ्यो। अपितु जबसम्म त्यो हात मिलाउने व्यक्तिले उहाँको हात पक्रिएर राख्थ्यो उहाँ पनि आफ्नो हात त्यसका हातमा रहन दिनुहुन्थ्यो। प्रत्येक प्रकारका दुख र गुनासोहरू लिएर मानिसहरू उहाँका सेवामा आउँथे र आ-आफ्ना दु:ख र गुनासोहरू प्रस्तुत गर्थे। कहिलेकाँहि माग्ने व्यक्तिलाई उहाँ त्यसको आवश्यकता अनुसार केही दिनुहुन्थ्यो र त्यो आफ्नो लोभ र लालसाका कारण अझअधिकको माँग गर्‍थ्यो र उहाँ त्यसलाई थप केही दिनुहुन्थ्यो । कुनैसमयमा मानिसहरू बारम्बार माग्नपुग्थे र उहाँ प्रत्येकपटक तिनीहरूलाई केही न केही दिने गर्नुहुन्थ्यो। जो व्यक्ति विशेषगरी भद्र र निष्ठावान देखिन्थ्यो त्यसलाई त्यसको माँगानुसार दिएपश्चात तिमीले खुदाप्रति भरोसा गरेमा कति नै उत्तम हुनेथियो भनी उपदेश दिनुहुन्थ्यो। अत: एकपटक एकजना निष्ठावान सहाबीले बारम्बार जोडदिएर उहाँबाट आफ्नो खाँचो टार्न निकैपटक रुपियाँ मागे र उहाँले तिनको इच्छा त पूरा गरिदिनुभयो परन्तु अन्तमा भन्नुभयो, ''सवोत्तम कुरो मानिसले खुदाप्रति भरोसा राख्नु हो।'' त्यस सहाबीमा निष्ठा थियो र

आदर पनि। त्यसकारण त्यसले आफुले लिएको कुरो त फर्काएनन परन्तु भविष्यवका बारेमा उनले बिन्ती गरे, ''हे अल्लाहका रसूल! यो मेरो अन्तिम माँग हो। भविष्यमा म कसैसित कुनै कुरो माग्ने छैन।''

एक पटक एउटा घोर युद्ध चलिरहेको समयमा जब भालाहरू चलिरहेका थिए र तरवारहरू खट-खट बजिरहेका थिए। ढालहरू तलमाथि भइरहेथे, सिपाहीमाथि सिपाही झम्टिरहेका थिए। त्यही अवस्थामा ती सहाबीका हातबाट जब तिनी शत्रुहरूमा घेरिएका थिए आफ्नो चाबुक खस्यो। एकजना पैदल सिपाहीले जो उनीसितै थियो आफ्नो अफसर सवारीबाट तल उत्रिएको खण्डमा केही हानि पुग्नेछ भन्ने ठानी निहुरेर त्यो चाबुक उठाउने प्रयास गऱ्यो। जब ती सहाबीको दृष्टि त्यस सिपाहीमाथि पऱ्यो उनले भने, हे मेरा भाई! तिमीलाई खुदाको शपथ छ, त्यो चाबुक नउठाउ।'' त्यसपछि तिनी घोडाबाट स्वयं उत्रिए र त्यो चाबुक उठाए तथा आफ्ना मित्रलाई भने, ''मैले हज़रत मुहम्मद मुस्तफा (सल्लम)सित कहिल्यै कसैसित केही माग्दिन भनी वाचा गरेको थिएँ त्यसकारण यदि मैले यो चाबुक तिमीलाई उठाउन दिएमा यद्यपि मैले तिमीलाई भनेको त थिएन परन्तु निस्सन्देह व्यवहारिक रुपमा यो पनि माग्नु नै हो र त्यसो गर्नाले मेरो वाचा टुड्ने थियो र यो युद्धभूमि भएतापनि म आफ्नो काम स्वयं गर्नेछु।

(मस्नद अहमद बिन हम्बल, भाग 5, पृष्ठ 277)

## न्याय

उहाँमा न्याय र इंसाफ अत्यधिक थियो जसको उदाहरण संसारमा पाउनु असम्भव छ। अरबीहरूमा पक्षपात र सिफारिश क़बूल गर्ने एउटा साधारण रोग थियो। अरबमात्र नभएर

आजको सभ्य संसारमा पनि ठूला-ठूला मानिसहरूलाई दण्ड दिन सक्पकाउँछन तर दु:खी दरिद्रलाई दण्डदिने समयमा सक्पकाउँदैनन। एकपटक एउटी महिलाले कसैको धन हत्याएको थियो र त्यो महिला ठूलो परिवारकी थीं जसको मुद्दा उहाँका अदालतमा आयो। जब वास्तविक घटना सामुन्ने आयो तब अरबीहरूका बीचमा ठूलो हलचल देखियो। वस्तुत: एउटा परिवारको अपमान हुनलागेको तिनीहरूले देखिरहेथे। तिनीहरूले त्यस महिलालाई माफ गर्नका लागि हज़रत मुहम्मद मुस्तफा (सल्लम)का सेवामा निवेदन गर्ने विचार गरे। अरू त कसैले साहस गरेन तर उहाँकै प्रिय सेवक हज़रत उसामा बिन ज़ैदलाई त्यस महिलाको माफीका निम्ति उहाँका सेवामा सिफारिस गर्न तिनीहरूले वाध्य गरे। उसामाले उहाँका सेवामा त्यो कुरो आरम्भ गर्नलाग्दै उहाँको मुहारमा क्रोधको लक्षण देखियो र उहाँले भन्नुभयो, ''उसामा! तिमीले यो के भनेको हो। पहिलाका जातिहरू यसैप्रकाार नाश भए किनभने तिनीहरू ठूला ठालालाई तिनीहरूको मुख हेरेर छाडिदिन्थे र साना-तिना मानिसहरूमाथि अत्याचार गर्थे। इस्लामले यसकुराको अनुमति दिदैन र म कदापि त्यसो गर्नसक्दिन। खुदाको शपथ! यदि मेरी छोरी फातिमाले पनि यसप्रकारको अपराध गरेमा म त्यसलाई दण्ड दिएरै छाड्नेथिएँ।'' (मुस्लिम, किताबुल हदूद) एउटा घटना उहाँको जीवनीमा पनि वर्णित छ र त्यो के हो भने बदरको युद्धमा जब हज़रत अब्बास कैदी भए र उनको वेदनापूर्ण क्रन्दनबाट उहाँलाई दु:ख अनुभव भयो। जब सहाबाहरूले उहाँको मानसिक कष्टलाई अनुभव गरी हज़रत अब्बासका हातका रस्सीहरू खोलिदिए। उहाँलाई जब यसकुराको सूचना मिल्यो उहाँले आदेश दिनुभयो, ''जस्तै मेरा नातेदार त्यस्तै अन्यहरूका पनि नातेदार। त्यसकारण या त मेरा काका अब्बासलाई पनि पुन: रस्सीले बाँध या सबै बन्दीहरूका

रस्सीहरू खोलिदेऊ। सहाबाहरूलाई उहाँको कष्टबारे थाहा थियो उनीहरूले भने, हे अल्लाहका रसूल! हामी सजग र सावधान भएर पहरा दिनेछौं परन्तु सबै क़ैदी (बन्दी) हरूका रस्सीहरू हामी खोलिदिनेछौ। अतः सबै बन्दीहरूका रस्सीहरू तिनीहरूले खोलिदिए।

युद्धका अवसरमा पनि उहाँ न्यायको अत्यन्त ध्यान राख्नुहुन्थ्यो। एकपटक उहाँले केही सहाबाहरूलाई सूचना लिन बाहिर पठाउनुभयो। तिनीहरूले शत्रुपक्षका केही मानिसहरूलाई मक्काका सीमाभित्र हरम (युद्ध निषिद्ध) क्षेत्रमा भेटे र। उनीहरूमाथि आक्रमण गरे। तिनीहरूको तर्क के थियो भने, ''यदि हामीले यिनीहरूलाई जीवित छाडिदियौं भने यिनीहरूले गएर मक्कावासीहरूलाई सूचित गरिदिनेछन र हामी मारिनेछौं।'' उक्त झडप्मा उनीहरूमध्ये एउटा व्यक्ति मारियो। जब त्यो सूचना लिने टोलि मदीना फर्किएर आयो तब तिनीहरूका पछि पछि मक्काबाट पनि एउटा टोलि सिकायत लिएर आयो र भन्यो, ''यिनीहरूले हरम क्षेत्रभित्र हाम्रा दुईजना मानिसहरूलाई मारिदिए।'' जुन व्यक्तिहरू त्यही हरम (निषिद्ध) क्षेत्रभित्र हज़रत मुहम्मद मुस्तफा (सल्लम)माथि अत्याचार गर्ने गर्थे तिनीहरूलाई उत्तर त ''तिमीहरूले कहिले हरमको सम्मान राखेका थियौ र आज हामीसित हरमको सम्मान र आदरको आशा राख्छौ'' भन्ने दिनुपर्थ्यो परन्तु उहाँले त्यो उत्तर दिनुभएन अपितु भन्नुभयो, ''हो अन्याय भयो। सम्भवतः तिनीहरूले हामी युद्ध निषेधित क्षेत्रभित्र छौं भनी आफ्नो सुरक्षाका लागि पूर्ण प्रयास गरेनन होला। त्यसकारण तिमीहरूलाई रक्तमूल्य दिइने छ।'' अतः उहाँले अरबको नियमानुसार हत्याको बदलामा तिनीहरूका वारिसहरूलाई रक्तमूल्य तिरीदिनुभयो।

# भावनाको आदर

आफ्ना त आफ्ना परायाहरूको भावनाको समेत उहाँ अत्यन्त आदर गर्नुहुन्थ्यो। एकपटक एउटा यहूदी उहाँको सेवामा उपस्थित भयों। हज़रत अबूबकरले "म मुहम्मद रसूलुल्लाह (सल्लम)को शपथ खाएर जसलाई खुदाले मूसा भन्दा श्रेष्ठ बनाएका छन" भनी मेरो मन दुखाए। तिनको कुरो सुनेर मेरो मन आहत भयो भनी सिकायत गऱ्यो। हज़रत मुहम्मद मुस्तफा (सल्लम)ले हज़रत अबूबकरलाई बोलाउनु भयो र के यो कुरो सत्य हो भनी सोध्नुभयो। हज़रत अबूबकरले भने, "हे अल्लाहका रसूल! यही व्यक्तिले पहिला म मूसाको शपथ खाएर जसलाई खुदाले समस्त संसारमाथि श्रेष्ठता प्रदान गरेका छन।" भनी आरम्भ गरेको थियो। त्यसको उत्तरमा मैले "म हज़रत मुहम्मद (सल्लम)को शपथ खाएर जसलाई खुदाले मूसाभन्दा श्रेष्ठ बनाएका छन भनी भनेको थिएँ। उहाँले भन्नुभयो, "यसो गर्नु उचित होइन। अरूको भावनाको आदर गर्नु आवश्यक छ। मलाई मूसाप्रति श्रेष्ठता (प्राधान्यता) दिने नगर। (बुखारी, किताबुल खसूमात)

यसको अर्थ कदाचित उहाँ स्वयंलाई मूसाभन्दा श्रेष्ठ ठान्नुहुदैनथ्यो भन्नु होइन अपितु उक्त वाक्य अर्थात मुहम्मद रसूलुल्लाह (सल्लम)लाई खुदाले मूसा भन्दा श्रेष्ठ तुल्याएका छन भन्दा यहूदीहरूको मन दुख्छ भन्नु हो।

# दुखी दरिद्रहरूको सहानुभूति र तिनीहरूका भावनाहरूको आदर सम्मान

उहाँ सदा गरीबहरूको अवस्था सुधारने प्रयास गर्नुहुन्थ्यो र तिनीहरूलाई समाजमा उचित स्थान दिलाउने चेष्टा गर्नुहुन्थ्यो।

एकपटक उहाँ बसिरहनु भएको अवस्थामा एउटा धनी व्यक्ति देखा पर्‍यो। उहाँले आफ्ना एक मित्रसित सोध्नुभयो, ‘‘यस व्यक्तिका बारेमा तिम्रो के विचार छ? उनले भने, ‘‘यो व्यक्ति धनी र सम्माननीय मानिसहरूमध्येको हो। यदि यस व्यक्तिले कुनै युवतीसित विवाह गर्ने इच्छा प्रकट गरेमा यसको निवेदन स्वीकार गरिनेछ र यदि यसले सिफारिस गरेमा यसको सिफारिस मानिनेछ। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)त्यो कुरो सुनेर मौन रहनुभयो। त्यसपछि एउटा अर्को व्यक्ति त्यहाँ देखापर्‍यो जो गरीब र अभावग्रस्त देखिन्थ्यो। उहाँले आफ्ना ती मित्रसित सोध्नुभयो, यस व्यक्तिका बारेमा तिम्रो के विचार छ?’’ तिनले भने, हे अल्लाहका रसूल! यो गरीब व्यक्ति हो। यसले यदि कसैको छोरीसित विवाह गर्ने निवेदन गरेमा त्यो निवेदन स्वीकार गरिने छैन र त्यसले कुनै सिफारिस गरेमा त्यो सिफारिस मानिने छैन। र त्यस व्यक्तिले कुनै कुरो सुनाउन चाहेमा त्यसको कुरोतर्फ ध्यान दिइने छैन। त्यो कुरो सुनेर हज़रत मुहम्मद (सल्लम) ले भन्नुभयो, यो गरीबको मूल्य समस्त संसारलाई सुनले भर्नुभन्दा अधिक रहेको छ। (बुखारी, किताबुर्रिकाक)

एउटी गरीब महीला मस्जिदको सफाई गर्ने गर्थी। हज़रत मुहम्मद (सल्लम)ले केही दिनसम्म त्यसलाई देख्नुभएन र सोध्नुभयो, त्यो महिला देखिन्न त? मानिसहरूले भने, ‘‘त्यो महिलाको मृत्यु भयो।’’ उहाँले भन्नुभयो, जब त्यस महिलाको मृत्यु भएको थियो तब तिमीहरूले मलाई किन सूचित गरेनौ? म पनि त्यसको जनाज़ा (मरण संस्कार)मा सम्मिलित हुने थिएँ। पुनः भन्नुभयो, ‘‘सम्भवतः तिमीहरूले त्यसलाई गरीब ठानेर नागण्य मान्यौ, त्यसो गर्नु उचित थिएन। मलाई त्यसको क़ब्र (चिहान) देखाऊ।’’ (त्यसपछि उहाँ त्यसको क़ब्रमा जानुभयो र दुआ (प्रार्थना) गर्नुभयो। (बुखारी, किताबुस्सलात)

उहाँ भन्नेगर्नुहुन्थ्यो, ‘‘धेरैजना मानिसहरू यस्ता हुन्छन जसको

टाउकाका केशहरू फैलिएका हुन्छन र तिनीहरूको शरीरमा माटो र धुलो हुन्छ तथा जब तिनीहरू मानिसहरूसित भेट गर्न जान्छन तब मानिसहरू आफ्ना ढोका बन्द गर्नेगर्छन। परन्तु यदि यस्ता व्यक्तिहरूले अल्लाह तआलाको शपथ खाएमा खुदा तआलालाई तिनीहरूको कतिसम्म आदर हुन्छ भने उनले तिनीहरूको शपथलाई पूरा गरेरै छाड्छन। (मुस्लिम, किताबुल बिर्र व सिला)

एकपटक हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)का केही गरीब सहाबाहरू जो कुनै समयमा दास रहेका थिए एकठाउँमा बसिरहेका थिए। त्यहाँ अबू सुफियान उपस्थित भए। तिनीहरूले उनका सामुन्ने इस्लामको विजयको बारेमा केही चर्चा गरे। हज़रत अबूबकर पनि सुनिरहेथे। तिनलाई त्यो कुरैशको मुखियाको अपमान गरेको राम्रो लागेन। उनले हज़रत मुहम्मद मुस्तफा (सल्लम)का सामुन्ने गएर त्यही कुरो शिकायतको रूपमा वर्णन गरे। उहाँले भन्नुभयो, ''ऐ अबूबकर! सम्भवत: तिमीले अल्लाह तआलाका ती विशेष भक्तहरूको मन दुखायौ। यदि त्यसोभएमा स्मरण राख, तिम्रा प्रभु पनि तिमीसित रिसाउने छन।'' हज़रत अबूबकर त्यही क्षणमा त्यहाँबाट उठेर ती व्यक्तिहरूका निकट पुगे र भने ''हे मेरा भाईहरूहो! के मेरो कुरोबाट तिमीहरू रिसायौ? त्यसप्रति ती दास रहेका व्यक्तिहरूले उत्तर दिए, ''हे हाम्रा भाई! हामी रिसाएका छैनौं। खुदाले तिम्रो भूल त्रुटि क्षमा गरुन।'' (मुस्लिम, किताबुल फ़ज़ाइल)

परन्तु जसरी उहाँ गरीबहरूको सम्मान र तिनीहरूको मर्यादाको ध्यान राख्नुहुन्थ्यो र तिनीहरूको खाँचो पूरा गर्नुहुन्थ्यो। तिनीहरूलाई आत्मा सम्मान कायम गर्ने शिक्षापनि त्यही अनुरूप दिनुहुन्थ्यो। र माग्नु उचित होइन भनी सम्झाउनु हुन्थ्यो। अत: उहाँ सदा दरिद्र त्यो व्यक्ति होइन जसले एउटा खजूर अथवा दुईवटा खजूर या एक गाँस अथवा दुई गाँसमा चित्त बुझाउँछ

अपितु दरिद्र त त्यो व्यक्ति हो जो जति कष्ट पाए पनि अरूसित माग्दैन। (बुखारी, किताबुज़्ज़कात) भनी सम्झाउनु हुन्थ्यो।

उहाँ आफ्ना अनुयायीहरूलाई प्रत्येक त्यो भोज र निमन्त्रणा जसमा गरीब र दरिद्रहरूलाई बोलाइदैन नि:कृष्ट भोज हो भनी उपदेश दिनुहुन्थ्यो। (मुस्लिम, किताबुल बिर्र व सिला)

हज़रत आईशा वर्णन गर्छिन, ''एकपटक एउटी गरीब महिला आफ्ना दुईवटी छोरिहरू लिएर मकहाँ आई। त्यससमय हाम्रा घरमा एउटा खजूर बाहेक केही थिएन मैले त्यही खजूर त्यसलाई दिएँ। त्यसले त्यो खजूर आधी आधी गरेर दुवै छोरीहरूलाई ख्वाई र बाटो लागी। जब हज़रत रसूलुल्लाह (सल्लम) घरमा आउनुभयो तब मैले उहाँलाई यो कुरो सुनाएँ। उहाँले भन्नुभयो, ''जुन गरीबका घरमा छोरीहरू हुन्छन र त्यसले ती छोरीहरूसित उत्तम व्यवहार गर्छ खुदा तआलाले त्यसलाई प्रलयका दिन नरकको दण्डबाट बचाउने छन।'' पुन: भन्नुभयो, ''अल्लाह तआलाले त्यस महिलालाई त्यो कार्य गरेबापत स्वगर्को अधिकार प्रदान गर्नेछन। (मुस्लिम, किताबुल बिर्र व सिला)

यसैगरी उहाँलाई एकपटक आफ्ना सहचर सअदका बारेमा उनी केही अन्य व्यक्तिहरूका सामुन्ने आफ्नो बढाई प्रकट गरिरहेको कुरो थाहालाग्यो। उहाँले त्यो कुरो सुनेर भन्नुभयो, ''के तिमीलाई तिम्रो यो बल र शक्ति तथा तिम्रो यो धन आफ्नो बाहुबलले मिलेको हो भन्ने ठानेका छौ? त्यो कदाचित होइन। तिम्रा जातिय शक्ति र धनहरू सबै गरीबहरूको माध्यमबाट नै आउँछन।'' (बुखारी, किताबुल जिहाद) हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) यो दुआ (प्रार्थना) गर्ने गर्नुहुन्थ्यो-

اَللّٰهُمَّ احْيِنِيْ مِسْكِيْنًا وَ اَمِتْنِيْ مِسْكِيْنًا وَاحْشُرْنِيْ فِيْ زُمْرَةِ الْمَسَاكِيْن يَوْمَ الْقِيَامَةِ۔[1]

1. तिर्मीज़ी, अब्वाब जुहद, अध्याय मा जाअन्फुकराअल मुहाजिरीन

अर्थात, हे अल्लाह! मलाई मिस्किन (गरीब, दरिद्र) रहेको अवस्थामा जीवित राख, मिस्किन रहेको अवस्थामा मृत्यु प्रदान गर र मिस्किनहरूकै समूहमा प्रलयका दिन मेरो पुनरुत्थान गर।

एकपटक हज़रत मुहम्मद मुस्तफा (सल्लम) बजारबाट प्रस्थान गरिरहनुभएथ्यो उहाँले आफ्ना एकजना सहाबी (सहचर) लाई देख्नुभयो जो सयोंगवश अति नराम्रा अनुहारका थिए। तिनी गर्मीको दिनमा भारी उठाएर एकातर्फबाट अर्कोतर्फ ओसारिरहेका थिए। एकातर्फ उनी कुरूप थिए भने अर्कोतर्फ धुलो माटो र पसीनाका काराण तिनी झन डरलाग्दा देखिन्थे। त्यहीबेला उहाँ तिनका सामुन्ने पुग्नुभयो र उहाँले तिनका मुहारमा वेदनाको लक्षण देख्नुभयो। उहाँ मौनपूर्वक तिनका पछिल्तिर जानुभयो र जसरी बालकहरू परस्पर खेल कुदका समयमा लुक्दै पच्छाडिपट्टि गएर आफ्नो कुनै मित्रका आँखामाथि हात राख्नेगर्छन र त्यसले अनुमान लगाएर कसले त्यसको आँखा छोपेको हो पहिचान गरोस भन्ने आशा राख्छन त्यसरी नै उहाँले तिनका आँखामाथि हात राख्नुभयो। तिनले आफ्नो हातले उहाँका नारीहरू र शरीरलाई सुमसुम्याउन लागे र उहाँ रसूलुल्लाह (सल्लम) नै हुनुहुन्छ भनी अनुभव गरे। वस्तुत: त्यस्तो गरीब, त्यस्तो कुरूप र त्यस्तो दुर्दशापूर्ण मानिससित हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) बाहेक अन्य कसले आफ्नो प्रेम प्रकट गर्नसकछ र भन्ने उनले ठाने। जब उनलाई हज़रत मुहम्मद मुस्तफा (सल्लम)नै उनीसित त्यो प्रेम प्रकट गरिरहनु भएछ भन्ने थाहा लाग्यो उनले आफ्नो धुलो माटोले भरिएको र पसीनाले डुबोको शरीर उहाँका वस्त्रमाथि मल्न लागे। सम्भवत: हज़रत मुहम्मद (सल्लम) को प्रेम र उहाँको सहनशक्ति कतिसम्म छ भन्ने कुरो तिनी जान्न चाहन्थे। उहाँ मुस्काइरहनुभयो र उनलाई त्यस क्रियाबाट रोक्नुभएन। जब उनले

यदखुलुनल् जन्न:।

पूर्णरूपमा उहाँका वस्त्रहरूलाई मैलो पारे तब उहाँले जिस्कयाउँदै भन्नुभयो, ''मेरो एउटा दास छ कसैले यसलाई किन्न चाहन्छ?'' उहाँको त्यस वाक्यले मानौ उनलाई आकाशबाट धरतीमा ल्याएर खस्यालो र हज़रत मुहम्मद (सल्लम) बाहेक अन्य कसले मलाई कुनै सम्मान देला र एउटा दासको रूपमा समेत किन्ला भन्ने कुरोतर्फ तिनको ध्यानाकर्षित गऱ्यो। उनले अत्यन्त दु:खीमनले भने, ''हे अल्लाहका रसूल! संसारमा मलाई कसैले किन्नेछैन।'' उहाँले भन्नुभयो, ''होइन, होइन! त्यसो नभन । खुदाको दृष्टिमा तिम्रो मूल्य धेरै रहेको छ।'' (शमाइल तिरमिज़ी)

उहाँ न केवल स्वयं दरिद्रहरूको ध्यान राख्नुहुन्थ्यो अपितु आफ्ना अनुयायीहरूलाई पनि सधै दु:खी दरिद्रहरूको ध्यान राख्ने उपदेश दिनुहुन्थ्यो। अत: हज़रत मूसा अशअरी के वर्णन गर्छन भने, जब हज़रत मुहम्मद मुस्तफा (सल्लम)का सेवामा कुनै अभावग्रस्त व्यक्ति आउँथ्यो तब उहाँ आफुसित बसेका मानिसहरूलाई भन्नुहुन्थ्यो, '' तिमीहरू पनि यसको सिफारिस गर फलत: तिमीहरू पनि भलो कार्यको सिफारिस गरेर पुण्यको कमाइमा सम्मिलित हुनेछौ।'' (बुखारी, किताबुज़्ज़कात)

यसप्रकार एकातर्फ त उहाँ आफ्ना अनुयायीहरूमा गरीबहरूको सहयोगको भावना उत्पन्न गर्नुहुन्थ्यो र दोस्रोतर्फ त्यो माग्ने व्यक्तिको मनमा अन्य मुसलमानहरूको प्रेमको भावना उत्पन्न गर्ने प्रयास गर्नुहन्थ्यो।

## गरीबहरूको धन सम्पत्तिको सुरक्षा

इस्लामको विजयपछि हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को सेवामा धेरै धनहरू आउँथे जसलाई उहाँले अभावग्रस्त व्यक्तिहरूमा वितरण गरिदिनुहुन्थ्यो । एकपटक धेरै धन आयो र

उहाँकी पुत्री फातिमाले उहाँका सेवामा उपस्थित भएर भनीन, ‘‘हे अल्लाहका रसूल! यता हेर्नुहोस मेरा हात जाँतो घुमाउँदा घुमाउँदा घाइते भएका छन। यदि हजूरले मलाई यी धनहरूबाट कुनै दासी अथवा दास दिएमा त्यसले मेरो सहयोग गर्नेथियो।’’ उहाँले भन्नुभयो, ‘‘हे मेरी पुत्री फातिमा! म तिमीलाई दासी अथवा दास राख्नुभन्दा अधिक बहुमूल्य वस्तुका सम्बन्धमा भन्नेछु र त्यो के हो भने, जब तिमी सुत्न लाग्छयौ तब तैतीस खेप ‘‘अल्हम्दु लिल्लाह’’ अर्थात समस्त प्रसंशा अल्लाहकै तिम्ति हो। तैतीस खेप ‘‘सुब्हानल्लाह’’ अर्थात अल्लाह पवित्र छन र चौंतीस खेप ‘‘अल्लाहु अकबर’’ अर्थात अल्लाह सर्वश्रेष्ठ हुन भनी पढ्ने गर। यो कुरो तिम्रानिम्ति दासी र दास राख्नुभन्दा उत्तम हुनेछ।
(बुखारी, किताबुद्दावात)

एकपटक केही धन उहाँका सेवामा आयो र उहाँले त्यसलाई वितरण गरिदिनुभयो। वितरणको समयमा एउटा दीनार (रुपियाँ) उहाँको हातबाट खस्यो र कुनै वस्तुपछाडि अड्कियो। धन वितरणको व्यस्ततामा उहाँले त्यो कुरो भुल्नुभयो। सबै धन बाँडिसकेपछि उहाँ मस्जिदमा आउनुभयो र नमाज़ पढाउनुभयो। नमाज़ सिद्याएपछि साधारणत: उहाँ अल्लाहको स्मरण, स्तुति गर्नुहुन्थ्यो र मानिसहरूलाई आफ्ना समस्याहरू प्रस्तुत गर्ने र धार्मिक प्रश्नहरू सोध्ने अवसर दिनुहुन्थ्यो परन्तु (त्यसदिन) हत्तार हत्तार आफ्नो घरतर्फ लाग्नुभयो। केही सहाबाहरूको वर्णनानुसार उहाँ अति द्रुतगतिका साथ हाम्रा गर्धनमाथिबाट हामफल्दै भित्रतर्फ लाग्नुभयो र त्यो दीनार खोजेर पुन: फर्केर आउनुभयो र बाहिर निस्किएर त्यो दीनार कुनै गरीबलाई दिंदै भन्नुभयो, यो दीनार खसेको थियो र मैले बिर्सिएको थिएँ तर नमाज़ पढाउँदै गर्दा मनमा पऱ्यो। अत: यदि मेरो मृत्युभएमा र मानिसहरूको यो धन मेरो घरमा नै रहिरहेमा म खुदलाई

के उत्तर दिउँला भन्ने धारण मेरो मनमा आएकाले म अत्यन्त चिन्तित भएँ। त्यसैले म तुरन्तै गएँ र यो माल (धन) लिएर आएँ। (बुखारी, किताबुल अज़ान)

योभन्दा ठूलो कुरो के भने उहाँले सद्क़ा (दान)लिन आफ्ना सन्तानका लागि अवैध घोषित गर्नुभयो किनभने उहाँको आदर र सम्मानका कारण मानिसहरूले दानको धन उहाँका सन्तानलाई देलान र अन्य गरीब हरू भने त्यसबाट वञ्चित रहनजालान भनी (उहाँले त्यो दान अवैध घोषित गर्नुभएको हो)। एकपटक उहाँका सामुन्ने दानका केही खजूरहरू ल्याइयो। उहाँका नाति हज़रत इमाम हसन (रज़ि.) जसको आयु त्यस समय दुई अढाई वर्षको थियो त्यससमय उहाँसित बसेका थिए तिनले एउटा खजूर आफ्नो मुखमा हाले। उहाँले तुरुन्तै आफ्नो औंलो हालेर उनका मुखबाट त्यो खजूर निकाल्नुभयो र भन्नुभयो, यसमा हाम्रो अधिकार छैन। यसमा खुदाका गरीब र दुःखी भक्तहरूको अधिकार रहेको छ।

(बुखारी, किताबुज़्ज़ाकात)

## दासहरूसित नम्रव्यवहार

उहाँ सदा दासहरूसित नम्र र उत्तम व्यवहार गर्ने उपदेश दिनुहुन्थ्यो। यदि कसैको दास रहेमा र त्यसलाई मुक्त गर्ने सामर्थ्य उसमा नरहेमा तथा यदि कुनै अवसरमा उसले क्रोधवश त्यसलाई हिर्काएमा अथवा अपशब्द प्रयोग गरेमा त्यसको प्रतिमूल्यस्वरूप उसलाई (दासलाई) मुक्त गरोस भन्ने उहाँको आदेश थियो।

(मुस्लिम, कितुल ईमान)

यसैगरी उहाँ दासहरूलाई मुक्त गर्नप्रति अत्यधिक जोड़ दिनुहुन्थ्यो र सँधै भन्नुहुन्थ्यो, ‘‘जो व्यक्ति दासलाई मुक्त गर्छ अल्लाह तआलाले त्यस दासको प्रत्येक अंगको बदलामा उस

व्यक्तिको प्रत्येक अंगलाई नरकको अग्निबाट सुरक्षित राख्नेछन।
(बुखारी, किताब कफारातुल ऐमान)

पुनः उहाँ भन्नुहुन्थ्यो, ''दासबाट त्यतिमात्र काम लिने गर जति त्यसले गर्नसक्छ। र जब त्यसलाई कुनै काम दिन्छौ तब त्यससित मिलेर काम गर्नेगर ता त्यसलाई हीनभाव अनुभव नहोस। (मुस्लिम, किताबुल ईमान) यसैगरी जब त्यस (दास) सित यात्रा गर्छौ तब या त त्यसलाई सवारीमा आफुसित सवार गर्नेगर अथवा त्यससित पालो निश्चित गरी पालो पालो सवारीमा चढ्ने गर। यस विषयमा उहाँ अत्यधिक जोड दिनुहुन्थ्यो। हज़रत अबूहुरैरा जो इस्लाम ग्रहणपछि सँधै उहाँसितै रहने गर्थे उनी वर्णन गर्छन, ''उनै खुदाको शपथ जसको हातमा अबू हुरैराको प्राण रहेको छ। यदि अल्लाह तआलाको मार्गमा जिहाद (संघर्ष) को अवसर मलाई मिली नरहेको भए र हज गर्ने सौभाग्य न मिलेको भए र मेरी वृद्धा माता जसको सेवा गर्नु मेरो कर्तव्य रहेको छ जीवित नरहेकी भए म दास रहेको अवस्थामा मर्ने इच्छा गर्नेथिएँ किनभने हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) गुलाम (दास) का पक्षमा अत्यन्त उत्तम कुराहरू गर्नुहुन्थ्यो।
(मुस्लिम किताबुल ईमान)

मअरूर बिन सवीद वर्णन गर्छन, ''मैले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का सहाबी (मित्र) हज़रत अबूज़र गफ्फारी रज़ि.) लाई देखें। जस्ता उनका कपड़ा थिए त्यस्तै उनका दासका पनि थिए।'' जब उनलाई तिम्रा र तिम्रो दासका कपड़ा एकै प्रकारका किन रहेका छन भनी सोधियो तब उनले उत्तर दिए, ''मैले एकपटक हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को जीवनकालमा एउटा व्यक्तिलाई त्यसकी आमाको गाली दिएँ। त्यो एउटी दासी थी, त्यसप्रति हज़रत मुहम्मद (सल्लम)ले भन्नुभयो, ''तिमी त यस्ता व्यक्ति हौ जसमा अहिलेसम्म असभ्यता

र कुफ्र (बेईमानी) का कुराहरू पाइन्छन। दास के हुन? तिमीहरूका भाईहरू हुन तथा तिमीहरूको शक्तिका साधन हुन। खुदा तआलाको कुनै इच्छान्तर्गत तिनीहरू केही समयका लागि तिमीहरूका कब्जामा आउँछन। अतः जसका अधीनमा उसको भाई आउँछ उसले स्वयं जे खान्छ त्यसलाई पनि ख्वाओस र जस्तो स्वयं कपड़ा लगाउँछ त्यसलाई पनि दियोस। र तिमीहरूमध्य कसैले पनि दाससित यस्तो काम नलियोस जुन काम गर्ने त्यसमा शक्ति छैन। र जब तिमीहरू तिनीहरूलाई कुनै काम दिन्छौ तब स्वयंपनि तिनीहरूसित मिलेर काम गर्नेगर।''

(मुस्लिम किताबुल ईमान)

यसैगरी उहाँ भन्ने गर्नुहुन्थ्यो, ''जब तिमीहरूको नौकरले तिमीहरूका लागि भोजन ल्याउँछ तब त्यसलाई आफुसित बसाएर केही मात्रामा भोजन ख्वाऊ किनभने उसले भोजन पकाएको हुनाले त्यसमा उसको पनि हक़ रहेको छ।''

(सीरतुल हलबिया, भाग 2, पृष्ठ 227)

## महिलाहरूसित उत्तम व्यवहार

महिलाहरूसित उत्तम व्यवहारप्रति उहाँ विशेष ध्यान राख्नुहुन्थ्यो। उहाँले नै सर्वप्रथम संसारमा महिलाहरूको अंशको अधिकार कायम गर्नुभयो। अतः पवित्र कुरआनमा पुत्र र पुत्रीलाई पिता र माताको सम्पत्तिमा अंशीदार घोषित गरिएको छ। यसैप्रकार माताहरू र पत्नीहरूलाई पुत्रहरू र पतिहरूको अंशमा र केही स्थितिमा बहिनीहरू पनि दाजु भाईहरूको अंशका हकदार घोषित गरिएका छन। इस्लामभन्दा पहिला संसारका कुनै धर्मले यसप्रकार अधिकारहरू कायम गरेनन। यसैप्रकार उहाँले महिलालाई उसको धनको स्थायी स्वामित्व प्रदान गर्नुभयो। पतिलाई आफु

पति भएकोले पत्नीको धनमा हस्तक्षेप गर्ने अधिकार छैन। महिला आफ्नो धन खर्च गर्नमा पूर्णतः स्वतन्त्र छ। महिलाहरूसित उहाँको अत्यधिक सद्व्यवहार देखेर अरबहरू जो त्यसकुराका अभ्यस्त थिएनन हण्डर खानलागे। अतः हज़रत उमर (रज़ि) वर्णन गर्छन, ''मेरी पत्नी कहिलेकाँहि मेरा काममा दखल दिन्थी। र म उसलाई हप्काउने गर्थें र अरबका मानिसहरूले महिलाहरूलाई पुरुषहरूका कामहरूमा परामर्श दिने अधिकार कहिल्यै दिएका छैनन भनी बताउने गर्थें। त्यसप्रति मेरी पत्नी भन्ने गर्थी, ''जाउ, जाउ! हज़रत मुहम्मद (सल्लम) की पत्नीहरू त उहाँलाई सल्लाह परामर्श दिन्छन र उहाँ कहिल्यै रोक्नुहुँदैन भने तिमी किन त्यसो भन्छौ? त्यसप्रति म उसलाई भन्ने गर्थे, आइशा (रज़ि.) त उहाँकी अति लाडली हुन त्यसैले उनको कुरै नगर। परन्तु तेरी छोरीले यदि यसो गरेमा त्यसले आफ्नो भूलको दण्ड कुनै दिन पाउँछे।

एकपटक जब कुनै कुरोमा रिसाएर हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले केही दिन घरबाट बाहिर रहने र पत्नीहरूका निकट नजाने निर्णय लिनुभयो। त्यो कुराको भनक मलाई लाग्यो तब मैले भनें, 'हेर जो कुरो मैले भनेको थिएँ त्यही भयो। म आफ्नी पुत्री हफ्साका घर गएँ। तिनी रोइरहेकी थिइन, मैले भनें, हफसा! के भयो? के हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) ले तिमीलाई तलाक़ (पारपाचुके) दिनुभयो? उनले भनीन, ''त्यो त मलाई थाहा छैन परन्तु उहाँले केही कारणवश केही दिनका लागि घरमा नआउने निर्णय लिनुभएको छ।'' हज़रत उमर वर्णन गर्छन, ''मैले भनें, हफसा! मैले तिमीलाई पहिला नै आइशाको नकल नगर भनी बताएको थिएँ। आइशा त हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)की अत्यन्त प्यारी छन। हेर! अन्तमा तिमीले त्यही सङ्कट अङ्गाल्यौ जसको मलाई डर थियो। यही भनेर

म हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को सेवामा उपस्थित भएँ। उहाँ एउटा खस्रो गुन्द्रीमा ढल्कनुभएको थियो। उहाँको शरीरमा कुर्ता थिएन, उहाँको छाती र कम्मरमा गुन्द्रीको छाप लागेको थियो। म उहाँका निकटमा बसें र भनें, हे अल्लाहका रसूल! ती कैसर (रोमको सम्राट) र किस्रा (इरानको सम्राट) अल्लाह तआलाको वरदान र कृपाप्राप्तिका कहाँ योग्य छन र? परन्तु तिनीहरू भने अत्यन्त आराम र सुखपूर्ण जीवनयापन गरिरहेछन र खुदाका सन्देशवाहकलाई यस्तो दुःख छ।'' उहाँले भन्नुभयो, उमर! यो उचित होइन। त्यसप्रकारको जीवन खुदाका रसूलहरू (सन्देशवाहकहरू)को हुनेगर्दैन। त्यो त सांसारिक सम्राटहरूको व्यस्तता र भोग हो।'' त्यसपछि मैले आफ्नी पत्नी र पुत्रीको सम्पूर्ण घटना सुनाएँ। मेरा कुराहरू सुनेर उहाँ मुस्काउनु भयो र भन्नुभयो ''उमर! मैले आफ्नी पत्नीहरूलाई तलाक़ (पारपाचुके) दिएँ भन्ने कुरो ठीक होइन। मैले त एउटा कारणवश केही दिनका लागि बाहिर रहने निर्णय लिएको हो।''

(बुख़ारी, किताबुन्निकाह)

महिलाहरूको भावनाको उहाँ अत्यन्त ध्यान राख्नुहुन्थ्यो। एकपटक नमाज़को समयमा उहाँले एउटा बालक रोएको सुन्नुभयो। उहाँले चाँडो-चाँडो नमाज़ सिद्ध्याउनु भयो र भन्नुभयो, ''एउटा बालक रोएको सुनें र त्यसकी आमा कति चिन्तित होली भन्ने मेरो मनमा धारणा आयो र मैले चाँडो नमाज़ सिद्याएँ ता आमाले बालकको रेखदेख गर्न सकोस।

(बुख़ारी, किताबुल अज़ान)

जब उहाँ यस्तो यात्रामा जानुहुन्थ्यो जसमा महिलाहरूपनि साथमा हुन्थे तब सदा विस्तार विस्तारै हिड्ने आदेश दिनुहुन्थ्यो। एकपटक उहाँले यस्तै यात्राको आरम्भमा जब सिपाहीहरूले आफ्ना घोडाहरूका करेली र ऊँटहरूको नुकैल समात्न लागे तब

भन्नुभयो, ''अरे के गर्नलाग्यौ? महिलाहरू पनि साथमा छन यदि तिमीहरूले ऊँटहरूलाई दौडायौ भने शीशाहरू चक्नाचूर हुनेछन।''

(बुखारी, किताबुल अदब)

एकपटक युद्धको अवसरमा केही गडबडीका कारण सवारीहरू बिद्किए। हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) पनि घोडाबाट लड्नुभयो र केही महिलाहरू पनि लडे। एकजना सहाबी जसको ऊँट उहाँका पछाडि थियो उनी उहाँलाई लडेको देखेर चिन्तित भए र तत्काल ओर्लेर उहाँतर्फ ''हे अल्लाहका रसूल! म मरुँ तपाइँ जीवित रहेस' भन्दै दौड़े। हज़रत मुहम्मद रसूल्लाह (सल्लम) का खुट्टाहरू रिकाबमा अड्किएका थिए। उहाँले चाँडो-चाँडो गरी स्वयंलाई छुटाउनु भयो र ती सहाबीतर्फ फर्किएर भन्नुभयो, ''मलाई छाड र महिलाहरूतर्फ जाऊ।'' (बुखारी, किताबुल जिहाद)

जब हज़रत मुहम्मद मुस्तफा (सल्लम)को मृत्युको समय निकट आयो तब उहाँले सबै मुसलमानहरूलाई एकत्रित गरी वसियत (आदेश) गर्नुभयो। त्यसमा एउटा कुरो के पनि थियो भने, ''म तिमीहरूलाई मेरो अन्तिम वसियत के गर्छु भने महिलाहरूसित सदा उत्तम व्यवहार गर्नेगर्नु।'' उहाँ बारम्बार भन्ने गर्नुहुन्थ्यो, ''जसका घरमा छोरीहरू छन र उसले तिनीहरूलाई उत्तम शिक्षा दिन्छ र आचार व्यवहार सिखाउँछ प्रलयका दिन खुदा तआलाले त्यसलाई नरकको अग्निबाट सुरक्षित राख्नेछन।''

(तिरमज़ी, अबवाबुल बिर्र व सिला)

यदि महिलाहरूबाट कुनै भूलत्रुटि भएमा तिनीहरूलाई कुट्ने र पिट्ने चलन अरबमा थियो। जब हज़रत मुहम्मद रसूल्लाह (सल्लम)लाई यसको जानकारी मिल्यो तब उहाँले भन्नुभयो, ''महिलाहरू खुदाका दासीहरू हुन। तिमीहरूका दासी होइनन, तिनीहरूलाई कुट्ने नगर।'' परन्तु महिलाहरूको पूर्ण शिक्षा दीक्षा नभएकाले तिनीहरूले दिलेरी देखाएर पुरुषहरूसित भिड्न

आरम्भ गरे र घरहरूमा कोहराम र अशान्ति आरम्भ भयो। अन्ततः हज़रत उमरले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का सेवामा ''हजूरले हामीलाई महिलाहरूलाई कुट्ने नगर भनी रोक्नु भयो अब तिनीहरू दिलेरी देखाउन लागे त्यसकारण अब हामी तिनीहरूलाई कुट्ने पिट्ने अनुमति चाहन्छौं भनी विन्ती गरे। त्यस समयसम्म महिलाहरूका सम्बन्धमा विस्तृत आदेशहरू अवतीर्ण भइसकेका थिएनन। अतः हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले भन्नुभयो, ''यदि कोही महिलाले सीमोलङ्घन गरेमा परम्परानुसार त्यसलाई कुट्ने गर। त्यस आज्ञापछि कुनै विशेष स्थितिमा महिलाहरूलाई कुट्नु पिट्नुको सट्टा तिनीहरूले त्यही पुरानो अरबी चलन जारी गरे। त्यसपछि महिलाहरूले उहाँका पत्नीहरूका सेवामा आएर सिकायत गरे। तब उहाँले आफ्ना सहाबाहरूलाई भन्नुभयो, ''जो व्यक्तिहरू आफ्ना पत्नीहरूसित उत्तम र भलो व्यवहार गर्दैनन तथा तिनीहरूलाई कुट्ने पिट्ने गर्छन तिमीहरूलाई म के भन्दछु भने खुदाको दृष्टिमा तिनीहरू भला मानिने छैनन।

(अबू दाऊद, किताबुन्निकाह)

त्यसपछि महिलाहरूका अधिकारहरू स्थापित भए तब महिलाहरूले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को कृपाले पहिलोपटक मुक्तिको सुख अनुभव गरे। मुआविया अल्कैशरी वर्णन गर्छन, ''मैले हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) लाई हे रसूलुल्लाह! पत्नीको हामीमाथि के अधिकार छ भनी सोधें।'' उहँले भन्नुभयो, ''खुदाले तिमीलाई खानको निम्ति जे प्रदान गर्छन त्यो उसलाई पनि ख्वाउ र जे तिमीलाई पहिरन (वस्त्र) प्रदान गर्छन उसलाई पनि पहिराउ र उसलाई थप्पड़ नहान र गाली नदेउ र उसलाई घरबाट ननिकाल। (अबू दाऊद, किताबुन्निकाह) उहाँलाई महिलाहरूको भावनाको अत्यन्त चिन्ता थियो। उहाँ सदा उपदेश दिनुहुन्थ्यो, ''जो व्यक्तिहरू यात्राका

लागि घरबाट बाहिर जान्छन तिनीहरू यथाशीघ्र घर फर्केर आऊन ता तिनीहरूका बाल-बच्चाहरूलाई कष्ट नपुगोस। अत: हज़रत अबू हुरैराद्वारा वर्णित छ, ''जब कुनै व्यक्तिले आफ्नो त्यो उद्देश्य पूरा गर्छ जसका निम्ति त्यसले यात्रा गर्नुपरेको थियो त्यसका निम्ति आफ्ना नातेदारहरूको ख्याल राखी चाँडो भन्दा चाँडो घर फर्केर आउनु आवश्यक छ। (बुखारी, मुस्लिम किताबुल अमार:)

उहाँको आफ्नो नियम के थियो भने जब उहाँ यात्राबाट फर्कनुहुन्थ्यो दिनको समयमा शहरमा प्रवेश गर्नुहुन्थ्यो। यदि रात परेमा शहरभन्दा बाहिर नै डेरा लगाउनु हुन्थ्यो र बिहानीपख शहरमा प्रवेश गर्नुहुन्थ्यो। र सदा आफ्ना सहाबाहरूलाई यसप्रकार अकस्मात घरमा आएर आफ्ना बाल-बच्चाहरूलाई दु:ख दिनु उचित हुदैन भनी मनाही गर्नुहुन्थ्यो।

(अबूदाऊद, किताबुल जिहाद)

यस विषयमा उहाँको तथ्य के थियो भने महिला तथा पुरुषका बीचको सम्बन्ध भावनात्मक हुन्छ। पुरुषको अनुपस्थितिमा यदि महिलाले आफ्नो वस्त्र र शरीरको सफाइको ध्यान नराखेको रहेमा अकस्मात पति घरमा प्रवेश गर्नाले त्यो प्रेमको भावना जुन पति पत्नीका बीचमा रहेको हुन्छ त्यसमाथि आघात पर्ने आशंका रहन्छ। त्यसकारण उहाँले के उपदेश गर्नुभयो भने, ''मानिस जब यात्राबाट फर्किएर आउँछ उसले दिनको समयमा घरमा प्रवेश गरोस र पत्नी र परिवारलाई पहिला सूचित गरी प्रेश गरोस ता तिनीहरूले उसको स्वागतको तयारी गरून।

## मृत्युप्राप्त मानिसहरूप्रति उहाँको व्यवहार

उहाँ संधै मृत्युप्राप्त व्यक्तिले पहिला नै वसियत (इच्छापत्र) गरोस ता उसका नातेदारहरूलाई पछि गएर कुनै कष्ट नपुगोस

भनी उपदेश दिने गर्नुहुन्थ्यो।

मृत्युप्राप्त व्यक्तिहरूका सम्बन्धमा उहाँको के आदेश थियो भने, ''जब कुनै व्यक्तिको मृत्यु हुन्छ तब मानिसहरूले त्यसका भूल त्रुटिहरू वर्णन नगरून अपितु त्यसका पुण्यकार्यहरूको चर्चा गरून। त्यसको त्रुटिहरू र अपकर्महरू वर्णन गर्नाले केही लाभ हुनेछैन परन्तु त्यसको पुण्य र सत्कर्महरूको वर्णन गर्नाले भने मानिसहरूको मनमा त्यसका निम्ति प्रार्थना गर्ने प्रेरणा मिल्नेछ। (बुख़ारी, किताबुल जनाइज़)

जो व्यक्तिहरू मृत्युप्राप्त गर्छन तिनीहरूको ज़िम्मा रहेको ऋण चाँडो भन्दा चाँडो तिर्नतर्फ उहाँ विशेष ध्यान दिनुहुन्थ्यो। अतः जब कोही व्यक्तिको मृत्यु हुन्थ्यो तब त्यसको ज़िम्मा रहेको ऋण या त उहाँले स्वयं तिरीदिनु हुन्थ्यो र यदि उहाँमा त्यसको सामर्थ्य नरहेको भएमा त्यसका नातेदारहरूलाई ध्यान दिलाउनु हुन्थ्यो। र त्यस व्यक्तिको नमाज़ जनाज़ा तबसम्म पढाउनु हुदैनथ्यो जबसम्म त्यसको ज़िम्मा रहेको ऋण चुक्ता हुदैनथ्यो। (बुख़ारी, किताबुल इस्तक़्राज़)

## छिमेकीहरूसित उत्तम व्यवहार

छिमेकीहरूसित उहाँ अतिराम्रो व्यवहार गर्नुहुन्थ्यो। उहाँ भन्नुहुन्थ्यो, ''जिब्रील (ईशदूत)ले बारम्बार मलाई छिमेकीहरूसित राम्रो व्यवहार गर्ने आदेश दिएका छन। मलाई त छिमेकीलाई समेत अंशमा भागेदाार घोषित गरिने त होइन भन्ने लाग्छ।'' (बुख़ारी, किताबुल अदब)

हज़रत अबूज़र वर्णन गर्छन, ''मलाईं हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले भन्नुभयो, हे अबूज़र! जब तरकारीमा झोल हाल्छौ त्यसमा अधिक पानी हाल्ने गर र आफ्ना छिमेकीहरूको पनि

ख्याल राख्ने गर।'' (मुस्लिम, किताबुल बिर्र व सिला)

यसो भन्नुको तात्पर्य अन्य वस्तुहरू दिनुपर्दैन भन्नुहोइन अपितु अरबीहरूको मनपर्दो खाने कुरो तरकारीको झोल नै थियो। त्यसकारण उहाँले छिमेकीहरूको सहयोगको भावनाले त्यही वस्तुका बारेमा केवल आफ्नो स्वादलाई ध्यानमा नराख अपितु आफ्ना छिमेकीलाई पनि आफ्नो खानेकुरोमा सहभागी बनाऊ भनी उपदेश दिनुभयो।

हज़रत अबूहुरैरा वर्णन गर्छन, ''एकपटक हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) बसिरहनु भएको थियो, उहाँले भन्नुभयो, ''खुदाको शपथ! त्यो व्यक्ति कदापि मोमिन (विश्वासी) होइन, खुदाको शपथ! त्यो व्यक्ति कदापि मोमिन होइन, खुदाको शपथ! त्यो व्यक्ति कदापि मोमिन होइन ।'' सहाबाहरूले भने, ''हे अल्लाहका रसूल! को मोमिन होइन?'' उहाँले भन्नुभयो, ''त्यो व्यक्ति जसको छिमेकी त्यसको अन्याय र दुर्व्यवहारबाट सुरक्षित छैन। (बुखारी, किताबुल अदब)

महिलाहरूलाई पनि आफ्ना छिमेकीहरूको ख्याल राख्नेगर भनी उहाँ उपदेश दिने गर्नुहुन्थ्यो। एकपटक महिलाहरूलाई उपदेश गरिरहेको अवसरमा उहाँले भन्नुभयो, ''यदि ब्राख्रोको एउटा फिलो पनि कसैलाई प्राप्तभएमा त्यसमा उसले आफ्नो छिमेकीको भाग राखोस। (बुखारी, किताबुल अदब) उहाँ सदा आफ्ना सहाबाहरूलाई अर्तिदिंदै भन्नुहुन्थ्यो, ''यदि तिमीहरूको छिमेकीले तिमीहरूको पर्खालमा काँटि ठोकेमा अथवा त्यसमा अन्य केही काम गरेमा जसबाट तिमीहरूलाई कुनै हानिपुग्दैन भने त्यसलाई नरोक।'' (बुखारी, किताबुल मज़ालिम)

हज़रत अबूहुरैरा द्वारा वर्णित छ, हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) भन्नेगर्नुहुन्थ्यो, ''जसले अल्लाह र अन्तिम दिनप्रति विश्वास गर्छ त्यसले आफ्नो छिमेकीलाई दुःख नदियोस।

जसले अल्लाह र अन्तिम दिनप्रति विश्वास गर्छ त्यसले आफ्नो अतिथीलाई दुःख नदियोस। जसले अल्लाह र अन्तिम दिनप्रति विश्वास गर्छ त्यसले या त उत्तम कुरो गरोस अन्यथा चुप्प लागोस।'' (बुखारी, किताबुल अदब)

## माता–पिता र अन्य नातेदारहरूसित उत्तम व्यवहार

संसारमा अधिकतर मानिसहरू जब बालिग़ (पूर्णवयष्क) हुन्छन र पत्नी तथा बाल बच्चाहरूको तिनीहरूलाई चिन्ता बढ्नजान्छ तब माता पितासित उत्तम व्यवहार गर्नमा सुस्ती देखाउन लाग्छन । यही त्रुटिलाई मेटाउनका लागि हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले सदा माता-पितासित उत्तम व्यवहारको महत्वलाई उजागर गर्ने गर्नुहुन्थ्यो। अतः हज़रत अबूहुरैरा वर्णन गर्छन, एउटा व्यक्ति हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का सेवामा उपस्थित भयो र भन्यो, हे अल्लाहका रसूल! मेरो सदव्यवहार र सहानुभूतिको सर्वाधिक हकदार को रहेको छ?'' उहाँले भन्नुभयो, ''तिम्री आमा।'' उसले भन्यो, ''त्यसपछि? ''उहाँले भन्नुभयो, ''त्यसपछि पनि तिम्री आमा।'' उसले भन्यो, ''हे अल्लाहका रसूल! त्यसपछि?'' उहाँले भन्नुभयो, ''त्यसपछि पनि तिम्री आमा'' उसले चौथोपटक सोध्यो, ''हे अल्लाहका रसूल! त्यसपछि?'' तब उहाँले भन्नुभयो, ''त्यसपछि तिम्रा पिता। त्यसपछि अन्य जो नातेदारहरू रहेका छन। त्यसपछि जो तिनीहरू भन्दाबाहेक नातेदार रहेका छन। (बुखारी, किताबुल अदब)

हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का माता-पिता त उहाँको बाल्यकालमै स्वर्गवास भएका थिए। पत्नीहरूका माता-पिताहरू

जीवित थिए र उहाँ सदा तिनीहरूको सम्मान गर्नुहुन्थ्यो। जब मक्का विजय भएको अवसरमा उहाँ एकजना विजयी जर्नैलको रूपमा मक्कामा प्रवेश गर्नुभयो तब हज़रत अबूबकरले आफ्ना पितालाई उहाँसित भेट गराउन ल्याए। त्यससमय उहाँले अबूबकरलाई भन्नुभयो, ''तिमीले उहाँलाई किन कष्ट दियौ म स्वयं उहाँका सेवामा उपस्थित हुनेथिएँ।''

(सीरत इब्ने हश्शाम, भाग 4, पृष्ठ 48)

उहाँ सदा आफ्ना सहाबाहरूलाई भन्ने गर्नुहुन्थ्यो, ''जो व्यक्तिले आफ्ना वृद्ध माता पितालाई आफ्नो जीवनमा जीवित पाएर पनि स्वर्गको हकदार बन्दैन त्यो व्यक्ति अति दुर्भागी रहेको छ।'' (मुस्लिम, किताबुल बिर्र व सिला)

भावार्थ के हो भने वृद्ध माता पिताको सेवा गर्नाले मानिस अल्लाह तआलाको कृपा र दयाको पात्र बन्नजान्छ। त्यसकारण जसलाई आफ्ना वृद्ध माता-पिताको सेवाको अवसर प्राप्त हुन्छ त्यो व्यक्तिले सदैव पुण्य कमाउने छ र अल्लाह तआलाको कृपा पनि प्राप्त गर्नेछ।

एउा व्यक्तिले एकपटक हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का सेवामा उपस्थित भएर सिकायत गर्‍यो, ''हे अल्लाहका रसूल! मेरा नातेदारहरू यस्ता छन जससित म उत्तम व्यवहार गर्नेगछु परन्तु तिनीहरू भने मसित दुर्व्यवहार गर्छन। म तिनीहरूमाथि उपकार गर्छु परन्तु उनीहरू ममाथि अत्याचार गर्छन। म तिनीहरूसित प्रेम गर्छु परन्तु तिनीहरू मसित कठोर व्यवहार गर्छन।'' उहाँले भन्नुभयो, ''यदि यही कुरो हो भने यो त तिम्रो सौभाग्य हो किनभने खुदाको सहायता तिमीलाई सदा प्राप्त रहनेछ।'' (मुस्लिम, किताबुल बिर्र व सिला)

एकपटक हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) दान-पुण्यबारे उपदेश दिइरहनु भएथ्यो त्यही अवसरमा उहाँका एकजना सहाबी

अबूतल्हा अन्सारी उपस्थित भए र उनले आफ्नो एउटा बगैंचा दानको रूपमा दिए। उहाँ त्यसप्रति अति प्रसन्न हुनुभयो र अत्योत्तम दान हो, अत्योत्तम दान हो, अत्योत्तम दान हो भनी तीनपटक भन्नुभयो। पुनः उहाँले भन्नुभयो, ''अब तिमीले त्यस (बगैंचा)लाई दान गरिदियौ। मेरो मनले तिमीले त्यो बगैंचा आफ्ना नातेदारहरूमा बाँडिदए भलो हुन्थ्यो भन्ने ठान्छ।''

(बुखारी, किताबुत्तफसीर)

एकपटक एउटा व्यक्तिले उहाँका सेवामा आएर भन्यो, ''हे अल्लाहका रसूल! म हजूरसित हिजरत (प्रवास) को बैअत (अनुबन्धन) गर्छु। यसैगरी खुदाको मार्गमा जिहाद (संघर्ष) गर्ने बैअत गर्छु। किनभने मेरा खुदा मप्रति प्रसन्न होउन भन्ने म चाहन्छु।'' उहाँले भन्नुभयो, ''के तिम्रा माता-पितामध्ये कोही जीवित छन? उसले भन्यो, ''दुवैजना जीवित छन।'' उहाँले भन्नुभयो, ''के खुदा तिमीप्रति प्रसन्न होउन भन्ने तिमी चाहन्छौ?'' उसले भन्यो, ''हे अल्लाहका रसूल! हो।'' उहाँले भन्नुभयो, ''त्यसोभए तिमी फर्केर जाउ र आफ्ना माता पिताको यथाशक्ति सेवा गर। यही नै उत्तम कुरो हो।''

(बुखारी, किताबुल अदब)

सद्व्यवहारको सन्दर्भमा धर्मको कुनै शर्त छैन भनी उहाँ सदा उपदेश दिने गर्नुहुन्थ्यो। गरीब नातेदारहरू चाहे जुनसुकै धर्मका हुन तिनीहरूसित सद्व्यवहार गर्नु पुण्यकार्य हो भनी उहाँ भन्नुहुन्थ्यो। हज़रत अबूबकर की एउटी पत्नी मूर्तिपूजक थिइन। हज़रत अबूबकरकी पुत्री अस्माले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) सित सोधिन, ''हे अल्लाहका रसूल! के म तिनीसित सद्व्यवहार गर्नसक्छु।'' उहाँले भन्नुभयो, ''अवश्य, उनी तिम्री आमा हुन तिमी उनीसित सद्व्यवहार गर।'' नातेदारहरू मात्र होइन अपितु नातेदारहरूका नातेदारहरूको तथा तिनीहरूका

मित्रहरूको समेत उहाँ अति ध्यान राख्नुहुन्थ्यो। जब उहाँ पशुहरूको बलि दिनुहुन्थ्यो हज़रत खदीजाका सँगिनीहरूका घरमा अवश्य मासु पठाउनु हुन्थ्यो र सदा भन्ने गर्नुहुन्थ्यो, ''खदीजाका सँगिनीहरूलाई नभुल्नु सँधै तिनीहरूका घरमा मासु अवश्य पठाउनु।'' (मुस्लिम, किताब, फज़ाइलुस्सहाबा)

हज़रत खदीजाको मृत्यु भएको निकै वर्षपछि एकपटक उहाँ एउटा सभामा उपस्थित हुनुहुन्थ्यो जहाँ हज़रत खदीजाकी बहिनी हाला उहाँलाई भेट्न आइन र ढोकामा उभिएर भनीन, ''के म भित्र आउन सक्छु?'' हालाको बोली त्यससमय आफ्नी स्वर्गीय दीदी हज़रत खदीजाको बोलीसित पूर्णत मिल्दो जुल्दो थियो। त्यो बोली कानले सुन्नासाथ हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) को शरीर काँप्न लाग्यो उहाँले स्वयंलाई सम्भालु भयो र भन्नुभयो, ''हे मेरा खुदा! यी त खदीजाकी बहिनी हाला हुन।''

(बुखारी, किताबुल मुनाकिब)

वस्तुत साँच्चो प्रेमको तरीका अथवा सिद्धान्त नै के हो भने जससित प्रेम अथवा श्रद्धा रहेको छ त्यसका निकटसम्बन्धीहरू र त्यससित सम्बन्ध राख्नेहरूसित पनि प्रेम र महिमा उत्पन्न हुनजान्छ। अनस बिन मालिक वर्णन गर्छन, ''एकपटक म यात्रामा थिएँ र मसित जरीर बिन अब्दुल्लाह पनि यात्रामा थिए। उनी यात्रामा नौकरझै मेरो काम गर्नेगर्थे।'' जरीर हज़रत अनसभन्दा जेठा थिए र तिनको आदर गर्नु उनी आफ्नो कर्त्तव्य ठान्थे त्यसकारण उनी भन्छन, ''म तिनलाई त्यसो नगर भनी मनाही गर्थें तब तिनी मेरो उत्तरमा भन्थे, ''मैले अन्सारलाई हज़रत मुहम्मद मुस्तफा (सल्लम)को खुबै सेवा गरेको देखेको छु। मैले उहाँप्रति तिनीहरूको प्रेम देखेर आफ्नो मनमा के ठानेको थिएँ भने जब मलाई कुनै अन्सारीसित यात्रा गर्ने अवसर मिल्नेछ अथवा उनीसित रहने अवसर मिल्नेछ तब म उनको सेवा गर्नेछु।

त्यसकारण तिमी मलाई नरोक म आफ्नो वचन पूरा गरिरहेछु।''

(मुस्लिम, किताबुल फ़ज़ाइलुस्सहाबा)

आफ्नो प्रेमीको सेवा गर्ने व्यक्ति पनि मानिसलाई प्रिय लाग्छ भन्नेकुरो उक्त घटनाबाट स्पष्टरूपमा प्रमाणित हुन्छ। अतः जुन व्यक्तिहरूका मनमा आफ्ना माता पिताको साँचो आदर र सम्मान हुन्छ तिनीहरू आफ्ना माता पिताका साथा-साथ उनीहरूका नातेदारहरू र मित्रहरूको पनि आदर र सत्कार गर्ने गर्छन। एकपटक हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को सभामा आफन्ताहरूको सेवाबारे चर्चा चलिरहेथ्यो तब उहाँले भन्नुभयो, ''सर्वोत्तम पुण्य के हो भने मानिसले आफ्ना पिताका मित्रहरूको पनि ख्याल राखोस।'' उक्त कुरो उहाँले हज़रत अब्दुल्लाह बिन उमरलाई भन्नुभएको थियो र त्यसप्रति उनले के कार्य गरे भने एकपटक उनी हजका लागि यात्रा गरिरहेथे मार्गमा एउटा व्यक्तिसित उनको भेट भयो। उनले आफ्नो सवारीको गधा त्यसलाई दिए र आफ्नो सिरको पगडी पनि त्यसलाई दिए। उनका मित्रहरूले उनलाई तिमीले यो के गरेको यी त देहाती मानिसहरू हुन यिनीहरूलाई थोरै वस्तु दिएतापनि यिनीहरू खुसी हुन्छन भनी प्रश्न गरे। अब्दुल्लाह बिन उमरले भने, ''यस व्यक्तिको पिता हज़रत उमरको मित्र थियो र मैले हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)बाट के सुनेको छु भने, ''मानिसले आफ्ना पिताका मित्रहरूको पनि ध्यान राखोस र यो सर्वोत्तम पुण्य हो।''

(मुस्लिम, किताबुल बिर्र व सिला)

## सुसंगत

उहाँ सदा आफ्ना छेउछाउमा भलाद्मीहरू रहेको मना पर्याउनु हुन्थ्यो। तथा यदि कसैमा कुनै अवगुण रहेको भएमा

त्यस व्यक्तिलाई उत्तमपूर्वक अथवा गुप्तरूपमा उपदेश दिनुहुन्थ्यो। हज़रत अबू मूसा अस्अरी वर्णन गर्छन, हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) भन्ने गर्नुहुन्थ्यो, ‘‘भलो मित्र र राम्रो सभा तथा दुष्ट मित्र र नराम्रो सभा (भेला) को उदाहरण त्यस्तै हो जस्तै एउटा कस्तुरी बेच्ने व्यक्ति, जसले यदि कस्तुरी खाएमा पनि लाभ उठाउने छ र आफुसित राखिछाडेमा पनि त्यसको सुगन्ध प्राप्त गर्नेछ। र जसका सभासदहरू दुष्ट हुन्छन तिनीहरूको उदाहरण त्यस्तै हो जस्तै कोही भट्टीको आगोमा बारम्बार फुक्छ। त्यसले त कुनै आगाको झिल्को उडेर आएर त्यसका कपड़ा जलाउनु अथवा कोयलाहरूको दुर्गन्धले त्यसको टाउको दुख्नुबाहेक केही आशा राख्न सक्दैन। (मुस्लिम, कितुल बिर्र व सिला)

उहाँ आफ्ना सहाबाहरूलाई बारम्बार के उपदेश दिनुहुन्थ्यो भने, ‘‘मानिसका स्वभावहरू त्यस्तै बन्न जान्छन जस्तो सभा संगतमा त्यो बस्ने गर्छ। त्यसकारण सदा सुसंगत अपनाउने गर।

## मानिसहरूको ईमान (अस्था)को सुरक्षाको चिन्ता

कसैलाई पनि ठोकर नलागोस भन्ने उहाँको सदा ख्याल रहन्थ्यो। एकपटक उहाँ मस्जिदमा बसिरहनु भएको थियो त्यही अवसरमा उहाँकी पत्नी सफिया बिन्त हुई उहाँलाई भेट्न आइन। वार्तालापमा लामो समय बित्यो र उहाँले तिनलाई घरसम्म पुऱ्याएर आउनु उचित ठान्नुभयो। जब उहाँ तिनलाई घरसम्म पुऱ्याउन जाइरहनु भएथ्यो मार्गमा दुईजना व्यक्तिहरूसित भेट भयो। तिनीहरूका मनमा हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) कुनै महिलासित रात्रिसमयमा कहाँ गइरहनु भएछ भन्ने आशंका उत्पन्न

हुनसक्छ भन्ने ठानी उहाँले तिनीहरूलाई रोकेर भन्नुभयो, ''हेर, यी मेरी पत्नी सफिया हुन।'' तिनीहरूले भने, ''हे अल्लाहका रसूल! हामीलाई हजूरप्रति सन्देह (कुभावना) कसरी हुनसक्छ र? उहाँले भन्नुभयो, सैतान मानिसको रक्तमा फिरने गर्छ त्यसकारण तिमीहरूको ईमान डग्मगाउलाकि भनी डराएँ।

(बुखारी, किताबुल इअतकाफ)

## अरूका अवगुणहरू लुकाउनु

यदि कसैको अवगुण अथवा दोष उहाँका दृष्टिमा आएमा उहाँ त्यसलाई गुप्त राख्नुहुन्थ्यो। र यदि कसैले आफ्नो दोष अथवा अवगुण प्रकट गरेमा त्यसलाई दोष प्रकट गर्नबाट रोक्नुहुन्थ्यो। उहाँ भन्ने गर्नुहुन्थ्यो, ''जो व्यक्ति कोही अन्य व्यक्तिको दोष या पाप संसारमा गुप्त राख्छ अल्लाह तआलाले त्यसका पाप प्रलयका दिन गुप्त राख्नेछन।

(मुस्लिम, किताबुल बिर्र वस्सिला)

उहाँ भन्नुहुन्थ्यो, ''मेरा अनुयायीहरूमध्ये प्रत्येक व्यक्तिको पाप मेटिनेछ (अर्थात प्रायश्चित) परन्तु जसले आफ्ना पापहरूबारे स्वयं चर्चा गर्दै हिड्छन तिनीहरूको कुनै उपचार हुनसक्दैन। पुनः उहाँ भन्नुहुन्थ्यो, ''स्वयं प्रकट गर्नुको तात्पर्य के हो भने एउटा व्यक्तिले रात्रि समयमा दुष्कर्म गर्छ र अल्लाह तआलाले त्यस पापलाई ढाकिदिन्छन परन्तु बिहान भएपछि त्यो व्यक्तिले आफ्ना मित्रहरूलाई भेटेर ऐ फलाना! राति मैले यो काम गरेको थिएँ, ऐ फलाना! राति मैले यो काम गरेको थिएँ भनी चर्चा गर्छ। राति खुदाले त्यसको पापलाई ढाकेका थिए परन्तु बिहान त्यसले आफ्नो पाप स्वयं प्रकट गर्‍यो।'' (बुखारी, किताबुल अदब)

केही व्यक्ति भूलवश पाप प्रकट गर्नाले प्रायश्चित्तको अवसर

प्राप्त हुन्छ भन्ने ठान्छन। परन्तु पाप प्रकट गर्नाले प्रायश्चितको अवसर मिल्दैन अपितु पाप प्रकट गर्नाले निर्लज्जता उत्पन्न हुन्छ। पाप निश्चितरूपमा नराम्रो वस्तु हो। परन्तु जो व्यक्तिहरू पाप गर्छन र तिनीहरूका मनमा पश्चात्ताप र पछुतो उत्पन्न हुन्छ तिनीहरूका लागि प्रायश्चित्तको मार्ग खुल्ला छ र तक्वा (खुदाको डर) तिनीहरूका पछि पछि आइरहेको हुन्छ। कुनै न कुनै पुण्य घडी यस्तो आउँछ जसमा तकवाको जीत हुन्छ र पापले पलायन गर्छ। परन्तु जसले आफ्ना पापहरू फैलाउँछन र तिनीहरूप्रति गर्व गर्छन तिनीहरूका मनबाट पापको पछुतो मेटिन जान्छ र जब पापको पछुतो मेटिन जान्छ तब पश्चात्तापको प्रश्नै उठ्दैन।

एकपटक हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का सेवामा एउटा व्यक्ति उपस्थित भयो र भन्नलाग्यो, ''हे अल्लाहका रसूल! मैले व्यभिचार गरें।'' व्यभिचार इस्लामका दण्डनीय अपराधहरूमध्ये एउटा अपराध हो। अर्थात जहाँ इस्लामी विधान जारी छ त्यहाँ यस्तो व्यक्ति जसमाथि इस्लामी सिद्धान्तनुसार व्यभिचार प्रमाणित हुन्छ त्यसलाई शारीरिक दण्ड दिइन्छ। जब त्यस व्यक्तिले हे अल्लाहका रसूल मैले व्यभिचार गरें भनी भन्यो तब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले त्यसका तर्फबाट आफ्नो मुख अर्को तर्फ फर्काउनु भयो र अन्य कुराहरूमा व्यस्त हुनुभयो। वस्तुत: उहाँले त्यसलाई खुदाले जसको पापलाई गुप्त राखेका छन त्यसको उपचार प्रायश्चित्त हो, प्रकट गर्नु होइन भनी बताउनु भइरहेथ्यो। परन्तु त्यसले यस कुरालाई बुझेन र सम्भवत: उहाँले मेरो कुरो सुन्नुभएन होला भनी उहाँ जता मुख गरेर बस्नुभएको थियो त्यतै उहाँका मुखका सामुन्ने गएर उभियो र पुन: भन्यो, ''हे अल्लाहका रसूल! मैले व्यभिचार गरें।'' पुन: उहाँले आफ्नो मुख अर्कोतर्फ फर्काउनु भयो। तबपनि त्यसले बुझेन र दोस्रोतर्फ आएर त्यसले पुन: आफ्नो कुरो दोहोऱ्योयो। उहाँले पुन: त्यसतर्फ ध्यान

दिनुभएन र दोस्रोतर्फ मुख फेर्नुभयो। पुनः त्यो व्यक्ति त्यसतर्फ उभियो जता उहाँको मुहार थियो र चौथो पटक उसले आफ्नो त्यही कुरो बतायो। तब उहाँले भन्नुभयो, ''म त यसले आफ्नो पापको तबसम्म. स्वयं चर्चा नगरोस जबसम्म खुदाले यसको पकड़को निर्णय गर्दैनन भन्ने चाहन्थें परन्तु यसले चारपटक स्वयं आफुविरुद्ध साक्षी दियो त्यसकारण अब म वाध्य भएँ।''

(तिरमिज़ी, अब्वाबुल हदूद)

त्यसपछि उहाँले भन्नुभयो, ''यस व्यक्तिले स्वयं आफैमाथि आरोप लगाएको छ। जससित व्यभिचाार गरेको यसले दावी गरेको छ त्यस महिलाले आरोप लगाएको होइन त्यसकारण त्यस महिलासित सोध। यदि त्यसले अस्वीकार गरेमा त्यसलाई केही नभन र यसलाई यसको स्वीकारोक्ति अनुसार दण्ड देऊ। परन्तु यदि त्यस महिलाले पनि स्वीकार गरेमा त्यसलाई पनि दण्ड देऊ। हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को तरीका के थियो भने जुन कुराहरूका बारेमा कुरआनको शिक्षा अवतीर्ण भएको हुदैनथ्यो ती कुराहरू र विषयहरूका बारेमा उहाँ तौरातको शिक्षा लाई मान्नु हुन्थ्यो। तौरातको शिक्षानुसार व्यभिचारीका लागि संगसारी (दुङ्गा हिर्काएर मार्ने) आदेश थियो। अतः उहांले पनि त्यस व्यक्तिलाई संगसार गर्ने आदेश दिनुभयो। जब मानिसहरू त्यसमाथि दुङ्गा फ्याकन लागे तब त्यो भाग्न लाग्यो। परन्तु मानिसहरूले दौडेर त्यसलाई पक्रे र तौरातको शिक्षानुसार त्यसको हत्या गरे। जब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई त्यसको सूचना मिल्यो तब उहाँले त्यस घटनालाई मन पऱ्याउनु भएन। उहाँले भन्नुभयो, त्यसलाई उसको आफ्नो स्वीकारोक्ति अनुसार नै दण्ड दिइएको हो। जब त्यो भाग्यो तब त्यसले आफ्नो स्वीकारोक्तिलाई फिर्ता लिएको थियो त्यसकारण त्यसपछि त्यसलाई संगसार गर्ने तिमीहरूको अधिकार थिएन। त्यसलाई छाडिदिनु पर्थ्यो।''

(तिरमज़ी अब्वाबुल हदूद) उहाँ सदा धार्मिक विधानको उपयोग र प्रयोग स्पष्ट र प्रकाश्य कुराहरूमाथि हुनुपर्छ भन्ने आदेश दिनुहुन्थ्यो। एकपटक एउटा युद्धमा केही सहाबाहरू गएका थिए मार्गमा एउटा यस्तो मुश्रिक (मूर्तिपूजक) देखापऱ्यो जो यताउता जंगलमा लुक्दै हिडथ्यो। जब त्यसलाई कुनै एक्लो मुसलमान देखापऱ्थ्यो तब त्यसमाथि आक्रमण गरी मारिदिन्थ्यो। उसामा बिन ज़ैदले त्यसको पछि लागेर त्यसलाई एक ठाउँमा पुगेर पक्रे र त्यसलाई मार्नका लागि तरवार उठाए। जब त्यसले स्वयंलाई असहाय पायो तब त्यसले ''ला इलाहा इल्लल्लाह'' (अर्थात अल्लाहबाहेक अन्य कोही उपास्य छैन) पढ्यो र त्यसले यो पढनुको तात्पर्य म मुसलमान भएँ भन्नु थियो। परन्तु उसामाले त्यसको कुरोलाई ध्याल दिएनन र त्यसलाई मारे। जब हज़रत मुहम्मद मुस्तफा (सल्लम) लाई उक्त लडाईंको सूचना दिन एउटा व्यक्ति मदीना पुग्यो तब त्यसले लडाईंका सबै घटनाहरूको वर्णनका क्रममा त्यो घटना पनि उहाँलाई सुनायो। त्यसपछि उहाँले उसामालाई बोलाउनु भयो। तथा तिनलाई सोध्नु भयो, ''के तिमीले त्यस मानिसलाई मारिदियौ?'' उनले भने, ''हो, मारि दिएँ। उहाँले भन्नुभयो, ''प्रलयका दिन जब तिम्रा विरुद्ध ''ला इलाला इल्लल्लाह'' ले साक्षी दिनेछ तब तिमी के गर्ने छौ। अर्थात खुदा तआलाका तर्फबाट त्यस व्यक्तिले ''ला इलाहा इल्लल्लाह'' भनेको थियो भने तिमीले त्यसलाई किन माऱ्यौ। यद्यपि त्यो व्यक्ति ज्यानमारा थियो परन्तु त्यसले प्रायश्चित्त गरिसकेको थियो भनी प्रश्न गरिनेछ। हज़रत उसामाले निकैपटक हे अल्लाहका रसूल! त्यसले त डराएर ईमान प्रकट गरिरहेथ्यो भनी उत्तर दिए । त्यसप्रति उहाँले भन्नुभयो, ''के तिमीले त्यो व्यक्ति मिथ्या बोलिरहेछ भनी त्यसको मुटु चिरेर हेरेका थियौ?'' त्यसपछि बारम्बार तिमी प्रलयका दिन जब त्यसको

''ला इलाहा इल्लल्लाह'' लाई तिम्रो सामुन्ने प्रस्तुत गरिनेछ तब के उत्तर दिनेछौ भनी दोहोऱ्याइ रहनुभयो। उसामा वर्णन गर्छन, ''त्यससमय मेरो मनमा हाय! मैले आज मात्र इस्लाम ग्रहण गरेको भए र यो क्रिया मबाट नभएको भए (कति उत्तम हुनेथियो) भन्ने इच्छा जाग्यो।'' (मुस्लिम, किताबुल ईमान)

पाप र त्रुटिको क्षमाप्रति उहाँ अत्यन्त ध्यान राख्नुहुन्थ्यो। जब केही व्यक्तिहरूले उहाँकी पत्नी हज़रत आइशामाथि मिथ्यारोप लगाए र ती मिथ्यारोप लगाउनेहरूमध्ये एउटा यस्तो व्यक्ति थियो जसलाई हज़रत अबूहुरैराले पालेका थिए। जब त्यो आरोप मिथ्या प्रमाणित भयो तब हज़रत अबूबकरले क्रोधवश त्यस व्यक्तिको पालनपोषण बन्द गरिदिए अतः संसारको कुन व्यक्तिले त्योबाहेक अन्य निर्णय लिन सक्थ्यो र? कतिपय व्यक्तिहरूले त यस्तो मानिसलाई मारि नै दिन्छन। परन्तु हज़रत अबूबकरले केवल त्यसको पालनपोषण बन्द गरिदिए। जब हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)लाई ज्ञात भयो तब उहाँले हज़रत अबूबकरलाई त्यो व्यक्तिले भूल गऱ्यो र त्यसले पाप गऱ्यो परन्तु तिमीले एउटा व्यक्तिको त्रुटि र पापका कारण त्यसको खानपिनबाट त्यसलाई वञ्चित गर्नु तिम्रो प्रतिष्ठा र निष्ठाविरुद्ध कार्य हो भनी सम्झाउनु भयो। अतः हज़रत अबूबकरले उहाँको आदेश सुनेर पुनः त्यसको पालन-पोषण आरम्भ गरे। (बुखारी, किताबुत्तफसीर)

## ध्यैर्य

मोमिन (विश्वासीजन)का निम्ति त संसारमा भलाई (पुण्य) नै भलाई रहेको छ। तथा मोमिनबाहेक अन्य कसैलाई यो स्थान प्राप्त हुदैन। यदि उसलाई कुनै सफलता प्राप्त हुन्छ तब उसले खुदाको धन्यवाद ज्ञापन गर्छ र अल्लाह तआलाको बख्शिशको

पात्र बन्नजान्छ र यदि उसलाई कुनै कष्ट पुगेमा उसले ध्यैर्य धारण गर्छ र यसप्रकार पनि खुदा तआलाको बख्शिशको पात्र बन्नजान्छ।'' (मुस्लिम, किताबुज़्ज़ुहद)

जब उहाँको मृत्युघड़ी निकट आयो र उहाँ बिमारीको पीड़ामा छटपटाइ रहनुभएको थियो तब उहाँकी पुत्री फातिमाले एकपटक व्याकुल भएर भनीन, ''हाय! म आफ्ना पिताको पीड़ा देख्न सक्दिन। उहाँले सुन्नुभयो र भन्नुभयो, ''ध्यैर्य गर, आजबाट तिम्रा पितालाई कुनै पीडा हुनेछैन।''

(बुखारी, किताबुल मग़ाज़ी)

अर्थात मेरा पीडाहरू यस भौतिक संसारसम्म सीमित छन। आज म आफ्ना प्रभु (पालनहार)का चरणमा जानेछु त्यसपछि मेरानिम्ति पीडा र कष्टको कोही क्षण आउनेछैन। यसैक्रममा यो घटना पनि उल्लेखनीय छ र त्यो के हो भने उहाँ छुत र फैलिने बिमारीहरूका समयमा एउटा शहर छाडि अर्को शहरतर्फ भाग्न मन पऱ्याउनु हुदैनथ्यो किनभने यसप्रकार एकठाउँको रोग दोस्रो ठाउँमा फैलिन जान्छ। उहाँ भन्नुहुन्थ्यो, यदि यस्तो रोगको ठाउँमा कुनै व्यक्ति ध्यैर्यपूर्वक बसिरहेमा र दोस्रो ठाउँमा त्यस महामारीलाई फैलाउने कारण नबनेमा यदि त्यस व्यक्तिको मृत्यु भएमा त्यो शहीद हुनेछ।'' (बुखारी, किताबुत्तिब)

## परस्पर सहयोग

उहाँ सँधै आफ्ना सहाबाहरूलाई परस्पर सहयोगका साथ काम गर्नेगर भनी उपदेश दिनुहुन्थ्यो। अतः आफ्ना अनुयायीहरूको जमाअतका निम्ति उहाँले यदि कुनै व्यक्तिबाट यस्तो कुनै अपराध भएमा जसको जरिमानाको रूपमा उसले कुनै रकम भर्नु परेमा र त्यसमा त्यसको सामर्थ्य नरहेमा त्यसका गाउँका अथवा शहरका

या जातिका मानिसहरू मिलेर त्यसको जरिमाना चुक्ता गरून भन्ने सिद्धान्त निश्चित गर्नुभएको थियो।

केही मानिसहरू जो धर्मको सेवाका लागि उहाँका चरणमा आउँथे तिनीहरूका नातेदारहरूलाई तिनीहरूको खर्चा उठाउन र तिनीहरूको खाँचो पूरा गर्न उहाँ उपदेश दिनुहुन्थ्यो । हज़रत अनस वर्णन गर्छन, हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम)का समयमा यस्ता दुईजना दाजुभाई मुसलमान भए जसमध्ये एउटा उहाँको संगतमा रहनलाग्यो र दोस्रो आफ्नो कामकाजमा व्यस्त रहयो। त्यो आफ्नो काम गर्ने भाईले एकदिन उहाँका चरणमा आफ्नो दोस्रो भाईको सिकायत गऱ्यो र भन्यो, ''यो निकम्मा बसिरहन्छ, कुनै काम गर्दैन ।'' उहाँले भन्नुभयो, ''त्यसो नभन। खुदा तआला यसैको माध्यमले तिमीलाई अन्न पानी दिइरहेछन त्यसकारण यसको सेवा गर र यसलाई धर्मको (सेवाका) लागि खुल्ला छाडिदेउ।'' (तिर्मज़ी, किताबुल ज़ुहद)

एकपटक हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)ले यात्रा आरम्भ गर्नुभयो र मार्गमा एउटा बिसौनीमा डेरा लगाउनु भयो र सहाबाहरू तम्बु गाडनका लागि मैदानमा फैलिए र डेराका लागि अन्य सामग्रीहरू जुटाउन लागे। तिनीहरूले सबै कामहरू एक आपसमा बाँडे तर हज़रत मुहम्मद (सल्लम)का जिम्मा कुनै काम लगाएनन। उहाँले भन्नुभयो, ''तिमीहरूले मेरा जिम्मा कुनै काम लगाएनौ म खाना पकाउनका लागि दाउरा खोज्नेछु।'' सहाबाहरूले भने, ''हे अल्लाहका रसूल! हामी काम गर्नका निम्ति हाजिर छौं हजूरले गर्नु के आवश्यक छ?'' उहाँले भन्नुभयो, ''होइन! होइन! काममा भाग लिनु मेरो पनि कर्तव्य हो।'' अत: उहाँले जंगलमा गएर खाना पकाउनका लागि दाउरा जम्मा गर्नुभयो।'' (ज़रकानी, भाग 4, पृष्ठ 265)

# त्रुटिमार्जना

उहाँ सँधै बिनाकारण अरूका कामहरूको आलोचना गर्ने नगर र यस्ता मामिलाहरूमा हस्तक्षेप नगर जसको तिमीहरूसित कुनै सरोकार छैन किनभने यसप्रकार अशान्ति उत्पन्न हुन्छ भनी उपदेश दिने गर्नुहुन्थ्यो। उहाँ भन्नुहुन्थ्यो, ‘‘मानिसको इस्लामको सर्वोत्तम नमूना के हो भने जुनकुराको उससित प्रत्यक्ष सम्बन्ध छैन त्यस कुरामा बिनाकारण हस्तक्षेप नगरोस।’’ उहाँको यो स्वभाव (सदाचार) यस्तो उत्तम रहेको छ जसको अनुकरण गरी संसारमा शान्ति स्थापना गर्न सकिनेछ। हजारौं हज़ार बिगाडहरू संसारमा किन उत्पन्न हुन्छन भने मानिसहरू सङ्कटग्रस्तहरूको र पीडितहरूको सहयोगका लागि तयार हुदैनन परन्तु बिनाकारण मानिसहरूका मामिलाहरूप्रति आपत्ति र आचोचना गर्न भने तयार हुन्छन।

# सत्य

हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को सत्यको स्तर अत्यन्त उच्च थियो त्यसैले उहाँलाई उहाँका जातिका मानिसहरूले सदीक (सत्यवादी) भन्ने गर्थे। (बुखारी, किताबुत्तफसीर)

आफ्ना अनुयायीहरूलाई पनि उहाँ सदा सत्यमा चल्ने र सत्य बोल्ने उपदेश दिनुहुन्थ्यो। उहाँले तिनीहरूलाई हर प्रकारका मिथ्याको मिलावट र मिश्रणबाट पवित्र अति उच्च स्तरको सत्यमा कायम गर्ने प्रयास गर्नुहुन्थ्यो। उहाँ भन्नुहुन्थ्यो ‘‘सत्यले पुण्यतर्फ ध्यानाकर्षित गर्छ र पुण्यले मानिसलाई स्वर्गको योग्य बनाउँछ। सत्यको वास्तविक दर्जा र परिभाषा के हो भने मानिसले सदा सत्य बोलोस र अन्ततः खुदा तआलाका दृष्टिमा पनि त्यो

सत्यवादी ठहरोस।'' (बुखारी, किताबुल अदब)

एकपटक हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) का निकट एउटा व्यक्ति बन्दीको रूपमा आयो जसले धेरैजना मुसलमानहरूको हत्या गरेको थियो। हज़रत उमर त्यसलाई मृत्युदण्ड योग्य ठान्थे। त्यैसेले उनी बारम्बार हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)का मुहारतर्फ उहाँको संकेत पाएर त्यसको हत्या गर्नका निम्ति टकटकी लगाएर हेरिरहेथे। जब त्यो उठेर गयो तब हज़रत उमरले भने, ''हे अल्लाहका रसूल! त्यो व्यक्ति त मृत्युदण्ड योग्य थियो।'' उहाँले भन्नुभयो, ''यदि मृत्युदण्ड योग्य थियो भने तिमीले त्यसको हत्या किन गरेनौ त?'' उनले भने, ''हे अल्लाहका रसूल! यदि हजूरले आँखाको सङ्केत द्वारा बताएको भए म हत्या गर्ने थिएँ।'' उहाँले भन्नुभयो, ''नबी (पैगम्बर) धोकेबाज़ हुदैन। म त्यससित मुखले प्रेमपूर्वक वार्ता गरुँ र आँखाले भने त्यसको हत्या गर्ने सङ्केत गरुँ यो कदापि सम्भव थिएन।''

(सीरत, इब्ने हश्शाम, भाग 2, पृष्ठ 217)

एकपटक एउटा व्यक्तिले हज़रत मुहम्मद (सल्लम) का सेवामा उपस्थित भएर भन्यो, ''हे अल्लाहका रसूल! ममा तीनवटा दोषहरू छन। मिथ्या, मदिरापान तथा व्यभिचार । मैले यी दोषहरू मबाट छुटून भनी धेरै प्रयास गरें परन्तु सफल हुन सकिनँ। हज़ूर कोही उपचार बताउनुहोस।'' उहाँले भन्नुभयो, ''एउटा दोष त्यागने मसित तिमी वाचा गर। दुईवटा म छुटाउने छु।'' त्यसले भन्यो, ''भन्नुहोस कुन चाहिँ दोष त्याग गर्ने हो म वाचा गर्छु। उहाँले भन्नुभयो, ''मिथ्या त्याग।'' केही दिनपछि त्यो व्यक्ति पुनः उपस्थित भयो र भन्नलाग्यो, ''मैले हजूरको आदेश पालन गरें र मेरा सबै दोषहरू छुटे। उहाँले भन्नुभयो, ''भन के घटना घट्यो?'' उसले भन्यो, ''मेरो मनमा एकदिन मदिरापान गर्ने इच्छा जाग्यो र म मदिरापान गर्न उठें। त्यहीबेला

मेरो मनले भन्यो, यदि मेरा मित्रहरूले मलाई के तिमीले मदिरा पान गऱ्यौ भनी सोधेमा, पहिला त म मैले गरेको छैन भनी मिथ्या बोल्थें परन्तु अब मैले साँचो बोल्ने वाचा गरेको छु त्यसकारण यदि मैले पिएको छु भनी साँचो बोलेमा मेरा मित्रहरू मबाट अलग्ग हुनेछन र यदि मैले पिएको छैन भनी मिथ्या बोलेमा वचन तोड्ने अपराध गर्नेछु। अत: मैले मनैमनमा अहिले पिउँदिन फेरी फेरी पिउँला भनी सोचें। यसैगरी मेरो मनमा व्यभिचारको इच्छा जाग्यो र त्यसका सम्बन्धमा पनि मेरो मनमा त्यही कुराहरू आए र मेरा मित्रहरूले मलाई सोधेमा मैले के उत्तर दिने भन्ने चिन्ता जाग्यो। यदि मैले हो व्यभिचार गरें भनी साँचो भनेमा मेरा मित्रहरूले मलाई त्यागने छन र यदि होइन भनी उत्तर दिएमा मिथ्या हुनेछ र मिथ्या नबोल्ने वाचा मैले गरिसकको छु। यसैगरी म र मेरो मनका बीचमा केही दिनसम्म यो तर्कवितर्क चलिरह्यो। केही समयसम्म ती दुवैवटा दोषहरूबाट बच्नाले अन्तत: मेरो मनबाट तिनीहरूको चाहना पनि मेटियो र सत्यलाई अपनाउनाले मैले अन्य दोषहरूबाट पनि मुक्त पाएँ।''

## टोहो र जासूसी गर्न मनाही तथा सद्भावना राख्ने आदेश

हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) टोहो लगाउन र जासूसी गर्न मनाही गर्नुहुन्थ्यो र एक आपसमा सद्भावना राख्ने आदेश दिनुहुन्थ्यो । हज़रत अबूहुरैरा वर्णन गर्छन, ''उहाँको आदेश के थियो भने- ''कु-भावनाबाट बच किनभने कुभावना सबैभन्दा ठूलो मिथ्या हो र टोहो नलगाऊ। तथा हेला गरेर मानिसहरूका नाम बिगारेर नराख तथा इर्श्या नगर र परस्पर एक आपसमा

द्वेषभाव नराख तथा सबैले आफुलाई खुदाका भक्त ठान र परस्पर एक अर्कालाई त्यसरी नै भाई-भाई मान जस्तो खुदाको आदेश रहेको छ।'' (बुखारी, किताबुल अदब)

पुनः उहाँले भन्नुभयो, ''स्मरण राख, प्रत्येक मुसलमान अर्को मुसलमानको भाई हो। न उसले त्यसमाथि अतचार गर्छ न सङ्कटका समयमा त्यसको साथ छोड्छ न त धन अथवा ज्ञान या अन्य कुनै वस्तुको कमिका कारण त्यसलाई निम्न ठान्छ। तक्वा (खुदाको डर) मानिसको हृदयबाट उत्पन्न हुन्छ। आफ्नो भाईलाई तुच्छ ठान्नाले मानिस निश्चितरूपमा दूषित ठहर्छ। प्रत्येक मुसलमाथि उसका अन्य मुसलमान भईको ज्यान, र त्यसको प्रतिष्ठा र त्यसको धनमाथि आक्रमण गर्नु अवैध ठहऱ्याइको छ। अल्लाह तआलाले न शरीरलाई हेर्छन न सौन्दर्यलाई हेर्छन न त तिमीहरूका कर्महरूको बाहियक रूप र अवस्थालाई हेर्छन अपितु उनले तिमीहरूको हृदयलाई हेर्छन।''

(मुस्लिम, किताबुल बिर्र वस्सिला)

# सौदा र लेन देनका सम्बन्धमा धोकाबाजी र ठगीप्रति घृणा

मुसलमानहरूमा धोका र ठगीको कुनै कुरो नपाइयोस भन्ने ध्यान उहाँ अत्यधिक राख्नुहुन्थ्यो। एकपटक उहाँ बजार जानुभएको थियो त्यहाँ उहाँले अन्नको एउटा थुप्रो नीलाम हुदैगरेको देख्नुभयो। उहाँले अन्नको थुप्रोभित्र आफ्नो हात हाल्नुभयो तब के देखियो भने बाहिरतर्फ त त्यो अन्न सुकेको थियो तर भित्रीतर्फ भने गिलो थियो। उहाँले आफ्नो हात निकालेर यो के कुरो हो भनी त्यस अन्नको धनीलाई सोध्नुभयो।

उसले भन्यो, “हे अल्लाहका रसूल! पानी परेको थियो त्यसैले अन्न गिलो भयो।” उहाँले भन्नुभयो, “ठीक छ, परन्तु तिमीले गिलो भागलाई बहिरपट्टि किन राखेनौ त्यसो गरेको भए मानिसहरूलाई थाहा लाग्नेथियो।” पुनः उहाँले भन्नुभयो, “जो व्यक्ति मानिसहरूलाई धोका दिन्छ त्यो समाजको लाभदायक र योग्य व्यक्ति हुनसक्दैन।” (तिरमज़ी, अब्वाबुल बयूअ)

व्यपारमा धोकाबाजी हुनुहुदैन भनी उहाँले विशेष आदेश दिनुभएको थियो। यसैगरी कुनै वस्तु नहेरिकन किन्नु हुदैन र सौदामाथि सौदा हुनुहुदैन तथा जब भाउ बढ्नेछ तब बेच्नेछु भनी समानलाई रोकेर राख्नुहुदैन अपितु खाँचोपरेका हरूलाई साथका साथ वस्तुहरू दिदैर्गनुपर्छ भनी आदेश दिनुभएको थियो।

# निराशा

उहाँ निराशात्मक कुराहरूलाई मन पऱ्याउनु हुदैनथ्यो। जो व्यक्ति मानिसहरूमा निराशाजनक कुराहरू गर्छ त्यो व्यक्ति तिनीहरूको विनाशको उत्तरदायी हुन्छ भन्ने उहाँको भनाइ थियो।
(मुस्लिम, किताबुल बिर्र वस्सिला)

वस्तुतः केही यस्ता कुराहरू रहेका छन जसलाई फैलाउनाले मानिसहरूको साहस टुट्छ र तिनीहरू निरुत्साह र अवनतितर्फ खस्कन लाग्छन। जसरी गर्व र अहङ्कारबाट उहाँ मनाही गर्नुहुन्थ्यो त्यसरी नै यी कुराहरूले पनि वस्तुतः समाजलाई विनाशतर्फ धकेल्छन । यी दुवै कुराहरूका बीचको मार्ग उत्तम हुन्छ। अर्थात न मानिसले घमण्ड र अहंकारको मार्ग अपनाओस न त निरुत्साह र निराशाको मार्ग अपनाओस अपितु मानिसले कार्य गरोस र परिणाम र फलको आशा खुदा तआलामाथि राखोस। आफ्नो जाति र समाजको विकास र उन्नतीको इच्छा

मानिसमा होस परन्तु घमण्ड र अहंकार उत्पन्न नहोस।

## पशुहरूसित सद्व्यवहार

उहाँ पशुहरूमाथिको अत्याचारलाई मन पऱ्याउनु हुदैनथ्यो। उहाँ भन्नुहुन्थ्यो, ''बनी इस्राईल (जाति) की एउटी महिलालाई (अल्लाह तआलाको तर्फबाट) त्यसले आफ्नो बिरालोलाई भोकै मारेकाले दण्ड दिइएको थियो।'' उहाँ के पनि भन्नुहुन्थ्यो भने, अतीतका जातिहरूमा एउटा व्यक्ति यस्तो थियो जसले एउटा प्यासो कुकुरलाई देख्यो। निकटमै एउटा खाडल थियो जसबाट त्यस कुकुरले पानी पिउन सक्दैनथ्यो अतः त्यस व्यक्तिले आफ्नो जुत्ता उतार्‍यो र खाडलमा त्यो जुत्ता डुबाएर त्यसमा पानी निकाल्यो र त्यस कुकुरलाई पिलायो। त्यस पुण्यका कारण खुदातआलाले त्यस व्यक्तिका अतीतका सबै पापहरू क्षमा गरिदिए।'' (बुखारी, किताबुल मुज़ालिम)

हज़रत अब्दुल्लाह बिन मसओद वर्णन गर्छन, ''एकपटक हामी उहाँसित यात्रा गरिरहेथ्यौं। हामीले ढुकुरका दुईवटा साना बच्चाहरू देख्यौं। हामीले ती बच्चाहरूलाई पक्रयौं। जब ढुकुर आयो तब त्यो आत्तिएर चारैतर्फ उड्न लाग्यो। त्यहीबेला उहाँपनि उपस्थित हनुभयो र उहाँले भन्नुभयो, ''यस पक्षीलाई यसका बच्चाहरूका कारण कसले दुख दियो? तत्काल त्यसका बच्चाहरूलाई छाडिदेऊ ता त्यसलाई शान्ति मिलोस ।'' (अबू दाऊद, किताबुल जिहाद) एसैगरी हज़रत अब्दुल्लाह बिन मसओदको के पनि वर्णन छ भने, एकपटक हामीले कमिलाहरूको एउटा दुलो देख्यौं र हामीले सुकेको घाँस हालेर त्यसलाई जलायौं। त्यसप्रति हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम) ले भन्नुभयो, ''तिमीहरूले किन त्यसो गर्‍यौ? त्यसो गर्नु उचित छैन।'' (अबू दाऊद, किताबुल जिहाद)

एकपटक उहाँले एउटा गधाको मुखमा डामेर चिह्न लगाउँदै गरेको देख्नुभयो। उहाँले भन्नुभयो, ''यस्तो चिह्न किन लगाइरहेछौ? रोमीहरूकहाँ राम्रो जातको गधाको पहिचानका लागि चिह्न लगाउने चलन छ भनी मानिसहरूले भने। उहाँले भन्नुभयो, ''तिमीहरू त्यसो नगर।'' अतः त्यही समयदेखि मुसलमानहरूले पशुहरूको मुखलाई छाडि पिठ्युँमा चिह्न लगाउने गर्छन र यसलाई देखादेखी यूरोपेलीहरू पनि पिठयुँमा नै चिह्न लगाउँछन।

# धार्मिक सद्भावना र सम्मान

उहाँ धार्मिक सद्भावना र सौहार्दप्रति अति जोड दिनुहुन्थ्यो र यस सम्बन्धमा उहाँको आफ्नो आदर्श पनि अति उच्च थियो। एकपटक यमन देशको एउटा ईसाईसमूह उहाँसित धार्मिक वार्तालापका लागि आयो। तिनीहरूमा तिनका ठूला ठूला पादरी (धर्मगुरु) हरू पनि थिए। मस्जिदमा बसेर वार्तालाप आरम्भ भयो र त्यो वार्तालाप निकै लामो चल्यो। त्यही क्रममा तिनीहरूको एउटा पादरीले हाम्रो उपासनाको समय भयो हामी बाहिर गएर आफ्नो उपासना गरेर आउँछौं भनी भन्यो। हज़रत मुहम्मद रसूल्लाह (सल्लम) ले भन्नुभयो, ''बाहिर जाने के आवश्यक छ? हाम्रो मस्जिद भित्रै आफ्नो उपासना गर । हाम्रो मस्जिद खुदाको स्तुति र प्रार्थनाका लागि नै निर्माण गरिएको हो।''

(ज़र्कानी भाग 4, पृष्ठ 41)

# बहादुरी

उहाँको बहादुरीका धेरै घटनाहरू उहाँको जीवनीमा वर्णन गरिएको छ। एउटा घटना यहाँ वर्णन गरिन्छ। जब मदीनामा

रोमको सरकारले एउटा ठूलो लश्कर मदीनामाथि आक्रमण गर्नका लागि पठाउन लागेको छ भन्ने हल्ला चल्यो तब मुसलमानहरू विशेषरूपमा रात्रिसमयमा सावधान र सगज रहन्थे। एकपटक बाहिर जंगलबाट हो-हल्ला सुनियो। सहाबाहरू चाँडो-चाँडो गरी आ-आफ्ना घरबाट निस्किए र केही यता उता दौड्न लागे र केही मस्जिदमा आएर जम्मा भए र हज़रत मुहम्मद रसूल्लाह (सल्लम)ले घरबाट निस्किएर जे आदेश दिनुहुनेछ त्यसको पालन गर्नेछौं तथा खतरा रहेमा त्यसलाई दूर गर्नेछौं भनी प्रतीक्षा गर्नलागे। जब तिनीहरू उहाँ घरबाट निस्कनु हुनेछ भनी प्रतीक्षा गरिरहेथे तब तिनीहरूले उहाँलाई एक्लै घोडामाथि सवार भएर बाहिरतर्फबाट आँउदै गरेको देखे। हल्लाको पहिलो शब्द सुन्नासाथ उहाँ घोडामा सवार भएर केही खतराको कुरो त होइन भनी जान्नका लागि जंगलमा जानुभएको थियो भन्ने ज्ञात भयो। उहाँले सहाबाहरू जम्माहोलान र तिनीहरूसित मिलेर बाहिरतर्फ जाउँला भनी प्रतीक्षा गर्नुभएन अपितु एक्लै बाहिर जानुभयो र वास्तविक कुराको जानकारी लिएर फर्कनुभयो। र सहाबाहरूलाई खतराको कुनै कुरो छैन तिमीहरू निश्चिन्त भएर आ-आफ्ना घर गएर विश्राम गर भनी शान्तिको सन्देश दिनुभयो।

(बुखारी, बाबुश्शुजाअः फिल हरब)

## कमबुद्धि रहेका मानिसहरूसित स्नेहपूर्ण व्यवहार

कमबुद्धि वा हीनबुद्धि रहेका व्यक्तिहरूसित उहाँ अत्यन्त प्रेम र स्नेहपूर्ण व्यवहार गर्नुहुन्थ्यो। एउटा देहाती व्यक्ति जो नयाँ-नयाँ मुसलमान भएको थियो त्यसलाई एकपटक उहाँको मस्जिदमा बसिरहेको अवस्थामा पिसाब आयो र त्यो उठेर मस्जिदको एउटा कुनामा गएर पिसाब गर्नलाग्यो। सहाबाहरूले त्यसलाई

मनाही गर्नलागे तब उहाँले तिनीहरूलाई रोक्नुभयो र भन्नुभयो, ‘‘त्यसप्रकार त्यसलाई हानि पुग्नेछ त्यसो नगर। अपितु जब त्यसले पिसाब गरिसक्ने छ तब त्यस ठाउँमा पानी उडेलेर त्यसलाई धोऊ। (बुखारी, किताबुल वज़ू)

## वचनवद्धता

वचन र वाचा पूरा गर्नप्रति उहाँ अत्यन्त कटिवद्ध हुनुहुन्थ्यो। एकपटक एउटा देशको प्रतिनिधि उहाँका सेवामा एउटा सन्देश लिएर आयो। त्यो व्यक्ति केही दिन उहाँको संगतमा रहेर इस्लामको सत्यताको कायल भयो र त्यसले उहाँका सेवामा विन्ती गऱ्यो, ‘‘हे अल्लाहका रसूल! म त मनले मुसलमान भइसकेको छु। अतः म आफ्नो इस्लाम कबूलबारे घोषणा गर्न चाहन्छु।’’ उहाँले भन्नुभयो, ‘‘यो उचित छैन किनभने तिमी आफ्ना देशका तर्फबाट एउटा विशेष ओहदामा नियुक्त भएर आएका छौ त्यसकारण यसै अवस्थामा फर्केर जाउ र उहाँ गएर पनि यदि तिम्रो हृदयमा इस्लामको प्रेम र श्रद्धा कायम रहेमा पुनः आएर इस्लाम ग्रहण गर।’’ (अबू दाऊद, किताबुल जिहाद)

हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को चरित्रको विषय कुनै यस्तो विषय होइन जो केवल केही पृष्ठहरू लेखेर समाप्त हुनजाओस अथवा जसका केही पक्षहरू वर्णन गर्नाले अनुमान लगाउन सकियोस। परन्तु न त यो उहाँको चरित्रबारे एउटा पूर्ण किताब हो न यस प्राक्कथनमा विस्तार पूर्वक वर्णन गर्ने स्थान रहेको छ त्यसकारण म यतिमा नै समाप्त गर्न चाहन्छु।